CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रा धार्मिक

चाडपर्व



चेतोनाथ शर्मा आचार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरिप्रसाद खराल

धर्मशास्त्राचार्य द्वितीय वर्ष

वाल्मीकि विद्यापीठ

भृकुटीमण्डप, काठमाडौं

०४६।८।२१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रा धार्मिक चाडपर्व

(केही प्रासङ्गिक विवेचन)

□

प्रा. चेतोनाथ शर्मा आचार्य

□

प्रकाशक

सनातनधर्म सेवासमिति

वनकाली काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक–
सनातनधर्म सेवासमिति
वनकाली काठमाडौं

प्रथम संस्करण ११०० प्रति
वि. सं. २०४५ जन्माष्टमी
मूल्य ४७।–

मुद्रक–
लुप प्रेस बानेश्वर
ख १, ३७२ काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

तीव्र साधना, परिष्कृत चिन्तन र सदाचरणद्वारा
दीर्घकालसम्म सार्वजनीन कल्याणको
कामना राख्ने वैदिकधर्म र संस्कृतिका
उद्भावक तथा उन्नायक उदारमना
मनीषीहरुमा यो श्रद्धा-सुमन
सादर समर्पण

विनीत

चेतोनाथ शर्मा आचार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्माननीय बडागुरुज्यू प्रा. अम्बिकाप्रसाद अधिकारीज्यूको हार्दिक शुभेच्छा

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारबाट हुकुम बक्सेको छ– "हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिन्छ र हाम्रो संस्कृति मेटिए हाम्रो सभ्यताको मूल सुक्दछ, अनि हाम्रो संस्कृति र सभ्यता मेटिए हामी पनि मेटिन्छौं।" राष्ट्रको संरक्षण तथा संवर्द्धनको प्रत्येक प्रसङ्गमा यो महावाणी सबैका लागि मूल मन्त्र हो, प्रत्यक्ष निर्देशन हो। संस्कृति भनेको राम्रा र गतिला कृतिहरूको पारिभाषिक नाम हो।

भेष-भाषा, कलाकौशल, रीतिथिति, चालचलन, धर्मकर्म, मतमान्यता, विद्या-प्रतिभा, परम्परा मौलिकता, सिद्धान्तदर्शन र आचार विचारहरुका सुन्दर, मधुर एवं मङ्गलमय सारतत्त्वहरूको समवायको नाम संस्कृति हो। जातिलाई संस्कृतिले सुसंघटित गरेको हुन्छ। संस्कृति जातिभित्रका करोडौं करोडौं महापुरुषहरूका चरित्रसमेतको प्रभावबाट तयार भएको हुन्छ। युगयुगदेखिका अनन्त पूर्वपुरुषहरू-को महनीय महिमाहरूको, गणनीय गरिमाहरूको, प्रशंसनीय प्राशस्त्यहरुको, वर्णनीय वैशिष्टचहरूको सर्वदा अनुस्यूत समवाय संस्कृतिभित्र हुन्छ। संस्कृति जातिको त्यो कोटिसूर्यसमप्रभ देदीप्यमान तथा आह्लादमय रत्नप्रकाश हो जसबाट जातिका प्रत्येक कार्यहरू निर्देशित हुन्छन्, समस्त अन्तःकरणवृत्तिहरू सञ्चालित हुन्छन्, मनमस्तिष्कका, अणुअणु स्पन्दित हुन्छन्। यसैले संस्कृतिका आधारमा राष्ट्रको आत्मा आधारित हुन्छ। अतः "संस्कृति मेटिए हामी पनि मेटिन्छौं।"

सामान्यतः संस्कृतिका दुइ पक्ष हुन्छन् विचार पक्ष र आचार पक्ष। विचार पक्षभित्र मतमान्यता, सिद्धान्त तथा दर्शनहरू पर्छन् भने आचार पक्षभित्र धार्मिक कर्महरू पर्छन्। वर्षभरि गरिने व्रत, उत्सव, चाडपर्वहरू धार्मिक कर्म अन्तर्गत आउँछन्। व्रत, उत्सव, चाडपर्वहरुको आदर्श र महिमा बुझ्न पाउँदा धर्मको मर्म बुझ्न सजिलो पर्छ। संस्कृतिको सिद्धान्तपक्ष दर्शनशास्त्रमा प्रतिपादित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ; आचारपक्ष धर्मशास्त्रमा उपदिष्ट हुन्छ; प्रयोगपक्ष कर्मकाण्डमा विनियुक्त हुन्छ। कर्मकाण्डमा विनियोग हुने, प्रयोग हुने अनुष्ठानहरूअन्तर्गत व्रत, उत्सव, चाडपर्वहरू मनाइन्छन् । संस्कृतिरक्षामा अन्य धेरै कुराको साथसाथै व्रत, उत्सव चाडपर्व मनाउने परम्पराको रक्षा प्रथम आवश्यकता हो। नेपाली वाङ्मयमा यो विधाका विषयको एक किसिमले अभावै जस्तो थियो। नेपाली साहित्यका मर्मज्ञ, सिद्धहस्त श्रीचेतोनाथज्यूले रेडियो नेपाललाई सामग्री दिएर यो अभाव हटाउने प्रयत्न गर्दै आउनुभएकोमा आनन्द लाग्दै आएको हो। त्यस्ता लेखहरूको परिष्कारपूर्वक संकलन गरी किताबै तयार पार्नुभएको पाउँदा अत्यन्तमा खुशी लागेको छ। हिन्दूसंस्कृति प्रति विशेष रुचि लिनुहुने सबैका लागि यो पुस्तक अध्ययनीय तथा संग्रहणीय बनेको छ।

महेन्द्र संस्कृतविश्वविद्यालयका प्राध्यापक श्रीचेतोनाथ शर्मा आचार्य हाम्रो नेपालअधिराज्यको हिन्दूधर्म संस्कृतिको संरक्षण, संवर्द्धन गर्ने काममा लागि पर्नुभएका विद्वान् लेखक हुनुहुन्छ। हिन्दूधर्म संस्कृति सम्बन्धी उहाँका विचारहरू थाहा नपाउने, उहाँका कृतिहरू नसुन्ने कोही नेपाली हुनुभए रेडियो नेपालको बिहानको धार्मिककार्यक्रम व्रत, उत्सव, चाडपर्व परेको दिन सुन्न सल्लाह दिए हुन्छ। धेरै समय अघिदेखि रेडियो नेपालको धार्मिक कार्यक्रममा उहाँका लेखहरू प्रसारित हुँदै आएका छन्। उहाँका लेखहरू सरल, सरस एवं उपयोगी हुन्छन्; हाम्रा आर्यशास्त्रमा आधारित हुन्छन्। आर्यशास्त्रको पूर्व मर्यादामा रहेरै आधुनिक समाजलाई प्रतिकूल नहुने गरी शास्त्रीय आशयको सरल र सरस शैलीमा मिल्दो युक्ति र उपपत्ति समेत दिई व्याख्या गर्न सक्ने उहाँको वैशिष्टय साँच्चिकै प्रशंसनीय छ। संस्कृत वाङ्मय र नेपाली वाङ्मय दुवैतर्फ उहाँले हासिल गर्नुभएको योग्यताले मणिकाञ्चन संयोगको काम गरेको छ। संस्कृतिको आधारभूत संस्कृत वाङ्मयको विषय नेपाली समाजलाई उपयोगी हुने गरी नेपाली भाषामा दिएर चेतोनाथज्यूले नेपाली साहित्यको श्रीवृद्धि गर्ने र नेपाली संस्कृतिको मर्मको जनसाधारणमा बोध गराउने दुइ किसिमको गुन हामीलाई लगाउनुभएको छ। उहाँबाट यस्ता काम झन् झन् उत्साहका साथ सम्पन्न हुँदै रहून् भन्ने शुभ आशीर्वाद दिन्छु।

अम्बिकाप्रसाद अधिकारी

२०४५।६।२, बानेश्वर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

सनातनधर्म सेवासमितिले गत लगभग साढे दुइ दशकदेखि नेपालमा धार्मिक आस्थाको पुनरुत्थानमा पुऱ्याइआएको योगदान सर्वमा विदित छ। सनातनधर्मका जीवनोपयोगी शिक्षाहरूलाई जनस्तरमा पुऱ्याउनको निमित्त यसले विभिन्न प्रकृतिका विशिष्ट कार्यक्रमहरू आयोजित गर्दै आएको छ। ती कार्यक्रमहरूमा अनुष्ठानमूलक, साधनामूलक, सेवामूलक तथा प्रचारमूलक गरी विभिन्न खालका छन्। यसै क्रममा गतवर्षदेखि समितिले विशिष्ट विद्वान्हरूको सहयोगबाट पाण्डुलिपि तयार पार्न लगाई धार्मिक ग्रन्थ प्रकाशनको व्यवस्था शुरू गरेको छ।

हाम्रो धर्मसंस्कृतिका सम्बन्धमा राम्रो जानकारी दिने पुस्तक पुस्तिकाहरूको नितान्त कमी रहेको तथ्य कसैले नबुझेको होइन। त्यस कमीको निराकरणमा केही मात्र भए पनि सहयोग पुगोस् भनेर गत २०४४ सालमा सम्माननीय बडागुरुज्यू प्रा. अम्बिकाप्रसाद अधिकारीज्यूद्वारा लिखित 'हिन्दुत्व' शीर्षक पुस्तिका समितिले प्रकाशित गरेको थियो। यसै सिलसिलामा सनातनधर्मका विशिष्ट विद्वान् प्रा. चेतोनाथ शर्मा आचार्यद्वारा लिखित प्रस्तुत पुस्तक "हाम्रा धार्मिक चाडपर्व" प्रकाशित हुन लागेको छ। प्रस्तुत पुस्तकको अध्ययनबाट पाठकवर्गलाई हिन्दूधर्म संस्कृतिका मूलभूत शिक्षाहरूका बारेमा आवश्यक जानकारी प्राप्त हुनेछ र सनातनधर्मको संरक्षण तथा संवर्धनका दिशामा केही सहयोग पुग्नेछ भन्ने समितिले आशा राखेको छ।

यस्तो उपयोगी ग्रन्थको पाण्डुलिपि तयार पारी समितिलाई प्रकाशित गर्ने अवसर प्रदान गर्नुभएकोमा विद्वान् लेखकमा साधुवाद छ।

खेमराज केशवशरण
सभापति,
हिन्दूधर्म सेवा समन्वय समिति,
केन्द्रीय अध्यक्ष,
सनातनधर्म सेवासमिति,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रारम्भिक अभिव्यक्ति

कुनै पनि देश र जातिलाई दीर्घकालसम्म क्षमता र प्रतिष्ठापूर्वक बचाइराख्न कतिपय उज्जीवक तत्त्वहरूले सहयोग पुऱ्याइराखेका हुन्छन् । यस्ता उज्जीवकतत्त्वविना जाति होस् या देश वर्चस्वका साथ दीर्घकालसम्म बाँचिरहन सक्तैन । ऐतिहासिक रूपमा दृष्टि दिंदा कैयौं देश र कतिपय जाति सभ्यता र विकासको दृष्टिले उन्नतिको शिखरमा पुगी पछि धराशायी भएका नदेखिएका होइनन् । वैदिक धर्मावलम्वी हिन्दू जाति संसारका विकसित जातिहरूमध्ये एक गनिन्छ । गनिने मात्र नभई अग्रस्थान पनि राख्तछ । किनभने वैदिकधर्म र संस्कृति अद्यापि प्राप्त धर्मसंस्कृतिमा सवभन्दा प्राचीन मानिन्छ ।

यसरी अग्रस्थान राख्ने यस जातिलाई दीर्घकालसम्म वर्चस्व दिई वचाइराख्ने उज्जीवक तत्त्व के होला ? भनेर विचार गर्दा परिष्कृत धर्म र विकसित संस्कृति नै यसको सञ्जीवनीतत्त्व हो भन्ने कुरा सिद्ध हुन आउँछ । धारण अर्थमा प्रसिद्ध 'धृ' धातुबाट वनेको धर्मले व्यक्तिलाई निजी अस्तित्वबाट च्युत हुन नदिई जोगाउने प्रयास गर्छ भने संस्कृतिले क्रियात्मक रूपमा त्यसको व्यावहारिकतालाई कायम राख्न मद्दत पुऱ्याउँछ । अथवा भनौं धर्म मानवको आस्थामय आन्तरिक गुण हो भने संस्कृति प्रयोगात्मक वाहिरी स्वरूप । यस किसिमको धर्मको परिपालन जस्तो अवस्थामा पनि हुनुपर्ने कुरामा आर्यग्रन्थ महाभारतको निर्देशन छ–

न जातु कामान्न भयान्न लोभाद् धर्मं त्यजेज्जीवितस्यापि हेतोः ।
धर्मोनित्यः सुखदुःखे त्वनित्ये जीवो नित्यो हेतुरस्य त्वनित्यः ।।

त्यसमा कारण बताइएको छ जीवन अनित्य हो र एकदिन त्यो अवश्यम्भावी रूपमा बिलाउँछ, तर धर्म नित्य हो र आत्मा अमर । त्यसो हुँदा शरीर छुटेपछि पनि त्यसले आत्मकल्याणको लागि सहयोग पुऱ्याइरहन्छ । 'स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः, स्वधर्मे निधनं श्रेयः' (स्वधर्ममा दृढ रहँदा नै सम्यक् प्रकारको सिद्धि प्राप्त हुन्छ । स्वधर्माचरण गरेर मर्नु नै श्रेयस्कर कुरा हो ।) जस्ता वचनको सार्थकता पनि यसैमा छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतीत कालका हाम्रा पूर्वजहरूले स्वधर्माचरण र स्वसंस्कृतिको परिपालनमा दृढतापूर्वक तत्पर रही कतैबाट तिनमा आँच आउन लाग्दा वा अतिक्रमण हुन खोज्दा प्राणपणले त्यसको प्रतिवादमा डटेका र संरक्षणमा अडेका अनेक ऐतिहासिक उदाहरण देख्न र सुन्न पाइन्छन्। पूर्वजले त्यसरी जोगाएको धर्म र संस्कृतिको परिपालन एवं परिचालन सम्बन्धी जिम्मेवारी कालक्रमले अहिलेको पिंढीमा आएको छ। आफूमा आइपरेको त्यस गहन जिम्मेवारीलाई वहन गर्ने क्षमता यसमा हुनुपरेको छ। सजगता, सक्रियता र आत्मविश्वास विना त्यो जिम्मेवारी पूरा गर्न नसकिने भएकोले त्यस किसिमको आत्मसंस्कारलाई जोगाइराख्नु आवश्यक छ। धेरैसितको सम्पर्क, बसउठ, लेनदेन, खानपान, आउनु-जानु जस्ता कुरा अनिवार्य रूपमा प्रचलित आजको अन्ताराष्ट्रिय युगमा आस्थापूर्वकको चिन्तन, मनन र सदाचरण विना आत्मसंस्कार कायम रहन सक्तैन।

वैदिक धर्मसंस्कृतिलाई मूलस्रोत मानी विकसित भएको हिन्दू समाजमा प्रचलित चाडपर्व, देवाराधन, पितृउपासना जस्ता कुरा ठोस शास्त्रीय आधारमा चलेका छन्। जुन काम कुरा वा विधि–व्यवहारको प्रामाणिक आधार प्रसिद्ध छैन त्यस्ता कुरा कर्तव्य रूपले स्वीकारिनु बाध्यता पनि मानिएको छैन। त्यसैले– 'तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ' भनेर कर्तव्य अकर्तव्यको निर्णायक शास्त्र मानिएको छ। अस्पष्ट, विवादग्रस्त र समयसापेक्ष रूपमा आवश्यक पर्दा विवेकपूर्वक शास्त्रको निष्कर्ष निकाल्ने काम साधिकार विद्वान्को हो। गरिने जुनसुकै काम साधारणतया सार्थक र लक्ष्योन्मुख हुनुपर्छ, नत्र त्यो व्यर्थ ठहरिन्छ। त्यसैले भनिएको छ–

नेह यत्कर्म धर्माय न विरागाय कल्पते।
न तीर्थफलसेवार्यं जीवन्नपि मृतो हि सः॥

उपर्युक्त कथनअनुसार शास्त्रीयरूपले मान्यताप्राप्त अनि अनुष्ठेय रूपले निर्दिष्ट चाडपर्व, तिथि, जयन्ती आदिको स्वरूपसित परिचित हुनु, लक्ष्यबोध गर्ने प्रयास गर्नु सम्बद्ध धर्मसंस्कृतिका अनुयायीको कर्तव्य नै ठहर्छ। यस्तै कर्तव्यबाट प्रेरित भएअनुरूप यो पुस्तक तयार भएको हो। व्यक्तिमा जे जस्तो धारणा र संस्कार छ उसद्वारा हुने काम कुरा पनि तिनैद्वारा प्रेरित र प्रभावित हुनु स्वाभाविक मानिन्छ। यस वस्तुस्थितिअनुसार यस पङ्क्तिका लेखकको धारणा बाल्यावस्थादेखि नै आस्थायुक्त र विचार धार्मिक थियो। परम्परागत विधिविधानलाई कार्यरूपमा परिपालन गर्ने एक नैष्ठिक ब्राह्मणपरिवारमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मेको नाताले शुरूदेखि नै पाश्चायनको पूजा आराधना, पंञ्चमहायज्ञको अनुष्ठान, व्रतपर्वको मान्यता, गोपालन जस्ता कुरा परिवारमै प्रत्यक्ष गर्ने अवसर मिलेको हो। त्यसमा थप स्नेहयुक्त मातृप्रसादले पनि प्रशस्त सहयोग पुऱ्याएको थियो। पछि दर्शनको विद्यार्थी बन्न पुगेको र आचारनिष्ठ गुरुहरूको सान्निध्य एवं निजी चासोअनुसार मिलेको साधुसज्जनको समागमले बीजरूपमा विद्यमान प्रारम्भिक संस्कारलाई विकसित र दृढ तुल्याउन निकै मद्दत गऱ्यो। जसको प्रतिफल विद्यार्थी अवस्थामा लेख, निबन्ध आदि लेख्ता प्रायजसो धर्म संस्कृतिबारे नै लेखिन्थ्यो र शिक्षण पेशामा प्रवेश गरेपछि यदाकदा पत्र-पत्रिकामा लेख्ता पनि त्यही क्रम जारी रह्यो।

गत २०३४ सालदेखि रेडियो नेपालको धार्मिक कार्यक्रममा वर्षभरका धार्मिक चाडपर्व, मेला, जयन्ती, स्थान परिचय आदिबारे केही मात्रामा लेखिँदै आएको छ। शुरूका कतिपय वर्ष त त्यत्तिकै बिते। अलिपछि भएपछि चाख राख्ने श्रोतृवृन्द र स्नेही मित्रहरूले प्रसारित लेख संकलित रूपमा प्रकाशमा आओस् भन्ने सद्भावपूर्वकको सुझाव व्यक्त गर्न थाले। त्यतिखेरसम्म आफ्नो गल्ती र बेहोशी के थियो भने लेखको प्रतिलिपि राख्ने चलनै थिएन। जसोतसो एक प्रति लेखिन्थ्यो, दिइन्थ्यो, शाब्दिक रूपमा प्रसारित भई आकाशमा विलीन हुन्थ्यो, सकिन्थ्यो। पछि चासो र मागको मात्रा बढ्न थालेपछि यथाशक्य प्रतिलिपि राख्ने प्रयास गरियो। यसमा संकलित लेखमध्ये कतिपय त्यस्तै प्रतिलिपि पनि छन्।

कवि वा लेखकहरू प्राकृतिक सृष्टिका वस्तु हुन् या सामाजिक क्षेत्रका परिस्थिति तिनीहरूबारे लेख्ता अलग र पृथक् दृष्टिकोण र भावले लेख्छन्। यो देखिएको र अनुभव भएकै कुरा हो। कुनै चाडपर्व बारेको लेख पनि त्यस्तै हो, वेला वखत भाव अनुसार एकै व्यक्तिका पनि अलग दृष्टिकोण बन्छन्। यहाँ संकलित लेखहरू त्यस्तै विभिन्न भाव र अवस्थामा लेखिएको हुँदा एक रूपका नदेखिन सक्छन्। जो बढी रुचिका छन् संकलनमा ती नपरेर अरू नै परेका पनि छन्। एकै विषयका धेरै लेख भएकोले यस्तो हुन गएको हो। दुर्गा पूजा या दशैं र यमपञ्चक या तिहार जस्तो लामो र बहुविध कृत्यसित सम्बद्ध पर्वलाई टुक्र्याई अलग-अलग शीर्षकमा समावेश गरिएको छ।

विषय र क्रम निर्धारण गर्दा वर्षभरका प्रमुख र शास्त्रीय आधार भएका पर्व एवं जयन्तीहरूलाई क्रमिक रूपमा राख्नु ठीक ठानेर त्यसै गरिएको छ। जयन्ती सम्बन्धी पौराणिक तिथिमितिमा एकरूपता नभएकोले पञ्चाङ्गमा उल्लेख भएको तिथिमितिलाई नै क्रमको आधार मानिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँसम्म पर्वहरूको व्याख्या र विवेचनको कुरा छ त्यसमा निजी स्वतन्त्रता भए पनि यथासम्भव शास्त्रीय मान्यता र आधारलाई छोडिएको छैन। त्यसो हुँदा यो संकलन दलिन, निदाल र थाम उही कायम गरिएको पुरानो घर लाई गारो र लिउन लगाई नयाँ पारे जस्तो मात्र देखिन सक्छ। त्यसो देखिए पनि आफूलाई न्यूनता वा लघुताभास अनुभव हुने छैन, किनकि यो छ नै त्यस्तै। जो जस्तो छ त्यस्तै देखिनुमा अस्वाभाविकता के भयो र ?

निबन्ध भनी या व्याख्यारूपमा संकलित यस पुस्तक बारे मलाई आशंका के छ भने बाटो घाटोमा भेट्ता, समारोहमा सम्मिलित हुँदा, पत्र लेखेर वा घरमै आएर पनि प्रकाशनमा प्रेरणा दिने र हौसला थाप्ने सहृदयीहरूले यो प्रकाशनमा जति उत्सुकता दर्शाएका छन् यो मूर्तरूप त्यसरी रुचि राख्नेहरूको माग बमोजिम बन्न सकेको होला त ? नसकेको अंश जति सब मेरो आत्मकमजोरी हो र बेढंगीपन। किनभने चाहना राख्नेहरूले चाहे बमोजिम दिन नसक्नुमा आफ्नै कमजोरी सिवाय अरू के भन्नु ? अनि जे जति राम्रो र रुचिकर हुन सकेको छ त्यो मेरो नभएर सद्भाव राख्नेहरूको श्रेय हो, किनभने म त केवल निमित्त बनिदिएको छु। 'निमित्तमात्रं भव सव्यसाचिन्' भने झैं निमित्त मात्र भएर गरेको कुरामा श्रेयोभागी र दोषभागी आफू मात्र होइँदैन।

अर्को यौटा स्पष्ट पार्नुपर्ने कुरा के छ भने लेख्ने, रचना गर्ने भन्ने कुरो व्यक्तिको भावमा आधारित कुरा भएकोले त्यो सधैं एकैनास हुन्छ भन्न सकिँदैन। अर्को कुरा छनोट गर्दा उत्कृष्ट लेख छुटेर साधारण रचना पनि पर्न सक्छ। जेहोस् खोजे जस्तो नभए पनि यत्किञ्चित् सन्तोष दिने यो भयो होला भन्ने आत्मविश्वास छ। अनि कुनै पनि कुरा खासै राम्रो भएर मात्र राम्रो लाग्ने होइन जसमा आत्मीयता छ त्यो साधारण भए पनि राम्रो लाग्ने हुन्छ। यो संकलन पनि त्यस्तै हुनेछ भन्ने आशा छ।

माग र चाख धेरैको भए पनि धार्मिक चाडपर्वको यो रचना कुन माध्यमले प्रकाशमा ल्याउने ? यो यौटा समस्या थियो। धेरेजसो कलमजीवीमा यस्तो समस्या हुन्छ नै। व्यक्तिविशेष वा साहित्यिक संस्थाभन्दा धार्मिकै संस्था यसको प्रकाशक हुन सके बढी आत्मसन्तोष लाग्ने थियो भन्ने इच्छा थियो। सनातनधर्म सेवासमिति प्रकाशक बनी त्यो इच्छा पूरा गरिदिएको छ।

समिति प्रकाशक बन्नुमा यससित सम्बद्ध सहृदयी मित्रहरूको उदारभाव र निकटको स्नेह नै प्रमुख कारण हो भन्नु स्वाभाविक पर्छ। समितिसित सम्बन्ध भएका र नभएका पनि ती कतिपय मित्रहरूको नाम यहाँ उल्लेख गर्नु कर्तव्य ठान्छु। जसको प्रत्यक्ष एवं परोक्ष रूपको सद्भावना यसमा जोडिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कतिपय त सद्भावना व्यक्त गर्दागर्दै दिवंगत पनि बनिसके। जेहोस्, नामाङ्कन र संख्नाद्वारा कृतज्ञता व्यक्त गर्नु, गुन संझनु मेरो काम हो। प्रकाशनमा प्रेरणा दिने मित्रहरू हुनुहुन्छ – सर्वश्री दैवज्ञराज न्यौपाने, दीर्घराज कोइराला, देवीप्रसाद चापागाई, खेमराज केशवशरण, गोविन्द टण्डन, पुरुषोत्तम सापकोटा, चण्डिका पौडेल, ईश्वरराज अर्याल, भगवती प्रसाद सिंह, हरिप्रसाद पौडेल, अंगूरबाबा जोशी, मुकुन्दशरण उपाध्याय, बद्रीविक्रम थापा, तीर्थनाथ शर्मा (स्व.), रामराज पौड्याल (स्व.), तारामान सिंह स्वार (स्व.), आदि। यी कतिपय नामोल्लेखबाट अरूप्रति मैले उपेक्षाभाव राखेको होइन आदि शब्दले सद्भाव दर्शाइने सबैप्रति हार्दिक शुभेच्छा व्यक्त गरेको छु। पुस्तक बाह्र प्वाइन्टको अक्षरमा छपाउँदा अलि पाको उमेरका मानिसलाई पढ्न गाह्रो पर्ने हुँदा चौध प्वाइन्टको अक्षर प्रयोग गरिएको छ। भाषा यथासम्भव शुद्ध होस् भन्ने अभिप्रायले सक्तो प्रयास गरिएको छ। तर त्यति गर्दा पनि हुन गएको छूट र गल्तीको लागि क्षमा माग्नु सिवाय अर्को उपाय छैन। पाठक वृन्दबाट भएको गल्ती सम्बन्धमा सूचना पाउन सके ठूलो गुन लाग्नेछ। वर्ष भरका प्रमुख पर्व र पुस्तकको आकार प्रकार समेतलाई दृष्टिगत गरी एकाउन्न शीर्षक मात्र यसमा समावेश गरिएको छ। यसको उपयोगिता र रुचिलाई दृष्टिगत गरी बाँकी लेखको संकलन पछि प्रकाशन ल्याउने विचार गरिएको छ।

स्वधर्म र संस्कृतिको स्वरूप बुझ्न अभिलाषा राख्ने महानुभावको अतिरिक्त संस्कृति विषयमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थी समेतलाई यसले केही मद्दत पुऱ्याउन सकेमा गरेको यत्किञ्चित् श्रम प्रति सन्तोष लाग्ने कुरा हुने थियो।

अन्त्यमा यस संकलनप्रति हार्दिक शुभेच्छा व्यक्त गरेर सम्माननीय बडागुरुज्यू प्रा. अम्बिकाप्रसाद अधिकारीले आफ्नो असीम गुणग्राहिता दर्शाउनु भएकोमा हार्दिक कृतज्ञता निवेदन गर्दछु। उहाँ बडागुरुज्यू हुनुभन्दा लगभग तीन दशकअघिदेखिकै मेरा आदरणीय गुरु हुनु भएकोले उहाँबाट प्राप्त संस्कार पनि यस रचनामा मिश्रित छ भन्ने मैले ठानेको छु।

आवरणपृष्ठको नमूना तयार पारिदिने हरिप्रसाद शर्मा र मुद्रणमा हरतहको सहयोग पुऱ्याउने रुक्मनाथ पौडेललाई धन्यवादका पात्र ठानेको छु।

अस्तु श्रीकृष्णार्पणम्!!

चेतोनाथशर्मा आचार्य
(थापाथली, कुरियागाउँ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालवेला परिज्ञान

संसारको जुनसुकै भागमा निवास गर्ने मानिस हुन् ती कुनै न कुनै धर्म, सम्प्रदाय वा मतमा विश्वास राख्तछन् । जुन धर्ममा विश्वास राख्ने हो त्यस धर्मसित सम्बद्ध व्रत उत्सव या चाडपर्व जस्ता कुरा पनि हुन्छन् नै । त्यस्ता चाडपर्व मनाउँदा कुनै नियमित समयमा मनाइन्छन् । त्यसो हुँदा कालवेला या समयको ज्ञान जोसुकैको लागि हुनु आवश्यक छ ।

भारतीय उपमहाद्वीपअन्तर्गतको भरतखण्डमा मनाइने व्रत, उत्सव, चाडपर्व आदि अन्य देशको अपेक्षा बहुसंख्यक रूपमा प्रसिद्ध छन् । यो कुरा यस क्षेत्रमा प्रचलित निर्णयसिन्धु, धर्मसिन्धु, हेमाद्रि आदि धार्मिकनिबन्ध र पञ्चाङ्गबाट पनि बुझ्न सकिन्छ ।

आर्यावर्त र त्यसको आसपासमा धेरै अघिदेखि वैदिकविधिले यज्ञयागादि सम्पन्न गरिन्थे । त्यसरी सम्पन्न गरिने यज्ञयागादिमा कालवेलाको उपयुक्त ज्ञान हुनु आवश्यक हुन्थ्यो । यसरी चाहे दैनन्दिन रूपमा प्रचलित चाडपर्व मनाउन होओस् चाहे यज्ञयागादिरूप वैदिक कर्म सम्पन्न गर्न समुचित कालवेलाको ज्ञान अति आवश्यक मानिन्छ । अतएव यसको उपयोगितालाई कसैले नकार्न सक्दैन ।

त्यसरी बहुविध रूपले प्रचलनमा आएको कालवेलालाई मुख्यरूपले आठ भागमा विभाजन गरिएको छ । जस्तो १– संवत्सर, २– अयन, ३– ऋतु, ४– मास, ५– पक्ष, ६– तिथि, ७– वार, ८– नक्षत्र । यिनको संक्षिप्त विवरण निम्नबमोजिम छ ।

१– संवत्सरः– संपूर्ण ऋतुको पूरै एक चक्रलाई संवत्सर भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् कुनै एक ऋतुबाट आरम्भ गरेर फेरि त्यहींसम्म आउँदा जति समय लाग्ने हो त्यसलाई संवत्सर भनिएको छ।

संवत्सरको भेद– यद्यपि संवत्सरका भेद पाँच छन्। सावन, सौर, चान्द्र, नाक्षत्र र बार्हस्पत्य। तर यिनमा पछिल्ला दुइ (नाक्षत्र र बार्हस्पत्य) को काम ज्योतिषशास्त्रमा मात्र आउने भएकोले यिनको वर्णन यहाँ आवश्यक छैन। बाँकी तीनको सामान्य परिचय निम्न-बमोजिम छ।

सावन– सावन संवत्सरमा ३६० दिन हुन्छन्। यो संवत्सरको स्थूलगणना हो। यस गणनाअनुसारका महीनामा समान रूपले ३० दिन हुन्छन्।

चान्द्र– चान्द्रसंवत्सर ३५४ दिनको हुन्छ। अधिकमास यसै अनुसार पर्दछ। त्यसो हुँदा अधिकमास परेको वेला यसमा १३ महीना र नपरेको वेला १२ महीना हुन्छन्। यस महीना (मास) को गणना शुक्ल प्रतिपदादेखि अमावास्यासम्म अथवा कृष्ण प्रतिपदादेखि पूर्णिमा-सम्म मानिन्छ। यिनमा पहिलो अनुसारको गणनालाई अमान्त र दोस्रो अनुसारको गणनालाई पूर्णिमान्त भनिन्छ। कन्याकुमारीदेखि हिमालय-सम्मलाई क्षेत्रीय रूपमा विभाजन गर्दा दक्षिणीभागमा अमान्तमान लिइन्छ र उत्तरीभागमा पूर्णिमान्त। व्यावहारिक रूपमा प्रचलित हाम्रा चाडपर्व यसै अनुरूप पर्ने गर्दछन्।

सौर– सौर गणनाअनुसार एक संवत्सरमा ३६५ दिन हुन्छन्। यसको गणना सूर्यको मेष संक्रान्तिबाट आरम्भ भएर फेरि मेष संक्रान्ति आउने वेलासम्म हुन्छ। चाडपर्व, व्रत, उत्सव जस्ता कुरामा यसको प्रयोग उति नदेखिए पनि अन्य व्यावहारिक क्षेत्रमा यसको प्रयोग विशेष रूपमा हुन्छ र हुँदै आएको छ। व्यावहारिक यथार्थतालाई विचार गर्दा सौर र चान्द्रमानलाई नै वास्तव रूपमा लिएको पाइन्छ र सावनमानको व्यावहारिक प्रयोग लगभग देखिंदैन।[1]

१– सर्वर्तुपरिवर्तस्तु स्मृतः संवत्सरो बुधैः। (क्षीरस्वामीकृत अमर-कोष व्याख्या)– भागुरि वचन (काल वर्ग २ श्लोक २०)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संवत्सर विज्ञान– ऋतुहरूको परिवर्तन (चक्र) लाई संवत्सर या वत्सर भनिने कुरा माथि उल्लेख भइसक्यो ।[१] यसबाट संपूर्ण ऋतुहरूको एक चक्कर सकिएर दोस्रो चक्कर आरम्भ हुने वेलाकै नाम संवत्सर भएकोले प्राणिसमुदायको आयुमान यसैबाट गणना हुन्छ । संवसन्तेऽस्मिन् भूतानि' यस निरुक्तको व्याख्याअनुसार मानिसलाई संवत्सरको ज्ञान नहुने हो भने ऋतुहरूको ज्ञान र त्यसको विभाग पनि थाहा हुने थिएन । ऋतुहरूको ज्ञान नहुँदा जाडो, गर्मी, वर्षाको ज्ञान, हिउँद जस्ता वेलाको भिन्नता पनि थाहा हुने थिएन । प्राणीको अवस्था कति वेलासम्म बाल्य रहने, कति वेलासम्म यौवन अनि कति वेलादेखि वृद्धावस्था आरम्भ हुने हो त्यो पनि थाहा हुने थिएन । यसबाट के निष्कर्ष निस्कन्छ भने संवत्सरसित प्रत्येक प्राणीको घनिष्ठ सम्बन्ध रहेछ । यस किसिमको संवत्सर, ऋतु र अन्यविधकालको अवयव ज्ञानले मानिसलाई इतरयोनि भन्दा उत्कष्ट र अलग सावित गर्छ । देवकार्य र पितृकार्यमा सौर एवं चान्द्रमानको अलग व्यवस्था छ ।[३]

उक्त संवत्सर या ऋतुपरिवर्तनको प्रमुख कारण हो सूर्यक्रिया अथवा सूर्यभ्रमण । त्यसैले सूर्यलाई संवत्सर या कालको अधिदेवता मानिन्छ । यसमा कारण स्पष्टै छ । किनभने सूर्य नभएमा वा नरहेमा न त संवत्सर हुन्थ्यो न त कालविभाग ।

अतएव ऋग्वेदमा लेखिएको छ–

सप्त युञ्जन्ति रथचक्रमेकोअश्वो वहति सप्तनामा ।
त्रिनाभि चक्रमजरमनर्वं यत्रेमाविश्वा भुवनाऽभितस्थुः ।।

(२।३।१४)

अर्थात् एक्लै विचरण गर्ने, एकपांग्रे रथमा सप्तवर्ण (रङ्ग) भएको रश्मि (किरण) आफ्नो साथ जोड्दछन् र अकेलै सबलाई

२– संवसन्ति ऋतुवोऽस्मिन्निति संवत्सरः (क्षीरस्वामी– अमरकोष) ।
३– विवाहादौ स्मृतः सौरो यज्ञादौ सावनः स्मृतः ।
वार्षिके पितृकार्ये च मासश्चान्द्रोऽभिधीयते ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्याप्त गर्ने सूर्य सात रश्मिद्वारा रस लिँदै अथवा सप्तर्षिद्वारा स्तुति गरिँदै गइरहेका छन् । यो (ग्रीष्म, वर्षा र हेमन्त) तीन नाभिद्वारा कहिल्यै जीर्ण नहुने अनि कसैको सहारा नलिई चल्ने चक्र (संवत्सर) ले चल्दछ । जसमा यी सबलोक स्थित छन् । (निरुक्त ४।४।२७)

यसै मन्त्रको पूर्वार्द्धमा सूर्यको र उत्तरार्द्धमा संवत्सरको सम्मिलित वर्णन छ ।[१]

२– अयनः– सूर्यको गतिलाई अयन भनिन्छ । अयन दुइ हुन्छन् ।[२] उत्तरायण र दक्षिणायणन ।[३] मकर (माघे) संक्रान्तिदेखि आषाढ मासान्तको समयलाई उत्तरायण र कर्कट (श्रावण) संक्रान्तिदेखि पौषमासान्त सम्मको समयलाई दक्षिणायन भनिन्छ । यसरी एक अयनमा छ महिना या तीन ऋतु पर्दछन् ।[४]

अयन विज्ञानः– अयन शब्दको अर्थ गति अथवा मार्ग भन्ने हुन्छ । सूर्य प्राची (पूर्व) को मध्य विन्दुमा रहँदैन, किन्तु चैत्र (मेष संक्रातिबाट) श्रावण (कर्कट संक्रान्ति) को आरम्भसम्म प्राचीको दक्षिणभागवाट उत्तरभागमा जान्छन् र श्रावणदेखि कार्तिक (तुला संक्रान्ति) को आरम्भतक फेरि फर्केर प्राचीको मध्य बिन्दुमा आउँछन् । यसै गरी कार्तिकदेखि माघ (मकर संक्रान्ति) को आरम्भ-

---

१– सूर्यको भ्रमण सम्वन्धमा प्राचीन तथा नवीन अन्वेषकहरूमा केही मतभिन्नता छ । आधुनिक अन्वेषकको मतअनुसार पृथ्वी सूर्यको परिक्रमा गर्दछ भने प्राचीन मतमा सूर्यले पृथ्वी भ्रमण र पृथ्वीले सूर्य भ्रमण गर्ने दुवै मत प्रसिद्ध छ । यो जोतिषसम्वन्धी कुरा भएकोले यसमा सामान्य निर्देशन मात्र गरिएको छ । सूर्यले भ्रमण गर्ने भन्ने ठाउँमा पृथ्वीले भ्रमण गर्ने भन्ने कुरा माने पनि हिसाबमा केही फरक पर्दैन ।

२) अयने द्वे गतिरुदग्दक्षिणार्कस्य वत्सरः (अमरकोष)

३) इयते इति अयनम्, इण् धातु, भावार्थे यु

४) अयनं वर्त्म मार्गाध्व (अमरकोष)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्म प्राचीको उत्तर भागबाट दक्षिण भाग आरम्भमा फेरि फर्केर वैशाख (मेष) संक्रान्तिको आरम्भमा प्राचीको मध्यविन्दुमा आउँछन् ।

३– ऋतु– ऋतुहरूको परिवर्तनकै नाम संवत्सर हो भन्ने कुरा माथि उल्लेख भैसक्यो । (वस्तुतः भन्ने हो भने ऋतुहरू नै संवत्सर या कालका परिचायक हुन् । किन भने समयको स्वरूप के कस्तो छ भन्ने कुरा ऋतुहरूले नै जनाउँछन् ।) त्यसो हुँदा समयको जस्तो स्वरूप छ ऋतुहरूको नाम पनि त्यस्तै रहेको देखिन्छ– वसन्त, ग्रीष्म, वर्षा आदि ।

ऋतु भेद– ऋतुहरूको प्राचीन प्रसिद्धि तीन मात्र थियो ग्रीष्म (गर्मी) बर्षा (बर्खा) हेमन्त (जाडो) । त्यसो हुँदा ऋग्वेद (२–३–१४) मा तीन ऋतुको मात्र उल्लेख भेटिन्छ ।[1] त्रिनाभि चक्रम् पदको व्याख्या गर्दै निरुक्तमा भनिएको छ– ऋतुः संवत्सरो ग्रीष्मोवर्षा हेमन्त इति (४/४) । उक्त तीनलाई पछि दुइ दुइ भाग गरियो, जसले गर्दा ऋतुहरूको संख्या छ मानियो वसन्त, ग्रीष्म, शरद्, हेमन्त र शिशिर । तर वेदमा कतै पाँच ऋतुको उल्लेख पनि भेटिन्छ। वर्ष र द्वीपको भेदले पनि ऋतु संख्यामा भेद पाइन्छ।

ऋतु विज्ञान– ऋतु शब्द गति अर्थ भएको "ऋ" धातुबाट बन्छ । यसको व्युत्पत्ति "इयतोति ऋतुः" अर्थात् नित्य प्रति हिँडिरहने या चलिरहने भन्ने हुन्छ । कालको गतिबोधक ऋतु भएकोले जुनसुकै वस्तुको परिणाम यसैद्वारा बताइन्छ । चेतनशीलगतिमानको मात्र नभएर वृक्ष, वनस्पति जस्ता प्राकृत उब्जनीको विकास पनि ऋतु अनुसार नै हुन्छ । त्यसो हुँदा सूक्ष्म या वैज्ञानिकदृष्टिले भन्ने हो भने ऋतु नै काल हुन् । वेदमा ऋतुहरूको विधाता (निर्माता) सूर्य र चन्द्रलाई बताइएको छ ।

---

१) पूर्वापरं चरतो माययैतौ शिशूक्रीडन्तौ परियातो अध्वरम् ।
विश्वान्यन्यो भुवनाभिचष्टे ऋतू रन्योविदधज्जाते पुनः ।।
(ऋ १०।८५।१०)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सायणभाष्यअनुसार त्यसको भावार्थ यस्तो छ । बालकरूप यी दुइ (सूर्य र चन्द्र) आफ्नो प्रज्ञानद्वारा आकाशमा पूर्वदेखि पश्चिम अथवा अगाडि पछाडि भएर चल्दछन् । क्रीडासक्त बालकसमान भ्रमण गर्ने र उदय भएदेखि नै घुम्न थाल्ने भएकोले यिनलाई बालक भनिएको हो । बालकसमान खेल्दै यी यज्ञमा पुग्दछन् । यी दुइमध्ये एक (सूर्य) सबैलाई हेर्दै हिँड्छन् र अर्को (चन्द्रमा) वसन्तादि ऋतुलाई बनाउँदै बारम्बार उत्पन्न हुने र विलाउने गर्छन् । यद्यपि सूर्य र चन्द्रमाको उदयास्त सधैं प्रचलित छ तर पनि सूर्य सधैं एकनास देखिन्छन् र चन्द्रमा चाहिं घट्ने बढ्ने भइरहन्छन् ।

ऋचाको वास्तव तात्पर्य के हो भने सूर्य र चन्द्रमा दुवै ऋतुका विधाता हुन् । किनभने जब सूर्यको ऋताग्निमा चन्द्रमाको सोमरस मिश्रित हुन्छ अनि ऋतु बन्छ । चन्द्रमा पृथ्वीको उपग्रह भएकोले गति अनुसार उनको सोमरस पृथ्वीमा सधैंजसो समान रूपले पर्छ । तर सूर्यको प्रभाव भने समान रूपले पर्दैन । किनभने उत्तरायणमा सूर्यको किरण (प्रभाव) सोझै पृथ्वीमा पर्ने भएकोले चन्द्रकिरण (प्रभाव) लाई त्यसले क्रमशः कम गर्दै लान्छ । त्यसो हुँदा उत्तरायणमा गर्मी बढ्ने हुन्छ । दक्षिणायनमा सूर्य पर पर जाने भएकोले ताप कमहुँदै जाने हुँदा सोमको प्रभाव बढ्दै जान्छ अनि उष्णता कम हुन्छ । यसरी उष्णता र शीतताको न्यूनाधिकता नै हो ऋतुनिर्माणको मूल कारण । यसैलाई ऋतु विज्ञान भनिन्छ । एक ऋतुमा दुइ महीना हुन्छन् "द्वौ द्वौ मार्गादि मासौ स्यादृतुः" ।

४– मास– मासशब्दको अर्थ हुन्छ चन्द्रसम्बन्धी । यसबाट मासमा चन्द्रमाको प्रधानता पनि बोध हुन्छ । त्यसो हुँदा वेदमा चन्द्रमालाई मास बनाउने भनेर उल्लेख गरिएको छ । चान्द्रवाचक मास्को स् मा ह भएर फारसीको चन्द्रवाचक "माह" भएको छ भने नेपालीमा महीना ।

मासको सम्बन्ध चन्द्रमासितै भएकोले चैत्र, वैशाख आदि प्रचलित नाम पूर्णिमाको दिन चन्द्रमा जुन नक्षत्रमा रहेका हुन्छन् त्यसै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार बनेका छन् ।[1] पाणिनिको सूत्रले यही कुरा सिद्ध गर्दछ र कोषले पनि यही कुरा बताएको छ ।[2] उदाहरणार्थ जुन पूर्णिमाको दिन पुष्य नक्षत्र रहन्छ त्यस पूर्णिमाको नाम पौषी हो र त्यो पूर्णिमा जुन महीनामा हुन्छ त्यसलाई पौष भनिन्छ । यसै प्रकार माघ आदि अन्य एघार महीनाको नाम पनि रहेका छन् । यसरी चन्द्रमाको सम्वन्धले एकातिर मासको नामकरण भएको छ भने अर्कातिर बौद्धिक विज्ञान अनुसार पनि यिनका नाम रहन गएका छन् । जस्तो भनौं, चैत्रको नाम मधु छ । यसको नाम मधु रहनामा कारण के छ भने त्यतिखेरको वातावरणमा मधुरस उत्पन्न हुन्छ, जसले गर्दा वृक्ष वनस्पतिमा फूल तथा फल देखिन थाल्दछ ।

५– पक्ष– पक्ष दुइ छन् शुक्ल र कृष्ण । यिनमा शुक्लपक्षलाई पूर्वपक्ष र कृष्णपक्षलाई अपरपक्ष पनि भनिन्छ । पक्ष विज्ञान बारे विचार गर्दा उज्यालो र अँध्यारोको बाहुल्य नै यसका खास परिचायक हुन् । अर्थात् महीनाको पहिलो पक्ष उज्यालो र दोस्रो पक्ष अँध्यारो हुन्छ । शुक्लपक्षमा चन्द्रकला वृद्धि हुँदै जाने भएकोले उज्यालो पनि बढ्दै जान्छ अनि कृष्णपक्षमा चन्द्रकला घट्तै जाने भएकोले अँध्यारो बढ्दै जान्छ । यही नै शुक्ल र कृष्णका सर्वसुलभ परिचय हुन् ।

६– तिथि– भारतीय उपमहाद्वीपमा सौर र चान्द्र गरी दुइ किसिमको मान या तिथि प्रचलित रहेको कुरा माथि नै उल्लेख भइसक्यो । यिनमा सौरतिथि दुइ प्रकारको मानिन्छ । तिनमा पहिलो प्रकार हो जुन दिन सूर्य संक्रान्ति लाग्दछ त्यस दिनलाई पहिलो तिथि मान्ने अर्को प्रकार हो संक्रान्ति दोस्रो दिनलाई प्रथम तिथि मान्ने । यस्ता तिथि बंगाल र पंजावमा विशेष गरी मानिन्छन् र अन्यत्र चाहिं दिनांकको रूपमा गणना हुन्छ । व्रतोत्सव आदिमा सौर तिथिको प्रयोग

१– साऽस्मिन् पौर्णमासीति (पाणिनि सू. ४।२।२१)

२– पुष्ययुक्ता पौर्णमासी पौषीमासी तु यत्र सा ।
नाम्ना स पौषो माघाद्यारचैवमेकादशापरे ।। (अमरकोष, कालवर्ग)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिंदैन । किनभने सम्पूर्ण आर्यावर्त र आसपासको क्षेत्रमा पनि प्रतिपदा, द्वितीया आदि रूपले गणना गरिने चन्द्रतिथि नै व्यवहार हुन्छ ।

तिथि विज्ञान– तिथि विज्ञान संझनाको लागि तिथिसित सम्बद्ध व्युत्पत्ति बुझनु आवश्यक छ । जस्तो भनौं अमावस्या ।[1] जुन दिन सूर्य र चन्द्रमा एक बिन्दुमा आउँछन् त्यस दिनलाई भनिन्छ अमावस्या । अनि अर्को पक्ष हो जुन तिथिमा चन्द्र र सूर्य ठीक आमनेसामने रहन्छन् त्यस तिथिलाई पूर्णिमा या पौर्णमासी भनिन्छ ।

साधारण गणना अनुसार अमावस्या र पूर्णिमामा पन्ध्र पन्ध्र दिनको अन्तर हुनुपर्ने हो तर त्यसो अलि हुँदैन । किनभने प्रत्येक तिथि पूरा एक अहोरात्र याने २४ घण्टा या ६० घडीमा समाप्त हुँदैन । त्यसो हुँदा कहिले अमावस्याबाट पूर्णिमा र पूर्णिमाबाट अमावस्या १५ दिनको फरक पर्छ भने कहिले १४ र १६ को पनि । कहिले काहीं भने १३ दिनको फरक समेत हुन आउँछ ।

यसरी तिथिमा फरक पर्नु सूर्य र चन्द्रको गतिको भिन्नताले हो । त्यसो हुँदा जब सूर्य र चन्द्रको गतिमा अधिक अन्तर रहन्छ त्यतिखेर १५ दिनको अपेक्षा १४ दिनमै चन्द्रमा सूर्यको सामनेबाट साथ अथवा साथ-बाट सामनेमा आउँछन् । यो गति अधिक मन्द हुँदा १६ दिन पनि लाग्छ । यसैलाई तिथिको घट्नु बढ्नु भनिन्छ ।

तिथिहरूको क्षय र वृद्धि– तिथिहरूको क्षय र वृद्धि सम्बन्धमा अलिकति प्रकाश पार्नु उपयुक्त हुनेछ । जस्तो कि चन्द्रमा शीघ्र गतिले चले भने दुइ–दुइ घण्टा आफ्नो गतिमा न्यून गर्दै जाँदा १२ दिनमा २४ घण्टा कम हुन्छ । यसो गर्दा एक अहोरात्र पूर्व बाह्रौं दिनमा नै चन्द्र गतिको तेह्रौं भाग समाप्त हुन्छ, अनि तेह्रौं दिनमा चौधौं भाग आरम्भ हुन्छ । यसलाई त्रयोदशी क्षय भनिन्छ । किनभने साधारण गणना अनुसार त प्रत्येक अहोरात्रमा चन्द्रमाको बाह्र अंश मात्र समाप्त हुनु

१– अमा सह वसतोऽस्यां चन्द्रार्कौ इति अमावस्या,
अमावस्यदन्यतरस्याम् (पा. सू. ३।१।१२२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्ने थियो। तेह्रौं दिनमा १३ अंश। तर जब तेह्रौं दिनमा चौधौं अंश आरम्भ हुन्छ भने तेह्रौं चाहिं क्षयमा पर्नु स्वाभाविक हो। यही हिसाव अन्य तिथिको क्षयमा पनि लागू हुन्छ।

अब अर्को पक्षमा जब चन्द्रमा मन्द गतिले चल्दछन् र उनले आफ्नो एक १२-१२ अंशवाला भाग २४ घण्टाको सट्टा २६ घण्टामा समाप्त गरे भने यी दुइ घण्टा बढ्दै अहोरात्रमा आफ्नो सामान्य संख्या भन्दा अगाडि पुग्छन्। जस्तो उदाहरणरूपमा १२-१२ अंशका चतुर्थ भाग चौथो अहोरात्रको सूर्योदय समयमा आरम्भ भएर पनि त्यसै अहोरात्रमा समाप्त नभै पाँचौं अहोरात्रमा पनि अलिकति अवशिष्ट रह्यो भने त्यसलाई चतुर्थी वृद्धि भनिन्छ। किनभने त्यो भाग चौथो अहोरात्रमा रहीकन पाँचौं अहोरात्रको सूर्योदय समयमा पनि रह्यो। नियम यस्तो छ कि सूर्योदयको समयमा १२-१२ अंशवाला भागबाट जुन संख्याको भाग चलेको छ त्यही नै त्यस दिनको तिथि भनिन्छ। त्यसो हुँदा पहिलो सूर्योदयमा जस्तै दोस्रो सूर्योदयमा पनि चतुर्थी रह्यो। यसरी दुइ चतुर्थीको हिसाब हुन आयो। जसलाई तिथि वृद्धि भनिन्छ।

तिथि विज्ञान र त्यसको क्षय वृद्धि सम्बन्धी परिचयपछि यस्तो झोक झमेलाको आधार मान्नुभन्दा त वार या तारिक जस्तो फरक नपर्ने मितिलाई आधार मान्नु उचित होइन र? भने जस्तो शंका पनि नउठ्ने होइन। तर कालसम्बन्धी आर्यधारणाको लक्ष्य के रहेको छ भने यो सम्पूर्ण चराचर जगत् अग्नीषोमात्मक छ र तिनका आकर स्वरूप हुन् सूर्य र चन्द्रमा। त्यसो हुँदा यिनको अनुकूलता र प्रतिकूलतामा नै प्राणीहरूको इष्ट अनिष्ट आधारित भएकोले प्रतिवर्ष पर्ने व्रतपर्व आदि एकै समयमा परोस् भनेर तिथिलाई आधार मानिएको हो। त्यसै कारण कुनै जन्माष्टमी त्यस्तो हुँदैन जसको आधारातमा चन्द्रोदय नहोओस् अनि कुनै रक्षाबन्धन या होली पनि त्यस्तो हुँदैन जुन दिन पूर्णचन्द्रमा नहोओस्। तर गते या तारिकलाई आधार मान्दा यस किसिमको एकरूपता सम्भव हुँदैन।

७- वार- वार शब्दको अर्थ अवसर याने नियमानुसार प्राप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समय भन्ने हुन्छ। त्यसो हुँदा जुन अहोरात्र सूर्योदयसम्म (२४ घण्टा या ६० घडी) जुन ग्रहलाई नियमानुसार प्राप्त हुन्छ अथवा भनौं जुन ग्रह जुन अहोरात्रको स्वामी हुन्छ उसैको नामले त्यो दिन पुकारिन्छ। उदाहरणको लागि जुन अहोरात्रका स्वामी रवि छन् त्यसको नाम रविवार र जुन अहोरात्रको सोम छन् त्यसको नाम सोमवार हुन्छ।

वार विज्ञान– यहाँ अलिकति विचारणीय कुरा के छ भने रवि, सोम, मंगल आदि जुन वारको क्रम छ त्यो कुन आधारमा निर्धारित भएको हो। यो खगोलीय स्थिति अनुसार निर्धारित भएको भन्न मिल्दैन किनभने खगोलीय स्थिति अनुसार त सबभन्दा माथि शनि, त्यसभन्दा तल बृहस्पति, उनको तल मंगल, मंगलको तल सूर्य, सूर्यभन्दा तल शुक्र, शुक्रभन्दा तल बुध र बुधको तल चन्द्रमा यसरी रहेका छन्।[1] यसबाट के देखिन्छ भने चन्द्रमा पृथ्वीबाट सबभन्दा नजीक देखिन्छन् र शनि सबभन्दा टाढा, त्यसो हुंदा तलबाट गनेमा चन्द्र, बुध, शुक्र, सूर्य, मंगल, बृहस्पति र शनि यस्तो हुनुपर्ने। माथिबाट गनेमा शनि, बृहस्पति, मंगल, सूर्य, शुक्र, बुध र चन्द्रमा यस्तो क्रम रहनुपर्ने।

ग्रहको स्थिति यस्तो भए पनि वारसम्वन्धी क्रममा यस्तो व्यवस्था कायम गरिएको छ। वारको क्रममा खगोलीय अवस्थिति होइन किन्तु होराको सम्बन्ध रहेको छ। ग्रहका होरा हुन्छन्। प्रत्येक होरामा २½ घडी अथवा ६० मिनेट हुन्छन्। यसअनुसार एक अहोरात्र २४ होराको हुन्छ। यिनमा पहिलो होरा अहोरात्रको जो स्वामी हो उसैको हुन्छ। त्यसपछि खगोलीय क्रमअनुसार शनिको दोस्रो दिन सूर्यको, तेस्रो दिन सोमको, चौथो दिन मंगलको, पाँचौं दिन बुधको, छैटौं दिन बृहस्पतिको र सातौं दिन शुक्र अनि आठौं दिनको विहान फेरि शनिकै होरा आउँछ। वारको क्रम निर्धारणमा यही नै आधार मानिएको छ। संक्षेपमा जुन दिनको प्रातःकालमा जुन ग्रहको होरा हुन्छ उही नै

१– मन्दा–मरेज्य–भूपुत्र–सूर्य–शुक्रेन्दुजेन्दवः।
परिभ्रमन्त्यधोऽधःस्थाः सिद्धविद्याधरा धनाः ॥
(सूर्यसिद्धान्त, भूगोलाध्याय ११)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस अहोरात्रको स्वामी मानिन्छ र त्यसैको नामबाट याने नियम प्राप्त अवसरको व्यवहार हुन्छ ।

८– नक्षत्र–नक्षत्रको संख्या साधारणतः २७ छ । तिनका नाम हुन् अश्विनी, भरणी, कृत्तिका, रोहिणी, मृगशिरा, आर्द्रा, पुनर्वशु, पुष्य, अश्लेषा, मघा, पूर्वाफाल्गुनी, उत्तराफाल्गुनी, हस्ता, चित्रा, स्वाती, विशाषा, अनुराधा, जेष्ठा, मूल, पूर्वाषाढा, उत्तराषाढा, श्रवण, धनिष्ठा, शतभिषा, पूर्वाभाद्रपदा, उत्तराभाद्रपदा, रेवती ।

यिनमा उत्तराषाढाको अन्तिम भाग (चौथोचरण) र श्रवणको पहिलो पन्ध्रौं भागलाई अभिजित् नक्षत्र भनिन्छ । यसको गणना पञ्च-शलाकाचक्र, सप्तशलाकाचक्र र अन्य कैयौं काममा पनि गरिन्छ । यसलाई समेत समावेश गर्दा नक्षत्रको संख्या २८ हुन्छ । यसको स्थान उत्तराषाढा र श्रवणको बीचमा मानिन्छ ।

नक्षत्र विज्ञान– प्रत्येक ग्रह खगोलको परिधि पूरा गरेर (चक्कर लगाएर) फेरि त्यसै स्थानमा आइपुग्छन् जहाँबाट तिनीहरू हिंडेका हुन्छन् । त्यसो हुँदा प्रत्येक ग्रहगतिको एक एक अण्डाकार मार्ग बन्दछ, जसलाई त्यस ग्रहको क्रान्तिवृत्त भनिन्छ । यस वृत्तको १२ विभागको नाम मेषादि बाह्र राशि हो । यस बृत्तमा स्थानैपिच्छे कतिपय त्यस्ता तारासमूह (कुण्ड) आउँदछन् जो आफ्नो कक्षमा स्थिर रहन्छन् । त्यस्तै तारासमूहलाई अश्विनी आदि नक्षत्रका नामले पुकारिन्छन् । प्रत्येक ग्रहलाई यस्ता तारा पुञ्जको नजीक भएर हिंड्नुपर्छ यो कुरा ज्योतिषशास्त्रमा प्रसिद्ध छ र खगोलवेत्ताहरू जान्दछन् ।

पञ्चाङ्ग (पात्रो) मा प्रतिदिनको जो नक्षत्र लेखिएको हुन्छ त्यो यस्तै ताराव्यूहको निकट चन्द्रमाको स्थितिको परिचायक हो, अर्थात् जुन दिन चन्द्रमा तारासमूहको नजीक रहने हो त्यस दिनको लागि उनी त्यसै नक्षत्रका मानिन्छन् ।

हरहिसाब गर्न सुविधाको लागि ग्रहहरूको उक्त पूरै वृत्तलाई अश्विनी भरणी आदि २७ तारा व्यूहको हिसाबले २७ भागमा विभक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ। चन्द्रगति अनुसार त्यो पुरैवृत्तको एक सत्ताइसौं भाग जति समयमा समाण्त हुन्छ अथवा भनौं चन्द्रमाले आफ्नो वृत्तको सत्ताइसौं भाग जति समयमा समाप्त गर्छन् र एक ताराव्यूहबाट द्वितीय ताराव्यूह सम्म जान्छन् त्यसलाई तत् तत् नक्षत्रको भाग भनिन्छ। यो भाग पनि तिथिको जस्तै कहिले २४ घण्टा या ६० घडीभन्दा अधिक समयमा पार हुन्छ र कहिले चाहिं कम समयमा। यस क्रमले जब सत्ताइसौं भाग समाप्त हुन्छ तब चन्द्रमा आकाशमा फेरि त्यही स्थानमा आइपुग्छन्। प्राणिसमूहमा सूर्य र चन्द्रको प्रभाव सबभन्दा बढी पर्ने र तिनमा धार्मिककृत्य सम्पन्न गरिंदा चान्द्रनक्षत्रको प्रधानता रहने भएकोले पञ्चाङ्गमा यसलाई प्रमुख स्थान दिएको छ।

—इतिशुभम्—

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

१.	वत्सरारम्भ (नववर्ष)	१
२.	मत्स्यावतार	५
३.	'राम' र रामायण सम्बन्धमा प्रचलित मान्यता	९
४.	भक्तवर हनुमान्	१५
५,	मातृत्व एक परिचर्चा	२१
६.	अक्षय-तृतीया	२७
७.	आचार्य शंकर	३२
८.	जानकी सीता	३६
९.	नृसिंह जयन्ती	४४
१०.	कूर्म जयन्ती	५१
११.	महात्मा गौतमबुद्ध	५६
१२.	गंगा दशहरा	६३
१३.	हरिशयनी	६८
१४.	गुरुपूर्णिमा तथा व्यासजयन्ती	७३
१५.	कर्कट संक्रान्ति	७८
१६.	वराह जयन्ती	८२
१७.	नागपञ्चमी	८७
१८.	श्रावणी पूर्णिमा र रक्षाबन्धन	९२
१९.	अवतारवादको सान्दर्भिक चिन्तन र कृष्णावतार	९७
२०.	कुशे औंसी	१०८
२१.	हरितालिका (तीज)को सामयिक परिचर्चा	११३
२२.	गणेश चौथी	११८
२३.	ऋषिपूजन र ऋषिशब्दको अर्थ	१२४
२४.	वामन द्वादशी	१२८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२५. अनन्तचतुर्दशी र इन्द्रयात्रा १३३
२६. पितृपक्षको प्रासंगिक प्रसंग १३८
२७. घटस्थापनाको सान्दर्भिक उद्‌बोधन १४२
२८. शक्तितत्त्व र समाराधन १४७
२९. कन्यापूजनसम्बन्धी शास्त्रीय मान्यता १५३
३०. शारदी पूर्णिमा १५८
३१. यमपञ्चकका पाँच दिन १६३
३२. लक्ष्मीपूजाको सामयिक परिचर्चा १६८
३३. भ्रातृद्वितीया १७४
३४. हरिबोधिनी एकादशी १७९
३५. वैकुण्ठ चतुर्दशी १८४
३७. श्लेष्मान्तक वन र पाशुपत क्षेत्रको यात्रा १९१
३७. पाशुपत ज्ञान १९७
३८. रामजानकी प्रणयबन्धन २०२
३९. गीतामा प्रतिपादित सैद्धान्तिक र व्यावहारिक पक्ष २०८
४०. अवधूत दत्तात्रेय २१६
४१. तीर्थश्राद्ध एवं गयाश्राद्ध २२१
४२. मकर संक्रान्ति २२७
४३. व्रतको सन्दर्भमा स्वस्थानी व्रत २३२
४४. सतीको स्वाभिमान २३७
४५. गणेशको अग्रपूज्यता र दूर्वाङ्कुरप्रियता २४३
४६. श्रीपञ्चमी या वसन्तपञ्चमी २५०
४७. शिवरात्री महापर्व २५६
४८. होली २६३
४९. सीमवती अमावास्या २६७
५०. ग्रहण २७०
५१. कल्कि अवतार २७५
अन्त्यमा २८०
यो पुस्तक तयार पार्दा सहयोगार्थ प्रयोगमा ल्याइएका ग्रन्थहरू २८१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वत्सरारम्भ (नववर्ष)

चैत्रशुक्ल प्रतिपदा नववत्सरारम्भको दिन हो। संवत्सर या वत्सरलाई कालको एकाई भनिन्छ। काल के हो ? भन्ने प्रश्नको उत्तर लामो शास्त्रार्थपछि निर्णय हुने भए पनि छोटकरीमा आजभोलि, हिजो अस्ति, महीना दिनपछि, एक वर्षअघि जस्ता सावधिक व्यवहारको आधार जे हो त्यसैलाई काल या समय भनिन्छ। प्रत्येक प्राणी या व्यक्तिको मात्र होइन ब्रह्माको समेत आयु तोकिएको छ– कालको आधारमा। हरेक जीवको उत्पत्ति, स्थिति र लय कालमा हुन्छ। कालको सर्वव्यापी प्रभाव सम्बन्धमा महाभारतको यक्षयुधिष्ठिर संवादमा अति नै हृदयस्पर्शी जवाफ दिइएको छ। प्राश्निक यक्ष सोध्छन् 'का वार्ता ?' अर्थात् जगत्को हालखबर के छ ? यसको उत्तरमा धर्मराज युधिष्ठिर भन्छन्––

अस्मिन् महामोहमये कटाहे सूर्याग्निना रात्रिदिवेन्धनेन।
मासर्तुदर्वीपरिघट्टनेन भूतानि कालः पचतीति वार्ता ॥

अर्थात् यो मोहमय संसाररूपी कराहीमा सूर्यको रातदिन रूप इन्धन याने दाउराद्वारा महीना र ऋतुरूप डाडूले चलाउँदै कालले प्राणिसमुदायलाई पकाइराखेको छ। यही नै छ खास गरेर सबको हालखबर। वस्तुतः भन्ने हो भने महाकालको काखमा अनन्तप्राणी वासनावशात् मिलेका विभिन्न शरीर लिएर देखापर्छन् र केही समय क्रियात्मक स्वरूप दर्शाएर फेरि विलीन हुन्छन्, खास वृत्तान्त त यही छ।

ठूलाठूला महानगरहरू भस्मखरानी भएका, वडे वडे पदाधिकारीहरू निस्तेज भई अस्ताएका अनि अथाह जलराशि पनि ठोस भूमिमा परिवर्तन भएको देख्ता राजर्षि भर्तृहरि त्यो महाप्रभावशाली काललाई नमस्कार गर्छन्, 'कालाय तस्मै नमः' भनेर। कालको यस किसिमको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनिवार्य प्रभावशालितालाई विचार गरेर सन्त, सज्जन र दार्शनिक-हरूले मानव–समुदायलाई कर्तव्य कर्मको अनुसरण यथाशीघ्र र यथासमय गर्ने निर्देशन गरेका छन् । किनभने दिने लिने र गर्नुपर्ने कुरा वेलैमा नगर्ने दीर्घसूत्री (जुम्सा) को 'काल: पिबति तद्रसम्' अर्थात् पाउनुपर्ने फलको रस कालले पिइदिन्छ । 'काल करे सो आज कर आज करै सो अब्ब । क्षण मे परले होयगी बहुरी करोगे कब्ब ।।' भन्ने सन्त कबीरको कथन पनि गर्नुपर्ने काम कुरालाई भोलि गरौंला भनेर पन्छाउन नहुने चेतावनी दिन्छ । यसरी अनुभवी विचारकहरूले जति-सुकै सजग गराएको भए पनि प्रत्येक मानिसमा केही आत्मगत संस्कार, पारिवारिक रूप र सामाजिक स्थिति अनुसारको स्वभाव बनेको हुन्छ ।

त्यसै स्वभावअनुसार उसले हानि लाभ सहँदै जीवनयापन गर्छ, तर सांसारिक लाभ पनि सापेक्ष कुरा भएकोले जबसम्म पूर्णलाभ मिलेको हुँदैन त्यहाँसम्म सजगता र सक्रियता लिनै पर्छ । सामान्य लाभ त आंशिक लाभ मात्र हो ।

चान्द्रमानको हिसाबले चैत्रशुक्ल प्रतिपदालाई वत्सरारम्भको दिन भनिन्छ । यस प्रतिपदालाई सृष्टिको प्रारम्भिक दिन हुने सौभाग्य मिलेको छ, किनभने यसै दिनको सूर्योदयदेखि ब्रह्माले सृष्टिको आरम्भ गर्नुभएको कुरालाई ब्रह्मपुराण समर्थन गर्छ । कालगणना शुरू भएको पनि यसै दिनदेखि हो । सृष्टिको शुरूआत भएकोले ब्रह्माद्वारा प्रतिष्ठित यस दिनको नाम प्रतिपद् या प्रतिपदा रह्यो। अतएव यस दिन सृष्टिकर्ता-लाई सम्पूर्ण सामग्री तयार पारेर पूजा गरिन्छ र कालका अवयव क्षण, लव, मुहूर्त, मास, ऋतु, पक्ष, सबै युग, दक्षकन्या र अन्त्यमा विष्णुको पनि पूजा हुन्छ । यस दिन गर्ने कृत्य सम्बन्धमा धर्मशास्त्रको वचन यस्तो छ—

प्राप्ते नूतनवत्सरे प्रतिगृहं कुर्याद् ध्वजारोपणम् ।
स्नानं मंगलमाचरेद् द्विजवरैः साकं सुपूज्योत्सवैः ।।
देवानां गुरुयोषितां च शिशवोऽलङ्कारवस्त्रादिभिः ।
सम्पूज्यो गणकः फलं च श्रृणुयात्तस्माच्च लाभप्रदम् ।।

अर्थात् नववर्षारम्भको दिन प्रतिघरमा ध्वजा सजाएर स्नानको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साथै अन्य माङ्गलिक कृत्य गर्ने, देवता, गुरु र द्विजपूजनको साथै नारी र बालकहरूलाई नयाँ वस्त्र र अलङ्कारले सजाउने, ज्योतिषीको पूजा गरी निजबाट वर्षफल श्रवण गर्ने, यस्ता कृत्यबाट वर्षभर सुफल मिल्छ। स्वास्थ्यलाई प्रत्यक्ष लाभ पुग्ने तैल मर्दन, मिश्री र मरीचको साथै नीमको पात खाने विधान पनि यस दिनमा छ।

नववर्षको आरम्भ अरू दिन पनि हुन सक्ने भएकोले चैत्र प्रतिपदा नै त्यसको लागि किन निर्धारण भयो भन्ने जस्ता जिज्ञासा पनि यतिखेर उठ्न नसक्ने होइनन्। यस सम्बन्धमा शास्त्रीय प्रमाणको अतिरिक्त केही स्वाभाविक वैज्ञानिक तथ्य पनि देखापर्छन्। त्यसरी देखिने वस्तुतथ्य के हो भने जीवसृष्टिको लागि न त ज्यादा चिसो र न त ज्यादा तातो वातावरण अनुकूल हुन्छ। केही जाति र संख्यालाई छोडेर अरू प्राणीको निमित्त समशीतोष्ण वातावरण नै बढी अनुकूल मानिन्छ, त्यसैले वसन्त समयमा वनस्पति जगत्मा नयाँ सृष्टि र नयाँ शोभाको उदय हुन्छ। नवीन उत्पादनको लागि यो समय पहिलेदेखि नै उपयोगी मानिँदै आएको देखिन्छ।

नव वर्षले नयाँ सोचाइ र नयाँ जागरण ल्याउनु स्वाभाविक हुन्छ। त्यसैले आजको यस शुभ दिनमा हामीले पनि आफ्ना पूर्वजहरूले दिएको प्रेरणादायी सन्देशलाई हृदयमा राखेर जीवनमार्गमा अगाडि बढ्ने प्रेरणा लिनुपर्छ। त्यसरी बढ्दा यसभन्दा अघि भएको न्यूनता र हुन गएको गल्तीलाई नदोहऱ्याउनु बेश हुन्छ। यस वस्तुतथ्यलाई वेलैमा स्वीकारी अग्रगामी बन्नु या प्रमादी भएर जीवन-यापन गर्नु हाम्रै हातको कुरा हो। यतिखेर महर्षि याज्ञवल्क्यको त्यो प्रेरणादायी सन्देशनिर स्वस्थ मनःस्थितिले ध्यान दिनुपर्छ। उनी भन्छन्–

ब्राह्मे मुहूर्ते चोत्थाय चिन्तयेदात्मनो हितम्।
धर्मार्थकामान् स्वे काले यथाशक्ति न हापयेत्॥

अर्थात् बिहानको ब्राह्ममुहूर्तमा उठेर प्रत्येक व्यक्ति आत्महित हुने कुराको चिन्तन गरोस् र धर्म, अर्थ तथा काम (इच्छा)को परिपूर्तिका निमित्त निर्धारित समयको सदुपयोग गरी दुरुपयोग नगरोस्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ यो भनिरहनु जरूरत छैन कि आत्महितको चिन्तन गर्दा परहित-लाई हानि पुऱ्याउनु हुँदैन । अर्थ र कामको उपार्जनमा प्रेरणा दिने यस वचनले सर्वप्रथम धर्मको आर्जन र नियन्त्रणलाई निर्बाध रूपमा स्वीकारे-को छ। मानवधर्मका उपदेशक मनुको कथन पनि यसैसित समता राख्दछ। 'धर्मादर्थश्च कामश्च' भनेर दुवै हात उचाली व्यासले चिच्याए-को पनि अहिलेदेखि होइन । आज हामी जति, जहाँ र जसबाट भएको अतिचार वा अनाचारका समाचार सुन्दछौं ती सब अनियन्त्रित अर्थ कामको उपार्जनवाट जन्मिएका हुन् । त्यसैले जबसम्म धर्ममूलक अर्थ र काम उपभोग गर्ने वस्तुतथ्यलाई स्वीकारिन्न, तबसम्म हाम्रो सामाजिक स्वस्थता कायम हुन्न । प्रत्येक व्यक्तिको लागि आवश्यक कुरा के हो भने ऊ उपदेशक मात्र नबनी धर्मानुकूल व्यवहारको अनुसर्ता बनोस् । किनभने स्वस्थ समाजको निर्माण व्यक्तिबाटै शुरू हुन्छ। त्यसैले उपदेशकको भन्दा अनुसर्ताको खाँचो बढी पर्दछ ।

यहाँनिर चित्रकूटमा भेट्न आएका भरतलाई व्यावहारिक सन्तुलन सम्बन्धमा रामले सोधेको प्रश्न याद गर्न लायक छ, जस्तो–

कच्चिदर्थेन वा धर्ममर्थं धर्मेण वा पुनः ।
उभौ वा प्रीतिलोभेन कामेन न विबाधसे ।।

अर्थात् अर्थले धर्म र धर्मले अर्थलाई अनि धर्म र अर्थ दुवैलाई कामले वाधा गरेको त छैन ? किनभने यस्तो भएमा एक पक्ष कमजोर भई अनर्थ पैदा हुन्छ । अनर्थले न पहिले हित गरेको थियो न अहिले गर्छ र न पछि गर्नेछ । नववर्षारम्भको यस पुण्य पर्वमा हामी धर्ममूलक अर्थ उपार्जन गर्ने संकल्प गरौं उति पनि नभए अनर्थ पैदा नगर्ने प्रतिज्ञा आत्मा साक्षी राखेर गरौं, यही नै यतिखेरको याद गर्न लायक संबद्ध कुरा हो ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मत्स्यावतार

राजर्षि सत्यव्रत कृतमाला नदीमा स्नान गरी सधैं झैं तर्पण गर्न लागेका थिए। पानीको साथ यौटा सानो माछो समेत हातमा पर्न आयो। सत्यव्रतले माछो नदेखेका त होइनन् तर त्यो माछो सानो भए पनि सुनौला रंगको, फिरफिर पखेटा चलाउने र निकै आकर्षक थियो। जलचर जीवलाई धेरैबेर हातमा लिइरहन ठीक नठानी पानीमै छोडिदिए। तर त्यहाँ आश्चर्य लाग्दो कुरा के भयो भने मान्छेको बोलीद्वारा माछोले भन्यो 'राजन्, मलाई यहाँ अरू जलचरले खान्छन् भन्ने वडो डर लाग्छ, संयोगले यहाँको शरण मिलेको वेला संरक्षणको उपाय भए हुन्थ्यो।' मनुजीले शरणागतप्रति दया गर्नु कर्तव्य ठानेर 'यहाँ त म संरक्षण दिन सक्दिनँ आउ त मेरै कमण्डलुमा रहु' भनेर राखे पछि आश्रम फर्कदा साथै लिई आए। आश्रम फर्केपछि एक अहोरात्र मात्र भएको थियो माछो त सोह्र अंगुल बढेर भन्न थाल्यो 'राजन् मलाई त यो कमण्डलु साँगुरो भयो, अलि खुला ठाउँमा बस्न पाए हुन्थ्यो।' मनुजीले पनि लौ त भनेर पानीको घडामा राखिदिए। तर घडामा राखेको एकै मुहूर्तमा तीन हातको भएर माछोले भन्यो 'महाराज, म त यहाँ पनि अटाइनँ।' मनुले तलाउ नै यसको रहन लायक ठाउँ हुनेछ भनी तलाउमा राख्न लगाएको त त्यो विशाल तलाउमा पनि एकै दिनमा भरिएर माछो टम्म भयो। अनि त अर्को बाटो केही नदेखी समुद्रमै पुऱ्याएर छोड्न लाग्दा फेरि उही दीन वचन सुनियो – 'अदन्त्यतिवलावीर मां नेहोत्स्रष्टुमर्हसि' अर्थात् गोही, मकर जस्ता बलवान् जनावरले खाने डर भएकोले मलाई यहाँ नछोडिदिनुहोस्। शरणमा आएकोलाई मरणको मुखमा होमिदिनु ठीक होइन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो मधुर वचनले मोहित बनेका राजर्षि सत्यव्रतले विचार गरे यो सामान्य जीव नभएर कुनै विशिष्ट विभूति हो, किनभने त्यसो नहुँदो हो त क्षण क्षणमा बढ्दै यस्तो विशाल हुन सक्थ्यो ? अब यो रहस्य अरू कसबाट थाहा पाउन सकिएला र ? त्यसैले सोध्छु उनैलाई भन्ने विचार गरेर जिज्ञासात्मकरूपमा प्रश्न गरे 'तमाह को भवानस्मान् मत्स्यरूपेण मोहयन्' आदि ।

अर्थात् आफूले धेरै किसिमका जलचर देखेको र स्वभाव थाहा पाएको भए पनि त्यस्तो जलचर त नदेखेको मात्र होइन सुनेको पनि थिइनँ जो एकै दिनमा शय योजनको तलाउ ढाकिदेओस् । त्यसो हुँदा तपाई साधारण जीव नभएर 'साक्षाद्धरिर्नारायणो ऽव्ययः' साक्षात् नारायण नै हुनुहुन्छ । प्राणीहरूको कल्याणका लागि विभिन्न रूप धारण गर्ने तपाई शायद यतिखेर मत्स्यरूपमा अवतीर्ण हुनुभएको होला । यी त मेरा तर्कना र कल्पना हुन् । अगम चरित्र भएका हजूरको यो लीला के कस्तो हो ? जान्न पाए हुन्थ्यो ।

मत्स्यरूप भगवान्बाट आज्ञा भयो साधक भक्त ? तिमीलाई एक कुराको संकेत र साथै निर्देशन दिन पनि आएको हुँ । आजको सात दिनपछि नैमित्तिक प्रलय हुनेवाला छ, त्यतिखेर भूर्भुवादिलोक जलमग्न बन्नेछन् र यो दृश्यमान सृष्टि ख़तम हुनेछ । यसरी प्रलय हुँदा पनि जीवनसाधनमा अत्युपयोगी औषधि र अन्य बीजवीजनका साथ ज्ञानमार्ग निर्देशक ऋषिहरूको संरक्षण अति आवश्यक भएकोले त्यसमा तिमीले सहभागी बन्नुपर्‍यो ।

प्रलयको शुरूमै एक विशाल डुंगा आउनेछ । त्यसमा संरक्षण गर्नुपर्ने ती सब औषधिहरू र सप्तर्षिका साथ तिमी बस्नु । प्रलयकालिक हुरीले डुंगा धेरै ढलपल गर्ला । त्यसको सुरक्षाको लागि म त्यहाँ एकसिंगे माछाको रूपमा आउनेछु । वासुकीद्वारा ढलपलाएको डुंगा मेरो सिंगमा बाँध्नु । म आफ्नो सिंगमा बाँधिएको त्यस डुंगा-लाई तान्दै ब्राह्मीनिशाभर जलमै विचरण गर्नेछु र त्यतिखेर तिमीले गरेको जिज्ञासात्मक प्रश्नको उत्तरको रूपमा परमतत्त्वको उपदेश पनि गर्नेछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी गरिएको निर्देशनअनुसार राजर्षि सत्यव्रतले सम्पूर्ण बीजबीजन र संरक्षणीय अन्य वस्तुका साथ सप्तर्षिहरूलाई पनि साथ लिई प्रतीक्षामा रहे। सात दिनपछि कुशासनमा उत्तर मुख लगाएर ध्यानस्थ भई वसेका मनु वरिपरिको वातावरणमा बिल्कुल परिवर्तन आएको देख्तछन्। आकाश घनघटाले व्याप्त भई मूसलधार पानी वर्षन थाल्यो। त्यतिखेर प्रतीक्षामा रहेको समुद्रतीरमा विशाल नाउ देखियो। जम्मा पारिएको सम्पूर्ण बीजबीजन त्यसै नाउमा चढाई आफूहरू पनि त्यसैमा चढे। घनघोर वर्षा र अनेक छाल तरङ्गले गर्दा नौका विचलित बनेको देखेर सत्यव्रत भयभीत भए। त्यो देखी सप्तर्षि-हरूले आश्वस्त पार्दै भने 'ध्यासस्व केशवं राजन्' महाराज, परेको आपत्–विपद्बाट संरक्षण दिने भगवान् केशव सिवाय अरू को छ र? त्यसैले उनैको शरण पर।

सत्यव्रत एकचित्त र भक्ति भावितरूपमा भगवान्‌को ध्यानस्थ बन्दछन्। त्यसै वेला एकसिंगे विशाल माछो देखापर्छ। त्यसैको सिंग-मा नाउलाई बाँधेर नडग्मगाउने तुल्याउँछन्। त्यति भैसकेपछि स्तुति र प्रार्थनाको क्रममा मनुले तत्त्वज्ञान सम्बन्धी जिज्ञासा व्यक्त गरे। मत्स्य-रूप भगवान्‌ले पनि वेदपुराणको साथै सांख्ययोग र क्रियायोगको समेत यथार्थ तत्त्व बताउनुभयो।

ब्राह्मी रात्रीभर यही क्रमले मत्स्यक्रीडा चालू रह्यो। रात्री समाप्त भै दिन उदय भएपछि वेदहरण गरेर लाने हयग्रीवलाई हनन गरी मत्स्य भगवान्‌ले वेदको उद्धार गर्नुभयो। यस अवतारको चरित्रलाई महाकवि जयदेवले यसरी संक्षेपमा संकेत गरेका छन्। प्रलयपयोधिजले धृतवानसिवेदम् आदि। मत्स्यावतार भगवान्‌ले उपदेश गरिएका राजा सत्यव्रत नै यस कल्पमा वैवस्वत मनुको नामले प्रसिद्ध छन्। मत्स्य भगवान्‌बाट मनुलाई भएको जुन उपदेश छ त्यसको श्रवण गऱ्यो भने सम्पूर्ण पाप नाश हुन्छ।

काठमाडौं उपत्यका चन्द्रागिरिको फेदमा मत्स्यनारायणको मन्दिर र तलाउ प्रसिद्ध छ। त्यहाँ अधिकमास परेको वेला महीनाभर नै विशेष मेला लाग्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दू परम्परामा अवतारवादको मान्यता प्रसिद्ध भएकोले यसैसित सम्बद्ध पारी प्रलयकालिक नौका यात्रा बताइएको छ । तर जहाँ यस किसिमको अवतारवाद प्रसिद्ध छैन त्यहाँ पनि प्रलयकालिक नौकायात्रा सम्बन्धी कथानक रोचकता साथ वर्णन भएको पाइन्छ । त्यसो हुँदा यस कथानकको क्षेत्र वडो विशाल रहेको देखिन्छ ।

विकासवादको कथनअनुसार जलचरवाट क्रमिक रूपले स्थलचरको विकास भएको भन्ने पाइन्छ । दश अवतारमा गनिने मत्स्य, कूर्म, वराह, नृसिंह, वामन, परशुराम, राम, बलराम, बुद्ध र कल्कि उक्त विकासवादसित तुलना गर्दा उपयुक्त र सुहाउँदो रूपकै देखिन्छन् । किनभने जलचरवाट यी अगाडि स्थलचरमा विकसित भएका हुन् ।

मत्स्यावतारको उल्लेख प्राय: सबै पुराणमा पाइन्छ । त्यसको अतिरिक्त अठार महापुराणमध्ये सोह्रौंमा मत्स्यपुराणको गणना छ । यस पुराणमा २९० अध्याय र १४००० श्लोक छन् । महापुराणको लक्षणले युक्त भएको मत्स्यपुराणमा व्रतपर्वहरूको उल्लेख विशेष रूपमा भएको छ । शिवद्वारा कामदेवभस्म, कुमारको उत्पत्ति अनि तारकासुरको तपस्या र वध सम्बन्धी कथानकको पनि यहाँ विस्तृत चर्चा छ ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'राम' र रामायण सम्बन्धमा प्रचलित मान्यता

श्रुतिहरू जुन परमतत्त्वलाई ब्रह्मशब्दले व्यवहार गर्छन् त्यही ब्रह्मतत्त्वलाई रामायण 'राम' शब्दले व्यवहार गर्छ । त्यसैले वेदद्वारा गान गरिने अर्थात् महिमा गाइने परमपुरुषोत्तम श्रीरामको रूपमा जब भूतलमा अवतीर्ण हुनुभयो तब वेद पनि महर्षिवाल्मीकिको मुखबाट रामायण रूप लिएर प्रादुर्भाव भयो भन्ने कुरा चिरकालदेखि आस्तिक-हरूको समुदायमा प्रचलित छ । त्यस कारण रामायणमहाकाव्य त्यति नै गौरव राख्तछ जति वेद । यसरी वेदसमान पूज्य रामायणमहा-काव्यका कवयिता (रचयिता) महर्षि वाल्मीकि पनि प्राचेतस आदिकविको रूपले लोकमा प्रख्यात छन् । आदि कविको नाताले महर्षिबाल्मीकि सबै कविका गुरु ठहरिन्छन् । उनैको मुखवाट चुहिएका कवितारूप अमृतपान गरेर कविहरूले काव्यरसद्वारा पछिका रसिकहरूको चित्तलाई धेरै काल अघिदेखि तृप्त तुल्याउन सक्षम भएकोले कुनै विद्वान् ती आदिकविलाई यसरी स्तुति गर्छन् ।

पीत्वा यद् वदनेन्दुमण्डलगलत्काव्यामृताब्धेः किम-
प्याकल्पं कविनूतनाम्बुदमयी कादम्बिनी वर्षति—

रामायणमहाकाव्य नै एउटा त्यस्तो विशिष्टगुणगरिमाले पूर्ण महाकाव्य हो जसको स्वरूप रचनालाई हेरेर परवर्ती लक्षणकारहरूले काव्यको लक्षण निर्धारण गरेका छन् । अतएव काव्यको स्वरूप कस्तो हुन्छ र हुनुपर्छ भन्ने प्रश्नको उत्तर छोटकरीमा त्यही दिन सकिन्छ जस्तो वाल्मीकिको रामायणमा छ । रामायण मानवजीवनको व्याख्यान हो । यो श्रेयोमार्ग प्रदर्शक ज्योति हो । यो व्यावहारिक मार्गप्रदर्शक आचार्य हो । सदाचारको मार्गप्रदर्शन गर्ने सरस धर्मशास्त्र पनि यही हो । मानवीय मनको बिविध तरङ्गलाई चित्रात्मक रूपले प्रदर्शनगराउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो विलक्षण प्रदर्शनी हो । नीतिशास्त्र, अर्थशास्त्र, अध्यात्मशास्त्रद्वारा निर्दिष्ट चारै किसिमका पुरुषार्थको हृदयहारी सजीव अभिनय यहाँ देख्न सकिन्छ । मानवका आन्तरिक प्रकृतिको चित्रण यसले जति सूक्ष्मतमरूपमा गरेको छ बाहिरी स्वभावको वर्णनमा पनि यसले त्यतिकै खूबी देखाएको छ । त्यसैले बृहद्धर्मपुराणमा भनिएको छ––

पठ रामायणं व्यास काव्यबीजं सनातनम् ।
यत्र रामचरित्रं स्यात् तदहं तत्र शक्तिमान् ।
रामायणं पाठितं मे प्रसन्नोऽस्मि कृतस्त्वया ।
करिष्यामि पुराणानि महाभारतमेव च ।

यी श्लोकले रामायणको उच्चतम गरिमालाई उद्घाटित गरेका छन् । समाजशास्त्रको दृष्टिले आर्यजातिको जीवनपद्धति चार भागमा विभाजित पाइन्छ । ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास नामले प्रसिद्ध यो चार आश्रममा प्रारम्भिक जीवनको प्रवेशस्थल ब्रह्मचर्य, माध्यमिक जीवनको प्रवेशस्थल गृहस्थ, उत्तरार्धको प्रवेशस्थल वानप्रस्थ र अन्तिम जीवनको प्रवेशस्थल संन्यास बताइएको छ । जीवनको अवस्था, आवश्यकता, भावना र कर्तव्य समेतलाई दृष्टिगत गरी यस किसिसको जीवन पद्धतिको व्यवस्था गरेको पाइन्छ । आवश्यकता र औचित्य समेतलाई लिएर भन्ने हो भने प्रत्येक आश्रमको आफ्नै किसिमको महत्त्व नभएको होइन तर पनि सबै आश्रमको आधारस्तम्भ र बहुसंख्यकको निर्वाहस्थल भएकोले गृहस्थाश्रमको महत्त्व शीर्षस्थानीय मानिएको छ । गृहस्थ जीवनका प्रत्येक सदस्यले अवलम्बन गर्नुपर्ने विधिव्यवहार र लिनुपर्ने भावना सम्बन्धमा अथर्व वेदको एउटा सूक्त यस्तो छ––

'अनुव्रतः पितुः पुत्रः' अर्थात् छोरो त्यस्तो होओस् जो बाबुको आज्ञा र आशयलाई शिरोधार्य मानेर जीवनपथमा अगाडि बढोस् । अनि 'मात्रा भवतु संमनाः' आमाको सम्मति सद्भावलाई यथासंभव सम्मान गरोस् । गृहस्थ जीवनका सदस्य पति र पत्नी एक अर्काका प्रतिकूल होइन अनुकूल बनून् अनि त्यो अनुकूलता त्यस्तो रहोस् जसबाट माधुर्यरस बगेर दुवैलाई शान्तिको विश्राम स्थल मिल्न सकोस् । 'जायापत्ये मधुमती वाचंवदतु शान्तिवाम्' । सूक्त अगाडि भन्छ 'मा भ्राता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri 226/36

भ्रातरंद्विक्षन्' अर्थात् एक भाइ अर्को भाइप्रति द्वेष र दुर्भावना होइन प्रेम र सद्भाव राख्ने होओस्, त्यो पनि मौखिक मात्र नभएर कार्यक्षेत्र-मै उत्रेको रूपमा । 'मास्वसार मुतस्वसा' दिदी बहिनी र भाइ भाइका-पत्नी पनि भलो वाणी र सद्व्यवहारले सबैलाई सन्तुष्ट राखून्-- 'सम्यञ्च सव्रता भूत्वा वाचं वदत भद्रया' ।

ईश्वरवाणी वेद प्रभुसम्मित वाक्यको रूपमा अरोट गर्छ, आदेश दिन्छ । पौराणिक साहित्य उसको अरोटलाई कार्यान्वित गर्ने सुवोध भाषा र रोचक शैलीमा विस्तारका साथ वस्तुस्थिति दर्शाउने प्रयत्न गर्छन् । गृहस्थ जीवनका प्रत्येक व्यक्तिको निमित्त वैदिक सूक्तले माथि जुन भाव व्यक्त गरेको छ त्यसलाई कार्यान्वित तुल्याएकोछ रामायणले । पुत्र पिताको आशयअनुसारको व्यवहार गर्ने होओस् भन्ने कथनलाई रामायणका प्रमुख पात्र रामले अनुसरण गरेर देखाउनुभएको छ । परम्परागत रूपमा प्रचलित विधि र मान्यताअनुसार युवराज पद मिल्न लागेको वेला त्यसको परित्यागपूर्वक निर्वासित जीवन बिताउन पिताले दिएको आज्ञालाई आदर्श पुरुष राम विना ननु नच स्वीकार्न तयार हुन्छन् । मान, प्रतिष्ठा, श्री, ऐश्वर्य गुण, प्रशंसा प्रतिको आकर्षण अर्कै कुरा हो अनि मान्यजनप्रतिको आदरभाव आज्ञापालन र शीलको अनु-सरण अर्कै कुरा । पहिलोमा राग र मोहको सम्बन्ध भएकोले परिणाममा विरसता पनि हुन्छ भने दोस्रोमा त्याग सुशीलता रहेकोले शिष्टता र सरसता पाइन्छ । यसलाई बुझ्न सक्नुपर्छ र बुझेर लिन सक्नुपर्छ ।

आदिकवि महर्षि वाल्मीकिले रामायणमा त्यस्तो व्यक्तित्व उभ्या-एका छन्, जसमा गएर धरातलमा हुने र देख्न सक्ने सारा गुण गएर मूर्तिमान बनेका छन् । तीनै लोकमा आरामको चाहना गर्नेको लागि कल्पवृक्ष, आपत्तिबाट छुटकारा पाउनेको लागि आश्रयस्थल अनि सबैमा सौन्दर्य प्रदान गर्ने त्यो व्यक्तित्व हो राम—

आरामः कल्पवृक्षाणां विरामः सकलापदाम् ।
अभिराम स्त्रिलोकानां रामः श्रीमान् स नः प्रभुः ।।

व्यक्ति जेसुकै र जहांसुकै होओस् त्यसको केही पर्वाह छैन, केवल 'राम' यी दुई अक्षरको सहारा यथार्थ रूपमा लिन सक्यो भने ठूलोभन्दा ठूलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैभवशालीको सामू शिर झुकाउनु पर्दैन, परास्त बन्ने कुरा आउँदैन। सांसारिक वैभव र मानप्रतिष्ठाले उन्मत्त बनेका दानवराज हिरण्यकशिपु रामप्रेमी पुत्र प्रह्लादमा नाना किसिमका कष्ट प्रताडन प्रयोग गर्छन्, तर त्यसबाट आफूमा रतिभर प्रभाव नपरेको कुरा व्यक्त गर्दै प्रह्लाद भन्छन्––

रामनाम भजतां कुतो भयं सर्वतापशमनैक भेषजम् ।
पश्य तात मम गात्रसन्निधौ पावकोऽपि सलिलायतेऽधुना ।।

अर्थात् सर्वविध तापलाई शान्त पार्न समर्थ रामनामको सञ्जीवनी जसले सेवन गरेको छ उसलाई अरू भौतिक वस्तुबाट हुने भय र त्रास कसरी सम्भव हुन्छ र? प्रह्लाद भन्छन् पिताजी तपाईं आफैं हेर्नोस् तपाईंले लगाउन लगाएको आगोले मलाई डढाउने ताप होइन अपितु आनन्द दिने जलको शीतलता प्रदान गरिरहेछ। उल्टोबाट जप्ने रत्नाकर व्याधालाई सुल्टो बनेर महर्षि वाल्मीकि तुल्याउने रामनाममा विशाल पापराशिलाई डढाउने सामर्थ्य रहेको कुरामा सारा साधकहरू सहमत छन्। ग्रहगणको समुदायले तेजस्वी सूर्यलाई केन्द्रवर्ती तुल्याएझैं रामायणका अरू चरित्र व्यक्त भएका छन्। दाशरथि राममा मानवीय गुणको उच्चता कस्तो रूपमा अभिव्यक्त थियो भन्ने सम्बन्धमा धेरै ठाउँमा प्रकाश पारिएका छन्। त्यसमध्येको एउटा उदाहरणमा भनिएको छ 'स च नित्यं प्रसन्नात्मा मृदुपूर्वं च भाषते' अर्थात् सांसारिक पदपदार्थको उपलब्धिबाट क्षणिक हर्ष र अनुपलब्धि वा नाशबाट खिन्न र दिक्क बन्ने बानी राममा थिएन, अपितु सँधैं स्वस्थ र सँधैं प्रसन्न रहने र बोल्दा स्वाभाविक मृदुता भरिएको मीठो बोली बोल्दथे। आफू त्यस किसिमको मिष्टभाषी गुण भएका राममा कसैले रुखो बोली बोले पनि त्यसको प्रत्युत्तर त्यही रूपमा दिने निम्न स्वभाव थिएन 'उच्यमानेऽपि परुषं नोत्तरं प्रतिपद्यते' यसबाट जस्तालाई त्यस्तै व्यवहार गर्न नजान्ने भनेर दोषारोपण गर्नु सुहाउने कुरा ठहर्दैन, किनभने शिष्टता प्रतिवादमा होइन अपितु शालीनतासित सम्बद्ध छ। रामको स्वभावमा अरू पनि यस्तै विलक्षणता देखिन्छ। प्रसंङगतः कसैबाट अलिकति उपकार भयो भने उनी त्यसलाई आजीवन बिर्सिदैनन् र अपकारका चाहिं शयौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संख्या भए पनि त्यसलाई उनी तत्कालै बिर्सिदिन बेर लाउँदैनन् । जोसुकै व्यक्ति छोटो जीवनमा पनि धेरै काम कुरा गर्दछ तर ती काम र कुराको छानबीन भने उसबाट त्यति भएको हुँदैन । तर 'नाश्रेयसि रतो यश्च' अर्थात् राममा भने अकल्याणकर काममा अघि सर्ने बानी थिएन, विरोधी कथनमा उनी पटक्कै रुचि लिंदैनथे ।

धराधाममा भएको रामको अवतरणले धरतीलाई स्वर्गभन्दा दुइ सिंढी माथि उकाल्यो । किनभने स्वर्ग र मर्त्यको सीमाङ्कनरेखा स्थानविशेष नभएर गुणविशेष हो । दाशरथि राममा जति गुण समुदाय एकत्रित थिए तिनले गर्दा स्वर्गको महिमालाई माथि काल्पनिक रूपमा रहन नदिएर तलै झारी छोडे । हिन्दीका प्रसिद्ध कवि मैथिलीशरण गुप्त साकेतमा भन्छन्--

स्वर्ग से भी आज भूतल बढ गया ।
भाग्य भास्कर उदय गिरिपर-चढ गया ।।
हो गया निर्गुण सगुण साकार है ।
लेलिया अखिलेश नै अवतार है ।।

जो अजन्मा छ, निर्गुण छ, निराकार छ तापनि निष्काम भक्तको इच्छापूर्ति, मर्यादास्थापन, दुष्टदमन जस्ता कुरा गर्नुपर्दा ऊ सगुण र साकार रूपमा व्यक्त हुन्छ, त्यो अभिव्यक्ति पनि कतै नररूपमा हुन्छ त कतै नरसिंहरूपमा । यो आर्षसम्मत यथार्थता हो र हो हिन्दुत्व भावको अभिन्न मान्यता । त्यसैले भनिएको छ--

'अर्थितो मानुषे लोके जज्ञे विष्णुः सनातनः' अर्थात् प्रार्थना गरिएकोले सनातन रूपमा विष्णु मनुष्यलोकमा रामरूपले अवतीर्ण हुनुभयो । यसो भन्नुको अर्थ कुनै अवतार निष्प्रयोजन वा विनाकारण हुँदैन र यसको लागि सुनियोजित दृष्ट र अदृष्ट हेतु समुदायको संयोजन मिलेको हुनुपर्छ । त्यसैले यो आकस्मिक होइन न त हो काकतालीय संयोग ।

कुनै अमृतको तलाउ छ भने त्यसको जुनसुकै छेउ वा कुनामा स्पर्श गरे तापनि स्पर्श गर्ने व्यक्तिले अमृतको गुणबाट समानरूपले लाभा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न्वित हुनु स्वाभाविक हुन्छ। रामको नाम वा रामको चरित्र त्यस्तै एउटा अमृत हो, यस अमृतको स्पर्श जसले गर्छ त्यो अमर भैहाल्छ। गुप्त कविको कथन छ–

राम तुह्मारा चरित स्वयं काव्य है।
कोई कवि बन जाय सहज संभाव्य है॥

अर्थात् जो स्वयं एक विशाल काव्य रूपले विद्यमान चरित्र छ त्यसको स्पर्श गर्दा कोही कवि बन्छ भने त्यसमा आश्चर्य लाग्ने होइन अपितु स्वाभाविक नै कुरा ठहरिन्छ।

प्राणी सामान्यमा परेको आघात र पीडालाई समानरूपले अनुभव गर्ने भूमिकालाई धरातल तुल्याएर श्लोकरूपले प्रकट भएको रामायण महाकाव्यले उपजीव्य रूपमा मानसरोवरको जस्तो विस्तृत विशालता र पवित्रता कायम गरेको छ। सहृदयीलाई रुवाउने चरित्र र घटना अरू नभएका होइनन् तर पनि कठोर ढुंगो र निष्ठुर वज्रलाई पनि विगलित तुल्याएर रुवाउने सामर्थ्यचाहिं रामचरित्रमा नै छ––

'अपि ग्रावा रोदित्यपि दलति वज्रस्य हृदयम्।'

जुन जाति जति पुरानो र जुन संस्कृति जति दीर्घजीवी भएर बाँचेको छ तिनीहरूमा वेला, परिस्थिति र भावअनुसारका थपेडा यति त्यत्ति नै वढी परेका हुन्छन्। हिन्दू संस्कृतिको क्षेत्रमा पनि यस्ता परिस्थितिले वेलामौका घेरै पल्ट हमला गरेका ऐतिहासिक उदाहरण नभेटिने होइनन्, तर रामायण र महाभारत यस्ता जातीय उपजीव्य स्रोत छन् जसले पर्न आएका त्यस्ता सावधिक प्रहारमा मार्गनिर्देशन गर्दै आफ्नो स्वरूपलाई यथावत् कायम राख्न मद्दत पुऱ्याएका छन्।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तवर हनुमान्

बडो सजधजका साथ श्रीरामको राज्याभिषक सम्पन्न भयो। दरबारको सजिसजावट अति नै कलापूर्ण रूपमा गरिएकोले अत्यन्त सुन्दर देखिन्थ्यो। राजसिंहासनको दायाँपट्टि ऋषिवृन्दको लागि आसन तयार पारिएको थियो। प्रशासनिक पदका विशिष्ट पदाधिकारीहरू बायाँपट्टि थिए भने राजा रजौटाहरूका निमित्त अलग्गै आसन थिए। लङ्काबाट फर्कँदा साथमा आएका राक्षसराज विभीषण, रावण विजयमा विशेष सहयोग पुऱ्याउने सुग्रीव, बालिपुत्र अंगद, आयुर्वेदविशारद-सुषेण, जाम्बवान, नल नील, गवय, गवाक्ष आदि वीरहरू मण्डल बाँधेर बसेका थिए। सब प्रसन्नमुख र हर्षित देखिन्थे।

अञ्जनीपुत्र हनुमान् शान्तभावमा हात जोडेर सामू रहेका थिए। अभिषिक्त मनोहर जोडीको दर्शनले उनी प्रफुल्ल देखिन्थे। मंगलध्वनि र जयघोषको आवाज आइरहेको थियो। सबै हर्षविभोर देखिन्थे, कहीं कतै मलिनताको लेश भेटिन्नथ्यो। आनन्द र मंगलमय यस वेलामा राघवेन्द्र सरकारको नेत्रसंकेतअनुसार सुमित्रासुत लक्ष्मणले उपहारका सरसामान अगाडि राख्न लगाए। ऋषिवृन्द र ब्राह्मण समुदायको निमित्त सालङ्कार गोदान र दरदक्षिणा भैसकेको थियो। यतिखेर सर्वप्रथम उपहारको शुरूवात वानरराज सुग्रीवबाट भयो। राजा रामले मित्रवर सुग्रीवलाई भरतजीले आफ्नो हातद्वारा तयार पारिएको उत्तम वस्त्र पहिऱ्याउनुभयो र सुवर्णनिर्मित मणिजडिएको माला लङ्कापति विभीषणलाई लक्ष्मणले उपहार पहिराए। बालिपुत्र अंगदले पन्ना जडिएको चन्द्रमाको शोभासित समता राख्ने जोडी बाजू भेटे। यसै गरी जाम्बवान्, नीलनल आदिले पनि आकर्षक उपहार भेट्टाए। जानकी सीतालाई दाशरथि रामले अत्युत्तम मणि जडिएको मोतीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माला पहिऱ्याउनुभयो । स्वतः सुन्दरी जानकीको शोभालाई उक्त हारको पहिरनले चतुर्मुखी तुल्यायो ।

त्यसरी त्यहाँ उपस्थित विशिष्ट व्यक्ति सबैले राजा रामबाट केही न केही प्राप्त गरेर आत्मगौरवको अनुभव गरे । तर वीरवर हनुमान्ले भने केही पाइरहेका थिएनन् । रामले बिर्सेको त अवश्य होइन, शायद यिनको लायक वस्तु नै के छ र ? भनेर होला । यसबाट अरूलाई भन्दा बढी सीताको मनलाई उत्कण्ठित पारिरहेको थियो । हनुमान्को सहयोग आफूलाई कस्तो अवस्थामा प्राप्त भएको हो त्यसको रेखांकन सीताको स्मृतिपटलमा अमिटरूपले कोरिएको थियो । त्यसो हुँदा यति-खेरको महोत्सवमा उनले केही नभेट्नु सीताको लागि कति खट्कने कुरा भइरहेको थियो भनेर साध्य छैन । आखिर उनले आफ्नै गलाको माला उतारिन् र भावपूर्णरूपमा रामतिर हेर्न थालिन् । उनको आकृतिले बताइरहेको थियो कि यसमा रामको अनुमति मिले हुन्थ्यो । रामबाट जनकनन्दिनीको अभिप्राय तुरुन्त अनुभव गरी आज्ञा भयो कि यो तिमी आफ्नो इच्छाअनुसार जोसुकैलाई दिन सक्छयौ । महारानीको दृष्टि हनुमान्तिर पऱ्यो, उनी अघि सरे, माला उनको हातमा थमाइयो । त्यो अपूर्व सौन्दर्य भएको मणिजडित मुक्ताहार पहिरिएर मारुति आफ्नै ठाउँमा गएर बसे । जो स्वतः सुन्दर छ उसले जहाँ रहे पनि आफ्नो सौन्दर्य दिन छोड्दैन । पवनपुत्रको गलामा पनि मुक्ताहारले उत्तिकै सौन्दर्य दर्शायो । हनुमान् बडो गौडरूपले मुक्ताहारको प्रत्येक दानालाई निहारी जाँचिरहेका थिए । त्यसरी हेर्दै जाँदा उनको मुख मण्डलमा छाया परे जस्तो देखियो । उनी अझै विचार गर्ने सुरले अलि पन्छिएर भित्तातिर फर्की मोतीको माला हातमा लिएर दानादाना निकाली दाँतले टोकेर फाल्न थाले ।

राजसिंहासनको दायाँतिर रहेका लक्ष्मण वरिपरिको दृश्यलाई गहिरो रूपमा अवलोकन गरिरहेका थिए । उनको दृष्टि त्यतातिर पऱ्यो । उनलाई कौतूहल बढ्यो कि हनुमान् के गरिरहेछन् ? नजीक गएर हेर्दा त त्यति सुन्दर माला छिनेर टुक्राटुक्रा भएको । मोतीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाना कतै दुइ फ्याक र कतै चार फ्याक भएर छरिएका। बीच बीचमा जडिएका मणिको पनि त्यही हालत। लक्ष्मणलाई लाग्यो यो बहुमूल्य-वस्तुको दुरुपयोग मात्र नभएर राजप्रासादको अपहेलना समेत भयो। त्यो पनि अरूबाट नभै हनुमान्बाट। यसको गोप्य सूचना उनले राम-लाई गरे।

रामबाट बोलावट भएपछि हनुमान् हाजिर भए। सुनिन्छ रानी सीताबाट उपहार प्राप्त मोतीको मालालाई तिमीले नष्ट–भ्रष्ट गर्‍यौ, सबैले प्राप्त उपहारबाट प्रफुल्लित बनी कस्तो गौरव अनुभव गरिरहेछन्, तिमीबाट भएको यो अशिष्ट व्यवहारप्रति सबै सशंकित र रुष्ट देखिन्छन्, त्यसको स्पष्टीकरण दिएर खुलस्त बन, तिम्रो गराइ सोचाइ के हो ? रामले भन्नुभयो।

विनीत भावमा हनुमान्ले बिन्ती चढाए– भगवन्, कुनै पनि वस्तु सुन्दर र मूल्यवान् हुन केवल त्यसको बाहिरी रूपरंग मात्र पर्याप्त हुँदैन, त्यसको अन्तस्तलसम्म निरीक्षण गर्नु आवश्यक हुन्छ। महारानीबाट कृपापूर्वक प्राप्त मोतीको मालालाई मैले बाहिर मात्र नभएर भित्रैदेखि निरीक्षण परीक्षण गर्ने प्रयास गरें, अरूको लागि वस्तुको मूल्य जे जस्तो रूपमा ठानिएला र आँकिएला तर मेरो लागि कुनै पनि वस्तु तब मात्र ग्राह्य र मूल्यवान् ठहरिन्छ जहाँ सीतारामको दर्शन अटूटरूपमा हुन्छ। मैले मोतीका प्रत्येक दानामा आफ्ना इष्टदेवदेवी सीता र रामलाई खोज्ने प्रयास गरें, तर कतै पाइनँ। बाहिर नभए भित्र पाइन्छ कि भनी प्रयास गरें, तर त्यहाँ पनि सम्भव भएन। आफ्ना इष्टबाट विमुख पार्ने यस्ता भौतिक टुक्रासित मेरो कुनै सरोकार नभएकोले चुँडाली टुक्रा पारेको हुँ, यसको लागि जे जस्तो सजाय मिल्ने हो त्यो भोग्न तयार छु। हनुमान्को स्पष्टीकरणले सबै सभासद् चकित बने।

हनुमान् वानरै थिए या वानरजातिका मानिस त्यो कुरा ठोकुवा-पूर्वक त भन्न सकिन्न तर उनका जे जस्ता गुणगरिमा प्रसिद्ध छन् त्यसबाट उनलाई वानरजातिका मानिस मान्नु ठीक देखिन्छ। किनभने सामान्य संकेत बुझ्ने पशुसमान मात्र नभएर यिनी सम्पूर्ण शास्त्रका ज्ञाता पण्डित थिए। 'ज्ञानिनामग्रगण्यम्' यो प्रसिद्धि त उनको छँदै छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुग्रीवको निर्देशनअनुसार रामको हालखबर बुझ्न जाँदा लक्ष्मणसित उनको वार्तालाप हुन्छ। त्यस वार्तालापबाटै उनी पठित एवं शिष्ट व्यक्ति भएको कुरा रामलाई निश्चय हुन्छ। जुन कुरा पछि लक्ष्मणलाई राम यसरी बताउनुहुन्छ—

नूनं व्याकरणं कृत्स्नमनेन बहुधा श्रुतम् ।
व्याहरताऽनेन न किञ्चिदपशब्दितम् ॥

अर्थात् यिनले सम्पूर्ण व्याकरण राम्रोसित पढेका रहेछन्, किनभने धेरै बेरसम्मको कुराकानी हुँदा पनि यिनले कुनै शब्द अशुद्ध बोलेका छैनन्। देववाणी संस्कृतका यिनी राम्रो ज्ञाता थिए। त्यसैले पछि सीतालाई भेट्न जाँदा मैले संस्कृतमा बोलें भने सीताले मलाई रावण ठानेर डराउने छिन्, त्यसैले संस्कृतमा बोल्दिनँ भन्छन्। यसबाट उनी धेरै भाषाका ज्ञाता भएको बुझिन्छ। बहुभाषाविद्को रूपमा मात्र नभएर शूर्याइँ, दक्षता, बल, धैर्य, बुद्धिमत्ता एवं नीतिवेत्ताको रूपमा पनि उनको प्रसिद्धि त्यत्तिकै छ। उनी यसरी सर्वगुण सम्पन्न हुनुमा कुनै संयोगविशेष मात्र कारण नभएर स्वयं शिवले रामलाई सहयोग पुऱ्याउन हनुमान्को रूप लिएर आएको शास्त्रीय प्रसिद्धि छ।

वीरवर हनुमान्को उत्पत्ति या प्रादुर्भाव सम्बन्धी कथानक वाल्मीकि रामायण उत्तर काण्डमा रामको जिज्ञासाअनुसार मुनि अगस्त्यले बताएका छन्। जसअनुसार वायुद्वारा अञ्जनाको गर्भबाट यिनको जन्म भएको थियो। शिशु अवस्थाकै यिनलाई छोडेर माता अञ्जना फल खोज्न गएको बेला भोकले पीडित उनी नवोदित बालसूर्यलाई फल ठानेर टिप्न कुद्छन्। त्यहाँ सूर्य रथमाथि राहुलाई देखेर उसैमाथि जाइलागे। पछि राहुको संरक्षण गर्न आएका इन्द्रको ऐरावत हात्तीलाई नै फल ठानेर लिन खोज्दछन्। त्यो देखेर इन्द्रले शिशु मारुतिमाथि वज्र प्रहार गरे। इन्द्रको वज्रले ताडित बनेका यिनी पहाडमा बज्रन पुगे, जसले गर्दा बायाँ च्यूँडो भग्न भई मृत्यु भयो। त्यसरी वज्रप्रहारले आफ्नो पुत्रको मृत्यु भएको देखेर क्रुद्ध बनेका वायुले आफ्नो सम्पूर्ण स्वरूपलाई समेटे। यसपछि प्राणरुद्ध भएका सम्पूर्ण प्रजाजन ब्रह्माजीको समक्ष उपस्थित भएर आफूहरूलाई परेको तकलिफ निवेदन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरे। ब्रह्माजी त्यो आहतशिशु र प्रजाजनलाई साथ लिई वायुको समक्ष पुग्नुभयो। ब्रह्माजीप्रति उनले यथोचित स्वागत सत्कार व्यक्त गरे। प्रसन्न बनेका ब्रह्माजीले आफ्नो वरद हस्तद्वारा निष्प्राण शिशुलाई सुम्सुम्याउनुभयो। उहाँको हस्तस्पर्शले शिशु सजीव बन्यो। यसले वायु-सहित सम्पूर्ण देवसमुदाय हर्षित बन्यो। प्राणसंचार पनि पुन: सबैमा यथावत् चालू भयो। यसपछि ब्रह्माजीले उपस्थित सबै देवतालाई सम्बोधन गरेर भन्नुभयो कि यस बालकबाट भविष्यमा सबैको अभीष्ट कुरा हुनेछ। त्यसैले आ–आफ्नो तर्फबाट केही न केही वर प्रदान गरियोस्।

यस किसिमको ब्रह्माजीको कथन सुनेर सर्वप्रथम इन्द्र अघि सरी सुन्दर कमलको माला पहिराएर भने मेरो वज्रले यिनको हनु याने च्यूँडो भग्न भएकोले यिनको नाम हनुमान् हुनेछ र आइन्दा मेरो वज्रद्वारा यी अवध्य हुनेछन्। त्यसपछि सूर्यले आफ्नो शतांशकला र सम्पूर्ण शास्त्र-को विशिष्ट ज्ञाता अनि वाग्मी (वक्ता) हुने वरदान दिए। यसै गरी वरुणले दीर्घायुष्य, यमले अवध्यत्व र अरोगत्व, कुवेर र शंकरले पनि आ–आफ्नो हतियारतर्फबाट निर्भयता, विश्वकर्माले चिरञ्जीवित्व, ब्रह्माबाट अमित्रलाई भय र मित्रलाई अभय प्रदान गर्ने गुणको साथै सर्वत्र अजेय बन्ने क्षमता प्रदान भयो। यसरी देवसमुदायबाट बहुविध वर र निर्भयता प्राप्त भएपछि अतुलशक्तिसम्पन्न हनुमान् आफ्नो वानर-स्वभावअनुसार अति चंचल र छुल्याहा बने। जसले गर्दा क्रुद्ध र दिक्क बनेका ऋषिहरूले उनलाई पछि गएर मात्र आफ्नो अतुल शक्ति र सामर्थ्य बोध हुनेछ भन्ने श्राप दिए। त्यस श्रापबाट आफ्नो अतुलशक्ति बोध लुप्त भएका मारुति सामान्य जीव सरह नै जीवन–यापन गर्न थाले। व्याकरणको सम्पूर्ण भाग र अन्य शास्त्रको रहस्य पनि यिनले सूर्यबाट प्राप्त गरी विख्यात विद्वान् बने।

ऋक्षरजा नाम गरेका वानरजातिका प्रख्यात राजा थिए। यिनका छोराहरूको नाम थियो बालि र सुग्रीव। आफ्नो समयमा योग्यतापूर्वक राज्यसंचालन गर्दै समय पूरा भएपछि ऋक्षरजा दिवंगत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बने । उनी दिवंगत बनेपछि मन्त्रीहरूले राजपदमा बालिलाई र युवराज पदमा सुग्रीवलाई राखे । हनुमान्को यिनै वानरराजकहाँ जान पहिचान भई सुग्रीवसित अति नै घनिष्टता कायम भयो । पछि बालिको सुग्रीवसित वैरभाव भएपछि पनि पहिलेको मित्रताअनुसार हनुमान्ले सुग्रीवलाई नै साथ दिए तर आफूमा विद्यमान अतुल बल थाहा नभएकोले बालिले सुग्रीवलाई कतिपल्ट आफ्नै सामू ङ्याक्ता पनि सोझै त्यसको प्रतिवाद गरेनन् ।

रामसित सुग्रीवको मित्रता कायम गराउनमा हनुमान्ले ठूलो भूमिका खेलेका छन् । त्यसपछि सीताको खोजी गरी खबर ल्याउने, राम–लक्ष्मणलाई बोकेर लङ्का पुऱ्याउने, राम–रावण युद्धमा सक्रिय भाग लिने, मूर्च्छित लक्ष्मणलाई बचाउन औषधिको पर्वत उचालेर ल्याउने, रावणवधपछि रामको आज्ञाअनुसार सीताको सन्देश ल्याउने काम पनि हनुमान्ले गरेका छन् । राम दलवलसहित अयोध्या फर्केको सन्देश पनि भरतलाई यिनैले पुऱ्याएका थिए । अहिरावणले राम र लक्ष्मणलाई पाताल पुऱ्याएको वेला शत्रुको पञ्जाबाट छुटाउने काम पनि मारुतिले गरेका छन् । आबाल ब्रह्मचारी हनुमान्का हरेक काम प्रशंसनीय छन् । रामले आफ्नो श्रीमुखबाट उनको ठूलो प्रशंसा गरी कहिल्यै नबिर्सने गुन स्वीकार्नुभएको छ । रामको दर्शन या कृपा प्राप्त गर्न पहिले हनुमान्लाई रिझाउनुपर्छ भन्ने प्रसिद्धि छ । सन्त तुलसीदासले हनुमान्कै कृपाबाट रामलाई चिनेका थिए भन्ने उल्लेख भेटिन्छ । भारतका धेरै ठाउँमा हनुमान्का मूर्ति एवं मन्दिर बनेका छन्, तिनमा अयोध्याका हनुमान्को अति नै ठूलो मान्यता छ । मल्लवंशका प्रताप मल्लले दरबारको मूलद्वारमै हनुमान्को मूर्ति स्थापना गरी निस्कँदा र पस्ता उनको दर्शन हुने गरी बनाएको महल हनुमान्ढोका दरबार नामले प्रसिद्ध भएको कुरा हाम्रो यहाँ सर्वविदित छ । हनुमान्ढोकाभित्र नासलचोकको उत्तर अग्लो मन्दिरमा विद्यमान पञ्चमुखी हनुमान्कहाँ पूजारी मात्र पस्ने चलन छ । अकाल मृत्युमा परेका मानिसको पिरपिराउ र भूत–प्रेतको बाधा हटाउन हनुमान्को मूर्ति स्थापना गरेको व्यावहारिक उदाहरण पनि देख्न सकिन्छ । □

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मातृत्व एक परिचर्चा

सृष्टिचक्रलाई अविकल र अविच्छिन्न रूपमा संचालित गराउन परमात्माद्वारा अनेक र विभिन्न वस्तु सृष्टि भएका छन्। यसरी वस्तुसमुदायबाट नै सृष्टिचक्र सुचारुरूपले चलेको देखिन्छ। यस किसिमले सृष्ट वस्तुमा मातृस्नेह एक अनुपम ईश्वरीय वरदानको रूपमा देखा पर्छ। कुनै शिशुको संरक्षण र संवर्धनको लागि जन्मजात अवस्थादेखि नै मातृस्नेहको सम्बन्ध अटूट र गहिरो रूपमा रहेको हुन्छ र हुनुपर्छ, किनभने प्राकृतिक गुण र स्वभावअनुसार चाहे स्तनपायी होस् चाहे अण्डज सबै किसिमका प्राणीमा मातृस्नेहको सम्बन्ध उत्तिकै आवश्यक मानिन्छ। यो सम्बन्ध मानिस जस्तो विशिष्ट चेतनशील वर्ग मात्र होइन त्यसभन्दा कम विकसित वानर जाति र अझ त्यसभन्दा पनि कम विकसित पशुजातिमा पनि मातृस्नेहको सम्बन्ध अविकल रूपमा देख्न सकिन्छ। समझदारी या चेतनशीलतामा केही कमी भए पनि अवस्था र स्वरूपको दृष्टिले मानिसभन्दा पंक्षी र पशुजगत्मा मातृस्नेहले अझ बढी महत्त्व राखेको पाइन्छ। त्यसैले भगवत् भक्तिको लागि कस्तो सजगता र लगनशीलता चाहिन्छ यस सम्बन्धमा उदाहरण प्रस्तुत गर्दै भनिएको छ, 'अजातपक्षा इव मातरं खगाः स्तन्यं यथा वत्सतराः क्षुधार्ताः' अर्थात् पखेटा नउम्रेका बचराले माउ र नवजात बाच्छा–बाच्छीले आमाको चाहना राखे जस्तै भक्तले पनि भगवान्को चाहना राख्नुपर्छ, भरोसा गर्नुपर्छ, यसो गर्दा ऊ चाँडो भगवान्को बन्न सक्छ। मातृस्नेह या मातृत्वभावलाई प्राचीनकालदेखि नै अति महत्त्वशाली रूपमा व्यवहार लिंदै, गरिंदै आएको देखिन्छ। त्यसैले चेतनशील व्यक्तिविशेष होस् वा अचेतन या स्थावरवस्तु तिनबाट केही लाभ प्राप्त गरेको छ भने त्यसलाई मातृस्थानीय रूपमा प्रशंसा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ। ऋग्वेदका ऋचाले शरीर पोषणका निमित्त विविध किसिमका अन्न उब्जाएर अनि शरीर ढाक्ने वस्त्र निर्माणका साधन दिएर मातृभावले सहयोग गरून् भनेर पृथ्वीसित प्रार्थना गरिएको छ– 'तन्माता पृथिवी तत्पिता द्यौः' आदि शब्दले ।

यसै गरी मातृस्थानीय भएर सर्वविधरूपले उपकार गर्ने भएको-ले अथर्ववेदमा भूमिलाई- मातृरूपमा र आफूलाई पुत्ररूपमा प्रस्तुत गर्दै भनिएको छ 'माता भूमिः पुत्रोऽहं पृथिव्याः' आदि ।

वैदिक साहित्यमा बीजरूपले वर्णित मातृस्नेहका स्वरूप पौराणिक तथा लौकिक साहित्यमा आएर असंख्यरूपले प्रवाहित भएका पाइन्छन् । देवमाता अदिति दानवद्वारा पीडित बनी आफ्नो स्थानबाट निर्वासित गराइएका आत्मज सन्तानको कल्याणको लागि सर्वेश्वरलाई खुशी तुल्याउन पतिको उपदेशअनुसार पयोव्रतको अनुष्ठान गर्छिन् । त्यसरी गरिएको व्रतको प्रभावले आत्मज सन्तानको रूपमा अंशावतार रूपले भगवान् प्रादुर्भाव भएपछि उनी हर्षविभोर बन्छिन् 'दृष्ट्वादितिस्तं निजगर्भसम्भवं परं पुमांसं मुदमाप विस्मिता' आदि ।

यसै गरी दैत्यमाता दितिले पनि आफ्ना पुत्रको अभ्युदयको लागि कठोर पुंसवनव्रत गरेकी थिइन् तर बीचमा विघ्न परेकोले त्यो पूरा हुन सकेन र अर्कै प्रकारमा बदलियो ।

आर्षकाव्य रामायणमा मातृत्वभावलाई सजीव रूपमा दर्शाउने अनेक उदाहरण देख्न पाइन्छन्, तिनमा सर्वोपरिस्थान छ कौशल्याको । माता कौशल्याको गुणगणवर्णन गर्ने क्रममा सन्त तुलसी भन्छन्—

वंदउ कौशल्यादिसि प्राची कीरति जासु सकल जग माची ।
प्रगटेउ जहं रघुपति ससिचारू विश्वसुखद खल कमल तुसारू ।।

अर्थात् कौशल्यारूपी त्यो पूर्व दिशालाई म नमस्कार गर्छु जसको कीर्ति सबभन्दा बढी अकासिएको छ, त्यही उच्चतामा रघुपतिरूप चन्द्रमा उदाएको छ जो विश्वलाई सुख दिनेरूपमा प्रसिद्ध छन् तर खल समुदायलाई चाहिं भने कमललाई तुसारो समान दुःखदायी ।

रामायणको त्यो क्षण मातृत्वभावको अभिव्यक्तिका लागि अति नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आकर्षक क्षण मानिन्छ जुन वेला दाशरथि राम पितृआज्ञाअनुसार वन जाने क्रममा माता कौशल्यासित बिदा लिन गएका हुन्छन् ।

क्रम उही छ रामलाई भोलि युवराज पदमा अभिषेक गर्ने । रानी कौशल्यामा हर्षको पारावार छैन । उनी अलगरूपले देवोपासनामा संलग्न भई ब्राह्मणद्वारा हवन गराउँदैछिन् ।

कैयौं देवताको मनौती, कैयौंप्रति कृतज्ञता ज्ञापन आदि ।

कारणवश कतिपय दिनदेखि आमा छोराको भेट भइराखेको थिएन । अभिषेकको प्रसंगमा त्यसरी सुकर्ममा संलग्न कौशल्याको सामू मातृनन्दन राम आउनुहुन्छ । रामको आगमनले उनी अत्यन्त हर्षित बनी अंगालोमा बाँधेर शिर सुँघ्छिन्––

स मातरमुपाक्रान्तामुपसंगृह्य राघवः ।
परिष्वक्तश्च बाहुभ्यामवघ्रातश्च मूर्धनि ।।

यसरी हर्षविभोर बनी स्नेह व्यक्त गर्ने माता कौशल्या सामू राम आफू पितृआज्ञाअनुसार वन जान बिदा हुन आएको कुरा सुनाउँछन् । माता कौशल्यालाई हत्तपत्त विश्वास हुँदैन, फेरि राम हँसी मजाकमा पनि त्यस किसिमको झूटो कुरा बोल्ने होइन अनि नपत्याउने पनि कसरी ! यतिखेर कौशल्याको मनमा जुन आघात पर्‍यो त्यो शब्दले व्यक्त गर्न सकिंदैन । आदिकवि वाल्मीकिले यतिखेरको उनको मानसिक स्थितिलाई चित्रात्मक रूपमा दर्शाउन कतिपय श्लोक उल्लेख गरेका छन् । जसमध्येको एउटा श्लोकले भन्छ, राम ? तिम्रो विरहबाट उत्पन्न जो शोकानल छ त्यसले मलाई ग्रीष्मकालको खरमा डढेलो लागे झैं डढाउने छ, महाराज दशरथले तिमीलाई वन जाने आज्ञा दिनुभयो भन्ने खबर सुन्दा सबै आश्चर्यचकित हुनेछन्––

त्वया विहीनामिह मां शोकाग्निरतुलो महान् ।
प्रधक्ष्यति यथा कक्षं चित्रभानुर्हिमात्यये ।।

वन–गमनपछिका वर्षहरूमा पनि वर्षाकालिक मेघ गर्जी पानी पर्दा, जाडो बढी कम्पन हुँदा र अन्य अवस्थामा पनि कौशल्याको मातृहृदय स्वाभाविक रूपले सन्तानप्रति आकर्षित पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रामायणको अर्को सशक्त स्त्रीपात्र कैकेयी तात्कालिक मन्थराको राय सुझावअनुसार रामको युवराज पद प्राप्तिमा बाधक देखिए पनि मातृत्वभावमा पछि होइन किन्तु अघि नै बढेकी पाइन्छिन् । थाती रहेका दुइ वरको प्रयोगले रामको निर्वासन र भरतलाई राज्य दिलाउन-मा मातृत्वभावको दृष्टिले दोष होइन गुणै ठहर्छ ।

लक्ष्मणमाता सुमित्रा आफ्नो पुत्रलाई रामको साथ वन पठाउँदा अन्त्यमा भन्छिन्– रामलाई पिता दशरथ, जानकीलाई म (आमा) र वनलाई अयोध्यानगरी सम्झी तिमीले विधिव्यवहार गर्नु––

रामं दशरथं विद्धि मां विद्धि जनकात्मजाम् ।
अयोध्यामटवीं विद्धि गच्छ तात यथासुखम् ।।

महाभारतमा मातृवात्सल्यलाई मूर्तरूपमा दर्शाउने अनेक प्रसंग देखापर्छन् । तीमध्येकी एक हुन् पाण्डवमाता कुन्ती । महारानी कुन्ती आर्यनारीको एक सशक्त उदाहरण देखा पर्छिन् जसले जीवनका बहुविध क्षेत्रमा धैर्य र सूझबूझका साथ व्यवहार गरेको देखिन्छ । मातृत्व होस् वा भ्रातृत्व, पत्नीत्व या पतित्व सम अथवा साधारण स्थितिभन्दा विषम वा असाधारण स्थितिमा बढी घोटिएर उजिलिने र चम्कने गर्छ । कुन्तीले पनि आफ्नो जीवनकालमा त्यस्ता अवस्था निकै भोगेकी छिन् जसमा उनको नारीत्व र मातृत्वले खरोरूप देखाएका छन् । लाहाको घरदाहबाट बचेर एकचक्रा नगरीमा पुगी वास बसेको घरमा बेलुका मर्म-स्पर्शी वेदना सुनिन्छ । बक राक्षसकहाँ आहाराको लागि जानुपर्ने पालो त्यस घरको थियो । जाने व्यक्तिको छनोटका लागि परस्परमा विवाद पर्दै थियो, कुन्तीले त्यसको इयत्ता बुझेर मातृत्वभावले प्रेरित बनी छोरा भीमसेनलाई जनसाधारणको दुःख विमोचनका निमित्त बकासुर-कहाँ जान अह्राइन् । भीमले सदाको लागि बकासुरको भय र त्रास-बाट त्यहाँको जनसमाजलाई मुक्त पारिदिए ।

समुचित काल वेला आएपछि कर्तव्य मार्गबाट विचलित हुन नहुने कुरा कौरव सभाबाट फर्कन लागेका कृष्णद्वारा कुन्ती यसरी सन्देश पठाउँछिन्—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एतद्धनञ्जयो वाच्यो नित्योद्युक्तो वृकोदरः ।
यदर्थं क्षत्रियः सूते तस्य कालोऽयमागतः ।।

अर्थात् भीमसेन, अर्जुनलाई संझाइदिनुपर्‍यो कि जेको लागि क्षत्रिय कुलमा जन्म भएको हो त्यो समय अब आइपुगेको छ ।

अर्जुनपुत्र अभिमन्युको अन्यायपूर्वक मृत्युवाट प्रायः सबै र विशेष गरी द्रौपदी सुभद्रा आदि नारी हृदयमा परेको आघात जोसुकैको लागि व्यथित पार्ने रूपको देखिन्छ । यसै गरी पाण्डव शिविरमा अश्वत्थामावाट सुप्त अवस्थामा मारिएका पुत्रशोकले द्रौपदी यति अधीर देखिन्छिन् कि जसलाई संझाउन वडो मुश्किल परेको छ। विराटपुत्री युवती उत्तरा आफ्नो एक मात्र गर्भ द्रौणिको ब्रह्मास्त्रद्वारा डढी खाग हुन लागेको थाहा पाएर आर्तभावले कृष्णको शरण पर्छिन् । शरण्य कृष्णको कृपा प्राप्त भएर मात्र पाण्डवको एक मात्र वंशधर परीक्षित सजीव रहन सके ।

श्रीकृष्ण र बलरामका धात्री माता यशोदा र रोहिणीको पुत्र वात्सल्य अत्यन्त उच्चकोटिको थियो । लीलावपुधारी कृष्ण वलरामको बाल्यजीवन र उनीहरूप्रति अभिव्यक्त मातृ-स्नेहले कैयौं कवि लेखक, भावुक, कलाकार तथा मूर्तिकारलाई अजस्र प्रेरणा प्रदान गरेको छ ।

कंसको मृत्युपछि आफ्ना माता पिता वसुदेव देवकीको समक्षमा प्रार्थना गर्दै कृष्ण र बलदेवले भनेका छन् —

तत् क्षन्तुमर्हथस्तातमातनौं परतन्त्रयोः ।
अकुर्वतो वां शुश्रूषां क्लिष्टयोर्दुहृदा भृशम् ।।

अर्थात् कंसको भयवाट परतन्त्रमा परेको हुनाले हामीद्वारा हजुरहरूको सेवा शुरूदेखि हुन सकेन यसको लागि क्षमा प्रार्थना गर्छौं । पुत्रहरूको कथन सुनेर देवकीका आँखा भरिन्छन् । स्तनवाट दूधको धारा वहन्छ, पछि गुरुदक्षिणाको रूपमा कृष्णले मृत गुरुपुत्र ल्याई अर्पण गरेको खबरले देवकीलाई पनि कंसद्वारा मारिएका पुत्रसित भेट गर्ने भावना जागृत भएर आउँछ । मातृइच्छा अनुसार श्रीकृष्ण जन्मजात कालकवलित भएका देवकीका छ पुत्र ल्याइदिनुहुन्छ । देवकी अत्यन्त हर्षित वनी तिनीहरूलाई स्तनपान गराउँछिन् । यसरी मातृस्नेहका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनेकौं हृदयस्पर्शी घटना हाम्रा ऐतिहासिक तथा धार्मिक साहित्यमा भरिएका पाइन्छन् । यसबाट मातृस्नेह एक अनुपम ईश्वरीय वरदान मानिन्छ भने सन्तानको लागि मातृपितृ स्नेहलाई सामाजिक बन्धन मात्र नमानी आवश्यक कर्तव्य र अरु त्यसभन्दा माथिको धर्म समेत मानिएको छ ।

वैशाखकृष्ण औंसी मातृ अमावास्याको रूपमा प्रसिद्ध छ । यस दिन सजीव आमा हुने सौभाग्य भएकाहरूले उनीहरूलाई सुस्वादु खाद्य वस्तु खुवाई तृप्त पार्ने अनि अन्य आवश्यक वस्तु प्रदान गरी सन्तुष्ट पार्ने व्यावहारिक चलन छ भने मातृवात्सल्यबाट छुटेकाहरूले पनि उनीहरूको सम्झनामा तर्पण, सीधादान, मातृगया वा मातृतीर्थमा श्राद्ध गर्ने काम गर्दछन् । हाम्रो संस्कृति भन्छ– मातृदेवो भव । यो सैद्धान्तिक निर्देशन हो, यसलाई व्यावहारिक रूपमा प्रयोग गर्न प्रेरणा दिन्छन् मातृअमावास्या जस्ता दिनले ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षय–तृतीया

प्रत्येक ऋतु आ–आफ्ना किसिमका विशेषताले युक्त भएका पाइन्छन् । त्यस्ता विशेषताहरूमा कतिपय प्राणीहरूका निमित्त कठिन वा अरुचिकर लाग्ने हुन्छन् भने कति चाहि अनुकूल र रुचिकर। खुलारूपले हातगोडा देखाउन गाऱ्हो पर्ने ठिहिऱ्याउँदो जाडो वा खल्-खल् पसीना निकाल्ने उखरमाउलो गर्मी प्राणिसमुदायको लागि त्यति रुचिकर नलाग्ने कुरा सबैले अनुभव गरेकै कुरा हो । यद्यपि यस किसिमका प्राकृतिक परिवर्तनले व्यक्तिविशेषको रुचिसित केही मतलब राख्तैन, किनभने यो त विधिको विधानअनुसार नित्यप्रति चलिराख्ने कुरा हो । तर त्यस्ता कुरामा व्यक्ति आफ्नो स्वभावअनुसार अनुकूल वा प्रतिकूल भाव व्यक्त गर्छ त्यो पनि उसको स्वरूपगत अभिव्यक्ति हो भन्नु स्वाभाविक पर्छ । ऋतुहरूमा शरद् र वसन्त त्यस्ता ऋतु छन् जो बहुसंख्यकको लागि अनुकूल र रुचिकर रूपमा प्रतीत हुन्छन् । प्रस्तुत समय वसन्तको त्यस्तै रुचिकर वेला भित्र पर्दछ । ऋतुगत रुचिकरता केवल प्राकृतिकपरिवर्तन वा सौन्दर्यसित मात्र नभएर प्राणीहरूको जीवनसाधन रूप अन्नादिको उत्पादनसित पनि सम्बद्ध रहेको हुन्छ। मधुमास या वसन्तऋतु त्यस्तै किसिमको अन्नोत्पादन-सित पनि सम्बन्ध भएको ऋतु हो । यस ऋतुमा ओषधी अन्तर्गतका गहुँ, जौ, चना, मटर आदि हिउँदे बालीले परिपाकको रूप लिन थाल्छन् । मधुमास अन्तर्गत चैत्र समेतको गणना भए पनि माधुर्यको परिपाक भने वैशाखमा मात्र गएर हुने भएकोले यसको विशेषता स्वत: स्पष्ट हुन्छ । भगवान्‌ले गीताको विभूतियोग प्रसंगमा कुसुमाकर अर्थात् वसन्त ऋतुको रूपमा आफूलाई उल्लेख गर्नुभएको छ । मास-देवता मधुसूदन भएको वैशाख महीना स्वत: आफ्नै गुणले मण्डित छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि कतिपय त्यस्ता पर्वविशेष छन् जो यस महीनामा शीर्षस्थान राख्तछन् । प्रस्तुत प्रसङ्ग तिनै पर्व मध्येको अक्षय–तृतीयासित सम्बद्ध छ । नामकरण नै यसको अक्षय अर्थात् नाश नहुने छ । यस किसिमको नामकरण सम्बन्धमा धर्मशास्त्रको एउटा वचन प्रसिद्ध छ–

यत् किञ्चिद्दीयते दानं स्वल्पं वा यदि वा बहु ।
तत्सर्वमक्षयं यस्मात्तेनेयमक्षया स्मृता ।।

अर्थात् यस दिन श्रद्धापूर्वक गरिएको थोरै होस् वा धैरै, जस्तो-सुकै दानले पनि व्यक्तिलाई अक्षय फल दिने भएकोले यसलाई अक्षया भनिन्छ । यसको अर्को नाम युगादि भन्ने पनि छ, किनभने काल गणनाको क्रमअनुसार त्रेता युगको आरम्भ यसै दिनदेखि भएको मानिन्छ ।

कुनै पनि पर्वसित कतिपय कृत्य विशेषको सम्वन्ध हुन्छ । अथवा भनौं कुनै पर्व विशेषमा गरिने कतिपय कृत्य विशेष प्रसिद्ध हुन्छन् । अक्षयतृतीयामा गरिने कृत्यलाई स्थूल रूपमा दुइ भाग लगाउन सकिन्छ दृष्ट र अदृष्ट । अदृष्ट रूपमा यसको सम्वन्ध पितृतृप्ति र भगवत्प्रीति रहेको छ भने दृष्टरूपमा यसको सम्वन्ध प्राणिप्रेम र शारीरिक स्वास्थ्य-सित रहेको छ । दिनु वा लिनु जस्ता कुराले कालवेलासित प्रत्यक्ष सम्वन्ध राख्दछ । उत्तरायणको मध्यभागमा पर्ने वैशाख महीना सूर्य-किरणले रसशोषण गर्ने वेला पर्दछ । त्यसैले नदी तलाउ झर्ना जस्ता जल-स्रोत मात्र नभएर व्यक्ति व्यक्तिकै अन्तस्तल पनि यतिखेर रसको लागि अर्थी या अभिलाषी ठहर्दछ । याचना या माग जेको छ दान या वितरण त्यस्तैको हुनु उपयुक्त ठहर्दछ । अत एव अक्षय–तृतीयाको यस पुनीत पर्वमा गरिने दानले ऋतुको गुण या स्वभावसित प्रत्यक्ष सम्वन्ध राख्तछ । पोल्ने सूर्य–किरणवाट त्राण दिलाउने आतपत्र अर्थात् छाता, जल्दो जमीनवाट सुरक्षा दिलाउने जुत्ता र हृदय रसाउने सर्वत जस्ता रसदार वस्तुको दान यस पर्वसित सम्वन्ध राख्ने विशेष दान हुन् । अक्षताद्वारा भगवान् वासुदेवको पूजन, अग्निमा हवन, नवान्न रूपमा जौको पीठोद्वारा तयार पारिएको सातू र चिनी, सुकुमेल जस्ता वस्तु मिसाएर वनाएको सर्वत औगात अनुसारको पात्रमा भरेर निम्न मन्त्रले आजको दिन दान गरिन्छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एष धर्मघटो दत्तो ब्रह्मविष्णुशिवात्मकः ।
अस्य प्रदानात्तृप्यन्तु पितरोऽपि पितामहाः ।।

आर्य परम्परामा दानको महत्ता ऋग्वेददेखि नै समान रूपले गाएको पाइन्छ । ऋग्वेदको दानसूक्तमा उल्लेख भएअनुसार अर्जित अन्न जो आफ्नो लागि मात्र प्रयोग गर्छ त्यसले सत्यमार्ग अन्धकार तुल्याएको ठहर्छ । समाजका हितैषी, सज्जन, साधु, सहृदयी मित्रलाई कत्ति पनि भाग नलाई जो आफैं मात्र खान्छ त्यस्ताले अन्न खाएको नभै पाप खाएको ठहर्छ– 'नार्यमणं पुष्यति नो सखायं केवलाघो भवति केवलादी' जीवन धारणमा प्रमुखस्थान राख्ने भएकोले अन्नलाई प्राणशब्दले पनि शास्त्रमा व्यवहार भएको पाइन्छ । त्यसैले जो अन्नदान गर्छ उसले प्राणदान गरेको ठहर्दछ, सबै किसिमको दानमा प्राणदान हो सर्वश्रेष्ठदान । 'तस्मादन्नं प्रदातव्यमन्नं हि परमं हविः' आदि जस्ता अनेक वचनले यस कुरालाई समर्थन गरेका छन् ।

अन्नको अतिरिक्त जलको पनि त्यस्तै महत्त्वपूर्ण स्थान छ । जलका विभिन्न नाममध्ये एउटा नाम जीवन भन्ने पनि छ । त्यसैले जलदान-लाई जीवन दानसित तुलना गर्नु उपयुक्त ठहर्छ । सत्तू जस्ता नवान्न र तिर्खा शान्त पार्ने जलका साथै शारीरिक सुरक्षाको लागि आवश्यक पर्ने छाता जुत्ता जस्ता उपकरणको दान या सहयोगलाई यस पर्वले आत्मसात् गरेको छ ।

अक्षय–तृतीयाको प्रासङ्गिक सन्दर्भमा दान सम्वन्धी केही स्पष्टी-करण प्रस्तुत गर्नु अन्यथा हुने छैन । जुन दानमा प्रत्युपकारको भावना, यशको चाहना, प्रशंसाको लिप्सा तथा दुष्कर्मवाट हुन गएको भीति अर्थात् डर मिश्रित छ भने त्यस्तो दानलाई विशुद्ध दान भन्न सकिँदैन । उक्त कुरा वाहेक कर्तव्य रूपमा आन्तरिक भावले प्रेरित भएर देश काल र पात्र अनुसारको दान गरिन्छ भने त्यस्तो दानलाई उत्तम दानमा गनिएको छ । त्यस्तो दानको महत्त्व दर्शाउँदै भगवान्‌ले भन्नुभएको छ 'यज्ञोदानं तपश्चैव पावनानि मनीषिणाम् ।' कुनै पनि वस्तुले पवित्रता तव मात्र प्रदान गर्न सक्छ जव खुद आफू पवित्र छ । मैलो लुगा तव मात्र सुकिलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ जब त्यो स्वच्छ पानीमा धोइएको हुन्छ । यदि पानी नै मैलो छ भने त्यस्तो पानीले धोइएको लुगा कसरी सुकिलो होला ? अतएव धोइने वस्तुको स्वच्छताको लागि धुने साधनको स्वच्छता र विशुद्धतामा ध्यान राख्नु पर्ने हुन्छ ।

मोधमन्नं विन्दते ह्यप्रचेताः सत्यं प्रब्रीमि वधइत्स तस्य ।
नार्यमणं पुष्यति नोसखायं केवलाधोभवति केवलादी ।

ऋग्वेद १०।१०।७।६

अन्नं प्राणमन्नमपानमाहुः (तै. ब्राह्मण ८।८।३)
अन्नं हवैप्राणः (ऐ. ब्राह्मण ३३।१)

अन्नेश्रितानि भूतानि अन्नं प्राणमिति श्रुतिः । तस्मादन्नं प्रदातव्यमन्नं हि परमं हविः । भुञ्जते वै त्वधं पापा ये पचन्त्यात्मकारणात् । मनु, विष्णुधर्मसूत्र । बौधायन सूत्र ।

आदि शास्त्रले अन्नदानको ठूलो महत्त्व गाएका छन् ।

जो मानिस सदा लूला लंगडा, अन्धा, बूढाबूढी असहाय तथा दरिद्रहरूलाई खुवाउँछन् ती स्वर्गमा सधैं सुख पाउँछन् । कूवा, तलाउ आदिको निर्माण गरेर अक्षय पुण्य कमाउँछन् । किनभने प्राणीको जीवन जलमा केन्द्रित छ ।

सबै दानमा अन्न दान सर्वश्रेष्ठ दान हो । अन्न मनुष्यको जीवन-साधन भएकोले यसकै सहायताले सबै उत्पन्न हुन्छन् । लोक अन्नमा निर्भर रहन्छन् । अतीत कालमा नित्य प्रति अन्न दानको रूपमा भूतवलि दिइन्थ्यो । नियतिवश अधोयोनिमा पुगेकाहरूको तृप्तिका लागि पनि भूईंमा अन्न दान गरिन्थ्यो । यसरी अन्न दान गर्ने प्रक्रियाको पछाडि हेर्दा के थाहा हुन्छ भने सार्वभौम दया, दाक्षिण्य आदि सुन्दर मनोरम भावनाको अभिव्यक्ति त्यहाँ पाइन्छ ।

अक्रोधना धर्मपरा सत्यनिष्ठा दमे रताः ।
तादृशा साधवो विप्रास्तेभ्यो दत्तं महाफलम् ।। अनुशासन पर्व

वैशाखशुक्ल तृतीयाकै दिन परशुरामजयन्ती पनि पर्दछ । दश अवतार मध्येका अन्यतम परशुरामको जन्म जमदग्नि पुत्रको रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रेणुकाको गर्भबाट सूर्यास्त पछिको त्रिमुहूर्त प्रवेश कालमा भएको थियो । तीन राममध्येका परशुरामलाई छैटौं अवतारको रूपमा गनिएको छ । पितृ आज्ञापालन गर्ने रूपमा दाशरथि राम वन गएका थिए भने त्यस अघिका परशुरामले पनि पितृ आज्ञापालन गर्ने क्रममा मातृवध गरेका थिए । पछि प्रसन्न बनेका पिताले वरदान दिन खोज्दा आमा र दाजुहरू समेत बाँच्ने र मातृहत्याको दोष नलाग्ने वरदान मागे ।

खास गरेर यो अवतार निरङ्कुश बनी उद्दण्ड हुँदै गएको क्षत्रिय जातिको भयबाट लोकलाई संरक्षण दिलाउन भएको थियो । निरङ्कुशता उद्दण्डताले छूट पाएमा समाज स्वस्थ र निर्भय रहन सक्तैन । त्यसो हुँदा उद्दण्डता शमन पार्न एक्काइसपल्ट सम्म पृथिवी भ्रमण गरी क्षत्रियमर्दन गरेर उनले स्यमन्तपञ्चकमा पाँच तलाउ बनाए । आसामको पूर्वोत्तर भागमा परशुरामकुण्ड नामको तलाउ अद्यापि छ । जहाँ स्नान गर्ने र मेला भर्ने रूपमा यात्रीहरूको आवागमन प्रशस्त हुन्छ । शस्त्रास्त्र विद्यामा परशुराम पारङ्गत थिए । महाबली भीष्मले उनलाई संग्राममा खुशी तुल्याएका थिए भने वीराग्रणी कर्णले जात ढांटी उनीसित अस्त्रविद्या सिकेका थिए । राम लक्ष्मण आदि चारै भाइको जनकपुरमा विवाह सम्पन्न भई फर्कन लाग्दा रौद्ररूप परशुरामसित मुठभेड भयो । विना युद्ध दाशरथि रामबाट सत्त्व खिचिएपछि परशुराम सामान्य ऋषिमात्र बाँकी रहे । अष्ट चिरञ्जीवी मध्येका एक परशुराम महेन्द्र पर्वतमा सिद्धहरूले सेवा गरिएर रहेका छन् भन्ने कुरा पुराणहरूमा उल्लेख भएको छ ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्य शंकर

शंकरावतारको रूपमा प्रसिद्धि प्राप्त आचार्य शंकरको जन्मसमय बारे मतभिन्नता छ। जसले गर्दा कतिपयको मतमा उनको जन्म ईसाको छैटौं शताब्दीपूर्व मानिन्छ भने कतिको मतमा ईसाको आठौं शताब्दी। कल्याण विशेषांक 'वेदान्तांक'मा अनेक खोजीनीतिपूर्वक आचार्यपादको जन्म ईसापूर्वक लगभग चारौं शताब्दी मानिएको छ। तर आधुनिक इतिहासकारको मतमा उनको जन्म आठौं शताब्दी मानिएको छ। जे होस्, जन्म समय बारे यसरी मतभिन्नता रहे पनि जन्मस्थान बारेचाहिं ऐकमत्य छ सुदूर दक्षिणको केरलप्रदेश भनेर। केरलको पूर्णानदी (अथवा अलोयाई) को तीरमा कालजी या कालाडी नामको प्रसिद्ध स्थान छ। त्यहाँ रहने विद्वान् एवं धर्मप्रिय शिवगुरुकी धर्मपत्नी सुभद्रा (कतै विशिष्टा) को गर्भबाट वैशाखशुक्ल पञ्चमीको दिन शंकरको जन्म भयो।

प्रौढावस्थासम्म सन्तानको मुख देख्ने सौभाग्य नपाएका शिव-दम्पती छरछिमेकमै मन्दिर भएका भगवान् चन्द्रमौलीश्वरको अनन्य रूपले उपासना गर्न थाले। अन्तर्मनले गरेको यिनको उपासनादेखि भगवान् प्रसन्न हुनुभयो र सपनामा दर्शन दिई एक सर्वगुणसम्पन्न पुत्र हुने वरदान दिनुभयो। यसै वरदानको प्रतिफल मास पूरा भएपछि शिव स्वामीलाई एक पुत्ररत्न प्राप्त भयो। यसरी प्राप्त भएको पुत्र शंकरकै अवतारको रूपमा प्राप्त भएको भन्ने कुराको प्रमाण शिशु अवस्थादेखि नै मिल्न थाल्यो। जसले गर्दा एक वर्षकै उमेरमा मातृभाषा तमिलमा आफ्नो भाव प्रकट गर्ने, दुइ वर्षमा आमाले भनेका पौराणिक कथा सुनेर याद गर्ने प्रखर बुद्धि देखियो। तीनवर्ष पुगेपछि चूडाकर्म सम्पन्न गरी पिताको स्वर्गवास भयो। त्यसपछि माता सुभद्राले पाँच वर्षमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपनयन संस्कार सम्पन्न गराई गुरुको आश्रममा पढ्न पठाइन् । पढ्न गएको केवल दुइ वर्षमा वालक शंकर वेद, वेदान्त र वेदांगको पनि राम्रो अध्ययन गरी घर फर्किए । उनको विलक्षण बुद्धिवैभव र असाधारण सम्झनाशक्ति देखेर गुरुवर्ग आश्चर्यचकित बने ।

विद्याध्ययनपछि आचार्यले संन्यास लिने विचार गरेका थिए तर एक्लो पुत्रलाई त्यसरी संन्यास लिएर जाने अनुमति आमाले दिइनन् । मातृभक्त शंकरलाई आज्ञा उल्लंघन गरेर निस्कने साहस पनि भएन, अतएव केही दिन त्यत्तिकै वित्यो । एक दिन आमा छोरा दुवै स्नान गर्न नदीमा गएका थिए । स्नानार्थ नदीमा पसेका शंकरलाई एक गोहीले पक्र्यो । वृद्धावस्थाको एक मात्र अवलम्बन भएको पुत्रलाई एक्कासी त्यसरी गोहीले ग्रास गर्न लागेको देखेर आमा सुभद्रा एकदम भयमीत र चिन्तित भइन् । त्यस वेला आत्तिएको स्वरमा शंकरले भने– माताजी, ? सम्भव छ मलाई हजूरले संन्यास लिने अनुमति दिनुभयो भने यस गोहीले छोडिदिनेछ, नत्रभने यो जीवन यत्तिकै होला । आमाले सोचिन् छाराको प्राणान्त हुनुभन्दा त वरु संन्यासी रूपमै भए पनि बाँच्नु जाती । अनि उनले चिच्याउँदै भनिन् बाबु, तिमीलाई संन्यास लिने अनुमति दिन्छु, गोहीको आक्रमणबाट जोगिने प्रयास गर । आमाले यति अनुमति के दिएकी थिइन् एकाएक गोही गायब भयो, शंकर निरापद बने । वस्तुतः यो एउटा मायिक घटना थियो, मातृआज्ञा प्राप्तिको लागि । यस आज्ञाप्राप्तिपछि आठ वर्षका शंकरले घर छोड्ने तरखर गरे । वृद्धा आमाको आवश्यक रेखदेखको लागि आफन्त छरछिमेकलाई भनसुन गरी अन्त्य अवस्थामा आफू स्वयं उपस्थित हुने आश्वासन दिई मनाए । यस्तो अवस्थाकी आमालाई छोडेर जानु त्यति लायक होइन भन्ने कुरा शंकरले नबुझेका होइनन्, तर उनले पूरा गर्नुपर्ने त्यो गहन जिम्मेवारी र विशालकार्य घरमा अलमलिएर पूरा गर्नु सम्भव थिएन । त्यसैले जसरी तसरी आमाको अनुमति लिएर उनी निस्के संन्यास लिने अठोट गरेर ।

घरत्याग गरेर निस्केका शंकर आफूलायक गुरुको खोजीमा थिए । त्यतिखेर एक अनुभवी वृद्धले नर्मदाको तटवर्ती त्यो आश्रम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखाइदिए जहाँ विख्यात सिद्ध गोविन्दपादाचार्य रहन्थे। खोज्दै उहाँ पुगेपछि शंकरले देखे मूल गुफा बाहिर कैयौं शिष्य साधनारत भएर रहेका। त्यहाँ पुगेपछि पनि बालक शंकर दोमनमै रहे कसरी समाधिस्थ गुरुको दर्शन पाउने र आफ्नो अभिलाषा बताउने भन्ने रूपमा। तर शंकर जस्तो प्रबुद्ध जिज्ञासुको आगमन गुरुले अन्तर्यामी रूपमै अनुभव गरी बाहिर निस्केर संन्यासको शिक्षा दिई साधनारत तुल्याए। यसरी गुरुबाट मिलेको शिक्षा अनुसार साधनारत रहँदा थोरै समयमा नै शंकर योगसिद्ध महात्मा बने। उमेर केवल बाह्र वर्षको मात्र थियो। उमेर कम भए पनि बुद्धिगत प्रखरता र धारणाशक्तिको विशेषताले गर्दा आश्वस्त र प्रसन्न बनेका गुरुले आचार्य शंकरलाई काशीमा गै वेदान्तसूत्रमा भाष्य लेख्ने आज्ञा दिए। गुरु आज्ञा अनुसार उनी काशी आए।

काशी आएपछि आचार्य शंकरले अध्यापन र लेखन दुवै कार्य आरम्भ गरे। प्रखर प्रतिभा र परिष्कृत तर्कद्वारा स्थानीय विद्वान्हरूलाई उनले अति नै प्रभावित पारे, जसले गर्दा अनेक जिज्ञासु यिनका शिष्य बने। सनन्दन यिनका प्रथम शिष्य मानिन्छन् जो पछि गएर पद्मपादाचार्य नामले प्रसिद्ध बने। देवेश्वर, हस्तामलक र त्रोटक नामका अरू तीन शिष्य प्रख्यात छन्। यी शिष्यहरूले उत्तराधिकारीको रूपमा शंकरद्वारा प्रतिपादित मतको प्रचार प्रसार गर्ने काममा प्रशस्त सहयोग पुऱ्याए।

गुरुआज्ञा अनुसार काशीमा रहेर आचार्यले ठूला साना गरी धेरै ग्रन्थ लेखे। उनले लेखेको ग्रन्थलाई भाष्य, मौलिक दार्शनिक ग्रन्थ र स्तुतिसाहित्य गरी तीन भाग लगाउन सकिन्छ। सबै जसो ग्रन्थ उच्चतम बौद्धिक परिमार्जन, स्वतन्त्र चिन्तन अनि वैदिक सिद्धान्तसम्मत तर्कपूर्ण प्रस्तुतीकरणको दृष्टिले बेजोडका देखिन्छन्। वेदान्त सूत्रउपर उनले लेखेको शारीरक भाष्य आफ्नै रूपको एक विशिष्ट रचना हो भन्नु अत्युक्ति पर्दैन। किनभने सीमित शब्दप्रयोग अनि गंभीर भावले भरिएको व्यासरचित ब्रह्मसूत्रउपर भाष्य लेख्नु चानचुन कुरा थिएन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस भाष्यको पहिलो समन्वयाध्यायमा सम्पूर्ण वेदान्त वाक्यको अद्वयब्रह्ममा तात्पर्य दर्शाएर, दोस्रो विरोध परिहार अध्यायमा संभावित सबै स्मृति तर्क आदिको विरोध आशंका गरी त्यसको परिहार गरेर, अगाडिको तेस्रो अध्यायमा सम्पूर्ण साधनको निरूपण गरेर अनि अन्तिम चौथो अध्यायमा सगुण निर्गुण विद्याको फल विशेष निर्णय गरी आचार्य शंकरले वेदान्तको अद्वैतवाद समर्थनमा जे जस्तो युक्ति र शास्त्रसम्मत तर्क प्रस्तुत गरेका छन् त्यो आफ्नो रूपमा अद्वितीय मानिन्छ। शारीरक भाष्यको अतिरिक्त उपनिषद् भाष्य, गीताभाष्य, विष्णुसहस्रनामभाष्य आदिमा पनि उनले त्यस्तै मनोरम र तर्कयुक्त शैली प्रयोग गरेका छन्।

सीमित शब्द, परिष्कृत भाषा र छोटो आकृतिमा विस्तृत एवं गहन कुरा दर्शाउने खूबी आचार्य शंकरको के कस्तो रूपमा रहेछ भन्ने कुराको उदाहरण विवेक चूडामणि, शप्तश्लोकी, प्रश्नोत्तरी जस्ता रचना हेरेर सहजै अडकल्न सकिन्छ। सृष्टिको प्रभातकालदेखि अहिलेसम्म कति संख्यामा मानिसको आवागमन भयो होला त्यसको यथार्थ तथ्याङ्क होइन अडकलसम्म लगाउन पनि असम्भव छ। तर त्यसरी असंख्य रूपमा आउने जाने मध्ये आचार्य शंकर जस्ता व्यावहारिक एवं पारमार्थिक वस्तुतथ्यको सूक्ष्म निरीक्षण गर्ने व्यक्ति कति संख्यामा आए होलान् भनेर छानवीन गर्न खोज्दा बडो कम मात्र देख्न, जान्न पाइन्छ। यसबाट आचार्यको व्यक्तित्व के कस्तो रहेछ स्वतः अडकल्न सकिन्छ।

शंकरले आफ्नो जीवनकालमा दार्शनिक चिन्तन, वैचारिक परिमार्जन अनि सामाजिक विकृतिशोधनको सम्बन्धमा जति काम गरेर गए त्यसलाई दृष्टिगत गर्दा उनको जीवनावधि बडो छोटो देखिन्छ, मात्र बत्तीस वर्षको। त्यसमा पनि शारीरक भाष्य जस्ता गहन ग्रन्थको निर्माण त उनले सोह्रै वर्षमा पूरा गरिसकेका थिए। अतएव उनको समय र कामलाई सूत्रात्मक रूपले दर्शाउने निम्न श्लोक प्रसिद्ध छ—

अष्टवर्षे चतुर्वेदी द्वादशे सर्वशास्त्रवित्।
षोडशे कृतवान् भाष्यं द्वात्रिंशे मुनि रभ्यगात्॥

अर्थात् आठवर्षमा चारवेदका ज्ञाता, बाह्र वर्षमा सर्वशास्त्रवेत्ता, सोह्र वर्षमा भाष्य निर्माण गरी तेत्तीस वर्षमा अन्तिम प्रयाण गरे। यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयाण सम्बन्धमा यस्तो पनि सुनिन्छ कि सोह्र वर्षमै आयु पूरा भै उनी जान लागेका थिए, तर वादरायण व्यासले आई आयु थप गरेर बाँकी काम पूरा गरेपछि मात्र जाने अनुरोध गरेकोले त्यतिसम्म रहेका हुन् ।

यसपछि अब उनी देशका विभिन्न धार्मिक स्थल, मठ-मन्दिर एवं यात्राको निमित्त निस्के । जुन भ्रमणमा तत्काल प्रसिद्ध रहेका अनात्म-वादी दर्शनका समर्थक, भ्रष्ट मतानुयायी, विपरीत उपासनाका पक्ष-पातीहरूसित शास्त्रार्थ गरी विजय हासिल गर्दै प्रसिद्ध मीमांसक कुमारिल भट्टसित शास्त्रार्थको लागि प्रयाग पुगे । तर अन्तिम अवस्था-मा पुगेका कुमारिलले आफ्नो सट्टा मण्डनमिश्रसित गै शास्त्रार्थ गर्ने सुझाव दिएकोले शंकर माहिष्मतीपुर पुगे । मण्डनमिश्रकी पत्नी भारती-को मध्यस्थतामा गंभीर शास्त्रार्थ चल्यो । त्यस शास्त्रार्थमा मण्डनले हारेपछि अर्धाङ्गको रूपमा भारतीले भाग लिइन् र कामकला सम्बन्धी प्रश्न गरिन् । आवालब्रह्मचारी शंकरले केही काल प्रतीक्षा गर्न लगाएर परकाय प्रवेश गरी कामकला समेतमा दक्षता हासिल गरेर शास्त्रार्थमा विजयी बने । यस विजय पछि मण्डन मिश्रले आचार्यको शिष्यत्व स्वीकार गरी सुरेश्वराचार्य नामबाट प्रख्यात बने । यसरी मीमांसाबाट वेदान्त मतमा दीक्षित वनेपछि सुरेश्वराचार्य स्वयं यस मतका ठूला उन्नायक वने ।

अनात्मवादी मत र भ्रष्टउपासनाको शास्त्रासम्मत युक्ति तर्क-द्वारा खण्डन गर्दै विशुद्ध ज्ञान, निष्ठापूर्वकको कर्म उपासनाको प्रचार प्रसारमा संलग्न आचार्य शंकरका विरोधीहरू पनि नभएका होइनन् । खास गरी कापालिकहरू उनको विरोधमा निकै समयसम्म पछि लागे । बौद्धिक रूपबाट उनलाई विजय गर्न नसक्ने ठानेपछि एउटा युक्ति निकाले । एक दिन एकान्तमा एउटा कापालिकले आचार्यसित प्रार्थना गर्दै भन्यो– तपाईं त तत्त्वज्ञ हुनुहुन्छ, यस्ता तत्त्वज्ञको लागि शरीरको ममता हुँदैन । म एक उपसना गर्दैछु, जसको पूर्तिको लागि तपाईं जस्तै तत्त्वज्ञको शिर आवश्यक छ, त्यसको लागि हार्दिक अनुरोध गर्दछु ।

आचार्य शंकरमा सरलता पनि हदै पुगेको थियो । अतएव उनले भने यो कुरा कतै पत्तो नहोस् । म समाधि लिन्छु, तिमीले शिर काटेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लानू । सल्लाह अनुसार आचार्यले समाधि लिए, कापालिक शिर काट्न अघि सरेको थियो तर पद्मपादाचार्यका इष्टदेव भगवान् नृसिंहले सूचना दिएको हुँदा शिष्यको तत्परताबाट कापालिकको मृत्यु भयो । आचार्यको जिवनीसित सम्बद्ध यस्ता अरू पनि कैयौं घटना सुनिन्छन् जसबाट उनी कुशलै रहन सके ।

यसरी शंकरले उत्तरी भागदेखि दक्षिण भारतसम्मको भ्रमण र यात्राद्वारा अनात्मवादी अवैदिक मतको पूरै खण्डन गरी अद्वैतवादी वेदान्तमतको विजयीझण्डा खडा गरे । भावी उत्तरकालसम्म यसको प्रचार प्रसारलाई यथावत् कायम राख्न भारतका चारै दिशा गोवर्धन, शारदा, जोशी र श्रृंगेरी नामका मठ स्थापना गरी शिष्यको जिम्मा लगाएर गुरु परम्पराको गद्दी सञ्चालन गर्ने व्यवस्था गरे जो अद्यापि छंदैछन् । दार्शनिक ग्रन्थको अतिरिक्त आचार्यका सुललित भक्ति साहित्य पनि अति नै सुन्दर एवं मनोहारी देखिन्छन् ।

यस सीमित लेखमा आचार्य शंकरको दार्शनिकमत उल्लेख गरेर साध्य छैन । संक्षेपमा यत्ति नै भन्नु पर्याप्त हुने छ कि गत बाह्रशय वर्षदेखि जगद्गुरुका तर्कपूर्ण अद्वैत वेदान्तपरक शास्त्रीय बिचारले बौद्धिक क्षेत्रलाई एक महत्त्वपूर्ण खुराक प्रदान गर्दै आएको छ । बादरायण व्यासको ब्रह्मसूत्रउपर जगद्गुरुद्वारा सोह्र वर्षको उमेरमा रचिएको शारीरकभाष्य विश्वको उच्चतम विचारको कसी मानिन्छ । शंकर मायावादको समर्थक देखिन्छन् तर यो मायावाद उनको मौलिक उपज नभएर उनका परमगुरु गौडपादाचार्यद्वारा रचित माण्डूक्यकारिकाको विस्तार हो । यस विस्तारमा उनले औपनिषद् सिद्धान्त अन्तर्गत रहेर जस्तो युक्ति, उपपत्ति र तर्क प्रस्तुत गरेका छन् त्यो एक प्रवल र परिष्कृत दार्शनिक सिद्धान्तको रूपमा खडा छ । वेदान्त दर्शनको मायावादी सिद्धान्त अनुसार सत्चित् आनन्द रूप ब्रह्म नै सत्य हो र जगत् चाहिं मायाजन्य हो, असत्य हो । यो असत्यलाई बुझ्न मायाका तीन स्वरूप बुझ्नु आवश्यक छ । पारमार्थिक, व्यावहारिक र प्रातिभासिक गरी सत्ताका तीन स्वरूप हुन्छन्, यिनमा पारमार्थिक सत्ता सार्वकालिक हो र अरू दुइ तात्कालिक मात्र ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सैद्धान्तिक रूपको दार्शनिक मतमात्र नभई व्यवहार एवं संसारको अनुवभ पनि आचार्यलाई बडो गहिरो रूपमा थियो भन्ने कुरा उनका रचनाको संक्षिप्त अध्ययनबाट सहजै गर्न सकिन्छ। चर्पटपञ्जरिका स्तोत्र एक छोटो रचना हो तर यसले विषयोन्मुख बनी आयु बिताइ-रहेका प्रमादी व्यक्तिलाई तीखो व्यङ्ग्य गर्दै भनेको छ–

दिनमपि रजनीसायं प्रातः शिशिरवसन्तौ पुनरायातः।
कालः क्रीडति गच्छत्यायुस्तदपि न मुञ्चत्याशावायुः ॥

यसै गरी परिवारको अति स्नेह र घर गृहस्थीको अति ममतामा आबद्ध व्यक्तिलाई पनि सजगताको चक्की चकाउँदै आचार्यले भनेका छन्।

यावद् वित्तोपार्जनसक्तस्तावन्निजपरिवारोरक्तः।
पश्चाज्जर्जरभूते देहे वार्तां पृच्छति कोऽपि न गेहे ॥ आदि

यसबाट आचार्यको सांसारिक अनुभव पनि तीव्ररूपमा भएको कुरा बुझ्न गाह्रो पर्दैन।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जानकी सीता

रामायण र महाभारत एक एक युगका समष्टि समाजको स्वरूपलाई मूर्तरूपमा दर्शाउने ऐतिहासिक ग्रन्थ हुन् । यी ग्रन्थले केवल वैदिक धर्मका अनुयायी हिन्दूजाति र यसको निवासस्थललाई मात्र होइन किन्तु भूगोलको ठूलो क्षेत्रफलमा विकसित विभिन्न जातिलाई सभ्यता, संस्कृति र परिष्कृत विचारको खुराक प्रदान गरेका छन् । रामायण महाकाव्य सूत्रात्मक वैदिक संस्कृतिको व्याख्यात्मक महाभाष्य हो ।

अर्को शब्दमा यो उच्चतम मानवीय आदर्श र मर्यादाको व्यावहारिक उदाहरण हो । यसका प्रमुख पात्र नायक राम सम्पूर्ण मानवीय गुणका मूर्तिमान् पुरुषरूप हुन भने उनकी अर्धाङ्गिनी प्रिया जानकी सीता नारी रूप । कुनै एउटा रथ या सवारीलाई चिताए बमोजिमको लक्ष्यस्थलमा पुऱ्याउनु छ भने त्यसका दुवै तिरका पांग्रा समान रूपले सबल र दरा हुनुपर्छ । त्यसरी नै दाम्पत्य भावलाई अक्षुण्ण राखी गार्हस्थ्य जीवनलाई सुचारुरूपले चलाउनु छ भने त्यसका दुवै सदस्य नर र नारीमा समान सोचाइ र उत्तरदायित्वको निर्वहन आवश्यक पर्छ । यसै परिप्रेक्ष्यमा हाम्रो राष्ट्रिय विभूति जानकी सीताको प्रादुर्भाव एवं कतिपय गुण र स्वभावको सामान्य वर्णन संस्मरणार्थ यहाँ प्रस्तुत गरिन्छ ।

मानिस जस्तो विवेकी र उत्कृष्ट जीवनको विकसित रूपको लागि मात्र होइन तल्लो र निम्न कोटिको जीवको लागि पनि शीतलता र उष्णता, कठोर र मुलायम, नरम र गरम वातावरणको आवश्यकता पर्छ । यस्तै वातावरण जुटाउने रूपमा नर र नारीको सृष्टि भएको पाइन्छ । यहांनिर यसो भन्नु अस्वाभाविक हुने छैन कि यी अलग अलग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृतिका पूरक हुन् र स्वभावका संयोजक हुन् । त्यसो हुँदा दुवैबाट एकै किसिमको आवश्यकता पूर्ति कल्पना गर्नु यथार्थ ठहर्दैन ।

जीवनको कसी सुखलाई नभएर दुःखलाई मानिएको छ । त्यसो हुँदा व्यक्तिको यथार्थ अध्ययन सुखमय रूपलाई नभएर दुःखमयरूपलाई मानिएको छ । त्यसो हुँदा जानकी सीताको स्वभाव अङ्कन वा चरित्र चित्रणको लागि रामायणको सुन्दरकाण्ड उत्तम मानिएको छ । किनभने यो जीवनको दुःखमय अवस्था हो, आपत्तिको क्षण हो ।

रामवल्लभा सीतासित वायुपुत्र हनुमान्को पहिलो भेट धेरै बेरको खोजिपछि अशोकवाटिकामा हुन्छ । यो पहिलो दर्शनमा उनी-बाट उच्चरित वाक्य हुन्––

इयं कनकवर्णाङ्गी रामस्य महिषी प्रिया ।
प्रणष्टाऽपि सती यस्य मनसा न प्रणश्यति ।।

जो प्रकृतया सुन्दर छ त्यो श्रृङ्गार विना पनि सुन्दरै रहन्छ । हरिएकी सीतामा श्रृङ्गारको प्रयोग नभए पनि तताएको सुनमा जस्तै खारिएको सौन्दर्य उनमा देखिन्छ । यो बाहिरी रूप राशिको कुरा हो, अन्तर्गत साहसलाई त दोस्रो पदले संगेटेको छ । यस पदले दर्शाएको आशय अनुसार शारीरिक दृष्टिले मैथिली सीता हराएकी छिन् तर मानसिक रूपले अडिग बनी उनी जहाँको तहीं पाइन्छिन् । किनभने उनको मन आफ्ना वल्लभ रामबाट तृणमात्र पनि विचलित भएको छैन । यस किसिमको अविचलताले गर्दा उनी रामको मन मन्दिरमा विराजित देखिन्छिन् । स्वरूपको दृष्टिले कुनै व्यक्ति या वस्तु टाढा र नजीक रहन सक्छ तर भावगत दृष्टि एक अर्को सित आवद्ध छ भने स्वरूपगत टाढा र नजीकले केही फरक पार्दैन । यहाँनिर हिन्दी कविको एक कथन वडो मननीय देखिन्छ । उनी भन्छन्–

'कमोदनी जलहरि बसे चन्दा बसे आकाश ।
जो जाहींका भाव है सो ताहींका पास ।।'

अर्थात् कुमुदिनी (सेतो कमल) जलमा हुन्छ, चन्द्रमा आकाशमा, यसरी स्वरूपगत दृष्टिले टाढा भए पनि भावगत दृष्टिले तिनमा यस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामीप्य छ कि जसले गर्दा चन्द्रदर्शन नभै कुमुदिनी फुल्दिन र अस्ताए-पछि बन्द हुन्छे ।

सीताको यो स्वरूप र भाव अवगत भएपछि मारुतिलाई राम-को चतुर्मुखी चिन्ताको अर्थ लाग्छ । कारुण्य, आनृशंस्य, शोक र काम गरी रामका शोक चतुर्मुखी थिए । हितचित्त मिलेको सामान्य व्यक्तिसित बिछोड हुँदा त व्यक्तिलाई कति नराम्रो लाग्छ भने सीता जस्ती धर्मपत्नीसित बिछोड हुँदा रामलाई कारुण्यले सताउनु स्वाभाविक थियो । आपत् विपत् परेकी जुनसुकै नारीको संरक्षण गर्नु पुरुषको धर्म हो । त्यसमाथि स्वाश्रित पत्नीको संरक्षण गर्न नसकेबाट आफूमा विद्यमान मायालुभावमा ठेस पुगेको थियो । आफ्नो मुट्ठीबाट पत्नी अलप हुँदा शोक लाग्नु स्वाभाविक हो । सीता रामकी मन मिलेकी प्रिया हुन्, प्रियासित विभिन्न इच्छापूर्तिका सम्बन्ध हुन्छन्, सीता-सितको वियोगले रामका ती सम्बन्ध छुट्न गएका छन्, त्यसो हुँदा उनका इच्छा कुण्ठित बनेका छन् । यसरी पति र पत्नीमा भएको यो लगाव र आकर्षण एकोहोरो कामुकताको विह्वल अवस्था होइन किन्तु हो, अत्युत्तम दाम्पत्य भावको मूर्त उदाहरण, जसको दर्शन जता-सुकै सम्भव छैन । आफू स्वयं अशोकवाटिकामा रहेको बेला रावण आई नाना किसिमको प्रलोभन दर्शाएर सीताको मानसिक भाव परिवर्तन गर्न खोजेको र सीताले ती सब वस्तुविशेष मात्र नभै रामको अगाडि राक्षसराज रावण समेत तुच्छातितुच्छ छ भनेर व्यक्त गरेको कुरा हनुमान् सुन्छन् र देख्छन् । यसरी जानकी सीताले यहाँ जुन किसिमको भाव व्यक्त गरेकी छिन् त्यसको मनन गर्दा आर्यनारीमा यदाकदा प्रयोग हुने गरेको अबला शब्द शरीरसित मात्र आबद्ध भई मनसित सम्बद्ध नरहने कुरा स्पष्ट हुन्छ । यद्यपि राजघरानकी नारी सीतालाई रावणसित आमने सामने भई दोहोरो कुराकानी गर्दा कम लघुताभासको अनुभव भएको होइन तर पनि दूबोको सीमाङ्कन लगाई रावणलाई पछिल्तिर पारेर उनी उठेका कुराको जवाफ दिन्छिन् । यसरी दिएका जवाफ सबै नै हृदयस्पर्शी, चिन्तनीय र मनन गर्न लायक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन्, तर पनि कतिपयले त गहिराइ र शिष्टताको अन्तस्तल छोएका छन् । जस्तो उनी भन्छिन्–

इह सन्तो न वा सन्ति सतो वा नानुवर्तसे ।
यथा हि विपरीता ते बुद्धिराचारवर्जिता ।।

अर्थात् यहाँ के कर्तव्य या अनुसरणीय र अकर्तव्य या गर्न नहुने कुराको उपदेश गर्ने सन्तहरू छैनन् ? अथवा सन्तहरू भएर पनि तिनीहरूको कथन यहाँ सुनिँदैन र आदर गरिँदैन कि कसो ? राक्षसराज ? जसले गर्दा तिम्रो बुद्धि बिल्कुल आचाररहित मार्गमा प्रयोग भइराखेको म देख्छु । जानकी अगाडि भन्छिन्, के यहाँका सभासद्हरू भविष्यसम्म सोचेर तथ्य र पथ्य कुरा के हो भनेर छुट्ट्याउन सक्तैनन् ? अथवा राक्षसहरूको विनाशकाल आइराखेको छ र तिमी तथ्य कुरा स्वीकार्न तयार छैनौ ? यस अगाडिको कथनले त मैथिली सीतामा सामान्य गृहकार्य संचालन तथा पारिवारिक सन्तुलन कायम राख्ने नारीसुलभ गुण मात्र होइन किन्तु राजनीति सम्वन्धी गूढ ज्ञानसमेत भएको कुरा सावित गर्छ । जस्तो उनी भन्छिन्–

अकृतात्मानमासाद्य राजानमनये रतम् ।
समृद्धानि विनश्यन्ति राष्ट्राणि नगराणि च ।।

अर्थात् आत्मसंयम नभएको, अनीतिको बाटोमा लागेको राजाको समृद्धि, सम्पन्न राष्ट्र र नगर पनि नष्टभ्रष्ट भएर जान्छन् । चञ्चल इन्द्रियको अनुगामी भएर मुग्ध बनेको तिम्रो पनि त्यही स्थिति हुने छाँट छ । यसरी सान्त्वनापूर्वकका वचनले संझाउँदा पनि आफ्नो दुर्भावना त्याग्न नसक्ने रावणप्रति वीरपत्नी सीताको स्वाभिमानले शिखर छुन्छ र उनी निर्धक्कसँग फट्कार्दै उसलाई भन्छिन्, कर्तव्य र अकर्तव्यको ख्याल नराख्ने तँ अनार्यका दुवै आँखा भूईंमा किन झर्दैनन् ? जो निर्लज्जताका साथ परस्त्रीलाई हेरिरहेछन् । यसबाट सिद्ध हुन्छ कि विधिको विधान यही रहेछ कि तँलाई यसै निमित्तबाट मर्नुपर्छ । 'विधिस्तव वधार्थाय विहितो नात्र संशयः ।' यो हो जनकनन्दिनीको सतीत्व र स्वाभिमानको मूर्त रूप । बलियोले निर्धोलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सताउने, स्वाधीन गराउने जस्तो कुरा मनुष्य जीवनका विवशता हुन् । यो विवशता प्रति यी सीता मानो खेद व्यक्त गर्दै भन्छिन्–

धिगस्तु खलु मानुष्यं धिगस्तु परवश्यताम् । आदि ।

समयमा अपनाउनुपर्ने सजगता जानकी सीतामा भरपूर पाइन्छ । हनुमान्ले प्राथमिक परिचय गराउँदा उनी हत्तपत्त त्यसलाई स्वीकार गरी हाल्दिनन् । पराधीनको यस अवस्थामा आफू उपर जस्तोसुकै षड्यन्त्र रचिन सक्छ, त्यसैले जोसुकैको कथनमा विना सम्झी बुझी विश्वास गर्न नहुने वस्तुतथ्यलाई उनले राम्रैसित अनुभव गरेकी छिन् ।

अरू जेसुकै हुन् पत्नीत्व पछि नारीमा हुनुपर्ने अर्को प्रमुख गुण हो मातृत्व । मातृत्व विनाको नारीत्व शुष्क बन्छ, रुखो देखिन्छ । जानकी सीतामा यो गुण पनि भरिपूर्ण देखिन्छ । रावणवधपछि तुरुन्तको कुरा हो श्रीरामबाट यो खबर विश्वासिला हनुमान्द्वारा सीता समक्ष पुऱ्याइन्छ । त्यहाँ पालो पहरा गरी रहेका राक्षसीहरू यथावत् रहेका थिए । आफ्नो स्वामीको मनसायपूर्तिमा सहयोगिनी बन्न उनीहरूले सीतालाई उत्साहित गराउने नमान्दा डराउने धम्काउने समेत गरेको कुरा हनुमान्ले प्रत्यक्ष गरेका थिए । यतिखेर त्यसको प्रतिफल चखाउने रूपमा जानकीसित आज्ञा माग्दै हनुमान् भन्छन्, मलाई त्यो दारुण कर्म गर्न अनुमति मिलोस्, जसले गर्दा मुट्ठी, दाँत, नङग्रा आदिले टोक्दै र चिथोर्दै धेरै बेर लाएर हजूरलाई सताउने यो डङ्किनीहरूलाई मार्छु । तर सीता भन्छिन् कपिवर ? सेवकको कर्म र धर्म हुन्छ स्वामीको आशयअनुसार व्यवहार गर्नु त्यसै अनुसार यिनीहरूले पनि गरेका हुन् यस कुराको लागि यिनीहरूमा दोषारोपण गर्नु भूल हुनेछ । यसरी आर्य नारीमा विद्यमान सम्पूर्ण गुणकी मूर्ति सीतामा यी शब्द सुमन अर्पण गरी प्रसंग समाप्त गरिन्छ । अनन्त चरित्र सिन्धुको यो एक थोपा बिन्दु हो ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नृसिंह जयन्ती

वत्स प्रह्लाद ? अब तिम्रो उमेर शिक्षाग्रहण गर्ने लायक भएकोले गुरुकुलमा रही पढ्नुपर्छ । छोराहरूमा कान्छो र उमेर पनि कम भएकोले धेरै दिन तिम्रो मुख नदेख्ता मलाई असाध्य न्यास्रो लाग्छ, त्यसैले वेला वेलामा आउने गर्नू । विद्यालय टाढा छैन । दरबारमै पढाउने व्यवस्था गर्दा गुरुकुलको मर्यादालाई यथावत् कायम राख्न अलि मुश्किल पर्छ । अध्ययनको वेला गुरुकुलकै मर्यादामा रही अध्ययन गर्नु लाभदायक हुन्छ । राजकुमारहरूले पनि यस मर्यादालाई यथावत् नै पालन गर्नुपर्छ । यथार्थमा भन्ने हो भने अझ बढी, किनभने उनीहरूले भविष्यमा गएर जिम्मेदार पदहरू सह्माल्नुपर्छ, भरपर्दो उत्तराधिकार वहन गर्नुपर्छ ।

पिता हिरण्यकशिपुको लामो अर्ति सुनेपछि वालक प्रह्लादले विनीत भावमा भने, पिताज्यू ! संस्कारले डोऱ्याए अनुसार योग्यता आर्जन गर्ने काममा अग्रसर हुनेछु, संस्कारले नदिएको कुरा गर्न भने कति समर्थ हुँला भविष्यले बताउँनेछ । वत्स, हामी दानवहरूको परम्परागत संस्कार नै यस्तो बसिसकेको छ कि जसले गर्दा दिलो-ज्यानले पुरुषार्थ गर्दै शरीर पुष्ट पार्नु, इन्द्रियलाई तृप्त तुल्याउनु, आफन्तलाई उठाउने र देवपक्षलाई दवाउने काममा सधैं संलग्न रहनु । यसै संस्कारलाई साकार तुल्याउँदै हाम्रा पुर्खाहरू विते र हामीले पनि गर्ने कुरा यही हो ।

लौ गुरुपुत्र हो, आजदेखि राजकुमार प्रह्लाद तपाईंहरूको जिम्मा भयो । राजकुमारहरूले जसरी आफूलाई प्राप्त हुन आउने उत्तराधिकार सहजरूपमा सह्माल्ने हुन्छन् त्यस्तै शिक्षा–दीक्षा दिएर उनीहरूलाई लायक तुल्याउनुपऱ्यो । मेरो अधिकार अहिले भूतलमा मात्र होइन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्युतलमा पनि एकच्छत्ररूपमै चलेको छ, त्यसैले यस्ता बालकहरूलाई दिइने शिक्षामा इतरपक्षले बाधा पुऱ्याउला भन्ने डर त छैन तर पनि हरेकले आफ्नो क्षेत्रमा सजग एवं सतर्क रहनु स्वाभाविक छ। तपाईं-हरू आफैं जानकार हुनुहुन्छ, त्यसमा मैले के भनिरहनुपर्छ र ? तर पनि अहिले गुरुवर शुक्र यहाँ नहुनुभएकोले स्मरण मात्र दिलाएको हुँ, अब लैजानोस्।

अब प्रह्लाद अध्ययनार्थ गुरुकहाँ पुग्छन्, सहवर्ती अनेक दौतरी दैत्यबालक उनका साथी हुन्छन्। गुरुकुलमा चौबीस घण्टाको समय-लाई विभाजन गरिएको छ– सुत्ने, उठ्ने, स्नान, शौच, भोजन, अध्ययन, व्यायामको रूपमा। यसै विभाजित समयअनुसार कार्यक्रम संचालित हुन्छ। तर प्रह्लादमा केही फरक वा भिन्नता के पाइन्छ भने उनको अधिकांश समय भजन, कीर्तन, एकान्त सेवन र भावुक चिन्तनमा बित्दछ। किताबी अध्ययनपट्टि त्यति चासो राख्तैनन्। उनको यस्तो दिनचर्याले शिक्षक शण्डामर्कलाई केही चिन्ता लाग्छ, राजपुत्र भएको नाताले बढी करेप्न सक्तैनन्। कति दिन रहला र यस्तो स्थिति ? सबैले पाठ बुझाउँदै जांदा र अन्य क्रियाकलाप सम्पन्न गर्दा त्यसको असर यिनमा पनि नपरो छोड्ने छैन, यस्तो सम्झेर साहस छोड्दैनन्। समय वित्दै जान्छ, कार्यक्रम संचालित हुँदै जान्छन् तर वालक प्रह्लादमा भने विद्यालयतर्फको भन्दा निजीतर्फकै प्रभाव र स्वभाव वढ्दै गएको देखिन्छ, उस्तै अलमस्ती त्यस्तै मग्नमस्ती।

सावधिक छुट्टीको वेला घर आउँदा प्रह्लाद पिता सामु उपस्थित भई शिष्टाचार व्यक्त गर्छन्। हिरण्यकशिपु हर्षले गद्गद् वन्दै शिर सुंघी चुम्वन गर्दै अंगालो मारी स्नेह व्यक्त गर्छन्। स्नेहकै क्रममा रुचिकर खेल तमाशा, खानपीन बारे सोध्दै आखिर पढाइ सम्वन्धमा पनि प्रश्नहरू गरिन्छन्। तर प्रह्लाद खास कुनै मनोरञ्जन, खानपीन र पढाइ सम्बन्धी कुरामा चासो देखाउँदैनन्। उनको भाव व्यक्त गराइको तात्पर्य थियो सांसारिक पद पदार्थ चिरस्थायी नभएर क्षण-भंगुर छन्। यस्ता नाशवान् वस्तुमा आस्था राखी द्वेष, ईर्ष्या, कलह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु मूर्खता हो, त्यागी बनेर हरिभजन गर्दै समय यापन गर्नु नै उत्कृष्ट जीवनको लक्षण हो ।

कुमारपुत्रको कुरा सुन्दा हिरण्यकशिपुको मुखबाट उपहास-पूर्वकको हाँसो छुट्यो । वत्स प्रह्लाद ! तिमीहरू भरखरका छौ । मान्छेको जीवनमा श्रीसम्पत्तिको के कस्तो महत्त्व छ बुझ्नै बाँकी छ । यो भोग यो रोब रवाफ मैले त्यसै पाएको होइन । एक पेट खाएको र एक हर लाएको देख्न नसक्ने देवताहरूले मप्रति त्यसै आँखा गाडेका होइनन् । उनीहरूकै पक्षधर विष्णुले आफ्नो सहोदर भाइ हिरण्याक्ष-लाई मार्दा मेरो छातीमा कस्तो चोट पर्‍यो होला । जवान बुहारी र आमालाई संझाई बुझाई गर्दा मेरो मुखै फत्रक्क भएको थियो । त्यस्तो हुँदा पनि शत्रुको सामू हिन्नति बनेर दाह्रा ङिच्याउनु मर्नु हो भन्ने संझी हिम्मत हारिन । कठिन तपस्याको अनुष्ठानले थोपा थोपा शरीर-को रगत सुकाएको प्रतिफल अहिले यो जगजगी मिलेको हो । अहिले उही विष्णुको भजन गरेर जीवन यापन गर्नु उत्कृष्टताको लक्षण रे भन्ने कुरा आफ्नै छोराको मुखबाट सुन्दैछु । होइन बालकहरूको यसरी बुद्धिभ्रान्त पार्ने को हो ? आफैंले निमक खुवाई पालेकाहरूले त निमक हरामी गरेका होइनन् ? नत्र किन यस्तो ?

मुसण्डलाई हिरण्यकशिपुको आदेश भयो विद्यालयबाट शिक्षक-हरूलाई बोलाउन । राजाको बोलावट अनुसार काव्यपुत्र शण्डामर्क उपस्थित हुन्छन् । उनीहरू सशंकित हुन्छन् राजाबाट के पो हुन लाग्यो भनेर । प्रश्न हुन्छ राजकुमारको पढाइ सम्बन्धमा । प्रह्लादको आनी-बानी खुलारूपमा उनीहरू व्यक्त गर्न सक्तैनन् । भन्छन् हामीले भर-सक कोशिश गरेका छौं तर गरेको प्रयास अनुरूप सफलता पाउन सकेका छैनौं । तर उमेर बढ्दै जाँदा समझदारीमा पनि वृद्धि आउला र राजकुमारमा अपेक्षा गरे अनुसार नै सफलताका लक्षण देखापर्लान् भन्ने उम्मेद राखेका छौं ।

हिरण्यकशिपुले आइन्दा बढी मिहिनेत र कडा निगरानीमा राखी तालीम दिलाउनु पर्ने बारे शिक्षकहरूलाई सचेत तुल्याउँदै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विपक्षी विष्णुको प्रभाव कुनै हालतमा पनि पर्न नपाओस् भन्ने कुरामा पनि सचेत तुल्याए। यसरी भरिशक्यको सजगता र होशियारी लिएर अध्यापनको क्रम संचालन गरिँदा पनि राजकुमार प्रह्लादमा निजीपन बदलिनुको सट्टा अझ तीव्र बनेर आउँछ। जसको प्रतिफल अर्को पल्ट भेट भएको वेला पढेका कुराको सार सुनाउन आग्रह गर्दा प्रह्लाद भन्छन्–

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् ।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ।।
इति पुंसार्पिता विष्णोर्भक्तिश्चेन्नवलक्षणा ।
क्रियते भगवत्यद्धा तन्मध्येऽधीतमुत्तमम् ।।

पिताजी, श्रवण कीर्तन आदि गरिएका भक्तिका नव लक्षणद्वारा जसले भगवान् विष्णुमा अनन्यरूपले चित्त अर्पणगर्न सकेको छ वस्तुतः पढाइमा पारंगत भएको त्यसैलाई ठान्नुपर्छ। मेरो अन्तरात्माले त यही निश्चय गरेको छ, जुन निश्चयलाई बदल्न कुनै शक्तिको सामर्थ्य छैन।

निजी निश्चयमा दृढ बनेका प्रह्लादको पछिल्लो वाक्य कशिपुको हृदयमा चस्स बिझ्छ। ऊ सोच्दछ राज्य संचालन गर्ने व्यक्तिले राजनैतिक यथार्थतालाई स्वीकार नगरी सुख छैन। व्यक्तिगत रूपमा घनिष्टसम्वन्ध गाँसिएका, माया र ममताका सूत्रले कसिएका व्यक्ति पनि कुलपरम्पराको स्वभावसित मेल नखाने, राजनैतिक रूपले विद्रोही देखिन्छन् भने कानूनको मर्यादा कायम राख्न त्यस्तालाई दमन गर्न पछि पर्न हुँदैन। तीनै लोक अनुकूल रहेको मेरो यो वैभवशाली जीवनमा कसरी यो बिझ्ने विषालु काँडो पैदा भयो? जन्मान्तरको कुनै दोष बाँकी रहेछ यही संझेर चित्त बुझाउनुपर्‍यो। रोग र शत्रुलाई सानो ठानेर उपेक्षा गर्नु हुन्न, यस्तो ठान्दा पछि गएर असाध्य र भयङ्कर भएर बढ्न सक्छ। त्यसो हुँदा यो छोरै हो तापनि निधारमा टाँसिन आएको कलङ्क जस्तै पुछेर सफा पार्नु स्वाभाविक ठहर्छ।

यसपछि कशिपुले पुत्र प्रह्लादलाई दण्डाधिकारीहरूको जिम्मा लगाउँदै भन्यो– 'यसले जबसम्म मेरा विपक्षी विष्णुको गुणगान गाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययनलाई उपेक्षा गरेको कुरामा गल्ती स्वीकार गर्दैन तबसम्म केरकार गरी माफी माग्न लगाउने र त्यसरी केरकार गर्दा आवश्यक देखिए अङ्गभङ्ग समेत गर्ने । त्यति गर्दा पनि तह्मा नआउने देखिएमा जुनसुकै उपायले हुन्छ प्राणान्त गरी त्यसको यथार्थ बिवरण पेश गर्ने जसबाट अगाडिको नीतिनिर्धारण गर्न सजिलो परोस् ।

कशिपुबाट निर्देशन मिलेका दण्डाधिकारीहरूले देख्ता अत्यन्त-सुन्दर शारीरिक दृष्टिले फूल जस्ता प्रह्लादलाई आफूबाट भएको गल्ती स्वीकार गरी आइन्दा त्यस्तो दैत्य कुलको निमित्त कलङ्क ठहरिने काम नगर्न आग्रह गरिंदा केही सीप लागेन । आखिर उनीहरूले दृढ निश्चयी विष्णुभक्त माथि दुइ–चार थप्पा हात छोडेको मात्र होइन भीरबाट खसाल्ने, पानीमा डुबाउने, आगोमा जलाउने, हतियारले काट्ने, सर्पले टोकाउने, हात्तीले कुल्च्याउने आदि अनेक विधिका दण्ड प्रयोग गरे तर कुनै विधिबाट पनि प्रह्लादको शरीर क्षत–विक्षत समेत बनेन । तब दण्डाधिकारी स्वयंले हार खाए । उनीहरूको लागि जीवनमा यस्तो अनौठो अनुभव पहिलो पल्ट भयो । भक्तवर प्रह्लादमा भय र त्रासको कुरा छोडेर मुखमालिन्य समेत देखिंदैनथ्यो । उनी आफ्ना इष्टदेवको नाम जप्तै प्रसन्न मुद्रामा रहेका देखिन्थे ।

कशिपुकहाँ समाचार पुग्छ प्रह्लादमाथि दण्डका कुनै प्रयोग पनि सफल बनेन । यस खबरले उसलाई चिन्ताशील र निराश तुल्यायो । आफैं झापट ख्वाएर तर्साउने विचारले त्यहीं बोलाएर ल्याउने आदेश दियो । प्रह्लाद उस्तै प्रसन्न मुखमुद्रामा पिता सामू उपस्थित हुन्छन् विनीत भावमा ।

कशिपुले कम्मरमा भिरेको म्यानबाट चमकदार तरवार निकाली नचाउँदै भन्यो । हेर, मेरो यो तरवारदेखि चन्द्र सूर्य, अष्टदिक्पाल, इन्द्रादि देवता सब थर्कमान हुन्छन् । केवल तँ एउटा त्यस्तो कुलकलङ्क जन्मिस् जो मेरो प्रभावको सामू झुक्तैनन् । होइन तँमा त्यस्तो के जादू छ कि कसैबाट गोप्यरूपमा शक्ति प्राप्त गरिरहेछस् ! पिताजी ? जसबाट मैले शक्ति प्राप्त गरेको हूँ हजूरले पनि उतैबाट शक्ति प्राप्त गर्नुभएको छ तर फरक छ समझदारीमा । अहन्ता र ममतारहित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैले जति सहजरूपमा यस कुरालाई सम्झन सकेको छु ती दुवैले विवेक दृष्टिमा बादल परेको तपाईंको लागि ओझेल परेको छ । जसले समझदारीको मुखलाई बिर्कोले बन्द गरेर विवेकलाई तिलाञ्जलि दिएको छ उसको लागि यो तीन हात वित्त शरीर र यसको भोग सिवाय अरू कुनै अदृष्ट यथार्थ ठहरिन्न ।

कनिष्ठ पुत्र प्रह्लादको व्यङ्ग्यात्मक उपदेश सुनेर कशिपुको कन्सिरीका रौं पनि रन्न भएर आयो । खुकुरीको अगाडि कर्द लाग्ने भएर तँ बडो उदारवादी विवेकशील हूँ भन्ने ठान्छस् । तेरो विवेकले ठानेको त्यो ईश्वर कहाँ छ त ? जसको नाम रट लगाएर तँ हुरूक्क हुन आँटेको छस् र आत्मशक्ति पनि उतैबाट पाएको भन्छस् । प्रह्लादले उस्तै दृढ तर आत्मविश्वासपूर्वक भने त्यो मेरो सर्वान्तर्यामी सर्वव्यापी प्रभुलाई कहाँ कहाँ छ भनेर देखाउँ ? जल, थल र नभका कुन अंश त्यस्ता छन् जसमा उसको सत्ता भासित छैन ? हो, त्यसो भएता पनि उन्मादको ज्वरले सन्निपात भएकाहरूको निमित्त त ऊ सधैं अदृष्ट छ, अगम्य र अज्ञेय पनि ।

कशिपुको क्रोधको मात्रा अझै तीव्र बन्छ । उसले भन्यो तँ किन ज्यादा बक् बक् गर्छस् ? झूटै झूटको गवाही दिएर तँ साँचिलो बन्न खोजिरहिछस् । लौ भन, जहाँ पनि रहने तेरो ईश्वर हो भने यो अगाडिको खम्बामा पनि त हुनुपर्‍यो नि ! । तैंले आफ्नो वचन सत्य साबित गर्ने हो भने यो खम्बामा पनि त्यसलाई देखाउन सक्नुपर्‍यो, नत्र यो चम्किलो तरवार सामु गर्धन थापेर दुइ टुक्रा हुन स्वीकार्नु पर्‍यो, अर्को विकल्प छैन ।

पिता हिरण्यकशिपुको यस्तो हाँकपूर्ण कथन सुनेर भक्तवर प्रह्लादले आफ्ना इष्टदेवको नाम स्मरण गर्दै भावपूर्ण दृष्टि त्यस स्फटिक खम्बातिर लगाए । उनी मनमनै भन्छन् प्रभो, ? मैले त जुन कुरा आफ्नो धारणामा चढेको छ, भावनामा बसेको छ त्यहीं कुरा बताइ-दिएको मात्र हुँ, अब यो अकिञ्चन बालकको इज्जत कायम राखी मर्यादा थाम्नु र उपेक्षा गरी अस्तित्व धर्मराउन दिनु जो हजूरको इच्छा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई लाग्छ समर्पित भक्तको हुर्मत बचाउने कुरामा हजूरबाट अनास्था भएको छैन ।

प्रह्लादको आन्तरिक पुकार पूरा भएको पनि थिएन भक्तको कथनमा सत्यता र आफ्नो सर्वव्यापकतालाई सिद्ध गर्ने रूपमा स्फटिक स्तम्भभित्र एउटा विचित्रको जीव प्रादुर्भाव भयो । जोसित्त समता राख्ने जन्तु अहिलेसम्म ब्रह्माजीको सृष्टिमा पैदा भएकै थिएन । अहिलेसम्मको अनुभवमा थाहै नभएको स्तम्भभित्र त्यस्तो जीवको दर्शन भएकोमा अचम्म त लागिरहेकै थियो त्यसमाथि स्तम्भ ठूलो आवाजले टुट्यो र त्यो जन्तु सबको सामू खडा भयो । कटिमुनिको भाग मानिसको र त्यसमाथि सिंह भएको त्यस जीवको नाम थियो नरसिंह । नरसिंह वा नृसिंह भगवान्का दश प्रसिद्ध अवतार मध्येको एक हो । जसको महिमा वर्णन गर्ने एक सिंगै उपपुराण छ । त्यस वाहेक भागवद् विष्णुपुराण आदिमा पनि यससित सम्बन्ध राख्ने मनोरम कथा उल्लेख छ । यसै नृसिंह अवतारद्वारा हिरण्यकशिपुको माग (वरदान) बमोजिम संध्याकालको वेला काखमा राखी वज्र-समान नङ्ले छाती विदारण गरी वध भएको कुरा प्रसिद्ध छ ।

कशिपुको वध पछि उपस्थित ब्रह्मा, रुद्र, इन्द्रादिको स्तुतिबाट पनि भगवान् नृसिंहको क्रोध शान्त नभएपछि ब्रह्माको उपदेशले प्रह्लाद स्वयं स्तुति गर्न अघि सरे । आखिर भक्तलाई वरदान दिएर भगवान् स्वधाम जानुहुन्छ । आपत् विपद् पर्दा भगवान् नृसिंहको नाम लिंदा आपत् टर्ने प्रसिद्धि छ । काठमाडौंको हनुमान्ढोकाभित्र र पाटनको मंगलवजारमा नृसिंहका सुन्दर मूर्ति देखिन्छन् । कार्तिक शुक्ल द्वादशी-को रात मंगलवजारमा अभिनयात्मक नृसिंह लीला प्रदर्शन हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कूर्म जयन्ती

वैकुण्ठमा भगवान्को दर्शन गरेर प्रसादरूप माला प्राप्त गरी ऋषि दुर्वासा फर्किरहेका थिए, उनको भेट देवराज इन्द्रसित भयो। बडो ठाँटसित ऐरावत हात्तीमा सवार भएका इन्द्रलाई देखेर ऋषिलाई लाग्यो भगवान्को यो प्रसाद आफूलाई भन्दा देवताका राजा यी इन्द्र-लाई पो बढी सुहाउँने हुन्छ। नीति पनि त त्यस्तै छ 'योग्यं योग्याय दातव्यम्' यस्तो संम्झेर उनले त्यो माला देवराजलाई अर्पे। ऐश्वर्य मग्न इन्द्रलाई त्यति गहिरिएर प्रसाद लिने होशै रहेन। यात्राको क्रममा यस्ता माला त कति आउँछन् कति भन्ने संम्झेर थपक्क हात्तीको शिरमा राखिदिए। हात्तीलाई पनि त्यो व्यर्थको अल्झो शिरमा कुण्डाइ-रहन मन लागेन र थुत्त सूँडले थुती फुत्त फालिदियो र हात्ती पाइले धोडाले कुल्चदै हिड्यो। आफूले कत्ति आदर गरेर अर्पेको प्रसादको त्यस्तो बेहाल देखेर दुर्वासाको मनमा दुःखको साथ रिस पनि उठ्यो। यस दुर्व्यवहारको कारण के होला? भनेर सोच्दा उनलाई लाग्यो ऐश्वर्य जन्य प्रमाद नै यसको मूल कारण हुन सक्छ, अनि त प्रमादजन्य रोग-को उपचार श्रीहीन तुल्याउँनु हो भन्ने ठानेर उनले इन्द्रलाई श्राप दिए 'ऐश्वर्यहीन भए।'

आचार्य शुक्रको संरक्षण र उदारमना बलिको शासनमा रहेका दानवलाई यस कुराको सुइँको पाउन बेर लागेन, अनि त के थियो दलबल सहित स्वर्गमाथि हमला गरी अधिकार जमाइहाले। आफ्नो दुष्कर्म प्रति पछुताउ गर्दै इन्द्र देवगणको साथ निर्वासित जीवनयापन गर्न बाध्य बने। उनलाई लागिरहेथ्यो सानो गल्ती, थोरै मात्र शिष्टता-को अतिक्रमण पनि कति दुःखदायी परिणामको कारण हुन सक्तो रहेछ। केही समय त यसै गरो आफ्नो करनीप्रति दुःख मनाउँदै, फेरि यस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गल्ती दोहरिन नदिने सबक लिंदै बिताए। विना उपाय र उद्योग यस्ता दुरवस्थाबाट उम्कन सम्भव थिएन, अतएव त्यसैबारे विचार चल्न थाल्यो। आपत् विपत् पर्दा दुरवस्था भोग्नुपर्दा त्यसबाट मुक्ति पाउन ठूला व्यक्तिको सुझाव सल्लाह आवश्यक पर्ने हुन्छ, यही अठोट गरी पुगे ब्रह्माजीकहाँ आफ्नो अवस्था सुनाउन। ब्रह्माजीले पनि यसको यथार्थ समाधान त भगवान् विष्णु सिवाय अरूबाट सम्भव छैन भन्ने ठानेर भगवान्सित प्रार्थना गर्न लगाए।

प्रार्थनाको क्रममा देवताहरू भन्छन् भगवन्? तीनै काल, सबै अवस्थामा समान रूपले विद्यमान, सबैको गुहाशय भएर रहने हजुरको यथार्थ महिमा बुझ्ने सामर्थ्य त कसमा छ र? हामी देवाताजो हजुरको सात्त्विक अंशबाट पैदा भएका हौं र हजुर बाहेक हाम्रो आश्रयदाता अरू कोही छैन। यतिखेर हामी आफ्नै प्रमाद र असावधानीले दानव कुलद्वारा परास्त बनी निर्वासित जीवन विताउन वाध्य बनेका छौं। सन्तानले आफ्नो गल्ती अभिभावक समक्ष प्रकट गर्नु, स्वीकार्नु स्वाभाविक भएकैं हामी पनि आफ्नो अपराध सकार्दै र स्वीकार्दै शरण पर्न आएका छौं। दुरवस्थाबाट मुक्त पार्न प्रभुकृपा विना अरू कसैको सामर्थ्य नभएकोले त्यसको लागि पुकार गर्दै नतमस्तक बनेका छौं।

यसरी देवगणले पुकार गरेपछि भगवान्ले प्रत्यक्ष दर्शन दिंदै भन्नुभयो देवगण हो! जुनसुकै कुराको महत्त्वपूर्ण सुधारको लागि श्रम, साधना र उपाय तीनै कुरा संयुक्त रूपमा गर्दै जानुपर्छ, त्यसैले तिमीहरू पनि त्यसको लागि तयार हुनुपर्‍यो।

अशक्त रही सधैं अरूको आश्रय मागेर साध्य हुँदैन, त्यसैले स्वयं-सशक्त हुनुपर्‍यो। यस किसिमको सशक्तता अमृतपानबाट प्राप्त हुन्छ। अतएव समुद्र मन्थन गरी अमृत प्राप्त गर्नुपर्‍यो। तर समुद्रमन्थन एक कठिन काम भएकोले यो केवल देवसमुदायबाट मात्र सम्पन्न बन्न सक्दैन, त्यसैले यस कामको लागि दानवहरूको पनि सहयोग लिनु आवश्यक छ। हुन त तिमीहरूका साथ दानवको द्वेष एवं कलह भएकोले त्यसै उनीहरू सहयोग गर्न तत्पर हुने छैनन्। तर बुझ्यौ?–आवश्यक पर्दा कोरीको पनि पाउ मल्नुपर्छ – अरयोऽपि हि संधेयाः सति कार्यार्थ-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गौरवे।' त्यसो हुँदा उनीहरूलाई पनि अमृतपानको महत्त्व दर्शाएर यस काममा सरीक तुल्याओ। आवश्यक पर्दा शत्रुसित पनि मेलमिलाप राख्ने नीतिको कथन छ। सम्पूर्ण वनस्पति र औषधीहरू हालेर मन्दराचललाई मदानी अनि वासुकि नागलाई नेती तुल्याई यो काम गर्नुपर्छ। मन्थन गर्दा एकैपल्ट अमृत प्राप्त हुन्छ भन्ने कुरा छैन, विषै पनि निस्कन सक्छ, तर हताशिनु हुँदैन। अर्को कुरा मन्थनबाट निस्केका कुनै कुरामा लोभ लालचा नगर्नु नि? नत्र बीचैमा झगडा भै काम अधकल्चो रहन सक्छ। ती सब कुराको जोहो भएपछि आवश्यक सहयोगको लागि म पनि सहभागी बन्ने छु, ल त अहिले।

युक्ति बुद्धि र उपाय सिकाई भगवान् अन्तर्ध्यान भएपछि देवताहरू सहित इन्द्र त्यस काममा लागे। सर्वप्रथम उनले दानवहरूसित गएर सन्धिको प्रस्ताव राखे भने– हामी एउटै बाबुका सन्तान भएर पनि परस्परमा मनमुटाव र लडभिड गरी द्वेषभाव राख्नु राम्रो कुरा होइन। त्यसो गर्दा एकातिर अरूको दृष्टिमा हामी गिरिरहेका छौं भने मिलेर सम्भव हुने महत्त्वपूर्ण काम पनि गर्न सकेका छैनौं। सधैं यो स्थिति रहन दिनु भएन, अब परस्पर मिलेर समुद्र मन्थनमा भाग लिऊँ र त्यसबाट प्राप्त हुने अमृत पान गरेर अमर बनौं। त्यसैको लागि म आएको। यस अघि जो भो सो भो, त्यसलाई बिर्सेर एउटै मञ्चमा उत्रौं र पुरुषार्थ दर्शाऊँ।

दानवहरूलाई लाग्यो सन्धिको प्रस्ताव त बेठीक होइन। अमृत पान गरी अमरता मिल्छ र सधैं भोगमा रमाउन पाइन्छ भने त्यसभन्दा बाहेक खोज्नु पो के छ र? मोटो बुद्धिले सन्धिको भित्री तह बुझ्नतिर उनीहरू लागेनन् र स्वीकृतिको संकेत दिए। तदनुसार देवता र दानव एउटै थलोमा उपस्थित भए, समुद्रमन्थनमा सरीक बन्न।

वासुकिलाई पनि अमृत पानमा सरीक तुल्याउने शर्त गरी राजी तुल्याए। मदानीको लागि मन्दराचल लिन गएका, जसोतसो अलिकति वर सम्म त ल्याएका हुन् तर बीचैमा ढलिदिएर बरबाद, कैयौं देव-दानव त त्यसैमा दबिएर दिवंगत बने। अनि आफ्नो कबोलअनुसार स्वयं भगवान् प्रकट भई एक हातले मन्दराचल उठाई गरुडको पीठमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राख्नुभयो र समुद्रको किनारमा पुऱ्याई भन्नुभयो 'लौ अब मन्थन गर।' यसबाट देव र दानव गणमा उत्साह संचार भयो, अब त अमृत पिउँन पाउने भइयो भन्ने आशा बढयो। यसपछि नेतीको रूपमा रहेका वासुकि-को कतापट्टिको अङ्ग कसले पक्रने भन्ने बारे केही विवाद उठ्न खोजेको थियो तर देवताले समझदारी पूर्वक दानवले छोडेको भाग लिने कुरा सकारेकोले त्यो विवाद बीचैमा बिलायो।

स्वच्छन्द वन्य जातिको रूपमा उम्रेका र खेती गरेर उमारिएका समेत बहुविध वनस्पति र प्रसिद्ध जरीबूटीहरू समेत हालेर वासुकि नेतीद्वारा मन्दराचल पर्वत घुमाउँदै देवता र दानव जब कस्सिएर मन्थन गर्न लागेका थिए। तर विना आडको पर्वत धेरै बेर के अडिन्थ्यो र? पस्न लाग्यो विस्तार विस्तार समुद्रको गर्भमा।

अनि त मन्थनमा भाग लिने देवता र दानव दुवैथरीको मुख कालोनीलो बन्दै निराश देखिन थाल्यो, अहिले सम्मको प्रयास व्यर्थ पो जाने भयो भन्ने सम्झेर, हेर्नेको मुखबाट पनि चारैतिरबाट त्राहि त्राहिको आवाज निस्कन थाल्यो।

भगवान्लाई लाग्यो, यस संकटको घडीमा सहयोग नपुऱ्याए के पो काम बन्ला र? मुख्य काम थियो मन्दराचललाई माथि उठाई थमाउनु। यस कामको लायक जीव हुन सक्थ्यो कछुवा, तब भगवान्ले त्यही कछुवाको विशाल रूप धारण गरी तल्लो भागमा अडान दिएर अलिअलि गरी पर्वतलाई उठाईदिदा मुन्तिरको भाग त उठ्यो तर शिरोभागचाहिं उसै गरी ढल्किदै लड्ने स्थितिमा पुगेकोले त्यसलाई अड्याउने प्रयास पनि उहाँबाटै भयो। कच्छपरूप भगवान्को पीठ भागमा अडेको मन्दराचल देवता र दानवको दुइतिरको आकर्षण एवं विकर्षणले नाच्न थाल्यो। त्यसरी पीठमा भएको मन्दराचलको घर्षणले चिलाइ मरे जस्तो अनुभव भई निद्रालु बनेका कच्छप भगवान्को श्वास फेर्दा निस्केको हावाले हामीलाई रक्षा गरोस। त्यति बेला घर्षणबाट उत्पन्न समुद्रको छचल्क्याइँले यता र उताको तीर छुने जुन प्रक्रिया शुरू भएको थियो त्यो अद्यापि विश्रान्त भएको छैन भन्ने भाव भागवत अन्तिम अध्यायको निम्न श्लोकले अति सुन्दर रूपमा व्यक्त गरेको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठे भ्राम्यद मन्दमन्दर गिरिग्रावाग्रकण्डूयना–
न्निद्रालो:कमठाकृतेर्भगवत:श्वासानिला पान्तु व: ।
यत्संस्कारकलानुवर्तनवशाद् वेलानिलेनाम्भसां
यातायातमतन्द्रितं जलनिधेर्नाद्यापि विश्राम्यति ।।

यसरी समुद्र मन्थनमा सहयोग पुऱ्याउ भगवान्को कच्छपावतार भएको भन्ने कथन एकातिर पाइन्छ भने अन्यत्रको पौराणिक कथनअनुसार वराह भगवान्ले पृथिवीको उद्धार गरी जलबाट निकाले पछि त्यसलाई अड्याउन विशाल कछुवाको रूप धारण गर्नुभयो भन्ने उल्लेख भेटिन्छ । जे होस्, दुवैतिरको कथनले जनसहयोगको लागि नै भगवान्ले यो अवतार लिनुभएको भन्ने कुराको पुष्टि गर्छ ।

महाकवि जयदेवले दशावतारस्तुतिअन्तर्गत कच्छपावतारको स्तुतिमा भनेका छन्–

क्षितिरति विपुलतरे तव तिष्ठति पृष्ठे ।
धरणीधरणकिणचक्रगरिष्ठे,
केशवधृतकच्छपरूप जय जगदीश हरे ।।

यस स्तुतिमा मन्दराचल मात्र नभै विशाल पृथ्वी नै धारण गर्ने भन्ने कुरा उल्लेख भएको छ । जुनसुकै विशिष्ट अवतारको महिमा वर्णन गर्न अवतारकै नामले प्रसिद्ध पुराण निर्माण भएका छन् । त्यसै अनुसार कूर्म अवतारको महिमा वर्णन गर्ने कूर्मपुराण पनि प्रसिद्ध छ । पुराण संख्यामा यो पुराण पन्ध्रौं मानिन्छ । पूर्व र उत्तर गरी दुइ भाग भएको यस पुराणमा पूर्व भागभित्र ब्राह्मी, भागवती, सौरी र वैष्णवी नामका चार संहिता छन् । दुवै भाग मिलाएर ९९ अध्याय भएको यस पुराणको श्लोकसंख्या नारदीय पुराण अनुसार सत्र र मत्स्यपुराण अनुसार अठार हजार छ । फलश्रुतिमा यसलाई चतुर्वर्ग फल दिने भनिएको छ । जीवगत स्वभावअनुसार मत्स्य याने माछो स्थल भागमा रहन नसक्ने जीव हो भने कच्छपचाहिं जल र स्थल दुवैमा रहन सक्ने जीव हो । विकासवादको दृष्टिले हेर्दा यो दोस्रो श्रेणीको जीवमा गनिन्छ ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महात्मा गौतमबुद्ध

वैदिक धर्म र दर्शनको निश्चित सिद्धान्त तथा सुनियोजित परिपाटी छ। यस परिपाटीअनुसार जब बुद्धिगत मलिनता, समझदारीको कमी, द्वेष र ईर्ष्याजन्य कलहको अभिवृद्धि अनि प्रमाद र मोहले रुमलिएर समाज विश्रृङ्खलित बनी धर्ममा आघात पर्छ त्यतिखेर सामाजिक शुद्धीकरणपूर्वक मार्गदर्शन गराउन कुनै महापुरुषको जन्म या प्रादुर्भाव हुन्छ। आवश्यकताअनुसार यसरी जन्मने या अवतीर्ण बन्ने व्यक्तिविशेषलाई महामानव या अंशावतार शब्दले व्यवहार गरिन्छ। यसरी अवतीर्ण हुने या प्रकाशमा आउने व्यक्तित्वबाट आसुरीभावको दमन, सामाजिक उद्बोधन, सही मार्ग निर्देशन अनि स्वयंबाट युगानुरूप सद्व्यवहारको अनुसरण भएको पाइन्छ।

मायाधिष्ठाता परमात्माबाट यस्ता उद्बोधक एवं उद्धारक कार्य कहिले र कति संख्यामा हुन्छन् तिनको यथार्थ लेखाजोखा गरेर साध्य छैन। यही कुरा श्रीमद्भागवतमा ब्रह्माजीद्वारा यसरी व्यक्त भएको छ–

को वेत्ति भूमन् भगवन् परात्मन् योगेश्वरोतीर्भवतस्त्रिलोक्याम्।
क्व वा कथं वा कति वा कदेति विस्तारयन् क्रीडसि योगमायाम्॥

अवतार परम्पराको यस प्रसंगमा जिज्ञासा उठ्न सक्छ कि परमात्मा, अज, अव्यय, सर्वशक्तिमान् र सर्वज्ञ हो भने उसले यहाँ मात्रा, परिमाण र अंशरूपले अवतीर्ण हुनु अनि सामान्य रूपको मानिसले जस्तै कार्यसम्पादनमा सरीक बन्नु के आवश्यक? सर्वज्ञ र सर्वसमर्थले यस्ता कुरा त चिताए मात्र पनि गर्न सकिहाल्छन् नि आदि। तर कुरा के छ भने परमात्माबाट आत्मसंकल्पद्वारा जुन कुरा सम्पन्न हुन्छन् ती पनि आफ्नो सृष्टि विधानसित मेल नखाने रूपमा होइन अपितु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुकूल र उपयुक्त रूपमा मात्र हुने गर्छन् । किनभने त्यसो भए मात्र यो जनसाधारणको लागि विश्वसनीय, अनुसरणीय र स्वाभाविक पनि लाग्दछ । व्यक्तिको संकुनाभन्दा बाहिरको, व्यावहारिक स्थितिसित मेल नखाने कुरालाई मान्छे लिन मान्दैन, पचाउन सक्तैन । त्यसै भएर अजन्मा स्वभावको भए पनि जन्मिदिने या प्रकट होइदिने गरेको छ । जुन कुरा गीतामा यसरी भनिएको छ–

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् ।
प्रकृतिं स्वामधिष्ठाय सम्भवाम्यात्ममायया ।।

मानव स्वयंमा एक अंशावतार हो, जसमा ५ देखि ८ कलासम्मको विकास मानिएको छ । अंशावतारको नाताले स्वत: कर्तव्यप्रेरित ऊ सुकर्म गरोस्, आफू सामाजिक रूपमा स्वीकृत अधिकारको उपयोग गरोस् र अरूको अधिकारको अतिक्रमण नगरोस् । यो त भयो वस्तुगत यथार्थता । तर यस यथार्थताको परिपालन सधैं र सबै मानिसबाट भएको देखिदैन । आत्मगत संस्कार, समसामयिक प्रभाव र परप्रेरणा समेतले प्रेरित भै मानिस वेलामौकामा दुष्कर्म गर्नबाट चुक्तैन । बढ्दै गएका यस्ता दुष्कर्मले जब सीमा नाघ्न थाल्छ अनि समाज विशृङ्खलित बन्छ । नीति नियम निष्क्रिय हुन्छन् अनि त्यतिखेर व्यवस्थापक अवतारको आवश्यकता पर्दछ । यसै वस्तुस्थितिको आधारमा अवतारको मान्यता आधारित छ । भारतीय उपमहाद्वीप र त्यसअन्तर्गतको आर्यावर्त प्राचीन कालदेखि नै विविध किसिमका अवतारी व्यक्तिको अवतरण र तिनका कथानकले व्याप्त छ ।

त्यही क्रममा आजभन्दा लगभग २५०० (पच्चीस सय) वर्ष पूर्व वर्तमान नेपालको पश्चिम तराई कपिलवस्तुमा एक महामानवको जन्म भयो । सूर्यवंशी क्षत्रिय शाक्यकुलमा जन्मेका तिनको प्रारम्भिक नाम सिद्धार्थ थियो । सिद्धार्थ जन्मेको शाक्यकुलमा जात्या विशुद्ध क्षत्रियकुल थियो भने त्यसले परम्परागत रूपमा मानि आएको धर्म वैदिकै थियो । सिद्धार्थका पिता शुद्धोदन आफ्नो वैदिक धर्मको परिपालनमा कति दत्तचित्त थिए त्यसको एउटै उदाहरण पर्याप्त देखिन्छ । भनिएको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेनापायित्रयथाशक्यं सोमश्च यशं एवं च ।
वेदश्चाम्नायिसततं वेदोक्तो धर्म एव च ।।

अर्थात् उनले ठूलठूला वैदिक यज्ञ सम्पन्न गरेर प्रसाद रूपमा सोमपान गरेका थिए अनि यता क्षत्रियधर्मको परिपालनद्वारा यश पनि आर्जन गरेका थिए । वेदाध्ययन उनको नित्यप्रतिको स्वाध्याय थियो भने धर्माचरण त्यसको क्रियात्मक उपयोग । सिद्धार्थ गौतमको प्रारम्भिक संस्कार मात्र होइन प्रव्रज्या लिनुभन्दा पूर्वका सम्पूर्ण आचार विचार वैदिक धर्मसंस्कृतिअनुसार नै चल्दथे ।

यहाँनिर आचार्य शंकरको एउटा कथन याद गर्न लायक छ । उनी भन्छन् संसारमा तीन कुरा अत्यधिक दुर्लभ छन्, जसको अनुसरणले भगवद्पद प्राप्त गर्न सकिन्छ । ती तीन कुरा हुन् मनुष्यत्व अर्थात् मानवीय भावको अनुसरण, मुमुक्षुत्व याने दुःखबाट मुक्त हुने इच्छा र तेस्रो हो महापुरुषको आश्रय प्राप्ति ।

यसै कल्पको प्रभातकालदेखि कति मानिस जन्मे, वढे र मरे त्यसको लेखाजोखा गरेर साध्य छैन । तर माथि वताइएअनुसारका तीन कुरामा दृष्टि पुऱ्याई आत्मोद्धारमा तत्पर हुने व्यक्ति भने वडो कम मात्र पाइन्छन् । सिद्धार्थ गौतम तिनै आत्मोद्धारक व्यक्ति मध्ये एक पाइन्छन्, जसले चतुरार्य सत्यद्वारा दुःखको कारण पत्ता लगाई निर्वाण प्राप्त गरे । गीताको कथन छ 'उद्धरेदात्मनात्मानम्' बुद्धको पनि कथन छ ' अत्ता हि अत्तनो नाथः" दुवै कथनको मूलसिद्धान्त यौटै छ आफ्नो उद्धार आफैले गर्नुपर्छ ।

यसरी आत्मोद्धारको मार्गमा अग्रसर बन्न व्यक्तिलाई विभिन्न समसामयिक प्रभावकारी घटना विशेष, प्रवुद्ध व्यक्तिको सम्पर्क र आफ्नो अन्तःप्रेरणा जस्ता कुरा सहयोगी बन्दछन् । यद्यपि यस्ता कुराको सम्पर्क वहुसंख्यक व्यक्तिको जीवनमा नआउने वा नघट्ने होइन तर जसमा सवल संस्कार र तीव्र आकांक्षा छैन त्यस्ताले यसलाई लिनै सक्तैन । सिद्धार्थ गौतम ती विरल व्यक्ति मध्येका एक थिए जसलाई राजपरिवारलाई स्वाभाविक रूपमा मिल्न सक्ने प्रासादको वैभवले भन्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनको लक्ष्य पत्ता लगाउने प्रश्नले बढी आन्दोलित तुल्यायो। जस्तो कुनै बोट–बिरुवाले आफ्नो जन्म भएको धरातलबाट आफूलाई आवश्यक पर्ने भोज्यवस्तु तथा जलवायु प्राप्त गर्छ, विशिष्ट मानव या सन्त-रूपमा अवतीर्ण हुनेले पनि समकालिक समाजका विविध घटना या प्राकृतिक दृष्टि आदिबाट शिक्षा लिई जीवन मार्गमा अघि बढेको देखिन्छ। त्यसैले सन्त तुलसीदास भन्दछन्–

सब पदारथ है जग माहीं।
भाग्यहीन नर पावत नाहीं।।

हो, जसमा सचेतनता र होशियारी छ, विवेकजन्य बुद्धिवैभव छ त्यस्ताको लागि सबै कुरा यहीं सुलभ छन्, सामाजिक रूपमा पसारिएका छन्, प्राकृत रूपमा पल्टेका छन्।

सिद्धार्थगौतम पनि एक दिन भ्रमणको सिलसिलामा रथमा बसी बाहिर गएको वेला कुनै रोगी, वृद्ध र मुर्दालाई देख्छन्। तिनीहरूलाई देखेपछि उनी आफ्ना सहवर्तीसित प्रश्न गर्छन्, जिज्ञासा राख्छन्। उत्तरमा उनले सुने ढिलो चाँडो सबैमा यस किसिमको स्थिति आउन सक्छ, अवस्था पर्न सक्छ। यस उत्तरले उनको मनस्थिति एकदम आन्दोलित बन्छ। अहो ? एक दिन त म पनि यही स्थितिमा पुग्ने रहेछु सामान्य उदासी उनको मन अरू बढी उदासी हुन पुग्छ।

आत्मोद्धारको मार्गमा अघि बढ्न खोज्ने साधकको लागि पहिलो साधन हुन्छ वैराग्य। किनभने जसको मन सांसारिक पदपदार्थमा रङ्गिएको हुन्छ ऊ भित्रतिर हेर्नै भ्याउँदैन, देख्नै चाहँदैन। अनि त्यस्ताको उद्धार पनि सम्भव देखिंदैन। यसको विपरीत जसको अन्तःस्करणमा विवेकको आलोक बलेको छ उसको लागि त्यस किसिमको वैराग्यले दीर्घकालिक र हितकर रसायनको काम गर्छ। सिद्धार्थ गौतमलाई त्यही गऱ्यो। जसले गर्दा उनी राजप्रासादको वैभवका साथै प्रियापत्नी र नवजात शिशुको स्नेहलाई पनि तृण बराबर संझेर निस्के। घर छोडेको ६ वर्षसम्म शरीरशोषण गरी कायक्लेश सहेर तपस्या गर्दै रहे। यसबाट उनको शरीर अस्थिपन्जर मात्र बाँकी रह्यो त्यतिखेर उनलाई लाग्यो यो शरीर शोषणबाट मात्र केही हुने रहेनछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

. यसपछि अब उनी अन्तिम उपासनाको लागि तत्पर बन्छन्। जसअनुसार बोधगयाको पीपलवृक्षमुनि सात दिनसम्म ध्यानमग्न भएर रहन्छन्, यसपछि उनलाई ज्ञानको आलोक प्राप्त हुन्छ । यसरी ज्ञानप्राप्त भएपछि सिद्धार्थगौतम गौतमबुद्ध नामले प्रख्यात भए। बुझ्नु अर्थको 'बुध्' धातुबाट क्त प्रत्यय भएर बुद्ध शब्द बन्छ । जसको शब्दार्थ हो बुझेको । वस्तुतः बुझ्नुले नै जीवनको लक्ष्य फेला पर्छ, अस्तित्व भेटिन्छ ।

कुनै चिकित्सकको मुख्य कामकर्तव्य के हुन्छ भने, ऊ आफ्नो नजीक उपचारको निमित्त आएका रोगीको रोग पत्ता लाई उपचार गरिदेओस् । रोग, रोग समुदाय, रोग निरोध र रोग निरोधको उपाय समेत गरी वैद्यक शास्त्रमा उपचारका चार व्यूह स्वरूप मानिएको छ। अर्थात् रोगीको रोग के हो ? रोग समुदायमध्ये यो कुन रोगमा पर्छ ? यो रोग कुन उपचारबाट रोकिन्छ ? र यो उपचारको विधि के हो ? यी हुन् उपचार गर्ने चिकित्सकले जान्नुपर्ने कुरा । जसलाई यी विधि थाहा छैन उसले उपचार गर्न सक्तैन र गरे पनि त्यसबाट सफलता मिल्दैन ।

यसै गरी भवरोग बारे पनि थाहा पाउनुपर्ने कुरा छन् । वैदिक दर्शनमध्येको न्यायदर्शनमा यिनलाई हेय, हान, उपाय र अधिगन्तव्य भनिएको छ । बुद्धले यिनलाई चतुरार्य सत्यको रूपमा अनुभव गरेका छन् । चतुरार्य सत्य मध्येको पहिलो हो 'दुःखम्' याने संसारका सम्पूर्ण जीव दुःखमय छन् । यस दुःखको कारण छ– दुःखसमुदाय, यस दुःख-बाट मुक्ति मिल्न सक्छ– दुःखनिरोध । दुःख निरोधको उचित उपाय छ– दुःखनिरोधगामिनी प्रतिपत् । यसरी चतुरार्य सत्यले पनि दर्शन सामान्यले मानेको यथार्थता र त्यसबाट छुट्ने उपायलाई नै तीव्र-रूपमा अनुभव गरी आत्मसात् गरेको छ ।

गीतामा भगवान् कृष्णले आफ्नो भजन कीर्तन गर्दै शरण पर्नुपर्ने कुराको आवश्यकता दर्शाउँदै भन्नुभएको छ कि "अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम्" अर्थात् संसार अनित्य छ, अनि छ असुखकर याने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुःखमयं। गीताले मात्र होइन प्रायः सबै नै अन्वेषक तथा तत्त्ववेत्ताले संसारलाई असुखकर नै वताएका छन्। असाध्य रोग लागेको रोगी-लाई रोगमुक्त पार्न सिपालु वैद्य जस्तै भगवान् बुद्ध पनि भवरोग 'दुःख' र त्यसको निरोध सम्वन्धी उपायको ज्ञाता भएकोले उहाँलाई 'भिषक्' याने सामान्य वैद्य होइन किन्तु 'महाभिषक्' अर्थात् ठूलो वैद्य भनेर सम्बोधन गरिएको छ। सौन्दरानन्द काव्यमा सम्पूर्ण जीवको प्रति-निधित्व गर्दै कवि प्रार्थना गर्छन्–

अनर्थभोगेन विघातदृष्टिना प्रमाददंष्ट्रेण तमोविषाग्निना।
अहं हि दष्टो हृदि मन्मथाहिना विधत्स्व तस्मादगदं महाभिषक्॥

अर्थात् अनर्थकर भोग, घातक दृष्टि, असावधानीरूप दाँतले विषाग्निभएको सर्परूप कामदेवद्वारा म हृदयमा डसिएको अर्थात् टोकिएको छु, त्यसैले हे महाभिषक्, यस महारोगवाट छुटाएर आराम गराउने वैद्य तिमी नै एक छौ। यहाँ जीवनयापन गर्ने सबै मानिस भवरोगद्वारा पीडित छन् त्यसैले उनीहरूलाई बुद्ध जस्तै महासाधकको मार्गनिर्देशन आवश्यक छ।

अष्टांगयोगमा वर्णित यम अर्थात् अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रहलाई नै बुद्धले पनि अनुसरणीय व्यवहार वताएका छन्। बुद्ध न ज्यादा कठिन र न ज्यादा सरल मार्गका उपदेष्टा भएकोले उनीद्वारा प्रतिपादित धर्म सबैको लागि अवलम्बन गर्न सजिलो पर्ने छ। यति सब भैकन पनि अहिले जति देश वा जुन समुदाय बौद्धधर्म अवलम्वन गर्ने छन् तिनमा बुद्धको नाम जोडिए पनि उनको मूलभूत शिक्षा र सिद्धान्तभन्दा त्यो निकै फरक वनिसकेको छ। यसलाई कालगत प्रभाव भनौ या सुधारकहरूको समर्थन।

अर्को एउटा विचारणीय कुरा के छ भने कोशकार अमरसिंहले बुद्ध र शाक्यमुनिलाई अलग रूपमा उल्लेख गरेका छन्। वर्तमान नेपालको तिलौराकोटमा जन्मने शाक्यमुनि या शाक्यसिंह नै हुन् भन्ने कुरा अगाडिका शौद्धोदनि, मायादेवीसुतः जस्ता नामले सिद्ध गर्दछन्। त्यसो हुँदा बुद्धशब्द शाक्यमुनिको विशेषण हो या विशेष्य छुट्याउन अझै अनुसन्धानको आवश्यकता दर्शाउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक धर्म संस्कृतिमा अवतारवादको मान्यता सर्वसमर्थित छ। त्यसै अनुसार वैदिक र पौराणिक देवता विष्णुको दश अवतार चौबीस-अवतार प्रसिद्ध छन्। महाभारत शान्तिपर्व ३३९ अ. मा उल्लेख भएको दश अवतारमा बुद्धको उल्लेख भेटिन्न। अन्य परवर्ती पुराणमा बुद्धको उल्लेख पाइन्छ। दशौं शताब्दीतिरका महाकवि जयदेवले दश अवतार-को स्तुति गर्दा बुद्धको नाम र काम पनि अन्य अवतारको जस्तै समानै रूपमा उल्लेख गरेका छन्। यसको साथ 'बुद्धो नाम्न जितसुतः कोकटेषु भविष्यति' भनेर भागवतले जिनपुत्र बुद्धको जन्म कोकट देशमा हुनेछ भनेर अवतारको क्रममा जो उल्लेख गरेको छ ती बुद्ध र गौतमबुद्ध एकै हुन् कि अलगअलग त्यो पनि खोजीकै विषय रहेको छ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गंगा दशहरा

जीवन प्रणालीमध्ये प्रकृतिअनुकूल विधिव्यवहार गर्ने जीवन नै उत्तम र पवित्र जीवन हो भन्ने कुरालाई आधुनिक विचारक तथा परीक्षकहरूले पनि निर्विवाद रूपमा स्वीकारेका छन्। हुन त आधुनिक वैज्ञानिक प्रविधिको सहायताबाट सम्पन्न राष्ट्र र व्यक्तिले समेत प्रकृतिलाई पनि आफ्नो अनुकूल रूपमा मोडेका र मोड्न खोजेका पनि नदेखिएको होइन, तर त्यसरी मोड्नुबाट लिइने जुन अनुकूलता छ त्यसमा प्रकृतिको स्वच्छ एवं स्वाभाविकपन नभएर कृत्रिमताको मात्रा जोडिएको हुन्छ। आजभोलि विभिन्न नामले फैलिएका र फैलन सक्ने जुन किसिमका विभिन्न आधिव्याधि छन् तिनीहरूको मूल कारण बुझ्न खोज्दा कृत्रिम एवं अप्राकृत विविध वस्तुको प्रयोग नै प्रमुख कारण देखा पर्दछ। अतएव त्यस्ता कृत्रिमताजन्य दूषणबाट अलग रही स्वच्छ र पवित्र जीवन बिताउनु नै हाम्रो लागि बढी लाभदायक कुरा ठहर्दछ।

वार्षिक रूपमा मनाइने हाम्रा जो तिथि पर्वहरू छन् तिनीहरूले अधिक रूपमा प्रकृतिको स्वरूपसित परिचित भई त्यतातिर उन्मुख हुन प्रेरणा गर्छन्। ज्येष्ठशुक्लमा पर्ने गंगादशहरा उक्त रूपले वर्णित प्राकृतिक गुणसित मेल राख्तै पुण्य दिलाउने एक पर्व हो। यहाँ दुइ शब्द छन् गंगा र दशहरा। गंगा शब्द एक विशिष्ट नदीवाचक नामले प्रसिद्ध भएको कुरा हिन्दू समुदायका जोसुकैले प्रायः सुनेका हुन्छन्, जसको उत्पत्ति हिमालयको गंगोत्रीबाट भएको छ। ऋग्वेददेखिन् लिएर स्मृति, पुराण, स्तोत्रसाहित्य र लौकिकसाहित्य समेतमा गंगाको महत्त्व समान रूपमा वर्णित पाइन्छ। त्यसो हुँदा गंगासित हिन्दूजातिको सम्बन्ध वैदिककालदेखि नै रहेको कुरामा कुनै शंका वा द्विविधा छैन। नदीरूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गङ्गाको अवतरण किन र कसरी भयो भन्ने कुरामा प्रशस्त पौराणिक आख्यान प्रसिद्ध छन् । संक्षेपमा भन्दा सूर्यवंशी राजा सगरले अश्वमेध यज्ञ सम्पन्न गर्ने क्रममा छोडेको घोडा छली इन्द्रले हरेर तपस्वी कपिल-मुनिको आश्रम नजीक लगेर बाँधिदिन्छन् । अश्वसंरक्षणमा गएका सगरपुत्रले पछि खोज्दै जाँदा सांख्याचार्य कपिलमुनिको आश्रमनजीक घोडा देखेर उनैमाथि अश्वहरणको दोष चिताउँछन् । त्यसै मिथ्या-दोषले गर्दा उनीहरू आफ्नै शरीरबाट उत्पन्न अग्निले दग्ध बनी खरानी हुन्छन् । पछिबाट असमन्जसपुत्र अंशुमान (सगरका नाति) ले क्षमापन-पूर्वक कपिलको प्रार्थना गर्छन् र यज्ञको घोडा फर्काउँछन् । अंशुमान-को जिज्ञासाअनुसार सांख्याचार्य कपिलदेवले गङ्गाको जलस्पर्श भए मात्र भस्म भएका सगरपुत्रको उद्धार हुने कुरा बताए । यही थियो गङ्गानयनको मूल उपक्रम ।

गङ्गाशब्दसित जोडिएको दशहरा शब्दको अर्थ स्पष्ट पार्नु पनि यतिखेर आवश्यक छ । 'दश हरतीति' यस व्युत्पत्तिअनुसार दश किसिमको हरण गर्ने भन्ने कुरा यस शब्दबाट निस्कन्छ । हरण गरिने ती दश कुन हुन् भन्ने कुरामा शास्त्रीय निर्वचन के पाइन्छ भने हाम्रा शरीर, मन र वचनद्वारा हुने पाप दश किसिमका हुन्छन् । संक्षेपमा यिनीहरूको विभाजन यसरी गरिएको छ । पहिलो हो अदत्त उपादान । छोटकरीमा यसलाई चोरी भने हुन्छ । स्वेच्छया कसैले नदिएको वस्तु लिनु । दोस्रो हो अविधिपूर्वकको हिंसा । विधि र अविधि गरी हिंसाका दुइ रूप मानिएका छन् । तेस्रो हो परनारीसेवन, अर्थात् व्यभिचार । यी तीनलाई शारीरिक याने शरीरद्वारा हुने पापमा गनिएको छ ।

वचनद्वारा हुने पापको संख्या मानिएको छ चार– रूखो, झूटो, छुल्याइ गर्ने र असम्बद्ध बकवास । परसम्पत्तिमा लालचा राख्नु, अनिष्ट चिन्तन गर्नु, इष्ट लाग्ने वस्तुसित वियोग नहोओस् भन्ने अभिलाषा राख्नु यी तीनलाई मानस पापमा गणना गरिएको छ । उक्त दश किसिमका पापलाई नाश गर्ने भएकोले यस दिनलाई दशहरा भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यही कुरा हेमाद्रिमा ब्रह्मपुराणको वचन उद्धृत गर्दै भनिएको छ–

ज्येष्ठे मासि सिते पक्षे दशमी हस्तसंयुता।
हरते दशपापानि तस्माद्दशहरा स्मृता ।।

यो त भयो दशहरा नामकरणको अर्थ। वस्तुतः यस दिनको महत्त्व गङ्गाको भूतलमा अवतरण हुनुले मानिएको छ। सगरवंशका तेस्रा भगीरथको प्रयास र भगवान् विष्णुको आज्ञाअनुसार आजकै दिन जगत् पावनी गङ्गा यस धराधाममा अवतीर्ण भएकी थिइन्– अवतीर्णा यतः स्वर्गाद् हस्तर्क्षे च सरिद्वरा।

जुनसुकै विशिष्ट व्यक्तित्वको प्रादुर्भाव या उत्पत्ति भएको दिनले सामाजिक क्षेत्रमा धेरथोर मान्यता र महत्त्व राखी आएको कुरा सर्वत्र प्रसिद्ध छ।

प्रादुर्भाव या प्रकट हुने व्यक्तिको व्यक्तित्वले जति ठूलो प्रभाव-क्षेत्र कायम गर्न सकेको छ त्यसको महत्त्व पनि त्यत्तिकै बढी हुने कुरा स्मरणीय छ। ज्ञान–विज्ञान, धर्म संस्कृति, कला आदिको माध्यमले त्यस्ता व्यक्ति प्रकाशमा आएका पाइन्छन्।

गङ्गाको प्राथमिक अवतरण दग्ध भएका सगरपुत्रको उद्धारका लागि भएकोले त्यहाँ परोपकारिताको भाव स्पष्ट देखिन्छ। त्यसको अतिरिक्त दर्शन, स्पर्शनको अभिलाषा लिएर आउने जोसुकैलाई पुण्य-भागी तुल्याउने अनि त्यसरी आउन नसक्नेको मुखबाट नामग्रहण मात्र भए पनि सुगति दिने गङ्गाको महत्त्व अवर्णनीय छ।

वैदिकधर्म, संस्कृतिका अनुयायी हिन्दूहरूको गङ्गाप्रति देखिएको बहुमुखी लगावले भारतमा बेला मौकामा आएका र सावधिक रूपमा शासक समेत भएका इतरधर्मावलम्वीहरूलाई निकैपल्ट सशंकित तुल्यायो। यस किसिमको शंका समाधानको लागि गङ्गाजलको परीक्षण गरेर हेरियो।

परीक्षणबाट के कुरा पत्ता लाग्यो भने गङ्गा जलमा धेरैकाल राख्ता पनि कीटाणु नपर्ने रहेछ। त्यति मात्र होइन कीटाणुयुक्त वस्तु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गङ्गामा हालेमा छघण्टाभित्र त्यो कीटाणु रहित हुने रहेछ। यस्तो वस्तुतथ्य पत्ता लागेपछि उनीहरूको शंका समाधान भयो।

गङ्गा दशहराको दिन गरिने विशेष कृत्यमध्ये गङ्गास्नान नै सबभन्दा बढी महत्त्व राख्ने कृत्य हो भन्नु अत्युक्ति पर्दैन। यहाँनिर बुझ्नुपर्ने अर्को कुरा के छ भने आजको दिन गङ्गास्नान गर्नु भन्नाले भागीरथी गङ्गा मात्र नभएर जुनसुकै विशिष्ट नदीको स्नान संझनुपर्छ। त्यसमा पनि हिमनदीको स्नानले बढी महत्त्व राख्तछ। यो केवल मौखिक कथन मात्र नभएर शास्त्रीय मान्यताअनुसारकै कुरा हो। त्यसैले भनिएको छ– "यां काञ्चित् सरितं प्राप्य दद्यादर्घ्यं तिलोदकम्" अर्थात् जुनसुकै नदीमा स्नान गरेर तिलद्वारा अर्घ्यदान गर्नु। त्यसपछि चन्दन, अक्षता, फूल, धूप, बत्ती, नैवेद्य आदि पूजायोग्य सामग्रीद्वारा नदीको पूजा गर्नुपर्छ। याद गर्न लायक कुरा के छ भने आजको दिन अर्पण गरिने वस्तु दश संख्याको हुनुपर्छ। दश किसिमको पाप नाश गर्नलाई अर्पण गरिने वस्तुको संख्या दश हुनु स्वाभाविकै देखिन्छ। पापका दश संख्या मनुस्मृति १२ अ०मा उल्लेखित छन्।

पूजा गर्दा औगात या क्षमताअनुसार सुन, चाँदी, माटो वा पीठोको प्रतिमा बनाई पूजा गर्ने विधान छ। पूजामा गङ्गाको साथै गङ्गासित सम्बन्ध राख्ने ब्रह्मा, विष्णु, महेश्वर, हिमालय र भगीरथको पनि अंगरूपमा पूजा गरिन्छ। पूजाको साथ दश मुठी कालो तिल र दश मुठी जौ दान गर्ने विधान छ। पूजापछिको प्रार्थना यस्तो छ–

नमः शिवायै प्रथमं नारायण्यै पदं ततः।
नमः शिवायै गङ्गायै शिवदायै नमो नमः।
नमस्ते रुद्ररूपिण्यै शांकर्यै ते नमो नमः॥ आदि।

शरीरधारी जोसुकै व्यक्ति आधिव्याधिले वेलामौका ग्रस्त हुनु स्वाभाविक मानिन्छ। त्यसरी ग्रस्त बन्दा औषधोपचार गरी स्वास्थ्य लाभ गर्न विभिन्न औषधि प्रयोग गर्नु उपयुक्त कुरा हो। तर हिन्दू धर्मावलम्बीको अन्तिम औषधि र वैद्यचाहिं गङ्गाजल र नारायण नै हो। त्यसैले भनिएको छ– "औषधं जाह्नवीतोयं वैद्यो नारायणो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरि:" यो अन्तिम औषधि र वैद्यलाई पछिसम्म नपर्खी वेलैंदेखि प्रयोग गर्ने र संकने बानी बसाल्नुपर्छ, त्यसो भए अन्त्यमा पछुताउनु पर्दैन। दशहराको दिन दशथरी वस्तु मिलाएर तरकारी खाने पनि यहाँको चलन छ।

पौराणिक साहित्यमध्ये देवीभागवत नवम स्कन्धमा गङ्गाको चरित्र विशेष रूपमा उल्लेख भएको छ। स्तुति साहित्यअन्तर्गत आदि-कवि वाल्मीकिद्वारा रचित गङ्गाष्टक पनि छ। पण्डितराज जगन्नाथ-को गङ्गालहरी र विद्वच्छिरामणि कुलचन्द्र गौतमको गङ्गागौरव शब्दलालित्य र भावगाम्भीर्यको दृष्टिले अति सुन्दर गङ्गास्तोत्र हुन्। गङ्गा किनारमा प्राण छोड्ने जोसुकैले विष्णुपद प्राप्त गर्छ भन्ने शास्त्रीय कथन छ। जो त्यसरी किनारमा पुग्न सक्तैनन् उनी-हरूले शयौं योजन परबाट नाम मात्र उच्चारण गरे पनि पाप मुक्त बन्दछन् भन्ने पनि प्रसिद्धि छ–

गङ्गा गङ्गेति यो ब्रूयाद्योजनानां शतैरपि।
मुच्यते सर्वपापेभ्यो विष्णुलोकं स गच्छति।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरिशयनी

आषाढशुक्ल एकादशी हरिशयनीको नामले सर्वत्र प्रसिद्ध छ। एकादशीलाई हरिवासरपर्व पनि भनिन्छ। किनभने यस दिनको सम्बन्ध भगवान् विष्णुसित विशेष रूपले रहेको मानिन्छ। एकादशी या हरिवासरपर्वको सम्बन्धमा पौराणिकग्रन्थ एवं स्मृतिकारहरूले जति विस्तारपूर्वक उल्लेख गरेका छन् त्यति अरू पर्वको सम्बन्धमा शायदै गरेका होलान्। यसरी वहुविध रूप बाट उल्लेख हुनुले के बुझिन्छ भने तिथिहरूमा एकादशीको शीर्षस्थान छ। सामान्यत: सबै र तिनमा पनि चतुर्मासअन्तर्गतका एकादशीको महत्त्व विशेषरूपमा उल्लेख भएको पाइन्छ।

आषाढशुक्लको हरिशयनी चातुर्मास्यव्रत शुरू हुने दिन भएकोले यस सम्बन्धमा केही उल्लेख गर्नु सन्दर्भसम्मत कुरा ठहर्नेछ। "व्रतं कृणुत व्रतम्" आदि रूपले व्रतको उल्लेख वेदका धेरै ऋचाहरूमा भएको छ। श्रीदत्तले अभीष्ट कर्ममा प्रवृत्त हुने संकल्पलाई व्रत रूपमा उल्लेख गरेको छन्। व्यावहारिक प्रयोगलाई दृष्टिगत गरी कोशकार अमर सिंहले व्रत र नियमलाई पर्यायवाची मानेका छन्।

कायिक, वाचिक र मानसिक गरी व्रतलाई तीन भागमा विभाजन गरिएको छ। तीमध्ये घातक हतियारको प्रयोग, अन्तरिन्द्रियमा वाधा, व्यभिचार र हिंसा जस्ता कुरा नगर्नुलाई शारीरिक व्रत भनिन्छ। सत्य, परिमित, हितकर, मधुर, पिशुनता (छुल्याई) र निन्दा नगर्ने वचनको व्यवहारलाई वाचिक अर्थात् वचनको व्रत भनिन्छ। मनलाई प्रसन्न राख्ने प्रयास, शान्तभाव, निर्वैरता र आत्मसंयमलाई मानस व्रत भनिन्छ। तत्त्वदर्शी महर्षिहरूले जागरणको उषाकालमा साधनामय जीवनद्वारा पत्ता लगाएका हितकर तथ्य मध्येको एक उपलब्धि हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्रत । यसले मानिसको शारीरिक र मानसिक परिशुद्धिको लागि कतिपय नियमको अवलम्बन आवश्यक भएको कुरा निर्विकल्प रूपमा स्पष्ट पार्छ ।

'व्रतको अवलम्बनले दृष्ट र अदृष्ट दुवै अंशसित सम्बन्ध राख्तछ । त्यसैले दृष्ट रूपमा अरुचि, अजीर्ण, उदरशूल जस्ता साधारण र उपदंश, जलोदर, राजयक्ष्मा जस्ता दु:साध्य रोग शमन हुनुको साथै अदृष्ट रूपमा परमार्थप्राप्तिको मार्ग प्रशस्त बन्नु व्रतको प्रतिफल हो, त्यसैले यसको सम्बन्ध एकपक्षीय रूपमा मात्र स्वीकार्नु वस्तुगत यथार्थतासित परिचित नहुनु हो भन्ने कुरा ठान्नुपर्छ ।

प्राचीनकालमा अन्य महत्त्वपूर्ण कुराको साथ सुसन्तान प्राप्तिको लागि पनि व्रतको अनुष्ठान गरिएका अनेक उदाहरण पाइन्छन् । देवमाता अदितिले आफ्ना पुत्रहरूको दुरवस्था निवारणको लागि पति कश्यपको उपदेशअनुसार एक व्रत गरेकी थिइन्, जुन व्रतको नाम थियो पयोव्रत । यस व्रतको प्रभावले अजेय दानवराज बलिलाई संग्राम विना नै पराजित पार्न भगवत्‌अवतार रूप वामनलाई उनले पुत्ररूपमा प्राप्त गरेकी थिइन् । अर्की कश्यपपत्नी दितिले पनि पुंसवन नामको कठोर व्रत आरम्भ गरेकी थिइन् तर त्यो बीचैमा विघ्न परेर पूरा हुन पाएन । रघुकुलका प्रसिद्ध राजा दिलीपले कुलगुरु वशिष्ठको आज्ञाअनुसार कामधेनुकी पुत्री नन्दिनीको सेवा गर्ने व्रत गरेर कुलदीपक पुत्र रघुलाई प्राप्त गरेका थिए । रामको साथ वन जाने सुमित्रापुत्र लक्ष्मणले बाह्र वर्षसम्म नखाने र नसुत्ने व्रत गरेपछि मात्र मेघनाद(इन्द्रजित) लाई विजय प्राप्त गर्ने शक्ति हासिल गरे ।

साधारणतया व्रतले मानिसको आत्मा पवित्र बन्छ, संकल्पशक्ति विशुद्ध हुन्छ, बुद्धि विकसित बन्छ, विचार वृद्धिका साथै भावना शुद्ध हुन्छ । उक्त सबै शुद्धिको प्रतिफल हो आत्मोन्मुखता या परमात्मप्राप्तिको स्वरूप योग्यता । हुन पनि जीवनमा गरिने जुनसुकै कर्म यदि त्यो दु:खमय संसारबाट मुक्ति दिलाउने धर्मको लागि, इन्द्रियलाई विकृतिबाट जोगाउने विरागको लागि अथवा तीर्थफलको सेवाको लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदैन, त्यस्तो कर्म गर्ने व्यक्तिको सासफेराइ वस्तुतः सासफेराइ होइन। भनिएको पनि छ–

नेह यत्कर्म धर्माय न विरागाय कल्पते ।
न तीर्थफलसेवायै जीवन्नपि मृतो हि सः ।।

व्रत नित्य र काम्य गरी दुइ किसिमका हुन्छन् । कुनै कामना पूर्तिको लागि गरिने व्रतलाई काम्य व्रत भनिन्छ र विना कामना पनि गर्नैं पर्नेलाई नित्यव्रत भनिन्छ। त्यसमध्ये एकादशीको व्रतलाई नित्य-व्रतमा गणना गरिएको छ। अतएव यो वैदिकधर्मावलम्वी जोसुकैको लागि अनुष्ठेय अर्थात् गर्नुपर्ने ठहरिन्छ।

व्रत र उपवास दुवै अलग हुन् । यिनमा पहिलो अर्थात् व्रत गर्दा हविष्यान्न वा फल पछिल्लो प्रहरमा भोज्य रूपले ग्रहण गरिन्छ । तर उपवासमा त्यो कुरा हुँदैन। किनभने उपवास भनेपछि त्यहाँ कुनै खाद्य वस्तु ग्रहण गर्ने कुरा आउँदैन, त्यसैले यो पहिलोभन्दा बढी कठिन हुन्छ। निषेधपरिपालन र व्रतको रूपमा यसको अर्को पनि परि-भाषित रूप छ । तोकिएको तिथिमा निषेध गरिएका वस्तुहरू ग्रहण नगर्नु निषेध परिपालन हो भने निराहार रहनु व्रत। तर याद राख्नु पर्ने अर्को यौटा कुरा के छ भने केवल नखानुले मात्र व्रत गरेको ठहर्दैन। किनभने विपन्न वा आर्थिक दुरवस्थाले नखाइरहँदा त्यो व्रतमा गणना गरिदैन। त्यसैले व्रती व्यक्तिको लागि आफ्नो वर्ण र आश्रमअनुसार-को आचारपालन, मनको शुद्धता, अलुब्धभाव, क्षमाशील स्वभाव इन्द्रियनिग्रहका साथै देवपूजा र हवन जस्ता कुरा पनि अंगरूप ठहरिन्छन्–

देवपूजाग्निहवनं सन्तोषः स्तेयवर्जनम् ।
सर्वव्रतेष्वयं धर्मःसामान्यो दशधा स्मृतः ।।

अतएव व्रत गर्दा यस्ता कुरालाई पनि आचाररूपमा ग्रहण गर्नु पर्ने हुन्छ।

जहाँसम्म एकादशी व्रतको महत्त्व दर्शाउने प्रसंग छ त्यस सम्बन्धमा कतिपय शास्त्रकारहरूले अत्युक्तिको सीमा पार गरेको पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नदेखिने होइनं । तर ती सबको एउटै लक्ष्य के देखिन्छ भने यस व्रत-लाई समर्थ सबैले कर्तव्य रूपमा अनुष्ठान गरून् । किनभने जुनसुकै व्रतपर्व, पुण्यकर अनुष्ठान तथा देवाराधनसित प्रासंगिक रूपले जोडिएका केही प्रशंसापरक वाक्यहरू हुन्छन् जसलाई शास्त्रीय भाषामा अर्थवाद भनिन्छ । अर्थवादको लक्ष्य हो त्यस अनुष्ठानको महत्त्व दर्शाएर व्यक्तिलाई त्यसमा प्रवृत्त गराउन प्रेरित गर्नु । अतएव यस्ता प्रशंसापरक वाक्यलाई औषधीको अनुपानसित तुलना गरिएको छ । औषधीको गुणलाई अनुमानको मेलनले बढी सक्षम र अनुकूल तुल्याउन मद्दत गर्दछ ।

एकादशी व्रतमा अन्न नखाने विधान शास्त्रकारले गरेका छन् । त्यसमा कारण के बताइएको छ भने यस दिन सम्पूर्ण पाप गएर अन्नमा बस्तछन् । अरू त्यसमा पनि विशेष गरी भातमा–

सत्यं सर्वाणि पापानि ब्रह्महत्यादिकानि च ।
सन्त्येवौदनमाश्रित्य श्रीकृष्णव्रतवासरे ।।

अतएव सकभर यस दिन अन्न नखानु र उति पनि नभए र नसके चामलको भातचाहिं नखानु । गहुँ या जौको पीठो, फल र दूध क्रमिक-रूपमा उत्तम मानिन्छन् । वस्तुगतगुण अनुसार यस्तो विधान भएको हुनुपर्छ ।

एकादशी सम्बन्धी चर्चा बडो विस्तृत भएकोले संक्षेपमा यति संकेतपछि अब हरिशयनीबारे केही उल्लेख गरिन्छ । आषाढशुक्ल एकादशीको रातदेखि कार्तिकशुक्ल एकादशीतक चार महीना भगवान्-विष्णु शेषमा शयन गर्नुहुन्छ भन्ने मान्यता छ । त्यसै भएर शयन गर्ने दिनलाई हरिशयनी र जागरण हुने या उठ्ने दिनलाई हरिबोधिनी भनिन्छ । सुत्ने मात्र नभै बीचमा कोल्टे समेत फर्कने दिन पनि निश्चित छ, जसलाई हरिपरिवर्तिनी एकादशी भनिन्छ । यस किसिमले शयन गर्ने कुरा ब्रह्मा, कामदेव, विश्वकर्मा, गणेश, लक्ष्मी, पार्वती आदि देवदेवीमा पनि प्रसिद्ध छ । विष्णुशयन गर्ने कुराको प्रसिद्धि महाकवि कालिदासले समेत उल्लेख गरेकोले दुइहजार वर्ष उतादेखिकै यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्यता कायम हुँदै आएको देखिन्छ । विष्णुले शयन गर्ने चार महीना-सम्मको व्रत या नियमलाई चातुर्मास्य व्रत भनिन्छ । जुन व्रत शुरूमा संकल्पपूर्वक आरम्भ गरी अन्त्यमा समाप्त गरिन्छ । चतुर्मासभर एउटा बिरुवा रोपी हुर्काउने, त्यसको पूजा आराधना गर्ने र अन्त्यमा उद्यापन गरी समाप्त पार्ने पनि चलन छ । यस बिरुवाको नाम हो तुलसी । तुलसीको उत्पत्ति सम्बन्धमा अनेक कथानक प्रसिद्ध छन् । तिनमा एक कथानकअनुसार सतीवृन्दाको श्राप परेका विष्णुको आकार रूप हो । विष्णु या कृष्ण पूजाको लागि तुलसीपत्र आवश्यक मानिन्छ । शारीरिक उपचारका बहुविध क्षेत्रमा तुलसीको प्रयोग गर्न सकिन्छ ।

टिप्पणी

अन्त्यमा व्रत बारे प्रकाश पार्ने केही शास्त्रीय वचन–

(क) व्रतोपवासनियमैः शरीरोत्तापनैस्तथा ।
वर्णाःसर्वेऽपि मुच्यन्ते पातकेभ्यो न संशयः ।। (हेमाद्रि व्रतखण्ड)

(ख) एकादश्यां निराहारः स्थित्वा चाहं परेऽहनि ।
भोक्ष्येऽहं पुण्डरीकाक्ष शरणं मे भवाच्युत ।। (नारद पूर्वार्ध)

(ग) अज्ञानतिमिरान्धस्य व्रतेनानेन केशव ।
प्रसीद सुमुखो भूत्वा ज्ञानदृष्टिप्रदो भव ।। (नारद पूर्वार्ध)

(घ) अहिंसा सत्यमस्तेयं ब्रह्मचर्यमकल्पता ।
एतानि मानसान्याहुर्व्रतानि हरितुष्टये ।।
एकभुक्तं तथा नक्तमुपवास मयाचितम् ।
इत्येवं कायिकं पुंसां व्रतमुक्तं नरेश्वर ।।
वेदस्याध्ययनं विष्णोःकीर्तनं सत्यभाषणम् ।
अपैशून्यमिदं राजन् सात्त्विकं व्रतमुच्यते ।। (पद्मपुराण)

(ङ) नास्ति स्त्रीणां पृथग्यज्ञो न व्रतं नाप्युपोषणम् ।
पतिं शुश्रूषते येन तेन स्वर्गे महीयते ।। (मनु)

(च) पत्यौ जीवति या योषिदुपवासं व्रतं चरेत् ।
आयुः सा हरते भर्तुर्नरकं चैव गच्छति ।। (विष्णुधर्मसूत्र)

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुपूर्णिमा तथा व्यासजयन्ती

शीर्षकअनुसार यस लेखमा गुरुशिष्य सम्बन्धी केही चर्चा गर्नु प्रासंगिक कुरा ठहरिनेछ। हुन त आज हामी जुन किसिमको सामाजिक, आर्थिक र भौतिक स्थितिमा अवस्थित छौं यतिखेर ती प्राचीनकालका गुरुशिष्यसम्बन्धी घटना र परिचर्चा के उपयोगी, अनुकरणीय र आकर्षक होलान् भन्ने प्रश्न पनि नउठ्ने होइन। तर यसको साथै अहिलेको शिक्षा र शिक्षण संस्थाको उपयोगिता तथा उद्देश्य के हो ? भन्ने प्रश्न पनि उठ्न सक्छ। यसको उत्तरमा एक व्यक्ति, वर्ग वा समुदायले साधना र श्रम गरेर आर्जेको ज्ञान, शीप र अनुभव अर्को वर्ग वा समुदायमा पुऱ्याउनु नै हो भन्नै पर्ला। जब त्यसरी पुऱ्याउनु पर्ने आवश्यकता हुन्छ भने गुरुशिष्य बीचको सम्वन्ध पनि यथावत् रूपको मान्नै पर्छ।

समसामयिक रूपको उत्तेजक र उच्छृङ्खल प्रभाव, युवत्वको प्रारम्भिक जोश र समझदारीको कमी जस्ता कुराले व्यक्ति शुरूमा जुन किसिमको विधिव्यवहार गर्न तम्सन्छ र त्यसो गर्न संकोच मान्दैन भोलि गएर ती सब कुराको परिणाम भोग्नुपर्दा उसैलाई पछुताउ लाग्न सक्ने हुन्छ। कुनै पनि देशको शिष्टता र समझदारी तब मात्र मान्न सकिन्छ जबकि उसको उत्तर पिढीले कुनै दुःखदायी दुष्परिणाम भोग्न नपरोस्। विनय, शिष्टता वा विद्याको सम्वन्धमा नीतिज्ञ कौटिल्य भन्छन्– "क्रिया हि द्रव्यं विनयति नाद्रव्यम्" अर्थात् कुनै पनि व्यक्ति वा वस्तुमा प्रयोग गरिएको क्रियात्मक स्वरूप तब मात्र सफल बन्छ जब त्यो प्रयोग गरिने व्यक्ति वा वस्तु उपयोगी एवं लायक छ। अतएव उपयोगिताको पहिलो परिचायक भएको व्यक्तिमा मानव लायक स्वभाव हुनु हो विद्याको पहिलो सफलता।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कस्ता व्यक्तिमा प्रयोग गरिएको विद्या विशेष रूपले सफल हुन्छ यस सम्बन्धमा पनि कौटिल्यले भनेका छन्– जसमा सेवात्मक भाव छ, सुन्ने सावधानी छ, लिन सक्ने स्वभाव छ, धारणा गर्ने बानी छ, छलफल गर्ने क्षमता छ र जिज्ञासाको तीव्रता छ त्यस्तै व्यक्तिमा विद्या प्रतिफलित हुन्छ, जो कोहीमा होइन । यहाँनिर स्पष्ट पार्नु पर्ने एउटा कुरा के छ भने कुनै भाषा बोल्न जान्नु, पुस्तकका पंक्ति बाँच्नु र कलात्मक रूपले मूर्तरूप दिन जान्नुले मात्र विद्या प्रतिफलित भएको मान्न सकिँदैन । यसको लागि त व्यक्तिको आन्तरिक विचारधारा नै माझिनुपर्छ, ग्राह्य वा कर्तव्य र अग्राह्य एवं अकर्तव्य छुट्ट्याउन सक्ने हुनुपर्छ । गीतामा भगवान् भन्नुहुन्छ "विद्याविनयसम्पन्ने" अर्थात् विद्या र विनयले सम्पन्न भएको । यसबाट के बुझिन्छ भने विद्या तव मात्र शोभित बन्छ जब त्यो विनय सम्पन्न हुन्छ । यहाँ विनयको अर्थ हीन वा लघुताभास होइन किन्तु हो शिष्टतापरिपालन पूर्वकको मर्यादित रूप ।

यता गुरुको गुरुत्व पनि तब मात्र सार्थक बन्छ जब ऊ विद्या मात्र होइन विनय पनि दिन सकोस्, शिष्टता समेत सिकाउन सकोस् । अरू त्यसभन्दा अघि बढेर अन्धकारमा रुमलिएको व्यक्तिलाई ऊ आलोकमय मार्ग दर्शाउन सकोस् । यसैमा गुरु शब्दको सार्थकता छ । पदगत अर्थ बारे भनिएको छ–

'गु' शब्दस्त्वन्धकारः स्याद् 'रु' शब्दस्तन्निवारकः ।
अन्धकारनिरोधित्वाद् गुरुरित्यभिधीयते ॥

कसैले गुरुको तुलना पारसमणिसित गरेका छन्, जसको स्पर्श पाएमा फलाम सुन बन्छ । तर आचार्यशंकरले त्यस कुराको खण्डन गर्दै भनेका छन् "दृष्टान्तो नैव दृष्टस्त्रिभुवनजठरे सद्गुरोर्ज्ञानदातुः" अर्थात् भनाइको तात्पर्य के हो भने पारसमणिले त छोए मात्र फलामलाई सुन बनाउँछ, तर गुरुले त्यसरी छुनु पर्ने जरूरत छैन, अलग वा टाढै रहेर पनि व्यक्तिलाई वचनरूपी आलोकद्वारा अन्तर्हृदय प्रकाशित पारिदिन सक्छन् ।

सत्यमार्गबाट विचलित नहुने, शिष्टता र शील नछोड्ने, विद्वेषको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावना नलिने किसिमका "सत्यान्न प्रमदितव्यम्" "कुशलतान्न प्रमदितव्यम्" "मा विद्विषावहै" जस्ता गुरुशिष्यको माध्यमबाट अभिव्यक्त उपदेश पुरानो भएको ठानेमा यी दुइ (गुरु शिष्य) बीच कस्तो नवीन-सम्बन्ध सूत्र कायम राख्ने हो निर्धारित हुनु आवश्यक छ ।

गुरुत्व र शिष्यत्वको भावलाई केवल विद्यालय र महाविद्यालय-सम्म मात्र सीमित रहन दिन र ठान्न हुँदैन । किनभने यो त जीवनको समष्टि क्षेत्रमा कुनै न कुनै रूपले सम्वद्ध रहेको हुन्छ, जसलाई बुझ्दै र प्रयोग गर्दै रहनुपर्छ । साथै पुस्तकवाचन गर्ने सामर्थ्य भएका र प्रमाणपत्रको उपाधि पाएकालाई गुरुको निर्देशन चाहिंदैन भन्नु वस्तु-स्थितिको अपलाप गरेको ठानिनेछ । किनभने स्वयं गुणी र अध्ययनबाट ज्ञानार्जन गरेका रामलाई वेला अवस्था गुरु वशिष्ठ निर्देशन दिंदै रहन्छन् । शिक्षा–दीक्षाले परिपक्व बनिसकेका पाण्डव वन गएको वेला गुरुसान्निध्यलाई यथावत् कायम राख्न ऋषि धौम्यलाई गुरु बनाउँछन् । विद्यार्थीजीवन उच्चकोटिको रूपमा सम्पन्न गरी शिवलाई रिझाएर पाशुपतास्त्र प्राप्त गरिसकेका अर्जुन क्षत्रियको प्रमुख कर्तव्यरूप संग्राममा सरीक बन्दा कर्तव्य र अकर्तव्य छुट्ट्याउन नसकी कृष्णको सामु निवेदन गर्दछन्– "शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम्" । त्यसरी समर्पित अर्जुनलाई कृष्ण यति सशक्त कर्तव्यको उपदेश गर्दछन् कि जसको अनुसरण नगरेमा त्यसको परिणाम सर्वनाश हुनेछ "अथ चेत् त्वमहंकारान्न श्रोष्यसि विनङ्क्ष्यसि ।'

धर्मराज युधिष्ठिर महाभागवत भीष्मसित प्रश्न गर्छन्– तपाईं कस्तो व्यक्तिलाई रुचाउनुहुन्छ ? यसको उत्तरमा भीष्म भन्छन्–

विद्यास्वभिविनीतानां दान्तानां मृदुभाषिणाम् ।
श्रुतवृत्तोपपन्नानां सदाक्षरविदां सताम् ।।

अर्थात् जसले विद्याअध्ययन गरेका छन् र तदनुकूल शिष्टताले पनि सम्पन्न छन्, जसको वचन मधुर छ विद्याअनुरूप चरित्र पनि निर्मल छ अनि जो अक्षरतत्त्वलाई जान्छन् त्यस्ता व्यक्ति नै मेरो लागि अतिप्रिय छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारतका अर्का प्रबुद्धपात्र विदुर भन्छन्– "अविद्य:पुरुष: शोच्य:" अर्थात् समाजमा सबभन्दा बढी चिन्ता लिनुपर्ने व्यक्ति ती हुन् जो विद्याबाट वंचित छन् । किनभने जो विद्यावाट वंचित छन् ती कर्तव्याकर्तव्य छुट्टयाउन असमर्थ रहन्छन् ।

गुरुले अध्यापन गराइने विषय के के हुन् र त्यसरी अध्यापन गराएपछि शिष्यको स्वरूप कस्तो हुनुपर्छ यस सम्वन्धमा महर्षि याज्ञवल्क्यले जो भनेका छन्, त्यसले जुनसुकै वेलाको गुरुशिष्यसम्बन्धी यथार्थतालाई अभिव्यक्त गरेको पाइन्छ । उनी भन्छन्– जुनसुकै गुरुले विद्यार्थीलाई त्यस्तो विद्या पढाउनुपर्छ जसवाट भविष्यमा गएर ऊ वैगुनी होइन अपितु गुन संझने कृतज्ञ सावित होओस् । साथै अध्ययन गरेको व्यक्ति समाजको द्रोह होइन दया गर्ने, अधीत विषयलाई उपस्थित राख्ने र बाहिर भित्र समान रूपले व्यवहार गर्ने, स्वभावैले आधिव्याधिजस्ता रोगवाट जोगिन सक्ने, अरूको दोषभन्दा गुण अवलम्वन गर्ने स्वभाव भएको, चरित्रवान्, यथार्थवक्ता, सबैसित वन्धुता राख्ने र सामर्थ्यअनुसार आर्थिक सहयोग गर्नुपर्दा पछि नपर्ने रूपको सावित होओस् ।'

यहाँ प्रदर्शित दुइ-चार उदाहरणले प्राचीनकालको मात्र गुरुशिष्य सम्बन्ध आदर्श र अनुकरणीय थियो भन्ने कुरा होइन । एशियाटिक सोसाइटीका संस्थापक र अनेकौं संस्कृतसाहित्यका अनुवादक सरविलियम जोन्सले संस्कृत पढ्दा गुरुको निर्देशन वमोजिम खाने, लाउने, विधिव्यवहार गर्ने र सोचविचार गर्ने कुरामा समेत जुन किसिमको शिष्टता दर्शाएका थिए त्यस्ता अनेक उदाहरणबाट आजभोलि पनि त्यस किसिमको विधिव्यवहार सम्भव छैन भन्ने कुरा होइन । आवश्यकता छ विद्याप्राप्तिको लागि लालसा र समर्पणको दृढता । त्यसैमा यस पर्वको यथार्थता दर्शिन्छ ।

गुरुपूर्णिमाको साथ यो दिन व्यासजयन्तीको रूपमा पनि प्रसिद्ध छ । "कृष्णं वन्दे जगद्गुरुम्" भनेर निर्विकल्परूपले श्रीकृष्णलाई जगत्गुरुको आसनमा वसाउने व्यास आफू दोस्रो स्थानका गुरु देखिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मजात अवस्थादेखि तपस्यारत रही साधना पूरा गर्ने कृष्णद्वैपायन व्यासले वेदको विभाजन, महाभारत र पुराणहरूको निर्माण गरी भावी सन्ततिलाई ऐहिक र पारलौकिक दुवै जीवनमार्ग प्रशस्त पारिदिएका छन् । "न हि मानुषाच्छ्रेष्ठतरं हि किञ्चित्" भनेर मानिसलाई देवताभन्दा पनि माथि राख्ने, "पाणिवन्तो वलवन्तो धनवन्तो न संशयः" भनेर पुरुषार्थको महिमा गाउने व्यास "धर्मादर्थश्च कामश्च" भन्दै अर्थ र कामको आर्जन र उपभोग धर्ममूलक रूपमा हुनुपर्छ भनी चिच्याइरहेछन् । तर अरू होइन उनकै उत्तराधिकारी सन्ततिले पनि यस कुरामा निकै समयदेखि केही र अहिले त सम्पूर्ण रूपमा लापर्वाही गरेका छन् । जसको प्रतिफल सर्वत्र द्वेष, हिंसा, कलह, तस्करीको जगजगी बढ्दै गएको छ । आफ्नो लागि अप्रिय र अहितकर कुरा अरूलाई पनि नगर्नु नै वस्तुतः धर्माचरण हो भनेर परिभाषित गर्ने व्यासले अठारै पुराणको साररूपमा परोपकारबाट पुण्य र परपीडनले पाप हुने सार कुरा वताएका छन् । त्यसैले व्यासका हामी अत्यधिक ऋणी छौं । उनका आदेशको मर्म बुझी यत्किञ्चित् रूपमा अनुसरण गर्न सके पनि हाम्रो कल्याण हुनेछ, उनको जयन्तीमा संझन लायक कुरा यही हो ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्कट संक्रान्ति

मानिसको आयुमान सम्बन्धमा नीतिकार भर्तृहरि भन्छन्- "आर्युवर्षशतं नृणां परिमितं रात्रौ तदर्धं गतम्" आदि । अर्थात् मनुष्यको आयु साधारणत सय वर्षको हुन्छ । हाम्रो जस्तो समाजमा पूरै सयवर्ष बांच्नेको संख्या बडो कम मात्र पाइन्छ । लगभग एक हातको औंलामा गन्न पनि मुश्किलैले पुग्ने किसिमको मात्र । सम्झौं एकछिनलाई सय वर्षकै आयु भएछ रे । त्यसमा आधा समय रात भएकोले त्यो सुतेरै बित्तछ, बाँकी पचास वर्षमा बाह्र-पन्ध्र वर्ष कच्चै उमेर हुने भएकोले त्यतिखेर जीवनको लक्ष्य बुझ्न सक्ने योग्यता नै आइसकेको हुँदैन । उता साठी वर्षभन्दा मास्तिर लागेपछि पनि बढी श्रम गर्न गह्रौं पर्छ । त्यसो हुंदा समझदारी पूर्वकको सक्षम जीवन त केवल १५-२० वर्षको देखिन आउँछ । त्यसमा पनि बीच बीचमा पर्न आउने आधि-व्याधि, विघ्नवाधाका कुरा र जीवन संग्रामका कठिनाइ त छदैछन् । उक्त सब कुराको अतिरिक्त आत्मगत संस्कारले कति साथ दिएको हुन्छ र त्यस संस्कारलाई उद्बुद्ध तुल्याउदै परिष्कृत पार्न समसामयिक वातावरणले कति साथ दिएको छ त्यसबाट पनि व्यक्तिको जीवन अगाडि वा पछाडि पर्न सक्छ ।

अर्को ठाउँमा नीतिकार भन्छन् सौभाग्यवश अनुकूलता मिलेको, भोग्यसामग्री प्राप्त गरेका व्यक्तिहरू भन्ठान्लान् मैले खूब भोग भोगें, आनन्द प्राप्त गरें आदि । तर यो उनीहरूको भूल हो । किमभने भोग्य सामग्रीको उपयोग गर्दै जांदा उसको आयु पनि भुक्तान हुँदै छोटिएर गैसकेको हुन्छ । यसै गरी कोही ठान्लान् म तपस्वी जीवन यापन गरिरहेछु, तर वस्तुतः यहाँ पनि तपस्या गर्नुको अर्थ ऊ स्वयं तापिइ-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राखेको हुन्छ । अनि अर्का थरि भन्छन् क्षण, लव, मुहूर्त, मास गर्दै काल गइराखेको छ, यसलाई पनि यथार्थमा संकने हो भने काल गइराखेको छ भन्नुको अर्थ हो आफू खुद गइराखेको छ, आफ्नो जीवनावधि बिति-राखेको छ । किनभने काल अथाह छ र उसको आउनुजानु पनि अथाह गतिमै चलेको देखिन्छ ।

एतावता व्यक्तिले आफ्नो जीवन व्यतीत भएको कुरालाई अरू-तिर घटाइराखेको हुन्छ र आफू क्षीण भएको कुरा हिसाबै नगरी तृष्णा बढाइराखेको हुन्छ । नीतिकार यस श्लोकद्वारा त्यही कुरा दर्शाउँछन्–

भोगा न भुक्ता वयमेव भुक्तास्तपो न तप्तं वयमेव तप्ताः ।
कालो न यातो वयमेव यातास्तृष्णा न जीर्णा वयमेव जीर्णाः ।।

सौरमानअनुसार प्रतिमहीना आउने संक्रान्तिले कालवेलाको संक्रमण याने आउनु जानुलाई संकेत गरेकै हुन्छ । त्यसमा पनि छ छ महीनामा आउने अयन संक्रान्तिले त जीवनप्रति सचेत रहनेलाई अझ बढी प्रभावित पार्दछ र पार्नु पनि पर्छ, किनभने एक अयन पूरै छ महीना-को हुन्छ र त्यसप्रति सिंहावलोकन गर्दा त्यो कुन रूपमा बित्यो विश्ले-षण गरेर हेर्नुपर्छ । श्रावण महीनाको पहिलो दिन त्यस्तै अयनसंक्रान्ति हो जसलाई भनिन्छ कर्कटसंक्रान्ति ।

वर्षमा दुइ अयन हुन्छन् उत्तरायण र दक्षिणायन । यिनमा उत्तरायणलाई देवताको दिन भनिन्छ र दक्षिणायनलाई रात । दिन लामा हुने प्रकाशबहुल समय उत्तरायण हो र रात लामा हुने दक्षिणायन अन्धकार बहुल हुने भएको कुरा सबैको अनुभवगम्य छ । त्यसो हुँदा बहुविध शुभकर्म र संस्कार, नयाँ घरको सराइ र व्यक्तिको मृत्यु पनि उत्तरायणमा राम्रो मानिन्छ । तर दक्षिणायनमा कुनै शुभ कर्म वा उपासना हुँदैन भन्ने कुरा होइन, हाम्रा अधिकांश चाडपर्व र तिथि दक्षिणायनमै बढी पर्दछन् र मानिन्छन्, जसको महत्ता त्यतिखेर नै मानिएको छ ।

रातपछि उदाउने दिनको महत्त्व अत्यधिक रूपमा मानिएला तर दिनको यो महत्त्वमा रातको पनि सहयोग रहेको हुन्छ, किनकि बिना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रात दिनको त्यस्तो महत्त्व कहाँ ? त्यसरी नै उत्तरायणलाई सहयोग थपेको छ दक्षिणायनले । त्यसको अतिरिक्त चातुर्मास्य व्रत, शरत्कालिक दुर्गापूजा, यमपंचक र लक्ष्मीपूजा, महालक्ष्मी व्रत, नागपंचमी, रक्षाबन्धन, पितृपक्ष आदि कैयौं महत्त्वपूर्ण पर्व दक्षिणायनमा पर्दछन् ।

बाल्य, यौवन, प्रौढ र वार्धक्य जस्ता अवस्थाभेद त प्रतिव्यक्तिका हुने नै भए, त्यसको साथ सामाजिक, आर्थिक र राजनैतिक जस्ता कारणले पनि व्यक्तिको जीवनमा विविधता आउने र आउन सक्ने कुरा हो । यी सब काम कुरा गर्दा र हुँदा पनि याद राख्न लायक कुरा के छ भने जीवनका सबै पक्ष लक्ष्योन्मुख हून् र उद्देश्यमूलक बनून् यो कुरा याद राख्नु आवश्यक छ । किनभने पहिले शरीर पोषण, इन्द्रिय तृप्ति, सामाजिक र राजनैतिक पदप्रतिष्ठा प्राप्त गरेपछि लक्ष्य निर्धारण गरौंला, उद्देश्य तोकौंला भनेर ठान्नु अनुचित विचार हो, गलत धारणा हो । त्यसो गर्दा एक पक्ष छुट्ने र अलग बन्ने हुन्छ ।

बित्तै जाने समयको दौरानमा प्रत्येक व्यक्तिले याद राख्नुपर्ने कुरा के छ भने उसका शारीरिक, मानसिक र आध्यात्मिक तीनै पक्ष सन्तुलित रूपमा अघि बढेका छन् कि छैनन् ? कुनै अंश न बढ्नु निष्क्रिय र आलस्यका द्योतक ठहर्छन् भने आंशिक रूपमा अघि बढ्नु अल्पज्ञता तथा असमझदारीका उदाहरण । निष्क्रिय जीवन कालक्षेपणको निकृष्ट उदाहरण हो भने असन्तुलित रूपमा बित्नुचाहिं अदूरदर्शिताको मूर्तरूप हो । कुनै शरीरको आधा अंग स्वस्थ र सबल अनि आधा चाहिं अस्वस्थ र निर्बल छ भने समष्टि रूपमा त्यसलाई निरोगी भन्न मिल्दैन ।

संक्रान्ति सर्नुको द्योतक हो, क्रियात्मकताको उदाहरण हो, यस्ता उदाहरणलाई सावधानीपूर्वक संझनु पर्छ, होशियारी साथ याद राख्नु पर्छ । जीवन सचेत तब मात्र ठहर्नेछ जबकि यसका प्रतिक्षण सक्रिय रहून् सार्थक रूपमा अघि बढ्दै सफल बनून् । त्यसो भएन भने यसको सार्थकता मानिदैन ।

यद्यपि संक्रान्तिले सूर्य संक्रमणलाई द्योतन गर्छ या बुझाउँछ । तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि यसको एक स्वरूप कल्पना गरिएको छ नारी रूपमा, जसको चर्चा पंचांगमा उल्लेख भएको हुन्छ। साधारणतया यस्तो स्वरूप उल्लेखमा वर्ण, जाति, आकार प्रकार, वाहन, उपवाहन, भक्ष्यवस्तु, अनुकूल प्रतिकूल आदि कुराको उल्लेख भएको पाइन्छ। तिथि, वार, नक्षत्र, योग र करणलाई पंचांग भनिन्छ र संक्रान्तिको दिन गङ्गा जस्ता पवित्र नदीको किनारमा यिनको श्रवण गऱ्यो भने स्नानको फल पाइने कुरा बताइएको छ–

तिथिर्वारश्च नक्षत्रं योगं करणमेव च।
गङ्गायां शृणुयान्नित्यं गङ्गास्नानं दिने दिने ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वराह जयन्ती

अथाह जलराशिमा आविर्भूत भएका कमलासन ब्रह्मालाई आफ्नो उत्पत्तिको उद्देश्य के हो ? संझन निकै कठिन पऱ्यो । कमलको पत्रमा परेको शीतबिन्दु पानीमा पर्दा मिलेको संकेतअनुसार उनले दीर्घकालसम्म समाहित चित्त भई तपस्यारत भए पछि भगवानको मनोहर दर्शन पाए। दर्शनको लाभ लिन र आफ्नो भगवद्‌भाव प्रदर्शन गर्न ब्रह्मा मधुर स्वरले स्तुति गर्न लागे । यसरी गरेका स्तुतिमध्ये एक श्लोकको भाव यस्तो छ– भगवन् ? हजुर प्रत्येक प्राणीको हृदयमा अन्तरातमरूपले रहनुभएको छ । यसरी अन्तरातमरूपले रहने हजुरलाई साधक जस्तो रूपमा संझन्छ, जस्तो भाव राख्छ त्यस्तै रूपमा हजुर देखिइदिनुहुन्छ, प्रकट भइदिनुहुन्छ । भावअनुसारको भेष लिइदिनुमै छ हजुरको महिमा–

> त्वं भावयोगपरिभावितहृत्सरोज
> आस्से श्रुतेक्षितपथो ननु नाथ पुंसाम् ।।
> यद्यद्धिया त उरुगाय विभावयन्ति
> तत्तद्वपुः प्रणयसे सदनुग्रहाय ।।

अचिन्त्य, अतर्क्य र महामहिमशाली परमात्मा पनि यसरी भक्तसाधकको अभिलाषा पूरा गर्न विभिन्न रूप लिई प्रकट हुने कुरा वैदिक धर्मको मान्य सिद्धान्त रहिआएको छ । जसलाई अवतारवादको सिद्धान्त पनि भनिन्छ । वेद सर्वविधविद्या र कलाको आकर ग्रन्थ भएकोले यहाँ भगवत् अवतार बारे पनि प्रारम्भिक चर्चा हुनु स्वाभाविकै हो । तर याद गर्न लायक कुरा के छ भने वामन र वराह अवतार बारे वैदिक साहित्यमा जति विस्तृत उल्लेख पाइन्छ त्यति अरू अवतार बारे पाइन्न । ऋग्वेदका बहुसंख्यक सूक्तको अतिरिक्त, तैत्तिरीय संहिता,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मण र आरण्यक समेतमा आदि वराहको उल्लेख विस्तार साथ भएको छ। पौराणिक साहित्य त अवतार र चरित्रउल्लेखका निधि नै भइ हाले। तिनमा वराहअवतार बारे प्रकाश पार्ने यौटा सिंगै पुराण छ वराह पुराण। त्यसको अतिरिक्त विष्णु, वायु, मत्स्य, नरसिंह, भागवत पुराण र महाभारतमा पनि वराह अवतार सम्वन्धी विष्णुको रमणीय चरित्र उल्लेख भएको छ। भगवान् वराहको प्रादुर्भाव श्रावणशुक्ल चौथीको दिन भएको मानिन्छ।

वराह अवतारको प्रमुख काम पृथ्वीको उद्धार गर्नु देखिन्छ। कल्पको आदिमा सृष्टिविकास गर्न ब्रह्माकै शरीरको दायाँ भागवाट स्वायम्भुव नामका आदि मनु र शतरूपा रानी वायाँभागवाट उत्पन्न हुन्छन्। सृष्टि विस्तार गर्ने आज्ञा पाएका मनुले विस्तार लायक स्थान बारे प्रश्न गरेपछि ब्रह्मा असमञ्जसमा पर्छन्। त्यसै वेला उनको नासाग्र (नाकको टुप्पो) बाट यौटा अंगुष्ठप्रमाणको जीव निस्कन्छ र लीलामय रूपले वढ्दै विशाल वन्छ। जलक्रीडा गर्न रुचाउने वराहको विशालता दशयोजन विस्तार र शय योजन अग्लाई भएको कुरा हरिवंशमा वर्णित छ:–

जलक्रीडारुचिस्तस्माद् वाराहं रूपमस्मरत्।
दशयोजनविस्तीर्णमुच्छ्रितं शतयोजनम्॥

हरिवंशमा उल्लेख भएको कथाअनुसार सृष्टिको शुरूमा जल प्रवाह बढ्दै गयो। जलको उथल पुथलबाट पर्वत विचलित बने, जसको भार सहन नसकी पृथिवी धसिंदै पातालतिर पुगिन्। अन्यत्र उल्लेख भएको कथानक अनुसार सनकादिको श्रापबाट विजय दितिको गर्भबाट पैदा भई हिरण्याक्ष नामले प्रसिद्ध भयो र उसैले पृथ्वीलाई चोरेर पाताल पुऱ्यायो। जे गरी होस् पृथ्वी पाताल पुगेको कुरामा पौराणिक कथनको एकरूपता छ। त्यसरी जलमग्न भई अनुपयोगी रूपमा रहेकी पृथ्वीलाई उद्धार गरी महावराहले सबैको उपयोगमा आउने गरिदिए। त्यसो हुँदा उनको कामको दिग्दर्शन गराउने स्तुत्यात्मक यो श्लोक प्रसिद्ध छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स जयति महावराहो जलनिधिजठरे चिरं निमग्नोऽपि ।
येनान्त्रैरिवफणिगणैर्बलादुद्धृता धरणी ॥

अर्थात् ती महावराह भगवान्को जय होस्, जसले समुद्रको गर्भमा चिरकालदेखि डुबिराखेकी पृथ्वीलाई आन्द्रा जस्ता भएका सर्पहरूसहित बलैले बाहिर निकाली दिए । कामअनुसार रूप लिने भगवानले विशाल थुतुनो र त्यसका दुवैपट्टि लामा दाह्रा भएको रूप लिएर त्यसैमा गोलाकार भूलाई अडचाई बाहिर निकाल्न लाग्दा हिरण्याक्ष उपहास गर्दै बाधा पार्न आएकोले उसको वध पनि त्यसै अवतारबाट भयो ।

सामान्य दृष्टिले हेर्दा वराह एक तुच्छ जीवको रूपमा देखिन सक्छ तर यथार्थमा विचार गर्दा यो अतिनै रहस्यमय यज्ञात्मक रूप मानिएको छ । विशाल दाह्रामा पृथ्वीलाई अड्याएर बाहिर निस्के पछि ऋषिहरूले स्तुति गर्दा यज्ञात्मक रूपले गरेका छन् ।यज्ञमा विभिन्न वस्तु र बहुविध पात्रको आवश्यकता पर्छ ।यस्ता वस्तु र पात्रको पारिभाषिक वैदिक नाम छन् । यज्ञमा घिउ होम्नको लागि प्रयोग गरिने सुरोलाई स्रुक् र स्रुवा भनिन्छ । वराहको थुतुनोलाई स्रुक् भनिएको छ र नासिकाछिद्रलाई स्रुवा । यज्ञमा भक्षण गर्ने पात्रलाई इडा भनिन्छ र सोमरस पिउनेलाई चमस । वराहको उदर इडा हो र गोल परेको कान चमस । वराहका रोमकूपमा विभिन्न नामका अनेक यज्ञ छिपेका छन् र चारखुरमा चातुर्होत्र । शरीरका अरू भाग पनि यसै गरी यज्ञका विभिन्न रूप र उपकरण मानिएका छन् ।

वराह अवतार र वराहपुराणसित नेपालको सम्बन्ध बढी नजीकको रहेको छ । किनभने कोकामुख या वराहक्षेत्र यहीं पर्दछ र वराहपुराणमा नेपाल र यहांका तीर्थको वर्णन बढी छ । चौबीस हजार ग्रन्थ संख्या र २१८ अध्याय भएको वराहपुराणको गौडीय र दाक्षिणात्य गरी दुइ किसिमका पाठभेद पाइन्छन् । यसको कथानक पृथ्वी र वराहको प्रश्नोत्तरबाट अघि बढेको छ । विष्णुसित सम्बन्ध राख्ने यस पुराणमा पुराणसम्मत लक्षणअनुसार अनेक विषय छन् तापनि विभिन्न तिथि र तिनमा पनि बाह्रै महीनाका शुक्लद्वादशीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिने व्रत तथा अवतारको विशेष वर्णन छ। तीर्थस्थलको महत्त्व उल्लेख गर्ने क्रममा मथुरा, हरिद्वार, वदरी आदि र वराहक्षेत्र या कोका वराहको विशेष उल्लेख छ । हिमवत्खण्डमा उल्लेख भए अनुसार कुशिक ऋषिले तपस्या गरी वरदान पाएका भिन्न भिन्न स्रोत-बाट पल्हाई सम्मिलित सप्तकोशीको किनारमा अवस्थित वराहक्षेत्र, कुरुक्षेत्र, मुक्तिक्षेत्र, हरिहरक्षेत्र र वराहक्षेत्र नामका प्रसिद्ध चार क्षेत्र मध्येको एक हो । सुनसरीको सदरमुकाम धरानबाट चतरा हुँदै जान सकिने वराहक्षेत्रमा कार्तिकभर र माघेसंक्रान्तिमा विशेष मेला लाग्दछ । कोशीको किनारमा शिलानिर्मित मन्दिरभित्र नारीरूप पृथ्वीलाई वाहुवलले थामेको सुन्दर वराहमूर्ति यहाँ विराजित छ ।

उत्तरवाट बग्दै आएको सप्तकोशीको विशाल प्रवाहमा पूर्ववाट सानो स्रोत भई मिसिने कोकानदीको यो संगमस्थल अति नै पवित्र स्थल हो, जहाँ स्नान, दान र पितृतर्पणको ठूलो महत्त्व छ। पृथ्वीको प्रश्न अनुसार वराहबाट आफूलाई यो स्थान अति नै प्रिय भएको कुरा उल्लेखित छ। यहाँ एक व्यक्तिले मुस्किलसँग उचाल्न सक्ने प्राकृत रूप-को एक तामाको धाउ थियो जो हालसाल हराएको कुरा प्रचारमा आएको छ।

अवतार उल्लेखकै यस अवसरमा काठमाडौं चाबेल उत्तर चण्डोलमा अवस्थित धूम्रवराहको मूर्ति पनि संझन लायक छ। मूर्ति-कलाको क्षेत्रमा स्वर्णयुग मानिने लिच्छविकालमा निर्मित यो मूर्ति मानदेवप्रथम निर्मित वामनमूर्तिपछिको अर्को सुन्दर मूर्ति मानिन्छ। उच्च कला प्रयोग गरी तयार पारिएको यस मूर्तिमा पनि पृथ्वीलाई पाखुरामा उठाएको देखिन्छ।

अन्य पुराण जस्तै वराहपुराणका पनि कतिपय स्थलमा मर्मस्पर्शी कुरा उल्लेख भएका छन् । तिनमा एक श्लोकको कथन यस्तो छ–

सर्वस्यापि च शास्त्रस्य कर्मणो वापि कस्यचित् ।
यावत्प्रयोजनं नोक्तं तावत्तत्केन गृह्यते ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् कुनै शास्त्रीय विषय होस् वा कर्मसम्बन्धी विषय त्यसको उपयोगिता र उद्देश्य स्पष्ट खोलिदिनुपर्छ। किनभने जसको प्रयोजन स्पष्ट छैन त्यस्तो कुरालाई को लिन रुचाउँछ र? मनुष्य भन्ने सम्बन्धमा उल्लेख भएका दुइ श्लोक पनि याद गर्न लायक छन्। शास्त्रीय सिद्धान्त छ 'अन्ते या मतिः सा गतिः'। भनाइको उद्देश्य हो शरीर छुट्ता व्यक्तिको जे जस्तो धारणा रहन्छ उसलाई उस्तै गति मिल्छ। अन्त्य समयको धारणा सुधार्नको लागि व्यक्तिले अघिदेखि नै आफूलाई त्यसको अनुकूल बनाउँदै लानुपर्छ। तर त्यसरी सुधार्नेको पनि अन्त्य समय विचेत र असमर्थको भयो भने त्यस्ताको गति कस्तो होला? यसको उत्तर दिएको छ सद्गति नै हुन्छ। किनभने अघि पछि सुकर्म गरी मलाई संझनेले अन्त्य समयमा अशक्त बनेर संझन सकेन भने म नै उसलाई संझन्छु र सद्गति दिन्छु। भगवानले भन्नुभएको छ–

तत एतं प्रापयामि तुकाष्ठ पाषाणसन्निभम्।
अहं स्मरामि मद्भक्तं नयामि परमांगतिम्।

यसबाट हामीले वराह अवतार र सम्बद्ध पुराणको कथन अनुसार भगवान्को स्मरणमा कहिल्यै प्रमाद गर्न हुँदैन।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नागपञ्चमी

सृष्टिविधानको प्राचीन व्याख्याअनुसार मूलरूपमा यसका दुइ भेद मानिएका छन् । ती हुन् लिङ्गसर्ग र भावसर्ग । यिनमा पहिलो तन्मात्र सर्गलाई लिङ्गसर्ग भनिन्छ र बुद्धिपरिणाम रूप धर्मादि आठ-लाई भावसर्ग । बुद्धिपरिणाम रूप धर्मादि आठ गुण हुन् । गुण गुणीमा रहन्छन्, त्यसैले तन्मात्राबाट पैदा भएको लिङ्ग शरीर हो यिनको आश्रय । स्थूल सूक्ष्मरूप शरीरको भोगसम्पादन गुणीको सम्बन्धबाट हुन्छ । विवेक उदय नहुन्ज्याल यस किसिमको भोग प्रक्रिया चलिरहन्छ ।

मूलरूपवाट अघि बढेपछि सृष्टिका फेरि अरू तीन भेद वा विभाग छन् ती हुन दैव योनि, तैर्यक् योनि र मानुष योनि । यिनमा पहिलो दैव योनिको ब्राह्म, प्राजापत्य, सौम्य, ऐन्द्र, गान्धर्व, याक्ष, राक्षस र पैशाच गरी आठ भेद छन् । दोस्रो तैर्यक् योनिमा पशु–मृग पक्षि–सरीसृप र स्थावर गरी पाँच भेद मानिएका छन् र मानुष सृष्टि चाहिं एकै प्रकारको, जस्तो:–

अष्टविकल्पो दैवस्तैर्यग्योनश्च पञ्चधाभवति ।
मानुष्यश्चैकविधः समासतो भौतिकः सर्गः ।।

(सांख्याकारिका)

यस विभाजन अनुसार नागजाति तैर्यक् योनि अन्तर्गत चारौं सरी-सृपमा पर्छ । 'नगे भवः' यस विग्रहमा नग् धातुबाट घञ् प्रत्यय भएर यो शब्द बन्छ । विग्रहगत अर्थअनुसार पर्वतीय प्रदेशमा हुने सरीसृप (घस्रे र हिड्ने) जीवविशेष भन्ने अर्थ नागशब्दबाट व्यक्त हुन्छ । नहिड्ने भएकोले नाग यस्तो अर्थ पनि गरिएको छ । कतै यसको दैव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योनि अन्तर्गत फणायुक्त मनुष्याकार रूपमा पनि उल्लेख भएको छ। कश्यपपुत्री भगवती मनसा, अर्जुनले ब्रह्मचर्य व्रतको प्रसङ्गमा नागलोक पुगी विवाह गरेकी उलूपी नागचिह्न भएका मनुष्याकार नारी प्रतीत हुन्छिन्। यसबाट नागजाति मनुष्याकार नागचिह्न युक्त जाति हुन् भन्ने पनि नृवंशशास्त्रीहरूको कथन छ। त्यसो मानेमा सर्पजातिसित यिनीहरूको अस्तित्व अलग मान्नुपर्छ। सर्प र नाग अलग हुन् भन्ने कुरा भगवान्ले पनि विभूति योगमा 'अनन्तस्चास्मि नागानां, सर्पाणामस्मि वासुकि:' भनेर संकेत गर्नुभएको छ। त्यसअनुसार अनन्त नागजातिका हुन् र वासुकि सर्पजातिका। व्यवहारमा भने सर्प र नागको खास भेदक रेखा पाइन्न।

यसरी भेदक रेखा छुट्टयाउन नसके पनि नाग या सर्प नामले व्यवहार गरिने जीवको संख्या असंख्य, बहुविध र विश्वव्यापी छ। यसकिसिमा नाग या सर्प जातिको उल्लेख वैदिक, पौराणिक र लौकिक साहित्य समेतमा समान रूपले पाइन्छ। तिनमा वराहपुराणमा उल्लेख भएको कथानकअनुसार ब्रह्माका दश मानसपुत्रमध्येका जेठा मरीचिका कश्यप नामका छोरा भए। कश्यपको विवाह दक्षपुत्री कद्रू र विनतासँग सम्पन्न भयो।

ती मध्ये कद्रूको गर्भबाट अनन्त, वासुकि, पद्म, महापद्म, कम्बल, कर्कोटक, शंङ्ख आदि नामका नागजातिका पुत्र पैदा भए। कुलप्रसिद्ध यिनका पनि सन्तान दरसन्तान गरी सर्प जातिको ठूलो जमात बन्यो। सर्पजाति स्वभावैले विषधर थिए, स्वभाव पनि यिनको नीच र कुटिल थियो, त्यसैले कतिपय मानिस त यिनको दृष्टिमा पर्दैमा खतम हुन्थे भने कतिलाई यी डसेर मारिदिन्थे। यसरी सर्प दंशनबाट त्रस्त बनेको जनसमुदाय ब्रह्माजी समक्ष आफ्नो दर्द निवेदन गर्न गयो। ब्रह्माले सर्पदंशको भयनिवारणको लागि कुनै उपाय गर्ने आश्वासन दिई फर्काएर नागप्रमुख अनन्त वासुकि, आदिलाई बोलाएर भन्नुभयो, तिमीहरू मैले उत्पादन गरेका प्रजाजनलाई आफ्नो दुष्ट स्वभावले सताएर मार्दछौ भन्ने उजूरी मकहाँ आएको छ। प्रजापति मैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस किसिमको प्रजाजनको उत्पीडन सुनेर त्यसै बस्नु उचित छैन। कसैलाई विनाकाम सताउनु, दुःख दिनु अनुचित कुरा हो। उद्दण्डता र अनाचारको फल सबैले भोग्नुपर्छ, त्यसो हुँदा तिमीहरू पनि स्वायम्भुव मन्वन्तरमा आफ्नै आमाको श्रापबाट नष्ट हुनेछौ, याद गर।

ब्रह्माजीको यस्तो कठोर वचन सुनेपछि नाग नायकले भयत्रस्त भई निवेदन गरे– भगवन् ? जीवसमुदायमा शरीरअनुसार स्वभाव दिने काम हजुरको हो, जुन जीवलाई जस्तो स्वभाव दिएको छ उसले त्यस्तो काम गर्दा उसलाई कसरी दोष दिनु ?

ब्रह्माले भन्नुभयो– तिमीहरू पनि मेरै सृष्टिअन्तर्गतका प्रजा हो र विषधर हुनु तिमीहरुको स्वभाव हो। किनकि विषैलो वातावरण संग्लो पार्न विषधर जीवको आवश्यकता पर्छ। अतएव त्यस्तो ठाउँमा तिमीहरूको उपयोगिता रहन्छ। तर विषधर स्वभावका तिमीहरूले मनुष्यवहुल ठाउँमा रहनु भएन। नागाधिपतिहरूले भने एकै ठाउँमा रहँदा एउटाले बिराएपनि सबैले बिराएको ठहर्छ, त्यसैले आफ्नो अस्तित्व जोगाएर रहन पाउने हाम्रो लागि अलग स्थान निर्धारित होओस्। ब्रह्माले भन्नुभयो त्यसो भए–

पातालं वितलं चैव सुतलाख्यं तृतीयकम्।
दत्तं वै वस्तुकामानां गृहं तत्र गमिष्यथ॥

अर्थात् अधोलोकमध्येका वितल, सुतल र पाताल तिमीहरूका लागि निर्धारित निवासस्थान भयो, त्यहाँ पनि तिमीहरूले मेरो अनुशासनअनुसार विविध भोग भोग्न पाउनेछौ। मेरो रातको गणनाअनुसार सातौं प्रहरसम्म त्यहाँ रहेपछि सातौं वैवस्वत मन्वन्तरको आरम्भमा तिमीहरू फेरि कश्यपपुत्र भई जन्मनेछौ। त्यतिखेर देवगणसित तिमीहरूको सम्बन्ध रहनेछ। त्यति भैकन पनि आफ्नो दुष्ट स्वभावले गरुडसित वैरभाव बढ्नेछ र मातृकलहले गर्दा श्राप परेर तिमीहरूको ठूलो समूह जनमेजय–यज्ञमा होमिएर भस्म हुनेछ। कस्तालाई डस्ने भन्ने सम्बन्धमा पनि जो उद्दण्ड अपकारी छ अनि जसको नियति सकिएर सर्पदंशबाट मृत्यु हुनुपर्ने निमित्त छ त्यस्ता-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाई तिमीहरू डस्न सक्नेछौ। तर गरुडसम्बन्धी मन्त्र, विषमारक औषधि र दाँत कुण्ठित पार्ने कला जोसँग छ तिनीहरूदेखि तिमीहरूले जोगिनुपर्छ। वराहपुराणमा उल्लेख भएको यो घटना महाभारतमा जनमेजयले गरेको सर्पयज्ञ सित मेल खाने रूपको देखिन्छ। किनभने पिता परीक्षितको सर्पदंशबाट भएको मृत्युप्रति रोष वा अपकार दर्शाउन पारीक्षित जनमेजयले सर्पयज्ञ आयोजन गराएका थिए। जहाँ मन्त्र शक्तिले आकर्षित भै धेरै सर्प होमिएर भस्म भए।

ब्रह्माबाट कालान्तरमा कुनै निमित्तले मृत्यु हुने संकेत पाएकोले वासुकि आदि नाग त्यसबाट जोगिन मृत्युञ्जय भगवान् शिवको विवाहमा भूषण याने गहना बन्न पुगेको कुरा कालिकापुराणमा वर्णित छ–

वासुक्याद्याश्च ये सर्पा यथास्थानञ्च ते हरम् ।
भूषयाञ्चक्रुरुद्गम्य शिरोबाह्वादिषु द्रुतम् ॥

यसरी हाम्रा ऐतिहासिक तथा पौराणिक ग्रन्थहरूमा सर्प या नागजाति बारेका बहुसंख्यक र बहुविध कथानक उल्लेख भएका छन्। भक्तिशास्त्रको शिरोमणि भागवतको वाचन नै खुद सर्पदंशको भय निवारणको लागि भएको कुरा सर्वप्रसिद्ध छ। भागवतमै बालकृष्णले यमुनाअन्तर्गतको ह्रदलाई विषमुक्त तुल्याउन प्रसिद्ध विषधर कालियलाई दमन गर्नु भई अन्यत्र पठाइदिनुभएको कुरा वर्णित छ। यसै प्रसङ्गमा भगवान्ले अघासुर, बकासुर, व्योमासुर आदि दानवलाई चाहिं वध गर्नु भो तर कालियलाई चाहिं दमन मात्र गर्नु भयो किन? भन्ने बारे पनि चासो लिन सकिन्छ। यसको केही समाधान भागवतबाट पनि मिल्छ र अरू खास समाधान ब्रह्मवैवर्त कृष्णजन्मखण्डमा भेटिन्छ। त्यहाँ कालिय मात्र होइन कालियका सन्तान दर सन्तानलाई नै मार्न नहुने संकेत भगवान्ले गर्नु भएको छ–

तद्वंशजातान् सर्पांश्च हन्ति ये मानवाधमाः।
ब्रह्महत्या समं पापं भविता तस्य निश्चितम् ॥

स्वयं भगवान्को पदचिह्न शिरमा धारण गर्ने सौभाग्य पाएको कालियको सन्तानको लागि यस किसिमको कृपा प्राप्त हुनु नौलो कुरा होइन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथि वराहपुराण सम्बद्ध नाग नायक अनन्त वासुकि आदिसित प्रजापति ब्रह्माको संवाद पञ्चमी तिथिमा भएको थियो, त्यसैले नाग पूजाको लागि पञ्चमी तिथि प्रसिद्ध मानिएको छ। हाम्रा प्रसिद्ध देव मध्ये भगवान् शिवसित त भूषणको रूपमा नाग लहराइ राखेकै देखिन्छन्, उनका पुत्र गणेशको शरीरमा पनि सर्पसूत्र याने जनैको रूपमा नाग रहेको देखिन्छ। पाञ्चरात्र मतअनुसार भगवान् विष्णुका चार विग्रह मध्ये वासुदेवपछिको दोस्रो विग्रहलाइ संकर्षण भनिन्छ, शेष र अनन्त पनि यिनका नामन्तर छन्। जलमा शेषशायी रूपले शयन गर्ने भगवान्लाई नारायण भनिन्छ। यस्ता शेषशायी भगवान्को चित्र श्रावण शुक्ल पञ्चमीको दिन मूलद्वार र बहिर्द्वारमा टाँस्ने यहाँको (हिन्दू समाजको) चलन छ। यसरी टाँस्नुमा धार्मिक भावमात्र नभै सुरक्षाको भाव पनि गाँसिएको छ। किनभने अगस्त्य पुलस्त्य, वैशम्पायन सुमन्तु जैमिनिलाई उल्कापात र वज्रपातको निवारक मानिएको छ।

यत्राहिशायिभगवान् यत्रास्ते हरिरीश्वरः।
भङ्गो भवति वज्रस्य तत्र शूलस्य का कथा ॥

भनेर शेषशायी भगवत् विग्रह टाँस्दा शूलजस्ता सानातिना चोट पटक मात्र होइन वज्रकै प्रहार पनि टरेर जाने बताइएको छ। खेती किसानी गर्नेले आज गर्ने नागपूजा समेतलाई दृष्टिगत गर्दा नागसित हाम्रो सम्बन्ध भावात्मक मात्र नभै क्रियात्मक पनि रहेको देखिन्छ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रावणी पूर्णिमा र रक्षाबन्धन

श्रावणशुक्ल पूर्णिमाको दिन सम्पन्न गरिने विभिन्न कृत्य प्रसिद्ध छन् । तीमध्ये एक हो उपाकर्म, यसको सम्बन्ध वेदाध्ययनसित रहेको छ । किनभने शुक्लयजुर्वेद अध्ययन गर्नेहरूको वेदारम्भ गर्ने दिन आजै बताइएको छ। श्रवणनक्षत्रसित सम्बन्ध भएको श्रावणी पूर्णिमा यतिखेर नै पर्दछ । सामवेदीहरूको उपाकर्म भाद्रशुक्ल हस्तनक्षत्रमा र अथर्ववेदीहरूको आजै वा भाद्रशुक्ल पूर्णिमाको दिन गर्ने विधान छ। आ–आफ्नो शाखाको अध्ययनलाई स्वाध्याय भनिएको छ । यस्तो अध्ययन उपस्थितिको लागि प्रतिदिन केही आवृत्ति गर्ने र अरूचाहिं विस्मरण नहोओस् भनेर आजको दिन आरम्भ गरी साढे चार महिना पछि नदीको तीरमा गएर उत्सर्जन अर्थात् समाप्त गर्ने विधान छ। गुरुशिष्य संयुक्त भै सम्पन्न गरिने यो कृत्य अब लुप्तप्राय: भएको छ। तर गोबर, माटो, खरानी, अपामार्ग कुश जस्ता वस्तु प्रयोग गरी श्रावणी स्नान गरेर ऋषिपूजन गर्ने कामचाहिं कतिपय तागाधारीहरूले यत्किञ्चित् रूपमै भए पनि अझसम्म निर्वाह गर्दै आएका छन्। स्नान गर्दा प्रयोग गरिने माथि बताइएका वस्तुहरूका आ–आफ्ना किसिमका गुण प्रसिद्ध छन् । यो कृत्रिम नभै प्राकृत विधान हो ।

श्रावणी पूर्णिमाको अर्को नाम छ, जनै पूर्णिमा । वर्गविशेषका लागि विविध वस्तुबाट जनै बनाउने विधान भए पनि अहिले कपासको धागोबाट बनेको जनै सबै प्रयोग गर्छन् । जनै लगाउनेलाई प्रचलित भाषामा तागाधारी भनिन्छ । यो धारण गर्नुअघि एक विधि सम्पन्न गरिन्छ, जुन विधिलाई उपनयन भनिन्छ । उपनयन नगरी क्षौर मात्र गर्ने सम्प्रदायमा जनै लाउने चलन रहेको छैन । जुन सम्प्रदायमा उपनयन गरी जनै धारण गरिन्छ तिनीहरूले पनि यसको इयत्ता वा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महत्त्व इनेगिनेकाले मात्र बुझेका होलान् । बजारमा बेचिने जनै किनेर लगाउने अनि सजिलोको लागि त्यसैमा साँचो झुण्डयाउनेले यसको काम त्यति नै मात्र संझेको पनि हुन सक्छ, अतएव यसबारे केही स्पष्टीकरण गरिन्छ ।

जनैको शास्त्रीय नाम हो यज्ञोपवीत, यज्ञसूत्र आदि । यो धारण गर्दा पढिने मन्त्रले संकेत गरेअनुसार अत्यन्त पवित्र यसको उत्पत्ति प्रजापतिसँगै भएको थियो, विधि विधानपूर्वक निर्माण गरी अभिमन्त्रण-पूर्वक धारण गर्दा यसले दीर्घायुष्य, सद्बुद्धि, ओज एवं बलसमेत प्रदान गर्छ–

यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत् सहजं पुरस्तात् ।
आयुष्यमग्र्यम्प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं बलमस्तु तेजः ।।

यज्ञोपवीत निर्माण र यसको धारण पनि बडो रहस्यपूर्ण सिद्धान्तमा आधारित छ । जसको संक्षिप्त परिचय यस प्रकार छ । 'ब्रह्मवर्चसकामस्तु कार्यो विप्रस्य पञ्चमे' भनेर खासै ब्रह्मवर्च चाहने द्विजातिको उपनयन पाँचै वर्षमा गर्नुपर्ने बताइएको छ । प्रत्येक सुत हिसाब गर्दा एक जनैमा ९६ सुत प्रयोग भएका हुन्छन् । नौ गुना र तीन डोरा अनि पांच ग्रन्थी गरी यसलाई तयार गरिन्छ ।

सामान्यतया मनुष्यको आयु शयवर्षको मानिएको छ । चारवर्ष पूरा गरी पाँचौ वर्षमा प्रवेश भएपछि उपनयन गरी धारण गरिने जनैका जम्मा ९६ डोराले अब बाँकी जीवनवधि ९६ वर्ष रहेको कुरा जनाउँछ । व्यक्तिले एक जीवनमा पूरा गर्ने जुन काम छ त्यो कालकै अवधिभित्र गर्ने हो, त्यसैले अरू कुरा जस्तै कालको हरहिसाब पनि यथार्थ रहनु आवश्यक मानिन्छ । किनभने काल बितिसकेपछि कुनै कुरा गरौं भनेमा एक निमेषको पनि सहुलियत पाइँदैन ।

यसपछि जनैमा प्रयोग गरिने जुन नौ गुना छ त्यसले शरीरमा विद्यमान नौ द्वारको संकेत गरेको छ । नौ इन्द्रियका नौ द्वारसित हामी परिचितै छौं । अथर्ववेदमा 'अष्टचक्रा नवद्वारा' भनेर शरीरलाई नवद्वार-रूपमै उल्लेख गरिएको छ । खुला नवद्वारबाट जुनसुकै वेला प्राण जान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सक्ने सम्भावना भएको कुरा पनि यसले संकेत गर्छ । एक जनैमा तीन डोरा हुन्छन्, प्रत्येक व्यक्तिमा जन्मकालदेखि नै देव, पितृ र ऋषि नामका तीन ऋण साथै लागेर आएका हुन्छन् । यिनमा देवयजनद्वारा देवऋणको, स्वशास्त्रको अध्ययनद्वारा ऋषिऋणको र सुसन्तान प्राप्तिबाट पितृऋणको मोचन हुन्छ । यसरी जनैका तीन डोराले संकेत गरेका तीनै कुरालाई बुझ्नुपर्छ र तदनुकूल व्यवहार गर्नुपर्छ । जनै बनाउँदा पाँच ग्रन्थी अर्थात् पाँच गाँठा पारिन्छन् । यी पाँच गाँठा पञ्चमहायज्ञका प्रतीक हुन् । स्वाध्याय, होम, अतिथिसत्कार, पितृतर्पण र भूतबलि यी हुन् प्रतिदिन गर्नुपर्ने पञ्चमहायज्ञ ।

यज्ञोपवीतका नवतन्तुमा विभिन्न नामका नवदेवताको आवाहन गरिन्छ । प्रथम तन्तुदेखि आवाहन गरिने ती देवताको नाम हो ओंकार, अग्नि, सर्प, सोम, पितृ, प्रजापति, अनिल, यम र विश्वेदेव । जनैकै ग्रन्थीमा ब्रह्मा, विष्णु र रुद्रको आवाहन हुन्छ । गायत्री र रुद्रमन्त्रले अभिमन्त्रित ब्रह्मसूत्रको निम्न मन्त्रले प्रार्थना गरिन्छ ।

प्रजापतेर्यत्सहजं पवित्रं कार्पाससूत्रोद्भवब्रह्मसूत्रम् ।

अर्थात् शुरूमा प्रजापतिसँगै जन्मेका, कपासको धागोबाट तयार हुने, अत्यन्त पवित्र, हे ब्रह्मसूत्र ? यसको प्रकाशन साथै जयसिद्धिद्वारा तिमी ब्रह्मत्व प्राप्तिमा सहयोगी बन । संख्याको सम्बन्धमा 'यज्ञोपवीते द्वे धार्ये, भनेको हुँदा द्विजातिको लागि साधारणतः यसको संख्या दुइ अर्थात् जोडा बताइएको छ । उत्तरीयको सट्टा समेत कतिपय तीन पनि लगाउँछन् । उपनयनपूर्वक यज्ञोपवीत प्राप्त गर्नेको लागि हरेक पितृकार्य, देवकार्य सम्पन्न गर्दा यसको आवश्यकता रहनेछ । कर्मअनुसार जनै सव्य र अपसव्य गरी पहिरिन्छ । बायाँ काँधमा अड्याएर दाहिने काँखीमुनि पारिनुलाई सव्य भनिन्छ र त्यसको उल्टोलाई अपसव्य । शरीरको प्रमुख अंग मुटु देब्रेपट्टि हुने भएकोले जनै देब्रे काँधमा अड्याइन्छ । यसलाई पवित्र राख्न शौच गर्दा दाहिने कानमा राखिन्छ । किनकि शरीरमा दाहिने कानलाई तीर्थस्थल मानिएको छ । जननाशौच या मरणाशौच पर्दा, विशेष देवपितृ कार्य सम्पन्न गर्दा वा चार महिना-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को समय पूरा भइसक्दा पुरानो जनै निकाली नयाँ फेर्नुपर्छ। कुनै पनि देशको राष्ट्रध्वज त्यस देशका विभिन्न गौरवशाली कुरालाई प्रतीकात्मक रूपले झल्काउने गरी तयार पारिएको हुन्छ जनै या यज्ञोपवीतमा पनि माथि संकेत गरेअनुसारका विभिन्न कुरा प्रतीकात्मक रूपले समाहित भएका छन्। ती सब कुरामा दृष्टि दिने हो भने यस भित्र कत्रो गौरव अडिएको रहेछ स्वतः अनुमान गर्न सकिन्छ। कुनै राष्ट्रको राष्ट्रिय ध्वजलाई अपमान गर्नु या ध्वजहीन तुल्याउनु जस्तै विधिपूर्वकको तागाधारीलाई तागाहीन तुल्याउनु मानिन्छ। 'यथापिण्डे तथा ब्रह्माण्डे' भने झैं द्विजातिले जस्तै राष्ट्रदेव पशुपतिनाथको पहिरन पनि यतिखेर यज्ञ सूत्र याने जनैकै हुन्छ। यसरी सम्बद्ध सबै क्षेत्रमा सूत्र या जनैको प्रयोग हुने भएकोले यस पूर्णिमालाई जनै पूर्णिमा भन्नु स्वाभाविकै देखिन्छ।

यसपछि आजको दिन गरिने अर्को कृत्य हो रक्षावन्धन। रक्षायै वन्धनम्, अथवा रक्षार्थं वन्धनम्, जस्तो व्युत्पत्ति गरे पनि यस शब्दबाट रक्षाको लागि बाँधिने सूत्र भन्ने अर्थ बुझिन्छ। कुनै देव देवीको प्रीतिका लागि उनीहरूको यन्त्र विशेष तयार गरी पूजा गर्ने, धारणा गर्ने, बालरक्षाको लागि विभिन्न रंगको धागो बाँध्ने चलन व्यवहारमा चलेको छ। अग्निस्थापना विधि सम्पन्न गरिंदा रक्षोघ्न मन्त्र पढी रक्षाडोरक पूजा गर्ने र पछि यसलाई पुरोहितद्वारा नारीमा बाँध्ने गरेको पनि देखिएकै छ। यसबाट अभिमन्त्रित गरी विभिन्न वस्तु धारण गर्ने कुरा अन्यत्र पनि देखिन्छ। पाश्चायन देवतासित सम्बन्ध भएका नारायण कवच, सूर्य कवच, सरस्वती कवच आदि पनि रक्षार्थ धारण गरिन्छन्।

आज बाँधिने रक्षावन्धन पनि रक्षाकै निमित्त बाँधिने अभिमन्त्रित डोरो हो। यससित सम्बन्ध राख्ने पौराणिक कथा प्रसिद्ध छ। छोटकरीमा दानवी या आसुरी शक्तिबाट वेला वेलामा दैवी शक्ति दपेटिएको, घेरिएको, कुण्ठित वा पराजित भएको घटना पुराणहरूमा यत्र तत्र देख्न सुन्न पाइन्छन्। तिनैमध्ये एक पल्टको कुरा हो दानवी शक्ति प्रबल बनी देबगणलाई दबाउन मोर्चा लिई संग्राममा अघि सर्‍यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवगण पनि संयुक्तरूपले त्यसको सामना गर्न अघि सऱ्यो, तर, लामो समयसम्मको संग्रामले पनि देवगणले दानवी शक्तिमाथि विजय हासिल गर्न सकेन। देवगणको मोर्चाबन्दी स्वर्गको मूल थलोसम्म मात्र सीमित रह्यो। यो कुरा देवराज इन्द्रले आफ्ना गुरु बृहस्पतिसमक्ष निवेदन गरी किल्ला छेड्न वा कुनै अर्को कुनै उपाय गर्न सकिन्छ भन्ने सल्लाह गर्दा गुरुले कुनै उपाय गर्ने आश्वासन दिए। त्यो दिन श्रावणशुक्ल चतुर्दशी थियो। गुरु बृहस्पतिले भोलिपल्ट पूर्णिमाको दिन बिहान सुरक्षाको लागि रक्षा विधान तयार पारे। त्यसरी तयार पारेको रक्षा डोरक इन्द्राणीलाई इन्द्रको हातमा बाँध्न लगाए। बृहस्पतिले मन्त्र पढे

येन बद्धो वली राजा दानवेन्द्रो महाबलः।
तेन मन्त्रेण बध्नामि रक्षेमा चलमा चल॥

त्यसैवेला देखि यो सर्वसाधारणमा पनि बाँध्ने चलन चल्यो। पुरोहितबाट रक्षाबन्धन बाँधी सुरक्षित रहन जोसुकै पनि सक्तछ। यसरी आजको श्रावणी पूर्णिमासित धेरै कृत्य गाँसिएका छन्।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवतारवादको सान्दर्भिकचिन्तन र कृष्णावतार

ब्रह्म, ईश्वर या परमात्मा जस्ता शब्दले व्यवहार हुने वस्तुतथ्य एउटै हो, जो देश र काल जस्ता सीमा या परिधिभन्दा बाहिर स्व-स्वरूपमा विद्यमान छ। त्यसैले यो अचिन्त्य, अलक्ष्य, अतर्क्य र अखण्ड मानिन्छ। अतएव भनिएको छ– "अवाङ्मनसगोचरम्" अर्थात् वचन र मनको विषय नभएको अनि आफ्नै महिमाले मण्डित आदि। एतावता भगवत्सत्ता त्यसरी अचिन्त्य र अतर्क्यरूपमा छ भने साधक या उपासकको लागि त्यो कसरी आराधनीय र उपास्य हुनसक्छ त ! भन्ने प्रश्न सहजै उठ्न सक्छ। यस्ता प्रश्नको समाधानका निमित्त भगवान्का कार्यकारी सगुणरूपतिर दृष्टि दिनु आवश्यक हुन्छ। किनभने स्थूल र सूक्ष्म गरी ब्रह्मको दुइ स्वरूप मानिएको छ, जसमध्ये एकलाई शब्दब्रह्म भनिएको छ र अर्कोलाई ब्रह्मब्रह्म अर्थात् स्थूल ब्रह्म–

द्वे ब्रह्मणी त्वणीयोऽति स्थूलात्मन् सर्वसर्ववित्।
शब्दब्रह्मपरं चैव ब्रह्मब्रह्ममयस्य यत्॥

विष्णु पुराणको यसकथनले अन्य शास्त्रीय कथनको पनि प्रतिनिधित्व गरेको छ, शब्दगत भिन्नता भए पनि भावगत एकता रूपमा। यही स्थूलब्रह्मको कार्यकारि रूपलाई षोडशकलावाला पुरुष भनिएको छ– "षोडशकलं वै ब्रह्म" स (प्रजापतिः) हैवं षोडशधा आत्मानं विकृत्य सार्धं समैत्" आदि रूपमा। यसबाट कार्यकारिब्रह्म या पुरुषको षोडशकला हुने कुरा स्पष्ट रूपमा अगाडि आउँछ। यी षोडशकला के हुन् तिनको सामान्य परिचय यसप्रकार छ– १) भद्रः– याने भजनीयता, २) समाप्तिः– समस्त गुणको पराकाष्ठा, ३) आभूतिः– जड र चेतनात्मक जगत्को उत्पादक, ४) सम्भूतिः संरक्षा, ५) भूतम्– संहार, ६) सर्वम्–परिपूर्णता, ७) रूपः–इन्द्रियजन्य अनुभूतिको आधार,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८) अपरिमित– मन, वाणी, बुद्धिको अगम्य, ९) श्रीः– आश्रयणीय गुणका एक मात्र केन्द्र, १०) यशः– समस्त प्रशंसाका विशिष्ट पात्र, ११) नामः– समस्त नामका आधार, १२) उग्रः– समस्त चेष्टाका केन्द्रबिन्दु, १३) सजाताः- समस्तशक्तिहरूको एकमात्र स्थान, १४) पयः- पञ्चमहाभूतको कलात्मक सम्मिश्रणको आधार, १५) महीयाः– महत्तमा मायाको एकमात्र आधार, १६) रससमाधिः– लब्ध आनन्दोद्रेकको आवास ।

कलाको यो सामान्य उल्लेखपछि यस्ता कला अवतारमा मात्र हुन्छन् कि अन्यत्र पनि ? यो जिज्ञासा उठ्नु पनि स्वाभाविकै हो। यसको उत्तरमा सहजै भन्न सकिन्छ कि कम–वेशी रूपले कला हरेक प्राणीमा पाइन्छ। विषयवस्तुको परिज्ञानसम्बन्धी क्षमता या शक्ति विशेषलाई कला भनिन्छ। यसको पूर्ण संख्या चौसट्ठी मानिएको छ। वेदको पुरुषसूक्तमा "पादोऽस्य विश्वाभूतानि" भनेर यो समस्त विश्व ब्रह्माण्ड परमात्माको एक पाउ मात्र बताएकोले चौसट्ठीको चार भागको एक भाग मात्र यहाँको पूर्ण विकास हो। यही पूर्ण विकासको संख्या यहाँ हुन्छ ।

उपनिषत् साहित्यमा अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय रूपमा सृष्टिको विस्तार बताइएको छ। त्यसअनुसार कलाको पहिलो स्वरूप हो अन्नमय। वृक्ष, वनस्पति, लता, गुल्म आदि अन्नमय कलाका उदाहरण हुन्, जसको काम भूमिबाट शक्ति पुष्टि आदि अन्नमय वस्तु ग्रहण गरेर जीवित रहनु देखिन्छ ।

सानाजीव कीटपतङ्ग आदिमा अन्नमयको अतिरिक्त प्राणमय कलाको पनि विकास भएकोले तिनमा डुलफिर गर्न सक्ने शक्ति समेत देखिन्छ। त्यसभन्दा माथिल्लो अण्डज याने पक्षी र सरीसृप जगत्मा मनोमय कलाको समेत विकास भएकोले खानु, पिउनु, उड्नुको अतिरिक्त दाम्पत्य रूपमा स्नेह व्यक्त गर्नु, बचरा, चल्ला आदिमा माया गर्नु जस्ता कुरा पनि देखिन्छन् । अण्डजपछिको जरायुज याने सालले बेरिएर जन्मनेमा मनोमयको अतिरिक्त बिज्ञानमय कलाको पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विकास देखिन्छ । व्यक्तिको मनोभाव बूझ्नु र तदनुसारको चेष्टा गर्नु यस कलाको स्वभाव हो, जो हात्ती, घोडा, कुकुर जस्ता जीव-जन्तुमा देखिन्छ । मनुष्य योनिमा आउँदा थप आनन्दमय कलाको पनि विकास हुन्छ, जसको प्रतिफल व्यक्तिका सम्पूर्ण क्रियाकलाप आनन्द प्राप्तिको निमित्त हुन्छ । मनुष्य योनिमा पाँचदेखि आठकलासम्मको विकास मानिएको छ । त्यसमा पाँच कलाको व्यक्ति बौद्धिक दृष्टिले ज्यादै तल्लो र क्रमिक रूपले बढ्दै आठ कलाको ज्यादै उत्कृष्ट हुने मानिन्छ । नौदेखि माथि सोह्रकला सम्मलाई विभूति या अवतार भनिन्छ । अवतारी विष्णुका प्रमुख दशअवतार र विस्तारित चौबीस अवतार प्रसिद्ध छन् ।

मानवीय गुण र शक्तिको अतिरिक्त विभूति या अवतारमा रहने गुण अरू आठ छन् । संक्षेपमा तीन हुन्– १) प्रभ्वीपना, अर्थात् गर्न नगर्न र अन्यथा रूपमा गर्न समर्थ हुनु, २) कुण्ठिनी, पञ्चमहाभूतमा विद्यमान् शक्तिलाई निष्क्रिय पार्न सक्नु, ३) तेस्रो हो विकासिनी शक्ति, जस्तो वामन जस्तो होचो रूपबाट विराट रूप बन्नु, ४) मर्यादिनी शक्ति, यसले सामर्थ्य भैकन पनि मर्यादामा रहने क्षमता दिलाउँछ, जस्तो रामलाई दिलाएको छ, ५) पाँचौलाई भनिन्छ संह्लादिनी शक्ति । यसद्वारा असमय र अमिल्दो वेलामा पनि चाहेअनुसारको ऋतु र तदनुसारको फल फलाउन सकिन्छ । ६) छैटौं हो आह्लादिनी शक्ति, जसले जुनसुकै वेला साथमा रहेर आनन्द दिलाउँछे । ७) सातौं शक्ति या कलाको नाम हो परिपूर्ण, जसको माध्यमले सम्पूर्ण क्षेत्रमा कलागत उत्कृष्टता प्राप्त हुन्छ । ८) आठौं र अन्तिम गुण या शक्ति हो स्वरूपावस्थिति । यसले सम्पूर्ण कलालाई समेटेर आफ्नो निजी रूपमा रहन सहयोग पुऱ्याउँछ । यसरी गुण या शक्तिको विकासका साथ प्राप्त हुने विविध रूपका क्षमताको यो सामान्य परिचय हो ।

ईश्वर या परमात्माले कतै पुत्रको रूपमा र कतै चाहिं पैगम्बर या दूतको रूपमा धर्म प्रचारार्थ पठाउने कुराको मान्यता अन्य धर्म र भौगोलिक क्षेत्रमा पनि प्रसिद्ध छ । तर भारतीय उप–महाद्वीप अन्तर्गत प्रसिद्ध रहेको आर्ष वाङ्मयमा भने भगवान् स्वुदै अवतार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिई आउनुहुन्छ भन्ने प्रसिद्धि र मान्यता छ । यसरी लिइने अवतार सम्बन्धमा चार किसिमको मान्यता ऐतिहासिक तथा पौराणिक ग्रन्थमा प्रसिद्ध छ ।

तीमध्ये पहिलो मतअनुसार परमात्माले आफ्नो दिव्यमूर्तिलाई सर्वथा परित्याग गरी मनुष्य योनि या अन्य योनिमा जन्म ग्रहण गर्नुहुन्छ भन्ने मत्स्यपुराणको कथन छ–

त्यक्त्वा दिव्यां तनुर्विष्णुर्मानुषेष्विह जायते ।
युगे त्वथ परावृत्ते काले प्रशिथिले प्रभुः ।।

दोस्रो मतअनुसार भगवान्‌को अंशावतार मात्र हुन्छ, त्यस्तो अंश चाहे आधा होस् चाहे चौथाई । बाँकी भागचाहिं आफ्नै स्थानमा रहन्छ । यस मतअनुसार अंशी र अंशले एक कालमा अलग अलग कार्य गर्दछन् । जुन कुरा महाभारतमा यसरी भनिएको छ–

यदा यदा त्वधर्मस्य वृद्धिर्भवति भो द्विजाः ।
धर्मश्च ह्रासमभ्येति तदा देवो जनार्दनः ।।
अवतारं करोत्यत्र द्विधा कृत्वात्मनस्तनुम् ।

यही भाव ब्रह्मपुराणको पनि छ ।

तेस्रो मतअनुसार भगवान् विष्णुले आफ्नो शरीलाई दुइ रूपमा बिभाजन गर्नुभयो । विभाजितमध्ये पहिलो मूर्ति आफ्नै स्थानमा रहेर दुष्कर तपस्यारत छ । दोस्रो मूर्तिचाहिं योग निद्रालाई आश्रय गरेर प्रजाजनको सृष्टि स्थिति संहार जस्ता कार्यमा संलग्न रहन्छ । एक हजार वर्षसम्म जलमा शयन गरेपछि कार्यअनुसार यो आविर्भूत हुन्छ भन्ने हरिवंशको भनाइ छ । यस भनाइअनुसार टीकाकार नीलकण्ठले पहिलो मूर्तिलाई सात्विकी र दोस्रोलाई तामसी भनेका छन् । महाभारतमा पहिलोलाई वासुदेव र दोस्रोलाई संकर्षण नामले व्यवहार गरिएको छ । संकेत हो–

तत्रैका तु महाराज मूर्तिर्भवति सत्तमा ।
नित्यं दिविष्ठा या राजन् ? तपश्चरति दुश्चरम् ।।
द्वितीया चास्य शयने निद्रायोगमुपाययौ ।
प्रजासंहारसर्गार्थं किमध्यात्मविचिन्तकम् ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो मतअनुसार नारायणका चार मूर्ति छन्, तिनमा एक निर्गुण र तीन सगुण छन् । निर्गुणमूर्तिको नाम हो वासुदेव, जो आफ्नो विशिष्ट महिमाले मण्डित छ । सगुणमध्येको पहिलो संकर्षणमूर्ति तामसी हो जो पृथ्वीको धारण गरेर रहेको छ । सहस्र फणावाला नाग-स्वरूप भएकोले यसलाई तामसी भनिएको हो ।

अर्को मूर्तिको नाम हो प्रद्युम्न जो कार्यधर्मको संरक्षक र प्रजा-पालक रूपमा प्रसिद्ध छ । अन्तिम या चौथो मूर्तिको नाम हो अनिरुद्ध । जलशायी रूपको यो अनिरुद्ध मूर्ति रजोरूपले संसार सृष्टिको कारण-रूपमा प्रसिद्ध छ । वेला वेला अवतार लिई दुष्टदमन र धर्मसंरक्षण-मा सरीक बन्ने प्रद्युम्न मूर्ति हो, ब्रह्मपुराणको यस मतमा महाभारत-को पनि सहमति देखिन्छ । शान्तिपर्व २३९ अ. मा श्वेतद्वीप गएका नारदलाई आफ्नो चतुर्व्यूहको परिचय भगवान्ले दिनुभएको छ । यस परिचयअनुसार निर्गुण वासुदेव क्षेत्रज्ञ, संकर्षण जीव, प्रद्युम्न मन र अनिरुद्ध हो अहंकार । निर्गुण वासुदेवले सगुण संकर्षणरूप लिएपछि संकर्षणवाट मन र मनवाट अहंकार पैदा हुन्छ ।

एतावता भगवान्ले अवतार लिएर आउनमा लोकमर्यादाको संस्थापन, भक्त संरक्षण, लीला प्रदर्शन पनि कारण नहुने होइनन् तर खास कारण मानिएको छ धर्मसंस्थापन । अतएव "सत्वांसेनावतीर्योर्व्यां धर्मस्य कुरुते स्थितिम्" जस्ता वचनले धर्मसंस्थापन नै यस्ता अवतार हुनमा कारण बताइएका छन् । धर्म के हो र त्यसको संरक्षणमा भगवान् स्वयंले किन त्यसरी लागि पर्नुपर्ने ? जस्ता प्रश्न पनि यतिखेर नउठ्ने होइनन् । संक्षेपमा महाभारतमा वर्णित धर्मको एक स्वरूप यस्तो छ–

अहिंसासत्यमक्रोधस्तपो दानं दमोमतिः ।
अनसूयाप्यमात्सर्यमनीर्ष्याशील मेव च ।।

अर्थात् हिंसा नगर्नु, साँचो बोल्नु, रीस नगर्नु, तप र दान गर्नु, इन्द्रियलाई दमन गर्नु, सुबुद्धि आर्जन गर्नु, अरूको गुणमा दोषारोपण नगर्नु, अन्य हितमा वाधक नहुनु, ईर्ष्या नगर्नु र शील प्राप्त गर्नु । धर्म-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संरक्षणमा भगवान्ले त्यसरी लागि पर्नुपर्ने कुरामा भगवान्कै नीति कारण छ। जस्तो कुनै पनि राज्यको कर्तव्य हुन्छ कि त्यसअन्तर्गतका नीति नियमको परिचालन गर्नु, किनभने नीति नियमविना राज्यको अस्तित्व सम्भव हुँदैन र राज्य विना नीति नियमको निर्माण कायम रहँदैन। धर्म, कर्तव्य या मर्यादा ईश्वरीय नीति हो, यसको परिचालन-मा आंशिक रूपले लौकिक नीति नियम यत्किञ्चित् रूपमा सहयोगी भए पनि यथार्थ रूपमा यसको संरक्षक, संवर्धक तथा परिचालक भने ईश्वर नै मानिएको छ, प्रत्यक्ष होस् या परोक्ष रूपमा। यसरी मानिनु आवश्यक पनि छ, किनभने नत्र धर्म निराश्रित हुनेछ, समर्थ संरक्षक विना यसको अस्तित्व कायम रहने छैन।

"बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन." भनेर गीतामा भगवान्ले आफ्नो पनि अनेक जन्म भएको कुरा उल्लेख गर्नुभएको छ। तर यहाँनिर याद गर्न लायक कुरा के छ भने भगवान्को जन्म र साधा-रण व्यक्तिको जन्ममा तात्त्विक भिन्नता छ, स्वरूपगत पृथकता छ। त्यो पृथकता हो भगवान्को जन्म स्वेच्छया धर्मसंरक्षण तथा लोकमर्यादा पालनको लागि हुन्छ, देशकालको आवश्यकता र उपयोगितालाई विचार गरेर। व्यक्तिको बाध्यतावश हुन्छ वासनाको वशीभूत भएर। त्यसरी आविर्भूत हुने भगवत् स्वरूपलाई विभूति या अवतार भनिन्छ। अव-तारका मुख्य भेद दुइ छन् पूर्णावतार र अंशावतार। अवान्तरभेद समेत गर्दा विशेषावतार, अविशेषावतार र नित्यावतार गरी जम्मा पाँच भेद हुन्छन्। यिनको सामान्य परिचय यस प्रकार छ। नौदेखि पन्ध्र कलासम्मलाई अंशावतार भनिन्छ र सोह्र कलाई पूर्णावतार। अवतार-का कलाहरू काम सकिएपछि फर्केका या मूलमा विलीन भएका पनि देखिन्छन्। जस्तो परशुराम बाह्र कलाको अवतार मानिन्छ। उद्दण्ड क्षत्रियदमन रूप काम सम्पन्न गरेपछि ती कला दाशरथि राममा फर्किन्छन्। राम विवाहपछिको यो घटना वाल्मीकि रामायणमा यसरी उल्लेख भएको छ–

ततः परशुरामस्य देहान्निर्गत्य वैष्णवम्।
पश्यतां सर्वदेवानां तेजो राममुपागमत्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रामबाट यसरी कला खिचिएपछि परशुराम अब साधारण तपस्वी सरह महेन्द्र पर्वतमा उपासक बनेर रहन्छन् ।

अंशावतार र पूर्णावतारको भेद या अन्तर के छ भने पहिलेको कार्यक्षेत्र सावधिक र सीमित हुन्छ भने दोस्रोको निरवधिक र व्यापक । अंशावतारले गरेका कुरा तात्कालिक आवश्यकतालाई हेरेर गरिएको हुन्छ, अरू ठाउँ वा अरू समय सधैं त्यसको जरूरत पर्दैन । जस्तो परशुरामको वेला उद्दण्ड क्षत्रिय मर्दन आवश्यक थियो र गरियो तर सधैं त्यो आवश्यक हुँदैन । यसै गरी वामन अवतारद्वारा बलिबन्धन गर्नु, मत्स्य-अवतारद्वारा बीज बीजनको रक्षा गरी सत्यव्रतलाई उपदेश दिनु, कच्छप अवतारद्वारा मन्दराचल पर्वत धारण गर्नु, वराह अवतारले पृथ्वीको उद्धार गर्नु जस्ता कार्य हुन् सावधिक कार्य जो तत्कालको लागि उपयोगी थिए । तर मर्यादापुरुषोत्तम राम र लीलापुरुषोत्तम कृष्णका जुन क्रियाकलाप छन् ती कुनै देशविशेष र कालविशेषसित मात्र सम्बद्ध नभएर जुनसुकै देश, काल र जातिको लागि पनिउत्तिकै अनुकरणीय र अनुसरणीय छन् । रामराज्यको आदर्श जहिलेसुकैको लागि आदर्श मानिन्छ । पितृ आज्ञापालन, भाइभाइको स्नेह, शिष्ट व्यवहार, सौम्य स्वभाव कसको लागि कहिले पो आवश्यक पर्दैन र ? लीलावपुधारी कृष्णको त कुन् के भन्नु र, चाहे बाल्यावस्थाको मनमोहक बाललीला भनौं, चाहे गोचारण, किशोरावस्थाको कंसदमनपूर्वक लोकरञ्जन उग्रसेनको राज्यस्थापना भनौं अथवा साम्राज्यवादी मगधराजलाई परास्त गराएर बन्दी राजाहरूलाई मुक्त गर्नु अनि उता भौमवध गरी उसले थुनेका राजकन्याहरूलाई मुक्तिको साथै सामाजिक मान्यता प्रदान गर्न उनको इच्छाअनुसार आफैं स्वीकार गर्नु, युधिष्ठिर यज्ञमा ब्राह्मणको पाउ धुने र पत्तल उठाउने जस्ता काम गर्न पछि नपर्नु, महाभारतको संग्राममा प्रमुख सूत्रधार बनी अर्जुनको सारथ्य गरी गीता जस्तो उच्चकोटिको ज्ञान दिनु, प्रत्यक्ष र परोक्ष रूपमा आसुरी स्वभावका व्यक्तिहरूको नाश गरी पृथ्वीको भार हल्का पार्नु, पछि आफ्नै कुल पनि भारकै कारण ठानेर ब्राह्मणश्राप निमित्त पारी नाश गर्नु र भक्त उद्धवको जिज्ञासा र मागअनुसार दोस्रो उद्धवगीता प्रदान गर्नु आदि जस्ता काम भूखण्डको जुन-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुकै क्षेत्रमा जहिलेसुकै आवश्यक पर्दछन् । कृष्णले प्रदान गरेको गीता-ज्ञान पाँच हजार वर्ष पुगिसक्दा पनि पुरानु हुनुको साटो भन् नयाँ र भन् बढी आवश्यक हुँदै गएको देखिन्छ । त्यसैले पूर्णावतारद्वारा भएका काम कुरा सर्वै देश, काल र जातिको लागि आवश्यक र उप-योगी हुने कुरा प्रसिद्ध भएको हो ।

दाशरथि राम सम्बन्धमा अलिकति स्पष्ट पार्नुपर्ने कुरा के छ भने यसलाई कतै अंशावतार र कतै पूर्णावतार भनिने गरेको छ । यथा-र्थताचाहिं के हो भने सूर्यवंशी राम बाह्र कलावाला हुनुहुन्छ र यो पूर्णा-वतार हो । किनभने सूर्यका बाह्रकला हुन्छन् र यो यत्तिकै पूर्ण हो ।

चन्द्रवंशी कृष्ण सोह्र कलावाला हुनुहुन्छ, किनभने चन्द्रका सोह्र कला हुन्छन् । त्यसैले कृष्ण सोह्र कलावाला पूर्णावतार हो । तीन तला-वाला घर त्यत्तिमै पूर्ण हो भने चारतलावाला त्यत्तिमै पूर्ण । तीन र चार तलामा समानता हुँदैन तर पूर्णता दुवैमा मानिए झैं बाह्र र सोह्र कलामा आ–आफ्नो किसिमको पूर्णता हुन्छ तर समानताचाहिं होइन ।

निमित्त भेदले अरू दुइ अवतार मानिएका छन्, जसका नाम हुन् विशेषावतार र अविशेषावतार । यिनमा विशेषावतार त्यसलाई भनिन्छ, जोकि दीक्षाको समय शिष्यको अन्तस्करणमा भावात्मक रूपले व्यक्त हुन्छ । त्यसैले ''गुरुर्ब्रह्मा गुरुर्विष्णु गुरुर्देवो महेश्वरः'' भन्ने भाव जाग्रत बन्छ ।

अविशेषावतार भनेको विशिष्ट पुरुषमा कहिले काहीं आविर्भूत हुने भगवद् भाव हो । जुनवेला त्यस किसिमको भागवद्भाव आवि-र्भाव हुन्छ त्यतिखेर भगवत् सम हुन्छ र अरू वेला साधारण । सन-कादि, नारद पृथु आदि यस्ता अविशेषावतार हुन् त्यसैले भनिएको छ–

आविष्टोऽभूत् कुमारेषु नारदे च हरिर्विभुः ।
अविशेषः पृथुर्देवःशङ्खीचक्रीचतुर्भुजः ।।

भगवान्ले विभूति योगमा "अहमात्मोद्धवामीषाम्" भनेर सबैको हृदयमा विद्यमान आत्मसत्ता मेरो प्रथम बिभूति हो भनेर परिचय गराउनु भएको छ । यसरी सबैको अन्तरवर्ती चेतनसत्ता हो भगवान्-को नित्यावतार । त्यसै नित्यावतारको सम्बन्धले गर्दा व्यक्तिलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुकर्मतिर डोऱ्याने, दुष्कर्म गर्न अघि सर्दा चेतावनी दिने, निन्दित व्यवहार गर्दा लज्जा पैदा गर्ने आदि काम गर्दछ। तर यसरी चेतनसत्ताले सुमार्गतिर डोऱ्याउने काम सामान्य रूपमा गरे तापनि व्यक्तिको आर्जित संस्कार जतातिरको बढी प्रवल छ त्यतैतिर उसको प्रवृत्ति देखिन्छ। यसरी संस्कारको वशीभूत भएर त्यता लागे पनि पछि प्रतिकूल परिणाम भोग्नुपर्दा उसमा पश्चात्ताप पैदा हुन्छ। त्यसरी पश्चात्ताप पैदा गराउने पनि आत्मसत्तै हो। यसरी अवतार चाहे जुनसुकै रूपको होस् त्यसले आफ्नो क्षेत्रअनुसार सुधार र संस्कार दिने गरेको हुन्छ, जसअनुसार लोकस्थिति सुधारिँदै अघि बढ्छ।

अवतार सम्वन्धी चर्चाको यस प्रसंगमा "एते चांशकलापुंस: कृष्णस्तु भगवान् स्वयम्" भनेर भागवतले अरूलाई अंशावतार र श्रीकृष्णलाई पूर्णावतार भनेर उल्लेख गरेअनुसार सोह्रकला युक्त पूर्णावतार श्रीकृष्णको प्रादुर्भाव सम्बन्धी भूमिकाको सामान्य चर्चा अब गरिन्छ।

कृष्णको अवतार या प्रादुर्भाव जुन समयमा भयो त्यतिखेरको स्थिति वडो भयावह देखिन्छ। चारैतिर अनीति र अन्यायले शिर उठाएको त्यतिवेला आसुरीशक्तिले लोक सताइएको थियो। कंस, जरासंध, शिशुपाल, दन्तवक्त्र जस्ता शासकहरूमा साम्राज्यवादी भाव बढ्दै गएको थियो। जसको प्रतिफल मगधराज जरासंधले बीस हजार भन्दा बढी राजालाई बन्दी बनाएर उनीहरूलाई कैदी जीवन विताउन बाध्य तुल्याएको थियो। कंस स्वयं बाबुको घोर विरोधी थियो। विवाहकै वेला वहिनीलाई मार्न अघि सर्ने उसले ६ वटा नवजात शिशुको हत्या स्वयं गऱ्यो र मतियारको सल्लाहअनुसार दाँत उम्रेका र नउम्रेका सब बालकलाई मार्ने आदेश जारी गऱ्यो। उता धृतराष्ट्र स्वयं र उनका छोराहरूमा पनि लोभ, ईर्ष्या र उद्दण्डताले सीमा पार गर्दै गयो जसले गर्दा पाण्डवको जिउने अधिकारलाई पनि दुष्कर तुल्यायो।

यस्तै भयावह स्थितिको अन्त्य गर्न गोरूप पृथ्वी र ब्रह्मादि देवको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रार्थनाअनुसार भाद्रकृष्ण अष्टमीको आधारात श्रीकृष्ण प्रादुर्भाव हुन्छन् कैदी आमाबाबुबाट जेलमा । उनको शिशुजीवन निरापद रूपमा बित्न पाउँदैन । जन्मेको ६ दिनपछि नै बालघातिनी पूतना, त्यसपछि भयङ्कर आँधीबेरीरूप तृणावर्तको, यसअघि पनि वत्सासुर, बकासुर, अघासुर, धेनुक आदि कैयौं आसुरी शक्तिलाई परास्त गर्दै उनी बढ्छन् ।

एकातिर बन्नु र सप्रनु छ भने अर्कोतिर बिग्रनु र नाशिनु आवश्यक हुन्छ, यस्तै विधिको विधान छ र प्रकृतिको नियम । कुनै जातको काठबाट मेच, टेबुल, कुर्सी जस्ता उपयोगी आवश्यक सरसामान तब मात्र बन्छन् जब त्यसको मूलरूप रूखलाई बिगारिन्छ । अवतारी पुरुषबाट सुधारको काम सम्पन्न गर्दा पनि आसुरीशक्ति र स्वभावको मर्दन र दमन गर्नु आवश्यक हुने भएकोले श्रीकृष्णबाट त्यसै गरिन्छ ।

अवतारी पुरुषमा श्रीकृष्ण यौटा त्यस्तो विशिष्ट व्यक्तित्व देखिन्छ जसमा एकातिर प्रेम–मैत्री, सद्भावना, सदाचार जस्ता कुराको सीमान्त प्रयोग पाइन्छ भने अर्कोतिर दुष्टदमन, अभिमानभञ्जन, नीतिपरिपालन एवं राजनैतिक सूझबूझका पनि अद्वितीयउदाहरण पाइन्छन् । त्यसो हुँदा ईश्वरवादी आस्तिकविचार हुनेले श्रीकृष्णलाई परमेश्वरका पूर्णावतारको रूपमा मान्दछन् भने आस्तिक विचार नहुनेले पनि कूटनीतिविशारद, गीता जस्तो विशिष्ट, बौद्धिकसम्बल दिन सक्ने, असाधारण सूझबूझ भएका व्यक्तित्व भनेर स्वीकार्दछन् ।

आ–आफ्नो समझदारी र धारणाअनुसार व्यक्ति व्यक्तिले जे जस्तो ठान्छन् र संझन्छन् श्रीकृष्ण पनि त्यस्तै होइदिन्छन् र देखिन्छन् । यो अत्युक्ति एवं अतिरञ्जित कुरा नभएर व्यासले समाधिभाषाद्वारा साक्षात्कार गरेको र शुकदेवको परिष्कृत मनमस्तिष्कले सकारेको कुरा हो । जसको एक उदाहरण श्रीकृष्ण कंसको रङ्गभूमिमा प्रवेश गरेको बेला देख्न सकिन्छ । भेद नीतिले कृष्ण र बलरामलाई वश गर्ने सुरले कंसद्वारा तयार पार्न लगाइएको रङ्गभूमिमा कुवलयापीड ह्यात्तीलाई खतम पारी जब दुवै भाइ प्रवेश गर्दछन् त्यतिखेर त्यहाँ रहेका व्यक्ति भावअनुसार कृष्णलाई दश रूपमा देख्छन् । प्रगियोगिता-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मा भाग लिने चाणूर र मुष्टिकको लागि बज्र जस्तो, नारीका लागि कामदेव जस्तो, गोपगणका लागि स्वजन जस्तो, दुष्ट राजाहरूको लागि यमराज जस्तो, कंसलाई काल जस्तो, योगीलाई परमतत्त्व जस्तो आदि। एतावता श्रीकृष्ण कस्तो भन्दा हेर्नेका आँखा र संझनेको हृदय जस्तो छ त्यस्तै भन्नुपर्दछ।

यद्यपि द्वेषभाव राखेर संझनेलाई पनि श्रीकृष्णबाट सुगति नै प्रदान गरेको पाइन्छ भने श्रद्धा र भक्तिपूर्वक प्रेम गर्नेको लागि उनीबाट सुगति मिल्ने कुरामा शंका गर्ने ठाउँ देखिन्न।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुशे औंसी

हरेक महिनाका दुइ पक्ष हुछन् कृष्ण र शुक्ल। यिनमा शुक्लपक्ष देवोपासनाको लागि बढी प्रसिद्ध छ भने कृष्णपक्ष पितृउपासनाको लागि। कृष्णपक्षको अन्त्यमा गरिने यौटा याग छ जसलाई दर्शयाग भनिन्छ। अमावास्या याने औंसीको दिन चन्द्रमा र सूर्य संगमस्थलमा रहन्छन्, त्यसैले यो दिन अरूभन्दा बेग्लै वा विशेष हुनु र ठहरिनु स्वाभाविक छ। त्यसमा पनि कतिपय महिनाका औंसीले अरू बढी महत्त्व राखेका हुन्छन्। भाद्रकृष्णको औंसी त्यस्तै बढी महत्त्व राख्ने तिथि मानिन्छ। यसरी विशेष मानिनुमा तीन कारण छन्। ती हुन् यस दिन कुश उखेलिनु या काटिनु, अर्को गोकर्णस्नान र तेस्रो सजीव-पितृ सम्मान।

हिन्दूविधिअनुसार हरेक देवकार्य, पितृकार्य, संस्कार आदि सम्पन्न गरिदा शुरूमै एक वनस्पतिको जरूरत पर्दछ जसलाई कुश या दर्भ भनिन्छ। वहुविध कार्यमा प्रयोग गरिने कुश रोप्न र काट्न पनि विधि छ, व्यवस्था छ। त्यसअनुसार रोप्नको लागि श्रावणशुक्ल चतुर्दशी निर्धारित छ भने काट्नको लागि भाद्रकृष्ण औंसी।

त्यसैले यस औंसीलाई कुशेऔंसीको रूपमा चिनिन्छ या जानिन्छ।

यहाँ प्रसंगअनुसार कुश बारे छोटो जानकारी दिनु अनुचित ठहरिने छैन। वैदिक धर्म संस्कृतिको शुरू या आरम्भमा पूर्व तयारीको लागि भनिएको छ–

स्नाने दाने जपे होमे स्वाध्याये पितृकर्मणि।
करौ सदर्भौ कुर्वीत तथा सन्ध्याभिवादने ।।

अर्थात् स्नान, दान, जप, होम, स्वाध्याय र पितृकर्म गर्दा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुवै हात कुशयुक्त तुल्याउनु । यस कथनले तृणरूप भए पनि कुशको प्रयोगलाई कति महत्त्व दिएको रहेछ स्वतः बुझ्न सकिन्छ । यसको धारण पवित्र आकारमा देवकार्य, संस्कार जस्तो काम भए साहिंली औंला र पितृकार्य भए तर्जनी याने चोरी औंलामा गरिन्छ । शरीर शुद्धिको लागि गरिने गाई वा गोनिष्क्रय रूप द्रव्यदान गर्दा पनि तिल जौको साथ कुशको प्रयोग आवश्यक हुन्छ । कर्मपात्र निर्माण गर्दा कुशद्वारा तयार पारिएको पवित्र हाल्नुपर्छ भने पवित्रताको लागि जल छर्कंदा पनि कुशै प्रयोग गरिन्छ ।

अग्निस्थापनाविधि सम्पन्न गरिंदा वेदी वरिपरि कुश बिछ्याउनु पर्छ भने, ब्रह्मा, विष्टरको निर्माण पनि कुशद्वारै हुन्छ । ऋषिपंचमीको दिन स्वास्नीमानिसले अरून्धती सहित सप्तर्षिको पूजा कुशकै टुक्रालाई प्रतीक मानी गर्दछन् । आवाहन गरिएका देवतालाई आसन दिंदा पनि कुशकै टुक्रा अर्पण गरिन्छ । यसै गरी पितृकार्य श्राद्धमा कुशबाट तयार पारिएको ब्राह्मण नै दुनामा चामल राखेर त्यसमाथि स्थापन गरी पूजा गरिन्छ । पिण्डदानको वेदी र त्यसको दुवैतिर पनि कुश बिछ्याउने शास्त्रीय विधि छ ।

पंचक परेको बेला मानिएको मृत्यु भयो भने त्यसको दोष निवारणपूर्वक शान्तिको लागि अन्य वस्तुको साथ कुशद्वारा तयार पारिएका पाँच पुतला लाशको साथ जलाइन्छ । प्राणान्त हुन लागेको बेला पनि कुश र तुलसी बिछ्याइन्छ । यी कतिपय उदाहरणबाट कुशको उपयोग कति व्यापक रूपमा हुने रहेछ, बुझ्न गाह्रो पर्दैन । जहाँ बढी उत्पादन हुन्छ त्यहाँ चकटी आसनी पनि यसबाट बनाइन्छ ।

यसरी धार्मिक एवं संस्कारको क्षेत्रमा बहुविध रूपले प्रयोग हुने र आवश्यक मानिने कुशको उत्पत्ति कहिले भयो होला भनेर जान्न बुझ्न खोज्दा यौटा कथन त यस्तो छ जो सृष्टिकर्ता ब्रह्माजीसँगै यसको उत्पत्ति भएको पाइन्छ । त्यसैले कुश काट्दा भनिन्छ –

विरञ्चिना सहोत्पन्न परमेष्ठिनिसर्गज ।
नुद सर्वाणि पापानि दर्भ स्वस्तिकरोभव ।। ओं फट् स्वाहा ।

यस कथनले ब्रह्माजीसँगै उत्पन्न हुने कुशमा सम्पूर्ण पाप नाश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न शक्ति छ। त्यति मात्र नभै देवराज इन्द्र वज्रबाट, विष्णु सुदर्शन-चक्रबाट अनि शिव त्रिशूलबाट जे जति काम लिन सक्छन् पवित्र धारणबाट ब्राह्मण पनि त्यत्तिकै सुरक्षा अनुभव गर्न सक्छन्। त्यसैले भनिएको छ–

यथा वज्रं सुरेन्द्रस्य यथाचक्रं हरेस्तथा।
त्रिशूलं च त्रिनेत्रस्य तथा विप्रपवित्रकम्॥

अर्को कथनअनुसार भगवान् विष्णुले पृथ्वीको उद्धारको लागि वराह अवतार लिएको बेला बलशाली कश्यपपुत्र हिरण्याक्षसित संग्राम पर्दछ। लामो समयसम्म संग्राम गरी हिरण्याक्ष वध गरेपछि भगवान्-लाई श्रमको अनुभव भयो अनि विश्रामको लागि समुद्र किनारमा एक छिन आराम गर्दा बालुवामा झर्न गएका रौंबाटै कुश र काश पैदा भए। यो कुराको संकेत भागवतबाट पाइन्छ –

तनूरूहाणि, दर्भा प्रभो यज्ञपुमांस्त्वमेव।

हुन पनि भगवान् वराहका प्रत्येक अंगको तुलना यज्ञपात्रसित गरिएको छ र शरीरलाई पनि यज्ञसितै तुलना गरी यज्ञवराह भनिएको छ। त्यसो हुँदा कुशको उत्पत्ति पनि उहाँबाटै हुनु र पवित्र मानिनु पनि स्वाभाविकै देखिन्छ।

तेस्रो कथनअनुसार लोकसंरक्षणको लागि दैत्य जालन्धरलाई वश गर्नु अति आवश्यक पर्छ। तर जालन्धरपत्नी वृन्दा सती भएकीले उनको सतीत्वमा आँच नआउन्जेल जालन्धरको मृत्यु असम्भव ठानिन्छ। त्यसो हुँदा विष्णुले मायिक रूप धारण गरी वृन्दाको सतीत्व अपहरण गरेपछि जालन्धरको वध त शिबबाट हुन्छ। तर यसबाट क्रुद्ध र खिन्न बनेकी वृन्दाले घाँस, झार, रूख र ढुंगा बन्नुपर्ने चारौटा श्राप विष्णु-लाई दिएकोले सतीको श्राप स्वीकार्नु आवश्यक हुँदा उनैको घाँसरूप कुश हो। यसबाट पनि कुशको सम्बन्ध विष्णुसितै देखिन्छ र देव पितृ-कार्यमा प्रयोग हुनु स्वाभाविक मानिन्छ।

यसरी उत्पादनमा विविध किसिमको पौराणिक आख्यान, ऐति-हासिक कथनसित सम्बन्ध कुश ओखल्ने या काट्ने दिन यही भाद्रकृष्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमावास्या भएकोले यस औंसीलाई कुशेऔंसीको रूपमा चिनिन्छ र व्यवहार गरिन्छ। देवपितृकार्यमा प्रयोग गरिने कुशको लागि यस्तो विधि या नियम स्वीकारिएको छ कि अन्य दिनमा काटिएको वा उखेलिएको कुश त्यसै दिनको लागि मात्र प्रयोग गर्न सकिन्छ। कुशे औंशीमा काटिएको कुश वर्षभर प्रयोग गर्न सकिन्छ भने यस औंसीको दिन सोमवार परेको छ भने त्यो कुश बाह्र वर्षसम्म पनि प्रयोग गर्न सकिन्छ। यसै गरी कुश नपाए वा पाउने स्थिति नभए काश र काश पनि नपाए विकल्प रूपमा शर, दूबोद्वारा भए पनि काम चलाउन सकिन्छ।

कुशे औंसीको दिन पुरोहित या अन्य ब्राह्मण कुशका मूठा लिएर यजमानकहाँ जान्छन् र घरको मूली व्यक्तिलाई त्यो दिन्छन्। मूली व्यक्तिले पनि आफूपछि घरका अन्य परिवारलाई कुश छुन दिई अन्त्यमा सुरक्षित राख्छन्। यही हो कुशको सामान्य परिचय र प्रयोग सम्बन्धी संक्षिप्त विवरण।

अब यस औंसीमा गरिने अर्को कृत्य बारे सामान्य चर्चा गरिन्छ। कुशको सम्बन्धबाट यस औंसीको नाम प्रसिद्ध भए झैं तीर्थको सम्बन्धले पनि प्रसिद्ध छ, जसअनुसार यसको अर्को नाम छ गोकर्णे औंसी। यो नाम रहनाको कारण हो यस दिन गोकर्णेश्वरमा मेला लाग्दछ। भगवान् शिवका अनेक नाम र पीठ प्रसिद्ध छन् जसमध्येको एक नाम हो गोकर्णेश्वर। यस पीठको उत्पत्ति र प्रसिद्धि सम्बन्धी कथानक हिमवत्खण्डमा उल्लेख भएको छ। जसअनुसार एक सिङ्गवाला मृगरूपधारी शिवको दर्शनका लागि आएका त्रिदेव (ब्रह्मा, विष्णु र इन्द्र) ले योटै सिंगलाई तीन ठाउँमा समाते, इन्द्रले अग्रभाग, ब्रह्माले मध्यभाग र विष्णुले मूलभाग। आ–आफूले समातेका टुक्रा उखेलिएर आएपछि ब्रह्माले समातेको मध्यभाग भगवान् शिवको उपदेशअनुसार चन्द्रभागा र वागमतीको निकटमा लगेर स्थापन गरियो। यही पीठ गोकर्णेश्वर नामले प्रसिद्ध भयो। भाद्रकृष्ण औंसीमा यहाँ मेला लाग्ने प्रचलन छ।

गोकर्णेश्वर मेलाको लक्ष्य या उद्देश्य दुइतिर छ, एक आत्म-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्याण र अर्को पितृतृप्ति। भौतिक शरीर शोधनपूर्वक धर्मोपार्जनको लागि यहाँ तीर्थयात्री जान्छन् र उत्तरवाहिनीमा स्नान गरी भगवान् गोकर्णेश्वर, पार्वती र गदाधरको दर्शन गरी पुण्य लाभ गर्ने एकथरी हुन्छन् भने पितृतर्पणका लागि जाने अर्काथरी। हिन्दूधर्म सम्प्रदायमा दिवंगत पितृको तृप्ति एवं कल्याण कामना गरी तर्पण एवं श्राद्ध गर्ने चलन सर्वत्र प्रसिद्धै छ। यस्ता श्राद्ध देहान्त भएको तिथि, आश्विन कृष्णका सोह्र दिन, ग्रहण परेको वेला र तीर्थमा पनि गरिन्छ। विष्णुपद, गदाधरमा गरेको श्राद्धको महत्त्व बढी मानिएको छ। गोकर्णेश्वरमा गदाधर भगवान्को मूर्ति र विष्णुपादुका पनि छन्। यहाँ पुण्यसलिला वागमती उत्तरवाहिनी भएकी छिन् र चन्द्रभागाको पनि समागम छ। राक्षेसराज रावणले लामो समय तपस्या गरी भगवान्-लाई खुशी पार्न दशै शिर हवन गर्न अघि सर्दा गोकर्णेश्वरको दर्शन प्राप्त गरी उहाँको आज्ञाले सबैमाथि विजय प्राप्त गर्ने वरदान पाएको पौराणिक कथा पनि प्रसिद्ध छ। यसरी बहुविध रूपले प्रसिद्ध यस पुण्य तीर्थमा औंसीको दिन तर्पण एवं श्राद्ध गर्न ठूलो जनसमूह उपस्थित हुन्छ।

यस दिन गरिने तेस्रो र अन्तिम कृत्य हो सजीवपितृसम्मान। शास्त्रीय रूपमा उल्लेख नभए पनि राजधानी र आसपासको क्षेत्रमा यौटा चलन छ पितृसम्मान भनौं या बाबुको मुख हेर्ने भनौ। मातृ-औंसीमा आमाको जस्तै यस पितृऔंसीमा बाबुलाई मनपर्ने मिष्ठान्न र अन्य रुचिकर खाना खुवाई तुष्ट पार्ने चलन छ। देहान्तपछि त तृप्तिको कामना गरी श्राद्ध गरिन्छ भने सजीवलाई सम्मान गर्नु अस्वाभाविक वा अप्रासंगिक कुरा होइन, यसरी कुशे भनौं या गोकर्णेश्वर औंसीको महत्त्व प्रशस्त छ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरितालिका (तीज)को सामयिक परिचर्चा

यस विशाल विश्वमा प्राणीहरूको जन्म, स्थिति र विलयन जस्ता कुरा कहिलेदेखि चल्यो र कहिलेसम्म चलिरहन्छ यो यकीन साथ भन्न सकिने कुरा होइन। यसरी आउनु, जानु, बस्नुखानु, जस्ता कुरा नित्यप्रति चलिरहे पनि मानव समुदायमा प्रचलित परिष्कृत संस्कार, मनोरम गुण, सुखकर परिणाम, मिलनसारिता, क्रियाशीलता र कल्याणकारिता जस्ता कुराको संयोजन र वियोजनले त्यस्तै व्यवहार-लाई उच्च वा उत्कृष्ट र निम्न वा निकृष्ट रूपमा मूल्यांकन गरिने परिपाटी चलेको छ। यस किसिम कुनै समूह या सम्प्रदाय, जमात या जातिको समष्टि आचार विचार र व्यवहारलाई नै संस्कृति भनिन्छ। विश्वमा विकसित विभिन्न सम्प्रदाय या जमातमध्ये कसको संस्कृति पुरानो, परिष्कृत र महत्त्वशाली होला ? भन्ने प्रश्नको उत्तरमा अनेक पक्ष पेश हुन सक्छन्। त्यसरी पेश हुने पक्षमा हिन्दू संस्कृतिको पनि एक पक्ष छ। अन्यपक्ष भन्दा यस पक्षको विशेषता के छ भने यसका स्वरूप निर्धारक विचारकहरूले परिष्कृत बुद्धिवैभव लगाएर मूललक्ष्य-को सहयोगी हुने गरी यसको निर्धारण गरेका छन्। यसरी निर्धारित मूल लक्ष्यको केन्द्रबिन्दु भन्नु आत्मा हो। त्यसैले आत्मोपलब्धि या आत्मसुख-मा अनुकूल र उपयोगी हुने विधिव्यवहार नै यससित सम्बद्ध संस्कृतिको विशेषता हो।

हिन्दू संस्कृतिका विविध पक्षमध्ये एक हो दाम्पत्य पक्ष। दाम्पत्य सम्बन्धको स्वच्छता र दृढतालाई यस संस्कृतिले गहिराइसाथ परगेलको छ। त्यसो हुँदा यसको संयोजन, परिपालन र परिष्कारमा प्रकाश पार्ने अनेक साधन प्रसिद्ध छन्। तिनैमध्येको एक हो साहित्यिक साधन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता साहित्यिक साधनमा कतिले प्रासङ्गिक रूपमा र कतिले चाहिं मुख्य रूपमा दाम्पत्य सम्बन्धबारे प्रकाश पारेका छन् । यस्ता साहित्यिक साधनका स्रोत पनि हिमाली क्षेत्र नै देखापर्छ । हिमालयपुत्री पार्वती र देवाधिदेव महादेव एक स्रोत हुन् भने विष्णुलक्ष्मी, सीताराम जस्ता अन्य सहायक स्रोत पनि अनेक भेटिन्छन् ।

नर र नारीका बीच सामाजिक रूपमा शास्त्रीय विधिअनुसार गाँसिने जुन दाम्पत्य सम्बन्ध छ त्यसको पूर्वरंग पहिलेदेखि नै कायम रहेको हुन्छ भन्ने हाम्रो शास्त्रीय विधान छ । यो सम्बन्ध कायम गर्दा त्यसका घटक माध्यम सात मानिएका छन, जस्तो:–

जन्मान्तरीयसम्बन्धस्तथा पाणिपवित्रता ।
तपःप्रधाना नार्यश्च कन्यादानस्य श्रेष्ठता ।।
स्त्रियःप्रसादायकृतिर्जायात्वमेकरूपता ।।

अर्थात् जन्मान्तरीय सम्बन्ध, पाणिग्रहणको पवित्रता, नारीको तपोमय सहयोग, कन्यादानको श्रेष्ठता, स्त्रीलाई प्रसन्न पार्ने प्रयत्न, जायापदको प्रतिष्ठा र दाम्पत्यभावमा एकरूपता । यी सात सूत्रमा पहिलो जन्मान्तरीय सम्बन्ध भन्नाले के कुरा जनाउँछ भने कुनै नर र नारीको प्रणयसम्बन्ध यस जन्मको अप्रत्याशित घटना नभएर त्यो जन्मान्तरदेखिको योजनात्मक प्रयोग हो । यस वस्तुतथ्यलाई वैदिक-संस्कृतिका अमर पक्षधर महाकवि कालिदासले–

स्वयं विधाता तपसः फलानां केनापि कामेन तपश्चकार ।

भनेर संकेत गरेका छन् । यसो भन्नुको तात्पर्य के भने शिव स्वयं तपस्याका फलदाता हुनुहुन्छ, त्यसो भैकन पनि उहाँको तपस्यारत रहनुले के कुरा द्योतन गर्छ भने कामना रूपले केही संस्कार उहाँमा छ जसको परिपूर्तिको निमित तपस्या गरेको देखिन्छ ।

उता पर्वतराजपुत्री पार्वतीले पनि त्यस्तै आत्मवृत्ति संस्कारले प्रेरित भएर तपस्या शुरु गरिन् । दुवैतिरको तपस्या जब परीक्षणपूर्वक परिपाक बन्छ अनि प्रणयसम्बन्ध कायम गर्नमा उपयोगी देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परित्यक्ता जानकी सीताको मुखबाट पनि कालिदासले रामसित जन्मान्तरमा पनि तिम्रै साथ सम्बन्ध कायम होओस् भन्ने भावना व्यक्त गराएका छन्:–

भूयो यथा मे जननान्तरे पि त्वमेव भर्ता न च विप्रयोगः ।

पाणिग्रहणको पवित्रता आदर्श दाम्पत्यको अर्को उदाहरण हो । पार्वती तपले आकृष्ट शिव वटुरूप लिएर उनको सामु आउनुहुन्छ परीक्षणको लागि । निउँ पिउँ गरेर तलाउमा खसेपछि सखीहरूको कथनले आकर्षित भै पार्वती झिक्न जान्छिन् र बायाँ हात दिन्छिन् । तर वटुक समाउँदैनन् र दायाँ हातको माग गर्दछन् । पार्वती दायाँ हात शिवलाई अर्पण गरिसकेको छ भन्ने अठोट सुनाउँछिन् ।

यो हो पाणिलाई पवित्र राख्न गरिएको प्रयास । तप त स्वयं पार्वतीले गरेकै थिइन् । यसै गरी अगाडिका कन्यादान, लाजाहोम र जायापदको प्रतिष्ठापछि शिव र पार्वतीमा दाम्पत्यको एकरूपता कायम हुन्छ, जसलाई अर्धनारीश्वर भनिन्छ । दाम्पत्य भावको यस उदाहरणले के कुरा सावित गर्छ भने पारमार्थिक क्षेत्रको मात्र होइन अपितु पारिवारिक होस् वा सामाजिक सबै अंशमा हाम्रो अतीतको चित्रण त्यागमय देखिन्छ र तपस्यामय पाइन्छ । माथि दाम्पत्य भावका घटक सात सूत्र बारे जुन सामान्य उल्लेख भयो तिनले हिन्दू समाजलाई भावनात्मक रूपले स्पर्श गरेको छ, सांस्कृतिक रूपबाट प्रभावित पारेको छ। यसको क्रियात्मक निर्वाह यस सम्प्रदायका नारीहरूले वेला वखत गर्दै आएका छन् ।

हरितालिका व्रत जसलाई प्रचलित भाषामा तीजको व्रत पनि भनिन्छ उक्त क्रियात्मक निर्वाहको एक मूर्तरूप हो । जसलाई यसका अनुयायी नारीहरू कडाइका साथ पालन गर्छन् । शुरूमा पार्वतीले अनुष्ठान गरेको यस व्रतको नाम हरितालिका रहेको छ । सखीहरूले हरण गरेर लगेको हुँदा यसको यस्तो नाम रहन गएको कुरा व्रतराजले उल्लेख गरेको छ–

सखिभिर्हरिता यस्मात् तेनेयं हरितालिका ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनको संचालन कुन विधिअनुसार गर्ने भन्ने प्रश्नमा समाधान-रूपले यहाँ शिष्टपरम्परालाई प्रेरक मानिएको छ। यही प्रेरणाअनुसार यस दिन व्रत बसी महादेव पार्वतीको पूजा आराधना गरिन्छ। यसबाट अभीष्ट वरप्राप्ति या स्वस्थ र विशुद्ध दाम्पत्यको अभिलाषा राखिन्छ। बलेको दीयोको ज्वालालाई अखण्ड रूपमा कायम राख्न त्यसमा तेल थप्तै राख्नु, हावापानीबाट जोगाउनु आवश्यक पर्छ। कुनै बोट बिरुवालाई अविकृत रूपले जोगाउन वरिपरि बार बन्देज लगाउनु पानी थप्तै रहनुसित पनि हामी परिचितै छौं। त्यसै गरी अभिलषित रूपमा दाम्पत्य सम्बन्ध कायम हुनु र कायम भएपछि चिरकालिक रूपमा स्थिर रहनु पनि त्यत्तिकै अभीष्ट कुरा हो। अतएव यस्ता अभीष्ट कुरालाई अविच्छिन्न राख्न दृष्ट रूपमा कतिपयको त्याग, सहनशीलता समझदारी र धैर्यको आवश्यकता पर्छ भने अदृष्ट रूपको अनुष्ठान पनि त्यत्तिकै आवश्यक मानिन्छ। समझदारी र समर्पण भाव विनाको दाम्पत्य यथार्थरूपले फलीभूत बन्दैन।

दाम्पत्य जीवनको सफल निर्वाहलाई हाम्रा अतीतकालिक चिन्तक मनीषीहरूले बडो महत्त्व दिएका छन्। मानव धर्मका प्रथम व्याख्याता मनु स्वयं वास्तव कल्याण कहाँ रहन्छ भन्ने प्रश्नको उत्तरमा भन्छन्, त्यस्तो परिवार छरछिमेक या देशमा कल्याण रहँदैन जहाँ द्वेष छ, दुर्भावना छ, कलह र झगडा छ, एकअर्काप्रति अविश्वास र असन्तुष्टि छ। त्यसो हुँदा कल्याण त्यहाँ रहन्छ जुन परिवारमा मेल छ, सन्तुष्टि छ, एक अर्काप्रति सहयोगीभाव छः–

सन्तुष्टो भार्यया भर्ता भर्त्रा भार्या तथैव च।
यस्मिन्नेव कुले नित्यं कल्याणं तत्र वै ध्रुवम्॥

यहाँनिर याद गर्न लायक कुरा के छ भने जुनसुकै अनुकूल र अभीष्ट कुराको फल मात्र चाहेर हुँदैन त्यसको मूल स्रोत फेला पार्नुपर्छ, कारण खोजी बुझी त्यसको क्रियात्मक अवलम्बन गर्नुपर्छ अनि मात्र फलप्राप्तिको अधिकारी ठहरिन्छ।

आजको हरितालिका तीजमा सौभाग्यसूचक धागो, चुरा, पोते,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र टीका लगाई रङ्गी चङ्गी वस्त्र पहिरेर व्रत बस्ने र पशुपति वा अन्य छरछिमेकका देवदेवी मन्दिरमा दर्शनार्थ जाने दिदी बहिनीहरूले पनि यस कुरालाई संझेर बुझेर जीवनमा अवलम्बन गर्नु आवश्यक छ। हाम्रो धर्म र संस्कृतिका आदिस्रोत शिव र पार्वतीले सर्वप्रथम आफैं अनुष्ठान गरी तयार पारिएको त्यागमय समर्पणभाव युक्त राजमार्गमा आफ्ना उपासकलाई पनि अघि बढ्न प्रेरणा दिऊन् यही नै यतिखेरको प्रासङ्गिक उद्गार ठहरिन्छ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गणेश चौथी

नवग्रह मध्येका अन्यतम मङ्गल पृथिवीपुत्र मानिन्छन् । यी मेष र वृषराशिका स्वामी हुन् । वारमा मङ्गलवार खरो वार मानिन्छ। त्यसैले कडा काम गर्नुपर्दा यस दिन आरम्भ गरेमा चाँडै फत्य हुने ठानिन्छ । एक राशिको भोग मङ्गलले १ महिना १५ दिन अर्थात् ४५ दिनमा पूरा गर्छन् । ग्रहको स्वभाव बारे भन्दा मङ्गल शुभ ग्रह अन्तर्गत पर्दैनन् । यिनको वर्ण रातो मानिन्छ ।

उक्त किसिमको स्वभावगत विविधता भएका मंगलसित सम्बद्ध प्रत्येक मंगलवार गणेश र हनुमानको पूजापाठको लागि प्रसिद्ध छ। त्यसमा चौथी तिथि समेत पर्दा गणेश पूजाको लागि बढी विशेषता राख्तछ । यसै सान्दर्सिक प्रसंगअनुसार गणेश बारे केही परिचायक प्रसंग यहां प्रस्तुत गरिन्छ । जसबाट उनको स्वरूप बुझ्न सजिलो पर्नेछ ।

वैदिक धर्म बहुदेवतावादी धर्म हो । त्यसैले यहाँ इन्द्र, मित्र, वरुण, अग्नि, सोम, रुद्र, पूषा आदि बहुसंख्यक देवताको उल्लेख वैदिक साहित्यमा पाइन्छ । यस क्रममा गणेशको नामांकन नभएकोले यिनलाई वैदिक देवता नमान्ने विचार पनि कतिपयले व्यक्त गरेका छन् । तर सोध खोज गरी बुझ्नु पर्ने कुरा के छ भने वैदिक साहित्यमा उनको उल्लेख अर्कै नामबाट भएको छ । यद्यपि गणपति, गणेश शब्द पनि वेदमा नपाइने होइन तर खास गरी वेदमा गणेशलाई ब्रह्मणस्पति भनिएको छ र ऋग्वेद द्वितीय मण्डलको एक सूक्तमा यो शब्द प्रयोग भएको छ । त्यहाँ प्रयोग भएको ब्रह्मन् शब्दको अर्थ वाक् याने वाणी हो, त्यसैले ब्रह्मणस्पतिको अर्थ हुन्छ वाक्पति अथवा वाचस्पति ।

बृहदारण्यक उपनिषत्मा यस शब्दको त्यही अर्थ गरिएको छ । जस्तो 'एष उ एव ब्रह्मणस्पतिर्वाग् वै ब्रह्म, तस्या एव पतिस्तस्माद्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बृहस्पति: ।' पछि जेष्ठराज शब्द पनि गणेशको निमित्त प्रयोग हुन थाल्यो । यसको अर्थ पनि उही हो जेष्ठ, श्रेष्ठ अर्थात् देवताको राजा । माथिको मन्त्रमा गृत्समद ऋषि देवगणका अधिपति, क्रान्तदर्शी, अतीत अनागतका द्रष्टा, कविका पनि कवि, अनुपमेय कीर्तिसम्पन्न जेष्ठराज ब्रह्मणस्पतिको आह्वान गर्छन् । आह्वानमा रक्षाका साथ घरमा आएर निवास गर्न अनुरोध गरिएको छ । यो सूक्त पूरै ब्रह्मणस्पतिको प्रशंसाको लागि प्रसिद्ध छ । अरू सूक्तमा पनि उनको स्तुति मिल्दछ । जे होस् ब्रह्मणस्पति शब्दको अर्थ गणेश हुनमा कत्ति शंका छैन । पौराणिक साहित्यमा आएर गणेशको जस्तो रूप र महिमा वर्णित छ त्यसको मूल वैदिक साहित्य नै हो । 'एकदन्ताय विद्महे वक्रतुण्डाय धीमहि । तन्नोदन्ती प्रचोदयात्' यो गणेशको वैदिक मन्त्र हो । पूरा मन्त्रमा उनलाई महाहस्ती, एकदन्त, वक्रतुण्ड तथा ढुण्डी पनि भनिएको छ । गणपति शब्दको अर्थ गणको पति भन्ने हुन्छ जो शिवको पनि वाचक मानिन्छ । 'गण समूहे' यो समूहवाचक गण् धातुबाट गण शब्द बन्छ । त्यसैले यसको सामान्य अर्थ समूह या समुदाय भन्ने हुन्छ । समष्टिगत अर्थ विचार गर्दा यस शब्दबाट देवताको गण, महत्त्व अहङ्कारादितत्त्वको समुदाय तथा सगुण निर्गुण ब्रह्म भन्ने अर्थ पनि बोध हुन्छ । गणेशअथर्वशीर्ष अनुसार यी समस्त देवताका रक्षक हुन् । महत्त्व आदि जति पनि सृष्टि तत्त्व हुन् तिनका पनि यी स्वामी मानिन्छन् । सगुण निर्गुण समुदायका पति भएकोले जगत्को उत्पत्ति यिनैबाट मानिएको छ । गण शब्द अन्तर्गतका अक्षरको विचार गर्दा पनि यो कुरा स्पष्ट हुन्छ । 'ग' अक्षर मनोवाणीमय सम्पूर्ण दृश्यादृश्यको वाचक हो भने 'ण' अक्षर मनोवाणीविहीनको बोधक हो । एतावता गण शब्दबाट मनोवाणीभन्दा अलग या बेग्लै अर्थ पनि बोध हुन्छ । गण शब्दको यो अर्थ मौद्गल पुराणमा यसरी नै गरिएको छ–

मनोवाणीमयं सर्वं दृश्यादृश्यस्वरूपकम् ।
गकारात्मकमेवं तत् तत्र ब्रह्म गकारक: ।।
मनोवाणीविहीनं च संयोगायोगसंस्थितम् ।
णकारात्मकरूपं तत् णकारस्तत्र संस्थित: ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गणेशपाञ्चायन या पञ्चदेवमा शीर्षस्थान राख्तछन् । यिनको उत्पत्ति या प्रादुर्भाव सम्बन्धमा दुइ किसिमको मत प्रसिद्ध छ । यी मध्ये पहिलो मतअनुसार यी अनादि हुन् । सर्वप्रथम यिनको दर्शन ब्रह्मा, विष्णु, महेश्वरले तेजोमय रूपमा पाएका थिए । ब्रह्मालाई सृष्टि गर्ने, विष्णुलाई पालन गर्ने र महेश्वरलाई संहार गर्ने शक्ति र उपदेश उनैले प्रदान गरेका हुन् । ब्रह्माले सृष्टि गर्ने कौशल आफूमा नभएको कुरा निवेदन गर्दा श्वासद्वारा खिचेर आफ्नो उदरमा विश्व-ब्रह्माण्डको दर्शन गणेशले ब्रह्मालाई गराए । व्यासले ग्रन्थरचना गर्न लाग्दा बुद्धिविभ्रम भएकोले यो कुरा ब्रह्माजीसित निवेदन गरेपछि गणेशको अर्चना वन्दना गर्न भुलेकोले त्यस्तो भएको हो भन्ने कुरा संझाई भूल सुधार्न लगाए ।

अर्को सर्वप्रसिद्ध मतअनुसार गणेश पार्वतीका अयोनिज पुत्र हुन् । गणको अधिपति, ज्ञानराशि र विघ्नहर्ताको रूपमा उनको सर्वत्र प्रसिद्धि छ । पार्वतीले धेरै कालसम्म सन्तान प्राप्तिको अभिलाषाले व्रत र तपस्या गर्दा श्रीकृष्णले वृद्धब्राह्मणको रूप लिई यस्तो उपदेश र आशीर्वाद दिए–

> गणेशरूपः श्रीकृष्णः कल्पे कल्पे तवात्मजः ।
> त्वत्क्रोडमागतः क्षिप्रमित्युक्त्वान्तरधीयत ।।

अर्थात् अरूको शिक्षाको लागि व्रत र तपस्या गर्ने उपासकलाई फल दिन समर्थ तिम्रो काखमा क्रीडा गर्न प्रत्येय कल्पमा श्रीकृष्ण पुत्ररूपले आउनेछन् यति भनेर उनी अन्तर्ध्यान भए । यो आशीर्वाद-को केही समयपछि आफ्नो महलको सुसज्जित शय्यामा पार्वती एक अनुपम बालकलाई क्रीडारत रहेको देख्छिन् । शिववीजसिञ्चित त्यस शय्यामा क्रीडारत बालकलाई शिवपुत्र नै मानियो । पार्वतीमा हर्ष-को सीमा रहेन । ठूलो महोत्सव मनाइयो । सारा देवगण दर्शन र भेटका निमित्त आए, एक शनैश्चरलाई छोडेर ।

गणेश जन्मजात हस्तीवदन याने हस्ती टाउके थिएनन् । उनको शिर बदलिनुमा दुइ अलग घटना छन् । गणेशपुराणमा उल्लेख भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घटनाअनुसार पार्वतीको पुत्रप्राप्तिको महोत्सवमा आउने इच्छा नभए पनि कर परेर आएका शनैश्चर शिर नउठाई एक कुनामा बसेका थिए। उनलाई डर थियो कि शिर उठाउँदा आफ्नो दृष्टिदोषले कुनै अनर्थ पैदा नहोओस्। तर दैवी इच्छा भनौं या पार्वतीको ढिपी, उनले शनिलाई पनि आफ्नो नवजात बालकको मुख हेर्ने आग्रह गरिन्, शनि-लाई आग्रह पूरा नगरी भएन। बालकको मात्र मुख हेर्न उनले अलिकति शिर उठाएर आँखाको एक छेउ लगाएका मात्र के थिए उतिखेर बालकको शिर छिन्न भएर खस्यो र सबमा हाहाकार मच्चियो:-

सव्यलोचनकोणेन ददर्श च शिशोर्मुखम्।
शनैश्च दृष्टिमात्रेण चिच्छेद मस्तकं मुने ॥
विस्मितास्ते सुराः सर्वे चित्रपुत्तलिका यथा।

त्यो विषम स्थितिमा भगवान् विष्णु गरुडमा सवार भै आउनु भयो र उत्तरतिर लाग्नुभयो। त्यहाँ पुष्पभद्रा नदीतीरमा भएको जङ्गलमा यौटा अंजङ्को हात्ती हस्तिनीको साथ निद्रित अवस्थामा थियो। सुदर्शन चक्रले त्यसको शिर छेदन गरी ल्याएर जोडी बालकलाई जिलाइदिनुभयो। शिवपुराणमा पार्वतीको आज्ञाअनुसार गणेश द्वार-पाल बसेका थिए। भित्र प्रवेश गर्न नदिएपछि शिवगणसित उनको संग्राम पर्छ, पछि अज्ञानवश शिवबाट उनको शिरछेदन हुन्छ र पार्वतीको क्रोध र शोक शान्त पार्न हस्तिशिर शिवबाट जोडिन्छ।

यसरी पुराणगत विविधताअनुसार शिर जोड्ने व्यक्तिमा भिन्नता देखिए पनि पहिलो शिर गएर अर्को शिर जोडिएकोमा भने सबैको ऐकमत्य छ। पार्वतीनन्दन गणेशको शरीरको कद होचो, आकार स्थूल, पेट लामो, टाउको ठूलो, आँखा साना, हात्तीको कान, एकदन्त, चार हात, पाश, अङ्कुश, दन्त र वरद मुद्रा चार हातका चिह्न, बाङ्गो मुख, शरीर र शिरको पृथक् रूप देखिन्छ। अब यिनको रहस्य बारे केही स्पष्टीकरण गरिन्छ। गणेशको सम्पूर्ण शरीर आध्यात्मिकता-ले पूर्ण छ। जस्तो उनको एक नाम छ वक्रतुण्ड अर्थात् बाङ्गो मुख भएको। यसले के दर्शाएको छ भने स्थूल जगत् सबैको मन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाणीले जान्न र वर्णन गर्न सकिने छ तर त्यसको अन्तर्वर्ती जो आत्मा छ त्यसलाई सोझै देख्न र जान्न नसकिने भएकोले वक्र याने बेग्लै किसिमको टेढो दृष्टिले हेर्नुपर्छ। गणेशको वक्रतुण्डले यही कुरा संकेत गरेको छ। गणेशका दुइ दाँतमध्ये एक दाँत परशुरामसित लड्दा भाँचिएकोले एकदन्तद्वारा संघर्षशील लडाकू स्वभाव दर्शिन्छ। अर्को रूपमा एक शब्द माया र दन्त शब्द त्यसको चालक ब्रह्मको बोधक हो। त्यसैले भनिएको छः–

एकशब्दात्मिका माया तस्याः सर्वं समुद्भवम्।
दन्तसत्ताधरस्तत्र मायाचालक उच्यते ॥

गजानन गणेशका साना आँखा सूक्ष्मताका द्योतक हुन् र विशाल शिर विकसित मस्तिष्कको बोधक हो। जो ज्ञाननिधि छ ज्ञानप्रद छ उसको मस्तिष्क विकसित हुनु स्वाभाविकै हो।

गणेशको शिरोभाग र शरीरभागले दर्शाएको कुरा सबभन्दा महत्त्वपूर्ण छ। त्यसमा शरीरभाग जगत् र शिरोभाग आत्माको द्योतक हो। अर्को अर्थमा शरीर जीवात्मा र शिर परमात्मा हो। वेदान्त दर्शनको अन्त्यमा 'तत्त्वमसि' यस महावाक्यद्वारा तत् शब्दले बुझाइने ब्रह्म र त्वंशब्दले बुझाइने जीवमा एकता कायम गरिन्छ। गणेशको शरीर र शिरले पनि यही एकता दर्शाएका छन्–

कण्ठाधो मायया युक्तो मस्तकं ब्रह्मवाचकम्।
वक्त्राख्यं तत्र विघ्नेश तेनायं वक्रतुण्डकः ॥

ठूलो पेट भएका गणेशलाई लम्बोदर भनिन्छ। सम्पूर्ण विश्व-ब्रह्माण्ड जसको पेटमा अटाएको छ ऊ लम्बोदर हुनु पनि त्यत्तिकै स्वाभाविक मानिन्छ। गणेशका कान नाङ्ला जस्ता छन्। नाङ्लो-लाई शूर्प भनिन्छ। अन्नादिलाई विशुद्ध तुल्याउन शूर्पमा हालेर छाँटिन्छ निफनिन्छ अनि मात्र त्यो सुग्घर बन्छ। गणेश जुनसुकै कुरा-लाई निफनी छाँटी शुद्ध पारेर मात्र लिन्छन् यही संकेत गर्छन् ठूला कानले।

चार हातका चिह्न पनि यस्तै छन्। एक हातको पाशले मोहको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को हातको अंकुशले नियन्त्रणको, तेस्रो हातको दन्तले दमनको र चौथो हातको वरदमुद्राले अभयको द्योतन गर्छन् ।

गणेशको वाहन छ छुचुन्द्रो, जसलाई मूषक भनिन्छ । चोर्नु अर्थमा प्रसिद्ध 'मूष्' धातुबाट बनेको मूषक शब्दले चोर्ने नै अर्थ बुझाउँछ । यसमा पनि रहस्य छ । व्यक्ति आफ्नो भोगका लागि अन्न उपार्जन गर्छ । त्यसरी उपार्जन गरी थुपारिएको अन्न उसले थाहै नपाई मूसाले खादिइराखेको हुन्छ भित्रभित्रै । व्यक्ति आफूले विषय भोगेको र कर्ता भोक्ता पनि आफूलाई ठान्छ तर वस्तुतः कर्ता भोक्ता अर्कै छ । त्यसैले गीतामा भनिएको छ–

गतिभर्ता प्रभुःसाक्षी निवासः शरणं सुहृत् । आदि ।

अन्त्यमा भनाइको सार के हो भने गणेशको सम्पूर्ण स्वरूप आध्यात्मिक रहस्यले पूर्ण छ । विश्वभ्रमणको प्रतियोगितालाई बुद्धि पुऱ्याएर उनले तुरुन्तै पूरा गरी अग्रपूजाको अधिकार पाए । महाभारत नअड्याई लेख्न उनले कबूल गरे । यसबाट उनको लेखनकला कति तीव्र थियो स्वतः अनुमान गर्न सकिन्छ ।

हाम्रो यहाँ जलविनायक, अशोकविनायक, चन्द्रविनायक र सूर्यविनायकलाई चार प्रमुख गणेश मानिन्छ । यी बाहेक कार्यविनायक र अरू अनेक नामका गणेश मूर्तिले टोल छिमेक ढाकेका छन् ।

प्रतिमङ्गलवार र विशेष गरी गणेशचौथी उनको महिमा संझने विशिष्ट दिन हो ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषिपूजन र ऋषिशब्दको अर्थ

भाद्रशुक्ल पञ्चमी तीजपर्वको अन्तिम दिन हो, जसलाई ऋषिपञ्चमी भनिन्छ। यस दिन उमेरदार महिलाद्वारा मिलेसम्म नदी र नमिलेमा कूवा पोखरी धारा आदिमा स्नान गरिन्छ। स्नान गर्नुभन्दा अघि प्रचलित व्यवहारमा दतिवन भनिने अपामार्ग नामको वनस्पति विशेषको पात र डाँठलाई दन्तशोधन तथा स्नानमा प्रयोग गरिन्छ। प्रतिदिन प्रयोग गर्ने परिस्थिति नमिल्ने भएकोले संस्कारलाई संकोच गरी वर्षको एक पल्ट भए पनि ३६५ दिनअनुसारको संख्यामा प्रयोग गरिन्छ। स्नानपछि यस दिन गरिने अर्को विधि हो ऋषिपूजन। यद्यपि यो ऋषिपूजन प्राचीन कालमा स्त्री पुरुष दुवैले गर्ने गरेको देखिन्छ तर पछि आएर पुरुषले श्रावणीमा र नारीले आजको दिन गर्ने गरियो। श्रावणी र आज पूजा गरिने ऋषिहरूको नाम र संख्या बराबर छ।

यहाँ प्रसङ्गात् ऋषिशब्द र त्यसको अर्थ बारे केही विचार गरिन्छ। गति अर्थ भएको तुदादिगणपठित 'ऋषी' धातुबाट उणादि प्रत्यय भएर यो शब्द बन्छ। जसको व्युत्पत्ति हुन्छ। "ऋषति प्राप्नोति सर्वान् मन्त्रार्थान् ज्ञानेन संसारपारं पश्यतीति वा ऋषिः।" अर्थात् जसलाई वेदको मन्त्र र त्यसको अर्थ प्राप्त छ अथवा जसलाई आफूमा भएको प्रखर ज्ञानशक्तिले संसारको इयत्ता ज्ञात छ उसैलाई भनिन्छ ऋषि। वायुपुराणमा ऋषि शब्दको चार अर्थ या लक्ष्य बताइएको छ, ती हुन् गति (ज्ञान), श्रुति, सत्य र तपस्या। यीमध्येको पहिलो गति या ज्ञानले निरन्तरको गतिशीलता या ज्ञानमार्गमा अग्रसरता बुझाउँछ। दोस्रो श्रुतिले वेदविद्यामा उसको प्रवीणता देखाउँछ। शारीरिक, वाचनिक र मानसिक सत्यता उसको तेस्रो लक्षण हो भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तपस्वीजीवन हुनु उसको अन्तिम स्वरूप हो। यी लक्षण कल्पको आदिमा ब्रह्माद्वारा निर्धारण भएका हुन्–

ऋषीत्वेन गतौ धातुः श्रुतौ सत्ये तपस्यथ।
एतत् सन्नियतस्तस्मिन् ब्रह्मणा स ऋषिः स्मृतः॥

निरुक्तकार यास्कले तत्त्वसाक्षात्कार गर्नेलाई ऋषि शब्दले व्यवहार गरेका छन्। जे होस् ऋषिशब्द सामान्य ज्ञानीको वाचक नभएर विशिष्ट ज्ञानीको वाचक हो, यसमा कुनै शंका छैन।

ऋषि शब्दको व्याख्याको यस प्रसङ्गमा तिनको भेदबारे पनि केही जान्नु आवश्यक छ। ब्रह्मर्षि, देवर्षि, महर्षि, परमर्षि, काण्डर्षि, श्रुतर्षि र राजर्षि समेत गरी ऋषिका सात भेद उल्लेख भएका छन्–

सप्त ब्रह्मर्षि, देवर्षि, महर्षि, परमर्षयः।
काण्डर्षिश्च श्रुतर्षिश्च राजर्षिश्च क्रमादवराः॥

महत्ताको दृष्टिले उत्तरबाट यी पूर्वपूर्व श्रेष्ठ छन्।

परम ऐश्वर्यशाली ब्रह्माका मानस पुत्र जो निवृत्ति बुद्धिद्वारा त्यो परम महत् अवस्थामा स्थित छन् तिनलाई महर्षि याने परमतत्त्वज्ञ भनिन्छ। परमऐश्वर्यशाली ती महर्षिका जो मानस या औरस पुत्र छन् ती पनि परम तत्त्वज्ञानमा आश्रित भएकोले परमर्षिनै भनिन्छन्। परमका सन्तान ऋषि भनिन्छन्, तिनका पनि सन्तान ऋषक भनिन्छन्। ऋषिसम्म आइपुग्दा मानसिक सृष्टि समाप्त भइसकेको हुन्छ। लक्ष्यको दृष्टिले भन्ने हो भने ब्रह्मर्षिको चरम लक्ष्य हो ब्रह्मलोक प्राप्ति। देवर्षि र ब्रह्मर्षिमा के भिन्नता छ त्यति छुट्याउन सकिदैन तर भगवान्ले 'महर्षीणां भृगुरहं देवर्षीणां च नारदः' भनेर छुट्टै उल्लेख गर्नुभएको पाइन्छ जसअनुसार महर्षिमा भृगु भगवद् विभूति हुन् भने देवर्षिमा नारद।

मरीचि, अत्रि, अङ्गिरा, पुलस्त्य, पुलह, क्रतु, वसिष्ठ र नारद समेत ब्रह्माका मानस पुत्र हुन् जो ब्रह्मर्षिमा आउँछन्। तर ब्रह्मर्षिको यो गणना सामान्य हो, किनभने यी बाहेक पनि अनेक ब्रह्मर्षिको गणना पुराण साहित्यमा आउँछ। शुक्र, बृहस्पति, कश्यप, च्यवन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उतथ्य, वामदेव, अग्नि, कौशिक, कर्दम, वालखिल्य, विश्रव र शक्तिवर्धन महर्षिका पुत्र हुन् र यिनले पनि आफ्नो तपोबलद्वारा ऋषित्व प्राप्त गरेका छन् ।

वायुपुराणमा धर्मपुत्र नरनारायण, क्रतुपुत्र बालखिल्य, पुलस्त्यपुत्र कर्दम, कश्यपपुत्र असित, पर्वत, नारद र देवललाई देवर्षिमा गणना गरिएको छ। आफ्नो उच्च चरित्रले प्रजावर्गलाई रञ्जित तुल्याउने सत्यवादी, धर्मात्मा, परमार्थचिन्तक प्रशासक क्षत्रियलाई राजर्षि भनिएको छ र यिनको स्थान ब्रह्मर्षि र देवर्षि भन्दा तल्लो मानिएको छ। जनक, ययाति, शन्तनु, मान्धाता, सगर आदि राजर्षि भनिन्छन् । महत्त्वको दृष्टिले विचार गर्दा शरीरमा शिरको जुन स्थान छ समाजमा ऋषिवृन्दको त्यस्तै स्थान मानिएको छ। विश्वमा ज्ञानमार्गका यी प्रथम उद्घाटक हुन् । तपःपूत यिनको हृदयमा वर्णमय वेद प्रादुर्भाव भयो । यिनकै शिष्यपरम्पराको माध्यमद्वारा अविच्छिन्न रूपमा पठनपाठन हुँदै त्यो अहिलेको समाजसम्म आइपुगेको छ ।

भरद्वाज, दीर्घतमा, शारद्वत, पराशर, शृङ्गी, शंखनाद र वैश्रवण आदि ऋषिपुत्रहरू ऋषीक भनिन्छन् । यिनै ऋषीकमध्येका पराशरबाट व्यासको जन्म भई सरलीकरणपूर्वक वेदको विस्तार भयो। वेदको महत्त्व सम्बन्धमा भनिएको छ व्यक्तिको निमित्त ज्ञानको प्रथम साधन जुन प्रत्यक्ष, अनुमान आदि प्रमाण छन् ती प्रमाणले पत्ता लगाउन नसक्ने कुरा बताउने भएकोले वेदको महत्त्व सर्वाधिक छ–

प्रत्यक्षेणानुमित्या वा यस्तूपायो न विद्यते ।
एतं विदन्ति वेदेन तस्माद् वेदस्य वेदता ।।

ऋषिजीवन ज्ञानको, तपस्याको, त्यागको गतिशीलताको, मूर्तिमान उदाहरण हो, जसको लागि उत्तरकालिक समाज कृतकृत्य बन्नुपर्छ । कृतकृत्य मात्र होइन ऋणी समेत बनेको छ, त्यसैले प्रसिद्ध ऋण मध्ये यौटा ऋषिऋण मानिएको छ ।

आज हरितालिका व्रत बस्ने व्रतालु नारीहरू–ऋषिवृन्दका अन्यतम सप्तर्षि र ऋषिपत्नी अरुन्धतीको कुशको मूर्तिमा पूजा गर्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तर्षि प्रतिमन्वन्तरमा अलग अलग हुन्छन् । यस कल्पका सप्तर्षिमा कश्यप, अत्रि, भरद्वाज, विश्वामित्र, गौतम, जमदग्नि र वसिष्ठ पर्दछन् । यसरी ऋषिवृन्दको पूजा गर्नाले एकातिर दोषनिवृत्ति हुन्छ भने अर्कोतिर पुण्यप्राप्ति पनि हुन्छ । नारीजातिमा प्रतिमास हुने रजोदर्शनलाई ब्रह्महत्याजनित दोष मानिएको छ । हामीद्वारा हुने प्रत्येक कर्म संकल्पपूर्वक गरिन्छन् र त्यसमा आफ्नो गोत्र र प्रवर समेतको उच्चारण हुन्छ । ऋषिपूजाबाट यो समुदाय ऋषिवृन्दको उत्तराधिकारी पनि साबित हुन्छ, त्यसैले यो कृत्य जुनसुकै दृष्टिले महत्त्वशाली छ ।

रामकृष्ण जस्ता प्रसिद्ध भगवत् अवतारको अवस्थामा पनि ऋषिवृन्दको महनीय स्थान रहेको कुरा ज्ञात हुन्छ । वनगमनको वेला श्रीरामबाट अनेक ऋषिलाई दर्शन दिएको र आफू पनि उनीहरूबाट उपकृत भएको कुरा दर्शाउनुभएको छ । भगवान् कृष्णले उग्रस्वभावका दुर्वासालाई पनि आफ्नो अत्युत्तम सहनशीलताले खुशी तुल्याउनुभयो ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वामन द्वादशी

नवागन्तुक वटुको आकर्षक रूप, मनोहर हेराइ, मधुर बोली र सीमित इच्छाले प्रभावित भएर उनीले जे जसो भन्छन् यन्त्रवत् त्यसै गर्न तम्सेका बलिलाई संझाउँदै शुक्रले भने– राजन् ? तपाईं एक सम्पन्न व्यक्ति मात्र नभएर दैत्यकुलको राजा पनि हुनुहुन्छ । तपाईंको विशिष्ट पुरुषार्थ र दृढरूपको लगनशीलताले गर्दा देवगण पराजित भएको छ र मर्त्यलोक मात्र नभएर स्वर्गलोकसम्म राज्यको सीमाना जोडिएको छ । यसरी उच्चकोटिको पुरुषार्थ गरेर उपार्जन गरेको राज्यलाई वैभवशाली रूपमा कायम राख्न निरन्तर सजगता र कार्यशीलता आवश्यक पर्छ । भावुकता र राजनीति समान रूपमा चल्न सक्ने कुरा होइनन् । त्यसैले यहाँबाट कुनै कुरा हुँदा भावुकतामा बगेर होइन विवेकमा घोटेर, नीतिमा तौलेर र परिणाम सोचेर गर्नुपर्छ ।

बाहिरी रूपरङ्ग मात्र हेरेर कुनै पनि वस्तुको यथार्थ पहिचान हुन सक्तैन । तब यी सब कथनको आशय के हो भने यहाँ जो भन्दै र गर्दै हुनुहुन्छ त्यो कुरा राम्रो सोचविचार पुऱ्याएर मात्र गर्नुपर्छ ।

दैत्यगुरुको यो लामो कथन बलिलाई असमयको पाण्डित्यछटाई जस्तो लाग्यो । उनले ठाने कि यहाँ त्यस्तोविधि सोचविचार गरेर सजगता लिइरहनुपर्ने कुरै के परेको छ र ? मैले त्यत्रा यज्ञ सम्पन्न गर्दा कैयौं दान गरें । त्यसको सामू यो के भयो र ? यज्ञमा दीक्षित मेरो सामू एक ब्राह्मण वटु उपस्थित छन् उनको माग पनि यति थोरै छ कि केवल तीनपाउ जमीन । त्यति दिएर बिदा गरिदिन्छु भैहाल्यो ।

प्रकट रूपमा उनले भने– गुरुवर! कुनै पनि अर्थीलाई त्यसै विमुख नफर्काउने मेरो आनीबानीसित यहाँ परिचितै हुनुहुन्छ । त्यसैअनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपस्थित यी वटुले पनि तीन पद पृथ्वी मागिरहेछन्, त्यति दिउँ कि भनेर लागेको, यसमा के हाम्रा कुलगुरुको वैमत्य छ र ?

शुक्रले अरू बढी रहस्य यसमा छिपेको कुरा दर्शाउँदै भने– दैत्य-राज ! यी वटुलाई तपाईले जति हलुका र सुन्दर ठान्नुभएको छ त्यति हलुका यी छैनन् । जलेको गुइँठो खरानी जस्तो देखिए पनि त्यसभित्र आगो सुरक्षित हुन्छ । त्यसैले पूरा छाँटकाँट विचार गर्दा यी वटुलाई मैले देवताको स्वार्थसिद्ध गर्न आएका अवतारी व्यक्ति ठानेको छु । त्यसो हुँदा यिनबाट दैत्यकुलको हित होला भन्ने मान्दिन । आफ्नै आँखा अगाडि शिष्यहरूको पराजय हेर्नु मेरो लागि सन्तोषको कुरा ठहर्दैन । लागेको र देखेको कुरा जनाइदिनु मेरो कर्तव्य हो, मान्नु नमान्नु तपाईंको खुशी । दानपुण्य गर्नु राम्रो कुरा हो, तर जुन दानले दिनेको उठिबास हुन्छ त्यस्तो दानलाई नीतिशास्त्रले प्रशंसनीय ठानेको छैन–

न तद्दानं प्रशंसन्ति येन वृत्तिर्विद्यते ।
दानं यज्ञस्तपः कर्म लोके वृत्तिमतो यतः ।।

त्यसो हुंदा यतिखेरको यो दानको कुरालाई सम्पन्न गर्नुभन्दा स्थगित गर्नु वेश जस्तो मलाई लाग्छ । मजबूत मूलले अडेको वृक्ष मात्र अरूलाई ओफल र छहारी दिएर उपकार गर्न सक्छ, जसको आफ्नै स्थिति ठेगानको छैन उसले अरूलाई प्रश्रय दिने कुरा कसरी सम्भव होला र ?

आचार्य शुक्रको नीतिसम्मत उक्त कथनले दैत्यराज बलिलाई एकछिन द्विविधामा पारिदियो । तीन पाउ पृथ्वी दान गरौं कि भन्दा कतै पूरै राजपाठ त लुटिने होइन ? यस्तो भो भने त आफ्नो मात्र नभएर समस्त दानवकुलकै उच्छित्तो हुन के बेर ? एउटाको दोष या कमजोरीले धेरैको अहित गर्नुलाई नीति या धर्म कुनैले ठीक ठान्दैन होला ।

बलिको यस्तो द्विविधाको भाव बुझ्न वटुलाई बेर लागेन । उनले मुसुक्क हाँसेर भने, दानवराज, दिने लिने कुरामा वाध्यताभन्दा स्वेच्छाको महत्त्व बढी रहन्छ । पहिलेबाट तपाईंले केही दिने आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्कण्ठा जाहेर गरेकोले मैले पनि आवश्यकताअनुसार तीन पाद जमीन माग गरेको हुँ। अहिले त्यसमा केही शंका वा धरमर छ भने आफ्नो वचन फिर्ता लिनोस्, मलाई बिदा दिनोस्, त्यसमा मन डुलाउनुपर्ने कुरा के छ र? माग्नेले जे चाहन्छ दाताले त्यो सबै दिनुपर्छ भन्ने केही छैन।

वटुको कथनमा जति जोर थियो त्यति नै माधुर्य पनि। त्यसले अन्तस्तलसम्म छोए जस्तो बलिलाई लाग्यो दैत्यकुलको स्वाभिमानी रूप उनमा जागेर आयो। विरोचन र प्रह्लाद बाबु बाजेको सम्झनाले त्यसमा अरू उत्तेजना थप्यो। उनले मनमनै सोचे तीनै लोक विजय गरेको अभिमान लिने मेरो लागि एक ब्राह्मण वटुलाई तीन पाउ जमीन सम्म नदिई फर्काउनुले के शोभा देला? त्यसमा थि मैले दिन्छु भनेर वचन पनि दिइसकेको छु। के बोलेको कुरालाई लोभमा फसेर अहिल्यै फेर्नु कायरता होइन? गुरुको कथनअनुसार यसबाट अनिष्ट हुनेछ भन्ने जो आशंका व्यक्त भएको छ त्यो पनि मेरो निश्चयलाई बाधक वन्न सक्तैन। किनभने वस्तुतः अनिष्ट र इष्ट गराउने यो मेरो हात र इच्छाको कुरा होइन जो यतिखेरसम्म मेरो निमित्त इष्ट गरिरहेछ उही अनिष्ट गराउन तम्सेको छ भने त्यो कुरा मैले बोलेको वचन फेर्दैमा कसरी टर्ला र? वरू कूटो बोली बोलिको दोषको भारी पो वोक्नुपर्ला। सम्भावनाकै रूपमा एक छिनको लागि मानिदिऊँ मलाई यो श्रीसम्पत्ति राजपाटबाट हात धुनु परेछ रे। त्यसै भए पनि बोलेको वचन फर्काएको दोषले त म बिटुलिने छैन। पछिसम्म कायम रहने कीर्ति कलंकित पारेर क्षणभरमै छुट्न सक्ने श्रीसम्पत्तिको मोहमा डुब्नु पनि कम खेदजनक कुरा होइन। अरू सारा कुरा छोडेर सत्यपक्षको आश्रय जति दृढतापूर्वक गरिन्छ त्यसको प्रभाव त्यत्ति नै बढी ओजस्वी र चिरकालिक रहन्छ, यतिखेर म यही निश्चयमा अडिन्छु।

विचारको यो चिरमन्थन पछि दैत्यराज बलिले वटु वामनको माग बमोजिम तीन पाद जमीन दिने नै निश्चय गरे। उनको दानशीलतालाई चरमबिन्दुमा पुऱ्याउन त्रिपाद वामनले बलिको समस्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधिकार क्षेत्रलाई दुइ पादले ढाकिदिए र तेस्रो पाउको लागि अर्को ठाउँको माग गरे । दैत्यराजले पनि रहे भएको हिम्मत समेटेर तेस्रो पाउको लागि आफ्नो शिर थापिदिए । असीम सामर्थ्य भएको भगवद्-पाद शिरमा पर्ने बित्तिकै त्यको बोझले दबाइएका उनी क्षणभरमै सुतलमा पुगे ।

साधारण दृष्टिले हेर्दा यो बलिको पराजय थियो, किनभने स्वर्गलाई स्पर्श गर्ने उनको अधिकारको सीमा अब कायम रहेन । सुतल-को एक खण्ड उनको निवासको लागि निश्चित गरियो । अर्को दृष्टिले यस पराजयमा बलिको विजय अन्तर्निहित रहेको थियो ।

किनभने दानको अत्युत्तम उदाहरण प्रस्तुत गरेर उनले आफ्नो कीर्तिलतालाई कहिल्यै नझुक्ने गरी फहराए । जुन भगवान् वटुवामन-को रुप लिएर बलिलाई छल्न गएको थियो उसले आफैं छलिएको अनुभव गऱ्यो । किनभने उसको त प्रतिज्ञा छ जो अनन्यरूपले चिन्तन गरेर ममा अर्पित बन्छ उसको म अप्राप्त वस्तु प्राप्त गराइदिने योग र प्राप्त वस्तु संरक्षण गरिदिने क्षेम दुवै वहन गर्छु । यसको अत्युत्तम उदाहरण प्रस्तुत गरे बलिले । किनकि भएभरको श्रीसम्पति र राजपाठ अनि निरन्तर हितकारी रूपमा सहयोग गर्ने गुरुको नीतियुक्त कथनलाई पनि उनले परित्याग गरे । यसरी सर्वस्व त्यागेर आफ्नो वचनमा दृढ रहने उदारमना बलिलाई के दिएर उऋण बन्ने ? भगवान्लाई चिन्ता पऱ्यो । यस चिन्ताको परिहार उहाँले आफूलाई बलिको संरक्षक द्वारपाल बनेर गर्नुभयो । आफ्नो उच्चत्तम त्यागको प्रतिफल बलिले निरन्तर भगवद् विग्रहको दर्शन पाउने भए ।

भगवान्का दश अवतार मध्ये आजको दिन माथि वर्णित पाँचौ वामन अवतार भएकोले यसलाई वामनद्वादशी भनिन्छ । मध्याह्नको समय सुन्दर वातावरण, श्रवण नक्षत्र पारेर आजको दिन वामन अवतार भएको कुरा शास्त्रमा वर्णित छ । यस अवतारसित विशेष रूपले सम्बन्ध राख्ने पुराणलाई वामन पुराण भनिन्छ । अरू पुराणको अपेक्षा आकारमा छोटो भए पनि महापुराणको दर्जा मिलेको वामनपुराण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय प्रतिपादनमा पछि परेको देखिन्न । खास गरेर बलिनिग्रह, उमा-महेश्वर विवाह, कार्तिकेय जन्म, देवीमहिमा, वशिष्ठ विश्वामित्र विवाद, गजेन्द्र मोक्ष र कतिपय धर्मशास्त्रीय विषयको उल्लेख यहाँ भएको छ। वामन प्रीतिका लागि छाता, जुत्ता, लट्ठी, आसनी, कमण्डलु आदि उप-करण दान गर्ने पनि आज चलन छ । दधिवामन नामले प्रसिद्ध भगवत् प्रीतिको लागि आजको दिन दहीदान गरिन्छ ।

वामनअवतार सित हाम्रो इतिहास निकै अघिदेखि प्रामाणिक र घनिष्ट रूपले परिचित छ । पन्ध्रशय वर्ष अघि लिच्छवि वंशका मानदेव प्रथमले आफ्नी आमा राज्यवतीको इच्छा अनुसार दुइ–तीन ठाउँमा बडो समारोहपूर्वक विक्रान्त वामनका मूर्तिहरू स्थापना गरेका थिए। जसले अहिलेसम्म ऐतिहासिक रूपमा साक्ष्य बकिरहेछन् । राजदरबार पछाडि लाजिम्पाट र पशुपति पारी तिलगंगा नजीक मानदेव स्थापित वामनमूर्ति प्राप्त छन् । वामनअवतारको उल्लेख वैदिक साहित्यमा पनि प्रशस्त पाइन्छ । त्यहाँ उल्लेख भए अनुसार यिनले लोककल्याणका निमित्त प्रारम्भिक अवस्थामै ठूलो काम गरेका थिए । बलिलाई वश गरेपछि देवमाता दितिको मागअनुसार स्वर्गको राज्य फेरि इन्द्रले नै प्राप्त गरे । त्यसपछि वामनको अर्को नाम उपेन्द्र भन्ने रह्यो ।

देवमाता दितिले पतिको उपदेशअनुसार पयोव्रत नामको अनु-ष्ठानसम्पन्न गरेको हुँदा भगवान् उनको गर्भबाट अंशावताररूपले प्रादुर्भाव हुनुभयो । दितिको मागअनुसार स्वर्गको राज्य इन्द्रलाई फर्का-उन वामन भगवान्ले बलिको वध नगरी केवल छलमात्र गर्नुभयो। जसबाट सर्वस्व अर्पण गर्ने बलिको यश अद्वितीय बन्यो र अर्को कल्पमा उनलाई इन्द्रपद प्राप्त हुने आश्वासन मिल्यो अष्टचिरञ्जीवीमा उनको नाम पनि ससम्मान उल्लेख छ । कसैको हक भोग अपहरण नगरी सात्त्विक जीवन यापन गर्ने प्रेरणा यस अवतारले दिन्छ ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनन्तचतुर्दशी र इन्द्रयात्रा

भाद्रशुक्ल चतुर्दशीलाई अनन्तचतुर्दशी भनिन्छ। यस दिनसित सम्बन्ध जोडिएका अनन्त को हुन् ? यस बारे यहाँ प्रासंगिक प्रसिद्धि प्रस्तुत गरिन्छ। कोशको "शैषोऽनन्तो" भनेर यो शब्द नागाधिराजको लागि प्रयोग भएको छ। "अनन्तश्चास्मि नागानाम्" यस गीतांशबाट भगवान्‌ले नागहरूमा अनन्त आफ्नो विभूति भएको कुरा दर्शाउनुभएको छ। तर त्यतिमा मात्र यो अर्थ सीमित छैन। किनकि अनन्त कथामा उल्लेख भए अनुसार "अनन्त" शब्द कालरूप भगवान् कृष्ण र समयवाचक कालको नाममा आएको छ। त्यसैले––

अनन्त इत्यहं पार्थ मम रूपं निबोधयतत्।
योऽयं कालो मयाख्यात : सोऽनन्त इति विश्रुतः॥

भनेर उल्लेख गरिएको छ।

अन्त अवधि या सीमा नभएको अनन्त शब्दले शेषशायी भगवान् विष्णुलाई पनि बुझाउँछ। यो अर्थ मानेमा शेषशायीविष्णु कृष्णरूप र शेष चाहिं कालरूपमा गनिन्छन्। अनन्तका गुण सीमा या घेराभित्र आउन नसक्ने भएकोले प्रसिद्ध ऋषभदेवका नवयोगी पुत्र मध्येका अन्यतम द्रुमिल भन्छन्- 'योवाऽनन्तस्य गुणाननन्ताननुक्रमिष्ये सतु बालबुद्धिः' अर्थात् जो अनन्तको गुणगरिमा लाई संख्यात्मक रूपले गन्न खोज्छ त्यो मन्दबुद्धिको ठहर्छ, बालक बुद्धिको गनिन्छ। हुन पनि जसको अन्तै छैन उसको पनि गणना हुन थाल्यो, घेरा बाँधिन थाल्यो भने त्यसको असीमित स्वरूपै के भयो र ?

वनस्पति र ओषधिको उत्पादनमा प्रमुखता राख्ने वर्षाऋतुको यो अन्तिम समय भगवत् उपासनाको लागि बढी उपयुक्त मानिएको छ। यद्यपि तिथिहरूमा चतुर्थी, नवमी र चतुर्दशी रिक्तातिथि भनिन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रिक्तको अर्थ हुन्छ रित्तो या खाली । जुन भाँडो एक किसिमको वस्तुले भरिएको छ त्यसमा अरू थोक हाल्न मिल्दैन । त्यसै गरी भगवद् उपासनाको लागि पनि उपासकको मन रित्तो या खाली हुनुपर्छ, तब मात्र त्यसमा भगवद्भाव अट्न सक्छ । त्यसैले भगवान् अनन्तको पूजा उपासनाको लागि यो तिथि निर्धारित भएको हुनुपर्छ । भगवान्लाई दीनबन्धु याने कमजोरका मित्र भनिएको छ, त्यस्ता दीनबन्धुको आराधनाको लागि प्रकाशमय शुक्लपक्षको उपान्त्य रिक्तातिथि उल्लेख हुनु अत्यधिक स्वाभाविक देखिन्छ ।

अनन्तको यो व्रतोपासना कसले कहाँ के उद्देश्यले अनुष्ठान गऱ्यो भन्ने सम्बन्धमा पनि प्रकाश पारिएको छ । जस अनुसार यस प्रश्नको उठान वनवास गएको वेला युधिष्ठिरले श्रीकृष्णको सामू गरेका छन् । पत्नी द्रौपदी र भाइहरूसाथ आफू अनन्त दुःखसागरमा डुबेकोले के गरी यसबाट उद्धार होला ? भन्ने युधिष्ठिरको जिज्ञासा शान्त पार्ने क्रममा भगवान्ले अनन्तव्रतको उल्लेख गर्नुभयो ।

त्यस उल्लेखको प्रसंगमा धर्मराजले शेष, तक्षक, परमात्मा या व्रह्म अनन्त शब्दको अर्थ के हो ? भन्ने दोस्रो जिज्ञासा उठाएपछि त्यसको स्पष्टीकरण गर्दै भगवान् भन्नुहुन्छ– पार्थ ! अनन्त यो नाम मेरो हो र यसलाई मेरै अंश सम्झ । यसलाई के रूपमा जान्न सकिन्छ त ? भन्ने सम्बन्धमा भगवान्ले अगाडि भन्नुभयो कुन्तीपुत्र मेरो ! यो रूप सानोमा निमेष, काष्ठा, कला, क्षणबाट अघि बढ्दै मुहूर्त, दिन, रात, पक्ष, मास, ऋतु, वर्ष, शताब्द हुँदै युग, मन्वन्तर परार्ध नामले प्रख्यात भएको छ । त्यही कालरूप म यतिखेर वृष्णिकुलमा वसुदेव पुत्र रूपले प्रकट भएको छु । म नै विष्णु, हरि, शिव, व्रह्मा र सुरेश पनि हुँ । मेरो अदि अन्त र मध्य केही छैन । तीनगुण भन्दा पर भएकोले निर्गुण, नबदलिने भएकोले अव्यय, तीनै कालमा ननाशिने म नै विशालकाय बनेर यो विश्वरूपमा विद्यमान छु । यही विश्वमा चौध मनु, चौध इन्द्र, अष्टवसु, बाह्र आदित्य, एघार रुद्र, सप्त ऋषि, समुद्र, पर्वत, नदी, वृक्ष, पृथिवी आदि विद्यमान छन् । त्यही रूप मैले संग्रामको शुरुमा तिमीहरूको विश्वास-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को लागि अर्जुनको अनुरोध अनुसार दर्शाएको थिएँ । यही विराट् स्थूल रूप नै सूक्ष्म रूपमा कूटस्थ हो, चिन्मय हो ।

यसको पूजाविधान सम्पन्न गर्ने सम्वन्धमा पनि भगवान्ले प्रकाश पार्नुभएको छ । जसअनुसार अरू बेलाको विष्णुपूजामा चाहिने जस्तै सरसामान यहाँ पनि चाहिन्छ, फरक कति भने यस दिन अर्पण गरिने सामान पुंलिङ्गका बढी ग्राह्य मानिन्छन् । जस्तो घट (कलशको लागि), मल्लपूप (मालपूवा नैवेद्यको लागि) आदि । पूजास्थानको लागि नदी-तट उत्तम मानिएको छ । अनन्त मन्त्र सुन्नेले धारण गर्ने चौध ग्रन्थी-वाला सूत्र प्रसिद्ध छ, ती ग्रन्थीमा विष्णु, अग्नि, सूर्य, पितामह, चन्द्रमा पिनाकी विघ्नेश, स्कन्द, इन्द्र, वरुण, वायु, पृथिवी, वसु र अनन्त गरी चौध संख्याका ग्रन्थिदेवता मानिन्छन् । यिनै चौध ग्रन्थीलाई चौध लोकको प्रतीक पनि मानिन्छ । पूजा र प्रतिष्ठापछि अनन्त नामको यस डोरोलाई अनुकूलता अनुसार नारी या पाखुरामा बाँधिन्छ । १४ वर्षको अवस्थामा अनन्तको मन्त्र सुनी १४ वर्षसम्म जप्ने विधान छ । यो त भयो अनन्तको परिचय र पूजा विधान । यस दिन हुने यात्रावर्णन निम्न बमोजिम छ ।

अनन्त चतुर्दशीको दिन काठमाडौं नगरमा एक यात्रा हुन्छ, जसलाई इन्द्रयात्रा भनिन्छ । वंशावलीले संकेत गरे अनुसार यो यात्रा आरम्भ गर्ने व्यक्ति थिए राजा गुणकामदेव । पछि आएर अन्तिम मल्ल राजा जयप्रकाशले कुमारी यात्रा पनि यससित सम्बद्ध तुल्याए । इन्द्रयात्राको आरम्भ काठमाडौं शहरको मध्यवर्ती कालभैरव अगाडि लिङ्गो गाडी इन्द्रध्वज फहऱ्याएपछि हुन्छ । यसको लागि केही दिन अघि नै भक्तपुर नालाबाट विधिपूर्वक काटेर लिङ्गो ल्याइन्छ र भाद्र शुक्ल वामनद्वादशीमा ठड्याइन्छ । इन्द्रध्वज यसैमा लगाइएको हुन्छ । आठ दिनपछि यसलाई ढलाइन्छ ।

इन्द्रध्वजको यस स्थापनले हाम्रो धर्म र संस्कृतिलाई वैदिक धर्म र संस्कृतिसित सोझै जोडेको छ । वरुण, पूषा, अर्यमा आदि वैदिक देवतामा इन्द्रको स्थान प्रमुख मानिएको छ । यस किसिमको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुखता कायम गरेको छ वैदिक साहित्यले । दशहजार संख्याको ऋग्वेदमा लगभग एक चतुर्थांश भागले इन्द्रको स्तुतिगायन र महत्त्व व्यक्त गर्दछ । जसअनुसार द्यौ या त्वष्टा उनका पिता हुन् र अग्नि तथा पूषा भाइ । इन्द्राणी पत्नी भएका इन्द्रको मरुत्, वरुण, अग्नि आदि साथी हुन् । यिनको रथ सुवर्णमय छ । त्वष्टाद्वारा रचित वज्र हातमा लिएर सोमपानले सक्षम इन्द्र वृत्र, अहि जस्ता दानव उपर आक्रमण गरी विजय प्राप्त गर्छन्, त्यसैले यिनलाई वृत्रघ्न भनिएको छ । यिनले पराक्रम दर्शाई वज्र उठाएपछि द्युलोक थर्कमान बन्छ र पृथिवी काम्छिन् । यस्ता युद्धमा मरुत् सधैं साथमा रहन्छन् र अग्नि, सोम तथा विष्णु सहायक बन्छन् । अहिलाई मारेपछि प्रकाश प्रादुर्भाव हुन्छ, जुन प्रकाशले उष, सूर्य, चन्द्र आदि तेजस्वी देवदेवी उत्पन्न हुन्छन् । उत्पत्ति, स्थिति र लयका कारण भएका इन्द्र नै अस्थिर पर्वत र पृथिवीका धारक हुन् । उनैले एकक्षणमा अव्यक्तलाई व्यक्त गराए । आफ्नो स्तुति गरी हविअर्पण गर्नेको उनी रक्षक र सहायक बन्छन् । धन र ऐश्वर्य समेत दिने भएकोले उनलाई मघवान् भनिएको छ ।

वैदिक देवता इन्द्रको यस्तो महत्त्व वर्णन भएको देखेर आधुनिक पश्चिमी अन्वेषकहरुले यिनलाई वैदिक आर्यहरूको राष्ट्रदेव भनेका छन् । द्वितीय मण्डलमा उल्लेख भएका इन्द्र देवता सम्बन्धी सूक्तले पनि यस्तै वस्तुस्थिति दर्शाएका छन् । जसको एक उदाहरण हो–

यो जात एव प्रथमो मनस्वान् देवो देवान् क्रतुना पर्यभूषत् ।
यस्य शुष्माद् रोदसी अभ्यसेतां नृम्णस्यमन्हा स जनास इन्द्रः ।।

अर्थात् जो जन्मकालदेखि नै मनस्वीमा अग्रगण्य र देवतामा वृत्र, अहि वध जस्ता कर्मले प्रधान संरक्षक बन्यो, जसको सामर्थ्य अगाडि द्यावाभूमी थर्कमान बन्छन्, ती देवता इन्द्र हुन्, म होइन ।

यसरी बहुविध रूपले महामहिमशाली वैदिकदेवता इन्द्रको ध्वजलाई उच्च राख्ने यो इन्द्रयात्रा आफ्नै रूपमा एक वैदिक यात्रा हो भन्नु अत्युक्ति पर्दैन । यो यात्रा कहिलेदेखि कसले शुरू गऱ्यो भन्ने कुरा यकीन गर्न चाहिं अझै बाँकी छ । पछि आएर कुमारीयात्रा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पक्षमा मिसिएपछि यात्राको रौनक अरू बढेको छ । श्री ५ बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहले काठमाडौंको विजय हासिल गरी सलामी लिएको दिन पनि यही परेको छ । त्यसैले यस यात्रामा स्वयं राजा तथा राजपरिवार समेत सम्मिलित हुने परम्परा बसेको छ । यस यात्राको मुख्य थलो हनुमानढोका सामू र गद्दी बैठकको वरिपरि भए पनि पूरै शहरका टोल र गल्लीमा विभिन्न मूर्तिको प्रदर्शन पूजा तथा सजावटले अन्यत्र पनि यसले प्रभावित पारेको देखिन्छ । काठमाडौं मात्र नभै ललितपुर, भक्तपुर र उपत्यका अन्य वाक्ला बस्तीमा समेत यतिखेर प्रतीकात्मक मूर्ति प्रदर्शन गरिन्छन् । इन्द्रकै नामसित सम्बद्ध रहेको दहचोक डाँडाको इन्द्रदहमा पूर्णिमाको दिन यात्रा लाग्ने पनि चलन छ ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पितृपक्षको प्रासंगिक प्रसंग

प्रस्तुत प्रसंग छ पितृपक्षको, त्यसैले यस पक्षसित सम्बन्ध राख्ने कृत्य र त्यसको सम्बन्धमा केही शास्त्रीय र व्यावहारिक दृष्टिकोण प्रस्तुत गरिन्छ । कालगणनामा मानिससित देवता र पितृहरूको कति फरक छ त्यस सम्बन्धमा कोशकार अमर सिंह भन्छन्– "मासेन स्यादहोरात्रः पैत्रो वर्षेण दैवतः" अर्थात् मानिसको हिसाबले एक महीनाको समय पितृको एक अहोरात्र हुन्छ र देवताको चाहिं एक वर्षको एक अहोरात्र । पितृ शब्दले दुइ समूहलाई ग्रहण गरिन्छ– १) दिव्यपितृ र २) स्वपितृ । यिनमा पहिला हुन् कव्यवाडनल, सोम, अर्यमा आदि । स्वपितृमा आफ्नो वंशका पिता, पितामह र प्रपितामह तीन सपत्नीक र मातृवंशका मातामह प्रमातामह र वृद्ध प्रमातामह गरो तीन सपत्नीकको गणना हुन्छ । अंग रूपमा अरू दाजुभाइ, दिदी बहिनी, फुपू, सानीमा, ठूलीमा, मामा, माइज्यू, आदि पनि लिइन्छन् ।

पितृपक्षमा गरिने प्रमुख कृत्य हो पितृश्राद्ध । श्राद्ध के हो ? यस सम्बन्धमा शास्त्रीय व्याख्या यस्तो छ– 'श्रद्धया कृतं सम्पादितमिदं श्राद्धम्, श्रद्धया दीयते यस्मात् तच्छ्राद्धम्, श्रद्धार्थमिदं श्राद्धम्, श्रद्धया इदं श्राद्धम्" आदि । तब यी सबको संयुक्त अर्थ के हो भने जो श्रद्धापूर्वक सम्पन्न गरिन्छ, दिइन्छ या अनुष्ठान गरिन्छ त्यो श्राद्ध हो। महर्षि मरीचिको पनि श्राद्ध सम्बन्धी यस्तै परिभाषा पाइन्छ–

प्रेतान् पितृंश्च निर्दिश्य भोज्यं यत्प्रियमात्मनः ।
श्रद्धया दीयते यत्र तच्छ्राद्धं परिकीर्तितम् ।।

कुनै पनि व्यक्तिको शरीर छुटेपछि जीवात्माको अस्तित्व रहने नरहने, उसको पुनर्जन्म हुने, बीचको व्यवधानकाल कति रहने ? आदि सम्बन्धमा विभिन्न विचारक तथा दार्शनिकहरूको कतिपय समान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र कतिचाहिं असमान दृष्टिकोणहरू प्रसिद्ध छन् । तर यसरी मरणोपरान्तको अवस्था सम्बन्धमा मतभिन्नता रहे पनि सबै जसो धर्म वा सम्प्रदायमा श्राद्ध गर्ने चलनचाहिं समानै रूपमा प्रसिद्ध छ ।

स्थानविशेष, देशविशेष र भावनाविशेषको भेदले स्वरूपमा भिन्नता रहोस् सही तर पनि परेत याने मृतव्यक्तिको संख्ना गरी केही गर्ने चलन प्रायः सर्वत्र पाइन्छ । अरूभन्दा वैदिक धर्मावलम्बीमा भिन्नता के छ भने यहाँ गरिने श्राद्धको प्रकार र संख्या निकै विस्तृत छ । मत्स्यपुराणमा नित्य, नैमित्तिक र काम्य तीन किसिमका श्राद्धको उल्लेख छ भने यमस्मृतिमा उक्त तीन बाहेक वृद्धि र पार्वण गरी पाँच श्राद्धको विधान छ । महर्षि विश्वामित्रले नित्य नैमित्तिक, काम्य, वृद्धि सपिण्डन, पार्वण आदि बाह्र किसिमका श्राद्धको उल्लेख गरेका छन्, जसको लक्षण या स्वरूप छुट्ट्याएको छ भविष्यपुराणले । छोटकरीमा प्रतिदिन गरिनेलाई नित्य, तिथिलाई निमित्त मानेर गरिने एकोद्दिष्ट नैमित्तिक, कामना विशेषले गरिनेलाई काम्य, वृद्धिको वेला गरिने श्राद्धलाई वृद्धि, प्रेतपिण्डलाई पितृपिण्डमा मेलन गर्नेलाई सपिण्ड र पितृपक्ष जस्तो पर्वविशेषमा गरिनेलाई पार्वण श्राद्ध भनिन्छ ।

श्राद्ध र त्यसको अङ्गरूपमा गरिने तर्पण यौटा रिवाज मात्र नभएर यसको खास खास उद्देश्य पनि छ । हामी जुन सृष्टिमा जीवित छौं र जसरी अन्न र जलबाट प्राण धारण गरिरहेछौं जीव सामान्यप्रति हाम्रो केही कर्तव्य हुनु स्वाभाविक ठहरिन्छ । यस्ता जीवमा कतिपय यसै लोकका जीवधारी पर्छन् र कतिचाहिं स्थूलशरीर छुटेर विभिन्न योनि उपभोग गरिरहेकाहरू पनि । वैदिक ऋषि उद्दालकका पुत्र नचिकेताले यमलोकको यात्रा गरी फर्केपछि त्यहाँ यातना भोगिरहेका जीवहरूको विस्तृत वर्णन गरेको कुरा वराहपुराण १९३–४ अ. मा वर्णित छ । यज्ञरूपी वराहसित पृथिवीले पनि जीवहरूको स्थिति र श्राद्धको सम्बन्धमा विस्तृत जानकारी यहाँ प्राप्त गरेकी छिन् । आदित्य पुराणको एक कथन छ–

न सन्ति पितरश्चेति कृत्वा मनसि यो नरः ।
श्राद्धं न कुरुते तत्र तस्य रक्तं पिबन्ति ते ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् जो व्यक्ति पितृको अस्तित्व स्वीकार गर्दैन र उनीहरूको तृप्तिको लागि श्राद्ध जस्तो कृत्य गर्दैन भने उसका पितृहरू अप्रत्यक्ष रूपमा उसको रक्तपान गर्दछन् । एतावता पञ्चमहाभूतको संयोजनबाट बनेको हाम्रो शरीरको लागि अन्न र जल पोषक तत्त्व मानिन्छन् । उक्त दुइको अभावमा जीवन कायम रहन सक्तैन । हाम्रो जीवनको लागि अनिवार्य ठहरिएका यिनै वस्तु हामी पितृतृप्तिका लागि पनि अर्पण गर्छौं । यद्यपि बढी समयसम्म पितृहरूलाई तृप्ति दिलाउने अन्य वस्तुहरू पनि उल्लेख नभएका होइनन् तर पनि सर्वसाधारणका लागि आवश्यक र सुलभ वस्तु ठहरिएको छ यही अन्न र जल । अर्पण गरिए-को अन्न र जलले पितृतृप्तिको अपेक्षा राख्नु त स्वाभाविक कुरा भयो तर ऋषिहरूको अन्तरदृष्टि त्यतिमा मात्र सीमित नभएर व्यष्टिसत्ता-लाई समष्टिसत्तामा समेट्नु या एकीकरण गर्नु पनि लक्ष्य रहेको देखिन्छ । यम र नाचिकेत उपाख्यानको अन्त्यमा गएर कठोपनिषत्मा भनिएको छ–

य इदं परमं गुह्यं श्रावयेद् ब्रह्मसंसदि ।
प्रयत: श्राद्धकाले वा तदानन्त्याय कल्पते ।।

अर्थात् यो उपाख्यान ब्रह्मनिष्ठ पुरुषको सभा अथवा श्राद्धकाल-मा सुनायो भने अनन्त फल प्राप्त हुन्छ । यो अनन्तता हो समष्टिता । जुन समष्टिता हो चरम पुरुषार्थको परम लक्ष्य ।

पितृपक्षको यस प्रसंगमा गरिने श्राद्धलाई पार्वण श्राद्ध भनिन्छ । एकोद्दिष्ट र पार्वणमा फरक के छ भने पहिलोमा एकलाई उद्देश्य मानेर कृत्य गरिन्छ भने पछिल्लोमा तीनलाई उद्देश्य मानेर गरिन्छ । "त्रीनुद्देश्य तु यच्छ्राद्धं पार्वणं मुनयो विदु:" भनेर यस पर्वमा पिता, पितामह र प्रपितामहलाई विशेष रूपमा ग्रहण गरिएको छ । अंग रूपमा अरू लिइन्छन् । यतिखेर पितृहरूको आवाहनका निमित्त गरिने अनुरोधका लागि अथर्ववेदको अनेक मन्त्रले संकेत गरेका छन् । जस अनुसार अग्निसित प्रार्थना गर्दै भनिएको छ– हे अग्नि ? तिमी हाम्रा ती पितृहरू जो पृथ्वीस्थानीय, अन्तरिक्षस्थानीय र द्युस्थानीय छन् सब-लाई यहाँ जुटाइदेऊ । सर्वव्यापक अग्निसित गरिएको प्रार्थनाअनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन स्थानमा भए पनि पितृसित सम्बन्ध राख्न खोजिएको यो तरखर हो। आर्ष दृष्टिकोण अत्यन्त उदार र व्यापक पनि भएकोले देवकार्य-द्वारा देवतासित र पितृकार्यद्वारा पितृसित सम्बन्ध राख्ने विधि प्रसिद्ध छ। ब्रह्मदेखि स्तम्ब (सूक्ष्म जीव) सम्म भावात्मक सम्बन्ध राख्ने श्राद्ध तथा श्राद्धको महिमा असीम छ।

श्राद्धका प्रकार, श्राद्धकाल, श्राद्धलायक वस्तु र ब्राह्मण, श्राद्ध-को उद्देश्य र महत्त्व सम्बन्धमा धर्मशास्त्रकारहरूले वडो गम्भीर विचार गरेका छन्। यसवाट के अडकल्न सकिन्छ भने यसको औचित्य र आवश्यकता निर्विवाद छ। ब्रह्मादेखि स्तम्ब या तृणसम्मको तृप्ति-लाई अपेक्षा राखेर गरिने श्राद्धले अति नै उच्च र आदर्श दृष्टि राखेको कुरा स्पष्ट छ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घटस्थापनको सान्दर्भिक उद्‌बोधन

आश्विनशुक्ल प्रतिपदादेखि नौ दिनसम्म शरत्कालिक शक्ति-समाराधनको पर्व शुरू हुन्छ। किनभने वसन्त र शरत्कालिक शुक्लपक्ष प्राचीनकाल देखिनै शक्तिसमाराधनको लागि विशेष महत्त्वको मानिदै आएको छ। त्यसमा पनि वसन्तभन्दा शरत्‌को महत्त्व अझ बढी छ।

संसारमा नित्यप्रति सृष्टि. स्थिति, र लयको क्रम चलेको देखिन्छ। यो क्रम कसबाट के गरी चलेको छ भन्ने सम्बन्धमा अघिदेखि चिन्तक विचारक तथा दार्शनिकहरूले विभिन्न रूपमा आ–आफ्नो अनुभव व्यक्त गर्दै आएका छन्। यसरी व्यक्त भएका अनुभवले नाम र नामीमा विविधता देखाए पनि शक्ति र शक्तिमान्‌को अस्तित्वलाई समान रूपले स्वीकारेका छन्। यही नाम मतभेद वा गुणगत विशेषताले गर्दा एउटै तत्त्व या शक्तिलाई कतै प्रकृतित, कतै माया, कतै त्रिगुण, कतै अदृष्ट र कतै देवी शब्दले व्यवहार गरिएको छ भने शक्तिमान्‌लाई पनि पुरुष, शिव, कर्ता या ईश्वर शब्दले पुकारिएको छ। अनुभव या रुचिगत भिन्नताले नाममा भएको विविधतालाई बिर्सिदिए वा अलग राखेमा तात्त्विक रूपले त्यो वस्तु एउटा देखिन आउनेछ, जसको संयुक्तनाम हो शक्ति। त्यसैले मार्कण्डेयपुराणअन्तर्गतको देवीस्तोत्रमा भनिएको छ-

यच्च किञ्चित् क्वचिद्वस्तु सदसद्वाऽखिलात्मिके।
तस्य सर्वस्य या शक्तिः सा त्वं किं स्तूयसे मया॥

अर्थात् संसारका विद्यमान सम्पूर्ण वस्तुकोअस्तित्व शक्तिद्वारा सिद्ध हुने भएकोले सर्वत्र व्याप्त त्यस्ताको स्तुति के गर्न सकिन्छ र? यस कथनले के कुरा सिद्धगर्छ भने सद्‌वस्तुको मात्र होइन असद्‌वस्तुको अस्तित्व सिद्ध गर्न पनि शक्तिको आवश्यकता पर्दछ। त्यसो हुँदा जड होस् या चेतन जुनसुकै वस्तुको अस्तित्व वर्तमानता वा सत्ता तब मात्र सम्भव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ जब त्यसमा शक्तिको संयोजन वा सत्ता मिसिएको हुन्छ। यसरी जुनसुकै वस्तुलाई सत्ता या स्फूर्ति दिने भएकोले शक्तिको महत्वलाई जोसुकै विचारकले बुझ्न र संझना गर्न सक्छ। शीतलता चिसो या जाडो ले सताइँदा आगो ताप्नु, गर्मी या घामले पीडित हुँदा हावाको चाहना हुनु, छहारीको आश्रय लिनु जस्तै शक्तिको चाहना हुनेले पनि त्यसको आश्रय लिनु, चाहना राख्नु या उपासना गर्नु स्वाभाविक ठहरिन्छ।

शक्तिमान् या पुरुषको निर्देशनबाट शक्ति या प्रकृतिले जगत् सृष्टि गर्ने कुरालाई गीताले यसरी संकेत गरेको छ– "मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम्" आदि। यद्यपि शक्ति या प्रकृतिका अनेक रूप छन् तर पनि देवीभागवतमा यिनका स्वरूप यसरी गनिएको छ–

गणेशजननी दुर्गा राधा लक्ष्मीः सरस्वती।
सावित्री च सृष्टिविधौ प्रकृतिः पञ्चधा स्मृता॥

सृष्टिसंचालनमा प्रकृतिका पाँच स्वरूपले प्रमुख भूमिका खेलेका छन्। ती हुन् गणेशजननी दुर्गा अर्थात् पार्वती, राधा, लक्ष्मी सरस्वती र सावित्री। यिनमा सावित्री, लक्ष्मी र पार्वती सृष्टि विधानका संचालक ब्रह्मा, विष्णु र महेश्वरका शक्ति मानिन्छन्। राधा रासेश्वर कृष्णकी प्रमुख सहयोगिनी मानिन्छिन्। ब्रह्माको मुखबाट प्रादुर्भाव भएकी सरस्वतीले पनि नारायणलाई नै वरण गरिन्। यिनलाई सम्पूर्ण वाङमयकी देवी मानिन्छ र श्रीपंचमीमा विशेष पूजा गरिन्छ। यिनको स्वरूप र प्रयोगमा आउने सम्पूर्ण वस्तु शुक्लगुण प्रधान याने सेता छन्। देव्युपनिषत्मा देवीले आफ्नो परिचय 'अहं ब्रह्मस्वरूपिणी' भनेर ब्रह्मरूपमा दिएकी छन्। स्तुतिसाहित्यमा 'त्वमसिपरमब्रह्ममहिषी' भनेर ब्रह्मकी महारानी रूपमा उनको वर्णन गरिएको छ।

यसरी नाम, रूप र गुणभेदले अनेक रूपमा प्रसिद्ध देवीलाई नवरात्रमा नौ नाम र नौ किसिमका रूपमा उपासना गरिन्छ। शैलपुत्री, ब्रह्मचारिणी चन्द्रघण्टा, कूष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिदात्री यिनका नाम हुन् र नामअनुसारका रूप रंग पनि अलग छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यिक, सामाजिक या धार्मिक जुनसुकै दृष्टिले शक्तिसमाराधनको ठूलो महत्त्व देखिन्छ। यीमध्ये पहिलो शक्तिसमाराधनको सम्बन्धमा प्रकाशित साहित्यिक ग्रन्थको संख्या बडो विशाल छ, यी मध्ये कतिपयले प्रासङ्गिक रूपमा यस बारे उल्लेख गरेका छन् भने कतिले चाहिं स्वतन्त्र रूपमा। कालिकापुराण; बृहन्दिन्दकेश्वर पुराण, देवीपुराण, मार्कण्डेय पुराण आदिले प्रासङ्गिक रूपमा दुर्गापूजाको उल्लेख गरेका छन् भने दुर्गोत्सवविवेक, । दुर्गापूजाप्रयोगतत्त्व, दुर्गार्चन दुर्गाभक्तितरङ्गिणी, नवरात्रप्रदीप, दुर्गोत्सव पद्धति आदिले स्वतन्त्र रूपमा दुर्गापूजालाई लिएर विस्तृत व्याख्या गरेका छन्। यसरी विशदरूपमा गरिएको व्याख्या अनुसार यस पूजालाई नित्य र काम्य दुवै मानिएको छ। कालिका पुराणले जो व्यक्ति प्रमाद, छल, मत्सर या मूर्खताको वशीभूत भएर दुर्गापूजा गर्दैन या दुर्गोत्सवमा भाग लिंदैन उसका सम्पूर्णकामबा क्रुद्ध देवीद्वारा नष्ट हुन्छन् भनेर यस पूजालाई नित्य सावित गरेको छ। तर यस पूजाद्वारा धर्म, अर्थ, काम र मोक्षरूप पुरुषार्थ प्राप्त हुने कुराको उल्लेखबाट काम्यरूप पनि उल्लेख भएको पाइन्छ। सिद्धान्तमा गएर भन्दा चाहे कामना होस् चाहे नहोस् देवी या प्रकृति पूजनमा श्रद्धा भक्ति पूर्वक सरीक हुनु नै श्रेयस्कर देखिन्छ, यसमा कुनै शंका छैन। देवी पूजनमा जुनसुकै वर्ग, वर्ण या जातिको पनि समान अधिकार भएकोले यो सार्वजनिक हो भने सबैको हित गर्ने भएकोले सार्वजनीन पनि हो। त्यसमा अलिकति फरक के छ भने मन्त्रमा अधिकार हुनेले मन्त्रपूर्वक यसको पूजा सम्पन्न गर्छन् भने नहुनेले बिना मन्त्र पूजा र बस्तु अर्पण गर्छन्। त्यसै गरी अर्पण गरिने वस्तु पनि सम्प्रदाय वा वर्गविशेषको स्वभाव र चलनअनुसार सात्त्विक राजस र तामस जुनसुकै हुन सक्छन्, तर सात्त्विक पूजा उत्तम पूजा हो।

देवीपूजन या दुर्गार्चन आरम्भ गर्ने आज प्रथम दिन हो प्रतिपदा जसलाई घटस्थापनको दिन भनिन्छ। भरिएको घटले पूर्णता, पूज्यता, माङ्गल्य, पुरुषार्थ, देवाश्रय आदि विविध अर्थलाई सामूहिक रूपले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्योतन गर्छ । घटस्थापनको लागि प्रातःकालको समय उपयुक्त मानिएको छ । सूर्योदयदेखि दश घडीसम्मको बेलालाई प्रातःकाल भन्ने परिभाषा विष्णुधर्ममा गरिएको छ । घटस्थापनको लागि अमावास्यायुक्त प्रतिपदा सर्वथा वर्जित मानिन्छ ।

शक्तिसमाराधनको सम्बन्धमा सामान्य भूमिकाको प्रस्तुतीकरण पछि यस दिनको कृत्य सम्बन्धमा केही उल्लेख गरिन्छ । यस घटस्थापन तथा देवीपूजनको लागि प्राप्तः स्नान र नित्यकृत्य पहिल्यै सक्नुपर्छ ।

पूजा सम्पन्न पार्नको लागि आवश्यक चन्दन, अक्षता, सिन्दूर, अबीर फूल धूपबत्ती नैवेद्य भेटी आदि सामान, चोखो माटो या नदीको वालुवा, घट, गहुँमिसिएको जौ, थाली, प्रतिमा, पञ्चामृत, पञ्चपल्लव, दूबो, दीप कलश गणेश थाप्ने चामल आदि प्रमुख सामान तयार पारिनुपर्छ ।

सरसामान तयार भएपछि व्रती व्यक्तिले आसनमा वसी कर्मपात्र निर्माण गरेर संकल्प लिनुपर्छ । संकल्पमा देशकालको उच्चारणपछि नवरात्रमा गरिन लागेको यस देवीपूजनद्वारा मेरो आपतशान्ति, निरोगिताप्राप्ति, दीर्घायुष्य, सुसन्तति, स्थिरलक्ष्मी, कीर्तिलाभ, शत्रुपराजय पूर्वक अभीष्टसिद्धिको अभिलाषा राख्ने वचन पारी, शारद नवरात्र प्रतिपदि विहित कलश, गणेश, दीपस्थापन पूर्वकं दुर्गापूजा कुमारीपूजा स्तवपाठादि च करिष्ये, भनेर पूरा गरिन्छ । संकल्पपछि दीप, कलश, गणेशको आह्वान र पूजा अनि घटस्थापन गरी त्यसै घडामाथि थालीमा यन्त्र लेखी प्रतिमा स्थापन गरेर यसरी देवीको आह्वान गरिन्छ—

आगच्छ वरदे देवि दैत्यदर्पनिषूदिनी ।
पूजां गृहाण सुमुखि नमस्ते शङ्करप्रिये ।।
सर्वतीर्थमयं वारि सर्वदेवसमन्वितम् ।
इमं घटं समागच्छ तिष्ठ देवगणैः सह ।।

दानवी शक्तिलाई दमन गर्ने स्वभाव भएकी शङ्करप्रिये देवि ? सम्पूर्ण तीर्थमय भएको यस जलपूर्ण घडामा सहयोगी देवदेवीका साथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेर यथाशक्ति मैले अर्पण गरेको यो पूजा ग्रहण गर भन्ने यसको भाव हो ।

"जयन्ती मङ्गला काली" यस मन्त्रले पूजा गरी नवार्णमन्त्रले जप गरिन्छ । अङ्ग रूपमा दीप, कलश, गणेशको र कुमारीको पूजाको साथै यवारोपण अर्थात् जौ छर्ने काम हुन्छ । कुमारी पूजनको लागि दुइ वर्षदेखि दशवर्षसम्मका कन्या बढी प्रशस्त मानिन्छन् र क्रमैले तिनका नाम कुमारिका, त्रिमूर्ति, कल्याणी, रोहिणी, काली, चण्डिका, शाम्भवी, दुर्गा र सुभद्रा यस्ता छन् ।

मन्त्राक्षरमयीं लक्ष्मीं मातॄणां रूपधारिणीम् ।
नवदुर्गात्मिकां साक्षात् कन्यामावाहयाम्यहम् ।।

कन्यापूजा गर्दा पढिने यस मन्त्रले नारीका प्रति लक्ष्मी र दुर्गाको भाव राखिने हाम्रो सांस्कृतिक परम्परालाई मूर्तरूपले द्योतन गर्छ । पूजापछि मन्त्रपाठ हुन्छ । मन्त्रपाठको लागि दुर्गासप्तशती अति प्रसिद्ध छ, देवीभागवत वा अन्य स्तोत्र पनि गर्न सकिन्छ ।

नवरात्रमा यसरी विशेषरूपले आराधना गरिने शक्तिपीठहरू नेपालका धेरै जिल्ला, अञ्चल र बस्तीहरूमा व्याप्त छन् र भारतमा पनि । नेपालको राजधानी काठमाडौंमा गुह्येश्वरी, दक्षिणकाली, वज्रयोगिनी, शुभाभगवती बढी प्रसिद्ध पीठ मानिन्छन् । यी बाहेक मनकामना, भैरवी, विन्ध्यवासिनी, गोरखकाली, ज्वालामुखी, बडीमालिका, वागीश्वरी, त्रिपुरसुन्दरी आदि अनेक शक्तिपीठहरू मेचीमहाकालीसम्म व्याप्त छन् । जसको पूजा उपासना गरेर स्थानीय जन समुदायले आफ्नो आस्तिकता कायम राखेको छ, आश्वस्त बनी जीवन मार्गमा अघिबढेको छ, आफ्नो संकल्प, भाकल पूर्ति गर्ने रूपमा सकारेको छ ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तितत्त्व र समाराधन

नित्य प्रति प्रवाहित हुँदै जाने कालको प्रवाहमा क्षण, लव, मूहूर्त, मास, ऋतु जस्ता अवान्तर भेदलाई लिएर गरिने व्यवहारसित हामी परिचित छौं । सामान्य दृष्टिले यस्तो प्रवाहमा कुनै खास भेद नदेखिए पनि चिसो, तातो, जाडो, गर्मी, हिउँद, वर्षा, आदिको उदयास्त वा गमनागमनसित भने सबै परिचित छन् र हुन सक्छन् । आफ्नो स्वरूप वा गुणविशेषले प्रसिद्धि राख्ने यस्ता कालखण्डलाई ऋतु भनिन्छ । यद्यपि सबैजसो ऋतुका केही आत्मगत वैशिष्ट्य नहुने होइनन् तर तिनमा स्वरूपगत सौन्दर्य र उत्पादकताको दृष्टिले शरद् र वसन्त बढी महत्त्व राख्ने ऋतुमा गनिन्छन् । किनभने वर्षाकालिक हिलो मैलो पछि लगत्तै आउने शरद्को सौन्दर्यले मनलाई जति प्रफुल्लित पार्छ कठ्यांग्र्याउने जाडोको निमित्त प्रसिद्धि राख्ने शिशिर पछि आउने समशीतोष्ण वसन्तले पनि त्यस्तै महत्त्व राखेको देखिन्छ । तुषारोले पात झरी नाङ्गिएका वृक्षवनस्पति यति खेर नयाँ पालुवा र भरिला पातले ढाकिएका पाइन्छन् भने मनोरम मञ्जरी र आकर्षक फूलले सिंगारिएका देखिन्छन् । भावुक कविहरूले वसन्तलाई ऋतुराजको रूपमा उल्लेख गरेका छन् ।

यसरी स्वरूपगत सौन्दर्य र अन्यविध गुणविशेषले गर्दा बढी महत्त्व राख्ने शरद् र वसन्त शक्त्युपासना या समाराधनको निमित्त अत्यधिक प्रसिद्ध छन् । संसारमा विद्यमान समस्तवस्तुजात शक्तिकै सम्बन्धले अस्तित्वमा आएका छन्, सत्तारूपले व्यवहार भएका छन् । शक्तिको परिचय माटो, ढुंगो या काठ जस्तो ठोस रूपमा नभएर गुणरूपमा हुन्छ । पुराण अन्तर्गतको सप्तशतीमा शक्तिको स्वरूप कहाँ कहाँ र कुन रूपमा रहन्छ भन्ने सम्बन्धमा भनिएको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

या श्रीः स्वयं सुकृतिनां भवनेष्वलक्ष्मीः ।
पापात्मनां कृतधियां हृदयेष्वबुद्धिः ।।

अर्थात् सुकर्म गर्ने सुकृतिहरूकहाँ श्री, ऐश्वर्य रूपले रहने शक्ति दुष्कर्म गर्ने पापीहरूको हृदयमा दुर्बुद्धिरूपले प्रकट होइदिन्छ, त्यसै गरी आफ्नो कुलधर्म थामी उन्नति मार्गमा अघि बढ्नेकहाँ श्रद्धा र लज्जा रूपले अभिव्यक्त हुने यो कुलधर्म छोड्नेकहाँ अश्रद्धा र निर्लज्जता रूपमा प्रकट हुन्छ ।

शक्तिमान्लाई जस्तै शक्तिलाई पनि यहाँ मूर्तिमान् रूपले उपासना गर्ने चलन अहिले मात्र नभएर धेरै पहिलेदेखि थियो । देवी अथर्वशीर्षमा भएको उल्लेखअनुसार देवताहरू देवी सामू उपस्थित भएर प्रश्न गर्छन् । उत्तरमा देवी भन्छिन् म ब्रह्मरूपिणी हुँ । मैवाट यो प्रकृति पुरुषात्मक जगत्को उत्पत्ति, स्थिति र लय पनि हुन्छ, 'अहं ब्रह्मस्वरूपिणी मत्तः प्रकृतिपुरुषात्मकं जगत् । शून्यं चाशून्यं च आदि ।,

अझ यस अगाडिको भाव छ आनन्द अनानन्द, विज्ञान र अविज्ञान, पञ्चभूत र अपञ्चभूत, विद्या र अविद्या, जायमान र अजायमान, तल र माथि रहने सबै स्वरूप मेरै हुन् र आदित्यरूपले प्रकाश दिने, वसुरूपले पालन गर्ने, इन्द्र रूपले शासन गर्ने, वरुणरूपले पोषण दिने, विष्णुरूपले ठूलो पुरुषार्थ दर्शाउने, रुद्ररूपले संहार गर्ने आदि पनि मेरै रूप हुन् । यसै गरी सप्तशतीको बाह्रौं अध्यायमा पनि भगवतीले आफ्नो ब्राह्मी, माहेश्वरी, वैष्णवी, ऐन्द्री, कौमारी, वाराही आदि रूपमा नाम र काम वारे वर्णन गरेकी छन् ।

यसरी शक्ति र अवान्तर रूपले अनेक नामद्वारा प्रसिद्ध देवीको उपासना र आराधनाको लागि वसन्तको शुक्लपक्ष पनि प्रसिद्ध छ। आश्विनशुक्लको महाष्टमी भगवतीको कार्यकारी संहारकारिणी महाकाली रूप प्रकट भएकोले विशेष महत्त्व राख्ने दिन भए झैं चैत्रशुक्ल अष्टमी पनि भवशक्ति भवानी प्रादुर्भाव भएको दिन हुनाले विशेष महत्त्व राख्ने रूपमा प्रसिद्ध छ। पौराणिक साहित्यमा भवानीलाई भवनाशिनी अर्थात् शोक, मोह, दुःख दारिद्र्यवाट छुटाई मुक्तिप्रदान गर्ने रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेख गरेको छ । यिनै भवानी हैमवती उमा नामले दिक साहित्यवै केनोपमिषत्मा इन्द्रलाई ब्रह्मविद्याको उपदेश दिन आकाश मार्गले प्रकट भएकी पाइन्छिन् । दानवगणमाथिको विजयमा आत्मशक्तिको अभिमान राख्ने देवगणलाई ब्रह्मसत्ताको महत्त्व बोध गराउनु, वायु र अग्निको अभिमान कुण्ठित बनेपछि हैमवती उमा प्रादुर्भाव भएर सम्पूर्णलाई तेज, ओज र सत्ता प्रदान गरी सजीव तुल्याउने मूलस्रोत ब्रह्मसत्ता हो भन्ने कुरामा उद्‌बुद्ध तुल्याउँछिन् । त्यसरी भवानी उमाबाट उद्‌बोधन पाएपछि देवगणमा चेतना जाग्रत हुन्छ अनि उनीहरू निरभिमानी बन्छन् । यसरी अज्ञानबाट उन्मुक्त तुल्याई मुक्त पार्नमा शक्तिबाट सहयोग भएको देखिन्छ ।

यस किसिमको वस्तुस्थितिलाई सूत्रात्मक रूपले दर्शाउँदै सप्तशतीमा भनिएको छ–

सैषा प्रसन्ना वरदा नृणां भवति मुक्तये ।
संसारबन्धहेतुश्च सैव सर्वेश्वरेश्वरी ।।

अर्थात् उपासकद्वारा उपासना गरिँदा प्रसन्न बनो मुक्तिको कारण बन्ने र मोह तथा अज्ञानमा रुमलिई निस्सासिएर जीवन व्यतीत गर्नको लागि बारम्बार सांसारिक बन्धन दिलाउने यौटै शक्तितत्त्व हो ।

आदिकाव्य वाल्मीकिरामायणबाट पनि यो तथ्य स्पष्ट हुन्छ । वैभवशाली रावणको ऐश्वर्यशाली लंकालाई खाग तुल्याउनमा कारण बनेकी छिन् जानकी सीता । यो कुरा रावणका सभामा हनुमान्ले स्पष्ट रूपमा भनिदिएका थिए । जस्तो–

यां सीतेत्यभिजानासि सेयं तिष्ठति ते गृहे ।
कालरात्रीति तां विद्धि सर्वलङ्काविनाशिनीम् ।।

अर्थात् रावण ! जुन सीतालाई तिमी वासनापूर्तिको साधन तुल्याउन आफ्नो घरमा राखिछोडेका छौ यथार्थमा ती कालरात्री हुन् र एक दिन तिम्रो लंका विनाश पारेर छोडने छिन्, वस्तुतः भयो पनि त्यस्तै । शक्तिरूप प्रकृतिदेवीको उपासना धेरै अघि देखि हुँदै आएको ऐतिहासिक उल्लेख पाइन्छ । त्यसमा पनि खास गरेर आपत् विपत्, विछोड विरह,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परेको वेला यस्तो उपासना भएको देखिन्छ । दाशरथि राम सीता अपहरणपछि खिन्न रहेको वेलामा नारदको आगमन हुन्छ । सीता प्राप्तिको उपाय बारे सरसल्लाह हुँदा यस किसिमको संकटबाट मुक्त बनी विजयी हुन शक्त्युपासना गर्नुपर्ने उपदेश गर्दै नारद पहिलेका उपासकको नाम बताउँछन्–

विष्णुना चरितं पूर्वं महादेवेन ब्रह्मणा ।
तथा मघवता चीर्णं स्वर्गमध्यस्थितेन वै ।
विश्वामित्रेण काकुत्स्थ कृतमेतन्न संशयः ।। आदि ।

अर्थात् कौशल्यानन्दन, ब्रह्मा, विष्णु, रुद्र, इन्द्र, विश्वामित्र बृहस्पति, भृगु, वशिष्ठ आदि धेरैले शक्त्युपासनाबाट आफ्नो अभीष्ट पूरा गरेका थिए । त्यसो हुँदा हजूरले पनि साधक बनी प्रकृति पूजक हुनुपर्छ । देवर्षिको उपदेश बमोजिम श्रीरामले देवीको आराधनाबाट रावणमाथि विजय प्राप्त गर्दा सीता फर्काउने वरदान पाउनुभयो। वसन्तऋतुको शुक्लाष्टमीमा श्रद्धाभक्तिपूर्वक भवानीमूर्तिको दर्शन गर्दा शोकसागरमा डुब्न नपर्ने र आनन्द पाउने शास्त्रीय विधान छ–

भवानीं यस्तु सेवेत शुक्लाष्टम्यां मधौ नरः ।
न जातु शोकं लभते सदानन्दमयो भवेत् ।।

जूवामा पराजित पाण्डवले बाह्लवर्षको वनवास पूरा गरेपछि एक वर्षको गुप्तवास बस्नेवेला आयो । यो कसैले थाहा नपाउने गरी गोप्यरूपमा बस्नुपर्ने र केही गरी थाहा भएमा फेरि बाह्र वर्ष वनवास पूरा गर्ने शर्तनामा भएकोले यतिखेर बडो संकटापन्न स्थिति पर्न गएको थियो । यस किसिमको दुरस्थितिबाट जोगिई गुप्तवास पूरा गर्ने सामर्थ्य प्राप्तिको लागि धर्मराज युधिष्ठिर भगवतीको शरण परी स्तुति गर्छन् । अनुवादित रूपमा शुरुको स्तुति अंश यस्तो छ–

गुप्ती नामधरी सकी नगरमा पस्न्या बखत्मा पनि ।
कस्ता रितिसित कष्टभोग् गरि यहाँ उत्तीर्ण हूंला भनी ।
चिन्ता घेर हुँदा युधिष्ठिरजिको मन्मा लहड यो गयो ।
संझी कष्ट तहाँ जगज्जननिको स्तव् गर्न लाग्नुभयो ।। आदि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारतमा यो घटना उद्योग पर्वको शुरूमा उल्लेख भएको छ। पाण्डवश्रेष्ठ युधिष्ठिर यति खेर तिनै देवीको स्तुति गर्छन् जो यशोदाको गर्भबाट जन्मेकी र कंसले मार्न लाग्दा उसको हातबाट उम्किई अष्टभुजा रूपमा आकाशमा प्रकट भएकी थिइन्। दिव्यसुगन्ध, दिव्यमाला र दिव्यवस्त्र धारणा गर्ने उनका आठ हातमा शंखचक्र र गदाको अतिरिक्त धनु, बाण, त्रिशूल ढाल र तरवार समेत थिए। नारायणप्रिया यिनको नाम नारायणी थियो।

आफूलाई यतिखेर पर्न गएको दुर्ग याने संकटबाट मुक्ति दिलाउनको लागि दुर्गानामले पनि उनी सम्बोधन गर्छन्–

दुर्गात्तारयसे दुर्गे तत्त्वं दुर्गा स्मृता जनैः।
कान्तारेष्ववसन्नानां मग्नानां च महार्णवे ।। आदि।

धर्मराज युधिष्ठिरको यस किसिमले गरिएको दीनभावयुक्त स्तुतिद्वारा प्रसन्न बनेकी दुर्गा भगवतीले प्रत्यक्ष रूपमा दर्शन दिई गुप्तवास गोप्यरूपमा पूरा गर्न सक्ने सामर्थ्य प्राप्तिको लागि वरदान दिइन्।

स्यमन्तकमणि अपहरण हुँदा त्यसको दोष वासुदेव कृष्णमा पर्न आउँछ। कूट भए पनि लोकनिन्दा परिमार्जन गर्न आवश्यक भएकोले सहयोगीलाई साथ लिई कृष्ण आफैं मणिको खोजीमा जानुहुन्छ र खोजीकै क्रममा जाम्बवान्को गुफामा पस्नुहुन्छ। धेरै दिन प्रतीक्षा गर्दा केही नलागेर सहयोगीहरू द्वारका फर्की भएको घटना वसुदेव देवकीलाई निवेदन गरे। अकेला कृष्ण गुफाबाट ननिस्केको खबरले ठूलो खैलाबैला मच्चियो र आखिर यस किसिमको संकटापन्न स्थितिमा देवीपूजनबाट कल्याण हुने अनुभव व्यक्त गरियो। त्यसैअनुसार द्वारकावासीहरूले महामाया दुर्गाको पूजा तथा आराधना गरे–

उपतस्थुर्महामायां दुर्गां कृष्णोपलब्धये।

जगद्गुरु आद्यशङ्कराचार्य ललितत्रिपुरसुन्दरीका उपासक हुनुहुन्थ्यो। उहाँको सौन्दर्यलहरी भाब, भाषा तथा गठन सबै दृष्टिले उच्चकोटिको देवीस्तोत्र मानिन्छ। यस बाहेक पनि शङ्कराचार्य परम्पराद्वारा विरचित अनेकौं देवीस्तोत्र प्रसिद्ध छन् जसमध्येको देव्यापराध-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षमापनस्तोत्रको पाठ बहुसंख्यक देवीपीठमा गरिन्छ । पण्डितराज जगन्नाथ विरचित गङ्गालहरी अत्युत्तम भाव, भक्ति भएको देवीस्तोत्र हो । स्वामी रामकृष्ण परमहंस भगवती कालीका अनन्य उपासक भएको कुरा सर्वविदित छ । नास्तिक नरेन्द्रलाई स्वामी विवेकानन्द बनाउन परमहंसले कालीको प्रत्यक्षप्रभाव उनलाई दर्शाएका थिए ।

नेपाली विद्वान् विद्वच्छिरोमणि कुलचन्द्र गौतमको गङ्गागौरव उच्चतम मानसिक स्थितिमा लेखिएको विशिष्ट बौद्धिक उपज मानिन्छ। श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहमा भगवती देवीका विभिन्न पीठप्रति कति आस्था र आकर्षण थियो त्यो कुरा दिव्य उपदेशबाट छर्लङ्ग हुन्छ ।

देवभूमि नेपाल शक्तिप्रधान देश मानिन्छ । यहाँका राष्ट्रदेव पशुपतिनाथको मुख्य पूजा प्रतीकात्मक शक्तिरूप श्रीयन्त्रमा हुन्छ। प्रसिद्ध विद्वान् तथा प्रखर वक्ता करपात्री महाराज श्रीयन्त्रका उपासक थिए । यसरी शक्त्युपासनाका अनेक सैद्धान्तिक र व्यावहारिक उदाहरण यतिखेर संख्न सकिन्छ ।

चैत्राष्टमी तथा आश्विनशुक्लमा यहाँका देवीपीठहरूमा विशेष रूपले पूजा आराधना गरिन्छ । जसलाई शारद र वासन्तिक उपासना भनिन्छ ।

यस्ता शक्ति पीठहरूबाट यहाँका बासिन्दाले प्राचीन कालदेखि नै उत्साह, प्रेरणा र सद्भाव प्राप्त गर्दै जीवन यापन गरे, गर्दैछन् र पछि पनि गर्नेछन् ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कन्यापूजासम्बन्धी शास्त्रीय मान्यता

परमात्माको स्वरूप या अवस्था सम्बन्धमा उपनिषत्‌ले द्विविध रूपको संकेत गरेको छ। ती दुइरूप हुन् परा र अपरा। जस्तो 'द्वे ब्रह्मणी वेदितव्ये परा चैवापरा च' मानवशरीर जस्ता शरीरमै पनि जीव र साक्षीरूपले आत्माका द्विविध रूप हुने कुरा उपनिषत्प्रस्थान र स्मृति प्रस्थानमै पनि उल्लेख भएको छ। तिनमा अलिकति भिन्नता के छ भने जीव वासनाको वशीभूत भएर आफूलाई कर्ता भोक्ता ठान्दछ र वद्ध बन्छ। तर साक्षीचाहिं कर्तृत्व, भोक्तृत्वभाववाट अलग रहेकोले बेग्लै र विशुद्ध रहन्छ। यसको अतिरिक्त समष्टि वा आंशिकरूपको कार्यकारी बनेर परमात्मा प्रकट हुने या अवतीर्ण वन्ने कुरा पनि आर्षसाहित्यको मान्य सिद्धान्त रहेको छ।

निर्गुण वा अव्यक्त रूपबाट सगुण वा व्यक्त रूपमा आउँदा पुरुष र स्त्री दुवै रूपमा आएको वा प्रकट भएको देखिन्छ। ब्रह्मा, ब्रह्माणी, विष्णु लक्ष्मी, शिव पार्वती व्यक्त पुंस् र स्त्रीप्रकृतिका उदाहरण हुन्। आर्यपरम्परामा दाम्पत्य सम्बन्ध कायम गर्ने माध्यमरूप विवाह हुंदा वरलाई विष्णु र वधूलाई लक्ष्मीरूप संझी पूजिन्छ र अर्पिन्छ। प्रत्येक पुरुषको वाल्यावस्था सामान्यत तीन भागमा विभाजित हुन्छ कुमार, पौगण्ड र किशोर। यसै गरी स्त्रीको पनि बाल्यावस्था कन्या या कुमारी रूपले प्रसिद्ध छ। यस्ता कन्या या कुमारीलाई प्रसिद्ध तिथि मिति र त्यसमा पनि खास गरी देवीको पर्व र पूजनमा अङ्ग रूपले पूज्ने शास्त्रीय विधान छ।

शरद् र वसन्तमा गरिने देवीको जो प्रसिद्ध पूजन हो त्यसमा प्रतिपदादेखि नवमीसम्म प्रत्येक दिन संख्या वृद्धि गर्दै नौ जनासम्मलाई पूजा गर्ने निर्देशन छ। गायत्री जस्ता पुरश्चरण र यज्ञयागादिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि यिनको पूजा प्रशंसनीय मानिन्छ । यस किसिमका शास्त्रीय विधानको अतिरिक्त उपासकलाई देवीले कन्याको रूपमा दर्शन दिएको, वस्तु प्रदान गरेको, कुमारीरूपले अमुक ठाउँमा प्रकट हुनेछु भनेर संकेत गरेका आदि कुरासित पनि हाम्रो धरती ऐतिहासिक एवं भावनात्मक दुवै रूपमा परिचित छ, निकट रूपले अवगत छ । भगवान्ले कृष्णावतारको रूपमा अवतीर्ण हुने वेला योगमायालाई पनि सहयोगिनीको रूपमा जाने निर्देशन गर्दै तिम्रा अनेक नाम हुनेछन् भनेर कन्याको पनि उल्लेख गर्नुभएको छ–

कुमुदा चण्डिका कृष्णा माधवी कन्यकेति च । आदि ।

नवरात्रमा गरिने जो देवीपूजन हो त्यसमा कन्या या कुमारीको पूजा अङ्ग रूपले गरिन्छ । यसरी पूजिने कन्याको उमेर र लक्षण पनि निर्धारण गरिएको छ । जसअनुसार अधिक अङ्ग नभएका, अङ्ग भङ्ग पनि नभएका, निरोगी, हेर्दा कुरूप देखिने र कैला अङ्ग नभएका, शरीरमा अधिक र लामा रौं नदेखिने र वर्षमिल्दा कन्या पूजालायक मानिन्छन् । अर्पण गरेको वस्तु थाहा पाई लिन, खान र उपभोग गर्न नसक्ने भएकोले एकवर्ष उमेरका कन्या पूजालायक मानिंदैनन् । त्यसपछि उमेरअनुसार क्रमैले यस्ता नाम भएका हुन्छन्– कुमारी, त्रिमूर्ति, कल्याणी, रोहिणी, कालिका, शाम्भवी, दुर्गा, चण्डिका र सुभद्रा ।

द्विवर्षा सा कुमार्युक्ता त्रिमूर्तिर्हायनात्रिका ।
चतुरब्दा तु कल्याणी पञ्चवर्षा तु रोहिणी ।।
षडब्दा कालिका प्रोक्ता चण्डिका सप्तहायना ।
अष्टवर्षा शाम्भवी स्याद् दुर्गा च नवहायना ।।
सुभद्रा दशवर्षोक्ता नाममन्त्रैः प्रपूजयेत् ।

उक्त शास्त्रीय विधानको अतिरिक्त दश वर्षपछि पनि रजोदर्शन नहुन्ज्याल पूजेको व्यवहारमा देखिन्छ । यो त भयो सामान्य रूपमा गरिने कन्याको पूजा । फलेच्छाअनुसार विभिन्न वर्णका कन्या छनोट गर्ने अर्को विधान छ । कस्तो फलेच्छा राख्नेले कुन वर्णको कन्या छनोट गर्ने यस बारे भनिएको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विप्रां सर्वेष्टसंसिद्ध्यै यशसे क्षत्रियोद्भवाम् ।
वैश्यजां धनलाभाय पुत्राप्त्यै शूद्रजां भजेत् ।।

अर्थात् सर्वविध इष्टसिद्धिको लागि ब्राह्मणकन्या, यशको कामना भए क्षत्रियकन्या, धनको अभिलाषा हुनेले वैश्य कन्या र छोराको इच्छा राख्नेले शूद्रकी कन्या पूजा गरोस् । यसको अतिरिक्त उग्र कामना राख्नेले चाण्डालकन्या पूज्ने पनि विधान छ ।

अर्को विधानअनुसार ब्राह्मणले ब्राह्मणकै र क्षत्रियादिले आफ्नो र आफूभन्दा माथिल्ला वर्णका कन्याको पूजा गर्नु भनिएको छ र चलन पनि धेरै यही छ । शास्त्रीयविधान र शिष्टाचार जस्तो छ धार्मिक विधि सम्पन्न गरिँदा त्यसैअनुसार गर्दा नै बताएअनुसारको फल र कल्याण प्राप्त हुन्छ ।

कन्यालाई पूजा गर्दा मन्त्राक्षरमयी लक्ष्मी, मातृरूप धारण गर्ने नवदुर्गाको रूपमा आह्वान गरिन्छ । यो सामान्य प्रार्थनाको अतिरिक्त प्रत्येकको लागि अलग अलग प्रार्थनाका मन्त्र पनि प्रसिद्ध छन् । यौटा उदाहरण–

जगत्पूज्ये जगद् वन्द्ये सर्वशक्तिस्वरूपिणि ।
पूजां गृहाण कौमारि जगन्मातर्नमोऽस्तु ते ।।

जगत्की पूज्या र वन्दनीया, सर्वशक्तिस्वरूपे जगत्मातर् हे कौमारि पूजा ग्रहण गर ।

यसै गरी अर्को त्रिमूर्तिसित सम्बद्ध मन्त्र छ–

त्रिपुरां त्रिपुराधारीं त्रिवर्गं ज्ञानरूपिणीम् ।
त्रैलोक्यवन्दितां देवीं त्रिमूर्तिं पूजयाम्यहम् ।।

तीनै लोकले वन्दना गरिएकी, त्रिपुरा नामले प्रसिद्ध, त्रिवर्ग ज्ञान स्वरूप यस्ती त्रिमूर्तिलाई म पूजा गर्छु । अगाडि पनि यसै गरी प्रत्येकका प्रार्थना मन्त्रले कुमारीका विभिन्न रूप र गुण उल्लेख गरेका छन् । यसबाट नारीका प्रारम्भिक रूप कन्यालाई हाम्रो संस्कृतिले कस्तो मान्यता प्रदान गरेको रहेछ स्वतः बुझ्न सकिन्छ । उमेर पुगेर विवाह भएपछि पत्नी रूपमा र सन्तान पैदा भएपछि मातृरूपमा उनी-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको मान्यता र निर्वाह गर्नुपर्ने व्यवहार वारे पनि शास्त्रमा राम्रो उल्लेख छ।

कुमारीको मूलरूप खोजी गर्दा यस्तो भेटिन्छ– ईश्वर, परमात्मा या ब्रह्म निर्गुण रूपमा कुनै आकारमा आकारित, चिह्नविशेषले चिह्नित आदि केही हुँदैन। तर जब ऊ सगुण रूपमा आउँछ, आकारले आकारित बन्छ त्यतिखेर आवश्यकता र स्थितिअनुसार पुरुष वा स्त्री जुनसुकै रूपमा आउन सक्छ। त्यस्तै मायाको नारीरूपमा आविर्भूत स्वरूपलाई नै कुमारी भनिएको छ। कुमारी र कौमारी एउटै अर्थमा प्रयोग भएका छन् र कुमार याने स्वामिकार्तिकेयको शक्तिलाई पनि कौमारी भनिएको छ।

धर्मस्थापन तथा दुष्टदमनको लागि भगवान् जब धराधाममा अवतीर्ण हुनुहुन्छ त्यतिखेर योगमाया पनि सहयोगिनीको रूपमा अवतीर्ण हुन्छिन्। कृष्णावतारको प्रसङ्गमा ब्रह्माजी देवगणलाई आश्वासन दिंदै भन्नुहुन्छ–

विष्णोर्माया भगवती यया सम्मोहितं जगत्।
आदिष्टा प्रभुणांशेन कार्यार्थे सम्भविष्यति॥

अर्थात् विष्णुकी मायारूप जुन भगवती जगत्लाई मोह पार्नेछिन् उनी पनि प्रभुको आज्ञाले कार्यसाधिका भएर प्रादुर्भाव हुनेछिन्। त्यसैअनुसार आफू अवतीर्ण हुने वेला भगवान्ले भन्नुभएको छ- योगमायां समादिशत्, गच्छ देवि व्रजंभद्रे आदि। अर्थात् तिमी गएर देवकीको गर्भमा शेषनामको जुन मेरो धाम प्रवेश भएको छ त्यसलाई रोहिणीको गर्भमा सार। तिम्रो जन्म नन्दपत्नी यशोदाबाट हुनेछ। कंसको दुराशय विफल पार्ने तिमीलाई धूप, दीप, नैवेद्य आदि वस्तु अर्पण गरी सर्वकामवरप्रदाको रूपमा लोकले पुज्नेछन् र दुर्गा, भद्रकाली, विजया आदि तिम्रा अनेक नाम हुनेछन्–

दुर्गेति भद्रकालीति विजया वैष्णवीति च।
कुमुदा चण्डिका कृष्णा माधवी कन्यकेति च॥

भगवान्को आज्ञाअनुसार योगमायाले देवकीको सातौं गर्भलाई रोहिणीको गर्भमा सारेकोले बलरामको एक नाम संकर्षण भन्ने रह्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी कन्या या कुमारीको मूलरूप खोज्दै जाँदा महामाया भगवतीमै पुगेर त्यसको टुङ्गो लाग्छ । याने महामायाकै कार्यकारी रूप हो कुमारी ।

देवीपूजाको अङ्गरूपमा वा अन्यत्र पनि कुमारीपूजन गर्दा पहिले संकल्प गर्ने विधान छ । संकल्प गर्दा देवीप्रीतिको साथ सर्वविध आपत् शान्ति, दीर्घायु, विपुल धनधान्य, पुत्रपौत्रादि, अनवच्छिन्न सन्तति वृद्धि, स्थिरलक्ष्मी, कीर्तिलाभ, शत्रुपराजय, अभीष्टसिद्धि र सर्वकर्मको पूर्णता उल्लेख गरिएको छ । एतावता कुमारी या कन्या पूजाले उक्त सबै अंशमा सहयोग पुऱ्याउने र प्रभाव राख्ने कुरा सिद्ध हुन्छ । त्यसै भएर होला देवीद्वारा 'कुमारीपूजनफलं मया वक्तुं न शक्यते' भनेर यसको विशिष्ट महिमा गाइएको ।

कन्यादान, कन्यापूजन र कन्याधन बारे आदिराज मनुले पनि आफ्नो मत व्यक्त गरेका छन् । तेस्रो अध्यायमा उल्लेख भएअनुसार कन्यादान गर्दा पिताले थोरै मात्र शुल्क पनि माग्न र लिन हुँदैन किनभने त्यसो गरेमा अपत्यविक्रयको दोष लाग्नेछ । यसै गरी अगाडिको श्लोकमा स्त्रीधनको अधिकारी पिता, पति वा भाइ आदि कोही पनि नहुने कुरा बताउँदै मोहले उनीहरूको धन कसैले उपभोग गरेमा त्यो पापी अधोगतिमा जाने कुरा बताइएको छ । त्यसैले बहुविध कल्याण चाहने बाबु आमा हुन् वा दाजुभाइ, पति हुन् वा देवर सबले विवाह नहुन्ज्याल र भैसकेपछि पनि कन्यालाई वस्त्र आभूषणले सजाई सन्तुष्ट राख्ने कोशिश गर्नुपर्छ–

पूज्या भूषयितव्याश्च बहुकल्याणमीप्सुभिः ।

यस्ता कतिपय उदाहरणबाट यो कुरा बुझ्न गाह्रो पर्दैन कि कन्या या कुमारी पूजन सम्बन्धमा प्रशस्तै शास्त्रीय सम्मति रहेछन् ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शारदी पूर्णिमा

शरत्कालिक शक्तिसमाराधनको पक्षअन्तर्गत शारदीपूर्णिमा अन्तिम दिन हो । यस दिनलाई कोजाग्रत पूर्णिमा भनिन्छ । यस पूर्णिमामा गर्ने कृत्य दुइ छन्, तिनमा एक हो रासेश्वर पूजन र अर्को हो कोजाग्रतव्रत बस्ने । यस दिन व्रत बस्नेले लक्ष्मी तथा इन्द्रको पूजा गरी राती जागरण गर्नुपर्छ । यो रासोत्सवको दिन भएकोले यस दिन कृष्ण या विष्णुमन्दिरमा विशेषपूजा तथा सजावट हुन्छ । आजको दिनलाई कौमुदीउत्सवको दिन पनि भनिन्छ, यस उत्सवबाट ऐश्वर्यवृद्धि हुने कुरा वर्णित छः–

आश्विने पौर्णमास्यां तु चरेज्जागरणं निशि ।
कौमुदी सा समाख्याता कार्या लोकैर्विभूतये ।।

हाम्रा जति पनि तिथि चाड वा धार्मिक महोत्सव छन् ती सब कालविज्ञानको ठोस आधारमा आधारित छन् । शरत्कालिक शक्तिपूजन पनि त्यसैअन्तर्गत पर्दछ । शक्ति के हो ? भन्ने प्रश्नको उत्तर दिंदा क्रिया, शान्ति, भ्रान्ति, वृत्ति आदि विभिन्नलाई उदाहरणरूपमा दिन सकिन्छ, अझ मूलरूपमा गएर भन्ने हो भने शक्ति हो भगवान्को कालरूप सामर्थ्य । त्यस कालको प्रभाव सामान्य व्यक्ति या वस्तुसम्म मात्र सीमित नभएर चन्द्र, सूर्य, वृक्ष वनस्पति, लता औषधि सर्वत्र पुगेको छ, त्यसैले सांख्याचार्य कपिलदेव आफ्नी आमा देवहूतिलाई कालको प्रभाव यसरी बताउनुहुन्छ–

यद्वनस्पतयो भीता लताश्चौषधिभिः सह ।
स्वेस्वे कालेभिगृह्णन्ति पुष्पाणि च फलानि च ।।

यो कालशक्ति स्वयं अनादि र अव्यय छ अनि सम्पूर्ण जन्यवस्तु-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाई अन्त या नाश गरिदिन्छ । यस किसिमको अत्यन्त बलशाली काल-शक्तिको भयले वायु बग्ने, सूर्य तप्ने, इन्द्रवर्षा गर्ने तारागण चम्कने, वृक्ष वनस्पति लताऔषधि आफ्नो आफ्नो समयमा पुष्पफल दिने, नदी-हरू प्रवाह लिई बग्ने, अग्नि बल्ने, समुद्रले मर्यादा ननाघ्ने, पृथिवी धारक रूपले अडिने आदि काम कुरा हुने गर्छन् । ब्रह्माले सृष्टि गर्ने विष्णुले पालन गर्ने अनि रुद्रले संहार गर्ने काम पनि कालकै प्रभावको वशीभूत भएर गर्ने हो ।

यो कालले व्यक्तिद्वारा व्यक्तिको सृष्टि गराई अन्त्यमा नाश गरि-दिन्छ । भागवतकै अर्को ठाउँमा भनिएको छ– "अन्तर्बहि: पूरुषकाल-रूपै: प्रयच्छतो मृत्युमुतामृतञ्च:" अर्थात् भगवान्का दुइ रूप प्रत्यक्ष छन् तिनमा एक हो अन्तर्वर्ती आत्मरूप र अर्को बाहिरी हो कालरूप । पहिलोले मानिसलाई अस्तित्वसाधक आत्मसत्ता प्रदान गरेको हुन्छ भने अर्कोले त्यसको अन्त्य या मृत्यु । व्यक्तिको पुरुषार्थ तबै सफल ठहरिन्छ जबकि ऊ आत्मसत्ताको सहारा मिलेको वेला आत्मज्ञानद्वारा अमुक्त बनोस् ।

नवरात्रको शक्त्युपासना कालरूप भगवत्सत्ताको बाहिरी रूप बुझी त्यसको अन्त: सत्तातिर उन्मुख हुनु या अघि बढ्नु हो । समय रूप शक्तिको अनुभूयमान स्वरूप हो ऋतुचक्र या संवत्सर । संवत्सरको सामान्य संख्या हुन्छ तिनसय साठी दिनको । ३६० लाई ९ ले भाग लिंदा लब्धि आउँछ ४० । त्यसैले सम्पूर्ण दिनको नवरात्र संख्या हुन्छ ४०।४०। नवरात्रको २० संख्या दिन र रात प्राय बराबर भएको उत्तरायणमा पर्छ र २० दक्षिणायनमा । त्यसो हुँदा चैत्रशुक्ल र आश्विनशुक्ल प्राचीनकाल देखि शक्तयुपासनको लागि उपयुक्त समय मानिई आएको छ । चालीस दिन संख्यालाई नौले गुणन गर्दा वर्ष भरको दिन संख्या आउने भएको-ले शक्तिसमाराधनको लागि नौ दिन निर्धारित भएका हुन् ।

यसै शुक्लपक्षको प्रतिपदादेखि हामी शक्त्युपासना आरम्भ गरी नवमीसम्म त्यसमा संलग्न रहेर दशमीमा त्यसको प्रसाद ग्रहण गर्दछौं । प्रतिवर्ष गरिने यस्तो शक्त्युपासनाबाट हामीले कालशक्तिको बाहिरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र भित्री रूपलाई राम्ररी हृदयंगम गरेर जीवनमार्गमा अग्रगामी बन्नुपरेको छ। आजको जागरणले त्यही जागरणतिर लक्ष्य गरेको पाइन्छ। यो जागरण जीवनप्रतिको जागरण हो, कर्तव्यमार्गतिरको उन्मुखता हो। हाम्रो उन्मुखता कालशक्तिको आन्तरिक र बाह्य दुवै अंशमा उन्मुख बन्नुपरेको छ, त्यसो हुँदा हाम्रा दुवै अंश सक्रिय रहनेछन् ऊर्ध्वमुखी बन्नेछन्। एकोन्मुखी वा एकपक्षीय जागरणले व्यक्ति वा राष्ट्र सर्वाङ्गीण बन्दैन, पूरा उन्नत ठहर्दैन।

शरत्कालिक पूर्णिमालाई वर्षभरको सबभन्दा राम्रो दिन मानिएको छ। यसै पूर्णिमाको रातमा रासेश्वर कृष्णले महारास रचाउनु भएको हो। सुधांशु चन्द्रबाट अमृत बर्षने र त्यसले वृक्षवनस्पतिलाई पुष्ट पार्ने प्राकृतिक नियम त छँदैछ, त्यस किसिमको पोषक चाँदनीको बहुलता शरद्ऋतुमा अधिक हुने र आजको पूर्णिमामा त्यो चरमबिन्दुमा पुग्ने कुरा ऋतुविज्ञहरूले उल्लेख गरेका छन्। त्यसो हुँदा आजको रात सफेद वस्त्र पहिरी चाँदनीमा रहेर गाईको दूध तथा त्यसवाट बनेको पायस सेवन गर्ने विधान छ। शरत्कालको चन्द्रकिरणलाई कामानन्द दिने, प्यास मिटाउने, पित्तशमन पार्ने र दाह हटाउने रूपमा आयुर्वेद शास्त्रमा वर्णन भएको छ–

ज्योत्स्ना शीता स्मरानन्दप्रदा तृट्पित्तदाहनुत्, आदि रूपमा।

चरकले पनि भनेका छन्–

शारदानि च माल्यानि बासांसि विमलानि च।
शरत्काले प्रशस्यन्ते प्रदोषे चेन्दुरश्मयः॥

अर्थात् शरत्कालिक फूलको माला, निर्मल परिधान, रातमा चन्द्रकिरणको सेवन यतिखेर प्रशंसनीय ठहर्छ। ऋतुअनुकूल व्यवहारबाट स्वास्थ्य संरक्षणमा पनि समुचित सहयोग मिल्ने गर्छ।

शरत्कालिक चन्द्रमाको यस्तै विशेषताले गर्दा यस रात रासेश्वर कृष्णले रास रचाएको हो। यद्यपि आज भोलि कृष्णका अरू लीलालाई पनि रास भन्ने चलन छ तर रास र अरू लीला बेग्लै हो। यसको प्रदर्शन-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को लागि व्रजमा परम्परागत रासमण्डली बनेको छ । यहाँ निर स्पष्ट गर्नुपर्ने अर्को यौटा कुरा के छ भने रास शब्दको अर्थ साधारणले उल्टो वा कामुकतापरक रूपमा पनि लिने गरेको पाइन्छ । तर भागवतका मर्मज्ञ-हरूले यसको त्यस्तो अर्थ बताएका छैनन् । वस्तुत: यो अत्युत्तम मनोरम नृत्य हो जो देशकाल र परिस्थिति समेतको संयोजन मिलाई गरिएको थियो । यसमा नर्तकीको संख्या वढी र नर्तकको संख्या कम हुन्छ । त्यसैले भागवतको सुबोधिनी टीकाकार आचार्य वल्लभ भन्छन्– 'बहु-नर्तकीयुक्तो नृत्यविशेषो रास: ।' महारास रचाउँदा योगमायालाई वस गरिएको थियो त्यसैले यो सामान्य रात नभएर छमहिने लामो रात भएको र त्यसो हुँदा पनि प्रज्ञावान् सिवाय अरूले थाहा नपाउने हुन गयो ।

भागवत दशमस्कन्ध पूर्वार्धको रासपञ्चाध्यायी पूरै ग्रन्थको हृदय स्थानींय मानिन्छ । यहाँ वंशीको विचित्रनाद सुनेर सारा चराचर जगत् मुग्ध भएको छ । जीवात्मा परमात्मा प्रति कसरी आकर्षित बन्छ भन्ने कुरा छर्लङ्गिएको छ । उपास्य उपासकको अत्युत्तम उदाहरण दर्शिएको छ । यस्तो उदाहरण दर्शाउन सबभन्दा उपयुक्त समय शरत्का-लिक पूर्णिमा बाहेक अरू कुनै हुंदैन ।

चातुर्मास्यको अन्तिम कार्तिकस्नान, आकाशदीपदान र तुलसी पूजन पनि यस दिन शुरूभई चान्द्रमानको हिसावले महिनाभर चल्छ । लक्ष्मीको वृक्षरूप तुलसी चतुर्मुखी रूपमा काम दिने उत्तम वनस्पति हो भने धार्मिक दृष्टिले यसको आराधना र पूजनले व्यक्तिलाई उत्तम गति प्राप्त हुन्छ । तुलसीपत्र विना गरिएको विष्णुपूजन अपूरो ठहर्छ ।

यसरी चाहे शक्तिसमाराधनको समापनको दृष्टिले भनौ चाहे जीवनलाई जाग्रत राख्न प्रेरित गर्ने रूपमा भनौ अनि चाहे शरत्कालिक सौन्दर्यतिर आकर्षित गर्ने रूपमा भनौ अथवा कृष्णलीलाको मनोरम चरित्र रासलीलाको संकना राख्ने रूपमा भनौ आजको पूर्णिमाले चतुर्मुखी महत्त्व राख्तछ । हाम्रो जीवन जागरणशील होस्, प्रबुद्ध तथा सक्षम रहोस् भन्ने कुरातिर 'वयं राष्ट्रे जागृयाम पुरोहिता:' जस्ता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक वाक्यले सधैं प्रेरित गर्दै आएका छन् । दुर्गासप्तशतीमा दानवी शक्तिलाई पराजित पार्न देवगणमा भएको एकताबद्ध रूपलाई 'अतुलं तत्र तत्तेजः सर्वदेवशरीरजम् । एकस्थं तदभूत्' भनेर दर्शाइएको छ। सप्तशतीको एकताबद्ध यो संगठित रूपलाई गोरखाको राजवंशले राम्रो संग बुझेको थियो । गोरखकालीमा पाठ गरिने गरेको यस पुस्तकले एकताबद्ध राष्ट्रशक्तिलाई आह्वान गरेकोले विशाल नेपालको निर्माण भएको हो । यो एकताबद्ध रूपलाई बुझेर आजको राष्ट्रनिर्माणमा संगठित राष्ट्रशक्ति तयार पार्नु पनि त्यत्तिकै आवश्यक छ । कोजागर पूर्णिमाको संकेत यस्तै संगठित राष्ट्रशक्तिमा रहेको छ ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यमपञ्चकका पाँच दिन

हिन्दूधर्म र इतरधर्मावलम्बी समाजको खास भिन्नता वा विशेषता के छ भने यस धर्ममा तीर्थ व्रत र चाडपर्वको संख्या बढी छ। त्यसो हुँदा पूरै वर्ष वा महिनाको कुरा छोडेर पन्ध्र दिनको पक्ष र सात दिनको कुनै हप्ता त्यस्तो पाउन गाह्रो छ जसमा कुनै न कुनै देवाराधन, तीर्थगमन, अशक्तसेवन वा पितृतर्पण जस्ता कुरासित सम्बन्ध राख्ने प्रसिद्ध पर्व नपरेका हुन्। तर त्यसो भए पनि प्रतिवर्ष पर्ने दुइपर्व चाहिं तिनमा पनि अत्यधिक प्रसिद्ध छन् ती हुन् नवरात्रमा पर्ने दुर्गापूजा र यमपञ्चकमा पर्ने तिहार। यिनमा पहिलो याने दशैं पूजा उपासना, मान्ने विधि र गरिने कार्यको दृष्टिले बढी प्रसिद्ध भए पनि यसमा यौटै अंश या पक्षको प्रमुखता रहन्छ शक्त्युपासना या शक्तिसमाराधनको।

तर दोस्रो श्रेणोमा पर्ने तिहारको भने अलग अलग पक्ष वा विषयसित सम्बन्ध भएकोले स्वरूपगत बहुलताको साथ निजीरूपमा विशेषता देखिनु पनि स्वाभाविकै हो। तिहारका पाँच दिनलाई यमराजसित सम्बन्ध मानेर यमपञ्चक भनिन्छ र यमपञ्चकका हरेक दिनको महत्त्व उल्लेख गर्ने क्रममा पुराणका कैयौं पृष्ठ रङ्गिएका छन्। यतिखेरलाई यमपञ्चक भन्नुमा पनि पौराणिक कथन नै मुख्य आधार छ। जसको सार संक्षेप यस प्रकार छ। हरेक प्राणीलाई कर्मअनुसारको फल तोक्न खटिएका यमराज दुइचार दिनको छुट्टी लिएर आफ्नी बहिनी यमुना कहाँ जान्छन्। त्यसरी आउने अग्रज (दाजु) लाई यमुना बडो स्वागत सत्कारका साथ भोज्य वस्तु अर्पण गर्दछिन्। यमराज पनि भगिनी यमुनाप्रति बडो स्नेह व्यक्त गर्दै रहन्छन्। त्यसैको आधारमा कार्तिक शुक्ल द्वितीयाको नाम यमद्वितीया रहन गयो र यतिखेरको पाँच दिन-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाई यमपञ्चक। यसरी हिन्दू समाजमा प्रचलित सबै चाडपर्वका धार्मिक वा पौराणिक आधारग्रन्थ प्रसिद्ध रहिआएको कुरा सर्वविदित छ।

अब यमपञ्चक वा तिहारका पाँचै दिनको कृत्य र महत्त्वबारे छोटो चर्चा गरौं। कार्तिककृष्ण त्रयोदशीबाट शुरू भई शुक्लद्वितीयामा समाप्त हुने यस पर्वको पहिलो दिनलाई काग तिहार भनिन्छ। वैदिक धर्म विश्वात्मवादी धर्म हो र हिन्दूसमाज उपकारप्रति नतमस्तक भई प्रत्युपकारमा पछि नपर्ने समाज हो। त्यसैले यस समाजमा गतिहीनवृक्ष वनस्पति हुन् वा क्षुद्रपन्छी काग एवं निम्न पशु कुकुर तिनीहरूप्रति पनि समानरूपले आदर भाव व्यक्त गर्ने परम्परा रहिआएको छ। काग मानव वस्तीको वरिपरि रहन रुचाउने पंछी जातिको जीव हो, जसले घरवरिपरिका फोहर मैला खाएर सफाइमा सघाउ पुऱ्याउँछ। कागद्वारा उच्चारण हुने वहुविध शब्दलाई शुभ र अशुभको सूचक या बोधक मान्नेहरू पनि हाम्रो समाजमा प्रशस्त छन्। अर्को कुरा कागलाई यमदूतको रूपमा उल्लेख गरिएको र मानिसको मृत्यु भएको वेला क्रिया गर्दा अनिवार्य रूपमा कागबलि दिनै पर्ने विधान छ।

रामायणमा कागभुसुण्डी नामका ऋषि प्रसिद्ध छन् जसले गरुडलाई रामकथाको महत्त्व बताउँदै आफूलाई कागरूपमै रहन मनपर्ने कुरा बताएका छन्। जानकी सीताले अशोकवाटिकामा हनुमान्ले आफूलाई भेटेको कुरामा प्रमाण दिंदा चित्रकूटमा रहेको वेला ऐन्द्र नाम गरेको कागले आफ्नो गोडामा ठुँगेको र पछि त्यसमाथि रामले तृणद्वारा प्रहार गरेको घटना उल्लेख गरेकी छन्। यी केही उदाहरणबाट कागसम्बन्धी विविध कुरा बुझ्न सकिन्छ। यमपञ्चकको पहिलो काग तिहारको दिन उसलाई बलिको रूपमा खाद्यान्न अर्पण गरी आदर व्यक्त गरिन्छ। त्यसको अतिरिक्त यो दिन आयुर्वेदका आचार्य भगवत् अवतार रूप धन्वन्तरि प्रादुर्भाव भएको दिन हुनाले धन्वन्तरि जयन्तीको रूपमा पनि प्रसिद्ध छ। धनतेरस नामले प्रसिद्ध यस दिन साँझमा मूलद्वारसामु यमदीपदान गर्नाले मृत्युदेव खुशी हुन्छन् र अपमृत्यु हुँदैन भनिएको छ। निर्णयसिन्धुमा उद्धृत स्कन्दपुराणको वचन हो–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्तिकस्यासिते पक्षे त्रयोदश्यां निशामुखे ।
यमदीपं बहिर्दद्या दपमृत्युर्विनश्यति ।।

यसपछि आउँछ यमपञ्चकको दोस्रो दिन । नरकचतुर्दशी एवं कुकुर तिहार नामले प्रसिद्ध यस दिन गरिने विभिन्न कृत्य प्रसिद्ध छन् । यस्ता कृत्यमा अभ्यङ्गस्नान र बत्ती बगाउने कामले पहिलो स्थान राख्तछ । अर्थात् यसदिन स्नान गर्दा तेलमर्दन गरेर सके नदी तलाउ र नमिले मात्र घरमा स्नान गर्ने अनि बत्ती बगाउने विधान छ । स्नान गर्दा तेलमर्दन गरी नुहाएमा चिसो भित्र नपस्ने र छालालाई पनि लाभ पुऱ्याउने कुरा त प्रत्यक्षै छ । त्यसमा पनि यमपञ्चकमा लक्ष्मी तेलमा र गङ्गा जलमा निवास गर्ने भएको हुँदा यस दिन तेलमर्दन गरी नुहाएर भोलिपल्ट गरिने लक्ष्मीपूजामा सरीक बन्नु प्रशंसनीय मानिन्छ । यस दिनको चतुर्दशीलाई नरकचतुर्दशी भनिन्छ । यो नाम रहनमा के कारण छ भन्ने कुरा विचारणीय छ । यस दिन तोकिएका कृत्य सम्पन्न गरी यमराजलाई खुशी पारेर नरकको भय हटाउन सकिने भएकोले यस्तो नाम रहेको हुनुपर्छ । पछि कृष्णअवतारको समयमा प्राग्ज्योतिषपुर (कामरूप) को राजा नरकासुरलाई श्रीकृष्णले वध गरेको कथा पनि यसमा जोडिन्छ । स्नान एवं दीपप्रवाह पछि निम्ननाम उच्चारण गर्दै यमराजलाई तर्पण दिने कुराको समेत निर्देशन निबन्ध ग्रन्थहरूमा गरिए-को छ । तर्पण दिने नाम हो–

यमाय धर्मराजाय मृत्यवे चान्तकाय च ।
वैवस्वताय कालाय सर्वभूतक्षयाय च ।।
औदुम्बराय दध्नाय नीलाय परमेष्ठिने ।
वृकोदराय चित्राय चित्रगुप्ताय वै नमः ।।

यसपछि आजको चतुर्दशीमा गरिने अर्को कृत्य छ, त्यो हो कुकुर पूजा । काग जस्तै कुकुरको सम्बन्ध पनि यमराजसित मानिन्छ । किनभने श्याव र शल नाम गरेका दुइ कुकुरको जन्म वैवस्वतकुलमै भएको थियो । भैरवको वाहनको रूपमा प्रसिद्ध कुकुरको घ्राणशक्ति अति नै तीव्र हुन्छ । त्यसो हुँदा अहिले अपराधी पत्तालगाउने काममा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि यसको सहयोग उपयोगी देखिएको छ। नीतिज्ञ चाणक्यले धेरै खान सक्ने भए पनि थोरैले सन्तुष्ट हुने, निदाएको वेला पनि तुरुन्त ब्यूँझने, सरक्क गर्दा पनि थाहा पाइहाल्ने स्वामिभक्त र शूरो यी छ कुकुरका गुण बताएका छन्।

सम्पन्न व्यक्तिले सोखको लागि कुकुर पाल्ने चलन धेरै अघिदेखि थियो भने एकलास वा एकान्तमा रहनेले यसबाट सुरक्षाको काम पनि त्यत्तिकै लिएको देखिन्छ। दुर्गम एवं हिमाली क्षेत्रमा कुकुरबाट परिवहनको काम समेत प्रशस्त मात्रामा गराइन्छ। पाण्डव स्वर्गारोहणको लागि निस्कँदा धर्मले कुकुरको रूप लिई पछि पछि लाग्दै गए र अन्त्य अवस्थामा युधिष्ठिरको उदारता एवं धर्मप्रियतावारे जाँच गरेका थिए। यसरी कुकुर सम्बन्धी अनेक गुण र स्वभावको उल्लेख प्राचीन ग्रन्थमा पाइन्छन् भने अहिले पनि यसबारेका आ–आफ्नै किसिमका उल्लेख भेटिन्छन्। उक्त रूपले प्रसिद्ध कुकुरका बहुविध गुण या स्वभाव मध्ये तिहारको पूजाचाहिं बढीमात्रामा यमदूत संझेरै गरेको देखिन्छ।

यसपछि आउँछ तिहारको तेस्रो दिन, जुन दिन धनसम्पत्तिकी प्रतिमूर्ति लक्ष्मीको पूजा उपासना गर्ने र अलक्ष्मीलाई हटाउने काम गरिन्छ। यहाँ ध्यान दिन र याद गर्न लायक कुरा के छ भने रातसित दिनको, विषसित अमृतको, दुर्जनसित सज्जनको उल्टो सम्बन्ध भए झैं लक्ष्मीसित पनि अलक्ष्मीको विपरीत सम्बन्ध छ। यथार्थमा गएर भन्दा सुकर्म गर्ने जागरणशील व्यक्तिकहाँ जो श्री या लक्ष्मीरूपले प्रवेश गर्ने हुन् उनै दुष्कर्म गर्ने दुराचारीकहाँ अलक्ष्मीरूपले प्रवेश गर्छिन्। यहि कुरा सप्तशतीमा उल्लेख भएको छ –

> या श्रीःस्वयं सुकृतिनां भवनेष्वलक्ष्मीः
> पापात्मनां कृतधियां हृदयेष्वबुद्धिः ।

यसो भन्दा शङ्का उठ्न सक्छ कि लोकमा त सुकर्म गर्ने भन्दा बढी दुष्कर्म गर्ने पो मालामाल देखिन्छन् नि ? हुनसक्छ तात्कालिक रूपमा यस्तो पनि देखिएला तर स्थिरलक्ष्मी र सुयशको लागि त सुकर्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र स्वकर्मद्वारा कमाइएको सम्पत्ति नै हुनुपर्दछ तब त्यो परिणामसम्म सुख दिने हुन्छ यसमा कुनै शङ्का वा द्विविधा छैन। दुष्कर्मको कमाई दुरुपयोगमै उड्दछ, परलोक पनि बिग्रन्छ।

यमपञ्चकको चारौं शुक्लप्रतिपदाको दिनलाई गाईतिहार भनिन्छ। यस दिन गाई, गोरू, गोवर्धन र बलिको पनि पूजा हुन्छ। यी प्रत्येक अंशसित सम्बन्ध राख्ने घटना या विवरणको उल्लेख पौराणिक साहित्यमा बडो विस्तारपूर्वक गरिएको छ। यहाँ त ती मध्येको केवल सूचना या नमूना मात्र प्रस्तुत गरिदैछ। गोवंशसित आर्याजातिको सम्बन्ध जति पुरानो छ त्यति नै घनिष्ट, अनि जति घनिष्ट छ त्यति नै आदर्श एवं स्नेहपूर्ण पनि। उनीहरूको देवाराधन एवं पितृतर्पणको साथ निजी स्वाथ्य पनि गोवंशकै माध्यमले संचालित एवं सुरक्षित थियो। अभ्युदय या हर्ष-मा कृतज्ञतारूप गोदान गर्ने उनीहरूको चलन थियो भने विपन्न बन्दा या आपत् पर्दा पनि गोदानै गरेर प्राण विसर्जन गर्ने उनीहरूको स्वभाव थियो। यसरी बहुमुखी रूपमा महत्त्व राख्ने गाई र उनका वंश बहर या गोरूको पूजा यस दिन गरिन्छ। गोपूजाको साथ गोवर्धनपूजा पनि आजकै दिन हुन्छ। रुष्ट बनेका इन्द्रले गोकुललाई नष्ट पार्न अति वृष्टि गर्दा श्रीकृष्णबाट संरक्षणको लागि गोवर्धनलाई सातदिन सम्म उठाएको पौराणिककथा प्रसिद्ध छ। यसै गरी बोलेको वचन सत्य कायम गर्न वामन भगवान्लाई सर्वस्व अर्पण गर्न पछि नपर्ने बलिको पूजा पनि यतिखेर हुन्छ। औंसीको दिन भैलो र भोलिपल्ट द्यौसी खेल्ने नेपालीको विशेष चलन छ। अन्तिम भ्रातृद्वितीयाको दिन भाइपुजा गरी पञ्चक पर्व समाप्त हुन्छ या पारिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मीपूजाको सामयिक परिचर्चा

कार्तिककृष्ण अमावास्याको दिन गरिने प्रमुख कृत्य हो लक्ष्मी पूजा र अनि त्यसको अङ्गरूपमा दीपावली। भविष्योत्तर पुराणमा यस दिनलाई दीपदिन भनिएको छ, जस्तो–

उपशमितमेघनादं प्रज्वलितदशाननं रमितरामम्।
रामायणमिव सुभगं दीपदिनं हरतु वोदुरितम्॥

दुइ अर्थ भएको यस श्लोकले उपमान र उपमेयको रूपमा रामायण र आजकोदीप दिनलाई तुलना गरेर देखाएको छ। शरद् ऋतुको उत्तर भागमा पर्ने यस पर्वसम्म जलवर्षण जस्तो मेघको प्रवाह हटिसकेको हुन्छ। त्यसैले 'उपशमितमेघनादम्, उपशमितो मेघानां नादो यत्र' यस पदले एकातिर शरत्कालिक शोभालाई लक्षित गरेको छ भने रामायणतर्फ रावणपुत्र मेघनादको प्रभावलाई ध्वस्त पारेको कुरा जनाएको छ 'उपशमितः मेघनादो यस्मिन्' यस रूपमा। त्यसपछि अर्को पद छ 'प्रज्वलितदशाननम्' यस पदले आजको दिन बहुसंख्यक रूपमा बालिएका वत्तीको प्रकाशले चारैदिशा प्रकाशित हुने कुरा 'प्रज्वलितानि दशानां दीपवर्तिनाम् आननानि अग्राणि यस्मिन्' यस्तो र 'प्रज्वलितः दशाननः रावणः यस्मिन्' यस्तो रूपमा दशमुख भएको रावणको नाशलाई दर्शाउँछ। अब बाँकी छ 'रमितरामम्' यो पद। यसले आजको दिन दीपमालाको पंक्ति देखेर रमाउने युवतिहरू र विपक्षीको विनाशले रमाउने रामलाई लक्ष्य गरेको छ। अतएव यस पदको व्युत्पत्ति 'रमिताः रामाः युवतयः यस्मिन्,' यस्तो र 'रमितः रामः येन' यस्तो गरिएको छ।

अन्त्यमा समस्तको अर्थ यही निस्कन्छ कि रावण, कुम्भकर्ण,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेघनाद जस्ता लोककण्टक आसुरीशक्ति माथि भएको विजयबाट राममा जुन किसिमको आह्लाद या आनन्द उदय भएको थियो त्यसरी नै शरत्का-लिक आजको महापर्वमा गरिने दीपावलीले पनि प्रमादवश हुन गएका दुष्कृतहरू नाश गरी सबैलाई आनन्द देओस् । राजमार्तण्डको सुखरात्रि, कामसूत्रको यक्षरात्रि र हेमाद्रिको सुखसुप्तिका पनि दीपावलीकै पर्याय-वाचक हुन् ।

दीपावलीपूर्वक आज पूजा गरिने लक्ष्मीको सम्बन्धमा केही प्रासंगिक कथानक प्रस्तुत गरौं जसबाट उनको स्वरूप वा स्वभाव बुझ्नमा केही सजिलो पर्नेछ । देवराज इन्द्रले बलिको जल्दो–बल्दो प्रभावबाट परास्त बनेपछि गुमेको आफ्नो पद र अधिकार फर्काउन चाहिंदो प्रयत्न गरे । जुन प्रयत्नको फलस्वरूप उनमा कतिपय सफलता-का लक्षणहरू देखापर्दै गइरहेका थिए ।

दैत्यराज बलिमा पहिले जुन किसिमको संयम र सदाचारप्रतिको तत्परता थियो स्वर्गको विजयपछि त्यसमा कतिपय त्रुटि र न्यूनता आउन थाउन थाले । उनमा आएको त्यो न्यूनता सहवर्तीमा अझ बढी देखिन थाल्यो, जसबाट दैत्यकुलको चारित्रिक न्यूनता प्रत्यक्ष देखियो । त्यसै वेला एकदिन रल्लिरहेका बलिसित इन्द्रको भेट भयो, अनि उनले के देखे भने बलिको शरीरबाट अत्यन्त उज्ज्वल एउटा मूर्ति अलग भयो । त्यस मूर्तिको सम्बन्धमा इन्द्रले बलिसँग प्रश्न गरेका थिए तर अभिमान चढेका बलिले त्यसको चासो लिएनन् ।

आखिर इन्द्र आफैंले यसरी प्रश्न गरे–

का त्वं बले रपक्रान्ता रोचमाना शिखण्डिनी ।
अजानतो ममाचक्ष्व नामधेयं शुचिस्मिते ॥

अर्थात् दैत्यराज बलिको शरीरबाट भरखर निस्केकी आफ्नो चहकिलो प्रकाशले चारैतिर उज्यालो पार्ने, सुन्दर मुकुट धारणा गरेकी देवि ! तिम्रो परिचय प्राप्तिको मलाई सारै कौतूहल बढ्यो, कृपया जानकारी दिएर यस उत्कण्ठालाई शमन गर ।

इन्द्रको अनुरोधपछि नवागत देवीले भनिन्– देवराज ? म लक्ष्मी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुँ। मेरा विभिन्न रूप र नाम छन् । राजलक्ष्मीको रूपमा म अहिले दैत्यकुलमा रहेकी थिएँ। विरोचनको समयसम्म राम्रैसँग उतै बित्यो। बलिको पालामा पनि पहिले नराम्रो थिएन, जुन दमनशील स्वभावलाई अपनाएर दैत्यकुलले देवतामाथि विजय हासिल गरेको थियो पछि गएर त्यसमा एकदमै शिथिलता आयो । मांस र मदिरा जस्ता वस्तुको मोहलाई उनीहरूले त्याग्न सकेनन् । अरू पनि धेरै चारित्रिक न्यूनता उनीहरूमा बढ्दै गयो । त्यसैले उदास बनी म यो दैत्यकुल छोड्दैछु ।

त्यो सुनी इन्द्रले हृदयमा आशा र शरीरमा उमङ्ग लिएर भने देवि, त्यसो भए के त म आफ्नो द्वारमा यहाँलाई स्वागत गर्न पाउँला ? यहाँको पुरानो आश्रय थलो त देवकुल नै न हो ? बीचमा जम्न गएका क्याउले हाम्रो सम्बन्धमा केही काल काई पर्न गयो त के भयो ? त्यो क्याउ पन्छाएपछि निर्मल जलमा चन्द्रको प्रतिबिम्ब नपर्ने कुरा केही छैन । के छ यहाँको मन्तव्य सुन्न पाउँला कि ?

मुसुक्क हाँसेर लक्ष्मीले भनिन् देवराज, यो प्रस्ताव मलाई मञ्जूर छ, हुन्छ म देवकुलमा बस्छु । बस्नुभन्दा पहिले यौटा के सुझाव गर्छु भने धेरैतिर घुम्दा म पनि थकित भैसकें । त्यसैले अब राम्रैसँग बन्दोवस्त मिलाएर बस्नुपरेको छ । मेरो चंचलता हत्तपत्त नहट्ने भएकोले एकरूपमा नरही यतिखेर म बहुरूपमा रहन रुचाउँछु । त्यसैले मलाई चार भागमा विभाजित गरेर राख–

स्थास्यामि नित्यं देवेन्द्र यथा त्वयि निबोध तत् ।
विधिना वेददृष्टेन चतुर्धा विभजस्वमाम् ॥

इन्द्रले गुने सुझाव सही हो । दुइ गोडाले टेक्ने भन्दा चार गोडाले टेक्नेमा बढी स्थिरता हुन्छ नै । त्यसैले म लक्ष्मीलाई चारै भागमा विभाजित गरेर स्थिर गराउने कोशिश गर्दछु । ती विभाजित पहिलो रूपलाई राख्न लक्ष्मीले आफ्नो पाउ बढाइन्, त्यसको निमित्त उपयुक्त ठाउँको संकेत गर्दै इन्द्रले भने– देवि, सारा प्राणीहरूको गाँस दिलाउने रूपमा यी भूमिले अज्ञातकालदेखि प्रसिद्धि पाइआएकी छिन् । एक दानाको बदला सयौं दाना तुल्याएर दिने, आफ्नो शरीर छिया-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रिया पारेर पनि अरूको भलो गर्ने यिनै धरामा यो पाउ स्थिर रहेर उन्नतीमा सहयोगी बनोस्–

भूमिरेव मनुष्येषु धारिणीभूतभाविनी ।
सा ते पादं तितिक्षेत समर्था हीति मे मतिः ।।

लक्ष्मीले तदनुसारको एक पाउ कायम गराएर अर्कोका निमित्त माग गरिन् । अब इन्द्र भन्छन्– देवि कमले, जीवसमुदायमा भूमिपछि सहयोग पुऱ्याउने अर्को तत्त्व हो जल । रसात्मक जलको तर्पण नपाएको भए यो सृष्टि शुष्क बनेर खरानी हुने थियो । त्यसैले हजुरको अर्को पाउ यही जलमा अवस्थित भएर अन्न, वृक्षवनस्पति आदिको अभिवृद्धिमा सहयोगी बनोस् –

आप एव मनुष्येषु द्रवन्त्य परिचारिणीः ।
तास्ते पादं तितिक्षन्तामलपामस्तितिक्षितुम् ।।

यसरी दोस्रो पाउको स्थिरता भएपछि लक्ष्मीले भनिन्–

तृतीयं शक्र पादं मे तस्मात् सुनिहितं कुरु ।

देवराज, अब तेस्रो पाउको लागि पनि ठाउँ निर्देशन गर जहाँ रहेर म तिमीहरूको सहयोगिनी बन्न सकूँ ।

अब इन्द्र भन्छन् पद्मे, रूप र गुणअनुसार हजुरका अनेक नाम भएको कुरा सर्वविदितै छ । तिनमा अग्निको सहयोगिनी रूपमा स्वाहा नाम प्रसिद्ध भएकोले अग्निलाई नै अगि सार्दछु । ऋग्वेदको पहिलो मन्त्र देखि नै स्तुतिगरिँदै आएका अग्नि यज्ञद्वारा देव समुदायलाई हवि पुऱ्याउने, प्राणीहरूमा जठराग्नि रूपले पाचन क्रियामा सहयोग दिलाउने आदि विभिन्न रूपमा कायम रहेकोले म त्यहीं रहन यहाँलाई अनुरोध गर्छु–

यस्मिन् वेदाश्च यज्ञाश्च यस्मिन् देवाः प्रतिष्ठिताः ।
तृतीयंपाद मग्निस्ते सुवृतं धारयिष्यति ।।

अब बाँकी चौथो पाउलाई कहाँ राख्ने यस सम्बन्धमा इन्द्रले निकै सोचे । धेरै बेरको सोचविचारपछि अब उनी भन्छन्– देवि रमे, यस त्रिगुणात्मक संसारमा सर्वसाधनसम्पन्न भएर आनन्दपूर्वक जीवन बिताउने बडो कम पाइन्छन् । नत्र सबैलाई केही न केही वस्तुको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभावले सताइरहेकै हुन्छ । यसरी अप्राप्त वस्तुको प्राप्तिमा लालसा र प्राप्तवस्तु सित हुन गएको विछोड र विरहले गर्दा दुःखी र खिन्न बनेकालाई पनि धैर्य र शान्ति प्रदान गरी जीवनयात्रामा अग्रसर बन्न सहयोग पुऱ्याउँछन् सन्त, सज्जन र सत्यवादीहरूले । यसरी उराठ मानसपटलमा शीतल र सरस सुभाषित वर्षा गरी जीवन तन्तुलाई जोड्न सहयोग पुऱ्याउँदै आएका तिनै सन्तमा यो चौथो पाउ कायम रहोस्–

ये वै सन्तो मनुष्येषु ब्रह्मण्याः सत्यवादिनः ।
ते ते पादं तितिक्षन्तामलं सन्तस्तितिक्षितुम् ।।

उक्त रूपको इन्द्रको निर्देशनलाई सकार्दै अन्त्यमा लक्ष्मीले भनिन्–

एष मे निहितः पादो योऽयं सत्सु प्रतिष्ठितः ।
एवं हि निहितां शक्र भूतेषु परिधत्स्व माम् ।।

देवराज, तिम्रो माग बमोजिम अन्तिम पाउ मैले सज्जनसमुदायमा नै प्रतिष्ठित तुल्याएँ, यसबाट सत्यवादी सन्तहरूको सेवा गर्नेले पनि मेरो कृपा पाउन सक्ने कुरामा कुनै शङ्का छैन ।

दानवकुलको परित्याग र देवकुलको आश्रयसम्बन्धी यस घटनाको उल्लेखपछि महाभागवत भीष्म म. भा. शान्ति पर्वमा भन्छन् धर्मराज, चिरकालसम्म लक्ष्मीको कृपापात्र बनिरहन चाहनेले स्वधर्मनिष्ठा र क्रियात्मक रूपमा त्यसको परिपालनमा कहिल्यै प्रमाद गर्नु हुँदैन । चारित्रिक मलिनताले सम्पत्ति र स्वास्थ्य दुवैबाट मानिसलाई अलग तुल्याइदिन्छ । त्यसैले यसमा बडो ख्याल राख्नुपर्छ । अर्को कुरा "उद्योगिनं पुरुषसिंहमुपैति लक्ष्मीः" यस नीतिको कथनअनुसार लक्ष्मीको कृपापात्र त्यसै होइँदैन यसको लागि सक्रियता र उद्योगको आवश्यकता पर्दछ । त्यसैले जो सक्रिय छन् उद्योगी छन् अनि छन् चरित्रशील तिनैलाई लक्ष्मी वरण गर्छिन् र चिरकालसम्म रहन्छिन् पनि ।

प्राणीहरूको लागि आवश्यक पर्ने सर्वविधवस्तु उब्जाउने पृथ्वी, पोषकरस प्रदान गर्ने जल, उष्णता प्रदान गर्ने अग्निको जति बढी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सदुपयोग गर्न सक्यो व्यक्ति त्यत्ति नै बढी लक्ष्मीको कृपाभाजन बन्न-सक्छ। केवल भौतिकरूपको उपलब्धिमा मात्र सीमित नरही अन्तर्मन-को परिशोधनपूर्वक तत्त्वज्ञानको लागि सन्तको आश्रय गर्ने कुरामा पनि पछि पर्नुहुँदैन । भौतिकदृष्टिले मात्र लक्ष्मीको उपासक बन्नेको परिणाम सुखदायी बन्दैन। त्यसैले उनको भौतिक स्वरूपमा मात्र नअलमलिई दैवी र आध्यात्मिक रूपलाई पनि चिन्नुपर्छ अनि मात्र यथार्थ रूपले उनको कृपाभाजन बन्न सकिन्छ। लक्ष्मीको भौतिकरूप धनसम्पत्तिको सम्बन्धमा याद राख्नुपर्ने कुरा के छ भने यसको उप-भोग होइन उपयोग गर्नुपर्छ, गर्न जान्नुपर्छ। केवल भोगको परिणाम रोग हुन्छ भने सदुपयोगको परिणाम यश ।

यमपञ्चकको मध्यवर्ती औंसीको रात घरघर बत्ती बाली लक्ष्मी-को पूजा आराधना गर्ने चलन सम्पूर्ण हिन्दूसमुदायमा हुन्छ र यसलाई सुखरात्री नामले पनि पुकारिन्छ। खेतका गहरामा लहलहाउँदो धान बाली र पाखापखेरासम्म व्याप्त हरियालीले लक्ष्मीको स्वरूपलाई भौतिक रूपमा दर्शाइरहेकै हुन्छन् । स्वच्छतापूर्वकको आकर्षण उनको दैवीस्वरूप हो भने विष्णुशक्तिको रूपमा रहने आध्यात्मिक स्वरूप । लक्ष्मीपूजा गर्दा उनका तीनै स्वरूपको याद हुनु आवश्यक छ ।

अर्को याद गर्नुपर्ने कुरा के छ भने लक्ष्मीको सधैं कृपापात्र बन्ने र चिरकालिक रूपमा उनलाई राख्ने हो भने उनका पति नारायणलाई रिझाउनु अति आवश्यक छ। नारायण रिझिएमा लक्ष्मीलाई स्वयं उस-कहाँ आउन कर लाग्छ । जसरी बलिकहाँ द्वारपाल भएर रहेपछि लक्ष्मी स्वयं उहाँलाई माग्न गएकी थिइन् ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भ्रातृद्वितीया

यमपञ्चकको अन्तिम दिन भातृद्वितीया नामले प्रसिद्ध छ । यस दिन यम, यमुना र अष्टचिरञ्जीवीको पूजापछि भातृपूजा गरिन्छ । कालगत स्वभावअनुसार कार्तिक मासको अन्तिम समयलाई यमदंष्ट्रा भनिन्छ। यतिखेर ऋतुपरिवर्तनको समय भएकोले ज्वर, मलेरिया जस्ता रोगले आक्रमण गर्नु सहज ठहरिन्छ । त्यसैले यमुना जस्ता हिमनदीको स्नान र यमपूजन यतिखेरको हितकारी कृत्य हो । यम वा यमराजको कृतान्त, यमुनाभ्राता, काल, वैवस्वत, अन्तक आदि धेरै नाम छन् । यिनी भुवनभास्कर सूर्यका पुत्र हुन् र देवशिल्पी विश्वकर्माकी पुत्री संज्ञाबाट यिनको जन्म भएको हो ।

यमको शरीर श्यामवर्णको, हातमा भयलाग्ने दण्ड र पाश लिएको अनि भैंसीमाथी सवार भएको छ । सृष्टिकर्ता ब्रह्माजीको आज्ञाअनुसार यिनले प्राणीहरूलाई विवेकपूर्वक कर्मअनुसार फल दिने जस्तो कठोर काम सँभाल्नुपरेको छ । वस्तुतः भन्ने हो भने परमात्माको जुन संहारकारिणी शक्ति छ त्यसको परिचालन यिनले गरेका छन् । लौकिक राज्यमा प्रहरीप्रमुख दण्डविभागको अधिकारी भए झैं दैवीराज्यको दण्डाधिकारी हुन् यमराज । भगवत् अंशरूप यिनी कल्पान्तसम्म संयमनीपुरीमा रहेर जीवसमुदायलाई कर्मअनुसारको फल दिंदै रहन्छन् । दुष्कर्म या पापकर्म गर्नेको लागि भीतिकर तथा दण्डधारी यमराज सुकर्म गर्ने पुण्यात्माको लागि सौम्यमूर्ति धर्मराजको रूपमा प्रकट हुन्छन्, त्यसैले दुष्कर्मको फल दुःखदायी हुने र सुकर्मको फल सुखदायी हुने कुरालाई विवेकपूर्वक विचार गरेर सुकर्ममा तत्पर रहनु मानिसको कर्तव्य हो । यमराजले प्राणीहरूलाई कर्मअनुसारको फल भोगाउनु उनको निजी इच्छा नभएर नीतिको परिपालन गरेको मात्र हो । किनभने उनी स्वयं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान्‌को परमभक्त, आज्ञापालक र परमभागवतमध्येका एक मानिन्छन् । त्यसो हुँदा दुष्कर्म गर्ने पापीलाई कर्मअनुसारको दण्ड भोग्न लगाएर उनले अहित होइन उपकारै गरेको मानिन्छ । किनकि शास्त्रको कथन छ– नाभुक्तं क्षीयते कर्म कल्पकोटिशतैरपि, अर्थात् शयौं कल्प बिते पनि व्यक्तिले गरेको कर्मको भोग नभोगी सुख छैन । यो वस्तुगत स्वभाव हो, ईश्वरीय नीति हो । जसरी शयौं गाईको बथानमा छोडिदिए पनि बाच्छाले आफ्नो माऊ ठम्याएर दूध पिउँछ त्यसरी नै गरेका सुकर्म वा दुष्कर्मले व्यक्तिलाई पच्छ्याउँछ । यो कटुसत्यलाई स्वीकार नगरेमा एकछिन पनि दैवी होस् या लौकिक सुव्यवस्था कायम रहन सक्तैन । त्यसैले कर्ममार्गका व्यवस्थापक यमराज पद्मपुराण पाताल खण्डमा मानवको कर्तव्यनिर्देशन गर्दै भन्छन्–

इदमेव हि माङ्गल्यमिदमेव धनार्जनम् ।
जीवितस्य फलं चैतद् यद् दामोदरकीर्तनम् ।।

अर्थात् जीवनमा मङ्गलकारक कुरा भन्नु, नाश नहुने धन कमाएको भन्नु, जीवन सफलरूपमा बितेको भन्नु यी तीनै कुराको यौटै लक्षण या चिह्न छ त्यो हो भगवान् दामोदरको कीर्तन गर्नु । आफ्ना दूतलाई सजग पार्दै यमराज भन्छन् जसको जिब्रो हरिकीर्तन गर्दैन, जसको चित्त हरिचरणको स्मरण राख्तैन अनि जसको शिर नारायणको सामू झुक्तैन त्यस्ता व्यक्तिकहाँ तिमीहरूको प्रवेश खुला छ ।

यसरी दण्डधर यमराज अग्रिम रूपमा सत्कर्मका प्रेरक छन् जसको नाम प्रसिद्ध स्मृतिकारमध्ये पनि गणना गरिएको छ । उनको स्मृतिको नाम यमस्मृति हो । सूर्यपुत्री यमुना यमराजकी सहोदरा बहिनी हुन् । भौतिक र आध्यात्मिक गरी यमुनाका दुइ रूप छन्, जलमयरूप यिनको भौतिक स्वरूप हो । हिमनदीहरूमा पवित्रताको दृष्टिले भागीरथीगङ्गा पछि यमुनाको माहात्म्य वर्णित छ । यमुनाको उद्भवस्थान हो यमुनोत्री जहाँ एकातिरबाट शीतल हिमस्रोत बगेको छ भने अर्कोतिर तप्तकुण्डबाट तातो पानीको स्रोत बगेको छ । हिमालयबाट करेश नीलो जलधाराले आर्यावर्तको भूभागलाई पवित्र पार्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीर्थराज प्रयागमा भागीरथी गङ्गासित यमुनाको मिलन हुन्छ । शरद् ऋतुको स्वच्छ किरणले धोइएकी यमुनामा कार्तिक महीनाको स्नानले बाहिरी र भित्री दुवैतिर स्वच्छता दिलाउने कुरामा कुनै शङ्का रहन्न । यथार्थमा भन्ने हो भने यमुनाको माहात्म्य अतुलनीय छ । किनभने परब्रह्म परमात्माको पूर्णावतार कृष्णका अधिकांश बाललीला यमुना किनारमा भएका थिए । यमुनालाई अलग राखेर कृष्णको बाललीला वर्णन गर्न खोज्दा त्यो अपूरो हुन्छ र अधूरो बन्छ । रासेश्वर कृष्णलाई देखेर यमुना भौतिक रूपबाट पुलकित बन्दै आध्यात्मिक रूपमा परिणत हुन्छिन् । उनका चपल तरङ्गरूपी हात लीलामयको चरणरज स्पर्श गर्न तरङ्गित बन्दै अघि सर्छन् । प्रेमविह्वल बनी उनको अग्रगामी गति रोकिन्छ । भागवतको भाषामा त्यसको वर्णन यस्तो छ–

तर्हि भग्नगतयः सरितो वै तत्पदाम्बुजरजोऽनिलनीतम् ।
स्पृहयतिर्वयमिवा बहुपुण्या प्रेमवेपितभुजास्तिमितापः ।।

मानवीय रूपमा कालिन्दी नामले प्रसिद्ध यमुना भगवान्का आठ पटरानीमध्येकी एक हुन् । आजको भ्रातृद्वितीया यिनै यमुना र उनका दाजु यमराजको स्नेह अभिव्यक्ति एवं आत्मीयतासित सम्बद्ध छ । व्रतार्कमा स्कन्दपुराणको वचन उल्लेख गर्दै भनिएअनुसार कार्तिकशुक्लद्वितीयाको दिन अपराह्नसमयमा यमुनास्नान गरी यमराजको पूजा गर्नेले यमलोक देख्नु पर्दैन । यस दिन पूजा र तर्पणद्वारा आदर गरिएका यमराज प्रसन्न बनेर उपासकलाई इच्छा लागेको फल दिन्छन् । यसै गरी धर्मपुस्तक हेमाद्रिमा भविष्यपुराणको वचन उद्धृत गर्दै कृष्णद्वारा युधिष्ठिरलाई बताएको कथानक यस्तो छ ।

श्रावण, भाद्र, आश्विन, कार्तिकशुक्लका चार द्वितीया मांगलिक मानिन्छन् । यिनमा पनि पछिल्लो अर्थात् यमद्वितीया बढी मांगलिक छ । किनभने यस दिन यमुनाजीले आफ्ना दाजु यमराजलाई आदरसाथ निमन्त्रणा पठाएको र भगिनीको स्नेहले आकर्षित बनी नियमित कामबाट केही दिन फुर्सत लिएर यमराज उनीकहाँ आउँछन् । आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निमन्त्रणा स्वीकारेर आउने दाजु यमराजलाई यमुना दिलोज्यानले स्वागत सत्कार गरी सन्तुष्ट पार्छिन्। बहिनी यमुनाप्रति यमराज आन्तरिक रूपमा स्नेह व्यक्त गर्छन्। यसै वेलादेखि यस द्वितीयाको नाम यमद्वितीया रह्यो।

जुनसुकै मानवसमुदायमा भावात्मक रूपले एकताबद्ध पारी जुटाउने सांस्कृतिक रूपका प्रचलन, सामाजिक रूपले मान्यताप्राप्त विधि-विधान पनि हुन्छन्। यस्तै विधि–विधानले त्यस समुदायको सभ्यता र संस्कृति दर्शिन्छ, विचारात्मक गहिराइ नापिन्छ। काल वेला ऋतुविशेषमा पर्ने हाम्रा चाडपर्वले यस्तै वस्तुतथ्यलाई उज्जीवित राख्न सहयोग पुऱ्याइआएका छन्। यहाँनिर संझन लायक कुरा के छ भने सांस्कृतिक रूपमा प्रचलित चाडपर्व होस् वा मनोरञ्जक रूपमा प्रयोग गरिने साधन, ती सबमा धार्मिकभाव पनि मिश्रित या सम्मिलित रहनु हाम्रो विशेषता हो। यमपञ्चकका पाँचै दिन गरिने वेलावेग्लै कृत्य अन्तर्गत यस दिनको भातृपूजाले पनि त्यही कुरा प्रत्यक्ष गराउँछ।

सबैसित मिल्नु, सबैमा प्रेमगर्नु हाम्रो शिष्टस्वभावको व्यावहारिक रूप हो भने आफन्तैसित मिल्नु त अझ बढी स्वाभाविक। तर त्यसो भए पनि सामाजिकस्थिति र व्यक्तिगत वाध्यता यस्तो पनि छ जसले गर्दा सधैं यस किसिमको मिलन सम्भव हुँदैन। व्यक्ति एकै परिवारमा जन्मेर पनि व्यक्तिगत आवश्यकता, इच्छापूर्ति र सामाजिक मान्यताप्राप्त बन्धनले गर्दा अर्कै ठाउँमा पुग्ने वा अर्कै परिवारको सदस्य पनि हुन पुग्छ। त्यसो हुँदा एकै आँतका दाजु–भाइ र दिदी-बहिनीको समेत लामो समयसम्म बिछोड हुनु या भेट नहुनु अस्वाभाविक कुरा ठहर्दैन। सधैं सँगै रहँदा दुइटा भाँडा पनि जुधेर क्रन्न आवाज आउँछ भने धेरै समय अलग रहँदा गहिरो स्नेह पनि जीर्ण भएर थोत्रिन्छ। त्यसैले वेला मौका आवश्यकताअनुसार बत्तीमा तेल थपे झैं परस्परको भेटघाट मेल-मिलाप भइरहनु जरूरत छ। संयमनीपुरीमा कार्यरत यम र आफ्नो घर सम्हालेर रहेकी यमुनाको यस पर्वमा भएको अतीतकालिक सम्बन्धले यही कुरा दर्शाउँछ। जसको अनुकरणमा यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रचलन चलेको छ। किनकि शिष्टव्यवहार साधारणको पनि अनुकरणीय र अनुसरणीय हुन्छ।

अतीतकालिक ऐतिहासिक विधिव्यवहार प्रेरणाको लागि हुन्छ, गौरवको लागि बन्छ तर व्यक्तिलाई सोझै स्पर्श गर्ने चाहिं वर्तमान नै हो। विभिन्न आर्थिकस्थिति र सामाजिक अवस्थामा रहेका दाजु–भाइ र दिदी–बहिनीलाई वर्षको एकै दिन मात्र भए पनि भेट गराएर बाल्यकालको स्नेहसम्बन्धलाई ताजा तुल्याउनु र वर्तमान अवस्थासित परिचित गराउने काममा यस दिनले अहिले पनि प्रसंशनीय स्थान राखेको छ भन्नु अत्युक्ति पर्दैन। 'दयाया भगिनी मूर्तिः' भनेर दिदी–बहिनीलाई स्नेह र दयाको मूर्ति रूपमा वर्णन गरिएको छ। सिद्धान्त रूपले गरिएको यस वर्णनलाई व्यावहारिक रूपमा प्रदर्शन गर्दछ आजको दिनले। त्यसैले यस दिन दिदी–बहिनीबाट टीका र भोजन प्राप्त गर्नुलाई अति नै महत्त्वको मानिन्छ। जसको प्रतिफल दाजु–भाइलाई अपमृत्युबाट जोगाई दीर्घायुष्य तथा अन्य विविध कल्याणप्रद कुरा प्राप्त हुने र दिदी–बहिनीलाई असमयमा वैधव्यावस्था सहन नपरी सौभाग्य प्राप्त हुने कुरा वर्णित छ।

यसरी चाहे व्यावहारिक दृष्टिले भनौ चाहे पारमार्थिक दृष्टिले यमपञ्चकको अन्तिम यम वा भ्रातृ द्वितीयाको महत्त्व बहुमुखी देखिन्छ। अन्त्यमा भन्नु र सम्झनुपर्ने कुरा के छ भने हाम्रा परम्परागत विधिव्यवहारको स्नेहमिश्रित विशुद्ध रूपलाई आज–भोलि बढी भड्किलो र खर्चिलो पार्नेहरू पनि कतिपय देखिएका छन्। जसलाई प्रश्रय होइन हतोत्साहित पार्नु आवश्यक छ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरिबोधिनी एकादशी

व्रतानुष्ठानको आवश्यकता र एकादशीव्रत सम्बन्धमा पनि हरिशयनीको प्रसङ्गमा कतिपय कुरा उल्लेख भइसकेका छन् । अहिले त्यस सम्बन्धी केही बाँकी अंश र हरिबोधिनीको कृत्य सम्बन्धमा सामान्य चर्चा गरिन्छ । एकादशी व्रत सम्बन्धी कृत्यता र महत्त्व सम्बन्धमा धर्मशास्त्रीहरूले प्रशस्त विचार पोखेका छन्, त्यसो हुँदा यहाँको सामान्य चर्चा त केवल औपचारिकता पूर्तिमात्र हो भन्नु स्वाभाविक पर्छ ।

वर्ष भरमा पर्ने एकादशीको संख्या जम्मा चौबीस छन् र अधिकमास परेको वेला छब्बीस पनि । व्यवहारमा सामान्य रूपले व्रत मात्र बस्ने र विधिपूर्वकको पूजा समेत गरेर व्रत गर्ने या बस्ने दुवै देखिन र सुन्न पाइन सक्छन्, तर संख्याको दृष्टिले दोस्रो भन्दा पहिलो नै बढी पाइन्छन् । त्यसरी अघिपछि केवल व्रत मात्र गर्नेले पनि बोधिनीका दिन भने पूजासहितको व्रत गरेको देखिन्छ र गर्नु पनि पर्छ, किन कि यो हरिजागरणको वेला हो । पूजा गर्नेले हरेक एकादशीका अलग नाम, देवता, शक्ति, चढाइने फूल, अर्पण गरिने फल र दान गरिने वस्तु पनि उल्लेख भएअनुसार बेग्लाबेग्लै प्रयोग गर्नुपर्छ । जस्तो उदाहरणको लागि आजको एकादशीको नाम हरिबोधिनी छ भने देवताको नाम दामोदर, शक्तिको नाम राधा, चढाइने फूल शयपत्री, अर्पण गरिने नैवेद्य बयर र अर्घ्य दिने फलको नाम छ दारिका याने कीप । यसै गरी अरूका पनि नाम र वस्तु अलग छन्, जसको सबै उल्लेख यहाँ आवश्यक छैन ।

हरिबोधिनी चातुर्मास्यअन्तर्गतको अन्तिम एकादशी हो । यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन व्रतको साथ भगवान्‌को विशेष पूजा पनि हुन्छ। जसको संक्षिप्त स्वरूप यस प्रकार छ– बिहान शौचपछि स्नानगर्दा आज गरिने व्रत, भगवत्पूजन एवं जागरण सम्बन्धी कुरा पनि पारेर संकल्प गरिन्छ। स्नानपछि पालन गर्ने नियम सम्बन्धमा भगवान्‌सित यसरी प्रार्थना गरिन्छ –

एकादश्यां निराहारः सर्वभोगविवर्जितः।
कुर्वेऽहं पुण्डरीकाक्ष शरणं मे भवाच्युत ॥

अर्थात् हे कमलनयन ? आजको एकादशीमा आचमन बाहेक सम्पूर्ण भोग्यवस्तु छोडेर निराहार रही पूजा गर्दछु, हजुर मेरो शरण्य (शरणलिने) होइदिनोस्। यसरी प्रातःकालिक प्रतिज्ञापछि नित्य क्रिया सकेर पूजालायक मण्डप तयार गर्नुपर्छ। उखु, केराका खम्वा, बाँस, निगाला जस्ता कुराले मण्डप तयार पारी तात्कालिक जात-जातका फूलले सिगार्दै सुन्दर एवं आकर्षक तुल्याउनुपर्छ। मण्डपको तयारीपछि पूजाको लागि आवश्यक चन्दन, अक्षता, जौतिल, फूल, धूपवत्ती, कपूर, नैवेद्य, फल पञ्चामृत र भेटी जस्ता कुरा तयार पारी मध्याह्नमा पनि स्नानै गरेर पूजा आरम्भ गर्ने विधान छ।

निर्दिष्ट ठाउँको पवित्र आसनमा बसेपछि आचमन, प्राणायाम पवित्र धारण, गोदान, कर्मपात्र निर्माण, जस्ता कुरा गरेपछि प्रतिज्ञा संकल्प पढिन्छ। संकल्पमा देश कालको उच्चारणपछि अमुक गोत्र प्रवर वाला म शरीर वचन र मनद्वारा भएका सम्पूर्ण पापको नाशपूर्वक पाञ्चभौतिक शरीर शुद्धिको साथ यस लोकमा श्री, ऐश्वर्यवृद्धि, निरापदजीवन, दीर्घायुष्य र अन्त्यमा विष्णुलोक प्राप्ति कामनाले आजको एकादशीमा यथामिलित उपचारद्वारा विष्णुपूजन र त्यसको अङ्ग रूपमा दीप, कलश, गणेशपूजन गर्दछु भन्ने वाक्य पारिन्छ। पूजाको शुरुमा भूमिमै त्रिकोण लेखेर आफ्नो आग्नेयकोणको क्रमले ॐ कूर्माय नमः। ॐ पृथिव्यै नमः। ॐ अनन्ताय नमः। मध्ये आधारशक्तये नमः भनेर पूजा गरी शङ्ख र अर्घ्य स्थापन गरी पूजा गरिन्छ। तीर्थ प्रार्थना–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्माण्डोदर तीर्थानि करैः स्पृष्टानि ते रवे ।
तेन सत्तेन देवेश तीर्थं देहि दिवाकर ।।

भनी सूर्यमण्डलबाट तीर्थको आनयन गरी– "गङ्गे च यमुने चैव" आदि मन्त्र पढ्दै अष्टाङ्ग अर्घ्य तयार गरिन्छ । तयार अर्घ्यबाट जल निकाली–

पृथ्वी त्वया धृता लोका देवित्वं विष्णुना धृता ।
त्वं च धारय मां नित्यं पवित्रं कुरु चासनम् ।।

भनेर छर्किदै आसन शुद्ध पारिन्छ । रायो सस्यूं तिल आदि छरेर भूतोत्सादन गर्ने मन्त्र–

अपक्रामन्तु भूतानि पिशाचाः प्रेतगुह्यकाः ।
ये चात्र निवसन्त्यन्ये देवता भुवि संस्थिताः ।।

यसपछि दीप, कलश गणेशको स्थापन, आवाहन र विधिपूर्वक पूजन गरी धूपबत्ती पनि गरिन्छ ।

अब आउँछ नारायणको मूलपूजा । यसको लागि स्थापना भएको ईशानकलश वा मध्यभागमा अर्कै कलश स्थापन गरी त्यस माथि अष्टदल लेखिएको तामाको थाली राख्ने, थालीमा शालिग्राम वा सुवर्ण प्रतिमा राखी पूजा सम्पन्न गरिन्छ । शालिग्राम भए प्रतिष्ठाको जरूरत पर्दैन । सुवर्ण प्रतिमा भए अग्निशोधन, पञ्चगव्य स्नान गराई राखेर प्राणप्रतिष्ठा गर्नुपर्छ । प्राणप्रष्ठिा द्वारा देवत्वभाव प्राप्त भए-पछि भगवान्लाई मनले ध्यान गर्दै पुष्पाञ्जलि लिएर निवेदन गर्ने मन्त्र छ–

एतद्गृहीतं गोविन्द मया त्वत्पुरतो व्रतम् ।
सिद्धि गच्छतु निर्विघ्नंतव पादानुकम्पया ।।
निराहारं चाद्य स्थित्वा पूजां कृत्वां परेऽहनि ।
भोक्ष्यामि पुण्डरीकाक्ष शरणं मे भवाच्युत ।।

पुष्पाञ्जलि गरेर लक्ष्मीसहित विष्णुको आवाहन गरी जल, अर्घ्य, पञ्चामृत, चन्दन, अक्षता, जौतिल, फूल समेत अर्पण गरी अष्टदल मै पूर्वादिक्रमले पीठाङ्ग देवताको पूजा हुन्छ । जलबाट शुरू गरी नम-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्कारसम्मको पूजा सम्पन्न गरेर प्रणवसहित गायत्री, दीक्षा वा द्वादशाक्षर मन्त्र जपिन्छ। मध्यस्थलको प्रतिमा नजीक नामोच्चारण-पूर्वक एकादशीको पनि आह्वानपूर्वक पूजा हुन्छ। पूजामा पुरुषसूक्तका साथ तत् तत् वस्तुसित सम्बन्ध राख्ने मन्त्र समेत उच्चारण गरी वस्तु अर्पण गरिन्छ। त्यसैले यतिखेरको विष्णुपूजा र सत्यनारायणको पूजामा समता हुन्छ। धूप, दीप, नैवेद्य, फल, पानमसला, दक्षिणा, चमर पङ्खा, प्रदक्षिणा, नीराजन, पुष्पाञ्जलि, क्षमापन, अर्घ्यअर्पण गरी चन्द्रमालाई पनि अर्घ्यदान गरिन्छ। अर्घ्यदानका मन्त्र हुन्–

फलान्नं चैव शुभ्रं च भक्तियुक्तेन चेतसा।
गृहाणार्घ्यमिदं देव लक्ष्म्मा सह जगद्गुरा॥

चन्द्रमाको–

अत्रिनेत्रसमुद्भूत क्षीरोदार्णवसम्भव।
गृहाणार्घ्यं मया दत्तं रोहिणीसहितप्रभो॥

उक्त रूपले पूजा सम्पन्न गरेपछि रातभर भजन, कीर्तन, कथा श्रवण, नृत्य, वाद्यपूर्वक जागरण गरी भोलिपल्ट (द्वादशीको दिन) निम्न मन्त्र उच्चारण गर्दै भगवान्लाई जागरण गराइन्छ–

इयं च द्वादशीदेव प्रबोधार्थं तु निर्मिता।
त्वयैव सर्वलोकानां हितार्थं शेषशायिना॥
उत्तिष्ठोत्तिष्ठ गोविन्द त्यज निद्रां जगत्पते।
त्वयि सुप्ते जगत्सुप्तमुत्थिते चोत्थितं जगत्॥

जागरणपछि शरत्कालिक फूलद्वारा पुष्पाञ्जलि र तुलसीपत्र अर्पण गरेर दन्तधावनको लागि उखुको टुक्रा चढाइन्छ। चातुर्मास्य भर वा कार्तिकमा व्रतारम्भ गर्दा पालन गरिएका नियम र छोडिएका वस्तुको सम्बन्धमा तोकिए बमोजिम वस्तुदान पनि यतिखेर नै गरिन्छ। जस्तो मौनव्रत बसेको भए सुन र घण्ट, कांचोवस्तु मात्र खाएको भए गाई, रातमा मात्र खाने गरेकोमा वस्त्रदान गर्नुपर्छ।

हरिबोधिनीकै सन्दर्भमा उल्लेखनीय अर्को कृत्य छ तुलसी विवाह। हरिशयनीमा सारेर कार्तिक भर विशेष रूपमा पूजा आराधना गरिंदै आएको तुलसीको विवाह पनि यतिखेर नै गर्ने विधान छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि यो विवाह शुक्ल नवमीदेखि पूर्णिमासम्म गर्न सकिने धर्मशास्त्रको कथन छ तापनि बढी उपयुक्त चाहिं द्वादशीकै दिन मानिन्छ।

तुलसो विवाहको लागि शुरुमा संकल्प, अग्निस्थापना विधिले हवन, नान्दीश्राद्ध, पुण्याहवाचनका साथ राधादामोदरको बिशेष पूजा हुनु गर्छ। विधिपूर्वकको पूजा सम्पन्न भइसकेपछि प्रबुद्ध विष्णुको हातमा यो मन्त्र पढी तुलसीलाई अर्पण गरिन्छ–

देवीं कनकसम्पन्नां कनकाभरणैर्युताम्।
दास्यामि विष्णवे तुभ्यं ब्रह्मलोकजिगीषया॥

मया संवर्धितां यथाशक्त्यलंकृतामिमां तुलसीं देवीं दामोदराय श्रीधराय वराय तुभ्यमहं संप्रददे। यसो भनेर तुलसीको हात श्रीविष्णुको हातमा समर्पण गरिन्छ। यसपछि दानप्रतिष्ठा र महानीराजन हुन्छ। अग्निस्थापनअनुसारका बाँकीविधि पूरागरी पूर्णपात्र एवं कायेन वाचा गरेर विवाह सम्पन्न पारिन्छ। यसै वेला नवान्नको रूपमा दही चामल अर्पण गरी खाने पनि चलन छ। यतिखेर सखरखण्ड पिंडालु जस्ता कन्दको मौसम पर्ने भएकोले यसको उपयोग पनि व्यापकरूपमा गरीब धनी सबैकहाँ समान रुपले गरिन्छ।

हरिबोधिनीको दिन छरछिमेकका देवमन्दिर र त्यसमा पनि विष्णु एवं उनका अवतारको पीठ तथा मन्दिरमा दर्शनार्थीहरूको घुइँचो लाग्छ। काठमाडौं उपत्यकाको चारैदिशा विद्यमान् चारै नारायणको पहिले पैदलै हिंडेर दर्शन गरिन्थ्यो र अहिले सवारी साधनको सहयोगले गरिन्छ। पशुपति, बूढानीलकण्ठ र बालाज्यू आदिमा पनि प्रशस्तै दर्शनार्थीको उपस्थिति हुन्छ।

यसरी हरिबोधिनी एकादशीले हाम्रो धार्मिक एवं सांस्कृतिक क्षेत्रमा महत्त्वपूर्ण स्थान राखेको कुरा प्रत्यक्ष हुन्छ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैकुण्ठ चतुर्दशी

वैकुण्ठचतुर्दशीमा विष्णुपूजा गरी रातमा जागरण गर्ने शास्त्रीय विधान छ। यतिखेरको चतुर्दशीको सम्बन्ध शिव र विष्णु दुवैसित मानिन्छ, त्यसमा शिवसित सम्बन्ध भएकोलाई शिववैकुण्ठ र विष्णुसित सम्बन्ध भएकोलाई विष्णुवैकुण्ठ भनिन्छ। शिवपूजाको लागि अरुणोदयव्यापी चतुर्दशी उत्तम मानिएको छ भने उपवासको लागि जुन अहोरात्रको अरुणोदय चतुर्दशीले युक्त छ त्यस दिनलाई मानिएको छ।

विष्णुका बहुविधनाम मध्ये एक नाम छ वैकुण्ठ। देव देवीका हरेक नाम व्युत्पत्तिमूलक भएकोले यस नामको पनि व्युत्पत्ति हुनु स्वाभाविक छ। एतावता वैकुण्ठ शब्दको व्युत्पत्ति विचार गर्दा यौटा हुन्छ विकुण्ठाको पुत्र यस अर्थमा अणू प्रत्यय भएर बन्ने रूप। कुण्ठा शब्द नाश या निरोधको वाचक भएकोले जसको नाश या निरोध छैन त्यो हो वैकुण्ठ। कुण्ठा नभएको ज्ञान या स्थान जसको आश्रय छ यस्तो अर्थमा र जीवलाई नियन्त्रण गर्ने र ज्ञानदिनेरूपमा जसको प्रसिद्धि छ उसलाई पनि वैकुण्ठ भनिन्छ। महाभारत शान्तिपर्वमा आफ्ना बहुसंख्यक नामको व्युत्पत्ति भगवान् स्वयंले बताउनु भएको छ। जसअनुसार गतिनिरोध गर्नेलाई विकुण्ठा भनिन्छ र त्यो सम्पादन गर्नेलाई वैकुण्ठ। किनभने जगत्सृष्टि गर्दा भगवान्ले पृथ्वीलाई जलसित, आकाशलाई वायुसित र वायुलाई तेजका साथ अविचल हुने गरी मिलाएकोले उहाँको नाम रह्यो वैकुण्ठ–

मया संश्लेषिता भूमिरद्भिर्व्योम च वायुना।
वायुश्च तेजसा सार्धं वैकुण्ठत्वं ततो मम॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी स्वयंको नाम वैकुण्ठ छ भने रहने ठाउँको नाम पनि छ वैकुण्ठ। उक्तरूपमा विविध अर्थ भएको वैकुण्ठसित सम्बद्ध वैकुण्ठ-चतुर्दशीलाई सन्दर्भ मानेर विष्णुका केही गुणको चर्चा यहाँ गरिन्छ ।

वैदिकसाहित्यमा थोर–वहुत पाइने ब्रह्मा, विष्णु र शिवको चर्चा पौराणिकसाहित्यमा आएर विस्तारका साथ प्रसिद्ध भयो । जुन प्रसिद्धिअनुसार यिनकै नामबाट पुराणको नामकरण भयो– ब्रह्मपुराण, विष्णुपुराण, शिवपुराणको रूपमा । आखिर यी ब्रह्मा, विष्णु, शिव को हुन् ? त भन्दा उनै आदिपुरुष परमात्माका सृष्टि स्थिति र लय संचालन गर्ने कार्यकारी रूप हुन् । त्यसैले विष्णुपुराणमा भनिएको छ–

सृष्टिस्थित्यन्तकरणीं ब्रह्मविष्णुशिवात्मिकाम् ।
स संज्ञां याति भगवानेकएव जनार्दनः ।।

सृष्टि र लय गर्ने काम पनि आफ्नो रूपमा महत्त्व नराख्ने होइन तर पालनको काम अरू बढी जिम्मेवारी राख्ने भएर होला विष्णुको महत्त्व पनि अत्यधिक रूपमा उल्लेख भएको पाइन्छ । जन्मको कारण बाबुभन्दा बाल्यावस्थाको स्याहार संभार जस्ता कुरामा आमाको योगदान कति बढी हुन्छ यो सबैले प्रत्यक्ष गरेको र गर्न सक्ने कुरा हो । त्रिदेवमध्ये विष्णुको पनि लोकसंरक्षणको लागि त्यस्तै योगदान प्रसिद्ध छ ।

लोकसंरक्षक र पालककै नाताले विष्णुको एक नाम छ विश्वम्भर। जो व्यक्ति, समाज र देशविशेष मात्र नभै प्राणीमात्रको पालक छ ऊ हुन्छ विश्वम्भर । सबैको पालक भन्दा सम्पूर्णलाई विनाकाम ठेकदारजस्तो भोज्य पेय जुटाउने भनेर सम्झनु मूर्खता हो । त्यसैले विश्वम्भरताको अर्थ हो व्यक्तिलाई पुरुषार्थअनुसारको फल दिने,काम अनुसारको माम दिलाउने । अतएव स्वकर्मको अनुष्ठान त जोसुकैबाट हुनै पर्छ ।

अजगर करे न चाकरी पंछी करे न काम ।
दास मलूका कह गए सब के दाता राम ।।

जस्ता सन्तवचनको आडमा निष्क्रियताको प्रचार गर्ने पनि कतिपय देखिन्छन्, तर त्यो कुरा ठीक होइन । यस कथनको लक्ष्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निष्क्रियता नभै ईश्वरभरोसामा बल पुऱ्याउनु हो। अतएव अर्को वचन छ–

अपहाय निजं कर्म कृष्ण कृष्णेति वादिनः।
ते हरे द्र्वेषिणः पापाः, कर्मार्थं जन्म यद्धरेः ॥

अर्थात् आफ्नो जातिधर्म अनुसारको कर्म छोडेर कृष्ण कृष्ण मात्र भनी दिन बिताउनेहरू हरिलाई द्वेष गर्ने हुन्, किनभने हरिका जति अवतार छन् ती सब कर्म सम्पन्न गर्न भएका हुन्। जो स्वयं अवतार ली लीकन कर्म सम्पन्न गर्दछन् उस्ताबाट निष्क्रियतालाई समर्थन गर्ने भन्ने अर्थ आउँदैन। जो अनन्यचिन्तक भक्त छन् उनीहरूको त कुरा अर्कै हो; त्यस्ताको योगक्षेम बहन गर्ने कुरा त भगवान्ले कबोल गर्नुभएकै छ।

विष्णुको कर्मठता र लोकोपकारिता वैदिक साहित्यदेखिन् पौराणिक साहित्यसम्म प्रख्यात छ भने सन्तवचनदेखि भक्तकथनसम्म प्रसिद्ध छ। ऋग्वेदका सूक्तले 'विष्णोः कर्माणि पश्यत' भनेर उनका वीर्यको महिमा उल्लेख गरेको छ। साधकले अग्निहोत्र आदि कर्म सम्पन्न गर्ने प्रेरणा पनि उनैबाट प्राप्त गरेका हुन्। विष्णुको महिमायुक्त परमपद देख्न या जान्न तिनै मात्र सक्तछन् जो साधक विद्वान् छन् (सदा पश्यन्ति सूरयः) साधारण व्यक्तिबाट उनका परमपदको इयत्ता पत्तालाग्न सक्तैन।

विष्णुको अगाडि लाग्ने भगवान् विशेषणले उनको सर्वगुणसम्पन्नतालाई द्योतन गर्छ। सम्पूर्ण ऐश्वर्य, धर्म, यश, कल्याण, ज्ञान र वैराग्य यी छलाई भग भनिन्छ र विष्णुमा गएर यी सब मूर्तिमान् बनेका छन्। उत्पत्ति र प्रलय, सम्पूर्ण प्राणीको आगमन र गमन, विद्या एवं अविद्याको ज्ञाता भएकोले पनि विष्णुलाई भगवान् भनिएको छ–

उत्पत्तिं प्रलयञ्चैव भूतानामागतिं गतिम्।
वेत्ति विद्यामविद्यां च स वेद्यो भगवानिति ॥

संसारमा आकर्षणका केन्द्रबिन्दु तीन छन्, जीवन, धन र कीर्ति। सजीव रहने, धनी हुने र कीर्तिमान् बन्ने इच्छा सबैको हुन्छ। तर इच्छा गरेमुताबिकको प्राप्ति कसैको देखिंदैन। श्री ऐश्वर्यकी अधिष्ठा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री देवी मानिन्छिन् लक्ष्मी, जसको अलिकति मात्र कृपा प्राप्तगर्न सके पनि व्यक्ति मालामाल बन्छ । तर विष्णुमा विद्यमान गुणगरिमाले गर्दा लक्ष्मी स्वयं उनकी अनुगामिनी बनेकी छिन्, उनको पाउ सेवन गरी कहिल्यै विछोड नहुने रूपमा रहेकी छिन् । त्यसो हुँदा दीर्घकालसम्म लक्ष्मीको कृपा प्राप्तगर्न चाहनेले उनको भन्दा उनका प्रियआश्रय विष्णु-को कृपा प्राप्त गर्नु बढी फलदायी मानिन्छ । किनभने चंचला लक्ष्मीको मात्र प्रसाद प्राप्त गर्दा त्यो चिरकालसम्म नरहने हुन्छ । अर्को कुरा लक्ष्मीको मात्र कृपा प्राप्त गर्ने व्यक्तिमा धनको मोह बढी हुन्छ र विवेक कम । जसको उदाहरण उनको वाहन लाटोकोसेरोले दर्शाइ-रहेको छ, जो सबैले आँखा देखेको बेला अन्धकारको अनुभव गर्ने अन्धो हुन्छ । भगवान्को माध्यमले लक्ष्मीको कृपा प्राप्तगर्ने व्यक्ति धनान्ध नभै विवेकी हुन्छ ।

सके पूजा, आराधना र उपासना समेत गर्नु र नसकेमा विष्णुका नाम मात्रको उच्चारणले पनि ठूलो पुण्य प्रदान गर्छ र आपत्–विपत्बाट बचाउँछ । श्रद्धाभक्ति पूर्वक नामोच्चारण गरिएको छ भने त्यसबाट पुण्य प्राप्तहुनु त स्वाभाविकै हो, तर दुर्भावना राखेर दुष्टै चित्तले उच्चारण गरेको छ भने पनि त्यसले आफ्नो काम गरी छाड्छ, जस्तो थाहा पाएर छोए पनि थाहा नपाई छोए पनि आगोले पोल्ने काम गर्न छोड्दैन ।

यद्यपि विष्णुका सबै नाममा ऐश्वर्य, स्वामित्व, व्यापकता, परोपकारिता, दुष्टदमन, लोकसंरक्षण जस्ता विभिन्न गुणको सम्बन्ध रहेकोले पवित्रता, कल्याणकारिता रहनु स्वाभाविकै हो । तर त्यसो भए पनि गम्भीर अर्थ भएको नारायण यस नामलाई बढी महत्त्वको मानिन्छ । त्यसैले परमहंसशिरोमणि शुकदेवस्वामी राजापरीक्षित्को जिज्ञासाअनुसार अन्त्यकालमा नारायण यो नामको स्मरण हुनु मनुष्य जीवनको परम लाभ हो भन्नुहुन्छ "जन्मलाभः परः पुंसामन्ते नारायण-स्मृतिः" यस्तो रूपमा। जिब्रोको सार्थकता यावज्जीवन मीठा रसदार वस्तु चाख्नुमा भन्दा नारायणनाम उच्चारण गरिरहनुमा बढी छ । किनभने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सेवन त जुनसुकै योनिमा पनि हुन र मिल्न सक्छ तर हरिनामको उच्चारण मनुष्य योनिमा मात्र । त्यसो हुँदा कलियुगमा जन्मने मनुष्यको विभागीय प्रमुखता नामोच्चारण गर्दै जीवन यापन गर्नुमा छ । अतएव जघन्य या निन्द्य मानिस को हो ? भन्ने प्रश्नको उत्तरमा कसैले भने धनहीन व्यक्ति निन्द्य हो र कसैले भने बलहीन व्यक्ति निन्द्य, तर यसमा व्यासको कथन छ "नारायणस्मरणहीननरो जघन्य:" अर्थात् न धनहीन व्यक्ति निन्द्य हो, न बलहीन, किन्तु नारायणको स्मरणहीन व्यक्ति नै बढी जघन्य हो, निन्द्य हो ।

भागवत षष्ठस्कन्धको अजामिल उपाख्यान भगवन्नाम स्मरणको महिमाद्योतन गर्ने प्रसिद्ध उदाहरण हो । जहाँ यमदूतलाई देखी त्रस्त बनेको अजामिल छोरालाई बोलाउने क्रममा नारायण नाम उच्चारण गर्दछ । प्रभावको परिचय विना श्रद्धा भक्ति नभै उच्चारण गरिएको भए पनि नामले आफ्नो स्वभाव र शक्तिअनुसारको काम गर्दछ, जसले गर्दा विष्णुका दूत उपस्थित भै यमदूतबाट उसलाई मुक्त गराउँछन् । यस उपाख्यानको निष्कर्षमा भागवतकारको कथन छ कि जब यसरी श्रद्धा भक्तिविना नै उच्चारण गरिएको नामबाट त यस्तो लाभ मिल्छ भने हृदयमा आस्था राखी श्रद्धाभक्तिपूर्वक उच्चारण गरिएको नामले कति लाभ दिलाउला स्वत: अनुमान गर्न सकिन्छ । बृहन्नारदीय र गरुड पुराणको निम्न कथनले यसै कुरालाई पुष्टि गरेको देखिन्छ–

हरिर्हरति पापानि दुष्टचित्तैरपि स्मृत: ।
अनिच्छयापि संस्पृष्टो दहत्येव हि पावक: ।।

लिंगपुराणको कथन छ सबै शास्त्रको मन्थन गरी के हो सार ! भनेर बुझ्न खोज्दा, अनि स्वयंको विवेक लगाएर विचार गर्दा पनि अन्त्यमा के निष्कर्ष देखिन आउँछ भने मनुष्य जीवनको लक्ष्य "ध्येयो नारायण: सदा" अर्थात् नित्यप्रति नारायणको ध्यान गर्नु नै हो । भागवत षष्ठस्कन्धको आठौं अध्यायमा नारायण नामसित सम्बद्ध कवच छ । यसै कवचको प्रयोग गरी तत्काल पुरोहितको रूपमा बरण भएका विश्वरूपले इन्द्रलाई दानवहरूमाथि विजय प्राप्त गर्ने शक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिलाएका थिए । यस कवचमा पनि नारायणको अष्टाक्षर नाम परेको छ ।

महाभारत शान्तिपर्वको प्रसंग हो, महाभागवत भीष्मसित धेरै कुरा सोधेर बुझिसकेपछि अन्त्यमा सारतत्त्व बुझ्न धर्मराज युधिष्ठिरले निवेदन गरेका छन्–

को धर्मः सर्वधर्माणां भवतः परमो मतः ।
किं जपन्मुच्यते जन्तुर्जन्मसंसारबन्धनात् ।।

अर्थात् कुन धर्म यहाँको दृष्टिमा परमधर्म ठानिएको छ र जप्न लायक नाम जो जप्ताखेरि व्यक्ति जन्म र संसारको बन्धनबाट मुक्त बन्दछ ? यसको उत्तरमा भीष्म भन्दछन्–

अनादिनिधनं विष्णुं सर्वलोकमहेश्वरम् ।
लोकाध्यक्षं स्तुवन्नित्यं सर्वदुःखातिगो भवेत् ।।

अर्थात् जो जन्मनु, रहनु, बढ्नु, बदलिनु, घट्नु, नाश हुनु जस्ता छ-विकार शून्य छ, सम्पूर्णका स्वामी, सबैलाई व्याप्त गरेर रहने, सबैको द्रष्टा विष्णुको स्तुति गर्दा नै व्यक्ति सम्पूर्ण दुःखदेखि पार हुन सक्तछ । महाभागवत भीष्मले निर्विकल्प रूपमा घोषणा गरेको यही कुरा व्यासबाट उल्लेख भएको छ । एतावता पवित्रमा पनि सबभन्दा पवित्र, मंगलदायकमा पनि सबभन्दा बढी मंगल दिने, देवताका पनि देवता विष्णु सर्वविधरूपले पूजनीय छन् ।

ब्रह्मा, विष्णु र महेश्वर तीन देवतामा कुन बढी महान् रहेछन् भन्ने कुरा परीक्षागरी पत्ता लगाउन महर्षि भृगुलाई अह्राइयो । सबैको उत्सुकता मेटाउने विचारले भृगु जान्छन् परीक्षा गर्न । परीक्षा-बाट के सिद्ध हुन्छ भने मानको चाहना राख्ने, स–साना घटनाबाट पनि उत्तर्सिएर रिसाउने असहनशील व्यक्तिभन्दा सामर्थ्य भैकन पनि क्षमाशील र नम्रता भएको सत्त्वगुणप्रधान विष्णु नै सबभन्दा ठूला रहेछन् । विष्णुभक्तिपरक यी केही उदाहरण वैकुण्ठचतुर्दशीलाई सन्दर्भ मानेर उल्लेख भएका हुन् । उदाहरण केवल नमूनाका लागि हो, यथार्थता त त्यसको समष्टि स्वरूप बुझ्न सके हुन्छ । तर वर्तमानको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समय र साधनलाई विचार गर्दा आफ्नै विवेकले यथार्थतातिर लाग्न नसक्ने र नभ्याउनेले यस्तै उदाहरणको अनुसरण मात्रले पनि कल्याण प्राप्त गर्न सक्छन् ।

नेपालको राष्ट्रिय परिवेशलाई दृष्टिगत गरेर भन्दा यहाँको प्रकृतिले विष्णूपासनालाई आत्मसात् गरेको पाइन्छ । यसको ज्वलन्त उदाहरण हो कालीगण्डकी, जसको शास्त्रीयनाम शालग्राम नदी भन्ने पनि छ। यस नदीले बगाएर ल्याउने प्रकृत्या विभिन्न आकारले आकारित शालग्रामशिला प्रतिष्ठा विना नै पूज्य मानिन्छन् र पाञ्चायन मध्ये जोसुकैको पूजा यिनमा गर्न सकिन्छ ।

विष्णुकै गण्डस्थल रसाएर पैदा भएकोले नदीको नाम गण्डकी रहेको भन्ने पौराणिक कथन र कालीको शिर (मूल स्रोत) दामोदर कुण्डले पनि विष्णुको नामसित सम्बन्ध राखेको पाइन्छ। मुक्तिक्षेत्र र वराहक्षेत्र प्रसिद्ध वैष्णवक्षेत्र हुन्, जसको यात्रा अति नै पुण्यदायक मानिएको छ। यी स्थानको प्रसिद्धि स्वदेश मात्र नभै छिमेकी देशमा पनि त्यत्तिकै छ, जसको कारण प्रतिवर्ष अनेक तीर्थयात्री दर्शनार्थ त्यहाँ आउँछन् ।

काठमाडौं उपत्यकामा बग्ने दुइ प्रसिद्ध नदीमध्ये एकको नाम छ विष्णुमती, जसको उत्पत्ति विष्णुपादुकाबाट भएको मानिन्छ। विष्णुपादुका डाँडाको फेदमा रहेको बूढानीलकण्ठ विष्णुमूर्ति मान्यताको साथै कलात्मकताको दृष्टिले पनि अतिप्रसिद्ध छ। हरिबोधिनी एकादशीमा यात्रा गरिने चारनारायणमा दोलाद्री पर्वतस्थित चम्पक नारायण प्राचीनताको साथै ऐतिहासिक दृष्टिले पनि अतिनै महत्त्वको मानिन्छ। यसरी प्रसिद्ध पीठ एवं जलस्रोत समेतले यहाँ विष्णुपूजनको महत्त्व निकै अघिदेखि भएको कुरा प्रमाणित गर्छन् ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्लेष्मान्तक वन र पाशुपतक्षेत्रको यात्रा

यद्यपि नेपालभूमि र यहाँका तीर्थहरूको सामान्य उल्लेख अन्य पुराणमा पनि नभएको होइन तर पनि स्कन्दपुराण अन्तर्गत भनेर मानिने हिमवत्खण्डको स्थान आफ्नै रूपले अलग छ। किनभने यस खण्डले नेपालको भौगोलिक र धार्मिक दुवै अंशमा वडो राम्रो प्रभाव पारेको छ। यसैक्रम अनुसार श्लेष्मान्तक वनको उल्लेख पनि बडो आकर्षक रूपमा गरिएको छ। त्यहाँ एक दुइ मात्र नभएर साल, ताल, तमाल, हिन्ताल नामका अनेक वृक्ष थिए अनि यसँगरी खर्जूर, बीजपूर आदि फलका रूख पनि। वृक्ष वनस्पतिको अतिरिक्त त्यहाँ अनेकौं जलस्रोत पनि थिए जहाँबाट कैयौं झर्ना बग्थे। माथि उल्लेख भएका वृक्षहरूमा अनेक जातका पंक्षीहरू गूंड बनाएर वा त्यतिकै पनि रहने गर्थे–

श्लेष्मान्तकं वनं तस्य पुरा नाम प्रतिष्ठितम् ।
शालैस्तालैस्तमालैश्चहिन्तालैः परिपूरितम् ।।
खजूरैर्नागरङ्गैश्च बीजपूरैश्चमण्डितम् ।
नाना निर्झरणोपेतं नाना पक्षिनिनादितम् ।। आदि ।

यस वनको श्लेष्मान्तक नाम किन रह्यो यसको केही विश्लेषण-गर्नु स्वाभाविक पर्नेछ। श्लेष्मा शब्द आलिङ्गन अर्थमा प्रसिद्ध 'श्लष्' धातुबाट बनेकोले यसको अर्थ हुन्छ आलिङ्गन अर्थात् अङ्कमाल। "श्लष्यति आलिङ्गति रोगान् इति श्लेष्मा" यस व्युत्पत्ति अनुसार श्लेष्मा शब्द कफको वाचक छ। 'मायु:पित्तंकफ: श्लेष्मा' भनेर कोषले यो कुरा सकारेको छ। एतावता श्लेष्मान्तक त्यस ठाउँ वा वस्तुलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ जहाँ कफको प्रभाव रहँदैन, अर्थात् स्वास्थ्यकर ठाउँ। यो श्लेष्मान्तक वन त्यस्तै स्वास्थ्यकर ठाउँ भएकोले चन्द्रमा पनि रोग-निवारणको लागि यहाँ आएको कुरा समेतको उल्लेख भेटिन्छ।

श्लेष्मान्तक शब्दको अर्को व्युत्पति पनि गर्न सकिन्छ। जस्तो-'श्लिष्यति आलिङ्गति विषयान् इति श्लेष्मा, अदृष्टरूप स्तस्यान्त: यस्मिन् वने तत् श्लेषमान्तकं वनम्' यस व्युत्पत्ति अनुसार– जहाँ विषयसित सम्पर्क हुन्छ त्यो हुन्छ श्लेष्मा अर्थात् पापपुण्यरूप अदृष्ट, अनि त्यो अदृष्टको अन्त अर्थात् नाश जहाँ हुन्छ त्यसलाई भनिन्छ श्लेष्मान्तक। 'क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति' भनेर पुण्य क्षीण भए-पछि मर्त्यलोकमा झरे झैं पाप क्षीण भएपछि पुण्य उदय हुनु पनि स्वभाविकै मानिन्छ।

यहाँ विचारणीय कुरा के छ भने जबसम्म जीवको विषयसित संस्पर्श रहन्छ तबसम्म प्रमाद, रोग, शोक, अनुराग, आसक्ति जस्ता कुरा पनि भई नै रहन्छन्। जबसम्म चित्त यस किसिमका विषयासक्ति-लाई परित्याग गरी अन्तर्मुखी बन्दैन तबसम्म उसलाई यथार्थज्ञान प्राप्त हुँदैन। यो यथार्थज्ञानको लागि निजी प्रयास या पुरुषार्थको साथ ईश्वरकृपा पनि आवश्यक छ।

उक्त किसिमको अन्तर्मुखी वृत्ति र ईश्वरप्रसाद प्राप्ति पनि सिद्ध, साध्य, योगीश्वर आदिले अधिष्ठित ठाउँमा अपेक्षाकृत चाँडो फलीभूत बन्छ। यस्तै पुण्यक्षेत्र मध्ये पर्दछ श्लेष्मान्तक। नेपाल माहात्म्यको निम्न श्लोकले यसै वस्तुतथ्यलाई दर्शाउन खोजेको छ– 'नेपालं च महाक्षेत्रं भुक्तिमुक्ति फलप्रदम्' अर्थात् भुक्ति र मुक्ति दुवै दिने नेपाल वस्तुत: महाक्षेत्र हो। यस वनमा अनेक तीर्थ र साधकभक्त-लाई इच्छा लागे अनुसारको फल दिने अनेक देवता रहेका छन्–

सन्ति तीर्थान्यनेकानि श्लेष्मान्तक वनेशुभे।
देवता: सफलास्तत्र स्थिता भक्तवरप्रदा: ।।

यस क्षेत्रलाई धर्मभूमि र सिद्धभूमि पनि भनिन्छ। धर्मको निरन्तर अभिवृद्धि हुने ठाउँको नाम हो धर्मभूमि र पापको लवशेष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तरहते भूमिलाई भनिन्छ सिद्धभूमि । आदिकवि वाल्मीकिलाई जब ब्रह्माबाट रामचरित उल्लेख गर्ने निर्देशन मिल्यो त्यसपछि उनले कुन ठाउँमा बसेर त्यो महाकाव्य रचना गरे चाँडै पूर्ण होला ? भनी नारदसित सोधे–

कस्मिस्थले मया स्थित्वा काव्यं कार्यमनुत्तमम् ।
कस्मिस्थले वाग्विभूतिर्जायते मुनिसत्तम ।।
स्थैर्यं च मनसः कुत्र सर्वोपद्रववर्जितः ।
जायते मुनिशार्दूल तत्र गत्वा करोम्यहम् ।।

अर्थात् विघ्नबाधाले रहित त्यो कुन ठाउँ होला ? जहाँ बसेर काव्य रचना गर्दा मनको स्थिरता र वचनको स्फुरण पनि बढी हुन्छ ? वाल्मीकिको प्रश्न अनुसार नारदले निर्देशन गरेको त्यो स्थल नेपालकै कुनै ठाउँ हो भनेर अड्कल गर्न सकिन्छ । चितौन जिल्लाको पश्चिमी भेग जो गएर त्रिवेणीमा टुंगिन्छ त्यहाँ प्राप्त अवशेषले त्यस अड्कलमा बलियो प्रमाण जुटाउँछन् । वाल्मीकेश्वर महादेव र अन्य मूर्तिहरू अनि आश्रमको अवशेष समेतलाई अनुसन्धाताहरूले वाल्मीकिसित सम्बद्ध मानेका छन्, जसको सम्बन्धले ठाउँको नामकरण अहिले वाल्मीकिनगर भनेर गरिएको छ। भक्तपुरको हनुमान्घाटलाई पनि वाल्मीकिको निवासस्थल मानिएको छ, जहाँ प्रतिदिन ब्राह्ममुहूर्तमा हनुमान् स्नान गर्छन् भन्ने जनविश्वास छ । केही समय अघिसम्म वाल्मीकिको मूर्ति पनि त्यहाँ थियो । निष्कर्षमा ऋषिमुनि वा सन्तमहात्मा जमेको पानी जस्तो एकै ठाउँमा नरही भ्रमणशील हुन्थे । त्यसैले चित्रकूट या तमसाको तीरमा वाल्मीकिको आश्रम अथवा निवास थियो भन्ने जो उल्लेख पाइन्छ त्यसले अन्यत्र पनि थियो वा हुन सक्छ भन्ने कुरालाई निषेध गर्दैन । एतावता वाल्मीकि, व्यास, विश्वामित्र, राजर्षि भरत जस्ता ऋषिमहर्षिहरूको साधना र उपासनास्थलको रूपमा नेपाल परिचित रहिआएको छ भन्नु अत्युक्ति पर्दैन । यहाँ विद्यमान अनेक गुफा, कन्दरा, संगम, आश्रम आदिले अतीतकालिक ती कुरालाई मूक रूपमा संकेत गरिरहेछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको प्राचीन अवस्था र यहाँ विद्यमान शैवधर्मको स्थिति बारे खोजीनीति गर्न खोज्दा पौराणिक ग्रन्थबाट केही सहयोग पाइन्छ। यस्ता पौराणिक ग्रन्थमा हिमवत्खण्डको अतिरिक्त पशुपतिपुराण, स्वयम्भूपुराण र वराहपुराण छन्। यिनमा हिमवत्खण्ड, पशुपति र वराहपुराणको कथनमा एकरूपता छ। उक्त तीन मध्ये पछिल्लो वराहपुराणको दुइशय पन्ध्रौं अध्यायमा किरात र लिच्छवि कालको इतिहास बारे छोटकरी उल्लेख पाइन्छ। यही क्रममा काठमाडौं निर्माणपछि त्यहाँ दानवहरूको रजाईं चल्यो। कालान्तरमा तीस हजार वर्षपछि वासुदेव कृष्ण यहाँ आई दानवलाई दमन गरेर फर्केपछि यहाँ म्लेच्छहरूको शासन चल्यो। त्यसपछि सूर्यवंशी क्षत्रिय आई म्लेच्छ शासक माथि विजय प्राप्त गरे अनि यहाँ लिच्छविहरूको शासन कायम भयो। यस शासनको बहालीपछि ब्राह्मणको पनि वस्ती बस्यो, त्यसपछि लिङ्गार्चन याने शिवपूजा आरम्भ भयो–

ततोऽन्ये सूर्यवंशीयाः क्षत्रिया स्तान्निहत्य च।
वशिष्यन्ति च तं देशं ब्राह्मणैः संप्रवर्तितान्॥
ततो लिङ्गार्चनं तत्र प्रतिष्ठास्यन्ति पार्थिवाः॥ आदि

प्रामाणिक शिलालेख भेटिने लिच्छविवंशपूर्व किरात र त्यसभन्दा अघिका गोपाल एवं महिषपाल मध्ये गोपालवंशको पालामा पशुपतिको ज्योतिर्लिङ्ग पत्ता लागेको कुरा ऐतिहासिकहरूले स्वीकारेका छन्। यसबाट के बुझिन्छ भने पाशुपतक्षेत्रको महत्ता अहिले मात्र नभएर सभ्यताको उषाकालदेखि नै प्रसिद्ध रहिआएको छ। यो महनीयता भावात्मक एकाइको तल्लो क्षेत्र साधारण व्यक्तिबाट शुरू भएर प्रशासनको माथिल्लो ओहदासम्म व्याप्त रहेको पाइन्छ। भनाइको मतलब केहो भने पशुपति ज्योतिर्लिङ्ग र त्यसको पार्श्ववर्ती पाशुपतक्षेत्र राजादेखि रङ्कसम्मको लागि समानरूपले उपास्य र आश्रयणीय रहिआएको छ। अभिवृद्धि या समृद्धिमा यहाँको श्रद्धालु समाजले सकेको श्रद्धासुमन अर्पण गरी भगवान् पशुपतिमा कृतज्ञता जाहेर गरेको छ भने दुःखपीडाको वेला धैर्य एवं सहनशील शक्तिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतिरिक्त अन्त्यअवस्थामा पाशुपतक्षेत्रभित्रै आफ्नो पाञ्चभौतिक शरीर बिसाउन पाए अहोभाग्य संझिइन्छ, यो कुनै समयविशेषको प्रचलन र व्यक्तिविशेषको धारणा मात्र नभएर पुस्तौं पुस्तादेखिको अविच्छिन्न धारणा हो, अटूट विश्वास हो। यहाँको प्रशासनिक सीमाङ्कन वेला अवस्था अनुसार जे जत्रो भए पनि भावनात्मक क्षेत्रचाहिं टुक्रेको पाइन्न। अर्को शब्दमा भनौं प्रशासनिक सीमाङ्कनले भावनात्मक आस्थालाई छेकाबार हालेको देखिन्न।

जुनसुकै वेलाको लागि मान्य र पूज्य पाशुपतक्षेत्रको दर्शन स्पर्शनमा कतिपय दिनको दर्शनस्पर्शनले अझ बढी महत्त्व राखेको पाइन्छ। यस क्षेत्रमा वर्षभर लाग्ने मेला मध्ये मार्ग कृष्णचतुर्दशी याने बालाचतुर्दशी र फाल्गुनकृष्णको शिवरात्रीमा लाग्ने मेलाले अपेक्षाकृत विशाल क्षेत्र र बहुसंख्यक जनसमुदायलाई संगेटेको हुन्छ।

उक्त दुइमध्ये बालाचतुर्दशीलाई प्रासङ्गिक सन्दर्भ मानेर यहाँ केही चर्चा गरिन्छ। तर यहाँनिर भन्न र संझन पर्ने कुरा के छ भने यस दिन पाशुपतक्षेत्र मात्र नभएर अधिराज्यका अन्य प्रसिद्ध शैवपीठमा पनि मेला लाग्ने र शतबीज छर्ने गरिन्छ। त्यसैले यो देशव्यापी पर्व भन्दा अत्युक्ति पर्दैन।

मेचीदेखि महाकालीसम्म छरिएर रहेका अनेक नाम र अनेक रूपका शिवमूर्ति, मन्दिर र पीठहरू यहाँ विद्यमान छन्। शहरीक्षेत्र, बाक्लो वस्ती, छरफुट्ट गाउँ मात्र होइन भीर,पहरो, पर्वत शिखर, गुफा-कन्दरा, हिमनदीका दोभान, खोलानालाका तीर जतातत छरिएर रहेका प्राकृत रूपमै प्रसिद्ध अथवा निर्मित शिवमूर्तिले यहाँको भूमिलाई ढाकेको छ। यस्ता मूर्ति र पीठहरू बारे स्थानीय रूपमा अनेक मान्यता र किंवदन्तीहरू प्रसिद्ध छन्। यी मूर्ति वा पीठहरूबाट स्थानीय जनसमुदायले आफ्नो श्रद्धाभक्तिअनुसारको फल, अन्तर्-प्रेरणा र आश्वासन पाएको छ र पाउँदै पनि रहनेछ।

तर सामान्यरूपका त्यस्ता पीठहरूभन्दा पञ्चमुखी पशुपतिलिङ्ग र पाशुपतक्षेत्रको अलग महत्ता, प्रतिष्ठा र विशेषता छ जो राष्ट्रिय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा मात्र सीमित नभै अन्ताराष्ट्रिय क्षेत्रसम्म व्याप्त छ, प्रसिद्ध छ। स्वेच्छया शिवले क्रीडाको लागि विलक्षण एकसिंगे मृगरूप धारण गरी विचरण गरिएको पाशुपतक्षेत्र उहाँको लागि कैलाशभन्दा बढी प्यारो छ। ब्रह्मा, विष्णु र इन्द्रले त्यस विलक्षण मृगको सिंग पक्रेर वश गर्न खोज्दा आ–आफूले पक्रेको सिंगको भाग नै टुक्रेर आयो। पछि डराएर स्तुति गर्दा शिवबाट निर्भयताको आश्वासन मिल्नुको साथ सिंगका टुक्रालाई अलग अलग ठाउँमा स्थापन गर्ने निर्देशन मिल्यो। जसअनुसार ब्रह्माले समातेको मध्यभाग वाग्मतीको पश्चिम चन्द्रभागाको तीरमा, इन्द्रले समातेको अग्रभाग अमरावतीमा र विष्णुले समातेको मूलभाग रसातलमा स्थापना गरियो। यसरी स्वर्ग, मर्त्य, पाताल तीनै लोकमा शिवपीठ स्थापना भए। त्यसरी देवाधिदेव महादेवले मृगरूप धारणगरी विचरण गरेको दिन आजै भएको कुरा हिमवत्खण्डमा यसरी वर्णित छ–

मार्गकृष्णचतुर्दश्यां भौमेन च समन्विते।
त्रिनेत्री च सुवर्णाभ एकश्रृङ्गी मनोहरः॥

त्यसैले यसदिन शिवलिङ्गको दर्शन गरी शतबीज छर्ने विधान छ। दिवंगत पितृको सुगतिको लागि अघिल्लै दिनको रातभर साधारण दीप, महादीप बाली जागराम बसिन्छ। शिवले मृगरूप धारण गरी विचरण गरेको मृगस्थलीमा यसदिन धान, गहुँ, जौ, मकै, भटमास आदि मिश्रित अन्न जसलाई शतबीज भनिन्छ छर्दा प्रत्येक दाना रत्ती रत्ती सुवर्ण हुने कुरा बताइएको छ–

मृगस्थलीं परिभ्राम्य पुनर्जन्म न विद्यते।
सुवर्णरतिकातुल्यं ब्रीहिमेकं परिक्षिपेत्॥

यसरी बालाचतुर्दशी शिवपीठ दर्शन एवं पाशुपतक्षेत्रको यात्राका निमित्त प्रसिद्ध भएको कुरा याद गर्न लायक छ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाशुपत ज्ञान

पुण्यक्षेत्र नैमिषारण्यमा ठूलो यज्ञ गरेर रहेका शौनकादि ऋषिको सामू सर्वशास्त्रज्ञ सत्यवतीसुत व्यासका शिष्य रोमहर्षण सूत उपस्थित भए। त्यसरी उपस्थित रोमहर्षण सामू ऋषिहरूले यसरी प्रश्न गरे–

रोमहर्षण सर्वज्ञ भवान्वै भाग्यगौरवात्।
पुराणविद्यामखिलां व्यासात्प्रत्यक्षमीयिवान्॥

अर्थात् सूतजी, सौभाग्यले गर्दा व्यासबाट सर्वविधविद्या प्राप्त गर्ने तपाईं सर्वज्ञ हुनुहुन्छ। त्यसैले जुन कथा सुन्न लायक छ, जसको श्रवणबाट पुण्यप्राप्त हुन्छ त्यस्तो सत्कथा हामीलाई सुनाउनुहोस्।

यसरी ऋषिहरूले गरेको जिज्ञासात्मक प्रश्न सुनेर सूतले भने ऋषीश्वरहो म परमपुण्यदायक ब्रह्मसम्मितपुराण वर्णन गर्दछु। शिवज्ञानको समुद्र जस्तो भएको त्यो कथानक साक्षात् भुक्तिमुक्ति दिने रूपमा प्रसिद्ध छ। शब्द, अर्थ, न्यायले युक्त भएको, आगमले पनि सकारेको यो कथा श्वेतवाराहकल्पमा प्रसंगात् वायुले भनेका हुन्। त्यतिखेर ऋषिहरूले वायुसित प्रश्न गरेका थिए– 'किं तत्पाशुपतं ज्ञानं कथं पशुपतिः शिवः।' यसको उत्तरमा वायु भन्छन् पूर्वकालमा साक्षात् महेश्वरले श्रीकण्ठ नामको पर्वतमा जगन्माता पार्वतीलाई जुन ज्ञान दिनुभएको थियो त्यसैलाई पाशुपत ज्ञान भनिन्छ।

यो रहस्य पछि गएर भगवान् विष्णुले कृष्णअवतार लिएर धराधाममा अवतीर्ण भएको बेला महर्षि उपमन्युसित सोध्नुभएको थियो। जस्तो कि–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवञ्छ्रोतुमिच्छामि देव्यै देवेन भाषितम् ।
दिव्यं पाशुपतं ज्ञानं विभूतिश्चास्य कृत्स्नशः ।।
कथं पशुपतिर्देवः पशवः के प्रकीर्तिताः ।
कैः पाशैस्ते निबध्यन्ते विमुच्यन्ते च ते कथम् ।।

यसरी भगवान् कृष्णले पशुपतिनामकरण र पाशुपतज्ञान सम्बन्धमा जिज्ञासा राख्ता त्यसको उत्तरमा उपमन्यु भन्छन्– वासुदेव, ब्रह्मादेखि लिएर स्थावरसम्मका जो जीव र जडवस्तु छन् तिनीहरू संसारको वशवर्ती भएकोले पशु भनिन्छन् । पशुहरू आणव, माया र कार्मिक नामका मलले दूषित भएको हुँदा यिनीहरू बद्ध मानिन्छन् । त्यसरी बद्ध जीवलाई मुक्त पार्ने सामर्थ्य पतिमा मात्र छ । जीवलाई बद्धपार्ने विषयलाई पाश भनिएको छ । जुन यस प्रकार छन्–

विषया इति कथ्यन्ते पाशा जीवनिबन्धनाः ।
ब्रह्मादिस्तम्बपर्यन्तान् पशून् बद्धान् महेश्वरः ।।
पाशैरेतैः पतिर्देवः कार्यं कारयति स्वकम् ।

यस किसिमका पाशले जीव जबसम्म बद्ध रहन्छ त्यति खेरसम्म उसको आउनुजानु रूप जुन संसारचक्र छ त्यो चलिरहन्छ । यसबाट मुक्ति पाउन उसले सदाचारको पालनपूर्वक पशुपतिको शरण पर्नुपर्छ, समर्पित बन्नुपर्छ ।

सृष्टिको संचालनमा पतिमहेशको आज्ञाले प्रकृति बुद्धिलाई प्रादुर्भाव गर्दछिन् र बुद्धिबाट अहंकारको सृष्टि हुन्छ, अहंकारबाट दशइन्द्रिय, पंचतन्मात्रा र त्यसपछि पंचमहाभूतको उत्पत्ति पनि क्रमैले हुँदै जान्छ । माथि उल्लेख भएका वस्तुहरूमा बुद्धिले निर्णय गर्ने, अहंकारले अभिमान गर्ने, अन्य दुइ अन्तरेन्द्रिय चित्तले संझने र मनले संकल्प गर्ने काम गर्दछन् । नाक, कान, आँखा, जिब्रो र छाला जस्ता ज्ञानेन्द्रिय ज्ञानप्राप्तिमा सहयोगी बन्दछन् भने हात, गोडा, मुख, गुह्य इन्द्रिय कर्मसम्पादनमा सहयोगी रहन्छन् । आकाशले सबैलाई अवकाश दिने, प्राण, अपान, समान, उदान र व्यान नामका पंचवायुले सन्तुलित रूपमा शरीर धारण गर्ने, अग्निले पाक गर्ने र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जलले संजीवनीको काम गर्नुका साथ विश्वम्भरा पृथिवीले जगत्को धारण गर्ने काम पनि भगवान् शिवकै आज्ञाअनुसार सम्पन्न हुन्छन् । संरक्षण र संहार दुवै शिवकै काम हुन् । तिनमा जो दैवीगुण अनुसरण गर्दै, साधनामय जीवनद्वारा सिद्धिप्राप्तिमा अग्रसर छन् तिनको संरक्षण एवं आसुरीगुणको अनुसरणले परपीडन गर्नेको संहार उहाँ-बाट हुँदै आएको छ ।

शिवकै आज्ञाले गर्दा वरुण जलेशको, यम मृत्युको र कुबेर धनेशको स्थान सह्माल्छन् । यहाँ भगवान् पशुपतिको पावन पर्वलाई संकेर पाशुपतज्ञान बारे केही चर्चा गर्नु स्वाभाविक पर्नेछ । कुनै पनि तिथि पर्व पर्दा सम्बद्ध देवदेवीको मन्दिर, क्षेत्र वा स्थान विशेषमा दर्शनार्थ जाने, मेलामा भाग लिने जस्ता कुरा प्रसिद्धै छन् । यसो किन गर्ने ? भन्ने प्रश्नको उत्तर दुइ किसिमबाट दिन सकिन्छ । मानिसमा दुइ अंश वा पक्ष हुन्छन्, ती हुन् एक बुद्धिपक्ष र अर्को भावनापक्ष । यिनमा पहिलोको सम्बन्ध मस्तिष्कसित बढी मानिन्छ भने दोस्रोको हृदयसित । मस्तिष्कको निस्तो वा रूखो सोचाइलाई हृदयले भाव-प्रदान गरेर मलिलो र रसिलो बनाइदिन्छ । हृदयपक्षको यही सरसताले गर्दा उसको सम्बन्ध दृष्ट वा वर्तमानसित मात्र नभएर अतीत र अनागतसित पनि आकर्षित बन्छ, जोडिन पुग्छ । यस्तै सम्बन्ध जुटाइको क्रममा पर्वविशेष पर्दादेवमन्दिर वा पवित्र स्थानमा जम्मा भई दर्शन, स्पर्शन स्नानद्वारा पुण्यलाभ गर्ने चलन यहाँ अघिदेखि चलि-आएको छ ।

पाशुपतज्ञानको प्रसंगमा पशुशब्दको व्युत्पत्ति "पश्यतीति पशुः" यस्तो गरिएको छ । जसको सामान्य अर्थ हुन्छ स्थूलदृष्टि भएको जीव । जीव जबसम्म मल दोषले दूषित बनी मायाको वशवर्ती हुन्छ त्यतिखेरसम्म ऊ पशुभावबाट विमुक्त भएको हुँदैन र हुन पनि सक्तैन । जसरी मानिस आफूभन्दा कम समझ र सामर्थ्य भएका पशुलाई स्वेच्छा-ले डोऱ्याउँछन् र विभिन्न काममा प्रयोग गर्छन् त्यसरी नै पशुपति महेश्वर पनि ब्रह्मा, विष्णु जस्ता उत्कृष्ट पशुलाई सृष्टि, पालन जस्ता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उच्च कार्यमा र साधारण पशुजीवलाई कर्मफलको उपभोग गर्ने निम्न कार्यमा लगाउनुहुन्छ। उक्त कुरालाई वायवीय संहितामा यसरी भनिएको छ–

ब्रह्मादि स्तम्बपर्यन्तान् पशून् बध्वा महेश्वरः।
पाशैरेतैः पतिर्देवः कार्यं कारयति ध्रुवम् ॥

यस किसिमको वस्तुस्थितिलाई बुझेर विवेकशील मनुष्यजन्म मिलेको वेला प्रत्येक व्यक्तिको कर्तव्य के देखिन आउँछ भने ऊ यस जन्मको उपयोग त्यस्तो रूपमा गर्न सिकोस् र गरोस् कि जसद्वारा आफू पशुभावबाट मुक्त बनी पतिभावमा पुग्न समर्थ बनिन्छ। पशु र पतिभावमा के भिन्नता छ भने पहिलो मलदोषले दूषित हुँदा जीवश्रेणी-को हो भने दोस्रो त्यस किसिमको मलदोष नभएकोले ईश्वर अरू त्यसमा पनि महेश्वर श्रेणीको हो। एकमा परतन्त्रता र कलुषता छ भने अर्कोमा स्वतन्त्रता र स्वच्छता। अतएव व्यक्तिको पुरुषार्थ तबसम्म प्रतिफलित भएको मानिँदैन जबसम्म यस मार्गप्रति सजगता लिइँदैन।

"केन वश्यो महादेवो मर्त्यानां मन्दचेतसाम्" आदि रूपमा जननी पार्वतीले महादेव समक्ष निम्नकोटिका जीवले हजूरलाई खुशी पर्ने उपाय के छ भनेर प्रश्न गर्दा शिवको उत्तर छ– "स्ववर्णाश्रमधर्माभ्यां वर्तते यस्तु मानवः" आदि। अर्थात् जो व्यक्ति सजगतापूर्वक स्ववर्ण र आश्रमअनुसारको धर्म पालन गर्छ उसको म चाँडै वशीभूत हुन्छु। किनभने मेरो आज्ञा अनुसार ब्रह्माले यो शुरूमा बाँधेको व्यवस्था हो। त्यसैले यसको यथावत् पालन गर्दा एकातिर सामाजिक सुव्यवस्था कायम हुन्छ भने अर्कोतिर व्यक्तिको आत्मकल्याण पनि अवश्यंभावी रूपमा हुन्छ।

निचोडमा शिव भन्नुहुन्छ– देवि, आफ्नो योग्यता र अधिकार अन्तर्गतको काम ठीकसित नगर्ने, मिलेको विवेकलाई बुद्धिपूर्वक सदुप-योग नगर्ने र भक्तिभावबाट पनि अलग रहेका मानिसको लागि ज्ञान भन्ने कुरा बडो दुर्लभ हुन्छ–

अयुक्तानामबुद्धानामभक्तानां सुरेश्वरि।
दुर्लभं सततज्ञानं ततो यत्नात् समाश्रयेत् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाशुपत मतअनुसार धर्मका चार पाउ छन् । तिनका नाम हुन् ज्ञान, क्रिया, चर्या र योग । यिनमा पशु, पाश र पतिको जो स्वरूप परिचय छ त्यसलाई ज्ञान भनिन्छ । गुरुको अधीन रहेर षट्चक्र शुद्धिको विधि सम्पन्न गर्नुलाई क्रिया भनिन्छ । सविधि पूजा सम्पन्न गर्नु चर्या हो भने चित्तलाई बहिर्मुखी हुन नदिनु योग हो । यिनको अनुगमनले नै जीवले आत्मकल्याण प्राप्त गर्न सक्छ ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राम जानकी प्रणयबन्धन

सृष्टिचक्रको संचालन यद्यपि शुरूमा अकेलै शुरू गरिएको थियो मानसिक रूपमा। केही समयपछिको अनुभवले यस प्रक्रियालाई स्वाभाविक एवं स्नेहमिश्रित प्रक्रिया ठानिएन र केही सुधार गरी द्वैध अर्थात् युगल रूपमा परिवर्तन गरियो। यसरी गरिएको परिवर्तन अनुसार सृष्टिचक्रलाई अवाध रूपमा संचालन गर्ने उत्तरदायित्व आयो नर र नारीमा। मूल पुरुषलाई एक्लै वा अकेला पन मन नपरेको या रुचि नलागेको कुरा 'एकाकी न रमते। स इममेवात्मानं द्वेधा पातयत्ततः पतिश्च पत्नीश्चाभवताम्' भनेर उपनिषत्मा वर्णन गरिएको छ। अर्थात् त्यो आदिपुरुषलाई अकेला अवस्था मन नपरेर आफूलाई दुइ रूपमा विभाजन गर्‍यो। यसरी गरिएको विभाजनका दुइ अंश थिए स्त्रीपुरुष या नरनारी। आफूहरूको उत्पादनपछि नर नारीको युगलले स्वाभाविक स्नेहमा आबद्ध भएर सृष्टिप्रक्रियाको संचालन गर्‍यो एक अर्को प्रति सहयोगी बनेर।

उत्पादित जोडीमध्ये दायाँ अंशको पुंस्तत्त्व केही कठोर र कडा थियो। उसका शारीरिक सेल र मांसपेशी मजबूत थिए, त्यसो हुँदा उसले बाहिरी क्षेत्रको कठिन काम सँभाल्यो र आफ्नो अर्को अंगलाई त्यही रूपमा सहयोग गर्ने भयो। तर बायाँ अंगको स्वभाव र स्थिति त्यसभन्दा केही फरक थियो। उसमा अपेक्षाकृत नरमी र लचिलो पन बढी भएकोले स्नेह, ममता र सहनशीलता जस्ता कुरा स्वाभाविक रूपमा रहन सक्ने थियो। उत्पादनमा दीर्घकालसम्म प्रत्यक्ष रूपमा सहयोगी रहनुपर्ने भएकोले यसलाई सहयोग र संरक्षणको बढी जरूरत थियो। शारीरिक गठन र स्वभावगत लचिलोपनले गर्दा यसले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आन्तरिक क्षेत्रलाई कर्मभूमि बनायो। यसरी बाह्य र आन्तरिक दुवै क्षेत्रलाई एक अर्काको सहयोगी रूपमा अघि बढाउनुपर्ने आवश्यकता अनुसार नर र नारीमा प्राकृतिक रूपले विद्यमान स्नेह र आकर्षणलाई सामाजिक रूपमा गाँस्ने विधिको निर्माण भयो, यही विधि हो विवाह विधि र वैवाहिक बन्धन। स्थानगत विभेद, धारणागत भिन्नता र प्रविधि जस्तो कुरामा विविधता रहे पनि वैवाहिक सम्बन्धको उद्देश्य भने एकै पाइन्छ गार्हस्थ्य जीवनको स्वस्थ संचालन र अविच्छिन्न वंश परम्परा। यस उद्देश्यलाई अविकल र अविचल रूपमा पूर्ति गर्न हाम्रा प्राचीन समाजशास्त्री मनु, याज्ञवल्क्य आदिले कतिपय विधिविधान तोकेका छन्, वस्तुस्थितिबारे प्रकाश पारेका छन्। यस्तै विधिविधान र वस्तुस्थितिमा आधारित उदाहरणमध्येको एक हो श्रीराम र जानकीको विवाहविधि। यो विवाह मार्गशुक्ल पंचमीको पवित्र दिनमा सम्पन्न भएकोले त्यस सम्बन्धमा रामायणका गाथाकारहरूले कसरी आफ्नो भाव व्यक्त गरेका छन् त्यसबारे केही परिचर्चा यहाँ प्रस्तुत गरिन्छ।

रामचरित्रका आदिगायक महर्षि वाल्मीकिको कथनअनुसार विवाहको बेला जानकी सीताको उमेर छ वर्षको छ। महाराज दशरथबाट स्वीकृति लिएर राम र लक्ष्मणलाई आश्रममा लगेपछि विश्वामित्रले उनीहरूबाट यज्ञमा विघ्न पार्न आइरहने राक्षसको दमन गराउँछन्। प्रतिफलको रूपमा आफूले कठोर तपस्या गरी अर्जेको ज्ञान र बला अतिबला जस्ता विद्या उनीहरूलाई सिकाइदिन्छन्। त्यसपछि सीता स्वयंवरको प्रसंगलाई लिएर होइन केवल जनककहाँ थाती रहेको शिवजङ्को धनु देखाउन विश्वामित्र राम लक्ष्मणलाई लिएर उहाँ जान्छन्। ऋषि आएको थाहा पाएर दोस्रो दिन सत्कारपूर्वक जनकले उनलाई राजमहलमा बोलाई स्वागत गरे र अन्त्यमा सेवालायक कुनै काम छ कि भनी सोधे। विश्वामित्रले राम लक्ष्मणलाई लक्ष्य गर्दै यी दुइ राजकुमार साथमा आएका छन् यिनको चाहना त्यो प्राचीन धनु हेर्ने छ, देखाइदिनुपर्‍यो भन्ने अभिप्राय व्यक्त गरे। पछि स्वागत पनि गर भनेर जनकलाई खबर पठाएकाछन्। विश्वामित्रबाट खबर पाएपछि महाराज जनकले हात्तीमा बसाएर राम र लक्ष्मणको शोभा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यात्रा निकाल्न लगाए। अरू राजकुमारहरूलाई यस किसिमको व्यवहारले सशंकित तुल्यायो।

स्वयंवरमा सम्मिलित वीरहरूको सामू जनकले आफ्नो प्रण सुनाए। त्यसरी राखिएको प्रण पूरा गर्न धेरै राजकुमारले आफ्नो शक्ति लगाए। तर कसैको केही चलेन। लंकापति रावण धनुष उचाल्ने प्रयत्न गर्दा त्यसद्वारा आफैं किचिन्छ, यसरी किचिई रहँदा उसको प्राणपखेरू उड्ने देखेर जनकले सम्मिलित सबैलाई लक्ष्य गर्दै भने– 'यहाँ त्यस्तो वीर कोही छैन ? जो मरणासन्न रावणको रक्षा गर्न सक्छ ?' त्यस अवस्थामा गुरुआज्ञाअनुसार राम गएर धनु उचाली रावणलाई बचाउँछन्। राजदरबारमा यस कुराको खैलाबैला मच्चिन्छ र अलंकृत सीता राजमहलको अट्टालिकामा आउँछिन्, त्यहाँ आएपछि रामको दर्शन हुन्छ। यो दर्शनपछि सीताको मनोदशा एकदम बदलिन्छ। शरीर रोमाञ्चित भएर पसीना चुहुन थाल्छ। उनी हडबडका साथ बसेको आसनबाट उठ्छिन् र सखी तुलसीको गलामा हात राखेर पिताको प्रतिज्ञा र धनुको विशालता प्रति खेद व्यक्त गर्दै भन्छिन्–

कर्मठपृष्ठकठोरमिदं धनुर्मधुरमूर्तिरसौ रघुनन्दनः।
कथमधिज्यमनेन विधीयतामहह तात पणस्तव दारुणः॥

अर्थात् यो धनु भने कछुवाको पिठ्यूँ जस्तो कठोर छ, रघुनन्दन राम भने गुलाफको फूल जस्तै नरम हुनुहुन्छ। त्यस्तो कोमलाङ्ग भएका रामले यस्तो कठिन काम कसरी गर्नु ? पिताजीको धनुषमा ताँदो चढाएपछि मात्र त्यस्तो व्यक्तिलाई छोरी दिने प्रतिज्ञा प्रति उनी दुःख व्यक्त गर्छिन्। यहाँ धनुषभङ्गभन्दा पहिले नै सीताले रामको दर्शन गर्छिन्। दर्शनपछि धनुषभङ्ग हुन्छ। यस भङ्गले अतिहर्षित बनेका जनक सीतालाई आउन सन्देश पठाउँछन्। सन्देश अनुसार सीता माताको चरणमा दण्डवत् गरी हातमा जयमाला लिन्छिन् र सखीहरूले बेरिएर यज्ञमण्डपमा आउँछिन्। मण्डपको उपस्थितिपछि दुलहा र दुलहीको मानसिक अन्तर्द्वन्दलाई यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्रात्मक रूपमा वर्णन गरिएको छ।

सन्त तुलसीदासको रामचरितमानसमा सीता र रामको भेट बेग्लै रूपमा भएको छ। मुनिवर विश्वामित्र रामलक्ष्मण सहित जनकपुर पुगेपछि एक सुन्दर आँपको बगैंचामा बस्ने विचार गर्छन्। जनकले विश्वामित्र आएको कुरा स्वजनबाट सुनी पछि आफैं उनीसित भेट गर्न आउँछन्। भलाकुसारी चलिरहेको बेला बगैंचाको शोभा हेर्न गएका राम लक्ष्मण आइपुग्छन्। अतिसुन्दर त्यो जोडी देखेर जनक प्रश्न गर्छन्, विश्वामित्र परिचय गराउँछन्।

परिचय पाएपछि पनि जनक मन थाम्न सक्तैनन् र एकटक उनीहरुलाई हेरिरहन्छन्। सृष्टिका विभिन्न वस्तुसित जनकले राम र लक्ष्मणको तुलना गर्न खोजे तर कतै मिलेन। पछि उनलाई लाग्यो यो जोडा ब्रह्म र जीवसित समता राख्छ, उदाहरण बन्छ। पछि राम-लक्ष्मण सहित उनले विश्वामित्रलाई नगरमा लिएर गए अनि सर्वसाधन सम्पन्न एक महलमा निवासको लागि बन्दोबस्त मिलाई दरवार फर्के। लक्ष्मण सहित भोजन प्राप्त गरिसकेपछि रामले आदरसाथ मुनिवरसित निवेदन गरे, भाइ लक्ष्मणलाई शहरको शोभा हेर्न ठूलो इच्छा छ, आज्ञा पाए डुलाएर ल्याउँथें। ऋषिले सहर्ष स्वीकृति दिए। राम लक्ष्मण दुवै जनकपुर भ्रमण गर्न निस्के। भ्रमणको क्रममा उनीहरुले नगरलाई बडो वैभव र कलापूर्ण देखे। मानसमा उल्लेख भएको जनकपुरको प्राकृत तथा निर्माणात्मक जुन वैभव तथा सौन्दर्य हो तिनमा केही पोखरी र नदीको अवशेष सिवाय अहिले अरू केही भेटिन्न। कालको लामो अन्तराल तथा खोजीको अभावले यस्तो भएको होला। यस भ्रमणले राम लक्ष्मण मात्र खुशी भएका होइनन् किन्तु सारा नगरवासी र विशेषगरो नारीसमुदाय उनीहरूको सौन्दर्यले अति आकृष्ट बनी नाना किसिमका भाव व्यक्त गर्न थाले। यति सब भए-पछि बेलुका निवासमा फर्कन्छन्। भोलिपल्ट नित्य क्रिया सकेर रामलक्ष्मण गुरुलाई पूजाको निमित्त फूल टिप्न राजाको बगैंचामा जान्छन्। त्यतिखेर मातृआज्ञा अनुसार जानकी सीता गौरीपूजन र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शनको लागि निस्किन्छिन्। उनको घुँगुराको मधुरशब्द रामको कानमा पर्छ। राम यसबारे लक्ष्मणसित चर्चा गर्छन्। सीता दर्शन गरेर फर्किरहेकी हुन्छिन्, यौटी सखी आएर बगैंचामा अपूर्व कुमार देखेको कुरा बताउँछिन्। सखीको कथनले सीताको उत्कण्ठा बढ्छ र लजालु भावले उनी पनि त्यतै नजर फिजाउँछिन्। रामलक्ष्मण फूल टिप्तै रूखको छेकाबाट निस्कन्छन् र रामसित सीताको दृष्टिमा पर्छन्। तुलसीदासले राम र सीताको दर्शन यसरी गराएका छन्। दर्शनबाट सीताको मन एकदम आन्दोलित र आकृष्ट बन्छ, उनलाई नारदले अघि गरेको संकेत याद आउँछ। जुन संकेतमा देवर्षिले राम यहीं आउनेछन् र तिम्रो उनीसित सम्बन्ध कायम हुनेछ भन्दा कसरी चिन्ने भनेर सीताले प्रश्न गरिन्। जसप्रति तिम्रो मन स्वाभाविक रूपले आकर्षित होला तिनै राम हुनेछन् भनेका थिए।

यसरी राम र सीताको वैवाहिक सम्बन्ध कायम हुनुभन्दा पूर्वको अवस्थालाई कविहरूले विभिन्न रूपमा प्रस्तुत गरेको पाइन्छ। ती मध्येको अर्को एकमा धनुष भंगपछि रामको सामू सीता उभिएकी हुन्छिन्, राम लोकलज्जाले उनीप्रति एक नजर लगाएर मुनि विश्वामित्र नजीक जान्छन्। ऋषि उनलाई एकापट्टि काखमा लिन्छन्। जनक सीतालाई पनि लगेर ऋषिकै अर्को काखमा राखिदिन्छन्। यसरी ऋषिकै काखमा राम र सीताको परस्पर नजर जुध्छ र दुवैको मनमा विभिन्न भाव उथल पुथल बन्छन्।

आ–आफ्नो भाव र अनुभव अनुसार कविहरूले जुनसुकै बेला राम र सीताको भेट गराएका हुन् ती सबमा आर्यमर्यादा र शिष्टतालाई बडो मनोरम रूपमा समावेश गराएका छन्, उत्कण्ठामा अपेक्षित लज्जालाई सम्मिलित तुल्याएर शीलको सुरक्षा गरेका छन्। अतीतकालिक राम र सीताको विवाह सम्बन्धी घटनालाई अभिनय रूपले लोकसमक्ष प्रदर्शन गर्ने काम धनुषाको जनकपुरधाममा अहिले पनि हुन्छ जसलाई विवाहपञ्चमी मेला भनिन्छ। यस मेलामा स्वदेशका मात्र नभै छिमेकी भारतका उत्तर प्रदेश, विहार र अन्य ठाउँका यात्रीहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि बडो उत्सुकता र श्रद्धासाथ सम्मिलित हुन्छन् । अहिलेको धनुष सागर नै धनुष भंग भएको ठाउँ हो । रत्नसागर सीताजीको प्राप्ति-पछि रत्न लुटाइएको ठाउँ । विहारकुण्ड मुख्य जानकी ह्रद हो जसमा जनकनन्दिनी स्नान गर्थिन् । फूलहर उनको फूल टिप्ने बगैंचा हो र गिरिजा पूजा गर्ने उपास्या देवी ।

जगज्जननी जानकीको प्रादुर्भाव तथा बाल्यक्रीडा भएको अनि भगवत् अवतार दशरथनन्दन मर्यादापुरुष रामको पदार्पण भएको जनकपुरधाम हिन्दू मात्रको ममता र आस्थाको भूमि हो । नौलखा जानकी मन्दिरपछि नवनिर्मित विवाह मण्डप एवं अन्य सुधारले आज-भोलि झनै आकर्षण थपेका छन् । यस क्षेत्रलाई झनै आकर्षक तुल्याउन सुधार समितिको साथै सन्तमहन्त र स्थानीय समाजसेवीले पनि सहयोग पुऱ्याउँदै रहनुपर्छ ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गीतामा प्रतिपादित
सैद्धान्तिक र व्यावहारिक पक्ष

मार्गशुक्ल एकादशीको नाम छ मोक्षदा एकादशी। गीताको प्रादुर्भाव या वाचन यसै दिन भएको मानिन्छ। त्यसैलाई प्रसंग मानेर गीतासम्बन्धी सामान्य चर्चा यहाँ प्रस्तुत गरिन्छ।

हुन त धार्मिक उदारता र आध्यात्मिक दृष्टिको विशालताले गर्दा पूरै वैदिकधर्म स्वतः नै एक सार्वजनीन धर्म हो। त्यसमा पनि गीताज्ञानको उदारता र सर्वजनसुलभता त अझ अगाडि बढेको छ, जसले गर्दा यो सर्वजनको आश्रयणीय भएको छ र सार्वभौम बनेको छ। गीतोक्तधर्म वैदिकधर्मको परिष्कृत सारतत्त्व हो, मन्थनबाट निस्केको नवनीत हो।

यो कुनै देशविशेष, कालविशेष र वर्गविशेषसित मात्र सम्बद्ध ज्ञान नभएकोले सार्वदेशिक र सार्वकालिक छ। त्यसो हुँदा जसलाई जुन बेला जस्तो रूपमा आवश्यक पर्छ उसले त्यस बेला त्यही रूपमा गीतोक्त ज्ञान अवलम्बन गरी जीवनको उद्देश्य ठम्याउन सक्छ, लक्ष्य बोध गर्न सक्छ।

गीताज्ञानको क्षेत्र लामो समयसम्म भारतीय उपमहाद्वीप र त्यसको आसपास मात्र भएकोमा लगभग गत दुइसय वर्ष यतादेखि यो विश्वव्यापी हुन पुगेको छ। अंग्रेजीमा यसको पहिलो अनुवादक थिए चार्ल्स विलकिन्स नामक संस्कृतज्ञ अंग्रेज। अनुवादको लागि प्रेरणा गर्ने व्यक्ति थिए तात्कालिक बंगालका गभर्नर वारेन हेस्टिंग्स। यो अनुवादपछि नै पश्चिमी जगत्लाई पौरस्त्य चिन्तनको ऊचाई कति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

…थिसम्म पुगेको रहेछ भन्ने कुरा बोध भयो । यही अनुवाद पढेर …मेरिकाका इमर्सनले "ब्रह्मविषयक" आफ्नो प्रसिद्ध कविता प्रणयन …रेका थिए । अहिले त्यस्तो कुनै प्रसिद्ध भाषा छैन जसमा गीताको …नुवाद नभएको होओस् । टीका–टिप्पणी व्याख्या र समालोचनाको …ष्टिले भन्दा पनि गीतासित समता राख्ने ग्रन्थ अरू शायदै होलान् । …ीकाकारहरूमा जगद्गुरु शंकराचार्य, श्रीधरस्वामी, मधुसूदन …रस्वती, शंकरानन्द स्वामी जस्ता बौद्धिक क्षेत्रका उच्च व्यक्तित्व …नि छन् । गीतासम्बन्धी कल्याण विशेषांक, अरू लामा छोटा हिन्दी …ीका, सरल मोलमा मूलको मुद्रण गरेर गीताप्रेस गोरखपुरले गरेको …सको प्रचार प्रसार आफ्नो रूपमा असाधारण देखिन्छ ।

गीता सबैको लागि किन यति लोकप्रिय हुन सक्यो भन्ने …म्बन्धमा छानबीन गर्ने विद्वान्हरूले यसको विषयगत विशेषता नै …ार्वत्रिक मान्यताको मूल कारण हो भन्ने कुरा पत्ता लगाएका छन् । …स्तुत: गीता ज्ञान–विज्ञानको त्यस्तो यौटा कुन्जी हो जसले सैद्धान्तिक … व्याहारिक दुवै पक्षलाई सम्पूर्ण औपनिषद् दर्शन मन्थन गरेर …ाररूपले मधुमय सञ्जीवनी प्रस्तुत गरेको छ, जुन सञ्जीवनीद्वारा …ाधक निष्काम कर्मद्वारा चित्त शोधन गरी उपासनाले स्थिर तुल्याउँदै …ज्ञान विनिर्मुक्त बन्न सक्छ, मोहबाट छुट्न सक्छ । राग, द्वेष, मोह …ी तीन दोषमा मोह नै सबभन्दा बढी अनर्थकर मानिएको छ, त्यसैले …ोह नाश ठूलो विजय हो ।

सम्पूर्ण उपनिषद्रूपी गाईबाट गोपालनन्दन कृष्णले पृथापुत्र …र्जुनलाई बाच्छो बनाएर दोहिएको गीतारूपी अमृतका उपभोक्ता …न् बुद्धिमान् व्यक्तिहरू । किनभने श्रद्धाभक्तिविहीन, बौद्धिक क्षमता …ति नभएको व्यक्तिको लागि त गीताज्ञान कागलाई पाकेको वेल …स्तै ठहरिन सक्छ । त्यसैले 'सुधीर्भोक्ता' भनेर उल्लेख गरेको छ ।

गीताको स्वरूप र त्यस अन्तर्गत प्रतिपादित वस्तुलाई बुझ्न …ोटामोटी रूपमा दुइ भाग या दुइ दृष्टिकोण लगाएर हेर्न सकिन्छ । … दुइ भाग हुन् सिद्धान्त पक्ष र व्यवहार पक्ष । यिनमा सिद्धान्त पक्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नाले गीताद्वारा प्रतिपादित पदार्थ विवेचनलाई लिइन्छ र व्यवहार पक्ष भन्नाले साधनमार्गको विवरण र विवेचन संझनुपर्छ। गीतामा गरिएको पदार्थ विवेचनलाई निम्नलिखित तीन भागमा विभाजन गर्न सकिन्छ–

(१) अपरा प्रकृति	(४) क्षेत्र	(७) क्षर पुरुष
(२) परा प्रकृति	(५) क्षेत्रज्ञ	(८) अक्षर पुरुष
(३) अहम्	(६) माम्	(९) उत्तम पुरुष

भगवान्‌का दुइ प्रकृति छन् अपरा र परा। अपरा प्रकृतिको दोस्रो नाम हो क्षेत्र तथा क्षर पुरुष। परा प्रकृतिको अपर नाम हो क्षेत्रज्ञ तथा अक्षर पुरुष। अपरा प्रकृति अन्तर्गत सम्पूर्ण भौतिक पदार्थको सूचक एक शब्द छ जसलाई गीतामा क्षर भनिन्छ 'क्षरः सर्वाणि भूतानि'। यही क्षरको विकास पहिलो आठ र दोस्रो चौबीस रूपमा भएको छ। पहिलोको उल्लेख ७।४ मा भएको छ 'भिन्ना प्रकृतिरष्टधा' यस रूपमा। दोस्रोको तेह्रमा गएर 'एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम्' भनेर भनिएको छ। संक्षेपमा क्षरपुरुषको विस्तार आठ हो र आठको विस्तार हो चौबीस। ठीक सांख्य दर्शनका चौबीस तत्त्व जस्तै।

तर यसरी सांख्यसिद्धान्तसित गीताको सिद्धान्त मिल्न खोजे पनि गीताको आफ्नो अलग अस्तित्व छ र बेग्लै मत छ। त्यसैले सांख्य जगत्‌लाई प्रकृतिको परिणाम मान्छ भने गीता त्यसो मान्न तयार छैन। सांख्यको प्रकृति स्वतन्त्र छ भने गीताको मतमा प्रकृतिको अध्यक्ष छ ईश्वर। त्यति मात्र होइन व्यक्तिका सम्पूर्ण क्रियाकलापको निरीक्षक र प्रेरक पनि ईश्वरै हो। अतएव ईश्वरकै निर्देशन र अध्यक्षतामा प्रकृति जगत्‌को सृष्टि गर्दछे। त्यसो नभए जडरूप उसको सृष्टि गर्ने सामर्थ्य कसरी सम्भव हुन्थ्यो ? यही कुरा भगवान् भन्नुहुन्छ–

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम्।
हेतुनानेन कौन्तेय जगद्विपरिवर्तते ॥

अर्थात् मेरो अध्यक्षतामा प्रकृतिले चराचर जगत्‌को सृष्टि गर्छिन्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसै कारण जगत्को संचालन भइराखेको छ ।

अपरा प्रकृतिरूप जगत्को वर्णन 'अधिभूत' महद्ब्रह्मको रूपमा पनि गीताले गरेको छ । गीताको सिद्धान्तअनुसार जगत्को उत्पत्ति, स्थिति र लय ईश्वरबाटै हुन्छ । त्यसो भए प्रकृति र पुरुषको सम्बन्ध के र कस्तो रूपमा विद्यमान छ ? भन्ने सम्बन्धमा गीता भन्छ– 'मम योनिर्महद्ब्रह्म तस्मिन् गर्भं दधाम्यहम्' अर्थात् महद्ब्रह्म या प्रकृति योनि हो र म ईश्वर त्यसमा बीजाधान गर्ने पिता । यसबाट के स्पष्ट हुन्छ भने प्रकृति मातृस्थानीय हो र ईश्वर पितृस्थानीय । अर्को कुरा मातृस्थानीय प्रकृति र पितृस्थानीय ईश्वरको सम्बन्धबाट प्रसूत जगत् वेदान्तको जस्तो मायिक या काल्पनिक नभएर यथार्थ हो । किनभने यथार्थ कारणबाट उत्पन्न वस्तु यथार्थै हुनुपर्छ । यथार्थ नित्य हुनुपर्छ भन्ने केही छैन । यथार्थ हुनु र नित्य नहुनु अलग कुरा हुन् ।

जगत्को सृष्टिसम्बन्धमा दुइ बेग्लै सिद्धान्त प्रचलित छन्, तिनमा एक हो परिणामवाद र अर्को हो मायावाद । यिनमा पहिलो (परिणामवाद) अनुसार सृष्टि माटोको परिणाम घट जस्तै यथार्थ हो । अनि अर्को मायावादअनुसार चाहिं सृष्टि मायिक हो, अयथार्थ एवं काल्पनिक । निष्कर्षमा परिणामबादी सांख्यदर्शन अनुसार जगत् विकार हो र मायावादी अद्वैत वेदान्तअनुसार विवर्त । विकारमा दूध दही भए जस्तै वस्तु बदलिएको हुन्छ तर विवर्तमा डोरीमा सर्पभाव भए झैं मात्र हुन्छ, यथार्थ वस्तु हुँदैन । त्यसैले भनिएको छ–

सतत्त्वतोऽन्यथा प्रथा विकार इत्युदीरितः ।
अतत्त्वतोऽन्यथा प्रथा विवर्त इत्युदीरितः ।।

यहाँनिर उक्त दुइ वादमध्ये गीता कुन मत या वादको समर्थक हो भन्ने कुरा तोक्न चाहिं अलि कठिन छ । किनभने 'जगद् विपरीत वर्तते' भनेर विवर्तवादको उल्लेख त्यहाँ पाइन्छ भने 'मयि सर्वमिदं प्रोतम्, मत्तः परतरं नान्यत्, वासुदेवः सर्वमिति' जस्ता अद्वैतपरक वाक्य पनि त्यहाँ पाइन्छन् । यसरी दुवै वादको साझा समर्थक गीतालाई अमुक वादकै समर्थक हो भनेर तोक्नु ठीक पर्दैन । किनभने यो वादभन्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथिको ग्रन्थ भएकोले कुनै खास वादबारे यहाँ आग्रह छैन, बरु समन्वयवादी भएकोले धेरै वादका कुरा यहाँ परेका छन् । कुनै वाद-विशेषलाई पृष्ठभूमि तुल्याएर रचिएको ग्रन्थ सार्वजनीन र सार्वभौम नभएर एक पक्षको मात्र आदर पाउने हुन्छ । तर गीता कुनै पक्ष-विशेषमा मात्र सीमित नरही देश र कालको घेरामा पनि बद्ध नभएकोले यो सार्वकालिक र सार्वभौम पनि देखिन्छ ।

जीवतत्त्व गीताको परा प्रकृतिमा पर्दछ । अपराभन्दा उत्कृष्ट र चेतन पनि भएकोले यसलाई परा भनिएको हो । तेह्रौं अध्यायमा भनिएको क्षेत्रज्ञ पनि यही हो । क्षेत्रको अर्थ खेत र शरीर हुन्छ । जसरी खेत छरिएको बीज धारण गर्छ त्यसरी नै शरीरले पनि गरेका कर्महरू धारण गर्छ । शरीर र त्यसका कर्महरूलाई पनि जान्ने भएकोले उसको नाम क्षेत्रज्ञ रह्यो । देही या आत्मा शब्दले व्यवहार गरिने पनि उही हो । यो आत्मा अजर, अमर एवं अविनाशी छ भन्ने कुरा दोस्रो अध्यायमा यथार्थ रूपले स्पष्ट पारिएको छ । विभिन्न शरीर लिनु र छोड्नु पुराना लुगा छोडी नयाँ लुगा फेर्नु जस्तै हो । यौटै सूर्यले जसरी जगत्लाई प्रकाशित गर्छन् त्यसरी नै क्षेत्रीय आत्माले क्षेत्ररूप शरीरलाई प्रकाशित गर्छ 'क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत' यस कथनले एकात्मवादलाई समर्थन गरेको देखिन्छ । यो जीव पनि अरू थोक नभएर अंशीरूप परमात्माको अंश हो । त्यसरी व्यष्टि वा जीवतत्त्वपछि समष्टि वा ब्रह्मतत्त्वबारे गीताले प्रकाश पारेको छ । यस सम्बन्धमा अष्टम र त्रयोदश अध्याय बढी सम्बद्ध छन् । ब्रह्मको निर्गुण र सगुण दुवै रूपसित गीता राम्रोसँग परिचित छ । त्यति मात्र नभएर उक्त दुवैको अभिन्नता पनि उसलाई बोध छ–

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।
अशक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ।।

यस श्लोकमा ब्रह्म सब इन्द्रियवृत्तिद्वारा विषय ग्रहण गर्न समर्थ हुन्छ भन्ने एक पक्ष छ भने सर्वेन्द्रिय रहित छ भन्ने अर्को पक्ष छ । यसै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी सर्वविध देहादि सम्बन्ध रहित छ भने 'सर्वभृत्' शब्दले सबैको धारक छ भन्ने पनि बोध हुन्छ। त्यो एक दृष्टिले निर्गुण छ भने अर्को दृष्टिले गुणभोक्ता पनि छ। अन्यत्र यस किसिमको द्विविध स्वभाव विरोधी मानिन्छ भने ब्रह्ममा त्यो स्वाभाविक मानिन्छ र ठहरिन्छ।

यसै गरी अर्को श्लोकमा यसलाई चर अचर, दूरवर्ती र निकट-वर्ती, वाहिर र भित्र दुवैतिर भएको भनिएको छ। 'न सत्तन्नासदुच्यते' यस अंशले त्यो सत् असत् दुवै नभएको बताएको छ। अन्यत्र या अरूको लागि यस्ता विशेषण विरोधी, अमिल्दा र दूषण ठहरे पनि ब्रह्मको लागि भने यी भूषण हुन्छन्। किनभने परब्रह्म देश, काल, निमित्त आदि समस्त उपाधिरहित छ। त्यसो हुँदा सम्पूर्ण चराचर नाश हुँदा पनि ऊ यथावत् नै रहन्छ। अतएव 'यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति' भनिएको छ।

यस बाहेक अर्को पुरुषोत्तम तत्त्व गीतामा वर्णित परम रहस्यमय तत्त्व हो। जसका अनेक नाम र व्यापार छन्। यसलाई कतै सृष्टि, पालन र संहारकर्ता भनिएको छ भने कतै धारण तथा पोषणकर्ता बताइएको छ। पुरुषोत्तम, परमेश्वर, परमात्मा, अव्यय तथा ईश्वर आदि उसैका नाम हुन्–

उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः।
यो लोकत्रयमाविश्य विभर्त्यव्यय ईश्वरः॥

आफ्नो यो नाम हुनमा कारण बताउँदै भगवान्ले भन्नुभएको छ कि म क्षरभन्दा अतीत छु र अक्षरभन्दा पनि उत्तम, त्यसैले पुरुषोत्तम नामले प्रख्यात छु–

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः।
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः॥

यस श्लोकले अक्षरब्रह्म र पुरुषोत्तममध्येको पार्थक्यलाई छुट्टयाएको छ। अर्थात् जड जगत्भन्दा अलग चेतनब्रह्मलाई अक्षर ब्रह्म भनिन्छ र जुन ईश्वर यस विश्वब्रह्माण्डमा व्याप्त भएर पनि त्यस-भन्दा अलग या पृथक् छ त्यसकै नाम हो पुरुषोत्तम।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पदार्थ विभाजनको दृष्टिले जीव, ब्रह्म र पुरुषोत्तम साध्यतत्त्वमा पर्दछन् र साधनतत्त्वका मार्ग पनि तीन छन् कर्मयोग, उपासना या भक्तियोग र ज्ञानयोग। छवटा आस्तिक दर्शनमध्येको अन्यतम मीमांसा दर्शन ज्ञानको अपेक्षा कर्मलाई प्रधानता दिने दर्शन हो। उसको दृष्टिमा उपनिषत्को तात्पर्य पनि कर्मयोगमै छ। यस किसिमको कर्मवादी मीमांसादर्शन र गीताको कर्मयोगमा तात्त्विक भिन्नता छ। त्यो भिन्नता अनुष्ठानमा मात्र नभएर लक्ष्यप्राप्तिमा समेत छ। मीमांसादर्शन फलद्वारा अभिप्रेरित भै स्वर्गप्राप्तिको लागि कर्म गर्ने निर्देशन गर्छ भने गीता कर्तव्यरूपले कर्म गर्ने प्रेरणा दिन्छ। त्यसो हुँदा मीमांसाको कर्मवादमा स्वार्थ या आसक्ति मिसिएको हुन्छ भने 'कर्मयोग' मा निःस्वार्थ तथा अनासक्तिको भाव हुन्छ। स्वकर्मानुष्ठान हुँदा र गर्दा भगवद् चर्चा साथै हुने र त्यसबाट सिद्धि प्राप्त हुने कुरामा गीताको दृढ धारणा छ 'स्वकर्मणा तमभ्यर्च्य सिद्धि विन्दति मानवः' यस रूपमा।

गीताको ज्ञानयोग या ज्ञाननिष्ठालाई सांख्यनिष्ठा भनिन्छ। सांख्यदर्शन पनि ज्ञानयोगको प्रतिपादक हो तर गीताको ज्ञानयोग सांख्यभन्दा केही फरक छ। सांख्ययोग प्रकृति पुरुषको विवेकलाई ज्ञान भन्छ 'द्रष्टृदृश्ययोः संयोगो हेहहेतुः' तर गीता भने 'सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि' यस रूपमा आत्मगत एकत्व भावलाई ज्ञान मान्छ। अर्को कुरा गीता शुष्क ज्ञानलाई होइन भक्तिमिश्रित ज्ञानलाई महत्त्व दिन्छ। गीतामा भक्तियोगको परमार्थ हो शरणागति अर्थात् सर्वात्म भावले ईश्वराश्रित हुनु। यसरी सर्वात्मभावले आश्रित हुन चाहनेलाई परमात्माबाट पनि निरापद सहयोग मिल्छ, सहानुभूतिको हात बढाइन्छ– 'अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि माशुचः'

संक्षेपमा यिनै हुन् गीतामा प्रतिपादित सिद्धान्त र व्यवहार पक्ष जहाँ पराप्रकृति, अपराप्रकृति र साधनायोग समेतको समीचीन उल्लेख छ।

संस्कृत भाषा र शास्त्रहरूको अध्ययन अध्यापनको कमीले स्वधर्म, स्वकर्तव्य र निजी स्वरूपको ज्ञान गर्न खोज्नेलाई ती कुरा पत्ता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लगाउन बडो गाह्रो पर्दै गएको छ । नयाँ पिंडीका युवक युवती त झन् ती कुरामा बढी अलमलिएका पाइन्छन् । धेरै शास्त्र छानबीन गरी ती कुरा पत्तालगाउन सजिलो कुरा पनि छैन ।

गीता आकारमा छोटो, मूल्यको दृष्टिले अति सरल र सुलभ पनि त्यत्तिकै भएकोले यसको मात्र ज्ञान गर्न सके पनि वैदिकधर्म-संस्कृतिको पूरा ज्ञान गरेको ठहर्छ । कर्म, भक्ति र ज्ञानको सम्बन्धमा परिमित एवं परिष्कृत शब्दले गीतामा जो भनिएको छ त्यही नै सम्पूर्ण वैदिक वाङमय, स्मृतिशास्त्र र पौराणिक साहित्यको सार हो । अत एव जुनसुकै उमेरका नर हुन् या नारी तिनीहरूले स्वाध्यायको रूपमा गीतापाठ र त्यसको अर्थ बुझ्न आवश्यक छ । पुस्तकपूजा र दानको महत्त्व त आफ्नो रूपमा छदैंछ । यही कुरा माहात्म्यमा पनि भनिएको छ 'गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः' भनेर ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवधूत दत्तात्रेय

गंगाकिनारको यौटा रूखमुनि मास्तिर आँखा लगाएर निस्फिक्री रूपमा पल्टिरहेका अवधूतलाई देखी यदुको मनमा कुतूहल पैदा भयो। एकछिन त उनले हेरे मात्र, पछि नसोधी सुख पाएनन्। नजीकमा गई नमस्कार गरेर भने। यतिवर! जिज्ञासापूर्तिको लागि यहाँसित प्रश्न गर्दैछु। यस धृष्टताको लागि पहिल्यै क्षमाप्रार्थना गर्दछु।

मेरो जिज्ञासा के हो भने व्यावहारिक क्षेत्रका धेरै मानिस मैले देखेको र तीमध्ये कतिपयसित लेनदेन, विधिव्यवहार र बसउठ समेत हुने गरेकोले बढी परिचय छ। तर त्यसरी परिचितमध्ये कुनैको पनि यहाँको जस्तो निस्फिक्री र आनन्दीपन देखिंदैन। यहाँलाई युवक भैकन पनि बालकको जस्तो कर्मासक्तिबाट शून्य भएर रहेको देखिन्छ। साधारणतया मानिसको धर्म, अर्थ, काम र आत्मविचार प्रतिको जो लगन हो तिनको पछाडि आयु, यश र मंगलकामना प्रेरक रहेका पाइन्छन्। तर म यहाँ के देखिरहेको छु भने तपाईं स्वयं समर्थ, पण्डित, निपुण र सौभाग्यशाली भएर पनि जड, उन्मत्त र पिचाशग्रस्त व्यक्ति जस्तो बिल्कुल निस्पृहरूपको देखिनुहुन्छ। हामी जस्ता व्यावहारिक क्षेत्रका सबैमा अमिटरूपको कामको प्रभाव छ, लोभको दबाव छ। यस्तै प्रभाव र दबावमा थिचिंदै र मिचिंदै दाईंमा जोतिएका गोरू जस्तो गरी ती आयु व्यय गरिरहेका छन्। अरूको त के कुरा गरौं खुद म आफू पनि त्यति निश्चिन्त र शान्त बन्न सकेको छैन। तर यहाँ भने गर्मीको बेला शीतल गंगाजलमा डुबेको मत्ताहात्ती जस्तो आनन्दसित लडिरहनु भएको छ।

'जनेषु दह्यमानेषु कामलोभदवाग्निना।
न तप्यसेऽग्निनामुक्तो गंगाम्भस्थ इव द्विपः॥'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेधावी यदुले जिज्ञासापूर्वक यसरी प्रश्न गरेपछि मनमोजी अवधूत भन्छन्– राजन्, खँदिलो अनुभव र परिष्कृत ज्ञान नभै कोही यहाँ शान्तिपूर्वक रहन सक्तैन । ईश्वरको सृष्टिमा ज्ञानका स्रोत विभिन्न रूपले छरिएका छन् तिनलाई संकेर बुझेर लिन सक्नुपर्छ, अनि मात्र व्यक्ति निःस्पृह रहन सक्छ । मैले पनि त्यस्ता विभिन्न स्थावर र जंगम वस्तु एवं व्यक्तिबाट अनुभव बटुलेको छु र तिनलाई गुरु मानेको छु । सोझै उपदेश नदिए पनि प्रेरणाप्रदान गर्ने ती मेरा गुरुहरूको संख्या पूरै चौबीस छ ।

सबको विस्तृत विवरण सम्भव नभए पनि गुरुहरूको नाम र प्रेरक अंशबारे संक्षिप्तमा प्रकाश पार्दछु । पृथिवी, वायु, आकाश, जल, अग्नि, चन्द्रमा र सूर्य, परेवा, अजगर, सिन्धु र पुतली, मौरी र हात्ती, भ्रमरो, हरिण र माछो, पिंगला वेश्या, कुरर (पक्षी), बालक एवं कुमारी, लोहकार, सर्प, माकुरो र कुमालकोटी यति मेरा गुरु या प्रेरक छन् । जसबाट केही सिकिएको छ तिनलाई गुरु मान्ने परिपाटी अनुसार मैले यसो गरेको हुँ । शास्त्रको निर्देशन छ जसबाट एक अक्षर मात्र सिकेको छ उसलाई पनि गुरुरूपमा आदर गर्नू ।

अँ, यी गुरुहरूबाट सिकेको ज्ञान संक्षेपमा बताउँछु । पृथ्वीबाट मैले सहनशील बनी अविचल रूपमा रहने कुरा सिकेको छु भने वायुबाट विषयमा लिप्त नबनी स्वस्वरूपमै रहनुपर्ने कुरा बुझेको छु । आत्माको व्यापकता आकाशबाट, स्वच्छता मधुरता र स्निग्धता जलबाट, किरणको सम्पर्क सर्वत्र भए पनि त्यसबाट उनमा कुनै विकार नदेखिएकोले सूर्यबाट आत्माको निर्लिप्तता, कृष्णपक्षमा घटेको देखिए पनि पूर्णिमामा गएर पूर्ण हुने चन्द्रबाट आत्माको अपरिवर्तनशीलता बुझेको छु । पोथी र बचराहरू जालमा परेको देखेर मायाले बाँधिई आफू पनि सोही व्याधाको बन्धनमा परेर प्राण छाड्ने परेवाबाट घर गृहस्थीमा ज्यादा लिप्त हुनु हुन्न भन्ने शिक्षा पाएको छु । यसरी जस-जसबाट शिक्षा वा उत्प्रेरणा मिलेको छ तिनलाई गुरुरूपमा स्वीकारेको छु । व्यक्तिलाई आफ्नो अनुभव बढाउने साधन यसरी नै छरिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अगाडिका मेरा उत्प्रेरकमध्ये अजगरबाट जीवनवृत्तिको लागि जे जस्तो मिल्दछ त्यसैबाट सन्तुष्ट रहने कुरा सिकेको छु र सागरसित गम्भीरता। असंचयीपनमा हुरीबाट सिकेको छु भने भ्रमराबाट सारग्राहिता। स्त्री सम्पर्कबाट जोगिनुपर्ने कुरा हात्तीबाट सिकेको छु र ग्राम्यगीतमा लठ्ठ पर्न नहुने कुरा मृगबाट बुझेको छु। मांसखण्डको लोभले जीवन गुमाउने माछाबाट जिब्रोको वश पर्न नहुने कुरा सिकेको छु भने वेश्याबाट पनि केही प्रेरणा पाएर गुरु मानेको छु। विदेह नगरमा पिंगला नाम गरेकी वेश्याको शरीर बिक्री गरी त्यसबाट आएको आर्जनले जीवनयापन गर्ने चलन रहेछ। एक दिनको कुरा हो शृंगार गरेर आफ्नै दैलोमा गह्राकीको प्रतीक्षामा रहँदा अबेरसम्म कोही गह्राकी नमिलेकोले वैराग्य जागेर आयो–

आशा हि परमं दुःखं नैराश्यं परमं सुखम्।
यथा संछिद्य कान्ताशां सुखं सुष्वाप पिंगला॥

अर्थात् आशा परम दुःखको कारण हो भने नैराश्य परम सुखको हेतु, त्यसैले प्रियको आशालाई त्यागेर पिंगला सुखले सुती। एतावता आशापाशमा कुण्डेर दुःखको भुमरीमा लहराउनुभन्दा नैराश्य अवलम्बन गरी सुखी रहनु धेरै वेश लाग्यो। यसैगरी आँखालाई लोभ्याउने स्त्री, सुन, मूल्यवान् वस्त्र आदिमा लोभिएर जीवन बरबाद पार्नु हुँदैन भन्ने कुरा पुतलीबाट सिकें।

कुरर (चखेवा) पक्षीलाई पनि मैले गुरु पंक्तिमा एक गनेको छु, जसले यौटा मासुको टुक्रो च्याप्ता अरू कैयौं सजातिको हमलामा परेको थियो र त्यो खसालिदिएपछि आनन्दी भयो। यसबाट धेरैको आँखा लागेको वस्तु लिनु सबैको आँखे बन्नु हो भन्ने कुरा मैले सम्झें। अनुकूल प्रतिकूल जस्तोसुकै स्थितिमा आनन्दी रहने कुरा मैले बालकबाट सिकें। स–साना कुराले प्रभावित बन्ने व्यक्ति कहिल्यै आनन्दको अनुभव गर्न नपाउने रहेछ।

प्रायः सबै डराउने विषधारी सर्पदेखि विनाघर रहने बानी वसाल्नु वेश रहेछ भन्ने कुरा मैले सिकें। मूसा आदिले बनाएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुलोमा रही जीवन निर्वाह गर्ने सर्प घर बनाउने झन्झटबाट त मुक्त छँदैछ साथै त्यसलाई छोड्नु पर्दा पनि चिन्ताग्रस्त बन्दैन । घर हुनेको लागि पनि यो कथन प्रसिद्ध छ, बस्ता नचुहियोस् छोड्नु पर्दा चित्त नदुखोस् ।

जुनसुकै काम तन्मयतापूर्वक गर्नुपर्ने कुरा एक लोहकारबाट सिकें, जसले कार्यरत रहँदा बडो समारोहसाथ भएको राजाको सवारी पनि पत्तो पाएन । प्राणी जसमा तन्मय रहन्छ त्यो त्यही स्वरूप बन्छ भन्ने कुरा कुमालकोटीको गुंडमा बन्द रही त्रस्त बनेको कीराबाट सिकें । बिल्कुल विवादरहित हुन एक्लै रहनुपर्ने कुरा कुमारीको कुराबाट सिकें भने सृष्टि र लय गर्ने ईश्वरको स्वभाव माकुरोबाट बुझें, अनि परिवर्तनशील आफ्नै शरीरबाट वैराग्यको तथ्य बुझें ।

अवधूत दत्तात्रेय प्रसिद्ध अत्रि ऋषि र विदुषी अनुसूयाका पुत्र थिए । अत्रि ऋषिका तीन पुत्रमध्ये दत्तात्रेय विष्णुका अंश मानिन्छन् । शुकदेव स्वामी जस्तै परमहंस यिनीद्वारा उपदिष्ट अवधूतगीता प्रसिद्ध छ । हैहय कुलका अधिपति सहस्रार्जुनले दत्तात्रेयको प्रसाद प्राप्त गरी हजारहात र अपरिमित बल पनि प्राप्त गरेका थिए । अणिमा, महिमा आदि गरिएका अष्टसिद्धि र योगसिद्धि पनि गुरुप्रसादद्वारा उनलाई प्राप्त थियो ।

भक्तवर प्रह्लादलाई वेदान्त सम्बन्धी ज्ञान पनि यिनै अवधूत दत्तात्रेयबाट मिलेको प्रसिद्धि छ । आत्मज्ञानको परिपाक यस्तै अवधूतमा गएर प्रतिफलित भएको देखिन्छ । जब आत्मसत्ता नै एकमात्र आश्रयणीय हुन्छ तब मात्र साधकलाई यो स्थिति प्राप्त हुन्छ । यो हो साध्यावस्थाको परिपाक भै प्राप्त हुने सिद्धावस्थाको स्थिति । यो स्थिति प्राप्त भएपछि अनुकूलमा अनुराग र प्रतिकूलमा द्वेष भन्ने कुरा हुँदैन, त्यसैले व्यक्ति समभाव र समस्थितिमा पुग्दछ । अवधूत दत्तात्रेय यस्तै समभाव र समस्थितिका सिद्ध हुन् ।

अवतारका बिभिन्न लक्ष्य या उद्देश्य हुन्छन्, तिनमा अंशावतार रूपले प्रसिद्ध दत्तात्रेय साधनापूर्ति गर्दै सिद्धावस्थाको स्वरूप दर्शाउन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको बुझिन्छ । प्रह्लादले जिज्ञासापूर्वक सोधेको वेला उनले आफ्नो परिचयको रूपमा जुन स्वरूप बताएका छन् त्यो त्यस्तै सिद्धावस्थाको स्वरूप देखिन्छ । अवधूत दत्तको कार्यक्षेत्र या साधनाभूमि हरिद्वारको कुशावर्त रहेको कुरा त्यहाँ विद्यमान मूर्ति र प्रसिद्धिबाट अवगत हुन्छ ।

नेपालको राजधानीका प्रसिद्ध शहरमध्येको एक भक्तपुरमा विद्यमान दत्तात्रेय मन्दिर र त्यससित सम्बद्ध पुजारीमठ काष्ठकलाको दृष्टिले एक उत्कृष्ट नमूना देखिन्छ । मल्लवंशमध्येका अन्यतम विश्व मल्लद्वारा रचित यस मन्दिरले विशिष्ट धार्मिक भावको साथै उत्कृष्ट कलाप्रेमलाई पनि एकैसाथ दर्शाउँछ । नित्यपूजा र बीच बीचमा पर्ने प्रसिद्ध तिथिमितिमा गरिने विशेष विधिका लागि पनि पुग्ने गरी गुठीको व्यवस्था संस्थापकले गरेका थिए । शिवरात्री महापर्वमा पशुपतिनाथको दर्शनार्थ आउने तीर्थयात्रीमध्ये बहुसंख्यकले दत्तात्रेयको दर्शन पनि गर्ने गरेको देखिन्छ । अन्य पर्यटकको लागि उत्कृष्ट वास्तुकलाको दृष्टिले यो मन्दिर दर्शनीय मानिएको छ ।

यस देशको चाहे राजधानी होस् चाहे अन्य क्षेत्रका रस्तीवस्ती त्यहाँ बनेका देवमन्दिर, धर्मशाला, सत्तल, देवालय आदिको निर्माण धार्मिक भावले अभिप्रेरित भएर नै भएका हुन् । जनसमुदायमा त्यसरी धार्मिक भाव जाग्रत पार्ने काम हाम्रा धार्मिक ग्रन्थ श्रुति, स्मृति, पुराण र धर्मशास्त्रको माध्यमले तिनका व्याख्याताहरूबाट भएको थियो । त्यसरी परेको प्रभावबाट यहाँ यति मठ–मन्दिरहरू बने कि जसले गर्दा यो मन्दिरै मन्दिरको देशको रूपमा प्रख्यात बन्यो । तर परिवर्तित जन-भावना, आर्थिक मन्दी, व्यवस्थापनको कमी जस्ता कुराले बनेका ती मठ–मन्दिरको समुचित स्याहार संभार गर्न नसक्ने मात्र होइन मूर्ति नै बेचेर पनि आर्थिक लाभ लिन लाज नमान्ने अहिलेको पिंडी भएको छ । यसको सुधार कसरी होला ? गम्भीर रूपमा सोच्नुपर्ने अवस्था आएको छ । संक्षेपमा आफूमा विद्यमान संस्कारको क्षीणता नै यस्तो हुनुमा कारण देखिन्छ ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीर्थश्राद्ध एवं गयाश्राद्ध

प्रकृतिले प्रदान गरेको स्वभावअनुसार मानवमात्र नभै मानवेतर प्राणीमा पनि सन्तान प्राप्त गर्ने र तिनीहरूप्रति स्नेह प्रकट गर्ने बानी हुन्छ। साझारूपमा प्रकृतिको यस्तै उदार स्वभावले होला जलचर, स्थलचर र नभचर प्राणीको समान रूपले अस्तित्व कायम भएको। नत्र यस किसिमको एकरूपता पाइँदैनथ्यो होला।

हिन्दूधर्म सम्प्रदायमा जे जस्तो रूपले सन्तान प्राप्त गर्नु मात्र पर्याप्त मानिंदैन, किन्तु त्यो सन्तान आफ्नो वर्ण, धर्म र सम्प्रदायमा प्रचलित विधिअनुसार वैवाहिक सम्बन्ध कायम भएकी स्त्रीमा जन्मेको र तदनुसार संस्कार गरिएको हुनु पनि त्यत्तिकै आवश्यक छ। उपर्युक्त विधि मिलेर जन्मेको छोरालाई नै पुत्र भनिन्छ र यस शब्दको व्युत्पत्ति 'पुन्नाम नरकात्त्रायते इति पुत्रः' यस्तो गरिएको छ। अर्थात् जो आफ्ना पितृलाई पुन्नामको नरकबाट रक्षा गर्छ त्यसको नाम पुत्र हुन्छ। पुत्रको पुत्रता सिद्धिको लागि तीन काम आवश्यक मानिएको छ। ती तीन काम हुन् जीवित छउन्जेल आज्ञापालन गर्ने, शरीर छुटेपनि सम्बद्ध तिथिमा श्राद्ध गर्दै श्राद्धलायक बहुसंख्यकलाई भोजन गराउने अनि तेस्रो चाहिं गयामा गै पिण्ड दान गर्ने–

जीविते वाक्यकरणात् क्षयाहे भूरिभोजनात्।
गयायां पिण्डदानाच्च त्रिभिः पुत्रस्य पुत्रता ॥

उक्त रूपमा उल्लेख भएका तीनै कुरा समानै रूपले महत्त्व राख्ने गरी प्रसिद्ध छन्। जुनसुकै समाज र त्यसअन्तर्गतका सम्प्रदायको आफ्नो रूपको केही निजीपन र अलग अस्तित्व हुन्छ। यस्तै निजीपन संस्कृति र संस्कार रूपले त्यस सम्प्रदायसित सम्बद्ध रहिआएको हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस सम्प्रदायलाई अलग अस्तित्व दिई बचाइराख्ने मूलतत्त्व पनि त्यही हुन्छ। अहिले विकसित र प्रबुद्ध मानिएको समाजको रीतिस्थिति एवं चालचलन त्यस्तो पनि देख्न सुन्न पाइन्छ जहाँका बालबालिका हात गोडा लागेर वयस्क बनेपछि अभिभावक आमा बाबुप्रति त्यति चासो राख्दैनन् र अभिभावकको पनि उनीहरूप्रतिको संलग्नता कम हुन्छ। त्यति मात्र नभै पैतृक सम्पत्तिमा अनिवार्य हक पनि त्यहाँ मानिँदैन। यस्तै उन्मुक्तस्थितिमा त्यो समाज चलेको छ।

हिन्दू समाजको पारिवारिक स्थिति र स्वरूप केही भिन्न छ। यद्यपि यहाँ पनि वयस्क बनेका सन्तान अलग रूपमा आफ्नो अस्तित्व कायम गरी नरहने होइनन् तर पनि अभिभावकप्रतिको रेखदेख सम्बन्धी उनीहरूको कर्तव्य आजीवन नै अनिवार्य मानिन्छ, यही नै यहाँको धर्म हो। 'मातृदेवो भव, पितृदेवो भव' भनेर आर्यधर्मले यही कुरा सिकाएको छ। शास्त्रले निर्देशन गरेको कुरा नमान्नु, शिष्टले देखाएको बाटो नहिँड्नु मर्यादाको अतिक्रमण हो, अधार्मिकताको अनुसरण हो। त्यसले यस लोकमा दुर्नाम चल्छ र परलोकमा दुर्गति। यसरी दुवै लोक बिग्रने काम नगर्नु उच्च समझदारी हो, ठूलो बुद्धिमानी हो।

वस्तुगत यथार्थता विचार गर्दा आमा, बाबु, गुरुको सम्मान व्यक्तिपूजा मात्र नभै एक शिष्टपरम्पराको निर्वाहमा पुऱ्याइने सहयोग पनि हो, जसले त्यागपूर्वकको मर्यादित जीवनका आदर्शलाई अविच्छिन्न रूपमा अगाडि बढाउन मद्दत गर्छ। यसै मर्यादा अन्तर्गत सजीव छउन्ज्याल पालन तालन, स्याहार सुसार, रेखदेख जस्ता कुरा गर्दै आमा बाबुप्रति सहयोग पुऱ्याउनु आवश्यक मानिन्छ भने शरीर छुटेपछि आफ्नो सम्प्रदायमा प्रचलित और्ध्वदेहिक क्रिया सम्पन्न गर्नु पनि त्यत्तिकै आवश्यक ठानिन्छ। यो देखिएको, भोगिएको र अनुभव गरिएको कुरा हो कि यौटै देश र समाजका विभिन्न वर्गमा अन्त्येष्टि र और्ध्वदेहिक क्रिया भिन्न वा अलग हुन सक्छन्। तर त्यसरी भिन्न वा बेग्लै रूपका विधि सम्पन्न गरिँदा देहान्त भएका व्यक्तिको सुगति एवं कल्याण भएको ठान्नुमा चाहिं आत्मविश्वास नै कारण हो भनेर मान्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वाभाविक पर्छ ।

सनातनधर्मले निर्दिष्ट गरेअनुसार कुनै पनि व्यक्तिको निधन भएपछि निधन भएको तिथिमा गरिने एक विधि हुन्छ जसलाई श्राद्ध भनिन्छ । यस श्राद्धको परिभाषा धर्मशास्त्रमा यसरी गरिएको छ–

प्रेतं पितॄंश्च निर्दिश्य भोज्यं यत्प्रियमात्मनः ।
श्रद्धया दीयते यत्र तच्छ्राद्धं परिकीर्तितम् ।।

अर्थात् प्रेत र पितृलाई उद्देश्य गरेर आफूलाई प्रिय लाग्ने भोज्यवस्तु श्रद्धापूर्वक अर्पण गर्नुलाई नै श्राद्ध भनिन्छ । धर्मशास्त्रका बहुसंख्यक अंशले श्राद्धको उद्देश्य, आवश्यकता र विधि सम्बन्धमा पनि विस्तृत रूपले प्रकाश पारेका छन् । त्यसो हुँदा यसको महत्त्व अत्यधिक मात्रामा रहेको कुरा स्वतः स्पष्ट हुन्छ । श्राद्धको महत्त्व प्रदर्शन गर्ने प्रसंगमा यसो भनिएको छ कि जो पितृ हुँदैनन् या छेनन् भनेर श्राद्ध गर्दैन अप्रत्यक्ष रूपमा उसको रगत पितृहरू पिउँछन्।

नित्य, नैमित्तिक, काम्य, वृद्धि, सपिण्डन, पार्वण आदि श्राद्धका अनेक भेद छन्, तीमध्ये तीर्थश्राद्धबारे यहाँ केही चर्चा गरिन्छ । पितृको तृप्ति एवं उद्धारलाई लक्ष्यराखेर तीर्थमा श्राद्ध गर्ने शास्त्रीय विधान छ । यस्ता तीर्थमा गंगातट, नदीसंगम, प्रसिद्ध सरोवर, कुण्ड, हिमपर्वत, विष्णुपद आदिको गणना गरिएको छ । गयाश्राद्ध पनि तीर्थश्राद्ध अन्तर्गत नै पर्दछ । यस किसिमका तीर्थश्राद्धमा आसन, पिण्डदान, दोहऱ्याएर प्रत्यवनेजन, दक्षिणा र अन्नसंकल्प प्रमुख विधि मानिन्छ । अर्को यौटा याद राख्नुपर्ने कुरा के छ भने एकोद्दिष्ट वा पार्वणश्राद्ध गर्दा पहिले तर्पण र पछि पिण्डदान गरिन्छ भने तीर्थश्राद्धमा पहिले पिण्डदान गरी तिनै प्रत्येक पिण्डमाथि तर्पण गरिन्छ ।

धर्मशास्त्रकारहरूले तीर्थश्राद्धमध्ये गयाश्राद्धलाई अत्यधिक महत्त्व दिएर उल्लेख गरेका छन् । हुन त गयाक्षेत्रमा श्राद्ध गर्ने ठाउँ धेरै छन्, तर पनि फल्गुनदी, विष्णुपद र अक्षयवट यी तीन ठाउँचाहिं अनिवार्य मानिन्छन् । माथि पुत्रको पुत्रता सिद्धिको लागि बताइएका तीन कुरामध्ये गयाश्राद्ध पनि एक हो । अघिपछि घरमै श्राद्ध गर्दा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षड्गयाको उच्चारण, गयागमन जस्ता कुरा अंगरूप मानिन्छन् । गयाको मध्यवर्ती भएर बग्ने फल्गु नदीको उत्पत्ति सम्बन्धमा ब्रह्माजीको प्रार्थनाले स्वयं भगवान्‌विष्णु द्रवीभूत भएर बगेको भन्ने कथन छ । यद्यपि यी नदी वर्षाकाल बाहेक अरू वेला त्यति प्रत्यक्ष देखिन्नन् र यसो हुनमा सीताजीको श्राप कारण हो भनिन्छ । तर थोरै मात्र बालुवा खोस्रदा सहजै जल पाउन सकिन्छ जसलाई शुद्ध रूपले काममा प्रयोग गर्न सकिन्छ ।

यतिखेर गयाश्राद्धको यति ठूलो महत्त्व मानिनुमा के कारण छ ? भन्ने बारे जिज्ञासा लाग्नु स्वाभाविक भएकोले त्यसबारे अलिकति दिग्दर्शन गराइन्छ । तारकासुरको छोरो त्रिपुरासुरको गयासुर नाम भएको पुत्र थियो । १२५ योजन लामो र ६० योजन चौडा शरीर भएको गयासुर ठूलो पराक्रमी र विष्णुभक्त थियो कोलाहर पर्वतमा श्वास रोकी उसले कँयौं हजार वर्ष तपस्या गऱ्यो । दानवको तपस्याले त्रस्त बनेका देवताहरू ब्रह्मा, विष्णु र शिवसहित गयासुरको निकट पुगे र इच्छाअनुसानको वर माग्न आग्रह गरे । असुरले पनि आफूलाई द्विजाति, गाई, यज्ञ, तीर्थ, नदी, गिरि, समुद्र र ऋषिहरूभन्दा पनि पवित्र तुल्याउने अनुरोध गरेकाले त्यसैअनुसारको वरदान उसलाई मिल्यो । त्यसको परिणाम के हुन आयो भने सबैजना गयासुरको दर्शनले पवित्र बनी वैकुण्ठ जाने भए । त्यसले गर्दा नरक खाली भयो, यमराज निष्क्रिय बने । यसरी विना अपराध आफ्नो अधिकार खोसिएको हुँदा ब्रह्मा समक्ष यमले उजूर गरे । ब्रह्माले पनि यो उजुरी विष्णु समक्ष पुऱ्याए । विष्णुले देवगणसहित ब्रह्मालाई गयासुरको शरीर यज्ञको निमित्त माग्न पठाए ।

ब्रह्माजी सहितको देवगण आफ्नो समक्ष उपस्थित भएको देखेर गयासुरले अति नै प्रसन्न बनेर भने मेरो लायक कुनै सेवा छ भने त्यसको लागि म तयार छु । त्यसै अवसरमा ब्रह्माजीले भने अरू सब कुराभन्दा तिम्रो शरीर पवित्र भएकोले यज्ञको लागि त्यही नै माग गर्छौं । गयासुरले त्यो माग मन्जूर गरी कोलाहर पर्वतबाट नैऋत्य-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिशामा शिर र दक्षिण भागमा दुवै गोडा पसारेर सुत्यो। ब्रह्माजीले त्यसपछि मनद्वारा यज्ञीय ब्राह्मण सृष्टि गरी यज्ञ गराए। यज्ञको पूर्णाहुति भएपछि यूप (मौलो) लाई ब्रह्मसरोवरमा राखे। त्यसरी यज्ञ समाप्त भएपछि गयासुरको शरीर हल्लन थाल्यो। अनि त ब्रह्माले यमराजलाई अह्राए तिमीकहाँ भएको शिला यसको मस्तकमा ल्याएर राख।

त्यसरी यमराजले ल्याएर शिला राख्ता पनि शिलै सहित शरीर हल्लियो। अब यसको रोकथामको लागि विष्णुसित अनुरोध गरियो र भगवान् विष्णु जनार्दन, पुण्डरीकाक्ष र गदाधर तीन रूपले त्यस शरीरमा रहनुभयो र ब्रह्माजी पितामह, फल्गवीश, केदार, कनकेश्वर र गजानन नामका पाँच रूपले रहे भने सूर्य गयादित्य, उत्तरार्क र दक्षिणार्क नामले रहे। लक्ष्मीजी सीता नामले, गौरी मंगला नामले र सरस्वती सन्ध्या, गायत्री र सावित्री रूपले रहिन्। अरू रूद्र, वसु आदि देवता पनि त्यहाँ बसेपछि गयासुरले दीन बनेर भन्यो देवगण ? मलाई किन यसरी सबैले थिचेर कष्ट दिएको ? के म भगवान्को आदेशअनुसार चल्न तयार छैन र ? जसो भन्यो उसै गर्न म तयार छु।

उसको यस्तो करुण वचन सुनेपछि भगवान्ले खुशी भएर वर माग्ने आज्ञा गर्नुभयो। तब गयासुरले भन्यो जबसम्म चन्द्र सूर्य सहित यो सृष्टिको अस्तित्व रहन्छ तबसम्म यो शिलामा सबै देवगण निवास गरून् र यस क्षेत्रको नाम मेरो नामबाट प्रख्यात बनोस्। लोकहितका लागि सबै तीर्थ यहाँ आई बसून् र जो व्यक्ति यहाँ आई पिण्डदान दिन्छ उसका सहस्र कुल र आफैं पनि मुक्त होओस्। देवगण यहाँ व्यक्त र अव्यक्त रूपले रहून् र भगवान् गदाधर सबैको पूजा ग्रहण गरेर बसून्। जब देवगण यस क्षेत्रलाई परित्याग गर्लान् म पनि प्रतिज्ञा भंग गरी उठ्नेछु। देवगण सहित भगवान्ले यो प्रार्थना स्वीकार्नुभयो।

यसै वेलादेखि गयाश्राद्धको प्रसिद्धि र महत्त्व कायम भयो। यहाँको प्रेतशिला पर्वतमा श्राद्धगर्दा प्रेतयोनि मुक्त हुन्छ भन्ने पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसिद्धि छ ।

श्रीराम सीता र लक्ष्मणसंहित गयाश्राद्धको लागि यहाँ आउनुभएको थियो । रामशिला पहाडको नामकरण त्यसै वेलादेखि भएको हो, जसको फेदीमा अहिले पनि मन्दिर छ । गयाश्राद्ध आश्विन कृष्ण वा पौषो अमावास्यामा गर्नु बढो महत्त्व मानिन्छ ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मकर संक्रान्ति

सौरमानको हिसाबले माघ महीना आरम्भ हुने पहिलो दिनलाई माघे संक्रान्ति भनिन्छ। संक्रान्तिको अर्थ हो संक्रमण हुनु या सर्नु। ग्रहहरू आ–आफ्नो गतिमा घुम्ने जुन मार्ग छ त्यसलाई क्रान्तिवृत्त भनिन्छ। यस वृत्तका बाह्र विभाग छन्, जसलाई राशि भनिन्छ। यस्ता राशि बाह्र छन्, मेष, वृष, मिथुन गर्दै मीनसम्म। सामान्य रूपले यिनै बाह्र राशिमा ग्रहहरू परिभ्रमण गर्छन्। यसअनुसार जुनसुकै ग्रहको संसरणलाई पनि संक्रान्ति भन्न नसकिने होइन र प्राचीन कालमा यस्तो पनि विधि व्यवहार थियो। तर पछि आएर 'रवे: संक्रमणं राशौ संक्रान्तिरिति कथ्यते' भनेर केवल सूर्यसंक्रमणको लागि संक्रान्ति शब्द व्यवहार हुन थाल्यो र अहिले पनि त्यसै अर्थमा यसको प्रयोग हुन्छ।

प्रतिमहीना सूर्य संक्रमण हुने बाह्र संक्रान्तिलाई चार भागमा विभाजन गरिएको छ। यस विभाजनअनुसार उत्तरायण र दक्षिणायन आरम्भ हुने दुइलाई अयनसंक्रान्ति भनिन्छ। यस्ता अयनसंक्रान्तिमा मकर र कर्कटसंक्रान्ति पर्दछन्। दिन र रात प्राय: समान हुनेलाई विषुव संक्रान्ति भनिन्छ र यिनमा मेष र तुलाको गणना हुन्छ। मिथुन, कन्या, धन र मीनलाई षडशीति भनिन्छ। विष्णुपदी या विष्णुपदअन्तर्गत वृष, सिंह, वृश्चिक र कुम्भ संक्रान्ति पर्दछन्। मलमास या अधिकमास पर्दा पनि संक्रान्तिको संख्या बाह्रै हुन्छ। किनभने यस (संक्रान्ति) को सम्बन्ध सौरमानसितै मात्र हुन्छ।

सूर्य संक्रमण हुने संक्रान्तिको प्रमुख सम्बन्ध छ पुण्यकालसित। किनकि संक्रान्ति प्रवेश हुने पछिल्लो ४० घडी याने सोह्र घण्टालाई सामान्य रूपमा पुण्यकाल भनिन्छ र त्यसको पनि अर्धभाग अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आठघण्टा र अरू त्यसमा पनि सूर्योदय हुनु अघिको दुइघण्टालाई त पवित्रतम काल मानिन्छ। कुनै पनि काल या समयविशेषको पवित्रताले पुण्यकृत्यसित सम्बन्ध राख्नु स्वाभाविक ठहरिन्छ। जुनसुकै काम समय सापेक्ष रूपमा हुनु कति आवश्यक छ त्यो भनिरहनु पर्ने कुरा होइन। अतएव 'या याः सन्निहिता नाड्यस्तास्ताः पुण्यतमाः स्मृताः' भनेर संक्रान्तिकालको जति जति नजीक पुण्यकृत्य हुन सक्छन् ती त्यत्ति नै बढी पुण्यकारक हुन्छन् भन्ने कुरा दर्शाइएको छ। संक्रान्तिमा गरिने र गर्नुपर्ने कृत्य के के हुन् त्यो पनि यतिखेरको उल्लेखनीय प्रासंगिक विषय हो। त्यस्ता कृत्य हेमाद्रिमा सामान्य रूपले यसरी उल्लेख गरिएका छन्–

> रवेः संक्रमणं राशौ संक्रान्तिरिति कथ्यते।
> स्नानदानतपःश्राद्धहोमादिषु महाफलाः॥

अर्थात् सूर्यको राशिसंक्रमणलाई नै संक्रान्ति भनिन्छ र यस दिन गरिने स्नान, दान, तपस्या, होम तथा श्राद्धादि क्रिया पनि महाफल-दायी हुन्छन्।

संक्रान्तिको कृत्यले दुइपक्ष उपस्थापन गर्छ। तिनमा पहिलो पक्षले व्रत र दोस्रो पक्षले स्नान, दान आदिसित सम्बन्ध राख्तछ। यस दिन व्रत गर्ने कुराको उल्लेख मत्स्यपुराणमा पाइन्छ। व्रत बस्नेले अघिल्लो दिन मध्याह्नमा एकछाक खाई यस दिन बिहान तिलमिश्रित जलले स्नान गर्ने र तिलैले हवन गर्ने विधान छ। स्नानको लागि सके गंगाजल र उति नभए पनि हिमनदीको स्नान अत्युत्तम मानिएको छ।

संक्रान्तिको दिन नदीस्नान अत्युत्तम मानिने भएकोले जो व्यक्ति यस दिन स्नान गर्दैनन् तिनीहरू सात जन्मसम्म रोगी हुन्छन् भन्ने वचन धर्मसिन्धुमा पाइन्छ–

> रविसंक्रमणे प्राप्ते न स्नायाद्यस्तु मानवः।
> सप्तजन्मसु रोगी स्यान्निर्धनश्चैव जायते॥

साधारण दृष्टि राख्नेहरूले स्नानको सम्बन्ध शारीरिक शुद्धिसित मात्र राखेका हुन्छन् तर त्यति मात्र यसको लक्ष्य होइन। शारीरिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धि त भोजनपछि गरिने स्नानले पनि मिल्न सक्छ, तर यहाँ भने स्नानको विधान सूर्योदयपूर्व नै छ, अतएव यसको सम्बन्ध धर्मसित पनि रहेको छ । त्यसो हुँदा धर्मको उपयोगिता बताउने क्रममा भनिएको छ–

> धर्मः स्वर्गादिसाधनम् ।
> गंगास्नानादियागादि व्यापारः स तु कीर्तितः ।। भा. प.

यसबाट स्नानको सम्बन्ध शारीरिक शुद्धिको साथै चित्त शोधन-सित पनि रहेको पाइन्छ । कुम्भ, मकर जस्ता मेला, नदी संगम, गंगा र ग्रहण स्नानले पनि यसको सम्बन्ध धर्मसित जोडिएको देखिन्छ । पूर्णिमाको समुद्रस्नान पनि यतिखेर स्मरणीय छ । माघे संक्रान्तिको दिन देवघाट, दोलालटाट, शंखमूल, वराहक्षेत्र, रिडी, दमौली आदि नेपालका अनेक ठाउँमा मेला लाग्दछन् भने गंगासागरस्नान यही दिन बढी महत्त्वको मानिन्छ । प्रयागको त्रिवेणी स्नान संक्रान्तिको अर्को विशेषता हो ।

स्नानपछि संक्रान्तिमा गरिने दोस्रो कृत्य छ दान । प्राणिसमु-दायप्रति निःस्वार्थ भावले गरिने दया र दानले धर्मको अभिवृद्धि गर्दछ । हाम्रा शास्त्रमा दानको महत्त्व प्राचीन कालदेखि नै मानिई आएको छ । 'अवन्ध्यं दिवसं कुर्याद्दानाध्ययनकर्मसु' भनेको हुनाले दानलाई नैमित्तिक र काम्य मात्र नभै नित्यैकर्म मानिन्छ । त्यसो हुँदा क्षमता अनुसारको दान गर्दै रहनु वेश हुन्छ । 'श्रिया देयम्, भिया देयम्, संविदा देयम्' भनेको हुनाले दान कल्याण कामनाले दिनुपर्छ, दुर्गतिमा परिएला, परलोक बिग्रेला भन्ने भयले पनि दिनुपर्छ र ज्ञानपूर्वक दिनु त छँदैछ । याद गर्न लायक कुरा के छ भने जस्तोसुकै रूपमा दिनुले मात्र यथार्थ दान हुँदैन । दिएको दान उत्तम र सात्त्विक बनोस् यसको पनि ख्याल राख्नुपर्छ । उदारता र भगवद्भाव दानका प्रेरक तत्त्व हुन् भने श्रद्धा त्यसको मूल धरातल हो ।

दान गर्दा अंग रूपमा चार श्लोक उच्चारण गर्ने विधान मत्स्य-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुराणमा गरिएको छ । जसमध्येको एक श्लोक हो–

यदा भेदंनपश्यामि शिवविष्णवर्कपद्मजान् ।
तथा ममास्तु विश्वात्मा शंकरः शंकरः सदा ।।

श्लोकको अभिप्राय हो, जसरी म ब्रह्मा, विष्णु, सूर्य र शिवमा भेदबुद्धि राख्तिनँ त्यसैले हे विश्वात्मा शंकर मलाई शं याने कल्याण दिनुहोस् ।

रुचिगत भिन्नतालाई अनास्था नगरी विविध नाम र रूपमा उपासना गर्न सकिने स्वतन्त्रता हिन्दूधर्मको विशाल फाँटमा रहेको छ । तर त्यसमा नाम र रूपगत भिन्नताले भेदबुद्धि वा एकोहोरोपन नआओस् भन्ने हिसावले समतावोधक प्रसंग पनि वैदिक, पौराणिक र साहित्यिक आदि ग्रन्थमा समानरूपले पाइन्छन् । अतएव सर्वात्मभावले प्रेरित भै वेलामौकामा दान गर्दै रहनुले कल्याण प्राप्त हुन्छ । त्यस्तो दान संक्रान्ति जस्तो पुण्यकाल, पवित्रस्थल र सुपात्र समेत मिलाएर दिनसके अत्युत्तम ठहरिन्छ ।

स्नान, दानपछि श्राद्ध र होम जस्ता पितृ एवं देवतासित सम्वन्ध राख्ने कृत्य आजका अन्य कर्तव्य ठहरिन्छन् । श्राद्ध होम जस्ता कृत्य सम्पन्न गर्नुले दुइ किसिमका दृष्टिकोण प्रस्तुत गर्छन् । तिनमा एकले पितृ र देवताप्रतिको प्रत्युपकारी भाव दर्शाउँछन् भने अर्कोले पितृलोक र देवलोकसम्म हाम्रो सम्बन्धसूत्र कायम गर्छन् । यसरी कालपरिवर्तन अनुसार वेलामौका दोहरी तेहरी गर्दै आउने चाडपर्वले यस्ता सम्वन्ध सूत्रलाई नवीकरण गर्दै दृढ तुल्याउँछन् ।

संक्रान्ति या संक्रमणले हामीलाई अर्को कुरा पनि संकेत गर्दछ, त्यो के हो भने जीवनावधिमा आयुर्विज्ञानप्रतिको सजगता । यद्यपि क्षण, लव, मास, मुहूर्त आदि नामले व्यक्तिको जीवनसित कालको सम्बन्ध अनिवार्य रूपमै गाँसिएको हुन्छ तर पनि संसार यात्रामा गोता लगाउँदै हिंड्ने मानिसको लागि सामान्य कालयापन नगण्य हुन्छ । त्यसरी नगण्य ठान्नेलाई पनि प्रतिमास पर्ने संक्रान्तिले केही सजग र उद्बुद्ध तुल्याउँछ ।

गतिबोधक अयनसंक्रान्तिले त अझ त्यसमा थप सहयोग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुऱ्याउँछन् । हुन त महाभारत वनपर्वको यक्षयुधिष्ठिरसंवादमा आश्चर्य के हो ? भन्ने प्रश्नको उत्तर दिंदा युधिष्ठिरले भनेका छन्–

अहन्यहनि भूतानि गच्छन्तीह यमालयम् ।
शेषाः स्थावरमिच्छन्ति किमाश्चर्यमतः परम् ।।

अर्थात् प्रतिदिन जीवनावधि सकिएका मानिसहरू यमलोकको यात्रा गर्दैछन् । यस्तो देखेर पनि आयु बांकी रहेकाहरू निर्धक्कसित आत्मकल्याणमा सजग नबनी आयुको दुरुपयोग गरिरहेका छन् । यसभन्दा बढी आश्चर्य लाग्दो कुरा अरु केही देखिन्न । अर्जन, सर्जन र भोजनका कुराचाहिं तीव्ररूपले बुझ्ने तर आत्मकल्याणको काम कुरा चाहिं साधारण संक्रान्ति वा अयनसंक्रान्ति जेसुकैले संकेत गरे पनि नबुझ्ने या नबुझे जस्तो गर्ने तर समय गुज्रे पछि पछुताउनेको चाहिं केही ओखती छैन ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्रतको सन्दर्भमा स्वस्थानी व्रत

वरण अर्थ भएको 'वृ' धातुबाट व्रत शब्द सिद्ध हुन्छ। अर्थ सम्बन्धी विचार गर्दा जुन कुरा संकल्प गर्ने या चाहना राख्ने व्यक्तिको इच्छामा निर्भर रहन्छ त्यसैलाई व्रत भनिन्छ। व्रत शब्दको प्राथमिक प्रयोग सम्बन्धमा विचार गर्दा ऋग्वेदसम्म सहजै पुग्न सकिन्छ। किनभने त्यहाँ यसको प्रयोग धेरैपल्ट भएको छ।

कुनै विशिष्ट या श्रेष्ठ व्यक्ति जब केही कुरा आदेश दिन्छन् त्यसको परिपालन अनुयायीहरूबाट धेरै समयसम्म हुन्छ भने त्यो विधि, आचार या कानून रूपमा ग्रहण गरिन्छ। व्रतको सम्बन्धमा पनि यही वस्तुस्थिति देखापर्छ। सर्वप्रथम यसलाई मन्त्रद्रष्टा ऋषिहरूले साक्षात्कार गरेका थिए। ऋग्वेदको मन्त्र भन्छ–

'विष्णोः कर्माणि पश्यत यतो व्रतानि पस्पशे।
इन्द्रस्य युज्यः सखा।'

जसको मतलब हो देवराज इन्द्रको सहायक विष्णुको कर्म हेर, उनी आफ्नो व्रत याने आदेशको रक्षा गर्छन्। ऋग्वेदमा प्रयोग भएको यो शब्द अथर्ववेद र अन्यत्र पनि समानै रूपमा दोहरिएको छ।

शुक्लयजुर्वेद वाजसनेयसंहितामा भनिएको छ–

'अग्ने व्रतपते व्रतं चरिष्यामि तच्छकेयं तन्मे राधयताम्'

अर्थात् हे अग्नि, तिमी व्रतपति हौ, म व्रतको अनुष्ठाम गर्छु, तिमी त्यसको लागि आवश्यक सामर्थ्य प्रदान गर। मन्त्रको अन्त्यमा प्रयोग भएको पदले अझ बढी महत्त्व दर्शाउँछ। म अनृत कूटो या मिथ्याबाट सत्यमा पुग्न सकौं भन्ने भाव भएको त्यो पद हो 'इदमहमनृतात् सत्यमुपैमि' यसबाट व्रतको अनुष्ठानले मिथ्या प्रपञ्चबाट सत्यमा पुग्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मद्दत गर्ने कुरा ज्ञात हुन्छ ।

देवताका प्रत्यक्षरूप अग्नि र सूर्यलाई 'व्रतपा' शब्दले व्यवहार गरिएको छ । जसको अर्थ हुन्छ व्रतको रक्षा गर्ने । एतावता यसले के कुरा पुष्टि गर्छ भने अग्नि र सूर्य संकल्प गरिएको अथवा इच्छा राखिएको कुरा पूरा पार्न मद्दत गर्ने देवविशेष हुन् । संहिता भागको अतिरिक्त ब्राह्मण र उपनिषत्भागमा पनि व्रतशब्दको प्रयोग धेरै ठाउँमा भएको छ । यसरी प्रयोग भएको व्रत शब्दले मुख्य रूपमा दुइ अर्थ व्यक्त गरेको छ । तिनमा एक हो धार्मिक अनुष्ठान, मानसिक संकल्प, सदाचरण र अभक्ष्य भोजनको निषेध । अर्को हो विशिष्ट भोजनसम्बन्धी विधान जो धार्मिककृत्य सम्पन्न पार्न या मानसिक संकल्प पूरा गर्न अघि सर्ने व्यक्तिका लागि ग्राह्य हुने रूपमा व्यवस्था गरिएको छ । त्यसैले यास्क भन्छन्–

व्रतमिति कर्म नाम निवृत्तिकर्म वारयतीति सतः ।
अन्नमपि व्रतमुच्यते यदा वृणोति शरीरम् ।। (निरुक्त २।१४)

अर्थात् शरीर साधनको प्रमुख आधार भएको जुन अन्न छ त्यसको दुरुपयोग गर्दिनँ भनेर संकल्प गर्नु पनि व्रत हो । यसै गरी असत्य नबोल्नु, मांस मदिरा सेवन नगर्नु, विषयबाट अलग रहनु जस्ता कुरा पनि व्रतअन्तर्गत नै आउँछन् ।

उपनिषत्मध्येको प्रमुख बृहदारण्यक उप. मा अब व्रतको सम्बन्धमा विचार गरिन्छ भनेर आरम्भ गरी भनिएको छ– प्रजापतिले जब इन्द्रिय जस्ता शरीरको अंग सृष्टि गरे अनि त्यतिखेर वाक्इन्द्रियले भन्यो म केवल बोल्ने काम गर्छु त्यसको अतिरिक्त केही गर्दिनँ । किनभने एकले अर्काको काममा हस्तक्षेप गर्दा अनर्थ पैदा हुन्छ । यसै गरी शतपथब्राह्मणमा भनिएको छ जो वैदिक यज्ञमा दीक्षित भएको छ उसले गाईको दूध पिउने व्रत लिनुपर्छ ।

यहाँ व्रत शब्दले वस्तुको परिगणन गरेको छ ।

संहिताले लक्षित गरेको विधिविधानलाई क्रियात्मक रूपले व्याख्या गर्ने ब्राह्मणग्रन्थमा गाँठी रूपले व्रत शब्दको अर्थ दुइ रूपमा प्रयोग हुन थाल्यो । तीमध्येको एक हो व्यक्तिको आचरणको लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उचित व्यवस्था र अर्को हो यज्ञमा दीक्षित यजमानले गर्ने उपवास। यसरी वैदिक साहित्यमा प्रयोग भएको र व्यवहार गरिएको व्रत सम्बन्धमा पछि सूत्र र स्मृतिकालमा आएर विस्तृत विचार भएको पाइन्छ। स्मृतिकार मनु र याज्ञवल्क्यले जानी या नजानी गरिएको पापको प्रायश्चित्तको लागि कठोर व्रतको विधान गरेका छन्। अग्नि पुराणमा यही भावसित मिल्ने यस्तो कथन छ–

शास्त्रोदितो हि नियमो व्रतं तच्च तपो मतम्।
नियमास्तु विशेषास्तु व्रतस्यैव दमादयः।।
व्रतं हि कर्तृसन्तापात्तप इत्यभिधीयते।
इन्द्रियग्रामनियमान्नियमश्चाभिधीयते।।

अर्थात् शास्त्रकारले विधान गरेको जो नियम छ त्यो व्रत हो र त्यो तपोमय हुन्छ। व्रतानुष्ठान गर्दा गरिने जुन इन्द्रियदमन आदि क्रिया छन् ती पनि व्रतकै अंग मानिन्छन्। व्रतानुष्ठान दुइ किसिमबाट गरिन्छन्, तीमध्ये एक हो मानसिक संकल्पअनुसारको इच्छा पूरा गर्न र अर्को हो प्रायश्चित्तद्वारा पाप या दोष निवारण गर्न। अघिल्लोको सम्बन्ध देवदेवीको कृपा प्राप्त गरी अभीष्ट उपलब्धि गर्नुमा छ भने पछिल्लोको चाहिं कल्मष निवारणद्वारा चित्तशोधन गर्नुमा। पहिलोले नयाँ वस्तु जुटाईदिने काम गर्छ भने दोस्रोले लागेको दोष छुटाइदिने काम गर्छ। यौटाले अर्जनको भूमिका पूरा गरेको हुन्छ भने अर्कोले वर्जनको किनारा छोएको हुन्छ। यसरी व्रतानुष्ठानपूर्वक अर्जन र वर्जन मनुष्य जीवनको प्रमुख काम ठहरिन्छ।

माघ महीना मासव्यापी त्यस्तै व्रतानुष्ठान पूरा गर्ने महीना हो। पौषशुक्ल पूर्णिमादेखि आरम्भ गरेर माघशुक्ल पूर्णिमामा समाप्त गरिने यस व्रतलाई स्वस्थानी व्रत भनिन्छ। यस व्रतका उपास्य देव देवी हुन् श्री महादेव र स्वस्थानी। पद्मपुराण केदारखण्ड माघमाहात्म्य अन्तर्गत वर्णन भएको यस व्रतको पहिलो अनुष्ठान हैमवती पार्वतीले सम्पन्न गरेर आफ्नो अभीष्टसिद्धि रूप महादेवलाई पति रूपमा प्राप्त गरेका थिइन्। पछि त्यसको अनुकरण नागनागिनीहरूले गरे जसको प्रतिफल वेरैकालदेखि बिछोड भएका पतिहरूसँग भेट गर्ने सुयोग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाए। त्यही क्रममा विधवाब्राह्मणी गोमाले विदेशिएको छोरोसित भेट गरी राजमाता बन्ने सौभाग्य पाइन् भने स्वस्थानीलाई निन्दा गर्ने चन्द्रावती कुष्ठरोगले ग्रस्त बनी ठूलो दुर्गतिमा परिन्। पछि गएर पश्चात्तापपूर्वक अप्सराको संसर्गले स्वस्थानी व्रतकै अनुष्ठानबाट रानीको पद प्राप्त गर्न सफल बनिन्।

महिमा बोध गराउने रूपमा उदाहरण स्वरूप प्रस्तुत भएका यी कथाले असंख्य नर–नारीलाई प्रभाव पारेको छ र प्रेरणा प्रदान गरेको छ। त्यसैले अहिले पनि आस्थापूर्वक यस व्रतको अनुष्ठान गर्ने हिन्दू नारी प्रशस्तै पाइन्छन्। कुमारी हुन् या विवाहिता जोसुकै यस व्रतबाट लाभान्वित बन्न सक्छन्। यस व्रतको उद्देश्य या फल सम्बन्धमा भनिएको छ 'यद्वैधव्यहरं पुंसां स्वस्थानस्थितिहेतुकम्' अर्थात् वैधव्य दोष हरण गरी आफ्नो स्थितिमा सुस्थिर राख्न सहयोग पुऱ्याउनु स्वस्थानी व्रतको लक्ष्य हो। अर्को याद गर्न लायक कुरा के छ भने राजनैतिक दृष्टिले हाम्रो भौगोलिक सीमा जत्रो छ सांस्कृतिक दृष्टिले त्यसभन्दा निकै ठूलो सीमासम्म यसको विस्तार भएको पाइन्छ। तर स्वस्थानीको कथानक, पात्रहरूको चरित्र–चित्रण एवं स्वभाव सम्बन्धमा विचार गर्दा के छर्लङ्ग हुन्छ भने यी कुरा पौराणिक भैकन पनि हाम्रा घर आँगनमा घटेका र घट्न सक्ने जस्ता भान हुन्छन्।

पार्वती पुत्र कुमार र अगस्त्य ऋषिको संवादद्वारा अघि बढ्ने यस कथाका प्रमुख नायक नायिका शिव र पार्वती यहाँ विभिन्न नामले छरिएर रहेका पीठस्थ प्रसिद्ध देव देवी हुन्। असमयमा शरीर त्याग गर्ने सतीको निर्जीव शरीर दाम्पत्य प्रेमले आकर्षित बनी बोकेर भौंतारिने शिवले विचरण गरिएका बहुसंख्यक ठाउँ यहाँ छन्। दाम्पत्य स्नेहको परीक्षण रूपमा मनोरञ्जनका लागि शिवले धारण गरेको किराँतेश्वरस्वरूप र मृगरूप लिई विचरण गरिएको श्लेष्मान्तक वन पनि यहाँ प्रत्यक्ष गर्न सकिन्छ।

हरिहरको कृपा प्राप्त गरी राजा बन्ने नवराजकी रानी चन्द्रावतीको उद्धार भएको शालीनदी काठमाडौं उपत्यकाको पूर्वी भेगमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्दछ । जहाँ कैयौं संख्याका नारीहरू विविध किसिमका आन्तरिक संकल्पले प्रेरित भई सौभाग्यसूचक राता वस्त्र पहिरिएर अहिले पनि व्रत्न बस्ने गरेका पाइन्छन् । त्यतिं मात्र होइन यहाँका कैयौं परिवारमा शिवभट्ट ब्राह्मण र सती ब्राह्मणीका प्रतिनिधिहरूले देवदेवीको आराधना उपासना गरी अभीष्ट सिद्धिको चाहना राखेको पाइन्छ भने दुर्भाग्यवश वैधव्य जीवनलाई जसोतसो धकेलेर समय गुजार्न बाध्य भएका गोमाहरू पनि थुप्रै भेटिन्छन् । जीवन गुजाराको साधन जुटाउनर नवजीवनको कौतुक मेट्न पनि विदेशिने नवराज जस्ता छोरा र चन्द्रावती जस्ता बुहारीले परित्यक्ताहरूले पनि आशापाशमा बाँधिएर जसोतसो निर्वाह गर्दैछन् । यहाँका कैयौं घर पिँडीमा टुक्रुक्क बसेका शिवशर्मालाई टुप्लुक्क देख्न सकिन्छ । घर र माइतीको आनकातान विषमतालाई पूरै पचाएर घरजम सह्माल्ने नारीको कथा पनि स्वस्थानीको क्षेत्रफल हो ।

लोककल्याणको लागि सती वृन्दाको श्राप शिरमा थापी विभिन्न आकार प्रकार एवं नामका शालग्रामशिला बनेका विष्णुका शिला मूर्ति र घाँस रूप कुश क्वार रूप तुलसी र वृक्षरूप पीपलको पनि यहाँ प्रशस्तै दर्शन स्पर्शन गर्न पाइन्छ । गोविन्द, माधव जस्ता पवित्र नाम उच्चारण गरी महीनाभर माघे यात्रा चलाउने चलन पनि यहाँ चलेकै छ । यो कुरा सदरमुकाम जस्तो ठामाउँ मात्र होइन पहाडी कुना काप्चामा पनि प्रचलित छ ।

यति सब हुँदाहुँदै पनि जुन त्रिपुरासुर एवं तारकासुरको विप्लवकारी कथा हामी स्वस्थानीमा सुन्छौं तिनले पनि आजभोलि मानवकै रूप लिएर आई सामाजिक क्षेत्रमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा हानि पुऱ्याउन सक्ने हुँदा सत्य संकल्प रूप शिवलाई हामीले सुदृढ तुल्याई आत्मकम्जोरी आउन दिनु हुन्न । त्यसो नगरेमा हामी सामाजिक हित मात्र नभै आत्मोत्थानमै पनि अघि बढ्न सक्ने छैनौं । 'स्वस्थानस्थितिहेतुकम्' भन्ने अंशले यही कुरा संकेत गरेको छ ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सतीको स्वाभिमान

दक्षपुत्री सतीसित विवाहसंस्कार सम्पन्न भएपछि कैलाशपति शिवको दाम्पत्यजीवन शुरू हुन्छ। कन्यारत्न सतीमा बाल्यकालदेखि नै नारीलायक शीलस्वभावको स्पष्ट रूप देखिन्थ्यो। जेठी छोरी भएकीले पितृगृहमा रहँदा पनि उनको कार्यभार निकै वजनदार थियो। विवाहपछि उनी छोरीबाट गृहिणी बन्न पुगिन्। शुरूमा त उनलाई भिक्षुकसित सम्बन्ध स्थापित भयो भनेर खेद पनि नलागेको होइन तर पछि थाहा भयो ती भिक्षुक त स्वयं देवाधिदेव महादेव पो रहेछन्। अनि त अरू बहिनीहरूको देवतासित र आफ्नो चाहिं महादेव-सित सम्बन्ध गाँसिएकोमा उनीलाई अति नै गौरवको अनुभव भयो। थियो पनि त्यो गौरवकै कुरा।

आकर्षित दाम्पत्यजीवनमा आबद्ध सती र शिव एक अर्कोको स्वभावसित राम्रै सँग परिचित थिए। अम्बली भएकोले कहिले काहीं शिवले जंगी स्वभाव निकाले पनि त्यसलाई तुरुन्तै शमन पार्न सक्ने क्षमता सतीमा थियो। सासू ससुराको दबाब र देवर जेठाजुको झै-झगडा केही थिएन। त्यसैले त्यहाँ कल झगडा र विषादले शिर उठाउने ठाउँ नै थिएन। हो, यथोचित रूपमा शिष्टता पालन नगर्ने जंगली भनेर जुवाईं ससुरा (शिव र दक्ष) मा केही समय अघि भनावैरी भएकोले ससुरालीतिर जाने, जुवाईं ससुराको भेटघाट गर्ने कुरा चाहिं बन्दै थियो। रोलक्रमअनुसार ब्रह्माबाट 'प्रजापति' पदमा अभिषेक भएपछि दक्षले आफ्नो ख्याति फैलाउन बृहस्पतिसव नामको यज्ञ गर्ने विचार गरे। यो काम सम्पन्न गर्न उनले दरबारको साथै बाहिरका अधिकारी समेतलाई आज्ञा जारी गरे। निमन्त्रणा गरिने देवदेवी र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिहरूको नामावली तयार भयो । कुन कुन काम क-कसले सह्याल्ने भन्ने कुराको तय गरियो । यज्ञको लागि चाहिने सरसामान चारैतिर-बाट मगाइए । ठूलो समारोहपूर्वक यज्ञको आरम्भ भयो ।

कैलाशको आकाशमार्गमा एकपछि अर्को गरी विमानको आवागमन चलिरहेको थियो । कैयौं ऋषिमहर्षिहरू पनि हिमाली गुफाबाट निस्की त्यतैबाट गइरहेका देखिन्थे । पिता दक्षको दरबारमा यज्ञको महोत्सव शुरू भएको कुरा भवपत्नी सतीलाई थाहा भइसकेको थियो । केही समय त उनी मनले उत्कण्ठित पार्न खोजे पनि धैर्य गरेर रहिन् । तर कैयौं बहिनीहरू ठाँटिएर आ-आफ्ना दुलाहाका साथ त्यही बाटो गएको देख्ता भने उनको मन अडिन सकेन । अनि शिष्टता र अदबसाथ शिवसित उनले निवेदन गरिन्–

प्रजापतेस्ते श्वशुरस्य साम्प्रतं निर्यापितो यज्ञमहोत्सवः किल ।
वयं च तत्राभिसराम वाम ते यद्यर्थितामी विबुधा व्रजन्ति हि ।।

पतिदेव, यतिखेर हजूरका ससुरा, मेरा पिता दक्षप्रजापतिकहाँ ठूलो यज्ञको आयोजना भएको छ । यो यज्ञ बडो सजधजका साथ आयोजना भएको छ भन्ने कुरा अविरल रूपमा उडेका विमान र गइरहेका मानिसको लर्कनले नै सावित गर्छ । पितृगृहमा कुनै कार्य हुँदा छोरीबेटीलाई त्यहाँ जान कति उत्सुकता लाग्छ भन्ने कुरा हजूरबाट छिपेको छैन । एकातिर सबै दिदी-बहिनी र इष्टमित्रसित भेट हुने, अर्कोतिर यज्ञको दर्शनबाट पुण्यलाभ पनि हुने भएकोले हामी पनि जान पाए हुन्थ्यो । मेरो विनम्र अनुरोध छ यस सम्बन्धमा हजूरको विचार के छ । पत्नीको उत्सुकता देखेर शिवले भन्नुभयो– देवी, तिमीले भनेको कुरा ठिकै र स्वाभाविक पनि हो । तर के गर्छौं र! हाम्रो व्यावहारिक स्थिति अर्कै छ ।

पहिले भएको विश्वसृड्हरूको यज्ञमा तिम्रो पिताको आगमन हुँदा मैले उठेर स्वागत सत्कार नगरेकोले उनी आगो बने । त्यसै बेला ब्रह्माजी र अरू सदस्यगणलाई समेत सुनाएर नानाभाँति गाली गरी तिम्रो विवाह मसित भएकोमा पनि धिक्कार्दै अन्त्यमा श्राप पनि दिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो, कसैले पनि शिष्टताको अतिक्रमण गर्नु हुँदैन। तर बाहिरी वेश-भूषाको चकाचौंधमा रंगिएर शरीरलाई नै आत्मा मानी त्यसैको स्यार सुसारमा जीवनको पुरुषार्थ सिद्ध भएको ठान्ने व्यक्तिलाई उठेर शिष्टता दर्शाउनु, हात जोडेर आदर गर्नुलाई मैले उपयुक्त र आवश्यक ठानिनँ। विद्याको मद, तपस्याको दम्भ, धनको तुजुक, उमेरको जोश र कुलको अभिमानले जसको चित्त रंगिएको छ त्यस्ता व्यक्तिहरू महामहिमशालीमा छिपेर रहेको विशेषता र व्यक्तित्व के बुझून् ?

विद्यातपोवित्तवपुर्वय: कुलै:
सतां गुणै षड्भिरसत्तमेतरै: ।
स्मृतौ हतायां भृतमान दुर्दृश:
स्तब्धा न पश्यन्ति हि धाम भूयसाम् ।।

त्यसैले स्वाभिमानी व्यक्तिको लागि बिना बोलावट त्यस्ताको घर जान पटक्कै सुहाउँदैन। किनभने तिनीहरू आफन्तप्रति सद्भावना नराख्ने मात्र होइनन् किन्तु उल्टै केही दुर्वचन बोलिदिन सक्छन्। तिमीलाई थाहा छ ? त्यसरी बोलिएका वचन तिखारिएका बाणभन्दा बढी हृदयविदारक हुन्छन्। हुन सक्छ तिमीप्रति आफ्नो पिताको दुर्भावना छैन होला तर मेरो सम्बन्धले गर्दा तिमीप्रति पनि सद्भावना राख्ने स्थिति परेन। यस किसिमको वस्तुस्थितिलाई बुझेर तिमीले धैर्य गरी चित्त बुझाउनुपर्छ, नत्र आत्मकल्याण हुने छैन, याद राख।

तातेको कराहीमा परेको थोपाथोपी पानी नाम निशान नरहने गरी बिलाए झैं सतीको मनमा पतिको उपदेश रत्तिभर अडेन। समारोहपूर्वक यज्ञको आयोजना, याज्ञिकहरूको चहल–पहल, बहिनी तथा जुवाईंहरूको सजिसजावट, आगन्तुकहरूको भीडभाड जस्ता दृश्य सम्झेर उनको मनमयूर नाचिरहेको थियो। अतएव दिगम्बर शिवको एकान्त कैलाशमा रहन उनको मन कत्ति पनि मानेन। अनि त रिसले मुर्मुरिंदै उनी निस्किन् एक्लै माइत जाने सुर कसेर।

देवी सती यसरी विना सल्लाह पैदलै निस्केको देखेर मणिमन्मदादि पार्षद नन्दी साथ हस्याङ फस्याङ गर्दै सेवामा हाजिर भए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्काथरी खेल र मनोरञ्जनका सरसामान लिई उपस्थित भए। अनि त नन्दीमा सवार गराई यस अघिको यात्रा सजधजको साथ अगाडि बढ्यो, वाद्यवादन सहित।

भवानी सती जुन उमङ्गले यज्ञमा पुगेकी थिइन् त्यहाँ पुगेपछि उनले अर्कै रूपरंग देखिन्। उनको आगमनप्रति न कसैको चासो देखिन्थ्यो न त उत्सुकता नै! केवल कतिपय सोदर्य बहिनीहरूले वाक्य फोरे, सामुन्ने देखेपछि आमाले तरक्क आँसु काढिन्। यस्तो देखेपछि अघि पतिदेवले संझाएको कुरा कर्णशूल जस्तो लागे पनि अहिले ढुंगामा खोपिएका अक्षर झैं साँचो लाग्यो।

उनीले यज्ञको चारैतिर आँखा लगाइन् तर रुद्रको भाग कतै देखा परेन। यस सम्वन्धमा दुइ–चार कुरा पिताजीसँगै गर्ने इच्छाले उनी पुगिन् पिता दक्ष सामु। प्रजाका पति भएका दक्षले भने वस्तुगत यथार्थताको वास्तै नगरी शिवको बाहिरी रूपरंग र स्वभावको निन्दा गर्दै यस्ता मंगलदायी यज्ञमा त्यस्तो विरूप व्यक्तिको उपस्थिति नहुनु नै बेश भन्ने तर्क व्यक्त गरे। तर सतीलाई भने सर्वदा कल्याणकारी शिवतत्त्वको उपेक्षा गरेर सावधिक फल दिने धूमिल कर्मफलमा रंगिएका पिताको तर्क कत्ति पनि उचित लागेन, उचित नलागेको मात्र होइन दुःख समेत लाग्यो, त्यसैले क्षुब्ध बनी उनले भनिन्–

जसको निम्ति संसारमा विद्यमान समस्त पद–पदार्थमा न त कुनै अनुराग पैदा गर्ने प्रियता छ न त द्वेष उत्पन्न गर्ने हेयता। यसरी अनुराग वा द्वेष दुवैबाट अलग रहेका शिवमाथि पनि द्वेष गर्ने व्यक्ति तपाई सिवाय अरू को होला? पिताजी! संसारमा जो वस्तुतः साधु छन् तिनीहरू दोषबहुल व्यक्तिमा पनि के के गुण छिपेका छन् भनेर छानी छानीकन लिन्छन्, तर तपाईं जस्ता दोषदृष्टि भएका व्यक्ति चाहिं गुणी व्यक्तिमा देखिने एक दुइ दोष छन् भने त्यतैतिर लहसिएर आफ्नो दुर्गुणी स्वभावको परिचय दिन्छन्। असत् र सत्‌वृत्तिको परिचायक कसी एउटै छ त्यो के हो भने पहिलो आफ्नो मलिन स्वभाव अनुसार सज्जनको निन्दा गरेर नरकको बाटो तयार पार्छन्। दोस्रो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाहिं उनीहरूको पदरज पाएर जीवन धन्य तुल्याउँछन् ।

सती भन्छिन्– पिताजी, व्यक्तिको समझदारी पनि बडो आश्चर्य लाग्दो छ । किनभने प्रसंगवशात् पनि 'शिव' यो छोटो र मीठो नाम कोही उच्चारण गर्छ भने त्यसका समस्त पाप दग्ध भएर जान्छन् र ऊ निर्मल बन्छ । तर तपाईंचाहिं पवित्र कीर्ति र अकाटच शासन भएका शिवको निन्दा गरेर कल्याण पाउने आशा राख्नु हुन्छ । कस्तो खेद लाग्दो कुरा ?

> यद्द्वचक्षरं नाम गिरेरितं नृणां सकृत् प्रसंगादघमाशु हन्ति यत् ।
> पवित्रकीर्तिं तमलङ्घ्य शासनं भवानहो द्वेष्टि शिवं शिवेतरः ।।

सतीले अगाडि भनिन्– यतिखेर जे जस्तो रूपमा म तपाईंलाई गाली गरौं त्यो मैतिर फर्कनेछ, मेरै कमजोरी हुनेछ, किनभने यो शरीर तपाईंबाट उत्पन्न भएको हो । जसबाट उत्पन्न भएको छ उसलाई गाली गर्नु शिष्टताको अतिक्रमण हो । यसको साथै जहाँसम्म मेरो यो शरीर रहन्छ त्यतिखेरसम्म लोकले मलाई दक्षपुत्री भन्न छोड्दैन, दक्षपुत्री भनिनुको अर्थ हो शिवनिन्दककी छोरी भनिनु ।

शास्त्रको निर्देशन छ मान्य, गुरुजन वा अन्य आदरणीय व्यक्तिप्रति लान्छना लगाएर कसैले दुर्वाच्य बोल्छ भने त्यतिखेर सामर्थ्य भए दण्ड दिएर प्रतिवाद गरोस्, होइन भने कान छोपेर हिंडोस् । प्रमाद या असावधानीले कुनै अखाद्य वस्तु खाइएछ भने त्यसको दोषबाट बच्न उल्टी या वमन गर्नुपर्छ । शिवनिन्दक प्रजापतिबाट पैदा भएको मेरो शरीर त्यस्तै अखाद्य वस्तु समान भएको छ । दुर्भाग्यले मिलेको यो कुजन्मलाई म जबसम्म हटाउन्न र मिटाउन्न तबसम्म त्यस दोषबाट मुक्त हुन पनि सक्तिनँ । सज्जनलाई दुष्कर्मले जस्तै महत्तमको निन्दकबाट उब्जेको यो शरीर धारण गर्न मलाई पनि त्यस्तै लज्जित बन्नु परेको छ । समाज समक्ष यस किसिमको निर्लज्ज स्थिति कायम राखिछोड्नु सुहाउँदो कुरा ठहर्दैन ।

पिता दक्षसामू यति कुरा भनेर मौन बनी भवपत्नी सतीले हल्का सफेद वस्त्र धारण गरी जलस्पर्श गरिन् । आँखा पट्टल बाँधेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाभिचक्रबाट समान वायु खिच्दै हृदयको प्राणसित मिलाइन्, त्यसपछि कण्ठ हुँदै भ्रूमध्यमा पुऱ्याइन्। देवाधिदेव शिवले स्नेहपूर्वक बायाँ अंकमा धारण गर्ने गरेको आफ्नो शरीरलाई देवी सतीले उनको चरण युगल ध्यान गर्दै समाधिजन्य अग्निले भस्म पारिन्। स्वाभिमानपूर्वकको यो उनको साहसलाई चारैतिरबाट मानिस टकटकी लगाएर हेर्दै आश्चर्य व्यक्त गरिरहेका थिए।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गणेशको अग्रपूज्यता र दूर्वाङ्कुरप्रियता

पुण्यक्षेत्र नैमिषारण्यको वरिपरि आँप, चाँप, शमी, सिसौ, वर, पीपल, बयर, खयर, डुम्री, गिनेरी, पाखरी, पैयौं आदि अनेक वृक्ष वनस्पति सजग प्रहरी समान खडा देखिन्थे । जसका टोडकापिडका, हाँगा-बिगा, पातपतिंगर आदिमा सुगा, मैना, बकुल्ला, न्याउला, लुइँचे, लाभे, मुजूर,कोइली, तित्रा, बट्टाई न जाने कैयौं चराचुरूङ्गी गूँड बनाएर रहेका थिए । त्यसको अतिरिक्त थारल, घोरल, कृष्णसार, जरायो आदि वन्य जनावर पनि । साधारण बस्तीभन्दा अलग त्यो ठाउँ एकान्त थियो, शान्त थियो अनि थियो मनमोहक रमणीय । त्यहाँ रसिकभक्त श्रोता थिए शौनकादि अनि विज्ञवक्ता थिए रोमहर्षण सूत । भगवच्चरित्रका विविध पक्षमा त्यहाँ जिज्ञासा राखिन्थ्यो, खोजी गरिन्थ्यो, उत्कण्ठित भै सोधिन्थ्यो अनि सुनेपछि भावुक भै गुनिन्थ्यो । हो, मानवजीवनको सार्थकता पनि यसैमा त छ । क्षण क्षणको संगतिले पनि यहाँ लाभदायी फल लिन सकिन्छ, संसारसागर पार गर्न सकिन्छ । त्यसैले त भनिएको 'क्षणमपि सज्जनसंगतिरेका भवति भवार्णवतरणे नौका ।'

त्यस पुण्यक्षेत्रमा त्यतिखेर शौनकादिको मनमन्दिरमा जिज्ञासा उठ्यो, मुखारविन्दबाट प्रश्न फुट्यो गौरीपुत्र गुरुगणेशको इयत्ता बुझ्न र महिमा थाहा पाउन । किनकि सन्त तुलसीको भनाइ छ 'जाने विनु न होइ परतीति' हो नजानी पत्यार पर्दैन, विश्वास बस्तैन । त्यसैले सुन्नुपर्छ, गुन्नुपर्छ अनि यो हृदयमा बस्छ, मनमा पर्छ । महर्षि याज्ञवल्क्यले पनि आत्मज्ञानमा यस्तै साधन त बताएका छन् । त्यस किसिमको जिज्ञासात्मक प्रश्नले वक्ता सूतको मन प्रफुल्ल भयो, हृदय गद्गद बन्यो । अथाह जलराशि भएको मानसरोवरको निर्मल जल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तब मात्र बाहिर निस्कन्छ, जब त्यहाँ भङ्गालो फुट्छ, स्रोत बन्छ। नाम सुन्दै रोमहर्षण सूतको मन श्रद्धाले भरियो, आँखा रसाए अनि मुखारविन्दबाट सरस वाणी पैदा भयो, गुरु गणेशको असीम महिमा सम्बन्धमा–

नमस्तस्मै गणेशाय ब्रह्मविद्याप्रदायिने।
यस्यागस्त्यायते नाम विघ्नसागरशोषणे ।।

ऋषिवृन्द ! ती गणनायक गौरीपुत्रलाई एकबार होइन अनेकबार शिर झुकाई प्रणाम छ, माथनमाई नमस्कार छ। किनभने उनी ब्रह्मविद्याका प्रदाता हुन्। सगुण निर्गुण ब्रह्मका विवेचक हुन्। त्यसैले तत्त्ववेत्ता हुन्। अरु त्यति मात्र कहाँ हो र जल्दो तपस्याको बल्दो प्रभावद्वारा ऋषि अगस्त्यले अथाह समुद्रलाई सिनित्त सोसेझैं उनी विघ्नको सागरलाई सोसिदिन सक्छन्, सुकाइदिन सक्छन्, नफर्कने गरी भगाइदिन सक्छन्। त्यसै भएर उनलाई विघ्नेश या विघ्ननाशक भनिन्छ। काम गर्दा गल्ती हुन्छ, न्यूनता र त्रुटि हुन जान्छ। त्यसको निवारक हो विघ्नेशको स्मरण, गणेशको पूजन अनि क्षमापन।

यति भनेर मौन बनेका सूतसमक्ष शौनकादिको अर्को प्रश्न अग्रपूजाका अधिकारी गणेश कसरी भए ? भन्ने उत्तरमा सूत भन्छन्– शौनकजी ! सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु, संहारकर्ता शिव, देवराज इन्द्र, जलेश वरुण, पितृपति यमराज यी सब देवतालाई छोडेर शरीरमा सांकर्य, आकारमा होचो, मूसेवाहन, गणेशलाई अग्रपूजा किन ? प्रश्न गम्भीर छ। तर यो विना विचार चलेको, योग्यता नजाँची भएको कुरा होइन। पार्वतीनन्दन गणनायकले अग्रपूजाको अधिकार पाउनु अघि पनि आ–आपनो रुचिअनुसार पहिलो दोस्रो मानेर पूजाआजाको प्रथा नचलेको होइन। तर यसबाट देवगणमा असन्तोष फैलियो, सबैलाई आ–आफ्नो महत्त्व अगाडि राख्ने उत्सुकता बढ्यो। आखिर उनीहरूले यस कुरालाई औपचारिक रूपमा ठेगान लगाउने विचार गरे र अनि पुगे देवाधिदेव शिवकहाँ। सर्वविद्याधिष्ठाता शिवले सोच्नुभयो जो बुद्धि र वर्गतमा सबभन्दा अघि छ उसैले पाउनुपर्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अग्रपूजाको अधिकार ।

तर यो पनि विना परीक्षा कसरी छुट्ट्याउन सकिन्छ र ? यसपछि शिवले परीक्षाको एकक्रम बसाइदिनुभयो, आ–आफ्ना वाहन चढी पूरा पृथिवी भ्रमण गरेर जो पहिले आइपुग्ला उही हुन्छ अग्रपूजाको अधिकारी । यति सुन्नु के थियो, मयूर वाहन भएका कुमार त हिँडि-हाले । अरू घोडा, हात्ती, ऊँट, खच्चर आदि हुने पनि उनैको पछि लागे । सबै अग्रपूजाको प्रतियोगितामा लागे शक्ति प्रदर्शन गर्न, कुद्रत देखाउन । सबैभन्दा अग्रेसर हुनु, अग्रगामी बन्नु ठूलो प्रतिष्ठाजनक कुरा थियो ।

तर प्रकृत्या ठूलो पेट, छोटा गोडा र मूषक जातिको वाहन भएका गणेशलाई भने यो प्रतियोगिता निकै असजिलो, अप्ठेरो र असम्भवको देखियो । पहिले त उनी रनभुल्लमा परे । गोडा छोटा, ठूलो पेट र पुड्को जीउ भएका गणेशको शिर सबैको भन्दा ठूलो थियो । यो केवल बाहिरी आकारमा मात्र ठूलो देखिएको होइन यसको भित्री विचार पनि त्यत्तिकै परिष्कृत र परिपक्व थियो । त्यसैले 'बुद्धिर्यस्य बलं तस्य' को यो प्रत्यक्ष उदाहरण देखिन्थ्यो । प्रतियोगी सबै त हिँडिसकेका थिए, एकान्तमा एकछिन गजवक्त्र गणेशले सोचे, उनलाई सात्त्विक भाव स्फुरित भयो । मातापिता शिव र पार्वतीलाई हात जोडेर उनले परिक्रमा गरे, अनि आफ्नै ठाउँमा गएर बसे ।

केही बेरपछि भ्रमणमा गएका प्रतियोगीहरू फर्कन लागे । फर्कनेहरूमध्ये कतिले गणेशलाई सोधे तिमी किन नगएको ? गणेशले गम्भीर मुद्रामा भने म पहिल्यै सकेर आएको । आगन्तुकहरू मुखामुख गर्न थाले । तिमीले देखेका थियौ ? के तिमीले देखेका थियौ ? आदि आपस आपसमा प्रश्नोत्तर चल्न थाल्यो । कोही पनि सकारात्मक उत्तर दिँदैनथ्यो, अहँ, मैले त देखिनँ ! यस्तै यस्तै भन्थे सबै । पछि सबको सामु शिवले प्रश्न गर्नुभयो 'बाबु गणेश ! तिमी भ्रमणमा भाग लिन गएनौ ?'

'किन जान्नथें, पिताजी, मैले त हो सबभन्दा पहिले भ्रमण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकेर आएको ।'

'म त तिमीलाई यतै पो देख्तैछु त अनि कसरी पहिले सकेर आएँ भन्छौ ?'

'हो पिताजी मैले तत्त्वलाई घुमें, अरूले जडलाई । तत्त्व सूक्ष्म हुन्छ, सेतो हुन्छ अनि हुन्छ कल्याणकारक । विश्व ब्रह्माण्डको धारक त्यही तत्त्व हो । यसलाई कोशले 'तत्वं ब्रह्मणि याथार्थ्ये' भनेको छ र वेदले 'द्यावाभूमी जनयन् देव एक:' भनेको छ । त्यसलाई घुम्नेले विश्व घुमेन त पिताजी ?'

सबै नाजवाफ बने, अग्रपूजामा गणेशको वरण भयो । अग्रपूज्य गणेशको जय होस्, प्राज्ञ गजवक्त्रको जय होस्, स्फूर्त प्रतिभाको जय होस्, मंगलदाताको जय होस् । सबैको मुखबाट निस्कियो ।

शौनक– सूतजी यहाँको कृपाले गणनायक गुरुगणेशको अग्रपूजा सम्बन्धी जानकारी हामीले पायौं । यस प्रसंगबाट म त के निश्चयमा पुग्दैछु भने पूज्यता भन्ने कुरा पुरुषार्थ गरी अर्जन गर्नुपर्ने रहेछ, अर्को कुरा पुरुषार्थ गर्दा पनि संझेर बुझेर ढंग पुऱ्याएर गर्नुपर्ने रहेछ तब मात्र त्यो विशिष्ट फलदायी बन्दो रहेछ । यसै प्रसंगमा अब हाम्रो अर्को जिज्ञासा छ सूतजी दूर्वाङ्कुर सम्बन्धमा । गणेशको पूजा गर्दा दूबोलाई पूजा सामानको प्रमुख अंग बनाइन्छ । यसरी सिद्धिदाता गणेश पूजामा दूबोको प्रमुखता रहनु के कारण वा रहस्य छ, त्यो पनि बुझ्न पाए हुन्थ्यो–

दूर्वाङ्कुरार्पणस्यापि श्रोतुमिच्छामि कारणम् ।
किमर्थं गणनाथस्य प्रिया दूर्वाङ्कुरा वद ।।

सूत– शौनकजी ! हाम्रा उपास्य पाञ्चायन देवताका प्रिय लाग्ने वस्तु कतिपय अलग छन् र कतिपय समान । समानको त यहाँ उल्लेख गरिरहनु पर्ने जरूरत छैन, अलग या विशेषचाहिं शिवलाई बेलपत्र, विष्णुलाई तुलसी, देवीलाई विविध रंगका फूल र सूर्यलाई करवीरको रातो फूल अनि गणेशलाई दूर्वाङ्कुर बढी प्रिय छन् । सुल्टो वा अनुकूल जस्तै उल्टो या प्रतिकूलको पनि ज्ञान गरिराख्नु आवश्यक छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रीय विधान के पाइन्छ भने–

नाक्षतैरर्चयेद्विष्णुं न तुलस्या गणाधिपम् ।
न दूर्वया यजेद्देवीं बिल्वपत्रैश्च भास्करम् ।।

अर्थात् विष्णुलाई अक्षता, गणेशलाई तुलसीपत्र, देवीलाई दूबो र सूर्यपूजामा बेलपत्र या धत्तूर पुष्प प्रयोग नगर्नु अर्थात् नचढाउनु ।

शौनक–सूतजी ! पाश्चायन देवताका प्रिय र अनुकूल अनि अप्रिय र प्रतिकूल कुरा त बुझियो तर गणेश चतुर्थी र मंगल चौथी पार्वतीपुत्र गणनायकको प्रिय दिन मानिन्छ । यी दिन प्रासङ्गिक रूपमा दूर्वाङ्कुर याने गणेशलाई प्रिय लाग्ने दूबोको के विशेषता छ ? त्यो सुन्ने हाम्रो ठूलो इच्छा छ । यसले हाम्रो मात्र होइन त्यो लावालस्कर जो हातमा दूबोको माला र जरी जडेका दूबोका मुठा लिएर गणेशस्थानतिर गइरहेका छन् तिनीहरूले पनि आफूहरूले अर्पण गर्न लागेको दूबोको आकार प्रकार, उमार विस्तार, काम माम सब बुझ्नेछन् ।

शौनकजी ! शिवलाई बेलपत्र, विष्णुलाई तुलसीपत्र जस्तै विघ्नेश्वर गणेशलाई दूर्वाङ्कुर मन पर्छ, यतिसम्म त सहजै भन्न सकिन्छ तर किन मन पर्छ सो खुट्ट्याउन भने बडो मुस्किल छ । कारण के हो भने गणेश पुराणमा भनिएको छ– 'दूर्वाङ्कुराणां महिमा न ज्ञाता मुनिभिः सुरैः' अर्थात् मननशील मुनिहरू, मन्त्रद्रष्टा ऋषिहरू र यज्ञभोक्ता देवताहरूले पनि दूर्वाङ्कुरको यथार्थ महिमा बुझ्न सकेका छैनन् भने अरूको त कुरै छाडौं । अझ अगाडि भनिएको छ, 'यज्ञैर्दानैस्तपोभिश्च व्रतैर्होमैर्न वाप्यते' अर्थात् ठूलो सम्भारपूर्वक सम्पन्न गरिने यज्ञ, श्रद्धापूर्वक निःस्वार्थरूपले गरिने दान, शरीर सुकाएर गरिने तपस्या अनि देवप्रीत्यर्थ होमिने होम जस्ता पुण्यकृत्यभन्दा पनि सर्वत्र सुलभ, विनामूल्य वा अल्पमूल्यले मिल्ने २१ संख्याको दूर्वाङ्कुर पार्वतीनन्दन गणेशलाई अर्पण गर्दा बढी पुण्य मिल्छ । शौनकजी ! महिमाको साथ काम पनि हामी गर्दै जाऔं न, ल्याउ २१ मुन्टा दूबो र २१ संख्याको लड्डू । किनभने सिद्धिविनायक गणेशको प्रियतिथि चौथी त पक्ष पक्षमा आउँछ तर भाद्रशुक्ल चौथी र माघको मंगलबार त वर्ष वर्षमा मात्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आउँछ । यस्तो पवित्र दिन मिलेको बेला यो पुण्य काम गर्न किन पछि पर्ने ? ए: आइपुग्यो सामान, ल, एक मुन्टा दूबो र यौटा लड्डू क्रमैले चढाउने, म नामोच्चारण गर्दै जान्छु ओम् गणाधिपाय नमः, ओम् उमापुत्राय नमः, ओम् अघनाशाय नमः, ओम् विनायकाय नमः, ओम् ईशपुत्राय नमः, ओम् सर्वसिद्धिप्रदाय नमः, ओम् एकदन्ताय नमः, ओम् इभवक्त्राय नमः, ओम् मूषकवाहनाय नमः, ओम् कुमारगुरवे नमः । अब यौटा माथिका दशनाम उच्चारण गरेर । बाँकी दश चाहिं दानमा प्रयोग गरौं ।

शौनक– जो आज्ञा हुन्छ हजुरको ।

सूत– शौनकजी ! मलाई त यो पुण्यकृत्य गर्न पाएकोमा असाध्य खुशी र आत्मसन्तोष लाग्यो । किनभने जुन काम गर्दा यस लोकमा सुख, शान्ति र परलोकमा धर्म हुँदैन, हृदयमा जमेर बसेको कालो पखालिएर विशुद्ध बन्दैन, दीनहीनको सहयोगमा सहभागी बन्दैन अनि तीर्थको फल दिलाउँदैन त्यस्तो कर्म गर्ने व्यक्तिको जीवन व्यर्थ हो–

नेह यत्कर्म धर्माय न विरागाय कल्पते ।
न तीर्थफलसेवायै जीवन्नपि मृतोहि सः ।।

शौनक– धन्य हो प्रभु ! हजुरको उपदेश, धन्य हो गुरुगणेश हजुरको महिमा ! प्रकृतिको काखमा विनाश्रम उम्रने दूबोमा यत्रो प्रेम । सूत– शौनकजी ! हामी त फुर्सतकै मानिस भयौं, भगवच्चर्चा सुन्न र भन्न पाए हामीलाई समयको केही पर्वाह छैन । तर अन्य श्रोतावर्गको पनि त ख्याल राख्नुपर्‍यो । त्यसैले दूर्वाङ्कुरकै सामान्य परिचय गराएर यो सभा म स्थगित गर्छु ।

दूबो शब्दको मूलरूप हो दूर्वा, जो हिंसार्थक दूर्वी धातुबाट बन्छ । यसलाई सिद्धिदाता गणेशले मन पराउनुमा आफ्नो गुणसित समता राख्ने भएर होला । जस्तो गणेशको विघ्नहर्ता या विघ्ननाशक स्वभाव छ ,हिंसार्थक धातुबाट बनेको दूर्वामा पनि अमंगल नाश गरी मंगल गर्ने गुण पाइन्छ । त्यसै हुँदा विवाह व्रतबन्ध जस्ता शुभकार्यमा यसको प्रचुर प्रयोग हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दूबो अति चाँडो मौलाउने वनस्पति हो, यसका हाँगाबिगा चाँडै फिजिन्छन् । ज्ञानदाता गुरुगणेशको मनमस्तिष्क अत्यन्त उर्वर छ, त्यहाँ विविध किसिमका बौद्धिक तरङ्ग लहराइराखेका हुन्छन्, दूबोजातिमा त्यसको उदाहरण घेरै मिल्छ । 'शुक्लाम्वरधरं देवम्' भनेर गणेशलाई व्यापक चेतनतत्त्वको रूपमा उल्लेख गरेको छ । दूबो हिमाच्छादित पर्वतीय भाग र थारको खरो सीमित भूभागलाई छाडेर महाद्वीप र उपमहाद्वीपसम्म समान रूपले फैलिएको छ, त्यसैले यो पनि व्यापकताको प्रतीक बनेको छ । वर्षाकालिक रसिलो र वसन्तकालिक मलिलो वेला मात्र होइन शिशिरको सिरेटो र ग्रीष्मकालिक गर्मीमा पनि दूबोले आफ्नो अस्तित्व यथावत् कायम राखेको देखिन्छ, यस किसिमको अजरता र अमरताले उसलाई अरू घाँससित तुलना गर्न मिल्दैन । हात्तीले खाओस् या घोडाले, गाईले खाओस् वा भेडाले दूबो आफ्नै सबल ऊर्जाले अभिव्यक्त हुन्छ । आयुर्वेद शास्त्रमा यसलाई टर्रो, मधुर, शीतल गुणभएको तिर्खा, अरुचि, जलन, मूर्च्छा, कफ र भूतबाधा हटाउने अनिश्रम या थकाई दूर गर्ने रूपमा उल्लेख गरिएको छ । के भनौं शौनकजी ! दूर्वाङ्कुरको यथार्थ महिमा त ऋषिमुनि समेतले जान्दैनन् त माथि नै भनिसकियो । यो आजको मात्र महिमाशाली प्रसिद्धि होइन, किन्तु वैदिक साहित्यदेखि नै हो । हेर्नोस्न वेदमन्त्रले यसको महिमा गाएको

काण्डात् काण्डात् प्ररोहन्ती परुषः परुषस्परि ।
एवानो दूर्वे प्रतनु सहस्रेण शतेन च ।।

यस्तो महिमाशाली दूर्वाङ्कुर रुचाउने गणेशको जय होस् ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपञ्चमी या वसन्तपञ्चमी

अभ्यसेत् परमोत्साहो विद्यां सर्वार्थसाधिकाम् ।
विद्यानेत्रविहीनानामन्धकारमयं जगत् ।।

प्रत्येक व्यक्तिको कर्तव्य हो कि ऊ जीवनमा विद्याको उपासना अत्यन्त उत्साहले गरोस् । विद्या आर्जनको बेला खेलखाल मात्र गरेर बिताउनु, असावधानी गर्नु वा आस्था नराख्नु यो सबभन्दा बढी चिन्ताको कुरा हो । विद्यालाई सम्पूर्ण अर्थ (प्रयोजन या वस्तु) को साधिका बताइएको छ, त्यसैले जो विद्याको उपार्जनमा अनास्था गर्छ उसले ती सम्पूर्ण वस्तु या पक्षतिर अनास्था गरेको ठहर्दछ । अर्को कुरा विद्याप्रति यति बढी आदर किन देखाइएको हो भने जसको यो नेत्र खुलेको हुँदैन उसको लागि यो सम्पूर्ण संसार नै अन्धकारमय बन्दछ । जस्तो कुनै व्यक्तिलाई अपरिचित अन्धकारमय ठाउँमा राखेर उसका वरिपरि वहुमूल्य रत्न, कीमती कपडा, सरस खाद्यवस्तु राखिदिए वा सजाइदिए पनि ती वस्तुको उपभोगवाट व्यक्ति खुशी र तृप्त हुन सक्तैन, त्यसरी नै विद्या नेत्र नभएका व्यक्तिको स्थिति हुन्छ । भाग्यहीन भन्नु, विद्याहीन भन्नु करीब करीब उस्तै हो । अतएव सन्त तुलसीको पनि कथन छ 'सकल पदारथ है जग माही भाग्यहीन नर पावत नाहीं' अर्थात् जगत्मा सम्पूर्ण पदार्थ छ तर भाग्यहीन व्यक्ति पाउन या उपार्जन गर्न सक्तैन । कथनको सार के हो भने विद्या आर्जनमा व्यक्तिको उत्साह, लगनशीलता र सावधानी तीव्र रूपमा हुनुपर्छ, त्यसो भए मात्र उसको अन्तर्नेत्र खुल्दछ र संसार उज्यालो बन्दछ ।

यहाँनिर विद्या के हो ? यस सम्बन्धमा केही प्रकाश पार्नु आवश्यक छ, किनभने जबसम्म यसको निश्चित अर्थ ज्ञात हुँदैन तबसम्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसको स्वरूप बुझ्न सकिँदैन । शब्दगत अर्थ विचार गर्दा 'विद्यतेऽसौ', यस बिग्रहमा सत्ता अर्थ भएको विद् धातुबाट 'क्यप्' प्रत्यय भएर विद्या शब्द बन्दछ । जसको अर्थ शास्त्रकारहरूले अनेक रूपमा मानेका र व्याख्या गरेका छन् । वैयाकरण नागोजी भट्टले 'परमोत्तम पुरुषार्थ साधनीभूता विद्या ज्ञानस्वरूपा' भनेर उत्तम पुरुषार्थको साधन भएको विद्यालाई ज्ञान रूपमा उल्लेख गरेका छन् । योगदर्शनका आचार्य पतञ्जलिले 'अनित्य अशुचि, दु:खात्मक र अनात्मालाई नित्य, शुचि, सुखात्मक र आत्मस्वरूप मान्नु' अर्थात् उल्टो ज्ञानलाई अविद्या भनेका छन् र अर्को पक्ष याने सुल्टोलाई विद्या । आचार्य शंकरले 'विद्या हि का ब्रह्मगतिप्रदा या' अर्थात् जसले ब्रह्मगति या ब्राह्मीस्थिति प्रदान गर्छ त्यसलाई विद्या भनेका छन् । 'सा विद्या या विमुक्तये' यस्तो पनि सुनिन्छ, अर्थात् जुन साधनले मुक्ति मिल्दछ त्यो हो विद्या ।

विद्याको विस्तृत परिभाषा प्रायश्चित्ततत्त्वमा दिएको छ । जस अनुसार चारै वेद, वेदका अंग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द: र ज्योतिष) मीमांसा, न्याय, धर्मशास्त्र र पुराण समेत गरी विद्या चौध छन्.–

अङ्गानि वेदाश्चत्वारो मीमांसान्यायविस्तर: ।
धर्मशास्त्रं पुराणञ्च विद्या ह्येताश्चतुर्दश ।।

यी चौधमा आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थशास्त्र समेतलाई समावेश गर्दा विद्याको संख्या अठाह्र हुन्छ ।

विद्या र अविद्याको परिणाम या फल सम्बन्धमा ईशावास्य उपनिषद्को कथन छ– 'अविद्यया मृत्युं तीर्त्वा विद्ययाऽमृतमश्नुते' अर्थात् कर्मरूप अविद्याद्वारा मृत्युलाई पार गरेर विद्याले अमृत याने ब्रह्मपद दिलाउँछ । हुन पनि चरमस्थितिमा पुगेर भन्दा विद्या त्यही हुन्छ जसले अमृतपद वा स्थिति दिलाउँछ ।

बलकी अधिष्ठात्री देवीलाई काली, धनकी अधिष्ठात्री देवीलाई लक्ष्मी भनिए झैं विद्या या ज्ञानकी अधिष्ठात्री देवीलाई भनिन्छ सरस्वती । ब्राह्मी, भारती, भाषा आदि पनि यिनका नाम प्रसिद्ध छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण वाङ्मयकी अधिष्ठात्री सरस्वतीको प्रादुर्भाव ब्रह्माको मुखबाट भएको मानिन्छ । पतिरूपमा उनले नारायणलाई वरण गरिन् ।

माघशुक्ल पञ्चमी सरस्वती पूजाको लागि प्रसिद्ध छ, जुन दिन-लाई श्रीपञ्चमी भनिन्छ । घटस्थापनपूर्वक गरिने सरस्वती पूजाको लागि विस्तृत सामग्रीको विवरण पद्धतिमा पाइन्छ । जसले यति धेरै सामग्री तयार गर्न सक्तैनन् उनीहरूले साधारणै सामग्रीले पनि पूजा गर्न सक्छन् । स्तुति पाठको रूपमा अनेक स्तोत्र प्रसिद्ध हुनुको साथै सरस्वतीको नामले प्रसिद्ध कवच पनि छ । विधिपूर्वक यस कवचको श्रवण र धारण गरेमा सरस्वतीको विशेष कृपा प्राप्त हुने कुरा बताइएको छ ।

अतीत कालमा त्यस्ता अनेक प्रसिद्ध व्यक्ति भए जसले सरस्वती कवचद्वारा उनको प्रसाद प्राप्त गर्न सफल बने । देवगुरु बृहस्पति, दैत्यगुरु शुक्रदेखि शुरू भएर आदिकवि वाल्मीकि, पुराणकर्ता व्यास, वैदिकऋषि याज्ञवल्क्य, दार्शनिक कणाद, वैयाकरण पाणिनि आदि ज्ञान–विज्ञानको क्षेत्रमा प्रसिद्धि पाउने सबैले सरस्वतीको उपासना एवं कवच धारण गरेका थिए ।

महाकवि श्रीहर्षले सरस्वतीको चिन्तामणि मन्त्र जपेर उद्भट विद्वत्ता र विशिष्ट कवित्व प्राप्त गरेको कुरा उनी स्वयंले उल्लेख गरेका छन् । यी त एक–दुइ उदाहरण मात्र हुन् । वागधिष्ठात्री देवीको कृपा प्राप्त गरी लेखन, वाचन र गुम्फनको क्षेत्रमा विशेषता राख्ने व्यक्ति अतीतमा कति भए, वर्तमानमा कति छन् र भविष्यमा कति हुनेछन् तिनको लेखाजोखा गरेर साध्य छैन । भगवती सरस्वतीको कृपा कतिपयले त जन्मजात अवस्थादेखि नै प्राप्त गरेका हुन्छन् र कतिपयले यसै जन्मको लगनशीलता र साधनाले प्राप्त गर्दछन् । जस-लाई जन्मजात अवस्थादेखि नै सरस्वतीको कृपा प्राप्त छ उनीहरूले अघिल्लो जन्ममा नै त्यसको लायक साधना पूरा गरेका हुन्छन् । यस जन्मको साधनाले सरस्वतीको कृपा प्राप्त गर्न नित्यप्रति विद्याको अभ्यास, उनको मन्त्रजप, स्तोत्रपाठ र व्रतको अनुष्ठान पनि गर्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहनु पर्छ। माघशुक्ल पञ्चमी उनको उपासनाको लागि प्रमुखता राख्ने दिन मानिन्छ।

सत्त्वगुणप्रधान सरस्वतीको आफ्नो स्वरूप त शुक्लवर्णको छदैछ त्यसको साथ उनले प्रयोग गरेका वस्त्र र धारण गरेका वीणा, पुस्तक, माला र 'शुक्लां ब्रह्मविचारसारपरमामाद्यां जगद्व्यापिनीम्' आदि एउटै श्लोकले उनको सम्पूर्ण स्वरूप र सात्त्विक स्वभावलाई संक्षेपमा छर्लङ्ग पारेको छ। श्लोकको भाव हो शुक्लवर्ण भएकी सरस्वती देवीको ब्रह्मविचार या ब्रह्मविद्या हो सारस्वरूप, आदिशक्तिको रूपमा प्रसिद्ध उनी प्राणीमात्रको वाणीरूप भएकीले जगत्मा व्याप्त छिन्। वीणा, पुस्तक र स्फटिकको माला धारण गर्ने यी देवी अनन्य रूपमा आफ्नो उपासना गर्नेलाई दैवीगुणरूप अभय प्रदान गर्छिन्, आफ्नो सत्त्वगुणप्रधान स्वरूपले गाढ अन्धकारलाई पनि नाश गर्ने सरस्वतीको आसन छ स्वच्छ र पवित्र सेतो कमल। ब्रह्मा, विष्णु र शिवले समेत सेवा र स्तुति गरिएकी ती सरस्वतीलाई नमस्कार छ जो बुद्धि प्रदान गर्ने रूपमा प्रसिद्ध छिन्। सरस्वती शब्द गति अर्थ भएको 'सृ' धातुबाट बन्दछ, त्यसैले यसको अर्थ हुन्छ नित्यप्रति जाग्रत र गतिमान्। सरस्वतीका उपासकमा पनि यसै किसिमको जागरण र गतिशीलता रहनु स्वाभाविक छ।

जुन देवता वा देवीको जस्तो स्वभाव छ उनका सवार या वाहनमा पनि त्यस्तै गुण रहेको पाइन्छ। विद्या र बुद्धिकी अधिष्ठात्री सरस्वतीको वाहन छ राजहंस। राजहंसमा मिसिएको दूध र पानीलाई अलग अलग रूपमा छुट्ट्याउन सक्ने क्षमता रहेको मानिन्छ। 'हंसैर्यथा क्षीरमिवाम्बुमध्यात्' भन्ने नीति प्रसिद्ध छ। एतावता सरस्वती स्वयं मात्र नभएर उनको सान्निध्यमा रहने राजहंसमा समेत ठीक बेठीक या सत्यासत्य छुट्ट्याउने क्षमता रहेको मानिन्छ। सरस्वती-सित सम्बन्ध राख्ने श्रीपञ्चमीको दिन गणेश र उनको पूजा गरी बाल–बालिकालाई अक्षरारम्भ गराइन्छ। विद्या आर्जनको लागि पहिलो प्रवेश दिन उनकै तिथि हुनु अत्यन्त स्वाभाविक छ। संस्कार र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपासना सम्बन्धी अन्य काम कुरा पनि यस दिन गर्दा साइत हेरिरहनु पर्दैन ।

श्रीपञ्चमीको दिन व्यावहारिक रूपमा यहाँ प्रचलित उपासना विधि प्रायः दुइ किसिमको देख्न सकिन्छ । राजधानी काठमाडौं उपत्यका र आसपासको क्षेत्रमा प्रसिद्ध सरस्वतीको मन्दिरमा गई पूजा गरेर अथवा घरमै चित्र, पुस्तक, कलम, मसीदानी आदि राखेर पूजा गरी यो पर्व मनाइन्छ । राजधानीको आसपास ललितपुरको लेले, गैह्रीधारा टुकुचा नजीकको नीलसरस्वती र स्वयम्भूमा यस दिन दर्शनार्थी विशेष रूपमा जाने गर्छन् । यी बाहेक पनि अन्य सरस्वतीका मूर्ति अथवा स्थानीय क्षेत्रकै देवदेवीको पूजा आराधना गरी यस पवित्र दिनको मान्यता निर्वाह गरिन्छ ।

तराई क्षेत्रमा भने प्रत्येक जसो विद्यालयमै समारोहपूर्वक पूजाको आयोजना गरी विद्याधिष्ठात्रीको पर्व मनाइन्छ । त्यहाँ निकै अघिदेखि व्यापारी कलाकारहरू माटाका सरस्वती मूर्ति तयार पार्न व्यस्त देखिन्छन् । तिनै मूर्ति खरीद गरेर प्राणप्रतिष्ठापूर्वक पूजाको आयोजना हुन्छ, जसमा विद्यालयसित सम्बद्ध सबै शिक्षक, शिक्षार्थी र आमन्त्रित व्यक्ति समेत सम्मिलित हुन्छन् । समारोहको अन्त्यमा शोभायात्रा गरी नजीकको नदी, तलाउ आदिमा मूर्ति विसर्जन गरिन्छ । विद्यालयको क्षमताअनुसार पूजा महोत्सव पनि सामान्य या विशेष रूपका हुने गर्छन् । जे होस्, यस पावन दिनमा जुनसुकै रूपले भए पनि सरस्वतीको संकना गरी अतीत कालमा उनको उपासनाद्वारा विशेष सफलता हासिल गर्नेहरूप्रति कृतज्ञता जनाउनु हिन्दूधर्म संस्कृतिप्रति आस्था राख्ने सबैको कर्तव्य हो ।

श्रीपञ्चमीको अर्को नाम हो वसन्तपञ्चमी । यद्यपि वसन्त ऋतुको आरम्भ चैत्रमा गएर मात्र हुन्छ । तथापि हरेक ऋतुको ४० दिन अघिलाई गर्भकाल मानिन्छ । त्यसैले यसै दिनदेखि कम–बेसी रूपमा वासन्तिक छटाको दर्शन हुन थाल्दछ । वसन्तारम्भलाई नै निमित्त मानेर रासेश्वर कृष्णको पूजा र मन्दिरको सजावट यतिखेर गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसको साथै रति र कामदेवको पूजा गर्ने विधान पनि यस दिन उल्लेख भएको छ । हनुमान्ढोका दरबारमा राजाबाट परम्परागत रूपले वसन्त श्रवण गर्ने र वासन्तिक राग गाउने काम पनि यस दिन गरिन्छ । यसरी बहुविध रूपले श्रीपञ्चमी या वसन्तपञ्चमीको महत्त्वलाई बुझ्न र सम्झन सकिन्छ ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवरात्री महापर्व

दृश्यमान संसारमा तीन कुरा भइआएका, हुने गरेका र हुँदै जाने पनि देखिन्छन् । ती तीन कुरा हुन् सृष्टि, स्थिति र लय । अर्थात् यहाँ चल या क्रियाशील र अचल याने क्रियारहित व्यक्ति या वस्तु जन्मने या देखिने मर्ने या बिलाउने जस्ता कुरा हुँदै गएका देखिन्छन् । यहाँ निर प्रश्न उठ्छ, जिज्ञासा हुन्छ कि के यी काम कुरा स्वतः हुन्छन् या कसैबाट प्रेरित भएर भन्ने । वस्तुतथ्य खोज्नुभन्दा पहिले हामी नित्य प्रति देखेका र बेहोर्दै आएका काम कुरालाई लिएर हेरौं ।

समुचित कालबेला अनुसार कुनै बीज रोप्यो भने त्यसबाट टूसो उम्रने अङ्कुर पल्लाउने र ठूलो हुँदै झांगिने पनि हुँदै जान्छ । पालुवा, पात, फूल र फल पनि क्रमैले लाग्दै जान्छन् । ओषधी वर्गका वनस्पति फलपरिपाक भएपछि सुक्छन् र अरू चाहिं प्रतिवर्ष अवस्थाभर फल र फूल दिंदै रहन्छन् र अन्त्यमा सुकी जीवन समाप्त पार्छन् । नित्य प्रति चलिरहेको र भइरहेको जीवनमरण सम्बन्धी यस प्रक्रियालाई जो सुकैले देख्न बुझ्न र अनुभव गर्न सक्छ र गरेकै पनि छ । यसरी सृष्टि हुनु या देखिनु अवस्था भर रहनु र अन्त्यमा मर्नु या बिलाउनु जस्ता कुराले व्यक्तिको अन्तर्हृदय आन्दोलित हुनु स्वाभाविक हुन्छ कि के यी सब कुरा कुनै नियति बस भएका छन् कि आफसे आफ ! साधारण विचार र विवेकशून्य व्यक्तिको दृष्टिमा उक्त कुराहरू आफसे आफ भएको देखिएलान् तर समझदार र विवेकी व्यक्तिको दृष्टिमा उक्त सबै कुरा कुनै शक्ति विशेषबाट प्रेरित भएर भएका पाइने छन् र वस्तुतः हो पनि त्यसै । यसरी नित्यप्रतिको उत्पत्ति र सृष्टि, पालन र स्थिति अनि विलयन या नाशमा सहयोगी भइरहने अनादि परमात्माको जुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्ति छ त्यसका मूर्त या सगुण रूपलाई ब्रह्मा, विष्णु र महेश्वर भनिएको छ। त्रिमूर्तिबाट अभिप्रेरित भई सञ्चालित उक्त तीनै कामका यी प्रमुख सञ्चालक र विभागीय प्रमुख पनि हुन् ।

त्रिगुणात्मिकका प्रकृति साम्यअवस्थाबाट सृष्ट अवस्थामा कसरी आउँछे यस सम्बन्धमा ब्रह्मसूत्र २ अ. द्वितीय पाद २ सूत्रको भाष्यमा जगत्‌गुरु शंकराचार्य भन्नुहुन्छ–

या प्रवृत्तिः साम्यावस्थानात्प्रच्युतिः सत्वरजस्तमसामङ्गाङ्गि-भावरूपापत्तिर्विशिष्टकार्याभिमुखप्रवृत्तिता साऽपि नाचेतनस्य प्रधानस्य स्वतन्त्रस्योपपद्यते, मृदादिष्वदर्शनाद्रथादिषु च। न हि मृदादयो रथादयो वा स्वयमचेतना सन्तश्चेतनै: कुलालादिभिरश्वादिभिर्वा नाधिष्ठिता विशिष्टकार्याभिमुखप्रवृत्तयो दृश्यन्ते ।

यसको आशय के हो भने सत्त्व रज र तमको साम्य अवस्था रूप जुन प्रकृति छ त्यो साम्यअवस्थाबाट विचलित भै त्यहाँ क्रिया पैदा हुन्छ, यसलाई प्रवृत्ति भनिन्छ। समरूप गुणमा न्यूनाधिक्य भाव याने जब कम बेसी आउँछ अनि कुनै गुणप्रधान बन्छ र अरू दुइ अंग। त्यसो हुँदा सत्त्वमा सत्त्व, रजमा रज, र तममा तम प्रधान भई बाँकी अरू दुइ अंग हुन्छन् । यो देखेर प्रश्न उठ्छ, जिज्ञासा हुन्छ कि जड प्रकृतिमा यो सक्रियता वा प्रवृत्ति कहाँबाट आयो ? आचार्य भन्नुहुन्छ जड माटोमा पनि कुमाले जस्ता चेतनशील व्यक्तिको क्रियात्मक सहयोग मिल्दा घटको आकार, पटको आकार लिई उपयोगिताको स्वरूप आउँछ। सारथि या चालकको परिचालनबाट सवारीका साधन रथ, मोटर आदिमा प्रवृत्ति आउँछ। क्रिया पैदा हुन्छ। यसरी जड वस्तुमा पनि चेतनको प्रेरणाबाट प्रवृत्ति या क्रिया पैदा हुने जुन स्वभाव छ त्यो स्वभाव समस्त प्रकृतिमा समान रूपले लागू हुन्छ। यस्तै प्रवृत्तिको सकारात्मक विश्लेषण हो दर्शनको पृष्ठभूमि या धरातल ।

जन्म या उत्पादन जसरी प्रयत्नजन्य हो त्यसै गरी नाश या विलयन पनि विनाप्रयत्न नहुने कुरालाई विचारकहरूले सिद्धान्त रूपमा स्वीकारेका छन् । परमात्माको यही प्रलयंकर समष्टि स्वरूपलाई रुद्र भनिन्छ। 'रोरूयमाणो द्रवतीति, रोदते वा रुद्रः' अर्थात् रोदन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गराउने या रुवाउने जुन शक्ति छ त्यो हो रुद्र । निरुक्तमा भनिएको छ, 'यदरोदीत्तदरोदीत्तद्रुद्रस्य ,रुद्रत्वमिति' अर्थात् प्रकट भएर आफैं रोएकोले उनको नाम रुद्र रह्यो । शिव र शंकर भन्ने पनि उनैको नाम छ ।

शिव शब्दको अर्थ स्पष्ट गर्दै क्षीरस्वामी अमरकोशटीका रामाश्रमीमा लेख्छन्, 'शिवः श्रेयस्करत्वात्' अर्थात् कल्याणकारक भएकोले उनको नाम रह्यो शिव । यसरी विरोधी अर्थ भएका रुद्र र शिवमा एकात्मता या एकरूपता कसरी ? प्रश्न उठ्नु स्वाभाविकै हो । तर वस्तुगत यथार्थतातिर दृष्टि दिंदा यो प्रश्न स्वतः समाधान हुन्छ, संभालिन्छ ।

हामी चाहे प्रकृतिको राज्यमा हेरौं चाहे सामाजिक क्षेत्रमा यौटाको विनाश या प्रलय नै अर्काको शिव या शुभको कारण भएको देखिन्छ । विनाश र सृष्टिको घनिष्ट सम्वन्ध पाइन्छ । उदाहरण रूपमा हामी रोपिएको अन्नको दानालाई लिन सक्छौं । रोपिएको बीज जबसम्म ध्वंस हुँदैन तबसम्म त्यसबाट शिवरूप अङ्कुरोत्पत्ति पनि हुँदैन । रोपिएको बीज माटोमा मिलेर बरबाद हुनु हो ईश्वरको रुद्र रूप कार्य र त्यसबाट अंकुर पल्लाउनु अनेक रूपमा फैलनु हो शिव रूप । यसरी बीजमा रुद्र रूप क्रिया नभै शिवरूप क्रिया पनि नहुने कुरा स्पष्ट छ । अतएव रुद्र र शिवको प्रतिक्षण प्रचलित प्रवृत्तिले यो संसार चलेको छ, व्यवहार बढेको छ ।

शिवरात्री महापर्व शिशिर ऋतुको पल्लो भागमा पर्छ । यतिखेर हामी के देख्छौं भने वृक्ष बनस्पतिमा पुराना पात झरेर नयाँ पालुवा पल्लाउन शुरू हुन्छ । यहाँ पनि रुद्र र शिवको स्वरूपलाई हामी प्रत्यक्ष गर्न सक्छौं । पुराना पात जीर्णशीर्ण भै झर्नु रुद्र स्वरूपको स्वभाव हो भने नयाँ पत्र र पुष्प शुरू हुनु शिव स्वरूपको यथार्थता । यस्तै यथार्थता दर्शाउन शिवरात्री महापर्व शिशिर ऋतुमा पर्छ । भगवान् शिवको मूर्त उपासनाको लागि अनेक आकार प्रकारका मूर्ति व्यावहारिक प्रचलनमा आएका पाइन्छन् तापनि लिंगाकार मूर्ति नै खास गरेर बढी प्रसिद्ध छन् । शिवको प्राथमिक प्रादुर्भाव पनि लिंग रूपमै भएको कथानक पाइन्छ । यससम्वन्धमा अगस्त्य ऋषि आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिज्ञासा यसरी प्रस्तुत गर्छन्–

कथं देव समुद्भूत: पशुभर्ता महेश्वर: ।
कुतो बीजान्महालिङ्गं कदाकाले चमूपते ।।

सेनापते ! महेश्वर पशुपति कसरी उत्पन्न हुनुभएको र उहाँको लिङ्ग प्रादुर्भाव कुन समयमा भएको हो ? ऋषि प्रश्नको उत्तर दिँदै उमापुत्र स्कन्दले भने– अगस्त्यजी ! मूल स्वरूपबाट झरी शरीरधारी भएर आएपछि ठूलै व्यक्ति पनि मायाको वशीभूत हुनु आश्चर्यको कुरा हुँदैन । यो लिङ्गोत्पत्तिमा पनि यस्तै मायिक प्रभाव कारण बनेको छ । यो कथानक म छोटकरीमा बताउँछु । सृष्टिकर्ता ब्रह्मा र पालनकर्ता विष्णुमा एकपल्ट विवाद पर्‍यो आ–आफ्नो महत्त्व स्थापनसम्बन्धमा–

एकदा दिवसे देवौ प्रवादं चक्रतुर्मिथ: ।
जलक्रीडास्थिते तत्र शून्ये सत्त्वे जलाप्लुते ।।

विवादको विषय थियो आ–आफ्नो कार्यक्षमता सम्बन्धमा । ब्रह्माको पक्ष थियो जो विविधरूपका वस्तुविशेष र प्राणिसमुदायले सृष्टि सजाउँछ उसको महत्ता प्राथमिक रूपमा कायम हुनु स्वाभाविक ठहर्छ, त्यसैले मेरो उच्चता स्वत: सिद्ध छ । ब्रह्माको कथनमा अतिशयोक्ति थिएन ।

उता विष्णुको पक्ष पनि कम वजनदार देखिंदैन थियो । किनभने जन्माइदिएर मात्र कहाँ हुन्छ र ? बढीभार त त्यसले लिनुपर्छ जो हुर्काउने, बढाउने र पालन तालनमा भाग लिन्छ । त्यसैले नित्य, सूक्ष्म, निर्विकार र विश्वम्भर मसित समता राख्न अरू को सक्छ र ?

अहन्ता र ममताले मात्रा नाघ्नु कसैको निमित्त पनि हितकर तथा शोभा दिने कुरा हुँदैन । कार्यकारी आफ्नैरूप ब्रह्मा र विष्णुमा मायाको प्रभावले उब्जेको अहन्ता महेश्वरलाई सह्य भएन । कोरा उपदेशले त्यस किसिमको ममता शमन गर्न नसकिने र दीर्घकालसम्म कायम नहुने देखेर आफैंद्वारा त्यसको अनुभव गराउन त्यहाँ एक ज्योतिर्लिङ्ग प्रार्दुभाव भयो–

तदा भवत्कनीयांसं लिङगं तैजसमैश्वरम् ।
आमूलाद्ब्रह्मपर्यन्तं बिसतन्तुतनीयसम् ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् ऐश्वर्यशाली त्यो ज्योतिर्लिङ्ग शुरूमा सूक्ष्म थियो र लम्बाइचाहिं पातालदेखि ब्रह्मलोकसम्म फैलिएको अगम। लिङ्गोत्पत्तिसाथ आकाशवाणी भयो कि जो यो लिङ्गको तल माथि पहिल्याउँछ ऊ ठूलो। आ–आफ्नो महत्ता कायम राख्न तम्सेका ब्रह्मा र विष्णु लागे तल र माथि, पाताल पुगी शेषसित भेटेर लिङ्गको मूलबारे सोधनी गर्दा उनले भने–

जानन्नपि महाविष्णो ? कथं प्राकृततां गतः,

भगवन् म हजुरको अंश हुँ, अंशले अंशीलाई के सम्झाउनु ? अनादि रूप लिङ्गको मूल कसरी फेला पार्न सकिन्छ ? यस किसिमको विवादास्पद प्राकृत अवस्थालाई छोडेर आफ्नो निजी शान्तस्वरूपलाई सम्झनु पऱ्यो। विष्णुलाई लाग्यो ठिकै छ। नसकिने काममा दुराग्रह किन गर्नु ? लिङ्गको मूल फेला पार्न नसकेको कुरा ब्रह्मा समक्ष म स्पष्ट उल्लेख गर्नेछु।

उता लिङ्गको शिखरभाग पत्तालगाउन गएका ब्रह्माजी गोलोक भन्दा धेरै माथिसम्म पुगे तर शिखरको पत्तो लागेन। यसरी विष्णुसित भएको प्रतिस्पर्धामा विजयीबन्न नसक्ने स्थितिको अनुभव उनलाई भयो। तर यो कम्जोरी उनले प्रतिस्पर्धीसित व्यक्त गर्न चाहेनन् र अर्कै तरकीप सोचे। व्यक्ति आफूमा भएको कम्जोरी जब लुकाउन चाहन्छ अनि यथार्थताबाट विचलित भई असत्मार्ग अवलम्बन गर्छ, यसै किसिमको असत्बाट ऊ आफू मात्र नभै अरूलाई पनि प्रभावित पार्न सक्ने हुन्छ। यहाँ भयो त्यस्तै। ब्रह्माले बाटोमा भेटेका कामाधेनु, जपापुष्प, केतकीलाई आफ्नो तर्क सावित गर्न झूटा साक्षी बटुलेर ल्याए। तर शिव सत्य हुन्छ, सत्यको सामू असत्य अड्दैन, टिक्न सक्तैन। ब्रह्मा र विष्णुको पुनर्मिलन भयो, आ–आफ्नो सामर्थ्य तथा अनुभव व्यक्त गर्ने वेला आयो। विष्णुबाट शिवलिङ्गको फेद आफ्नो गतिभन्दा तल धसिएको यथार्थ कुरा व्यक्त भएपछि ब्रह्माबाट झूठा साक्षीको कथनद्वारा आफ्नो सफलता सावित गर्ने प्रयास भयो जुन प्रयास शिवलिङ्गको सामू ज्योतिर्लिङ्गको अगाडि भएको थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिव र सत्यमा तादात्म्य छ । त्यसैले शिव याने कल्याण प्राप्त गर्नु छ भने सत्यको अवलम्बन हुनैपर्छ । सत्यलाई लत्याएर ढाकछोप गरेर शिवलाई प्राप्त गर्न खोज्नु सुहाउँदैन, सम्भव हुँदैन । त्यतिखेर हुन लागेको त्यो असत्य व्यवहारको रहस्य खोल्दै आकाशवाणी भयो—

विष्णो नु मा विषादं त्वं गच्छातिवितथोदितैः ।
एतस्याश्चैवपुष्पाणां मध्यस्थो सत्यसाक्षिणाम् ।।

सत्यवादी विष्णु, तिमी खिन्न बन्नुपर्ने कारण छैन, यहाँ जति पनि साक्ष्य प्रस्तुत छन् ती सब कूटा हुन् । कूटालाई प्रश्रय दिई सत्यको अपलाप गर्दा पाप बढ्छ, सज्जन सताइन्छन् र समाज विश्रृङ्खलित बन्छ । त्यसैले जोसुकैबाट भएको असत्य व्यवहारको निन्दा हुनु पर्छ, दण्ड मिल्नुपर्छ । त्यसो हुँदा कामधेनु अमृतमय दूध दिएर जगत्को उपकार गर्ने भए पनि बहकाउमा लागेर असत्य बोल्न अघि सरेकोले यिनको मुख अपवित्र हुनेछ ।

त्यस्तै यसअघि मलाई अत्यन्त प्रिय लाग्ने केतकी, जपापुष्प पनि अबदेखि अग्राह्य हुनेछन् । अगाडि पनि यसै गरी सत्यको अपलाप गर्ने व्यक्ति मबाट दूर हुनेछ, टाढा रहनेछ । ब्रह्मन् ? यसरी कूटो साक्षीको भरमा कूट व्यवहार गर्ने तिम्रो मूर्ति पूज्य हुने छैन ।

शिवरात्री सत्यसनातन शिवको समाराधन, शिवव्रत गर्नमा प्रसिद्ध महापर्व हो । शिवका सम्पूर्ण सवरूपले सत्यता, सात्त्विकता, परोपकारिता र त्यागलाई मूर्तिमान रूपमा दर्शाएका छन् । सत्यप्रियताको एक उदाहरण त माथि प्रस्तुत भइसकेको छ । कपूर र हिमराशि समान गौर वर्ण भएका चन्द्रमौलीश्वर शिवको अङ्गराग विभूति (भस्म) र निवासस्थल कैलाश सब सात्विकताका प्रतिरूप देखिन्छन् ।

शिवको परोपकारिता जगत् प्रसिद्ध छ । आफ्ना इष्टदेव रामसित शिव भन्नुहुन्छ—

अहं भवन्नाम गृणन् कृतार्थो वसामि काश्यामनिशं भवान्या ।
मुमूर्षमाणस्य विमुक्तयेऽहं दिशामि मन्त्रं तव रामनाम ।।

अर्थात् अहर्निश हजुरको नाम ग्रहणबाट कृतार्थ बनेको म भवानी सहित काशीमा रहेर म्रियमाण व्यक्तिको कल्याणार्थ रामनाम सुनाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छु । काशी यो उपलक्षण हो, आफ्ना प्रसिद्ध पीठको नजीक संसारको यात्रा समाप्त पारेर आउने प्रत्येकलाई शिवबाट तारक मन्त्र प्रदान हुनेछ ।

शिवसित जो शाश्वत या चिरकालिक सम्बन्ध चाहन्छ उसमा तपस्याको परिपाक हुनुपर्छ, उदारता पूर्वकको त्याग चाहिन्छ अनि निश्छल आत्मविश्वास । पहिली पत्नी सतीमा यी परिपाक थिएनन्, पतिबाट व्यक्त भएको रामको महिमालाई पनि विश्वास नगरी उनी परीक्षा गर्न अघि सरिन् । त्यसैले शिवसित उनको सम्बन्ध स्थिर रहेन । तर अर्को जन्ममा पहिलेका कमजोरीहरूलाई सुधार्न उनले बाल्यावस्था देखिनै ठूलो प्रयास गरिन् । तारकासुरबाट सताइएका सुरगणको प्रार्थना अनुसार भएको शिवको यत्किञ्चित् विषयसेवन पनि लोकोपकारकै निमित्त भएको देखिन्छ । शिवपुत्र कुमार सेनानीपदमा अभिषिक्त हुन्छन् र जबरजस्त देवसेना तयार हुन्छ । त्याग र तपस्या-मा त शिवसित समता राख्ने कुनै देव देखिन्नन् । समुद्र मन्थनबाट निस्केका कीमती वस्तु सब अरू देव नै लिन्छन् तर भयंकर कालकूट विष समाल्न केही तयार हुँदैनन्, जसलाई शिव सहर्ष स्वीकार्नुहुन्छ । शिवदेश नेपालले उहाँका यी बहुविध गुणलाई मनन गरी आफ्नो जीवनमा अवलम्बन गर्न सक्नुपर्छ ।

नेपालमा यातायातको सुगमता र आवागमनको सरलता भएको ठाउँमा मात्र नभै अक्कर परेका गुफा अनि अँध्यारा कन्दरामा समेत प्राकृत रूपमै शिव मूर्तिको अस्तित्व रहेभएको कुरा देख्न सुन्न सकिन्छ । यसबाट यहाँको माटो शिवत्वको भावनाले सुवासित अनि गुणात्मक रूपले त्याग, उदारता, सहनशीलता शान्तिले युक्तभएको कुरा प्रत्यक्ष रूपमा अनुभव गर्न सकिन्छ । प्रत्येक वर्ष दोहरिने शिवरात्रीको महा-पर्व र छरिएर रहेका शिवलिङ्गले हामीलाई संकेत गरिरहेका हुन्छन् । शिव संकल्पको लागि 'तन्मे मनः शिवसङ्कल्पमस्तु ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

होली

वसन्त आरम्भको वेला मनाइने एक उत्सवको नाम छ होलिका । यद्यपि हाम्रो यहाँ ग्रामविशेष, नगरविशेष र क्षेत्रविशेषमा लाग्ने मेला या उत्सवको कमी पाइन्न तर विस्तार या व्यापकताको दृष्टिले हेर्दा भने होली या होलिका जति क्षेत्रविस्तार भएको उत्सव अरू देखिन्न । किनभने हिमाली देश नेपालबाट शुरू भएर यस उत्सवले सुदूर दक्षिणको कन्याकुमारीसम्म छोएको पाइन्छ । मनाउने तरीका र गरिने विधिमा केही भिन्नता भए पनि होलिकोत्सव भने सर्वत्र मनाइने कुरामा कुनै त्रुटि वा न्यूनता देखिन्न । हाम्रो यहाँ प्रचलित भाषामा होलिकोत्सवलाई फागु भनिन्छ र यसको अन्तिम दिनलाई फागु पूर्णिमा । यस पूर्णिमामा होलिका या चीरदहन गरिन्छ । यस दिन गरिने उत्सवका केही भिन्नताहरू छन् । बंगालमा आजको दिन कृष्ण प्रतिमाको झुला लगाइन्छ र अन्यत्र कतै पुरोहितद्वारा होलिका पूजन गरिन्छ । होलिका या चीरदहन गरिँदा त्यहाँ गहुँ या जौको छ्वाली बालिने, अग्निलाई नरिवल चढाउने र परिक्रमा गर्न पर्ने चलन देखिन्छ ।

समयगत मान्यताको सम्बन्धमा विचार गर्दा होलिकोत्सव निकै प्राचीन समयदेखि प्रचलनमा आएको कुरा ऐतिहासिक रूपले सिद्ध हुन्छ । किन भने मीमांसा दर्शनका आचार्य महामुनि जैमिनिले होलाका बारे चर्चा गरेका छन् । सूत्रकारको कथनलाई भाष्यकार शबर स्वामीले पनि समर्थन गर्दै यो उत्सव सबैले मनाउनु पर्ने भनेका छन् । 'काठकगृह्यमा' 'राकाहोलाके' भन्ने एक सूत्र छ । जसको व्याख्या गर्दै टीकाकार देवपालले भनेका छन्– 'होला कर्मविशेषः सौभाग्याय स्त्रीणां प्रातरनुष्ठीयते' अर्थात् होला एक कर्मविशेष हो जो नारी जातिको सौभाग्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागि सम्पन्न गरिन्छ । यस कृत्यका देवता हुन् 'राका' याने पूर्णचन्द्र । अन्य व्याख्याकारहरूले गरेको व्याख्या अनुसार होलाका प्रसिद्ध बीस क्रीडामध्येको एक क्रीडाहो जो सर्वत्र खेलिन्छ । अर्का प्रसिद्ध सूत्रकार वात्स्यायनले काम सूत्र होलाका शब्द प्रयोग गरेको र टीकाकार जयमंगलले त्यसको व्याख्या गरेको पनि पाइन्छ ।

हेमाद्रि कालखण्डमा लिङ्गपुराणको एक श्लोक उल्लेख गर्दै होलिकोत्सव मनाउने प्रक्रिया बारे भनिएको छ

फाल्गुने पौर्णमासी च सदा बालविकासिनी ।
ज्ञेया फाल्गुनिका सा च ज्ञेया लोकविभूतये ।।

अर्थात् फाल्गुनीपूर्णिमा बालविकासको लागि प्रसिद्ध छ । फाल्गुनिका नामले प्रसिद्ध यस दिन मनोरन्जक क्रीडा गरिन्छ । यसैगरी वराह पुराणमा फाल्गुनीपूर्णिमा लाई 'पटवास विलासिनी' भनिएको छ । पटवासक शब्द अबीर जस्तो चूर्णको लागि प्रसिद्ध छ । त्यसैले यस दिन चूर्ण प्रयोगगरी क्रीडा गर्ने कुरालाई द्योतन गर्छ ।

जीवनलाई स्वस्थ रूपले संचालन गर्न यसलाई प्राकृतिकवातावरण सित सम्बद्ध राख्तै जानु आवश्यक हुन्छ । प्रकृतिमा हुने परिवर्तनका द्योतक हुन् ऋतुहरू । अतएव ऋतुहरूको परिवर्तनको साथै जीवनमा प्रयोग गरिने वस्तु र अन्य विधाक्रियाकलापलाई पनि परिवर्तन गर्नु आवश्यक एवं उपयोगी पनि हुन्छ । होलिकोत्सव त्स्तै उपयोगी क्रीडा मध्येको एक मानिन्छ । अझ खास गरेर यो बालक्रीडासित सम्बद्ध छ । यस कुरालाई पर्वसित सम्बद्ध कथानकले पनि पुष्टि गर्छ । यो कथानक हेमाद्रिकालखण्डमा भविष्योत्तरबाट लिएर बताइएको छ ।

कथानकमा धर्मराज युधिष्ठिर वासुदेव कृष्णसित प्रश्न गर्दै भन्छन् । भगवन् ? फाल्गुनी पूर्णिमाको दिन प्रत्येक गाउँ र नगरमा उत्सव किन हुन्छ ? यस दिन बालकहरू निकै रमाएर क्रीडारत भएका देखिन्छन् । वस्तोवस्तीमा होलाका जलाएको देखिन्छ, यो जलाउनुमा के कारण छ यस दिन पूजिने देवताको नाम के हो ? आज गरिने उत्सवलाई प्रचारमा ल्याउने को हो ? आदि । यसरी पाण्डवश्रेष्ठ युधिष्ठिरले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रश्न गरेको सुनेर भगवान्ले भन्नुभयो राजन् ! यस उत्सवको आरम्भ रघुनामका राजाबाट भएको हो । धर्मात्मा रघुकहाँ एक दिन प्रजाजन आएर अर्जी गर्न लागे महाराज ? हामी ढुण्ढा नामकी राक्षसीबाट सारै सताइयौं । हाम्रा बालबालिका असुरक्षित भए । हामीले संरक्षण र निर्भयता पाउनुपर्‍यो । यसरी प्रजाजनले गरेको उजुरी सुनेर राजाले त्यस राक्षसीबाट ऋण पाउने उपाय बारे पुरोहितसित सरसल्लाह गरे ।

पुरोहितले वस्तुस्थितिको जानकारी दिलाउँदै भने मालीनाम पुत्री ढुण्ढा नामकी राक्षसी छ । शिवजीको वरदानले त्यो शस्त्रअस्त्र र अन्यविध जाडो गर्मी जस्ता कुराबाट प्रभावित हुन्न, त्यसको नाश गर्नुपर्छ भने बालबालिकाको निर्भय क्रीडा र मनोरञ्जनले मात्र सम्भव छ, अतएव त्यसको आयोजन हुनुपर्छ । पुरोहितको सल्लाह सुझाव अनुसार रघुराजाले बालक्रीडा महोत्सव आयोजन गर्न लगाए, जसको प्रभावमा परेर त्यो राक्षसी मरी, अनि समाज निर्भय बन्यो । यसबाट थाहा हुन्छ, होलिकोत्सव वसन्तको मनोरञ्जक क्रीडा हो, जो बालस्वास्थ्य र नारी सौभाग्यसित सम्बद्ध छ । तर त्यसो भए पनि यो कसैलाई पीडा मर्का पार्ने, गाली बेइज्जती गर्ने पर्व भने अवश्य होइन । तर जुन जाति वर्गमा बेलामौका गाली गर्नु पनि यौटा रिवाज बनेको छ त्यहाँ गालीगलौच गर्नु पनि द्वेष या ईर्ष्याको कारण हुँदैन । हाम्रा तराईवासी र सीमापार पनि विवाह आदि कृत्यसम्पन्न गदा दुलहीतर्फबाट गाली गर्ने चलन देखिन्छ । यही चलन होलीमा पनि देख्न सकिन्छ । होलिका राक्षसी बारे अर्को पनि यौटा प्रसिद्ध छ । जुन प्रसिद्धि अनुसार यो दैत्यराज हिरण्यकशिपुकी बहिनी थिई, जसलाई अग्निमा नडढ्ने वरदान थियो । विष्णुद्वेषी हिरण्यकशिपुले विष्णुभक्त छोरा प्रह्लादलाई मार्न अनेक उपाय गर्दा पनि नसकेपछि अग्निमा जलाएर मार्ने विचार गर्‍यो । आफ्नो कामनापूर्तिको लागि उसले बहिनीसित सहारा माग्यो । होलिकाले प्रह्लादलाई काखमा लिई ठूलो दाउराको रासमा बसेपछि आगो लगाइयो । दन्दनाउँदो आगोले होलिका आफैं डढेर मरी तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तवर प्रह्लादलाई केही भएन ।

यतिखेर प्रह्लादले व्यक्त गरेको भाव कति मनोरम लाग्दछ याद गर्न लायक छ–

रामनाम भजतां कुतो भयं सर्वतापशमनैकभेषजम् ।
पश्य तात मम गात्रसन्निधौ पावकोऽपि सलिलायतेऽधुना ।।

सम्पूर्ण तापशमन पार्ने औषधी समान रामनाम भज्नेको लागि भयभन्ने कुरा कहाँबाट सम्भव हुन्छ र ? हेर्नोस्न पिताजी ? मेरो शरीर आगोको बीचमा छ तर शीतलजलमा जस्तो आनन्द आइरहेछ ।

कतिपय पर्वका जातीय विशेषता अनुसार पनि स्वरूप र मानिने प्रथा देखिन्छन् । त्यस अनुसार संस्कार र स्वाध्यायमा प्रमुखता राख्ने श्रावणीपूर्णिमा ब्राह्मणजातिसित, धनाधिष्ठात्री लक्ष्मीको पूजाआराधनामा प्रमुखता राख्ने दीपावली वैश्य जातिसित होलीपर्व शूद्रजातिसित बढी सम्बद्ध मानिन्छ । यसरी एक एक पर्वसित एक एक जातिको प्रमुखता देखिए पनि सहभागिता चाहिं सबैमा सबैको देखिन्छ । जे भए पनि होलीउत्सवमा धार्मिक भावको साथै सामाजिकता, स्वास्थ्यलाभ र आमोदप्रमोदको सम्बन्ध पनि समान रूपमा गाँसिएको छ भन्दा अत्युक्ति पर्दैन ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोमवती अमावास्या

पक्षको अन्त्यमा पर्ने तिथिको नाताले पूर्णिमा र अमावास्या महत्त्वपूर्ण तिथि मानिन्छन् । त्यसमा पनि कतिपय वेला यिनको महत्त्व अझ बढे बढेको पाइन्छ । सोमवार पर्ने औंसी जसलाई सोमवती अमावास्या भनिन्छ अति नै पुनीत पर्व मानिन्छ । महत्त्वपूर्ण पर्वको रूपमा यसको उल्लेख धर्मशास्त्रमा भएको पाइन्छ । खास गरी काल–विवेकमा भविष्यपुराणको वचन उद्धृत गरेर यसको महत्त्व दर्शाइएको छ भने हेमाद्रि, वर्षक्रियाकौमुदी, व्रतार्क आदिमा पनि यसबारे पूरा प्रकाश पारिएको छ ।

अरू वेला चतुर्दशी सहितको अमावास्यालाई कुनै महत्त्व दिएको छैन तर सोमवती अमावास्या चाहिं सायंकालको दुइ घडी मात्र परे पनि त्यो ग्राह्य मानिन्छ ।

यो पर्व खास गरी स्नान र दानको लागि प्रसिद्ध पर्व हो । यद्यपि स्नान सधैंको लागि आवश्यक कृत्य हो तर मौनी अमावास्याको विशेषता के छ भने यस दिन मौन अर्थात् नबोलीकन स्नान गऱ्यो भने अनेक गोदानको फल पाइने कुरा स्मृतिग्रन्थहरूमा वर्णित छ । अमावास्याको दिन चन्द्रमा र सूर्य संगमस्थलमा रहन्छन्, त्यसो हुँदा पितृकार्यको निमित्त विशेष महत्त्व राख्ने यो तिथि सोम (चन्द्रमा) को वार समेत पर्दा दुइगुना महत्त्व राख्ने हुन्छ । बढी महत्त्व राख्ने दिन गरिएको कृत्य पनि अत्यधिक फलदायी हुनु स्वाभाविक मानिन्छ ।

मौनता वाणीको तप हो, यसबाट बोलीमा विशेष सामर्थ्य प्राप्त हुन्छ । यद्यपि तप जुनसुकै बेला गर्न सकिन्छ, तर पनि हिमांशु (चन्द्रमा) को प्रमुखता रहेको वारको जलस्नानले अरू महत्त्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राख्तछ । किनभने चन्द्रमालाई जलीय देवता मानिएको छ, जलीय देवताकै सम्बन्धले प्राणिसमुदाय उनीबाट शीतलता प्राप्त गर्छन् । चन्द्रमाबाट मिल्ने शीतलता केवल चिसोपन मात्र नभएर त्यसबाट उज्जीवनीशक्ति समेत प्राप्त हुन्छ, जो सबै जीवधारीको निमित्त आवश्यक मानिन्छ ।

स्नानपछि अश्वत्थपूजा यसको अर्को अंग हो । वृक्षसमुदायमा अश्वत्थ याने पीपलको आफ्नै रूपले प्रसिद्ध महत्त्व छ । यसरी सबै वृक्षहरूमा विशिष्ट भएकोले भगवान्‌ले यसलाई आफ्नो विभूतिमा गणना गर्नुभएको छ 'अश्वत्थः सर्ववृक्षाणाम्' भनेर । स्मृतिमा मात्र नभएर श्रुतिमा पनि अश्वत्थलाई वृक्षहरूमा श्रेष्ठ बताइएको छ 'तेजसो वा एष वनस्पतिरजायत यदश्वत्थः साम्राज्यं वा एतइव वनस्पतीनाम् (ऐतरेय ब्राह्मण ७।२।६) एतावता तेजोमय चन्द्रसूर्य संगमको तिथि अमावास्याको दिन सोमवारको योग पनि परेको बेला भगवद्‌विभूतिरूप अश्वत्थ पूजन हुनु अति नै सुहाउँदो कुरा ठहर्दछ । सम्पूर्ण जीवनका मूलआधार हुन् चन्द्र र सूर्य, दिन रातमा पालैपालो गरी यिनले जीव-समुदायलाई आवश्यक जीवनशक्ति प्रदान गर्दै सहयोग पुऱ्याइराखेका छन्, त्यसैले 'अग्नीषोमात्मकं जगत्' भन्ने वेदको कथन छ ।

यज्ञ दान र तपलाई पावनकृत्य मानिएको छ । दान हो पूजाकै अन्यतम रूप । तर अलिकति फरक के छ भने लिनेको इच्छालाई अपेक्षा नराखीकन गरिने पूजा हुन्छ र लिनेको इच्छालाई पनि अपेक्षा राखेर गरिने दान । पूजा गर्नु व्यक्तिको स्वाभाविक कृत्य हो । यो कृत्य गर्दा ऊ भगवत्‌इच्छालाई अपेक्षा राखेर गर्दैन, किन्तु आफ्नो कर्तव्य पूरा गर्नको लागि गर्छ । देवपूजा, संगतिकरण र दान अर्थ भएको 'यज्' धातुबाट बन्ने यज्ञशब्दको देवपूजा र दान दुवै अर्थ मान्न सकिन्छ । यी दुइमा भएको केही फरक बारे माथि उल्लेख भइसक्यो । अश्वत्थवृक्ष याने पीपलको पूजा गरी १०८ पल्ट प्रदक्षिणा गर्ने आजको विधान छ । प्रदक्षिणा गर्दा कांसको पात्रमा फल लिएर गर्ने र पछि त्यो दान गर्ने निर्देशन छ । विष्णुपूजा र अश्वत्थप्रदक्षिणा गरिने यस विधिमा पूजाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान पहेंलो हुनुपर्छ । यस दिन गरिने व्रतले विष्णु प्रसन्न हुने र आयु-वृद्धि हुने कुरा बताइएको छ । अश्वत्थवृक्षमा पूजा गर्दा निम्न मन्त्रले प्रार्थना गरिन्छ–

व्यक्ताव्यक्तस्वरूपाय सृष्टिस्थित्यन्तकारिणे ।
आदिमध्यान्तहीनाय सुभद्रश्रवसे नमः ।।

जुनसुकै व्रतको महत्त्व दर्शाउने कथानक प्रसिद्ध भए झैं सोमवती अमावास्याको पनि महत्त्व दर्शाउने एक कथानक प्रसिद्ध छ । महाभागवत भीष्मले धर्मराज युधिष्ठिरलाई बताएको कथानकको सारांश यस्तो छ–महाभारतको युद्ध समाप्त भएपछि राज्यारोहण गरेता पनि युधिष्ठिरको मन प्रसन्न थिएन । त्यसो हुँदा शरशय्यामा सुतेका भीष्मसित उनले आफ्ना पाँच भाइबाहेक अरू सबै बन्धुबान्धव युद्धमा मरेका र वंशबीजको रूपमा भएको उत्तराको गर्भ पनि अश्वत्थामाको अस्त्रद्वारा दग्ध बन्न लागेको कुरा निवेदन गरे । भीष्मले भोलि प्रातःकालमा सोमवती अमावास्या भएकोले उत्तरालाई विधिपूर्वक यो व्रत गराऊ, जसले गर्भ-सुरक्षित रही गुणवान् पुत्र प्राप्त हुनेछ ।

युधिष्ठिरले व्रतको महिमा विस्तारले सुन्ने कुरा निवेदन गरेपछि भीष्मले काञ्चीपुरीमा रहने देवस्वामी ब्राह्मणकी धनवती पत्नीमा गुणवती कन्या उत्पन्न भएकी र उनको विवाह हुँदा सप्तपदी सम्पन्न भएपछि वरको मृत्युहुने कुरा थाहा हुन्छ । धनवती ब्राह्मणीले कन्याको वैधव्यदोष निवारणको लागि उपाय बुझ्दा सोमा नामगरेकी स्त्रीले आएर जब आफ्नोपुण्य प्रदान गर्लिन् अनि वर ब्यूँझने छन् र वैधव्यदोष नाश हुने छ भन्ने युक्ति पत्ता लाग्छ । पुत्रीगुणवती विवाह लायक भएपछि देवस्वामी ब्राह्मणले सोमालाई ल्याउन छोराहरूलाई अह्राउँछन् । कान्छा छोरा शिवस्वामी बहिनी साथ भएर बडो मुश्किलले सिंहलद्वीपबाट सोमालाई ल्याउँछन् । विवाह सम्पन्न गरिंदा वर रुद्रशर्माको मृत्यु हुन्छ तर सोमाले आफ्नो व्रतको पुण्य प्रदान गरी उनलाई बचाइदिन्छिन् ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहण

ग्रहणको सम्बन्धमा प्राचीनकालदेखि नै हाम्रा धर्मशास्त्रहरूमा विशदविवेचन पाइन्छ। यसरी गरिएको विस्तृत विवेचनवाट यसको मान्यतालाई सबै शास्त्रकारहरूले समान रूपमा स्वीकारेको देखिन्छ। यद्यपि वेद र अन्य शास्त्रहरूमा पनि ग्रहणको उल्लेख प्रभावकारी रूपमा नभएको होइन तर पनि खास गरी यो ज्योतिषशास्त्रसित सम्वन्ध राख्ने विषय भएकोले ज्योतिषमै यसको विशेष विवेचन पाउनु स्वाभाविक हो, किनभने हरेक विषयका अलग क्षेत्र प्रसिद्ध छन्।

भारतीय उपमहाद्वीपका ज्योतिर्विद्हरूमा ग्रहणको ज्ञान कहिले-देखि थियो भन्ने वारेमा तिथिमिति तोक्न नसके पनि निकै अघिदेखि थियो भन्ने अड्कल एवं अनुमान सहजै गर्न सकिन्छ। प्रामाणिक रूपले छैटौं शताब्दीका वराहमिहिरले चन्द्र–सूर्य ग्रहण बारे उल्लेख गरेका छन्। तर यसभन्दा पनि निकै समय अघिदेखि ग्रहणको ज्ञान शास्त्रीय र व्यावहारिक रूपमा पनि प्रसिद्ध थियो। भागवतमा ग्रहणको बेला कुरु र यदुवंशीहरू कुरुक्षेत्रमा जम्मा भएको उल्लेख भेटिन्छ।

ग्रहणको घटक स्वरूपबारे प्राचीन शास्त्रकारहरूको के कस्तो दृष्टिकोण थियो भन्ने बारे चर्चा हुनु पनि स्वाभाविक देखिन्छ। उदा-हरणस्वरूप बृहत्संहितामा वराहमिहिर भन्छन्– चन्द्रग्रहणमा चन्द्रमा पृथ्वीको छायामा आउँछन् यो स्थिति पूर्णिमामा मात्र पर्दछ। सूर्यग्रहण-मा चन्द्रमा सूर्यमा प्रविष्ट हुन्छन् जो औंसीमा पर्दछ। सूर्यमा प्रविष्ट हुनुको अर्थ हो सूर्यको र पृथ्वीको बीचमा चन्द्रमा आउनु। वस्तुतः ग्रहण लाग्नुको कारण यही हो, जो प्राचीन होस् वा आधुनिक दुबैमा समान रूपले प्रसिद्धि राख्तछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँनिर राहुको आक्रमणले ग्रहण लाग्छ भन्ने जुन धारणा छ त्यस बारे पनि केही चर्चा हुनु आवश्यक देखिन्छ। ज्योतिर्विद् वराह-मिहिरले यस कुरालाई पनि समाधान गर्ने प्रयत्न गरेका छन्। जस्तो कि एक असुर थियो जसलाई ब्रह्माबाट ग्रहणमा गरिएका दानपुण्य एवं आहुतिबाट सन्तुष्टि मिल्नेछ भन्ने वरदान मिलेको थियो। त्यही असुर वरदान अनुसार आफ्नो अंश ग्रहणगर्म उपस्थित हुन्छ जसलाई लाक्षणिक रूपमा राहु भनिन्छ। यसको साथ अर्को एउटा कुरा के छ भने राहुका नामहरूमा एउटा नाम तमः भन्ने छ। जसको अर्थ हुन्छ अन्धकार। एतावता जहाँ अन्धकार छ त्यहाँ राहु रहनु या हुनुमा कुनै अस्वाभाविक कुरा ठह्र्दैन।

ग्रहणको पुण्यकाल सम्बन्धमा याद राख्नुपर्ने कुरा के छ भने 'सुनीसूतक देखी ग्रहण' भन्ने कथन छ। त्यसो हुँदा जतिबेलासम्म आँखाले देखिने हो त्यति बेलासम्म ग्रहणको पुण्यकाल मानिन्छ। अतएव जति बेला ग्रहण ग्रस्तास्त हुन्छ त्यतिखेर अर्को द्वीपबाट देखिए पनि यहाँ नदेखिने भएकोले पुण्यकाल मानिँदैन। यसैँ गरी ग्रस्तोदय हुँदा पनि उदय हुनुभन्दा पहिलेको समयलाई पुण्यकालको रूपमा लिइंदैन। तर यसको अर्थ बादल लागेर ग्रहण नदेखिंदा पुण्यकाल नमानिनु वा ग्रहणनिमित्तककृत्य नगरिनु चाहिं ठीक मानिंदैन। पञ्चाङ्गले तोकेको ठाउँमा बादल लागेर नदेखिए पनि ग्रहण सम्बन्धी कृत्य गर्नै पर्छ। ग्रहणको बेला पुण्यकाल त मानिन्छ नै त्यसमा पनि सूर्यग्रहण रविवार र चन्द्रग्रहण सोमवार परेको छ भने त्यसलाइ चूडामणियोग भनिन्छ। त्यस्तो योगमा गरेको दानको अनन्तफल बताइएको छ।

ग्रहणमा गरिने कृत्यसम्बन्धमा विचार गर्दा पहिलो कर्तव्य मानिएको छ स्नान। स्नानको लागि तताएको भन्दा चिसो पानीको विशेषता, त्यस्तो पानी इनार कूवा आदिबाट आफ्नै हातले निकालेको, त्यसभन्दा खुला जमीनमा जमेको पानी, त्यस्तो जमेको भन्दा बगेको, त्योभन्दा तलाउको, तलाउभन्दा नदीको, नदीमा हिमनदीको, त्तिनमा पनि गंगाको सबभन्दा बढी महत्त्व मानिएको छ समुद्र स्नानको। यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधिकाधिक फलको लागि बताइएको तारतम्य हो । नत्र ग्रहणको बेला सबै जल गंगाजल समान मानिएको छ र सबै ब्राह्मण दानयोग्य । तर सत्पात्रमा गरिएको दान अधिक पुण्यदायक हुन्छ, यो चाहिं याद गर्नलायक छ ।

आरम्भमा स्नान, त्यसपछि हवन, देवपूजन, मन्त्रजप, श्राद्ध र दान समाप्ति या मोक्ष भएपछि फेरि स्नान यी हुन् ग्रहणको बेला गरिने कृत्य । श्राद्धको लागि पाकश्राद्ध त्यति सम्भव नभएकोले आमश्राद्ध या सुवर्णश्राद्ध गर्ने विधान छ । यतिखेरको श्राद्धमा भोजनगर्नु महादोष मानिएको छ । ग्रहणमा मन्त्रदीक्षा लिन मुहूर्त हेरिरहनु पर्दैन । यस किसिमको दीक्षाको लागि चन्द्रग्रहणभन्दा पनि सूर्यग्रहणको विशेषता मानिएको छ । राहुदर्शन सबै वर्णको लागि दोषजनक भएकोले यतिखेर स्नान गर्ने र भोजन नगर्ने विधान छ । तत्काल मात्र नभएर सशक्त र स्वस्थ व्यक्तिको लागि सूर्यग्रहणमा चारप्रहर पूर्व र चन्द्रग्रहणमा तीनप्रहर पूर्वदेखि नै भोजन निषेध गरिएको छ । वृद्ध, बालक र रोगी एक प्रहर पूर्वसम्म खान सक्छन् । ग्रस्तास्त (लागी लागी अस्ताउँने) अवस्थामा चन्द्र होस् या सूर्यको पुनः शुद्धबिम्ब देखेपछि मात्र खाने विधि उल्लेख छ ।

ग्रहण के हो ? भन्ने कुरा माथि उल्लेख भैसकेको छ । छोटकरीमा सूर्यमा चन्द्रमाको र चन्द्रमामा पृथ्वीको छाया पर्नुलाई ग्रहण भनिन्छ । यसरी पर्नुमा कारण के छ भने चन्द्रमा पृथ्वीको उपग्रह भएकोले उनी पृथ्वीको चारैतर्फ घुम्दछन् । त्यसरी घुम्दा अमावास्याको दिन सूर्य र पृथ्वीको बीचमा आउँछन् । जुन बेला दिनको समयमा सूर्य र पृथ्वीको बीचमा आउँछन् त्यतिखेर सूर्य चन्द्रमाद्वारा आच्छादित हुन्छन् याने ढाकिन्छन् । त्यसरी ढाकिएपछि सूर्यको प्रकाश पृथ्वीमा नपर्ने वा कम पर्ने हुन्छ, यही सूर्यग्रहण हो । अमावास्या बाहेक अरू तिथिमा यस्तो स्थिति पर्दैन ।

यस्तै पूर्णिमाको रातमा सूर्य र चन्द्र दुबै आमनेसामने रहन्छन् । त्यतिखेर सूर्यको प्रकाश चन्द्रमामा पूरै पर्ने भएकोले चमक बढी हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर त्यस बेला पृथ्वीको छाया चन्द्रमामा पर्दा ओझेल देखिन्छ र चन्द्रग्रहण पर्छ । पूर्णिमामा मात्र चन्द्रग्रहण पर्नुमा कारण पनि यही हो ।

ग्रहणसम्बन्धी चर्चाको प्रसंगमा जिज्ञासा उठ्नु स्वाभाविक छ कि यो त एउटा छाया मात्र पर्नु रहेछ, तब

'इन्दोर्लक्षगुणं प्रोक्तं रवेर्दशगुणं स्मृतम् ।
गंगातोये तु सम्प्राप्ते इन्दोः कोटी रवेर्दश ।।

अर्थात् चन्द्रग्रहण सामान्य दिनभन्दा लाखगुना बढी फलदायक हुन्छ भने सूर्यग्रहण त्यसको दश गुना । स्नानको लागि गंगाजलै प्राप्त छ भने चन्द्रग्रहण कोटी गुना फलदायक हुन्छ भने सूर्य ग्रहण त्यसको पनि दशगुना जस्ता अतिशयोक्तिपूर्वकका कथन किन प्रसिद्धिमा आए ? तोकेर यसको उत्तर दिन त गाह्रै छ, तर कुरा के छ भने तिथि, पर्व या पुण्यकालको निर्धारण सामान्यदृष्टि भएका व्यक्तिले गर्न सक्ने कुरा होइन, यो त आर्यदृष्टिबाट मात्र निर्धारण हुन सक्ने कुरा हो । त्यसैले शास्त्रीय कथन नै एकमात्र अवलम्बन भएको कुरा बताइएको छ । यसको साथ शास्त्रीय निर्देशनकै आधारमा केही कुरा अड्कल या अन्दाज लगाउन पनि सकिन्छ । जसको सारसंक्षेप यस्तो मानिन्छ ।

सम्पूर्ण प्राणीको जीवनाधार अग्नि र सोम भएको कुरा त 'अग्नीषोमात्मकं जगत्' जस्ता वैदिक वाक्यले सिद्ध गरेकै छन् । सूर्य र चन्द्र यिनै अग्नि र सोमका मूलाधार हुन् । अविरल रूपमा पानी प्रवाहित हुने धाराबाट मानिसले अविच्छिन्नै रूपमा काम लिन पाइरहन्छन् तर बीच बीचमा विच्छिन्न हुनेबाट त्यसरी काम लिन पाइन्न र सकिन्न ।

त्यसै गरी सूर्य र चन्द्रबाट अविरल रूपमा प्रकाश मिलुन्ज्याल व्यक्तिको जीवनक्रिया पनि यथावत् रूपमै चल्दछ र तल–माथि पर्दा विचलन हुन्छ । ग्रहणको बेला त्यति समयसम्म सूर्य या चन्द्रको किरण त्यस भूखण्डमा पर्न छोड्छ या कम पर्छ । त्यसरी किरणको प्रभाव कम पर्दा त्यसद्वारा सञ्चालन हुनुपर्ने जुन सूक्ष्म तत्त्व छन् ती पनि बन्द हुन्छन् । यसरी बन्द भएको बेला मनुष्यद्वारा हुने शुभ या अशुभ कर्मको फलमा भिन्नता या विशेषता आउनु स्वाभाविक छ । त्यसैले यतिखेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाहे शुभ कर्म गरियोस् वा अशुभ त्यो अत्यधिक फलदायी र स्थिर हुन्छ। अतएव चन्द्रसूर्योपराग अर्थात् ग्रहणको बेला कल्मष, दोष पैदा गर्ने अन्य क्रिया र भोजन पान जस्ता कुरा पनि छोडेर शरीर, वचन र मनले शुभ कर्म गर्ने विधान भएको हुनुपर्छ। यथावत् रूपको शारीरिक परिवर्तनमा केही रोकावट आई त्यसको प्रभाव बाँकी नरहोस् भनेर अन्त्यमा पनि स्नान गरी शुद्ध हुने शास्त्रीय निर्देशन पाइन्छ।

यसोभन्दा बादल लागेको बेलामा पनि त सूर्यचन्द्रको किरण छेकिन्छ नि, त्यतिखेर यस्तो दोष किन नमानिएको ? भन्ने प्रश्न पनि नउठ्ने होइन। तर, बादल र ग्रहणमा निकै भिन्नता छ। बाफ या सूक्ष्म जलकण जस्ता तरलपदार्थ मिलेर बन्ने बादलमा न त सूक्ष्म सञ्चारलाई रोक्न सक्ने शक्ति छ न त पूरै किरणलाई छेक्ने क्षमता। बादल लागेको र नलागेको बेलामा प्रकाश चर्को र मलिनो हुन्छ तर पूरै अँध्यारो हुँदैन। खग्रास सूर्य ग्रहण लागेको बेला दिनमै पूरा अँध्यारो भई तारा देखिन्छ। यसबाट ग्रहण र बादलमा कति भिन्नता रहेछ बुझ्न सकिन्छ।

यो प्रस्तुत पक्षलाई समर्थन गर्ने एक प्रयास हो। शास्त्रीय रूपमा प्रतिपादित हरेक कुरामा किन र कसरी ? जस्ता प्रश्न तेर्स्याउन थाल्यो भने त्यो न सम्भव हुन्छ न त निर्विवाद समाधान। अतएव जुनसुकै धार्मिक र सांस्कृतिक कृत्यमा धर्म एवं विश्वासले काम गरेको हुन्छ। धर्म र विश्वासलाई पर सार्दा वा पन्छाउँदा कुनै पनि मान्यताको अस्तित्व रहँदैन।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्कि अवतार

संसारमा जङ्गमरूपले जन्मेका प्राणी हुन् वा स्थावररूपले अस्तित्वमा आएका वस्तु, बेला अवस्थाअनुसार तिनीहरूको अति उन्नत वा विकसित र अति निम्न वा हीन अवस्था देखिएको र देखिन सक्ने पनि हुन्छ। त्यसरी अति उन्नत वा विकसित र सुन्दररूपमा पैदा भएका, रहेका अनि हाँसीखुशी साथ मिलेका वा भेटिएका व्यक्ति-हरूको पनि अन्त्य या परिणाम के कस्तो रूपमा हुन्छ भन्ने कुराको संकेत रामायणले यसरी दिएको छ, जस्तो–

सर्वे क्षयान्ता निचयाः पतनान्ताः समुच्छ्रयाः ।
संयोगा विप्रयोगान्ता मरणान्तं च जीवितम् ।।

अर्थात् राशि या थुप्रो बनेका कुराको अन्त्य विशीर्ण या क्षीण रूपमा गएर टुंगिन्छ भने उन्नतिको शिखरमा पुगेका व्यक्ति, वस्तु या देशको अन्त्य धराशायी रूपमा पुगेर भित्तो लाग्छ। यसै गरी प्रमुदित र हर्षित रूपमा कायम भएको संयोग विषाद र वैराग्यको रूपमा पुगेर विछोड बन्न बाध्य हुन्छ भने मनोरम एवं मुलायम रूपमा पैदा भएको जीवन जर्जर एवं जीर्ण रूपमा पुगेर विलीन बन्छ। यसलाई प्राकृत नियम भनौं या ईश्वरीय विधान कुरा यौटै हो। जसको अनिवार्यतालाई महाकविहरूले पनि 'चक्रारपङ्क्तिरिव गच्छति भाग्यपङ्क्तिः' अथवा 'नीचैर्गच्छत्युपरि च दशा चक्रनेमिक्रमेण' भनेर अवश्यम्भावी रूपमा स्वीकारेका छन्।

यौटै भगवत्तत्त्व शिव र रुद्र रूपमा प्रख्यात हुनुको कारण पनि त्यही हो। जसको शुरू एकातिर कल्याणकारी सत्तात्मक शिव रूपले हुन्छ भने अर्कोतिर अन्त्यचाहिं ध्वंसात्मक रुद्र रूपले। सोझै हेर्दा यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विरोधी रूप हुन् तर हुन् यथार्थ र आवश्यक । किनभने भगवान्ले गीतामा 'जातस्य हि ध्रुवोमृत्युर्ध्रुवं जन्म मृतस्य च' भनेर जन्मनेको मृत्यु अवश्यम्भावी बताउनुभएको छ भने मर्नेको जन्म पनि अवश्य हुने कुरा दर्शाउनुभएको छ । उत्पत्ति र विनाशको नियमित यो जुन प्रक्रिया छ त्यसको जरो फेला नपरेर 'धाता यथापूर्वमकल्पयत्' अर्थात् ब्रह्माजीले पहिले जस्तो बनाएको थिए अहिले पनि त्यसैको अनुकरण गरी तयार पारियो भनेर चित्त बुझाइएको छ । दार्शनिक रूपमा संसारलाई अनादि मान्नुमा पनि यस्तै मूल या शुरूको रूप यही हो भनी फेला पार्न नसकिएर होला ।

अन्त्यमा भनाइको तात्पर्य के हो भने संसारमा विद्यमान् सबै वस्तु परिवर्तनशील छन् एकनास नरहने । कालको नियमित गतिसँगै यिनीहरूको फेरबदल भैरहन्छ क्रमिक रूपमा । त्यसैले शुरूको सत्य युगमा राज्य, राजा, दण्डव्यवस्था र दाण्डिक व्यक्ति कुनैको आवश्यकता र व्यवस्था महशूस नगरी आरम्भ नभएको यो सृष्टि त्रेता र द्वापर हुँदै त्यसपछि आउने कलिको अन्त्यमा पुगेपछि थोत्रो छाप्रोमा माकुराको जाल जस्तै ऐन कानूनको जाल बिछ्याए पनि मानव जाति हुनसम्मको क्षुद्र र निकम्मा बन्छ रे । त्यतिखेर उसका विधिव्यवहार धर्म या शास्त्रीय रूपबाट बिल्कुलै अलग्गिएर निजी इच्छामा अवलम्बित हुन्छन् रे ।

संक्षेपमा त्यसको चित्रण भागवत, देवीभागवत र अन्य पुराण-हरूमा यसरी गरिएको छ– कलिको त्यो अन्त्यमा वेद पूरै लुप्त हुनेछन् । धर्मशास्त्र विलीन बन्ने छन् । त्यतिखेर समाजमा मान्यताको कसी केवल पैसा हुनेछ र पैसावाल व्यक्ति नै उच्चवर्णको, आचारवान् र गुणी ठहरिने छ । जो बलियो छ धर्म र न्यायको दृष्टिले त्यो विशिष्ट ठहरिने छ । नरनारी बीच विवाहको लागि बजारिया प्रेम (लभ) माध्यम बन्नेछ । दाम्पत्यभाव चिरस्थायी रहने छैन । वर्ण र आश्रम व्यवस्थामा खलल आउने छ । ब्राह्मणत्वको चिह्न केवल जनै रहनेछ । पाण्डित्य भन्ने कुरा वाग्जालमा अडिने छ । व्यापक भ्रष्टाचार, घूस-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोरी र तस्करीले गर्दा न्यायव्यवस्था विल्कुलै क्षीण बन्नेछ । गरीबी असाधुताको लक्षण मानिने छ र दम्भ, आडम्बर साधुताको । पवित्रता भन्नु केवल स्नानमा बाँकी रहने छ र सौन्दर्य केशधारण गर्नुमा । पुरुषार्थको इयत्ता (सीमा) पेट भर्नुमा रहने छ र दक्षता विलासिता-पूर्वक परिवार पाल्नुमा । अधिकारी वर्गमा लोलुपता, निरंकुशता र क्रूरता यति बढ्नेछ कि सर्वसाधारणको धन, मान र हकभोगका कुरा चोके पारी पारी शोषण गर्नेछन् । अनावृष्टि, अभाव र दुर्भिक्ष जस्ता कुराले मानिसहरू पूरै सताइनेछन् । आँधिव्याधि र शीतताप जस्ता प्राकृतिक प्रकोप पनि बढ्नेछन् । कुनै वस्तु विशुद्ध पाइने छैन, सबै मिस्कट, सबै कृत्रिम र सबै नक्कली । त्यस्ता वस्तु प्रयोग गरी निर्बाह गर्ने मानिसको आयु पनि क्षीण बन्दै बीस पच्चीस वर्षको हुनेछ आदि ।

माथि प्रस्तुत कतिपय उदाहरणले के कुरा जनाउँछन् भने त्यति-खेर सत्य, न्याय, दया, प्रेम, करुणा, शुचिता, पवित्रता, आस्था जस्ता कुरा विल्कुलै क्षीण बन्नेछन्, अनि हिंसा, क्रूरता, कलह, लोलुपता, स्वार्थान्धता, नास्तिकता, अनीश्वरता, बलमिच्याइँ जस्ता कुराको प्राबल्य रहनेछ । वस्तुतः जुनसुकै काम कुराको सत् वा सकारात्मक र असत् वा नकारात्मक दुवै पक्ष हुने भएकोले एक पक्षलाई छोड्दै जाँदा अर्को पक्षको प्राबल्य हुनु स्वाभाविकै छ ।

उक्त किसिमको गलित, पतित र क्षीण अवस्थालाई अन्त्य गरी पुनः धर्मप्रमुख, मर्यादाप्रधान सामाजिक व्यवस्था कायम गर्न स्वयं भगवान् अवतार लिएर आउनुहुन्छ रे । त्यसरी आउने अवतारको नाम कल्कि रहेको छ । कुन ठाउँमा कसकहाँ आउने हो भन्ने बारे पनि संकेत गरिएको छ–

सम्भलग्राममुख्यस्य ब्राह्मणस्य महात्मनः ।
भवने विष्णुयशसः कल्किः प्रादुर्भविष्यति ।।

अर्थात् सम्भल नाम गरेको ग्रामका प्रमुख महात्मा ब्राह्मणकहाँ कल्कि अवतार प्रादुर्भाव हुनेछ । त्यसरी अवतीर्ण कल्किलाई महेन्द्र पर्वतमा तपस्यारत चिरञ्जीवी परशुरामले वेदको शिक्षा दिनेछन् र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साक्षात् शिवले शस्त्रास्त्रको शिक्षा। वेद र शस्त्रास्त्रको शिक्षा प्राप्त गरिसकेपछि शिवबाटै प्राप्त अमोघ तरवार र शीघ्रगामी घोडामा चढेर अष्टऐश्वर्यसम्पन्न कल्किभगवान्द्वारा दस्यु, तस्कर, शोषक, उच्छृङ्खल, दम्भी, कामी, क्रोधी, लोभी जस्ता सम्पूर्ण दुष्टहरूको दमन हुनेछ। यसरी कोटिकोटि संख्याका दुर्जनहरूको दमनपूर्वक सम्पूर्ण दुरवस्थाको अन्त्य भएपछि फेरि युग परिवर्तनको बेला आउनेछ। सबैजसो पुराणमा उल्लेख भएका दश अवतारमा कल्कि अवतारको उल्लेख पनि आदरपूर्वकै गरिएको छ। यस अवतारको अलग रूपमा महत्त्व बताउन औपपुराण अन्तर्गत कल्कि नामको पुराण पनि प्रसिद्ध छ।

महाकवि जयदेवले उल्लेख गरेका दशअवतारमध्ये कल्कि अवतारको नाम र काम यसरी बताएका छन्–

म्लेच्छनिवहनिधने कलयसि करवालम्।
धूमकेतुमिव किमपि करालम्॥ केशकधृतकल्किशरीर
जय जगदीश हरे॥

अर्थात् कर्तव्य अकर्तव्यको ख्याल नगर्ने दुर्जन समुदायको नाशका लागि उल्कापात जस्तो भयङ्कर तरवार प्रहार गरी नाश गर्ने हे कल्कि रूपधारी केशव! हजूरको जय होस्। यहाँ प्रयोग भएको म्लेच्छ शब्दले आर्यधर्म विरोधी स्वेच्छाचारीलाई लक्षित गर्न खोजेको देखिन्छ।

युगको अन्त्यमा यस किसिमको अवस्था आउने छ भन्ने कुरा हामी अन्यत्र पनि हेरेर थाहा पाउन सक्छौं। जस्तो भनौं मातृगर्भबाट पैदा भएको नवजात शिशुको शरीर कति मुलायम हुन्छ। जब अगाडि समय बित्तै जान्छ अनि त्यो शरीर पनि दिन परदिन परिवर्तित र कठिन बन्दै जान्छ। जवान अवस्थाको शरीरमा सबभन्दा बढी आकर्षण, सौन्दर्य र क्षमता वृद्धि हुन्छ भने त्यसभन्दा पछिको शरीरमा ती सब कुरा कम हुँदै गएर वृद्धावस्थामा त्यस्तो स्थिति आउँछ कि व्यक्ति आफ्नै शरीर पनि थाम्न नसक्ने हुन्छ। यो मानवयोनिको मात्र नभएर जुनसुकै योनिको जीवलाई हेरेर अनुभव गर्न सकिने कुरा हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जङ्गम याने गतिमान्को साथ स्थावर अर्थात् गति नभएका वृक्ष, वनस्पति, पर्वत आदिको पनि त्यसै गरी क्रमिक रूपले स्वरूप परिवर्तित हुँदै नाशोन्मुख बन्छ। त्यसरी कालगति अनुसार परिवर्तित भई नाश नहुने त चेतन याने आत्मसत्ता मात्र हो। त्यसैले सांख्यदर्शनको सिद्धान्त छ–'भावा: प्रतिक्षण परिणामिन ऋतेश्चितिशक्तेः।' चित्शक्ति बाहेक भाववस्तु हरेक क्षणमा परिवर्तन हुन्छ। यही कुरालाई संक्षेप र सूत्ररूपमा भगवान्ले गीतामा भन्नुभएको छ– 'अनित्यमसुखं लोक-मिमं प्राप्य भजस्व माम्।' अनित्य र असुखकर यस लोकको भर नगरी मेरो भर गर, शरण पर, तब मात्र कल्याण हुनेछ।

सृष्टि र विनाशको यस क्रमलाई दार्शनिकहरूले अनेक रूपमा विवेचना गरेका छन्, तर सैद्धान्तिक रूपले निचोडमा गएर भन्दा दुइ वाद बढी स्पष्ट रूपका देखिन आउँछन्, ती हुन् परिणामवाद र विवर्तवाद। दूधबाट दही, दहीबाट नौनी बन्ने परिणामवाद हो भने 'रज्जुसर्पन्याय' अनुसार अँध्यारोमा लड्केको डोरीलाई सर्प भनी ठान्नु विवर्तवाद। यिनमा पहिलो सांख्यसिद्धान्त हो भने दोस्रो वेदान्त-सिद्धान्त।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्त्यमा

वैदिकधर्म संस्कृतिको अनुयायी हिन्दूसमाजमा प्रचलित चाड-पर्व एवं अवतार बारे केही प्रासङ्गिक चर्चा यतिसम्म गरियो। यो केवल आंशिक दिग्दर्शन हो। अन्त्यमा निवेदनीय कुरा के छ भने हाम्रा शास्त्रमा जीवयोनिको संख्या ८४ लाख बताइएको छ। शम्भु गीतामा उल्लेख भए अनुसार तिनको भेद यसप्रकार छ–

स्थावरयोनि– २० लाख पक्षियोनि– १० लाख
कृमियोनि– ११ लाख पशुयोनि– ३० लाख
जलचरयोनि– ९ लाख वानरयोनि– ४ लाख
(२०+११+९+१०+३०+४= ८४)

'चतुरशीति लक्षान्ते मानवाः' भनेको हुँदा जीव कर्मअनुसार ती सब योनिमा जन्मग्रहण गर्दै मनुष्य योनिमा आउँछ, जसको क्रम उद्भिज्, स्वेदज, अण्डज र जरायुज गर्दै माथि आउँनेछ। माथि उल्लेख भए अनुसार ८४ लाख योनिका जुन जीव छन् तिनीहरू स्वविवेक भन्दा वढी प्रकृतिप्रदत्त स्वभावअनुसार जीवन यापन गर्दछन्। यस्ता स्वभावमा कतिपय त मानिसलाई समेत चकित पार्ने स्वभाव भएका पनि देखिन्छन्। तर कुनै अंशमा त्यस किसिमको विलक्षणता र विशेषता देखिए पनि सबै अंशमा मानवसित समता राख्ने विशेषता तिनमा हुँदैन।

मानवयोनिको जीव अधिकांशमा स्वतन्त्र र स्वविवेकको प्रयोग गर्न वढी सक्षम हुन्छ। अन्य योनिको शरीरमा अन्नमय, प्राणमय, मनोमय विज्ञानमय गर्दै चार कोषसम्मको मात्र विकास हुन्छ भने मानवयोनिमा आएर आनन्दमय समेत गरी पाँचै कोषिको विकास हुन्छ। त्यसो हुँदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस शुभ कर्मद्वारा धर्मको र अशुभ कर्मद्वारा पाप मार्गमा जति अगाडि बढ्न सक्छ त्यति अरू योनिका जीव बढ्न सक्तैनन् । त्यसैले भनिएको छ–

मानुषेषु महाराज ? धर्माधर्मौ प्रवर्ततः ।
न तथान्येषु भूतेषु मनुष्यरहितेवथ ।।
इयं हि प्रथमा योनिर्या प्राप्य जगतीपते ।
आत्मा वै शक्यते त्रातुंकर्मभि: शुभलक्षणैः ।।

यहाँनिर जिज्ञासा उठ्नु स्वाभाविक छ कि मानिसले धर्माचरण या शुभ कर्म किन गर्ने ? उत्तर स्पष्ट छ आत्मकल्याणको लागि । यस किसिमको आत्म कल्याणका पनि स्वरूप र श्रेणी छन् जसको अन्तिम स्वरूप हो मोक्ष । जीव जबसम्म मानव शरीर मिलेको वेला तीव्र प्रयासपूर्वकको सजगतासाथ शुभकर्म गर्दैन तबसम्म मोक्ष लाभ गर्न सक्तैन ।

चरम पुरुषार्थ रूप मोक्ष प्राप्तिको लागि व्यक्तिले आफ्ना साधनको परिचालन वडो सुनियोजित रूपमा गर्नु अति आवश्यक छ । ती साधन हुन् शरीर, वचन र मन । यी तीनद्वारा हुने काम या व्यवहारलाई प्रवृत्ति भनिएको छ । मानवधर्मका व्याख्याता मनुले शरीर-द्वारा हुने तीन, वचनद्वारा हुने चार र मनद्वारा हुने तीन समेत गरी प्रवृत्ति या व्यवहारको संख्या दश बताएका छन् (मनु–१२।३–४–५) । न्यायभाष्यकार वात्स्यायनले पनि दोस्रो सूत्रको व्याख्या गर्दा मनुकै कथनअनुसार पापात्मिका प्रवृत्ति र धर्मात्मिका प्रवृत्ति भनेर दशै संख्या बताएका छन् । यहाँनिर याद गर्न लायक कुरा के छ भने कुनै पनि ताल्चालाई बन्द गर्ने र खोल्ने साधन साँचो यौटै हुन्छ । दायाँ घुमाउँदा त्यो बन्द हुन्छ र बायाँ घुमाउदा खुल्छ । व्यक्तिद्वारा हुने सुकर्म र दुस्कर्मको स्थिति पनि यस्तै छ । सजगतापूर्वक लक्ष्योन्मुख बनी सुनियोजित रूपमा शरीर, वचन र मनको परिचालन भएमा व्यक्ति प्रतिदिन आत्मकल्याणको मार्गमा अग्रगामी बन्दै गएको हुन्छ । त्यसको विपरीत जसरी तसरी शरीरको पोषण, इन्द्रियको तृप्ति र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोग्य वस्तुको लालसातिर मात्र अगाडि बढेको छ भने त्यो आत्महित विपरीत अधोगामी मार्गतिर अघि बढिरहेको ठहर्छ ।

अतएव हाम्रा पूर्वज चिन्तक मनीषीहरूले कालवेलाको औचित्य समेत छानवीन गरी भावी पिंडीका सन्तान दरसन्तानसम्मको कल्याण-कारी मार्ग प्रशस्त बन्दै जाओस् भनेर कालसापेक्ष कृत्यहरू निर्देशन गरेका छन् । त्यस्ता कृत्यहरूमध्ये केही त हामीले नित्य प्रति नै सन्ध्योपासन, मन्त्र जप, पूजा आराधना, स्वाध्यायाध्ययनको रूपमा गर्दै जानु आवश्यक छ भने प्रसिद्ध तिथि, पर्व, जयन्ती जस्ता अवसर पर्दा त्यससित सम्बद्ध कृत्य सम्पन्न गर्नु पनि त्यत्तिकै स्वाभाविक छ । हाम्रा धार्मिक तथा पौराणिक ग्रन्थहरूमा यस्ता कृत्यलाई क्रियायोग भनिएको छ । यस्ता क्रियायोगको चर्चा त्यहीं भएको छ जहाँ भक्तहरूले आत्मकल्याण सम्बन्धमा प्रश्न उठाएका छन् । जस्तो उदाहरण रूपमा लक्ष्मणले जिज्ञासा राखेअनुसार अध्यात्मरामायण अरण्य काण्ड ४ र उत्तर काण्ड ५ मा श्रीरामले यस बारे जानकारी गराउनुभएको छ । यस जानकारीको पहिलो अंशमा–

एकादश्युपवासादि मम पर्वानुमोदनम् ।
मत्कथाश्रवणे पाठे व्याख्याने सर्वदा रतिः ।।
मत्पूजा परिनिष्ठाच मम नामानुकीर्तनम् ।

भनेर अनुष्ठानको पूर्व अंशमा एकादशीमा उपवास, पर्व सम्बन्धी कृत्य, कथा श्रवण, पाठ व्याख्यान जस्ता कुरा गर्दै रहने बारे जोड दिइएको छ भने उत्तर अंशमा 'आदौ स्ववर्णाश्रमवर्णिता क्रिया कृत्वा समासादितशुद्धभावेनः' भनेर क्रियायोग बारे संक्षेपमा प्रकाश पारी तत्त्वबोध बारे चर्चा भएको छ ।

यसै गरी भागवत एकादश स्कन्धमा उद्धवको जिज्ञासाअनुसार योगेश्वर कृष्णले–

मदर्चां सम्प्रतिष्ठाप्य मन्दिरं कारयेद्दृढम् ।
पुष्पोद्यानानि रम्याणि पूजायात्रोत्सवाश्रितान् ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर पक्का मन्दिर निर्माण प्रतिमा स्थापन, पुष्प उद्यानको रचना, यात्रा उत्सव पूजा जस्ता कृत्य गर्दै रहने बारे समीचीन रूपमा प्रकाश पार्नुभएको छ । यस्ता कृत्यलाई वैदिक संस्कृतिको सदाचार अन्तर्गत गणना गरिन्छ । मनु एवं याज्ञवल्क्यले धर्मको मूलमा सदाचारलाई पनि गणना गरेका छन् । 'आचारः प्रथमो धर्मः' भन्ने कुरामा सबै नै धर्मशास्त्रकारहरूको ऐकमत्य छ ।

उद्धवगीतामा भगवान्ले अर्थ र अनर्थ बारे चर्चा गर्दै आफ्नो श्रेय होस् भनेर चाहने व्यक्तिले अनर्थ परित्याग गरी अर्थको अनुगामी बन्नु भन्नुभएको छ, चोरी, हिंसा, झूठ, ठगी, काम, क्रोध, घमण्ड, मद, फूट, वैरभाव, अविश्वास, शेखी र व्यसन (व्यभिचार, जूवा र मद्यपान) यति पन्ध्रलाई अनर्थमा गणना गर्नुभएको छ र यिनको पक्षान्तर याने विपरीत रूपलाई अर्थमा । स्कन्दपुराण वैष्णव खण्डमा कस्ता व्यक्ति त्याज्य हुन्छन् भन्ने कुरा यसरी उल्लेख गरिएको छ–

अनवरतमनार्यसङ्गरक्ताः परपरिभावकहिंसकातिरौद्राः ।
नरहरिचरणस्मृतौ विरक्ता नरमलिना खलु दूरतो हि वर्ज्याः ।।

अर्थात् नित्यप्रति दुर्जनको सङ्गत गर्ने, अरूलाई तिरस्कार गर्ने, हिंसक, क्रूरस्वभाव भएका, नरसिंह अर्थात् भगवान्को स्मरणमा बिल्कुल उदासीन मलिन व्यक्तिलाई टाढैबाट त्याग गरिदिनु ।

यौटा मालामा अनेक फूल गाँसे झैं राजर्षि भर्तृहरिले मानवद्वारा परिपालन हुनुपर्ने कर्तव्यलाई सूत्रात्मक रूपमा यौटै श्लोकभित्र गाँसेका छन्, जस्तो सत्सङ्गमा इच्छा, परगुणमा प्रसन्नता, गुरुजनमा नम्रता, विद्यामा लागिपरिरहने बानी, आफ्नी पत्नीमा सन्तोष, लोकापवादबाट डर, भगवान् शिवमा भक्ति, आत्मसंयममा र शक्ति, दुर्जनको संगत त्याग गर्ने जो छन् ती व्यक्तिलाई नमस्कार छ–

वाञ्छा सज्जनसङ्गमे परगुणे प्रीतिर्गुरौ नम्रता । आदि ।

व्यक्ति जस्तो कर्म गर्छ त्यस्तै फल पाउँछ भन्ने सम्बन्धमा बृह. उ. को निर्विकल्प घोषणा छ–'पुण्यो वै पुण्येन कर्मणा भवति पापः पापेनेति ।' उत्तम योनि र निम्न योनि प्राप्त हुनमा पनि सुकर्म र दुष्कर्म नै कारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् भन्ने सम्बन्धमा पनि छा. उ. को त्यस्तै कथन छ– 'इह रमणीय चरणा अभ्याशो ह यत्ते रमणीयां योनि मापद्येरन् कपूय चरणा अभ्याशो ह यत्ते कपूयां योनिमापद्येरन् ।' व्यक्तिले गरेको कर्म ऊ जहाँ र जुनसुकै योनिमा गए पनि बाच्छोले माउलाई पहिल्याएर पछ्याए झै पछ्याइरहन्छ भन्ने कुरा म. शा. पर्व १८१।१६ मा उल्लेख भएको छ ।

यसबाट मानवले यथासम्भव सुकर्माचरणमा सक्रियता र दुष्कर्माचरणबाट जोगिनुपर्ने कुरालाई टड्कारो रूपमा निर्देशन गरेको पाइन्छ । दुष्कर्मका प्रेरक आसुरी गुण मूल रूपमा काम, क्रोध र लोभ नै हुन् भन्ने कुरा प्रसिद्ध छ । गीतामा भगवान्ले उक्त तीन गुण नरकको द्वार भएकोले यिनबाट जोगिनुपर्छ भन्नुभएको छ ।

प्रसिद्ध विद्वान् अप्पय दीक्षित मानव शरीरको उपयोग तीन किसिमबाट हुने कुरा बताउँछन् । ती मध्ये पामर व्यक्तिको जीवन केवल भोगका लागि उपयोग हुन्छ भने विवेकी व्यक्तिको योगका लागि सदुपयोग हुन्छ । यी बाहेक अर्का एकथरी बुद्धिहीन मूर्ख हुन्छन् जसको जीवन न त भोगको लागि हुन्छ न त योगको लागि–

भोगाय पामराणां योगाय विवेकीनां शरीरमिदम् ।
भोगाय च योगाय च न कल्पते दुर्विदग्धानाम् ।।

यहाँनिर याद गर्न लायक कुरा के छ भने भोग भन्ने कुरा जुनसुकै योनिमा पनि प्राप्त छ र प्राप्त गर्न सकिन्छ, तर योग भन्ने कुरा चाहिं केवल मानव शरीरद्वारा मात्र सम्पन्न बन्न सक्ने कुरा भएकोले अन्यत्र त्यो सम्भव छैन । सन्त तुलसीको पनि कथन छ–

नर तनु पाइ विषयँ मन देहीं ।
पलटि सुधा ते सठ विस लेहीं ।।

अर्थात् जो व्यक्ति मनुष्य शरीर प्राप्त भएको वेलामा पनि केवल विषय भोग गरेर जीवन यापन गर्छन् भने ठान्नुपर्छ तिनीहरूले अमृत दिएर विष साटे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयभोग सावधिक हो र त्यो अवश्य छुट्छ भन्ने कुरा सन्त कबीर यसरी व्यक्त गर्छन्

तूं मत जाने बावरे मेरा है सब कोय ।
पिंड प्रान से बंधि रहा सो अपना नहिं होय ।।

याने सब मेरो र भोग गर्ने म भन्ने मोहमा रुमलिनु व्यर्थ छ, किनभने पिंड र प्राणको सम्बन्ध त एक दिन छुट्टिन्छ भने अरूसितको सम्बन्ध के स्थिर होला ।

शुक्ल यजुर्वेदको कथन छ म सबलाई मित्रको आँखाले हेर्छु र अरू पनि मलाई मित्रताको भावनाले हेरून्, यसरी हामी दुवैथरी मित्रको आँखाले हेर्ने बनौं । आचार्य शुक्रको कथनअनुसार धनको प्रयोग धर्मको लागि, यशको लागि, अर्थोपार्जनको लागि, निजी भोगको लागि र स्वजनको सहायता समेत गरी पाँच किसिमबाट जो गर्छ त्यसको यो लोक र परलोक दुवै सुखदायी हुन्छन्–

धर्माय यशसेऽर्थाय कामाय स्वजनाय च ।
पञ्चधा विभजन् वित्तमिहामुत्र च मोदते ।।

आर्य संस्कृति उदार संस्कृति हो । यस संस्कृतिको लक्ष्य म खाउँ, म लाउँ र सम्पूर्ण सुखशयलका सरसामान मलाई नै प्राप्त हुन् भन्ने संकुचित घेरामा घेरिएको नभै सबै सुखी हुन्, सबै आनन्दी हुन्, सबैले कल्याणकारक कुरा देखून् र कोही पनि दुःखभागी नबनोस् भन्ने छ–

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु माकश्चिद्दुःखभाग्भवेत् ।।

अस्तु श्रीकृष्णार्पणम् ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो पुस्तक तयार पार्दा सहयोगार्थ प्रयोगमा ल्याइएका ग्रन्थहरू:-

१. निर्णयसिन्धु ।
२. धर्मसिन्धु ।
३. व्रतराज ।
४. व्रतार्क ।
५. वार्षिकव्रतरत्नावली ।
६. सत्कर्मरत्नावली ।
७. आह्निकसूत्रावली ।
८. मनुस्मृति ।
९. याज्ञवल्क्यस्मृति ।
१०. वाल्मीकिरामायण ।
११. महाभारत (खिलपर्वसहित) ।
१२. चरक ।
१३. मुहूर्तचिन्तामणि ।
१४. कारिकावली ।
१५. सबै जसो पुराणका प्रासङ्गिक अंश ।
१६. नीतिशतक ।
१७. धर्म विज्ञान — दयानन्द
१८. भारतीय व्रतोत्सव — श्री पुरुषोत्तमशर्मा चतुर्वेदी
१९. भारतीय दर्शन — बलदेव उपाध्याय
२०. धर्मशास्त्रका इतिहास — भ. वि. काणे
२१. कविता कौमुदी — सम्पादक रामनरेश त्रिपाठी
२२. रामचरितमानस — तुलसीदास
२३. हिमवत्खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४. कल्याण–हिन्दू संस्कृति अङ्क   गीता प्रेस

२५. कल्याण–मानवता अङ्क

२६. नेपालको प्राचीन राजनैतिक इतिहास   डा. जगदीशचन्द्र रेग्मी

२७. उपनिषद्हरू ।

२८. अमरकोष ।

२९. निरुक्त ।

३०. हेमाद्रि ।

३१. ब्रह्मसूत्र शाङ्करभाष्य ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्रणमा भएका केही गल्ती संशोधन

पृष्ठ	पंक्ति	भएको	हुनुपर्ने
ख	८	अत्यन्तमा	अत्यन्त
७	१०	ध्यासस्व	ध्यायस्व
३८	९	चकाउँदै	चखाउँदै
४९	११	सर्वव्यामी	सर्वव्यापी
५५	५	पुऱ्याउ	पुऱ्याउन
५६	६	शुद्धीकरण	शुद्धिकरण
५७	२५	शाक्यकुलमा	शाक्यकुल
५८	१	तेनापायित्र	तेनापायि
६०	२१	दुःखसमुदाय	दुःखसमुदय
६२	७	कोकटेषु	कीकटेषु
६७	८	विद्वच्छिरामणि	विद्वच्छिरोमणि
७८	१०	गह्रै पर्छ	गाह्रै पर्छ
८६	१३	तुकाष्ठ	काष्ठ
८७	१८	सांख्याकारिका	सांख्यकारिका
८८	७	अनन्तस्चास्मि	अनन्तश्चास्मि
[illegible]६	५	कुनै अर्को कुनै उपाय	अर्को कुनै उपाय
[illegible]७	२	व्रह्मा	ब्रह्म
[illegible]५	१	डोऱ्याने	डोऱ्याउने
[illegible]	१७	मानिएको	मानिसको
१२५	१८	ऋषक	ऋषीक
[illegible]	२८	आरुन्धती	अरुन्धती
१[illegible]	१८, १६	देवमाता दिति	देवमाता अदिति
१२३	३	शैषोऽनन्तो	शेषोऽनन्तो
१३३	१०	निवोधयतत्	निबोधतत्
१३८	२०	पितृंश्च	पितॄंश्च
१[illegible]२	११	नाम मतभेद	नामगतभेद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४४	५	बृहन्दिन्दकेशवर	बृहन्नन्दिकेश्वर
१४४	८	दुर्गाभक्तितरङिङ्गिणी	तरङ्गिणी
१४५	७	प्राप्तः स्नान	प्रातःस्नान
१४९	१	दिक सहित्यवै	वैदिकसाहित्य
१५५	२१	त्रिपुराधारीं	त्रिपुराधारां
१५९	१५	अमुक्त	मुक्त
१६५	२६	श्याव र शल	श्याव र शबल
१६६	२४	भवनेष्वललक्ष्मीः	भवनेष्वलक्ष्मीः
१६७	८	आर्याजाति	आर्यजाति
१८१	२४	कृत्वां	कृत्वा
१८२	१०	जगद्गुरा	जगद्गुरो
१९१	१६	खजूरै	खर्जूरै
१९१	१९	'इलष्'	'श्लिष्'
१९१	२१	श्लष्यति	श्लिष्यति
२०२	८	पत्नीश्चाभवताम्	पत्नी चाभवताम्
२०४	१७	कर्मठ	कमठ
२१९	१०	कुराबाट	चुराबाट
२३२	१८	राघयताम्	राध्यताम्
२५८	२	त्तद्वद्रुद्रस्य;	तद्रुद्रस्य
२६०	२१	कामाधेनु	कामधेनु
२६१	१९	सम्पूर्ण सवरूपले	सम्पूर्णरूपले
२६२	१६	केही तयार	कोही तयार
२६४	४	काम मूमात्र	कामसूत्र
२६४	१८	विधाक्रियाकलाप	विधक्रिया
२६५	६	ऋणपाउने	उऋणपाउने
२६५	२०	गदा	गर्दा
२६५	२२	प्रसिद्ध छ	प्रसिद्धि छ
२८०	२३	कोषिको	कोषको
२८१	५	रहितेवथ	रहितेष्वथ
२८१	२५	दुस्कर्म	दुष्कर्म
२८३	२३	संयममा र शक्ति	संयममा शक्ति र
२८४	१७	विवेकीनां	विवेकिनाम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

A453

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal